कर्णाली प्रदेश सभा

आठौं अधिवेशन

कार्यवाहीको सम्पूर्ण विवरण

२०७८जेठ २४ गते

**सोमवार**

(बैठक संख्या-१)

राष्ट्रिय धुन,

**माननीय सभामुखः**-माननीय सदस्यहरू कर्णाली प्रदेशको आठौं अधिवेशनको पहिलो बैठकको कारवाही प्रारम्भ हुन्छ। के भयो माननीय सदस्य ? एक जना माननीय सदस्यहरूले बोलौं।

**माननीय यामलाल कंडेलः**-माननीय सभामुख महोदय,आज हामी आठौं अधिवेशनको पहिलो बैठकको शुभारम्भमा उपस्थित छौं । मलाई ल्याग्या थियो यो स्थितिको निर्माण नहोस् नै भन्ने थियो,तर म दुःखका साथ भन्न चाहन्छुशुभारम्भ बैठक भए पनि केही महत्त्वपूर्ण विषय गम्भीरतापूर्वक ध्यानाकर्षण गराउनु पर्ने नेकपा एमाले संसदीय दलले अनुभूतीगर्‍यो। हामीले सामान्यतया धेरै अगाडि नै बोलाइ सक्नुपर्ने यो अधिवेशन थियो । अधिवेशन आह्ववान भएको छ यो सकारात्मक कुरा छ,यद्यपि हामीले बोलिरहेका कुरा राखिरहेका कुराका आधारबाट विगतको अधिवेशनमा हामीले केही कुरा राख्यौ त्यसका बारेमा पनि सत्तासँग जोडिएकाहरूले नकारात्मक प्रभाव पारेको एउटा अवस्था छ । आज पनि शुभारम्भमै केही कुरा राख्दा म दल केमा सचेत छ र म व्यक्तिगत रूपमा के मा सचेत छु भने त्यस्ता केही नकारात्मक कुराहरू अवश्यनै आउने छन् तर म फेरि पनि विनम्रतापूर्वक भन्न चाहन्छु कि हाम्रो तर्फबाट मिले सम्मका कुरामा सहयोग रहनेछ । त्यस कारणले म माननीय सभामुखज्यूको ध्यानाकर्षण गराउन चाहन्छु,कि आज हामी केही महत्त्वपूर्ण यो सभाको मर्यादाका निम्ति लोकतन्त्रको मर्यादाकानिम्ति केही कुरा शुभारम्भ हुनुभन्दा अगाडि,नियमित प्रक्रियामा जानु भन्दा अगाडिराख्नु र ध्यानाकर्षण गर्नु आफ्नो दायित्व र कर्तव्य ठानेर यो अभ्यासमा हामी सामेल भएका हौं । हामीलाई पनि कुनै रहर थिएन शुभारम्भमै यो तहको कार्यसूचीमा प्रवेश नै नगरीकन आफ्ना कुरा राख्नु पर्ने कुनै कुरा थिएन।

कोरोनाको आक्रान्त छ,त्यसमा समय क्रममा हामी छलफल गरौंला बन्दाबन्दीका नकारात्मक प्रभावहरू परेका छन,भोकमरी र बेरोजगारका समस्याहरू छन्,समयक्रममा हामी छलफल गर्छौं नै। त्यस्तै कोरोनाका नाममा प्रदेश भरिनै अक्सिजन प्लान्टको नाममा व्यापक भ्रस्टाचारका कुरा आइरहेको एउटा अवस्था छ,कर्णालीलाई नै कलंकित हुने गरी राउटे युवतीमाथि यौन दुराचारका समाचार सार्वजनिक भइरहेका छन्,आर्थिक वर्षको अन्तमा व्यापकरूपले रकमान्तर गरेर भ्रस्टाचारलाई प्रोत्साहन हुनेगरी बजेटहरू

गइरहेको कुरा यी महत्त्वपूर्ण विषयहरू छन,समयक्रममा हामी पनि उठाउला तर माननीयसभामुख महोदय म आज यो कुरा अनुरोध र आग्रह गर्न चाहन्छु यो जन प्रतिनिधिको थलो हो । दलीयव्यवस्था भएको हुनाले यो राजनीतिक थलो पनि हो । स्वाभाविकरूपले राजनीतिक विचार छनोट गर्न सकिन्छ,बदल्न सकिन्छ । त्यसका मेरो कुनै असहमति छैन। त्यो कुरामा नेकपा एमाले पूर्णरूपले सहमत छ तर राजनीतिक अपराध गर्न पाइँदैन।

हिजोको भन्दा यो सरकारको बनावट फरक छ म त्यलाई जान्दछु । त्यसबाट हामी कुनै उत्तेजित हुने,कुनै भावावेशमा आउनु पर्ने,कुनै आग्रह र पूर्वाग्रका आधारबाट विचार व्यक्त गर्नुपर्ने कुनै कारण छैन । हामीलाई जनादेशले जहाँ दिएको छ त्यहाँबाट हामीले समारात्मक भूमिकानिर्वाहगछौँ नै । राजनीतिक निर्णय लिन पाइन्छ तर यहाँ राजनीतिक अपराधीहरू समेत सम्मिलित रहेको यो सरकार हो । त्यस्तो त छँदै थियो,त्यो त छँदै थियो ।सम्माननीय सभामुख महोदय एउटा कुरा म ध्यानाकर्षण गराउन चाहन्छु,त्यो स्थिति विगतमा पनि दोहोरिदा आफ्नै किसिमको अभ्यास गरिसकेको एउटा प्रदेश हो। ठीक छ म त्यसमा ध्यानाकर्षण गराउन चाहन्नँ म के कुरा अनुरोध र आग्रह गर्न चाहन्छु भन्दाको मान्छे केमा बस्न पाइन्छ वा पाइँदैन हाम्रो प्रचलित मान्यताहरू छन् । यो राजनीतिक थलो हो नेकपा एमालले आफ्नो ठाउँमा निर्णय गर्छ तर यो राजनीतिक थलो हो त्यस कारणले म आग्रह र अनुरोध गर्न चाहन्छु कि अदालतले फरार पुष्टि भइसकेका व्यक्तिहरूझन्डा हल्लाउदै यो सभासमक्ष प्रवेश गरिरहनु भएको छ । हुन सक्छ कुनै काल घटनाक्रमहरू बेलावखतमा पनि पटाक्षेप हुन्छन् ।

समय पटाक्षेप भएको भए एउटा हुन्थ्यो पटाक्षेप नभएको नामका आधारबाट पटाक्षेप भइसकेपछि त्यसका आकाममा नकरावमा गर्न सकिदैन ।माननीय सभामुख महोदय,म माननीयसभामुखमार्फत सबैको ध्यानाकर्षण गराउन चाहन्छु,यो सभाको मर्यादाका निम्ति,लोकतन्त्रको अभ्यासका निम्ति तीन तहको अदालतले सरकारी कागज किर्ते जालीसाजीमा पुष्टि भइसकेको,प्रमाणित भइसकेको,सजाय भोगिसकेको व्यक्ति कुनैपनि तहको सार्वजनिक जिम्मेवारीमा बस्न नपाउने व्यवस्था छ । यो थाहा थियो होला सरकारलाई छलफल चलेकै होला तर थाहा हुँदाहुँदै पनि कसले के गर्न सक्छ भनेर सरकार जसरी यहाँ उपस्थित भएको छ त्यस प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको अवस्था छ । त्यस कारणले विलम्ब नगरीकन के भन्न चाहन्छु उहाँको के हालत थियो ?के अवस्था थियो ?के थियो ? सञ्चार माध्यमले के भनिरहेको थियो ? म धेरै चर्चा गर्न चाहन्नँ । त्यो सम्बन्धित ठाउँमा चर्चा गर्ने कुरा हो तर यो जनप्रतिनिधिको संस्था हो यो नैतिक मूल्य र मान्यताको आधारबाट चलिरहने संस्थाका रूपमा हो । यद्यपि आफ्नो अनुकूल हुँदा एउटा व्याख्या प्रतिकूल हुने कुरा एउटा भन्ने अर्थमा पनि मानिसहरूले लिन सक्छन म फेरि पनि विनम्रतापूर्वक भन्न चाहन्छु,हाम्रो दल हामी सबै अरुको कुरा गर्ने

पक्षमा छैनौं । त्यस कारणले म के अनुरोध र आग्रह गर्न चाहन्छु त भन्दा त्यो स्थिति कायम रहँदा यो संस्था यो सभाको,संसदको मर्यादामाथिनै प्रश्नचिन्ह उठ्ने हामी माननीय सदस्यहरू त्यसमा मूकदर्शक बन्ने कुरा रह्यो भने हामीले बनाएका कानूनको,लोकतन्त्रको मूल्य र मान्यताको संरक्षण कसले गर्न सक्छ? सभामुख महोदय,त्यस कारणले म अनुरोध र आग्रह गर्न चाहन्छु,मलाई थाहा थियो ।

सरकार त्यो बाटोमा हिड्ला भन्ने मैले विश्वास गरेको थिए । किनकि त्यस्तै घटनाको पुनरावृत्ति यो भन्दा अगाडि भएको थियो । हाम्रै यसै सभाको एउटा माननीय सदस्य त्यतिबेला मन्त्री हुनुहुन्थ्यो । आजपनि उहाँ माननीय सदस्य हुनुहुन्छ,एउटा अभियोग लाग्यो अभियोग लाग्दैमा त्यो दण्डित हुँदैन,प्रमाणितहुँदैन,तर फटाहा अहिलेकै सरकारका प्रमुखले बर्खास्थ गरेको स्वयं त्यतिबेला हामी एउटै पार्टीमा पनि थियौं । हामी एउटै पार्टीमा पनि थियौंयहीं संसद भित्र,यहीं प्रदेश सभा भित्र यो अभ्यास गरिसकेको एउटा अवस्थामा मलाई के विश्वास थियो भने जतिसुकै मित्रता भएपनि तथ्यलाई स्वीकार गरेर सरकार सदनमा आउनु भन्दा अगाडि त्यो बाटोमा हिड्नेछ । त्यो पथ समाउनेछ मैले चाहिँ विश्वास गरेको थिए तर मैले देखे आज अवस्था त्यस्तो रहेन । त्यसलाई नेकपा एमाले संसदीय दलले मूकदर्शक भएर हेर्ने कुरा पनि रहेन अरु स्वयं सम्माननीय सभामुखज्यूले अरुहरूले कसरी लिनु भएको छ उहाँहरूको कुरा हो तर म फेरि पनि विनम्रतापूर्वक भन्न चाहन्छु,अनुरोध गर्न चाहन्छु,राजनीतिक निर्णय लिन पाइन्छ तर राजनीतिक अपराध गर्न पाईँदैन । राजनीतिक अपराध मात्रै होइन संवैधानिक ठाउँबाट तीनै तहका अदालतले चित्त नबुझाउँदा एउटा अदालतबाट अर्को माथिल्लो अदालतमा माथिल्लो अदालतबाट सर्वोच्च अदालतले समेत गरेको फैसलालाई स्वीकार गरेर सार्वजनिक जीवनमा जिम्मेवारीमा बस्न नपाउने नैतिक पतन हुने फौजदारी अभियोगमा प्रमाणित भएको व्यक्ति प्रदेश सरकारको मन्त्री भन्ने कुरा यो शोभनीय हुन्छ र माननीय सभामुखज्यू,मेरो विचारमा त्यो हुन्छ जस्तो लाग्दैन ।

त्यस कारणले नेकपा एमाले संसदीय दलको तर्फबाट म माननीय सभामुखलाई अनुरोध गर्न चाहन्छुकि यो सभाको मर्यादा जोगाउनका निम्ति लोकतन्त्र पाको आचरण व्यवहारलाई प्रोत्साहित गर्नका निम्ति जबसम्म यो स्थिति रहिरहन्छ । फेरि पनि कसैले अर्थ नलगाओस् कि नेकपा एमाले अधिवेशन चाहदै चाहदैन । सरकारको मनसाय के थियो? कस्तो थियो अहिले मैले अनुमान गरेका बारेमा टिप्पणी गर्न चाहन्नँ तर म भन्न चाहन्छु,यदि सरकार अधिवेशन चलाउन चाहन्छ,अगाडि बढ्न चाहन्छ भने आफूले हिजो अवलम्बन गरेको नीतिका आधारबाट आज एउटा सार्वजनिक पदमा बस्न नपाउने सजाय पाएको व्यक्तिलाई सरकारमा सामेल भएर जुन सधैं आइरहने परिस्थिति निर्माण गरेको छ। त्यलाई मेरो तर्फबाट अनुरोध गर्न चाहन्छु,अविलम्ब सुधार गरौं,समय छोटो छ म जानकार छु,नीति तथा कार्यक्रम आउनु पर्नेछ,बजेट आउनु पर्नेछ,हाम्रा वैधानिक

व्यवस्थाहरू कटौती गर्नेगरी आवश्यक दस्तावेज यहाँ पेश भएका छन् त्यस प्रति हाम्रो सकारचत्मक धारणा छ,तर यो स्थितिलाई हेर्दा हेर्दै अगाडि बढ्न सकिदैन त्यस कारणले म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु,यथा स्थितिमा यहीं अवस्थामा बैठकका अघि बाँकी कार्यसूचीमा प्रवेश नगर्न  म सभामुखज्यूलाई अनुरोध गर्न चाहन्छु । यदी अगाडि बढ्ने कुरा भयो भने हामीले हाम्रो ठाउँबाट उठेर त्यसलाई अगाडि नबढ्नका निम्ति अनुरोध गर्न पर्ने हुन्छ । यिनै कुरा राख्दै फेरि पनि म भन्न चाहन्छु यो स्थितिको अन्त्य सरकार जति छिटो गर्न चाहन्छ हामी हाम्रा तर्फबाट सदन सञ्चालनका निम्ति बजेट निर्माणका निम्ति हामी रचनात्मक सहयोग गर्न तयार छौं ।

त्यो दिशाबाट अगाडि जान तयार छौं तर बस्नै नपाउने मान्छे सार्वजनिक जिम्मेवारीमा बसेर आएको हामी टुलुटुलु हेर्न सक्दैनौ । त्यस कारणले माननीय सभामुख महोदयलाई म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु यो विषयको गाम्भीर्यतालाई ध्यानमा राखेर अगाडि काम कार्वाही बढाउने कुरा नगरियोस्यहीं नै हाम्रो अनुरोध छ, धन्यवाद ।

**माननीयसभामुखः** बसौंमाननीय सदस्य बसौं ।

आसन ग्रहण गरौंमाननीय सदस्य,माननीय सदस्यले उठाउनु भएको कुरा अदालतमा विचारधीन छ । त्यो सम्बन्धित निर्णय हुनेनै होला । त्यसपछि गरौंला माननीय सदस्यले उठाउनु भएको कुरा एउटा गम्भीर प्रश्न हो । आजको बैठक सुचारु गरौंमाननीय सदस्यहरू आसन ग्रहण गरेर सहयोग गरौं ।

आसन ग्रहण गरौंमाननीय सदस्य ।

बैठक अगाडि बढाउनुस् त माननीय सदस्यज्यूहरू ।

सहयोग गरौंमाननीय सदस्यज्यूहरू । बैठक सञ्चालन गर्न सहयोग गरौं आसनग्रहण गरौंमाननीय सदस्यहरू ।

आसन ग्रहणगरौंमाननीय सदस्यज्यूहरू । माननीय सदस्यज्यूहरू अब यो बैठक आधा घण्टाकोलागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८जेठ २६ गते
बुधवार
(बैठक संख्या-२)

राष्ट्रिय धुन,

**माननीयमाननीय सभामुखः**- माननीय सदस्यहरू कर्णाली प्रदेशको आठौं अधिवेशनको दोस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ । किन माननीय सदस्यहरू ? एक जना माननीय सदस्यहरूले बोलौं ।माननीय सभामुख महोदय !

**माननीयसभामुखः**- माननीय सदस्यले रोष्टम प्रयोग गर्न सक्नु हुन्छ ।

**माननीय यामलाल कंडेलः**- त्यसको लागि धन्यवाद ! मैले जे विषय र जुन अवस्थामा बोल्दछु त्यो सम्मानका निम्ति म आज यहींबाट बोल्न चाहन्छु । माननीय सभामुख महोदय २४ गते देखिआठौं अधिवेशन प्रारम्भ भएको छ । आज २६ गते भयो । हामी विषय सूचीमा प्रवेश गर्न सकेका छैनौं,के कारणले हो ? यहाँ भित्रका हामी सबै जना जानकार छौं । प्रविधिको विकासले हामी भन्दा बाहिर रहनुहुने तर हामीलाई नियाली रहनेहरूलाई पनि त्यो विषय बस्तुका बारेमा जानकारनैछ भन्ने मलाई लाग्छ । हामीले उठाएको विषय समय बर्बादीका निम्ति होइन कसैसँग आग्रह र पूर्वाग्रहका निम्तिहैन । हामी जुन सभामा उपस्थित भएका छौं,त्यो सभाको मर्यादा बढाउनकालागि हामीले जुन ठाउको प्रतिनिधित्व गर्दछौं जसले हामीलाई कर्णाली प्रदेश भनेर चिनिन्छ । हामी सबैको मानसम्मान र प्रतिष्ठा बढाउनका निम्ति हामीले एउटा विषय यो हाउसमा ध्यानाकर्षण गराएका थियौं। यद्यपि यो विषय यो हाउस प्रारम्भ हुनु भन्दा अगाडिनै सरोकारवालाले आफैंले बुझेर गरेको भए हामीले भने जस्तै लोकतान्त्रिक मूल्य र मान्यताको माग गरिरहेका छौं । हामी पनि आफ्नो लोकतान्त्रिक मूल्य र मान्यता स्थापित गर्ने थलोमा जिम्मेवारी पाएकाहरूबाट सुरुवात गर्दा अरुले पनि सिक्न सक्थे होला भन्ने लाग्छ सभामुख महोदय,यद्यपि प्रश्न उठेपछि आफूप्रति उठेको प्रश्नलाई अन्यत्र देखाएर उत्तर खोज्ने चलन नेपाली समाजमा छ त्यसबाट म पनि अछुतो रहन नसक्छु,नरहुँला तरपनि फेरि म अनुरोध गर्न चाहन्छु,विश्वास हो लोकतान्त्रिक मूल्य र मान्यताहरूलाई नैतिक मूल्य र मान्यताहरूलाई स्थापित गर्न सकियो भने जनप्रतिनिधिप्रति जनताको आकर्षण बढ्नेछ,जन प्रतिनिधि संस्थाहरूजनताप्रति जवाफदेही हुनेछ। त्यसको सुरुवात विगतमा हामीले कर्णाली प्रदेशमै अरु प्रदेशले सिक्ने गरी पनि मिलेर अनुकरणीय काम गरेका छौं । मिलेरै यद्यपि हामीले यो हामीले गरेका हौ भनेनौं,सभामुख महोदय म स्मरण गराउन चाहन्छु,हामीले त्यस्तो अभ्यास गयो पहिला पहिला तर,त्यो कुनै सरकारी प्रयास थिएन ।

सभामुखको अग्रसरतामा हामीले एउटा बैठक बोलाएर सातै प्रदेश भन्दा सबैभन्दा पहिला नामकरण गर्ने,राजधानी तोक्ने त्यसको पहलकदमी कुनै सरकारी प्रस्ताव थिएन सभामुख महोदय,त्यो जनप्रतिनिधिका हिसाबले यहीँ प्रदेश सभाभित्र सभामुखको नेतृत्वमा हामीले गरेको एउटा प्रयत्न थियो । हामीले सरकारले गरेकै रूपको चर्चा गर्दा हामीले त्यस्तो कुनै खिन्नता महसुस गरेनौं सभामुख महोदय,हामी कर्णाली प्रदेश भनेर पिछडिएका मात्रै हइनौं हामीले कतिपय नयाँ कुराहरू नयाँ सिर्जनाहरूलाई पनि सिकौं सिकौं लाग्ने गरी कतिपय कामहरू गरेका थियौं तर समय वित्दै जाँदा सायद हाम्रो यो समाजको चरित्र आर्थिक बनावट छ त्यसले प्रभाव पारेकोहोला हामीले त्यो राम्रो कुरालाई निरन्तरता दिने कुरामा कमी भयो कि,प्रश्न उठेकि भन्ने प्रश्न अहिले उब्जिरहेको छ । त्यस कारणले म सभामुख महोदय,हामीले जे विषय उठाएका थियौं कुनै व्यक्ति प्रति आग्रह र पूर्वाग्रहका हिसाबले राजनीतिक प्रतिशोधका हिसाबले हामीले त्यो विषय उठाएका थिएनौं तर एउटा सम्मानित ठाउँमा सबैले चासो राख्ने गरी हामी मध्येकै पात्रका बारेमा चर्चा उठिसकेपछि त्यसबाट टाढा रहन सक्ने कुरा रहँदैन सभामुख महोदय,जे यद्यपि त्यो पात्र हिजो कोसँग  सम्बन्धित थियो त्यो पनि चर्चा हुन सक्छ तर आज विषय उठिसकेपछि त्यो विषयदेखि कोही पनि टाढा रहन सक्ने स्थिति रहँदैन,जुन विषयले हामीउठाउने मात्रै होइनकि सिङ्गो कर्णाली प्रदेशको सबैको शिर निहुरिरहेको छ,निहुरिरहेको शिरलाई ठाडो बनाउने कुरा,दायित्व र जिम्मेवारी हामी सबैको हो ।

हिजो सम्बन्धित वा असम्बन्धित हुन् आज हामी जिम्मेवारी निकायमा रहेको कारणले गर्दा हामी सब्बै जिम्मेवारीका साथ अगाडि बढ्नु पर्ने महसुस गरेर हामीले एउटा विषय प्रवेश गराएका थियौं,विषय प्रवेश गराएपछि पहिला त ध्यान गएन गएन विषय प्रवेश गराइ सकेपछित सम्बन्धितको ध्यान अवश्य जान्छ होला भनेर हाम्रा तर्फबाट विषय प्रस्तोताका हिसाबले हामीले हाम्रो ठाउँबाट मलाई लाग्छ न्यूनतम अथक प्रयास गर्दा गर्दै पनि विषय सूची प्रारम्भ हुनुभन्दा पनि अगाडि नै फेरि आज पनि माननीय सभामुखज्यूको अगाडि हामीले हाम्रो विषयहरूराख्नु पर्ने परिस्थिति देखा परेको छ । जुन विषयका बारेमा म धेरै चर्चा गर्न चाहन्नँ,यो बीचमा सभामुखको नेतृत्वमा प्रदेश सभा भित्र रहेका जिम्मेवार पदाधिकारी निकाय हरूका बीचमा छलफल भयो नै त्यो पदाधिकारीको हुन दुनियाले जानेको छ म यहाँ चर्चा गर्न चाहन्नँ,त्यतैतिर पनि चर्चा भयो,उहाँहरूले सरकारको पक्ष तर्फबाट वार्तामा सामेल हुनुहुने साथीहरूले यलाई समाधानका निम्ति धेरै तर्क वितर्कहरू गर्नुभयो तर हामीले भन्यौं हाम्रो भाग चालचुल नै गरेका छैनौं' यदी व्यावहारिक ढङ्गले पहिले नै बुझेर हाम्रा बीचमा छलफल चलेको भए कतिपय सरसल्लाहबाट पनि यी कुराहरूलाई हामीले अगाडि निम्त्याउन सक्थ्यौं । किनकि म सभामुखमार्फत भन्न चाहन्छु,यो संसदको संरचना अलि स्वाभाविक किसिमको संरचना बनेको छैन । यस संरचनाका बीचमा भए गरेका कतिपय कुराहरूस्वाभाविक छैनन् अराजनीतिक तहबाट हुँदा स्वाभाविक राजनीतिक पार्टीहरूबीचको सम्बन्ध र

सम्पर्कहरूलाई त्यल्ले प्रभावित गरेका छन् त्यो सिधैं नेकपा एमालेको दलसँग सम्बन्धित छ मैले भने सभामुख महोदय, कि हामी त्यो घटनाबाट प्रभावित भएर हाम्रो तर्फबाट हुने सर सहयोगलाई कमी हुन दिने छैनौं मैले त सर्वदलीय बैठकमा पनि भने सभामुख महोदय मैले यो छलफलमा पनि भने र बैठकमा पनि भने हामीले २५ गते आफ्ना कुरा अगाडि बढाउन सकेनौं । फेरि हिजो २६ गते बैठक भयो त्यसमा हामी सबै सामेल भयौं । म आज हिजो यो माग उठाथिस आज यो कुरा किन तैले उठाइस् भन्न पनि कसैले सक्नु हुन्छ,म फेरि पनि भन्न चाहन्छुविनम्रतापूर्वक संवैधानिक बाध्यता त हैन तर कानूनी बाध्यताका कारणलेगर्दा हामीले विषय उठाउँदाउठाउँदै पनि असार १ गते सम्झिरहेकाछौं ।

कोभिडका बीचमा सामान्य अवस्थाबाट अधिवेशन भएको भएपनि हामीले कुरा गर्नु पर्ने कतिपय प्रक्रियाहरू भन्दा अगाडि नीति तथा कार्यक्रमहरू,त्यो भन्दा अगाडि बजेटका सिद्दान्त,नीति र प्राथमिकताबारे छलफल गर्नु पर्ने कुराहरू थाहा हुँदाहुँदै पनि जनसरोकार राख्ने प्रतिनिधि संस्थामा हामीले यो कुरा उठाउँदा सरकार हामी भन्दा बढी जिम्मेवार होला भन्ने मैले ठानिरहेको थिए । ऊ यस्तो ठाउँमा छ ऊ काम गर्ने ठाउँमा छ,असहयोग गर्नेहरूबाट पनि सहयोग लिएर आफ्नो जिम्मेवारी पूरा गर्नु पर्ने ठाउँमा छ । बजेट उसले ल्याउने हो,नीति कार्यक्रम उसले ल्याउने होतर यो प्रदेश सभाको बैठक अवरुद्ध प्रति त्यलाई आतुरताका साथ समाधान गर्ने कुराको त्यती उत्सुकता देखिएन सभामुख महोदय,यो बैठकमा मैले गरेको अनुभूती हो । आयो जस्तो आयो जस्तो गर्ने,गरे जस्तो गर्ने यसबाट के परिकल्पना गर्न सकिन्छ भने यो सभामुख महोदय,यो पनि यो हाउस बोलाइएको छ,यो स्वाभाविक ढङ्गले बोलाउनै पर्ने भएर बाहिर भाग्नै नसक्ने भएर बोलाउनै पर्ने भएर बोलाएको त हो कि भनेर अनुमान गर्न सक्ने अवस्था देखिन्छ सभामुख महोदय,छलफल भयो हामीले हिजो भन्यौं,जिम्मेवारीपूर्वक हाम्रो माग त यो थियो,आज पनि त माग त हामी आफ्ना ठाउँमा छौं । मैले हिजो सर्वदलीय बैठकमा भने तपाईंहरूले जे २५ गते बैठकमा प्रस्ताव गर्नु भएको थियो कानूनीबाध्यताका कारणले जनप्रतिनिधि संस्थालाई प्रभावकारी बनाउने,जनप्रतिनिधि संस्था मार्फत बजेट निर्माण गर्ने योजना छान्ने यद्यपि योजना छान्नका निम्ति आज लकडाउनका बाबजुद सबै होटेलहरू क्रियाशील छन् सभामुख महोदय सबै होटेलहरू मन्त्रालयहरू त देखाउने मात्रै हो सभामुख मओदय,सबै होटेलहरू सरकार सम्बद्ध दसै जिल्लाका नेताहरू अहिले होटेलमा पाइन्छ सभामुख महोदय,रेकर्ड कसैलाई चाहिन्छ भने मसँग सम्पर्क राखे हुन्छ म उपलब्ध गराउन तयार छु । सरकार सम्बद्ध नेताहरू आज सुर्खेतका होटेलहरूमा बसेर योजना बनाइरहेका छन् । कार्यान्वयन गर्ने कार्यालयहरूहेरिरहेका छन,हामी जन प्रतिनिधिहरू भन्न त अरुलाई भन्न सक्छौं सप्पैलाई दिनु भयो तपाईं मात्रै बाँकी दिनु भयो भन्ने छ हामीले भन्यौं यो जटिल परिस्थितिमा विगतका अनुभवहरूबाट हामीले दलमै छलफल गऱ्यौ कि सरकारले आवश्यकता ठानेछ छ भने छलफल गर्न दल तयार छ,तर

विगतमा जस्तो जनप्रतिनिधिको मान मर्यादा हुने गरी जसरी हामीले अनुभव गरेका छौं कोही कसैका ढोका चार्नु पर्ने जरुरी छैन । यदि जरुरत परेछ,दलगत छलफल गर्नुपर्नेछ जनप्रतिनिधिको ठाउमा रहेछ भने हामी खुलम खुलस्थ योजनाका बारेमा छलफल गर्नेछौं । हामीले भन्यौं,हामीले दलमा छलफल चलाएकै हो सभामुख महोदयम यस कारणले भन्न चाहन्छुकि हामीले हिजो भन्यौं यो जिम्मेवारीका साथ तपाईंहरूले २५ गते राखेको प्रस्तावबाट निकास निकाल्न हाम्रो माग बर्खास्तीको भएपनि हामी तयार छौं ।

तपाईंहरूको प्रस्ताव वा मेरो प्रस्ताव होइन वा दलको प्रस्ताव होइन उहाँहरूको प्रस्ताव हो जुन कुरा उहाँले २५ गते राख्नु भएको थियो नभए त्यो बैठकमा सहभागी हुने सबैलाई सहभागीहुनेहरूलाई त थाहा नै छ । सहभागी नहुनु भएका माननीय सदस्यहरूले जानकारी लिन सक्नु हुन्छ । मैले भने,यो जिम्मेवारीका साथ,हामीले यो जवाफदेहिताका साथ हामीले यो कुराकानी गरिरहेका छौं तर यो बैठक हो भने बैठक जस्तो गरौं हिजोका बैठक कसरी हुन्थे ? कसरी समाधान भएका थिए ?कसरी गरिन्थ्यो त्यो मलाई धेरै थाहा छैन सभामुख महोदय यो तीन वर्षको अवधिमा,म नेकपा एमालेले जे भूमिका पाएको छु जनताको जनमतको हिसाबले त यो भूमिका अर्कै ठाउँमा थियो ।हिसाबकिताबका हिसाबले हामीलाई कुनै हीनताबोध छैन । विषय प्रमुख कुरा हो यद्यपि त्यो ठाउँमा रहेर काम गर्ने कुराको अभिभारा जो कोहीले पनि सोचेको यो अवस्था रहन्छ तीनटा बैठकमा भाग लिदा मैले भने,बैठक बैठक जस्तो गर्नु पर्‍यो । सभामुखले बोलाएको बैठक,हामी सामेल भएको बैठक र हामीले सहमति भएको बैठकका आधारबाट निर्णय गरौंनत भोलि आउनेहरूले पनि यस्ता समस्याहरू आएका थिए । यसको समाधान यसरी गरिएको थियो भनेर हामी भन्दा पछाडि आउनेहरूले पनि यसको बारेमा जानकारी लिन सक्ने स्थिति रहन्छ । जब मैले त्यसो भने सभामुख महोदय,सरकार त्यसपछि पछाडि हट्यो । सभामुख महोदयमार्फत म भन्न चाहन्छु,अरु माननीय सदस्यज्यूहरूलाई यो कार्यक्रम मार्फत हामीलाई हेरीरहनु हुने सबै राजनीतिक पार्टीहरूलाई जनतालाई भन्न चाहन्छु । हामीले समस्याहरू राख्यौंत्यो समस्याप्रति, मागप्रति कसैको नकरात्मक कुरा थिएन कसैको कसैले तैले गलत कुरा उठायो एमालेले भनेको थिएन बोल्दा सबैले उठाउनु पर्ने कुरा नै उठाउनु भएको छ,तर हाम्रा पनि बाध्यता र विवशता छन् बुझिदिनु पर्‍यो ।त्यहीं कुरालाई मैले अनुसरण गरेर मैले हिजो प्रस्ताव राखें । सरकार हिजो भाग्यो,पछि फेरि सल्लाह भयो सूचना टाँस्ने कि हाउसबाट सञ्चालन गर्न मै नै त्यो एउटा प्रस्तावक हुँ यदितपाईंहरूलाई भोलि यहीं विन्दुबाट समाधान गर्ने कुरा छ भने मैले नै सभामुखज्यूलाई अनुरोध गरे,अरु साथीहरूलाई पनि अनुरोध गरे। फेरि यो दल किन बैठक भएपछि भन्नु पर्छ,जनतालाई सुसूचित गर्नुपर्ने हुन्छ । त्यसो गर्दा कतिपय बाटाहरूबिग्रिन सक्छन् । त्यसो भए सूचना गरौंन त भनेर हामी सबैको सल्लाहबाट किनकि म सभामुखज्यूले १ बजे भन्नु भएको थियो । त्यो हाम्रो बैठक करिबकरिब २ बजे सुरु भाथ्यो । यसैबाट थाहा हुन्छ, भकारो उठाउनेलाई जस्तो हामी त एकै बजे उपस्थिति थियौं त्यो पनि

हामीले चर्चा गऱ्यौं । उसो भए १२ बजे उपस्थिति हुने, छलफल गर्ने, समाधान गर्ने भनेर १२ बजे आइयो सभामुख महोदयको चाहिँ सभाकक्षमा म यस कारणले कि जनताका बीचमा जे कुरा हो सभा मार्फत सभामुखमार्फत जानकारी गराउने कुरा गर्नु आवश्यक छ अन्यथा भन्ने हो भने सरकारबाट पालित पोषित कतिपय आजभोलि मिडियाहरू छन् ।तेले थरिथरिका समाचारहरू सम्प्रेसित गरेका अवस्था छ त्यस कारणले म अनुरोध र आग्रह गर्न चाहन्छु हामी १२ बजे आयौं तर मुख्यमन्त्रीको उपस्थिति यहाँदेखन पाइएन । यद्यपिमुख्यमन्त्री हो बजेट आउदै छ,व्यस्तता होला,हुनत हाम्रो मुख्यमन्त्री यस्तो हो मैले मेरै पार्टीमा हुँदा यहाँ सभा चलिरहेको थियो । यस्तै टिभीमा हेरेर हुई क्वाटरबाट सभा निरीक्षण गर्ने त्यहाँ भेट्न जाने माननीय जतिहरूलाई ठोकन ठोक त्यो मन्त्रीलाई भनेर सल्लाह दिने मुख्यमन्त्री हो जुन कुरा मैले आज यहाँ भने जुन कुरा दलको बैठकमा पनि भनेको कुरा पनि म आज भन्न चाहन्छु त्यस्तो व्यस्तता होला मुख्यमन्त्रीज्यू हनुहुन्छ उहाँ ।

मैले कुनै आफ्नो मान मर्यादाका निम्ति कुरा गरिरहेको छैन । यो अवस्था भएपछि सभामुख महोदय यो जनप्रतिनिधि थलोले गर्न के सक्छ ?यो जनप्रतिनिधि थलोमा जनताको कुरा उठे भने सम्बोधन कसरी हुन सक्छ ? जुन व्यक्ति जिम्मेवार छ,त्यो व्यक्तिको पदीय जिम्मेवारी छ त्यो मान्छे त्यसरी उदासीनता भएपछि समस्याको समाधान के हुन्छ ?के हात खडा गर्दिने ? हुनतः ह्वा लडाकु संगठन चलाएर आएको पृष्ठभूमि छ । लोकतान्त्रिक मूल्य र मान्यता भएको संविधान अन्तर्गत मुख्यमन्त्री हुनुहुन्छ म धेरै चर्चा गर्न चाहन्नँ । हामीले के गर्ने ?तपाईंले जे भन्नु हुन्छ त्यहींमान्छौं भन्दा खेरि पनि भाग्दै हिडेपछि अब उठाउने भाग्नेका पछाडि कुद्ने कि नकुद्ने त्यो दुविधामा हामी उभिदा मैले अघि भने,म दलको बैठकमा जहाँ पछि सरकारको प्रतिनिधि आउनु भएको थियो । उहाँले त्यहीं कुरा उठाउनु भयो,मैले भनेसरकार भाग्दै जाने जनताको जनप्रतिनिधि थलोमा प्रश्न उठाउने मान्छे कुद्दै जाने कुरा हुन्न सभामुख महोदयज्यू भनेर मैले भने त्यस कारणले मैले आज अनुरोध गर्न चाहन्छु,सभामुखज्यू सबै दलहरूलाई सभामुखज्यूमार्फत आकर्सित गर्न चाहन्छु,हामीले तीन वर्षबितायौं धेरै विषय उठ्न बाँकी छ आज त १ गतेको कानूनी बाध्यताका कारणले गर्दा एउटा पात्र र एउटा विषय मात्र उठाएको हो ।

त्यो कानूनी बाध्यता पछि विषयहरूपनि धेरै उठ्नेछन्,पात्रहरूपनि धेरै ठडिने छन् त्यतिबेला के गर्ने होला ?समस्या त हामीले नै समाधान गर्ने होलानी कि भागेर अन्तअन्तै जहाँ छौं त्यहींबाटै चलाईरहने हो भने त अहिलेको प्रचलनमात अधिकार सम्पन्न सार्वभौमसत्ता भएपनि त्यस्ता व्यक्तिहरूले उचित किसिमको भूमिका खेलेनन् भने कहिलेकाही हेरेर बस्ने संस्थाका रूपमा रूपान्तरित भएको दृष्टान्तलाई पनि मैले भुलिरहेको छैन सभामुख महोदय,मैले अरुको मात्रै आलोचना गर्न चाहन्नँ मुलुकको

अवस्था यस्तो छ। यस्तो अवस्थामा फेरि आज हामी बैठकमा उपस्थित छौं हाम्रो तर्फबाट तपाईंहरूले जे प्रस्ताव राख्नु भएको थियो । त्यसलाई बैठकको रूपमा मान्यता दिएर संसदलाई अगाडि बढाउ भन्नुको अर्थ सरकार भाग्छ भने म यसबाट म भन्न चाहन्छु,सरकारको नियत यो सदनबाट बजेट ल्याउने छैन । म भन्न चाहन्छु,सकरकारको नियत बजेट नीति तथा कार्यक्रममममा ल्याउने छैन । यो भन्न बाध्य बनाउने परिस्थिति निर्माण भयो यद्यपि सरकारको बनावट हिजो भन्दा फरक छ । केही तिनले आजपनि आफूलाई एमाले भनिरहेको हुनाले अर्को राजनीतिक पार्टीले धेरै चित्त दुखाई रहनु पर्ने केही जरुरी छैन । कुनै तिनले राजनीतिक निर्णय गरेका छैनन् उनीहरू एमाले नै भनिरहेका छन् आफूलाई,उनीहरू एमाले नै भएको भए संसदको बनावट ४० बाट ३५ पुग्दैनथ्यो सभामुख महोदय कि एमाले नभएकै कारणले गर्दा संसदको बनावट २० बाट नेकपा एमाले आज १६ सिटमा रूपान्तरण भएको छ तर तिनैलाई एमाले बनाएर तिनी हुन राजनीतिक अपराधी ती मान्छे सामेल छन् सभामा तिनले तिनले अर्को पार्टी भन्या छैनन्,कुनै अर्को राजनीतिक निर्णय लिएका छैनन् तिनले अहिले पनि आफ्ना नामका पछाडि एमाले लिएर भनिराछन् तर संसदको पोजिसन हेर्नुस त सभामुख महोदय दुनियालाई थाहा छ तिनलाई पनि थाहा छ तर भ्रम पार्नका निम्ति एमाले भन्दै बैठक गर्दै वक्तव्य निकालेको पनि मैले देखिराको छु । सभामुख महोदय,मैरै भन्नु मेरो केही छैन तर आफूलाई लोकतान्त्रिक परिपाटीमा सामेल भएको पार्टी पनि आज सरकारमा सामेल छ,एउटा लडाकु पृष्ठभूमिबाट आएको पार्टी त्यहाँ सामेल छ । एउटा लोकतान्त्रिक पृष्ठभूमिबाट आएको पार्टी सामेल छ,यो समस्या समाधान गर्ने कुराले गर्दा सरकार भागिराछ ।

सरकारले जे भन्यो त्यहींमान्छौंभन्यौं हामीले तर मान्छ भन्ने नाममा भागिरहेको सरकारका पछाडि कुद्न सकिएन सभामुख महोदय,म आज पनि फेरि पनि भन्न चाहन्छुविनम्रतापूर्वक छलफल गर्नुस्,सबै प्रजातान्त्रिक आन्दोलनमा यहाँ उपस्थित सबै माननीय सदस्यहरू पार्टीको आफ्नो कार्य विधि र रणनीति आ-आफ्नो हुँदाहुँदै पनि लामो पृष्ठभूमि विताएर आएका माननीय सदस्यहरूपनि हुनुहुन्छ । उहाँहरू संसदलाई सहभागी हुने मात्रै हो कुनै प्रक्रियामा भाग लिन पर्ने वैधानिक र बाध्यताको पात्र होइन अब यस्तो अवस्थामा म फेरि पनि ध्यानाकर्षण गर्न चाहन्छु समय यदी यहीं बजेट नीति तथा कार्यक्रम संसदबाट हुने हो भने २५ गते बैठकमा सरकारका तर्फबाट राखिएको प्रस्तावलाई विधिवत् निर्णयको रूपमा रूपान्तरित गर्ने कुरामा जब माग उठाउने दल सहमत हुन्छ भने सरकार भाग्नुको पछाडि सरकारको नियत फरक छ । कोले के भन्नु भयो म जान्दिन हाम्रा माननीय सदस्यहरूलाई प्रभावित पार्नका निम्तिकतिपय मन्त्री साथीहरू कतिपय त्योसँग नजिकहरू माफीले त गर्‍योनित बाटो छँदै छ भन्दै मनविज्ञान सम्प्रेषित गरिरहेको पनि मै सुनिराको छु । म तपाईंहरूलाई अनुरोध गर्न चाहन्छु,विकास निर्माण अहिले जसरी गरिरहनु भएको छ,तीन वर्ष हामीले जसरी गर्‍यौ त्यो आफ्नो ठाउँमा

छँदैछ । फेरि पनि म अनुरोध र आग्रह गर्न चाहन्छु कि हाम्रो तर्फबाट समस्या समाधानका निम्तितपाईंकै प्रस्तावलाई वैधानिक रूप दिउ बैठकको रूप दिउ भन्ने कुरामै छौं । कतिले भन्न सक्छ बर्खास्तबाट किन आयो त्यो यसको पछाडि फेरि पनि म दोहोऱ्याएर भन्न चाहन्छुअसार १ गते अहिलेको वैधानिक व्यवस्थाले हामीहरूको ध्यानाकर्षित गऱ्यो। हामी संसदबाट बजेट नल्याउने गरी सरकार लागिराछ । हामीलाई देखाइराछ होला जस्तो लाग्छ अब भोलि सम्मन् ल्याएनन् भने त बाटो उतै हो भन्दै हिड्नु भाछ कतिपय मन्त्रीहरूज्यू बाटो त्यहीँ तय छ भने सरकारमा सामेल भएका भगौडाहरूकोत विकास निर्माण गर्ने कुरा छैन । त्यो त उनीहरू असुलउपरीको निम्ति त्यहाँ सामेल भएका हुन् । मैले अस्ति पनि जिम्मेवारपूर्वक भने अख्तियार कही छ भने कतै लाग्नु पर्दैन झन्डा समाएका पछाडि लागेपछि फेला पारिहाल्छ। भन्याछु आजपनि म दोहोऱ्याउनचाहन्छु,स्मरण गराउन चाहन्छु । एउटा लोकतान्त्रिक पार्टीमा समावेश भएको पार्टी भर्खर मात्रै सामेल भएको छ म आज धेरै टिप्पणी गर्न चाहन्नँ एउटा लामो लोकतान्त्रिक अभ्याससँग सामेल भएको नेकपा एमाले आफ्नो जिम्मेवार पूर्वकभूमिकानिर्वाह गर्ने गरी प्रति पक्षमा उभिएको एउटा अवस्था छ,हामी सहयोग गर्छौं भनिराका छौं सभामुख महोदय,सभामुखमहोदयको अध्यक्षतामा बैठक भएको हुनाले देशको प्रत्यक्ष साक्षात्कार एउटा पात्र हो । यसको नेतृत्व गरिरहनु भएको छ,तर बाहिर के भनिएको छ भने एमालेका कारणले हाउस अवरुद्ध छ । उसका कारणले बजेट हाम्रो त चाहना थियो बजेट संसदबाट ल्याउने,हाम्रो त चाहना थियो नीति तथा कार्यक्रमबाट ल्याउने तर सरकारको असली नियत जे भनेको थियो त्यो ठाउँबाट हिडिराछ,अरु कोले के गर्नु हुन्छ हाम्रो मैले पनि संगत गरे सभामुखमहोदय त्यस्तो अवसर गर्न पाइयो । मोर्चाका हिसाबले संगत गर्न पाइयो,एउटै पार्टीमा रहेर पनि अभ्यास गर्न पाइयो अभ्यासका तिता मिठा अनुभवहरू छन,म धेरै चर्चा गर्न चाहन्नँ यस्तो निरिह अवस्थाबाट हामीले कसरी कोरोनाका यी संकटकाल अवस्थालाई सुव्यवस्थित गर्न सक्छौं । सभामुख महोदय,आफूखुसी होटेलमा आएकाहरूको वर्ष दिनको जागिरको भर्ना गर्ने गरी अहिले पनि बजेट रकमान्तर गर्दै निकासा हुने असारे बजेटको हुन त हाम्रो अर्थमन्त्री यस्तो पाएका छौं । हामीले त्यसको एउटा चर्चा गर्न म सान्दर्भिक ठान्दछु हुनतः सरकारसँग नजिक रहेकाहरूले त्यलाई यामलाल कंडेलको मुख्यमन्त्री बन्ने कडीको पहिलो चरणका रूपमा प्रस्तुत गर्छन्। नेकपाका १४ भाइले सही गरेको पहिलो नम्बरमा सही गर्ने माननीय आज हाम्रो प्रदेशको मुख्यमन्त्री हुनुहुन्छ नै । थुप्रै आर्थिक विसंगति र लेखा समिति गठन गर्ने साथी त्यहाँ हुनुहुन्छ नै अहिले उहाँले प्रस्तुत गर्ने बजेट प्रस्तुत नहुँदै धेरै टिप्पणी गर्नु मेरो निम्ति हतारो हुन्छ नै म के आशावादी छु भने हिजोको भूमिकाको आधारबाट सकारात्मक सन्देश होलानै तर हाम्रो लाग्छ र के ?त्यस कारणले सभामुख महोदयलाई अनुरोध गर्न चाहन्छु हामी सबै माननीय सदस्यहरू सभामुख महोदयमार्फत अनुरोध गर्न चाहन्छौं,हामी यो सदनको भूमिकालाई प्रभावकारी बनाउन चाहन्छौं

विषयलाई के आधारबाट अगाडि बढाउन चाहन्छौं हामी समस्याको सम्वेदनशीलताको आधारबाट त्यसरी अगाडि बढ्न चाहन्छौं तर जो सरकारमा बसेको छ जसले सबैको विश्वास जित्दै असहयोग गर्दागर्दै भन्दैछु विश्वास जित्दै सहयोगको हात बढाएर अगाडि बढ्नु पर्नेहरू हात बाँधेर संसद भन्दा बाहीर समस्याभन्दा बाहिर सहकार्य गर्ने भन्दा बाहिर गएर कुलेलाम ठोकिरहेको एउटा अवस्थामा हामीले अरु के गर्न सक्छौ र सभामुख महोदय,त्यस कारणले संसदबाट विमुख हुने साथीहरूलाई संसद होस चाहे पार्टी होस्,चाहे सरकार होस् त्यलाई संसद उन्मुख बनाउने कुरामा हामी सबैको ध्यान गएन भने जनताले चुनेको निर्वाचित गरेको जनप्रतिनिधिको भूमिका प्रति एकदमै टिप्पणी छ अहिले कुनै आकर्षण छैन । झन् विकर्षण बढ्ने छन् सभामुख महोदय त्यस कारणले म विनम्रतापूर्वक मैले फेहरिस्त यो सभामा सभामुखमार्फत प्रस्तुत गरे किनकि हामीले गरेको प्रयत्न र पोजिसन मैले बताएँ । म फेरि पनि अनुरोध गर्न चाहन्छु कि त्यो व्यक्तिलाई त्यस्तो व्यक्तिलाई असजिलोपन हाम्रो सरकारबाट संसदबाट मुक्त गर्दा हामी सब्बैको मूल्य र मान्यतामा स्थापित गर्नका निम्तिभूमिका खेलेको ठहर हुन सक्छ । यस आधारबाट मैले चाहिँ यिनी विषयहरू उठाइरहेको एउटा अवस्था छ,यहीँ संसदलाई सरकारको विगत फर्कियो भने त्यस्ता दृष्टान्तहरू हामीले पाएका छौं । त्यस कारणले सरकार कुनै पार्टीको हुन सक्छ सकेसम्म आफैं गर्नुस् तर निर्लज र नाङ्गै भएर आफ्नो मात्रै हुने कुरा गर्नु भयो भने त्यो कुराको समर्थन गर्न सकिदैन । दलीय व्यवस्था हो सरकारमा हुँदा आफ्नो पार्टीको नीति कार्यक्रम लागु गरेर अर्को निर्वाचनमा जित्ने गरी प्रभाव पर्ने गरी कार्यक्रम ल्याउनुस त्यसमा मेरो कुनै टिप्पणी छैन तर सरकारमा छौं भन्ने नाममा निर्लज्जतापूर्वक नाङ्गै असह्य हुने गरी तरिकाको कुरा समर्थन गर्न सकिदैन ।

त्यस कारणले हाम्रोतर्फबाट आजपनि समस्याको समाधानका निम्ति हामी लचक छौं । जिम्मेवारी वोधका साथ हामी बैठकमा प्रस्तुत भएका छौं । संसदबाटै नीति तथा कार्यक्रम,बजेट बजेट ल्याउने कुरामा सहयोग गर्नका निम्ति वातावरण बनाउन हामी तयार छौं तर विषय हाम्रा उठ्छन्,विषय हामी उठाउछौं आज एउटा विषय र एउटा पात्र थेग्न नसक्नेले भोलि धेरै विषय र धेरै पात्रहरू कहाँ जाला यो आज त दुई तीन दिन नजिकिँदै गइरहेको ठाउँबाट सभाहलको बैठकमा आउन त गाह्रो भैराको छ धेरै पात्रहरू र धेरै विषयहरू उठेभने का जाने हो ? हामी धेरै टाढा पुऱ्याउने पक्षमा छैनौं । हामी विपत्तिका बाबजुदपोजिसन भिन्न हुँदाका बाबजुद पनि कर्णालीको विकास निर्माणमासँगै जाने कुरामा तयार छौं तर भरणपोषणको व्यवस्था गर्न सकिन्न, ऋण तिर्ने बजेट दिन सकिन्न । म सुन्दै छु कति साँचो हो रुकुमका दुई तीन वटा स्थानीय निकायहरूले भने अरे भन्छन् अरे हाम्रो रेगुलर बजेट अहिले प्रदेश सरकार निर्माण गर्नमा व्यवस्था गर्नुपर्ने भएको हुनाले तपाईंलाई विकास र निर्माणको बजेटमा अहिले दिन नसकिने भयो । धैर्य गुर्नस् भन्छन् अरे मलाई धेरै थाहा छैन, अब प्रदेश सरकार निर्माण गर्न स्थानीय तहको बजेट परिचालित गर्ने र त्यहाँको विकास निर्माणको भुक्तानी सम्ममा असर पर्ने कुरा

भएपछि अनुमान गर्नुस् । सभामुख महोदय,अहिलेको सरकार गर्छ के ?यस्तो सरकार हुनुहुन्छ उहाँ,मुख्यमन्त्री हुनुहुन्छ माग्न जानेले भन्दा धेरै दिनुहुन्छ उहाँ । माग्नेले भन्दा त धेरै दिएर पठाइदिनु हुन्छ उहाँ तर विचराले केही पाउन्न । यस्तो अवस्थामा यस्तो जटिल परिस्थितिलाई सकारात्मक सन्देश दिने गरी आज पनि हामी हाम्रो तर्फबाट भूमिका खेल्न तयार छौं । त्यस कारणले दुःखका साथ म भन्न चाहन्छुसभामुख महोदय,बैठक स्थगित गरेर सर्वदलीय बैठकमार्फत समस्याको समाधानको अधिकतम लचकतामा समेत हामी सामेल हुँदा सरकार त्यहाँबाट फेरि पर भागेका कारणले गर्दा यो बैठक यो भन्दा अगाडि बडाउने कुरा नगरेर सहयोग गर्नुनै यो संसदको मर्यादा बढाउने हो भन्ने कुरा म राख्नचाहन्छु,होइन सभामुख महोदय,यी सबै कुरा थाहा हुँदाहुँदै पनि तपाईंका पनि आफ्ना बाध्यता छन् हामीलाई अनुरोध गर्दै कार्यसूची अगाडि बढाउने कुरा गर्नु भयो भने सभामुख महोदय हामीलाई असजिलो र अप्ठ्यारो लाग्दा लाग्दै पनि समय अवधि छोटो हुँदा हुँदै पनि छोटो अवधिका वहानामा सरकार कुद्ने कुरा देख्दा देख्दै पनि हामी आफ्नो ठाउँबाट उठेर यो संसदको मर्यादा विषयको गम्भीर्यता र सम्बन्धितलाई जवाफदेही बनाउनमा निम्ति हामीले यो बैठकलाई अवरुद्ध गर्नु पर्ने एउटा अवस्था रहिनै रहेको छ हाम्रो मनसाय बैठक अवरुद्ध गर्ने हुँदै होइन भएको भए त्यो कुरा मानिदैनथ्यो मान्यौं तर सरकार भाग्यो सरकारलाई कोले भगायो अब यो मैले बुझ्न जाने कुरा त भएन किन भने त्यो संयन्त्रमा त छैन । सरकारको सूचना यस्तो रहेछ सभामुख महोदय नेकपा एमाले पार्टी त्यस्तोमा विश्वास गर्दैन जतिबेला यहाँ मतदान हुने थियो त्यसदिन राती कुनै अर्को माननीय सदस्यहरू एमाले लियो भनेर हल्ला खल्ला भएछ सभामुख महोदय त्यो सरकारी पार्टी हो ।

म आज विश्वास गराउन चाहन्छु र भन्न चाहन्छु,मलाई के सूचना थाहा थियो र त्यो एउटा राजनीतिक अपराधी जो मन्त्री हुनुहुन्छ जो मलाई आएर भन्नु भयो राती १२ बजे ती भगौडा चारै जना ती थिए मलाई सूचना थियो । हामी एउटा निष्ठा र विश्वासमा यद्यपि नेकपा एमालेका नाममा कतिपय नराम्रा कामहरू भैरहेकाछन होलान तर तपाईंहरूका बीचमा भन्न चाहन्छु हामी त्यो बाटोमा छैनौं हामी निष्ठामा आधारबाट,राजनीतक आधारबाट सम्बन्धका आधारबाट कुनै लुटपाटका आधारबाट कुनै खरिद बिक्रीका आधारबाट प्रभाव पर्ने भएको भए ती भगौडालाई मैले पनि त्यो कुरा भनिदिएको भए त्यहीँझन्डानै तिनीहरूले ठूलो कुरा ठान्याथे भन्देको भए त रहिरहन सक्थे त्यो मलाई थाहा थियो तर मैले भनिन नभनेकैआरोप छ त्यस काराणले हामी एउटा निष्ठाका आधारबाट मूल्य र मान्यताका आधारबाट कमी कमजोरीका बाबजुद जनताका बीचमा सकारात्मक प्रभाव पारौ भन्नेनै छ सभामुख महोदय,त्यस कारणले म अनुरोध गर्न चाहन्छु यो स्थितिका आधारबाट यो सभाको बाँकी कामलाई हामीले सहयोग गरेर अगाडि बढाउन नसकिने अवस्थामा हाम्रो दल रहेको कुरा जानकारी गराउदै आफ्ना भनाइ टुङ्गयाउछु,धन्यवाद ।

**माननीयमाननीय सभामुखः**-आफ्नो विचाहरू राखिसकेपछि माननीय सदस्यहरू बैठकलाई सञ्चालन गर्न सहयोग गर्दा नै राम्रो हुन्छ । आसन ग्रहण गरेर बैठक सञ्चालनकालागि सहयोग गरौंमाननीय सदस्यहरू। आसन ग्रहण गरौंमाननीय सदस्यहरू । आसन ग्रहण गरौंमाननीय सदस्यहरू । माननीय सदस्यले भने झै हामी केही कानूनी परिधिभित्र छौं हामीले निश्चित समयभित्र केही कार्यहरू सम्पादन गर्नु छ । यो सभाले त्यसलाई ध्यान दिएर यो सभाका आगामी बैठकहरूमा आफ्ना धारणाहरूराख्ने गरी यो बैठकलाई अहिले सञ्चालन गर्न सहयोग गरौंमाननीय सदस्यहरू । आसन ग्रहण गरौं ।

आसन ग्रहण गरौंमाननीय सदस्यहरू ।
समय सीमालाई ध्यान दिएर मैले बैठक अगाडि बढाउनु पर्ने हुन्छ माननीय सदस्यहरू सहयोग गर्नुस । आसन ग्रहण गर्नुस ।
आसन ग्रहण गरेर बैठक सञ्चालन गरौंमाननीय सदस्यहरू ।
आसन ग्रहण गरेर बैठक सञ्चालन गर्न योगदान गरौंमाननीय सदस्यज्यूहरू ।
यो सभाको बैठक सञ्चालनकालागि माननीय सदस्यहरूको सहयोगको अपेक्षा गरेको छु मैले  माननीय सदस्यहरू आसन ग्रहण गरेर सहयोग गरौं ।
आसन ग्रहण गरिदिएर सहयोग गरौंमाननीय सदस्यहरू ।
सहयोग गरौंमाननीय सदस्यहरू आसन ग्रहण गरौं ।
आसन ग्रहण गरौंमाननीय सदस्यहरू ।
माननीय सदस्यहरू अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

# कर्णाली प्रदेश सभा
# आठौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २०७८जेठ २७ गते
# बिहिवार
# (बैठक संख्या-३)

**राष्ट्रिय धुन,**

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको आठौं अधिवेशनको तेस्रो बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरूमाननीय प्रदेश प्रमुखको कार्यालयबाट प्रदेश सभाको आठौं अधिवेशन आह्वान सम्बन्धी पत्र प्राप्त हुन आएको छ। सो पत्रको व्यहोरा पढेर सुनाउँछु ।

बिषयः प्रदेश सभाको अठौं अधिवेशन आह्वान सम्बन्धमा

श्री प्रदेश सभा सचिवालय कर्णाली प्रदेश सुर्खेत

कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूबाट मिति २०७८ जेठ २१ मा भएको आदेश अनुसार नेपालको संविधानको धारा एक सय ८३ को उपधारा एक बमोजिम कर्णाली प्रदेश सभाको आठौं बर्खे अधिवेशन मिति २०७८ साल जेठ २४ गतेबाट बजे प्रदेशसभा भवन वीरेन्द्रनगर सुर्खेतमा बस्ने गरी आह्वान भएको व्यहोरा अनुरोध गर्दछु ।

आज्ञाले ठाकुर प्रसाद सिग्देल

सचिव

मिति : २०७८/०२/२१

माननीय सदस्यहरु, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय कर्णाली प्रदेश पत्र प्राप्त भएको छ । म पत्रको व्यहोरा पढेर सुनाउँछु ।

विषय : मन्त्रिपरिषद् पुनर्गठनको जानकारी ।

श्री सचिवज्यू,

प्रदेश सभा सचिवालय कर्णाली प्रदेश,सुर्खेत ।

उपरोक्त सम्बन्धमा नेपालको संविधानको धारा एक सय ६८ को उपधारा ९ र धारा एक सय ७० को उपधारा १ बमोजिम माननीय प्रदेश प्रमुखज्यूले मिति २०७८ जेठ २२ गते मा माननीयमुख्यमन्त्री ज्यूको सिफारिसमा मन्त्रीपरिषदमा देहायबमोजिम हेरफेर र कार्यविभाजन गरी मन्त्रीपरिषद गठन भएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

| क्रमसंख्या | मन्त्रीको नाम | मन्त्रालय |
|---|---|---|
| १. | माननीय महेन्द्रबहादुर शाही | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| २. | माननीय नन्दसिंह बुढा | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय |

| | | |
|---|---|---|
| ३. | माननीय अम्मरबहादुर थापा | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ४. | माननीय कुर्मराज शाही | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| ५. | माननीय सीता कुमारी नेपाली | अन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ६. | माननीय गोपाल शर्मा | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ७. | माननीय दीनबन्दु श्रेष्ठ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय |
| ८. | माननीय यज्ञबहादुर बिसी | सामाजिक विकास मन्त्रालय |

भरत कुमार शर्मा
सचिव

माननीय सदस्यहरू कर्णाली प्रदेश सभा कार्य व्यवस्था परामर्श समिति रिक्त सदस्य पदमा नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र कर्णाली प्रदेश सभा दलको सिफारिसमा माननीय श्री ठम्मरबहादुर विष्ट र माननीय श्री कृष्णा शाहा(आचार्य) मनोनित भएको कुरा सभालाई जानकारी गराउँदछु। माननीय सदस्यहरू प्रदेश सभाको जारी आठौं अधिवेशनमा दलको तर्फबाट धारणा राख्नको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री यामलाल कंडेल ।

**माननीय यामलाल कँडेलः**-माननीय सभामुख महोदय,आज हामी २४ गते सुरु भएको कर्णाली प्रदेशको आठौं अधिवेशनको तेस्रो दिनमा शुभकामनाको सन्दर्भमा म यहाँ उपस्थित भएको छु । परिस्थिति प्रतिकूल छ । कोरोनाले हाम्रो कर्णाली प्रदेश अछुतो हुने कुरा नै भएन । सबैको प्रयत्नका बाबजुद यस पटकको कोरोनाबाट आक्रान्त हुनेको सूचीमा कर्णाली प्रदेश अग्रस्थानमै रहेको अवस्था छ । यस बीचमा धेरै महत्त्वपूर्ण महानुभावहरूको उल्लेखनीय संख्यामा मृत्यु भएको अवस्था छ । यस्तो अवस्थामा आफ्ना विचारहरूराख्नुभन्दा अगाडि कोरोनाबाट आक्रान्त भएर मृत्यु हुनुहुने सबैमा त्यस मध्ये पनि सम्झन लायक केही महत्त्वपूर्णमहानुभावहरूदुःखद मृत्यु भएको सन्दर्भमा म यहाँ उपस्थित भएको छु । सबैको निधन दुःखद छ । त्यस मध्येपनि हाम्रो क्षेत्रका यद्दपि नेकपा एमालेसँग सम्बद्ध भए पनि कर्णाली प्रदेशको विकास र निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने पूर्व सांसद जाजरकोट जनताका जनप्रतिनिधिका रूपमा भूमिका निर्वाह गर्ने रत्नप्रसाद न्यौपानेको दुःखद निधन भएको छ । त्यस्तै त्रिपुरासुन्दरी डोल्पाका नगरप्रमुख चन्द्रबहादुर बुढा जो त्यो क्षेत्रको परिवर्तनको निम्ति पार्टी निर्माणको निम्ति र एउटा जनप्रतिनिधि भएर उल्लेखनीय निर्वाह गरिरहेकै भूमिका निर्वाह गर्दा गर्दै उहाँको पनि दुःखद निधन भएको एउटा अवस्था छ । यस्तै डोल्पाकै नेकपा एमालेका पार्टी अध्यक्ष दत्त रोकायाको पनि निधन भएको एउटा अवस्था छ । उहाँ लगायत कर्णालीवासी धेरैको दुःखद निधन भएको यस सन्दर्भमा उहाँ लगायत सबैप्रति म पार्टीको तर्फबाट दलको तर्फबाट भावपूर्ण हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । त्यस्तै अहिले

पनि धेरै महानुभावहरू त्यो कोरोनाबाट संक्रमित भएर अहिले पनि जीवनमरणको दोसाँधमा लडिरहनु भएको छ । अस्पतालमा रहेर लडिरहनु भएको छ होम आइसोलेसनमा संक्रमित हुँदा हुँदै पनि त्यो रोगसँगमहामारीसँग जुधिरहेको एउटा अवस्था छ । यस अवसरमा म सबै संक्रमितहरू जो लडिरहनु भएको छ उहाँहरूको शीघ्रस्वास्थ्य लाभको कामना गर्न चाहन्छु । त्यसमा पनि एउटादुईटा व्यक्तिको नाम सम्झन चाहन्छु हाम्रै सभाको सदस्य मुगुबाट प्रतिनिधित्व गर्नुहुने माननीयचन्द्रबहादुर शाही अहिले पनि अस्पताल उपचारार्थ रहिरहनु भएको एउटा अवस्था छ । त्यस्तै काँग्रेसको नेता तप्तबहादुर विष्ट जो राज्यमन्त्री पनि भइसक्नु भएको थियो उहाँ पनि यहाँ उपचार गर्दा गर्दै स्वास्थ्य उपचारका निम्ति उहाँलाई पनि काठमाडौं लगिएको एउटा अवस्था छ। त्यस्तै अरूपनि जो संक्रमित हुनुहुन्छ आक्रान्त हुनुहुन्छ अस्वस्थ हुनुहुन्छ म उहाँसबैलाई दलको तर्फबाट स्वास्थ्यलाभको कामना गरेर आफ्ना भनाइहरू केही सुरुवात गर्न चाहन्छु। त्यसमा हामीले श्रद्धाञ्जली दिएर मात्रै पुग्दैन बाँकी दिनमा अरुहरूलाई यस्तो दिन नपरोस् भन्नका निम्ति सबैले आ-आफ्ना ठाउँमा भूमिका आज सम्मको अनुभवका आधारबाट प्रभावकारी रूपमा अगाडि बढाउनका निम्ति कुनै पनि कमीकमजोरी हुन नदिनका निम्ति त्यस मध्ये पनि जो खास जिम्मेवारी निकायमा हुनुहुन्छ । उहाँहरूले आफूलाई अझ कुशलतापूर्वकअगाडि बढाउने कुरामा ध्यान दिन सकियो भने आगामी सभा समारोहमा यस्ता दिनुपर्ने कुराहरू छोट्याउन सक्दा नै राम्रो हुन्छ भन्ने कुरा म राख्नचाहन्छु । हाम्रो प्रदेशको अठौं अधिवेशन चलिरहँदा हामीले शुभारम्भमा नै केही कुरा उठायौं त्यो सबै माननीय सदस्यहरू जानकार हुनुहुन्छ । हाम्रो यो राजनीतिक थलो हो । जनप्रतिनिधि हो दलीय व्यवस्था छ । स्वाभाविकरूपमा राष्ट्रिय राजनीतिमा घटेका घटनाहरूले यसलाई प्रभाव पार्छ नै । हामी आफैंसमा सार्वभौम छौं आफ्नो ठाउँमा निर्णय गर्न सक्छौं तर दलीय व्यवस्था हो यसले प्रभाव पार्छ भने राष्ट्रिय राजनीतिमा धेरै उतारचढाव हुनेगरी घटनाहरू घटिरहेका छन् । त्यसलाई आधार मानेर राजनीतिक पार्टीहरू यो वा त्यो एक आपसमा मिलिरहेका पार्टी एक आपसमा झगडा गरिरहेको भान हुनेगरी आफ्ना गतिविधिहरूअगाडि बढाईरहको एउटा अवस्था छ तर म तपाईंहरूलाई विश्वास दिलाउन चाहन्छु । अभ्यासमा भिन्नता छ तर नेकपा एमाले संघीय सरकारको नेतृत्वमा छ हाम्रो पार्टीको अध्यक्ष देशको प्रधानमन्त्री हुनुहुन्छ । त्यसबाट पनि कतिपय कुराहरू आइरहेका होलान् अभ्यासमा बुझाइमा फरक छ तर म विश्वास दिलाउन चाहन्छु । पार्टीको अध्यक्ष वा नेकपा एमालेले प्राप्त गरेको संघीयलोकतान्त्रिक गणतन्त्र बनाउनेलाई विगतमा अरुले बुझाए जस्ता कहीं कतै बुझाउँदैनौं । यसमा कोही कसैले चिन्ता नगरे हुन्छ । यो अभ्यासमा फरक छ । गराइमा फरक छ तर उसको बाध्यतामा उसको विश्वासमा प्रश्न उठाउने गरीकतिपय कामहरू भइरहेका छन् । त्यस सन्दर्भमा म भन्न चाहन्छु । कि हामीले प्राप्त गरेको व्यवस्था छ जुन अधिकार छ जुन संविधान छ त्यसको प्रयोगमा मामिलामा भने म पक्कै पनि नेपालका राजनीतिक

पार्टीहरूका बीचमा फरकफरक बुझाइर घटनाक्रमहरू घटिरहेका छन् तर म दृढताका साथ भन्न चाहन्छु जे आयो त्यसैलाई लोकतन्त्र लेख्ने पार्टी हैन । नेकपा एमाले जो आयो त्यसलाई बुझाउने पार्टी हैन नेकपा एमाले त्यस कारणले म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छुइतिहास सबैको दृष्टान्त छ यस आधारबाट अहिले अगाडि बढिरहेको छ । तीन वर्ष संघीयशासन चलाउँदा बाह्य कारणले हैन हामीले नेपालको वामपन्थी आन्दोलनलाई एकतावद्ध गर्ने अभियान विना तयारी विना तयारी म भन्दैछु । थुप्रै कुराहरू नमिल्दा नमिल्दै पनि हामी नेकपा एमालेबाट नेकपामा परिणत भयौं। त्यसको असार संरचनागत रूपमाले प्रदेशमा पनि देखा पऱ्यो गाउँस्तरमा पनि देखा पऱ्यो । विना तयारी गरिएको काम अहिलेकाँही सम्हाल्न सकिदो रहेनछ । एकता हुनु राम्रो कुरा थियो तर एकताका निम्ति पृष्ठभाग नमिलेका कारणले गर्दा आज हामीले त्यो एकताका पूर्व भागमा जे अवस्थामा थियौं । त्यो भागमा हामीले कमजोर हुँदै जाँदा अरुनिकायहरू सक्रिय हुनुपर्ने उसले गरेको व्यवस्था अनुसार चल्नुपर्ने एउटा परिस्थिति निर्माण भयो । पार्टी भित्रकै अन्तरसंघर्षमा बहुदलीय व्यवस्था आएपछि तिता मिठा अनुभवहरू सम्हालिरहेकै राजनीतिक पार्टीहरू थिए तर बहुदलीय व्यवस्था वा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माण भएर संविधानबाट पहिलो जनताले निर्वाचनबाट प्राप्त गरेको एउटा अवस्थामा त्यसको अभ्यासको रूपमा अगाडि बढ्दा पार्टीभित्रको अभ्यास सत्तासिन पार्टी भएको हुनाले सरकारसञ्चालनको अभ्यासमा देखा परेको समस्याका कारणले गर्दा आज नेकपा नेकपाको रूपमा रहन सकेन आज फेरि नेकपा एमालेको रूपमा देखिँदा त्यसको असार स्वाभाविकरूपमा दलमा प्रकट हुनु जिल्ला तहमा प्रकट हुने कुरा अन्यथा रहेन । घटेका कतिपय घटनाक्रमका आधारबाट नेपालका राजनीतिक पार्टीहरूले व्यवहारमा देखा परेकोएमाले चिन्न सकिरहनु भएको छैन अभिलेखमा देखा परेको एमाले चिन्न सकिरहनु भएको छैन । वैधानिकता प्राप्त गरेको एमाले चिन्न सकिरहनु भएको छैन । एमालेकै नभएकाहरूलाई एमाले देखेर जुन अभ्यास देशमा पनि प्रदेशमा गर्दै हुनुहुन्छ । अनि भन्दै हुनुहुन्छ कि गणतन्त्रको रक्षाका निम्ति लाग्नै पऱ्यो भनेर बहुदलीयशासन प्रणालीलाई दलीय व्यवस्थालाई आँच पुऱ्याउने गरी निर्दलीय चरित्रका आधारबाट तल पनि माथिसम्म पनि अभ्यास गरिने एउटा परिस्थिति देखा परेको छ म भन्न चाहन्छु अनुरोध गर्न चाहन्छु के यसैबाट दलीय व्यवस्थाको संरक्षण हुन सक्छ। के हामीले प्राप्त गरेका अधिकारको रक्षा हुन सक्छ सक्दैन । हो हामी हाम्रो बीचमा मतमतान्तरण हिजो पनि थिए आज पनि हुन सक्छन् तर दल बलिया हुन सक्ने पार्टी हामीले ल्याएको दलीय व्यवस्था बलियो हुन्छ तर पार्टी कमजोर हुने कुरामा संलग्न गर्ने तर दलीय व्यवस्था भन्ने कुरा कोही कसैले भन्न भने व्यवहारतः उसैले दलीय व्यवस्थालाई कमजोर बनाउने भूमिका खेलिराख्नु भएको छ भन्न त दलीय व्यवस्था बलियो बनाउने कुरा दायित्व र कतव्य हो । हामीले भनिरहेका छौं तर व्यवहारतर के छ भन्दा दललाई कमजोर बनाउने निर्दलीय चरित्रको अभ्यास गरेर दलको प्रभावभन्दा अन्य निकायको प्रभावलाई भूमिकालाई

निर्णायक बनाउने परिस्थिति निर्माण गर्ने तयरकाको जुन राष्ट्रिय राजनीतिक देखा परिरहेको छ । यसबाट के भन्न सकिन्छ भने हामीले नै हामीले प्राप्त गरेको दलीय व्यवस्थालाई कमजोर बनाउँदै छौंतर यहाँ हामी भनिरहेका छौं कि दलीय व्यवस्था बलियो बनाउनका लागि हामी यो अभ्यास गरिरहेका छौं । त्यस कारण म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु कि राष्ट्रिय राजनीतिको बीचमा दुई पटक प्रतिनिधिसभा विघठित भयो लोकतन्त्रप्रति शक्ति पृथकीरणको सिद्धान्तलाई आत्मसात गरेको पार्टी भएका कारणले गर्दा असहमतका बाबजुद सर्वोच्च अदालतको निर्णयलाई सम्मान गर्दै हामी अघि बढ्दै छौं । सर्वोच्च अदालतले पुनःस्थापित गरेको सांसदबाट पनि फेरि सरकार नबनिरहेपछि फेरि प्रतिनिधिसभा विघठित भएको छ यसप्रति संविधान तह सहमत असहमत हुन सकिएला तर यसैलाई कतिपयले प्रतिगामी भन्दै पनि सडकमा हिजो पनि पुग्नुभयो । आज त के कारणले हो सडकमा देखिएको छैन हिजोको भन्दा त्यो सकारात्मक कुरा हो। हो कसैले गरेको काममा संविधान अनुकूलको व्याख्यामा सहमत असहमत हुन सकिन्छ त्यसमा मैले अन्यथा मान्न चाहन्नँ तर म फेरि पनि भन्न चाहन्छु जनताका बीचमा जाने कुरा तानाशाही हुने मिलिभगत गरेर सत्ता चलाउने लोकतान्त्रिक प्रणाली हो भन्ने मलाई लाग्दैन। यदि अहिले गरेका व्यक्तिहरूले वा पार्टीहरूले अलोकतान्त्रिक तरिका गरेको छ भने जनताले दण्डित गर्ने सार्वभौमिक बाटोमा हिंड्नेहरूलाई अलोकतान्त्रिक भन्ने मिलिभगतका आधारबाट शासनसत्ता चलाउने कुराका आधारबाट अगाडि बढ्ने कुरा लोकतन्त्र हो भन्ने मलाई लाग्दैन तर पनि अहिले बहस चलिरहेकै छ। सम्मानित अदालतमा छलफल चलिरहकै छ । त्यसको निर्णयलाई शिरोधार्य गरौंला तर फेरि पनि भन्न चाहन्छु जनताका बीचमा जाने कुरा किन डराइरहेको हो जसले आफूलाई लोकतन्त्रवादी ठाइरहेको छ ।

यस्तो अवस्थामा यो प्रदेशसभा चल्न गइरहेको छ मैले अलिकति राष्ट्रिय घटनाहरूले पनि हामीलाई प्रभावित हुने भएका कारणले बुँदागत रूपमा संक्षिप्त रूपमा मैले यति विषयराख्ने नै हो त्यो घटनाले हाम्रो प्रदेश सभा प्रभावित छ संरचना बदलिएको छ । मैले अस्तिको कार्यक्रममा पनि भन्दा आजको कार्यक्रममा पनि भन्दा त्यसबाट आज सबै भन्दा देशव्यापी रूपमा महागठनबन्धनका नाममा नेकपा एमालेलाई कमजोर बनाउने साझा गन्तव्यका साथ राजनीतिक पार्टीहरू हिंडिरहनुभएको छ त्यसप्रति कुनै गुनासो छैन ।

फैसला जनताले गर्नेकुरा हो हामीले कति काम गर्न सक्छौं । कसरी जनअदालतबाट जनअनुमोदित भएर आउँछौं त्यति बेलाको परीक्षणको कुरा हो तर आज अभ्यास गरिरहेका छन् लोकतन्त्र बचाउनका निम्ति हैन कि लोकतन्त्रलाई कमजोर बनाउनका निम्ति महागठबन्धनका नाममा पार्टीका दलीय आचरणहरूलाई तहसनहस गर्दै अघि बढ्ने प्रभाव र घटना हाम्रो कर्णाली प्रदेशसभामा भित्र पनि देखा पर्‍यो । त्यसले

हाम्रो बनावटमा पनि प्रभाव पाऱ्यो४० बाट हामी ३५ सदस्यीय रहेको प्रदेशसभामा झरेका छौं आज लुकिछिपी गर्ने कुरा थियो । तर प्रदेशसभामा क्रमशः नेपाली राजनीतिमा म प्रदेश सभा मात्रै हैन क्रमशः नेपाली राजनीतिमा देखादेखी यस्तो चरित्रहरू प्रकट हुनेक्रम जारी छ । देखादेखी लुकीछिपी गर्नेक्रम थियो । त्यसको अगुवाकर्ता आफूलाई लोकतान्त्रिक पार्टीको सबै भन्दा पुरानो पार्टी भनेका भए पनि उसले आफ्नो पार्टीको सरकार चलाउँदै आउँदै नेपाली काँग्रेसले गर्दै आएको थियो । चाहे त्यो छत्तिसेर ७४ को कुरा होस् चाहे त्यो आफ्नै नीति तथा कार्यक्रम पास गर्दा आफ्ना सांसदहरू अनुपस्थित गराउने कुरा होस् । त्यसको अगुवाइ नेपाली काँग्रेसले गर्दै आएको थियो । चाहे हामी हिजो काँग्रेसले सूर्यबहादुर थापालाई एमालेले लोकेन्द्रबहादुर चन्दलाई बोक्दै आएको तितो अभ्यास हो । खाली म काँग्रेसलाई मात्र भन्दैन स्वयम् म रहेको पार्टी पनि त्यो अभ्यासमा सामेल हुँदा यद्दपियकिनको लागि लोकन्द्रबहादुर,सुर्यबहादुर प्रधानमन्त्री बन्ने कुरा राम्रै लाग्यो होला त्यो पार्टीलाई तर त्यो पार्टीको हालत जनताले कहाँपुऱ्याए उनीहरूलाई नै बढी थाहा छ । हामीले यस्तो अभ्यास गर्दै आयौं । आज प्रदेश सभाको संरचनाभित्र हेर्दा जनताले प्रदेश सभा निर्वाचित गरेको नेकपा एमाले जो सिट संख्या थियो आज २० बाट १६ मा छ। पहिले नै कर्णाली प्रदेशका जनताको जनमतका आधारबाट शासन भार उसले नै सञ्चालन गर्नुपर्ने जनताले जन अनुमोदित गरेको जनादेश हो । पार्टी एकताका नाममा हामी अघि बढेका नाममा हामीले त्यो जनादेश अनुसार हामीले त्यसलाई मान्यौं नै तीन वर्षको नेकपा भित्रको संगतका आधारबाट राम्रा कुरा कति भए थाहा भएन तर संगतिसँग सिक्दा सँगै बस्न नसकिने स्थिति निर्माण भएछ । तर आज पनि उहाँहरूआफूलाई एमाले भनिराख्नु भएको छ । ती एमाले नै थिए भने आज यहाँ देखा पर्नुपर्ने हो । ती एमाले नै थिए भने एमालेको संख्या १६ नहुनुपर्ने हो । जसले एमाले हो कि होइन ।जसले मान्यता दिने हो कि होइन उसले मान्यता नदिएर त्यो संख्या १६ मा परिणत भएको छ तर सडकमा मान्यता दिँदै म भन्न चाहन्छु त्यस्तो एमालेसँग संगत गर्दै चलिरहेको सरकारले हामीजस्तो जो एमालेले प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको छ । संगत त्यस्तो एमालेसँग गरिरहेका छन् । सहयोग हामीसँग अपेक्षा गरिरहेको छ । कसरी गर्ने होला । जोलाई अपराध गरे वापत यहाँबाट दण्डित गरेर बाहिर निकालेको हो । अपराध गरेवापत नेपालको कानून अनुसार नेपालको संविधान अनुसार दलसम्बन्धी कानूनअनुसार अपराध गरेका कारणले गर्दा खेरि दण्डित भएर कारवाही गरेका मानिसहरू अर्को बाहानाबाट भित्र ल्याउने गरी सरकार बनेको अवस्था छ । कसरी मिलेर जाने होला । संविधानमा हो व्यवस्था छतर दण्डितलाई ल्याउने व्यवस्था साथीहरूले अभ्यास गरिराख्नु भएको छ । कतिले भन्नुहुन्छ । ती दण्डितगरिएका राजनीतिक अपराधीहरूसँग हाम्रै प्रदेश सभामा रहेको एक जना माननीयलाई पनि तुलना गर्नुहुन्छ । जो हिजो पूर्व माओवादी केन्द्रसँग सम्मिलित हुनुहुन्थ्यो । पूर्व माननीय धर्मराज रेग्मीसँग त्यो फरक कुरा हो ।हो हिजो उहाँ नेकपा माओवादी केन्द्रतिर हुनुहुन्थ्यो। आज पनि नेकपा

एमालेका मान्छेहरू राजनीतिक निर्णय लिन सक्छ । लिए त लुम्बिनी प्रदेशमा । उनले अपराध गरेका छैनन् । असहमति राखे गए,यो जनप्रतिनिधि थलोमा जसले जनताले प्राप्त गरेको मतमाथि खेलवाड गर्नुहुन्छ । धोका दिइरहेको छ,त्यो मान्छे सरकारको नेतृत्व गरिरहेको पार्टीको विगत सम्झने हो भने त ६ इन्ची सजाय भोगेर व्यहोर्दै आएको पार्टी हो । कहि असहमत भयो भने ६ इन्च घटाउने । त्यस कारण म भन्न चाहन्छु,अनुरोध गर्न चाहन्छु परिस्थिति यस्तो निर्माण भएको छ । यस्तो अवस्थाबाट अगाडि बढेको स्थिति बीचबाट अगाडि बढिरहेको एउटा अवस्था छ । त्यस कारणले माननीय सभामुख माहोदय,म अनुरोध र आग्रह गर्न चाहन्छुकि परिस्थितिको यस्तो बीचमा फेरि पनि हामी सहयोग गर्न तयार छौं । तपाईंहरूले वातावरण अनुकूल बनाउनु हुन्छ अगाडि बढ्न सक्ने हुन सक्छ । हामी सहयोग गर्न तयार छौं तर वातावरण प्रतिकूल छ। यस्तो एउटा स्थितिका बीचमा यो प्रदेश सभाको संरचना निर्माण भइरहेको अवस्थाका बीचमा हामी यो आठौं अधिवेशन प्रारम्भ गर्न गइरहेको एउटा अवस्था छ । यस्तोको बीचमा म फेरि पनि अनुरोध र आग्रह गर्न चाहन्छु । तीन वर्ष बितायौं । अठौं अधिवेशनमा अगाडि बढेको एउटा अवस्था छ । यस्तोको बीचमा समय बित्यो उल्लेखनीय काम बताउन सक्ने अवस्था छैन । समय बित्यो उल्लेखनीय काम के गरौं बताउन सक्ने अवस्था छैन । तर पनि जनतालाई हामी सबै मिलेर बाँकी समयमा उत्साहको वातावरण निर्माण गर्ने कुरामा नेकपा एमाले तयार छ । तीन वर्ष आज हामी प्रतिपक्षमा भए पनि तीन वर्षको समय अवधि गन्दा म स्वयम् सत्ता पक्षको माननीय रहेको कुरालाई मैले स्मरण गरिरहेकै छु । तर म भन्न चाहन्छु अनुरोध गर्न चाहन्छु सभामुख महोदय,समय बित्यो तर उल्लेखनीय काम भन्दा निराशाजनक कुरा नै हामीले धेरै पाउँछौं । मूलतः यो अधिवेशनमा माननीय सदस्यहरू कसरी प्रकटहुनुहुन्छ थाहा छैन तर यो भन्दा अगाडिका अधिवेशनलाई सबैले स्मरण गर्ने हो भने के सत्ता पक्ष के प्रतिपक्ष मन्त्री बाहेक एउटै स्वरले बोलेको दृष्टान्त यो सभामा पाउन सकिन्छ । के सत्ता पक्ष के प्रतिपक्ष मन्त्री बाहेक अरु सबैले एउटै स्वरले बोलेको एउटा अवस्था छ । यस्तो हुँदाहुँदै त । हामीले सरकारलाई जवाफदेही बनाउन सकिएन । अब अहिले त राजनीतिक डण्डा देखाएर तै चुप र मै चुप हुने परिस्थितिमा सरकारलाई कसरी जवाफदेही बनाउन सकिएला । यसो विषय मिलायो भने अरु पार्टीसँग मिल्यो भने खबरदार तँ त फलानो पार्टीको भइछस् यो गर्न पाइन्छ हामी त सत्ताधारी हो भन्ने र डण्डा लगाएर वा त्यो विचारव्यक्त गरेर मान्छेहरूलाई तै चुप र मै चुप भन्ने एउटा स्थितिका बीचमा यो सदनलाई कसरी प्रभावकारी बनाउन सकिएला हेर्न बाँकी छ तर फेरि पनि म भन्न चाहन्छु हाम्रो तर्फबाट रचनात्मक सहयोग हुने नै छ । त्यो आधारबाट हामी अघि बढ्ने कुरा गरेर जानुपर्ने अवस्था मैले सभामुखमार्फत सबै माननीयज्यूहरूमा अनुरोध र आग्रह गर्न चाहन्छु । जँहासम्म विकासको कुरा छ भोलिको नीति तथा कार्यक्रममा म भनौंला तर आज म समीक्षा गर्दा यद्दपि व्यस्त नै भएर होला आज त खुसी हुनुपर्ने सरकारको प्रमुख किनभने

आज त हाउस खुल्ले कुरा केही समय अगाडि उहाँलाई जानकारी नै थियो । तर उहाँ व्यस्त मध्येको व्यस्तै भएका कारणले होला यहाँ देखिएर यहाँ जो उपस्थित हुनुहुन्छ उहाँ मार्फत म सन्देश दिन चाहन्छु हामीले विकासका योजनाको प्राथमिकताको छनौट गर्नै सकेनौं तीन वर्षका बीच यस मध्ये पनि असोजपछिको घटनाक्रम हेर्दा यति आग्रह र पूर्वाग्रह देखियो छोटो उदाहरण म तपाईंहरूलाई म भन्न चाहन्छु । ऊ त्यहाँ माथि सहिद पार्क बनेको छ त्यहाँ एउटा पैदल मार्ग पनि बनेको छ । त्यो गत सालै यो भन्दा अर्को साल नै बनेको हो । मैले बजेट मागनको लागि मुख्यमन्त्रीलाई त्यहाँ लगेको हैन कमसेकम यो योजनाको मोडेल देख्दा उहाँलाई पनि सकारात्मक सन्देश दिएर अन्त पनि त्यसले पाठ सिकाउला कि भनेर मैले त्यहाँ लिएर जाँदा उहाँले पत्रकारका अगाडि बोलेको कुरा के बोल्नु भो म भन्न चाहन्नँ स्मरण गराउन चाहन्छु तर गएको आर्थिक वर्ष त्यो क्रमागत योजना थियो,हुनुपर्ने थियो क्रमागत योजना यो गएको आर्थिक वर्षमा शून्य व्यवस्था गरिएको छ । त्यो सहिद पार्क दुई,ढाई करोड लगानी गरिएको छ त्यसको संरक्षण गर्नका निम्ति पनि हामीले पैसा लगानी गर्नुपर्ने हुन्छ कहिलेकाँही मैले खालि उदाहरण दिएको खोज्दै जाँदा त्यस्ता धेरै भेटिन्छन् मलाई लाग्छ सरकार कहिल्यै कुन पार्टीको हुन सक्छ । सरकारका इसुसँग कोही मिल्न सकिन्छ कोही मिल्न सकिदैन । तपाईं यो आग्रह र पूर्वाग्रहका आधारबाट संख्याले चलाउन खोज्नुभयो भने समय काट्न सक्नुहुन्छ तर उपलब्धि प्राप्त गर्न भने सक्नुहुन्न तर हामी त्यसलाई मुद्दा बनाएर समाउने पक्षमा छैनौं । मैले खालितपाईंहरूलाई त्यस पछि बहुवर्षीयको कुरा गर्नुस् त्यो मुख्यमन्त्री रोजगारको कुरा गर्नुस् आज मात्रै मैले पढ्न पाएको छैन सार्वजनिक लेखा समितिमा प्रस्तुत भएको रकमान्तरको कुरा गर्नुस् हेर्दा उदेकलाग्दो एउटा अवस्था छ यसलाई सच्याउन उदेकलाग्दो अवस्था छ यसले कुनै पार्टीलाई राम्रो गरिरहेको छैन । तर सरकारमा रहेको पार्टी सच्याउन तयार छैन त्यस कारणले विकासको यो अवस्थालाई कसरी बदल्ने होला यसमा अलि हेक्का राखौं भन्ने कुरा हुन्छ । दोस्रो कुरा जुन कोरोनाको महामारी छ । कर्णालीले त असजिलो मान्नै पर्ने भए दशै जिल्लामा पठाइएका ३० लाख भन्दा बढी लागत देखाइएको तर पाँच लाख लागतका सामाग्रीहरू जडान गरेको अहिले आइरहेको आइरहेको छ । समितिले रिर्पोट पेश गरेको छ । यो त लाज मर्दै कुरा भयो सामान्य व्यवस्थापन नगर्दा पनि मान्छे मरिरहेका छन् प्रदेश अस्पतालमा सामान्य व्यवस्था गर्न नसन्दा सरकारले सबै कुरा निःशुल्क भनिरहेको छ तर मान्छेले शुल्क लिइरहेका छन्। सरकारले कोरोनालाई निःशुल्क खान गरिरहेका छन् तर तपाईंहरूले प्रचार गरेजस्तो नभएर कसैले आयुर्वेदिक अस्पतालमा कसैले खाना खुवाएर व्यवस्था गरेको एउटा अवस्था छ । प्रदेश सरकारका तर्फबाट ल्याप बनेको छ । चौरजहारीमा तर स्थानीय निकायबाट असुल उपरका निम्ति चिठी काटिएको अवस्था छ । पैसा दिन्छौं त भाइ तिम्रो टेस्ट हुन्छ नत्र यो अवस्थाका बीचमा म फेरि पनि अनुरोध गर्न चाहन्छु । जनताको जीवनसँग जोडिएको हुनाले तेरो र मेरो नभनीकन आफना

कमजोरीलाई हटाएर सँगै जाने हुन्छ भने एमाले त्यस्तो कामका लागि कुनै पनि कुरा नसारीकन तयार छ है । तर गर्ने ले त गर्नुपर्‍यो नी त गर्नेले सहयोगको वातावरण त अघि बढाउनुपर्‍यो नी । तर यसका नाममा जनताको ज्यान जानेगरी जुन काम भइरहेको छ त्यसलाई समर्थन गर्न त सकिदैन त । त्यत्रो साधन स्रोतको व्यवस्था रहेको प्रदेश अस्पतालको चर्चा हुन्न तर आयुर्वेदिक अस्पतालमा त्यसको क्षेत्र नहुँदा नहुँदै पनि आइसोलेसनको चर्चा हुन्छ । उहाँ नगरपालिकाले स्थापना गरेको कटकुवा अस्पताल भन्छ त्यसको चर्चा हुन्छ तर त्यत्रो विज्ञ नभएर साधनस्रोत गरेको जनशक्ति भएधनस्रोत नभएको अस्पतालको चर्चा हुँदैन । त्यसमा किन होला हुनत हाम्रो मुख्यमन्त्रीले भन्नुभयो एक चोटी मैले समर्थन गरेको पनि छैन मैले विरोध गरेको पनि छैन तर मैले एउटा सूचना पाए पछि मैले एउटा स्टाटस लेखें हिजो हामीले सबै मिलेर प्रदेश अस्पताल ल्याएको हो र अहिले एउटा बैठकमा यसलाई संघमा लाने कुरा गरेको मैले थाहा पाएँ दुई वटा कारणले मैल आज विरोध गर्न सकिने भनेर लेख्दा कतिपय साथीहरूले संघीयता पक्षधर भएर गर्नुभयो । एउटा संस्था निकाय संघीयताको पर्यावाची हुँदैहुँदैन । भएको पैसाको सदुपयोग गर्न नसक्ने सकारले अनि चन्दा उठाएर संस्था चलाउन सक्छ । हाम्रै भएको पैसाको सदुपयोग गर्न नसक्नेले अनि चन्दा उठाएर म चलाउँछु भन्ने कुराको कसले विश्वास गर्न सक्छ । आफूसँग भएको बजेटको जनतालाई सकारात्मक अनुभूती दिने गरी हामीले काम गर्न नसक्ने अनि त्यो बाटो समाउने कुरा मलाई लाग्छ जिम्मेवारीबोधको कुरा हो मलाई त्यस्तो लागेन । तर म अनुरोध गर्न चाहन्छु भोलि नीति तथा कार्यक्रममा पनि आउँला तेस्रो फेजको हुन्छ भने यद्दपि छलफल गर्न बाँकी छ म अनुरोध गर्न चाहन्छुतीन वटा उपाय,प्रत्येक भिडिसिमा एउटा स्वास्थ्य चौकीलाई कोभिड स्वास्थ्य चौकीको रूपमा रूपान्तरित गर्नेगरी हामीले हामीले योजना बनाऔं,प्रत्येक जिल्ला एउटा जिल्ला अस्पताललाई कोभिड केन्द्रित कुराकानी गरौं । प्रदेशमा रहेको पुरानो अस्पताललाई कोभिड अस्पतालको रूपमा रूपान्तरित गरेर कोभिड र ननकोभिडको रूपमा रूपान्तरित गर्ने कुरा गरियो भने भलाई लाग्छ जनशक्तिको पनि विकास हुन्छ साधन र स्रोतको रूपमा पनि विकास हुने एउटा स्थिति बन्न सक्छ । तर आज म त्यस्तो देखिरहेको छैन । हुन त राम्रो कुरा हो मरेपछि एक लाख दिने कुरा राम्रो कुराहो फेरि विरोध गर्‍यो भन्ने अर्थ लाग्ला,बचाउने भन्दा पनि मरेपछि पैसा दिने जस्तो देखियो,भर्ना भएको बिरामीले भात खान नपाएर विभिन्न स्वयंसेवी संस्थाहरूले भात खुवाईरहेको एउटा अवस्था छ । तर मरेपछि पनि थुप्रै मानिसहरू मरे त्यसको खाता खुलेको रैनछ अहिलेसम्म वा कसैले पाएको अवस्था रहेनछ । अहिलेसम्म त्यस कारणले म अनुरोध गर्न चाहन्छु । नीति पनि बचाउने तिर हुनुपर्‍यो मरेपछि सके दिउ नदिने कुरा छैन तर अहिले सम्मको नीतिका आधारबाट हेर्दा मैले त्यस्तो देखेको एउटा स्थिति छ । यति कुरा राख्दै आगामीनीति तथा कार्यक्रमका सन्दर्भमा स्वयम् हामी छलफल गरौंला । फेरि पनि आज म प्रस्ट पार्न चाहन्छु हाम्रो आज तीन वर्षसम्मको अनुभवबाट योजना

यसरी नै छनोट हुन्छन् कुनै टुंगो छैन राजनीतिक सम्बन्धका कारणले दलगत सम्बन्धका आधारबाट सरकारले हामीसँग कुनै छलफल गरेको छैन । कुनै गऱ्या छैन । यस्तो अवस्थामा लामो समय छैन छोटो समयमा हामीले नीति तथा कार्यक्रम र बजेट पास गर्नुपर्ने हुन्छ त्यस्तो अवस्थामा हामी जनप्रतिनिधित्वको भावनाको प्रतिनिधित्व गर्ने कुरा आजसम्म सरकारले बुझे जस्तो लाग्दैन किनकि सरकारले आफ्ना मान्छे बोलाएको बोलायै छ । बोलाएको बोलायै छ । म अनुरोध गर्न चाहन्छु हाम्रो दल हेरिरहेको छ । हामी रचनात्मक सहयोग गर्न तयार छौं तर समय छोटो छ हाम्रो संलग्नता छैन,बजेट छान्ने कुनै परिपार्टीको अवस्था भएको छैन यस्तो अवस्थामा आउने नीति तथा कार्यक्रम कसरी बन्छ । बजेट कसरी ल्याउनुहुन्छ ल्याए पछि मात्रै प्रतिक्रिया दिने कुरा भयो तर मेरो अनुरोध र आग्रह छ । तीन वटा बजेटको प्रस्तुती छ छलफल सुखद छैन जब सुखद छैन भने त्यसलाई सकारात्मक बनाउने कुराको पूर्व अभ्यास गर्नुभयो । त्यसको रिजल्ट सकारात्मक निस्कन्छ निस्किएन भने त्यसले हाम्रो सभाको सञ्चालन र बैठकले सकारात्मक भावना प्रकट गर्ने एउटा परिस्थिति रहन्छ । यद्दपि त्यति बेलाको प्रमुख प्रतिपक्ष दलपनि अहिले सरकारमा सामेल छ । धेरै सम्झौता र कागजमा सही गर्ने अहिले सरकारमै सामेल छ । धेरै प्रकारका कागजमा सही गर्दै हिड्नेहरू अहिले सरकारमा सामेल भएका हुनाले अहिलेका माननीयहरूले धेरै कागज गर्नुपर्ला जस्तो लागेको छैन । किनकि राम्रो आउँछ भन्ने मैले विश्वास गरिराखेको छु । जब कागज गर्ने र गराउनेहरू नै सरकारमा भइसकेपछि बजेट त हाहा भन्ने नै आउला भन्ने मेरो पूर्वअनुमान छ । तर बाहिर हेर्दा खास गरी बन्दाबन्दीमा पनि आफैं आएको हैन कि बोलाएर आउँदा आउने कागज के होला भन्ने मात्रै हो । यो छलफल विगतमा पनि नउठेको हैन । स्वयम् त्यो छलफलमा भाषणमा अग्रभागमा भाषण गर्ने सार्वजनिक मञ्चमा स्वयम्मुख्यमन्त्री नै हुनुहुन्छ बिचौलिया भनेर यस्तो अवस्थामा यो अधिवेशन हुन गइरहेको छ । म फेरि पनि विनम्रतापूर्वक भन्न चाहन्छु । संस्थागत सुदृढीकरणकानिम्ति सकारात्मक कुराका लागि प्रतिपक्ष नभनीकन सहयोग गर्ने कुरामा नेकपा एमाले तयार छ । तर फेरि पनि राजनीतिक कुरा दोहोऱ्याउनचाहन्छु । संसदमा रहेको एमालेलाई पर राखेर सडकमा रहेको एमालेसँग संगत गर्ने गरी आउने कुरा आफूलाई भलो लाग्छ भने त्यो बाटोमा हिंड्नुहोस् । अन्यथा बजेट भएको कारणले ऐनले एक गते बाध्यात्मक अवस्था सिर्जना गरेकाले हामीले २४ गते उठाएको मागलाई अदालतको ३० गतेको फैसलाका आधारबाट नीति तथा कार्यक्रम पनि आउने,बजेट प्रस्तुत पनि हुने ढोका खोल्नका निम्ति हामी यो तहमा आइपुगेका छौं। बजेट प्रस्तुतपछि त्यही राजनीतिक वातावरण भयो भने हामीले त्यति बेलै कतिपय कुराहरू उठाउनु पर्ने परिस्थिति पनि नआओस् भनेर भन्न चाहन्छुकिनकि हामी पहिले नै भन्दियो भने तपाईंहरू तयारी गर्नुहोला । यस आधारबाट अगाडि बढ्नुहोला यस आधारबाट हामी अघि बढ्ने कुरा गर्नु राम्रो हुन्छ भन्ने आधारबाट मैले तपाईंहरूको बीचमा राखे फेरि पनि म दोहोऱ्याउनचाहन्छु

विगतको भन्दा आज राजनीतिक अवस्था विग्रहपूर्ण छ । माहागठबन्धनबाट सहकार्य हैन कि सकेसम्म सक्नेगरी हिंडिरहेको एउटा अवस्थामा त्यस्तो शक्तिसँग सहकार्य गर्ने हात सरकारले कसरी अगाडि बढाउछ हाम्रो भूमिका त्यसैमा भर पर्छ । सरकारले हात अघि नबढाउँदै मैले भनिरहेको छु हाम्रो कुरा म हिजो सत्तासिन हुँदा खेरि पनि जे उठाएका थियौं आज अपोजिसन हुँदा खेरि बदल्नुपर्ने केही कारण हैन । तिनै कुरालाई सुदृढगर्नेकुरामा हाम्रो सहयोग हुने नै छ तर पनि म फेरि पनि भन्न चाहन्छु । हामी आजसम्म खास गरी योजना निर्माणमा हाम्रो कुनै संलग्नता छैन । यस्तोको बीचमा छोटो समयमा सबैको भावना समेट्ने गरी छलफल गर्ने कुराको अभ्यास र पहलकदमी लिनुभयो । हाम्रो सकारात्मक सुझाव हुनेछ, लिनुभएन यत्तिका आधारबाट हामी सकियौंभन्ने कुनै कारण छैन किनकि तीन वर्षको विकासले कालिकोट केही भएको छैन । बजेट धेरै भएको छ तर सबै भन्दा धेरै मुर्दावाद र जिन्दावाद त्यही भएको छ । सामाजिक सञ्जालमा सबै भन्दा धेरै जाली र झेलीका समाचार ती प्रकाशित भएको छन् यथार्त के हो मलाई केही थाहा छैन । केही हुनेरहेनछ । त्यस कारणले म फेरि पनि भन्न चाहन्छु आज शुभारम्भको बीचमा छ यो राजनीति वातावरण सदनभित्र जे देखा परेको छ यसलाई सुमधुर बनाउने दायित्व र जिम्मेवारी सरकारले ठान्यो भने हाम्रो तर्फबाट पछि हट्ने कुरा हुने छैन ।यहीँशुभेच्छाशुभकामनासहित बिदा हुन चाहन्छु, धन्यवाद ।

**माननीय सभामुखः**- माननीय श्री नरेश भण्डारी ।

**माननीयश्री नरेश भण्डारीः**-सभामुख महोदय,प्रथमतः यो विषम परिस्थितिमा आयोजित कर्णाली प्रदेश सभाको यस सम्मानित सदनको प्रतीक्षित आठौं अर्थात बजेट अधिवेशनको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु । कोभिड-१९ को महामारीका कारण दिवंगत हुनुहुनेहरू प्रति हार्दिक श्रद्धाञ्जली अपर्ण गर्दछु । शोकसन्तप्त परिवार प्रति गहिरो समवेदना व्यक्त गर्दछु । प्राणघातक कोभिड-१९ सँग जुधिरहनु भएका समस्त दाजुभाइ तथा दिदीबहिनीहरूमा शीघ्रस्वास्थ्य लाभको कामना गर्दछु । एकल प्रयासबाट मात्र महामारीको रूपमा विश्वव्यापी फैलिएको कोभिड-१९ विरुद्धको लडाइँमा सफलतमा हासिल गर्न नसकिने भएकाले सामूहिक प्रतिरोधको लागि हार्दिक अपिल गर्दछु । सदन सुचारु गर्न सहयोग गरेकोमा प्रमुख प्रतिपक्षी लगायत सम्बद्ध पक्षलाई माओवादी केन्द्रका तर्फबाट र स्वयम् मेरो तर्फबाट धन्यवाद दिन चाहन्छु । सभामुख,महोदय,सिंगो विश्व कोभिड-१९ विरुद्ध र हाम्रो नेपाल बाटो विराउँदै गएको राजनीतिक विरुद्ध जुधिरहेको छ । महामारीमा उल्टो यात्राउन्मुख राजनीतिले लपेटी रहँदा कर्णालीको आशा र विश्वासको प्रतीक कर्णाली प्रदेश सभाको बजेट अधिवेशनमा सहभागी भइरहेका छौं । प्रचुर सम्भावनायूक्त हुँदाहुँदै सुख र समृद्धिको खोजीमा भौंतारिरहेका कर्णालीवासीहरूले बालिदानको मूल्यमा स्थापित कर्णाली प्रदेश सभाको यस अधिवेशनलाई आशा र विश्वासको नजरले हेरिरहेका छन् । उनीहरूले प्रश्नगरिरहेका छन् विश्वासको मत दिएर

पठाएका तिमी जनप्रतिनिधिहरूले कलेंटी परेका हाम्रा ओठहरूमा मुस्कान भर्न सक्छौं । विश्वासको मत दिएर पठाएका तिमी जनप्रतिनिधिहरूले गरिबीको धरातलमा भासिएका कर्णालीवासीलाई समृद्धिको कान्जिरोवा आरोहण गराउन सक्छौं । पुछिएको आँसु र च्यात्तिएका रंगीनसपनाहरूको उद्धार गर्न सक्छौं । सम्मानित सदनले पारित गर्ने नीति कार्यक्रम र बजेटले समृद्ध कर्णाली सुखारी कर्णालीवासीको सङ्कल्पलाई सार्थक तुल्याउन सक्छौं वा सक्दैनौं । अधिवेशनले साधन स्रोतको न्यायोचित वितरण गर्छ वा गर्दैन अधिवेशनले कर्णालीवासीको मुहार बदल्न योगदान गर्न सक्छ वा सक्दैन । तिमी जनप्रतिनिधिहरूले कोभिड जीवाणुका आतंकबाट नागरिकहरूको जीवन रक्षा गर्न सक्छौं वा सक्दैनौं । लाग्छ प्रश्नहरू हलभित्र गुञ्जिरहेका छन् । त्यसको ध्वनि छेउछाउमा बगिरहेको हावामा पनि महसुस गर्न सकिन्छ । यी यक्ष प्रश्नहरूको जवाफ दिन हामी कठघरामा उभिरहेका छौं । समुचित जवाफ दिन नसक्दा जनताका प्रश्नहरूले हामी च्यापिने छौं । जसरी पुरानो व्यवस्था च्यापिएर नामेट भएको थियो । प्रश्नको एकल हैन सामूहिक जवाफ दिनुपर्दछ नत सत्ता पक्ष न त प्रतिपक्ष फरक यत्ति हो सत्ता पक्षले प्रतिपक्षको भन्दा बढी जवाफ दिनुपर्ला । प्रश्नमा पिठ्यु फर्काएर किमार्थ मिल्दैन । तसर्थ जनताले सोधेका प्रश्नहरूको सामूहिक सम्बोधन गरौं । किनकि हामी जनप्रतिनिधि हौं । हामी आन्दोलनका सहयात्री हौं । अभ्यास र व्यवस्था कसैले जबरजस्त थोपरेको हैन हामीले रोजेको र खोजेको हो । माननीय सभामुख महोदय,हामीले अनवरत प्रश्न गरिरह्यौं ।दुःखको सागरमा कर्णाली किन पौडिरहेको छ । कर्णालीमा किन सुखका फलहरू फल्न सकेनन् । सुख र समृद्धिको खोजीमा दुःख अभाव र गरिबीको स्रोत मानिने पुरानो व्यवस्थालाई बिदाइ गरौं विकल्पमा रगत,आसु र पसिनाको मूल्यमा हामीले नयाँ व्यवस्था अर्थात संघीय गणतन्त्र स्थापना गरौं बहुस्थापित व्यवस्था संकटमा पर्दै गएको छ । प्रतिगमनको खतरा बढेको छ । जनप्रतिनिधको सर्वोच्च संस्था प्रदेशसभा प्रति पटक पटक प्रहार भएको छ । विधिको शासनको स्थान बहुबल र अराजकताले लिँदैछ । संघीयता कार्यान्वयनमा संघीय सरकारले अपेक्षित सक्रियता देखाएको महसुस भएको छैन। संघीय सरकारले संविधानप्रदत अधिकार कार्यान्वयनको मार्ग फराकिलो पार्ने प्रमुख संघीय ऐनहरू र मापदण्डहरूपारित गर्न बिलम्ब गरिदिँदा अझै पनि न प्रदेश प्रहरी गठन हुन सकेको छ न त प्रदेश निजामती सेवा ऐन अर्थात व्यवस्था अनुरूप कर्मचारी भर्ना प्रक्रिया प्रारम्भ हुन सकेको छ । जसका नकारात्मक प्रभाव पत्यक्ष त प्रदेश सरकारको कार्यसम्पादनमा परेको छ । व्यवस्थाको घाँटी निमोट्न चाहने पुनर्त्थानवादी पात्र एवम् प्रवृत्तिहरू व्यवस्थालाई औचित्यहीन सिद्ध गर्न उदाइरहेको सूर्य बाहिर रहेको हावा र बगिरहेको पानी र घुमिरहेको पृथ्वीलाई पनि प्रश्न गर्न दृष्टता गर्दै छन् । हाम्रा कमजोरीहरूप्रति निर्मम बन्दै इतिहासको यो जटिल र संवेदनशील चक्रमा हजारौं सर्वोत्तम छोराछोरीहरूको बलिदानको मूल्यमा प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई सुदृढित गर्नु परिवर्तनकामीहरू शक्तिहरूको अभिभारा हो । अन्यथा नेपाल

असफल प्रयोगशाला भइरहने छ । विकास र समृद्धि एकादेशको कथा साबित हुनेछ । हामी दन्त्यकथाका पात्रको रूपमा सीमित हुनेछौं । प्रतिपक्षले सत्ता पक्षको विरोध गर्नै पर्ने र सत्तापक्षले प्रतिपक्षलाई किनारामा धकेल्नै पर्ने नेपाली राजनीतिक परम्परागत संस्कार भन्दा माथि उठेर चौडा छातीका साथ बेहिचकिचावट,बेकन्जुस्याँइ समृद्ध नेपाल र समृद्ध कर्णाली निर्माणको ऐतिहासिक कार्यभार सम्पादनार्थ दृढ संकल्पित बनौं । हाम्रो दुस्मन कोभिड हो,अभाव हो,गरिबी हो,बेरोजगारी हो,अशिक्षा हो,त्यसका विरुद्ध जित सुनिश्चित गरौं । मानवीय कमजोरीबाट कोही अछुतो हुँदैन । दुधले नुहाएका हामी कोही छैनौं । कमजोरी सच्याऔं कठिनलाई अवसरमा परिणत गरौं । एकले अर्कोलाई हृदयदेखि सहयोग गरौं । सहकार्यको राजनीतिलाई सदर गरौं । जिम्मेवार सत्ता पक्ष र रचनात्मक प्रतिपक्ष बनौं । कर्णालीका राष्ट्रिय समस्याकै अंग भएको सत्यलाई मनन गरौं,समस्या समाधानार्थ समन्वय र सहकार्य गरौं । कर्णालीलाई नकारात्मक राजनीतिक सन्देश प्रवाहक नभएर सकारात्मक सन्देश प्रवाहक बनाऔं ।

माननीय सभामुख महोदय,राउटे समुदायको युवतीहरूको जीवन रक्षा गर्न अपराध कर्ममा संलग्नहरूपीडकहरूलाई हदैसम्मको कारवाही गर्न प्रदेश र संघीय सरकारलाई नेकपा माओवादी केन्द्रको तर्फबाट विशेष अनुरोध गर्दछु ।

माननीय सभामुख महोदय,हिउँले कठ्याग्रिएर राराहरूमा डुबिरहेका र परिश्रम पसिनाहरूमा ओइलाइरहेका कर्णालीका सपनाहरूलाई न्याय गर्न सामूहिकउद्घोष गरौं । कर्णाली अभावको पर्यायहोइन । समृद्धिको स्रोत भएको वास्तविकतालाई स्थापित गरौं । सघन सहकार्यको नमुना कर्णाली प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरूको बीचमा सघन सहकार्यको नमुना अभ्यास मार्फत समृद्ध विकसित सम्पन्न आधुनिक र सुसंस्कृत कर्णाली निर्माण गर्ने सामूहिक संकल्प गरौं । सम्भव छ कर्णालीका समुज्ज्वल भविष्यको रेखा कोर्ने अपेक्षा गरिएको यो अधिवेशनको पूर्ण सफलताको शुभनामना व्यक्त गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री सोशिला शाही

**माननीयश्री सोशिला शाहीः-** सभामुख महोदय,आज हामी कर्णाली प्रदेशको आठौं अधिवेशनको तेस्रो बैठकमा सहभागी भएका छौं । नयाँ वर्ष २०७८ सालको प्रारम्भमा मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले संसद विश्वासको मत लिनु भई आफ्नो सरकारलाई निरन्तरता दिन सफल भएकोमा उहाँलाई हार्दिक बधाई दिन चाहन्छु । साथै विस्तारित मन्त्री मण्डलमा मनोनित हुने सम्पूर्ण मन्त्रीहरूलाई पनि हार्दिक बधाई एवम् सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । सभामुख महोदय यति बेला मुलुक कोरोना महामारीको दोस्रो लहरबाट प्रताडित छ । दिनऔं सयौंको संख्यामा ज्यान गुमाउनु परेको छ । करिब ८ हजारको हाराहारीमा नेपाली दाजुभाइ दिदीबहिनीहरूले प्राण त्याग गरिसकेका छन् । यो त सरकारी तथ्याङ्क हो । व्यक्तिहरूको मृत्यु भएर पनि जानकारीमा आउन नसकेको अवस्था अझै विद्यमान छ । यसबाट अवस्था अझै भयावह नै छ छिमेकी

मुलुक भारतमा तेस्रो लहरसमेत आएको खबरले हामी झन् बढी चिन्तित सचेत र सजकता अपनाउनुपर्ने स्थिति छ अहिलेको यस प्रकारको तयारीबाट यो भयावह अवस्थाको कसरी सामना हुन सक्छ,हाम्रो मुलुक गम्भीर प्रश्न खडा भएको छ । म यस विषयलाई कर्णाली प्रदेश सरकारले गम्भीररूपमा लिई अहिलेदेखि नै आफ्नो तयारी सुरु गरोस् भन्न चाहन्छु । जनताले दुःख र कष्ट परेको बेलामा आफ्नो सरकार सम्झिन्छ सरकार अभिभावक जस्तो बन्नु पर्छ घरमा आफ्ना छोराछोरी बिरामी परे वा कुनै आपतविपतमा परे भने बुवाआमालाई कति चिन्ता र चासो हुन्छ । ठीक त्यसै गरी आफ्ना नागरिकहरूलाई परेको दुःखमा सरकार त्यसरी नै प्रस्तुत हुन पर्छ आफ्नो सीमित साधन र स्रोतबाट कसरी अधिकतम सेवा प्रभाव गर्ने त्यस तर्फ सरकार लाग्नुपर्छ केवल पदको पछि मात्रै दौडियौं भने जनताले हामीलाई माफी दिने छैनन् सरकारको परीक्षा पनि यस्तो संकटको घडिमा कसरी आफ्ना जनतालाई बचाउने हाम्रो कार्य दक्षता देखाउने त्योयहींसमय हो सयमको अग्नि परीक्षामा हामी उभिएका छौं । सामान्य र सहज अवस्थामा त सहज अवस्थामा त जसरी भए पनि चलिरहको हुन्छ । नेतृत्वको परीक्षा पनि यस्तै अवस्थामा हुन्छ । तसर्थ सम्भाव्य चुनौतीको समाधान दिन सक्नुपर्छ जनताले नजिकबाट हाम्रो काम र गतिविधि नियालीरहेका हुन्छ इतिहासको कठघराबाट जनताको जुन विश्वास छ । त्यसलाई कायम राखेर हामी अगाडि बढ्नु पर्छ । सरकारले गर्ने राम्रा कार्यको म र मेरो दलको सहयोग र समर्थन गर्नेछौं भने गलत कार्यको विरोध पनि गर्नेछौं तसर्थ सरकार जहिले पनि रचनात्मक र सिर्जनात्मक कार्यको अगाडि बढोस् यसमा हाम्रो साथ समर्थन नै रहने छ सभामुख महोदय,जबसम्म मुलुकको राष्ट्रिय राजनीति सबाल छ । आज देश नेपालको इतिहासमा नै सबै भन्दा बढी कठिन अवस्थामा छ जसले जुन विश्वास गरेर झण्डै दुई तिहाई बहुमतका साथ नेकपालाई सत्तामा पुऱ्याएका थिए पाँच वर्षका लागि पठाएको सरकार असमयमा नै पार्टी भित्रको आन्तरिक झगडा सत्ता र कुर्चीको लोपले गर्दा सरकार संकटमा परेको छ भन्ने पार्टी विभाजन भएको छ । यो झगडाले देशलाई कसरी समृद्धि र सुशासन दिन सक्छ गरिबीको रेखामा रहेका जनताको अनुहारमा कसरी खुसी ल्याउन सकिन्छ? विदेशमा गएका लाखौं लाख युवाहरूलाई कसरी स्वदेशमा नै रोजगारी दिन सकिन्छ महामारीबाट जनतालाई कसरी बचाउन सकिन्छ दुनियालाई थाहा छ कि यिनीहरू सत्ताको लुछाचुँडीमा नै रात दिन तल्लीन छन् । यस्ता प्रकारका हकर्तहरू देखि सकेपछि जनता वाक्क दिक्क छन् । सरकारको क्रियाकलापबाट देशी विदेशी शक्तिहरूले समेत आफ्नो स्वर्थ अनुसार दल र दलका नेताहरूलाई नचाउन थालेका छन् । वास्तवमा आज नेपालको राष्ट्रियता कहाँ छ । हाम्रो निर्णय हामीले गर्छौं कि अरुको इशारामा गर्छौं । दलका नेता नै अरुको गोटी बन्न थाले पछि देशको अवस्था के होला यो सबैको एउटा कारण के हो भने नेताहरू भ्रष्ट र बेइमानी भए जसले गर्दा राष्ट्र कमजोर भएको छ हाम्रा पुर्खाहरूले घरेलु हतियारहरूको भरमा कसैको उपनिवेश हुनबाट बचाएको यो देश हो । रगत र पसिना बगाएर यो

देशलाई कसैको दास हुनबाट जोगाएका थिए तर आज हेर्दा हेर्दै हाम्रो देश काँहा पुग्यो जनताले बिउझिनुपर्ने बेला आएको छ अब जनता जाग्नु पर्छ ।

सभामुख महोदय,कर्णाली प्रदेश सरकारले पनि साढ तीन वर्ष व्यतीत गरिसकेको छ । अब हामीसित केवल डेढ वर्ष मात्रै बाँकी छ यो साढे तीन वर्षमा कर्णाली प्रदेशतिर फर्केर हेर्‍यौं भने हामीलाई आफ्ना कार्यकर्ता पोस्ने काम मात्र गर्‍यौंकिदीर्घकालीन विकासका काम गरौं । यसकोमूल्याङ्कनभविष्यले नै गर्ने छ तर जति समय बाँकी छ त्यति समयमा केही न केही कामहरू गरौं समयलाई खेर नफालौं बारम्बार यस समय हाम्रो लागि कुरेर बस्दैन विकासको लागि पार्टी बिर्सिनुपर्छ । विकासको लागि जनता र भूगोल सम्झिनु पर्छ । ठूलो छाती बनाएर विकासको अवधारणा बनाउनुपर्छ । साँघुरो गल्लीमा हैन फराकिलो राजमार्गमा हिँड्नुपर्छ । अति मात्रै इतिहासमा मूल्याङ्कन हुन्छ । हाम्रो राम्रो काम सल्लाह र सुझाव दिने हो । मान्ने नमान्ने काम सरकारको हो । हामी चाहन्छौं सरकार ठीक ढंगले अगाडि बढोस् ।यहीँशुभकामना दिँदै म आफ्नो आफ्ना भनाइयहीँशेष गर्न चाहन्छु धन्यवाद,जय राष्ट्रवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अब म माननीय श्री ठम्मरबहादुर विष्टलाई कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन अध्यादेश, २०७८ र कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ सभामा प्रस्तुत गर्ने प्रयोजनका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ९४,९५,९६,९७ र १३२ को उपनियम ४ निलम्बन गर्ने प्रस्ताव राख्न समय दिन्छु ।

**माननीयठम्मर बहादुर विष्टः**-माननीय सभामुख महोदय,म विषयबस्तुवाचन गर्न गइरहेको छु । माननीय सभामुखज्यू कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन अध्यादेश २०७८ र कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ सभामा प्रस्तुत गर्ने प्रयोजनका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ९४,९५,९६,९७ र १३२ को उपनियम ४ निलम्बन गर्ने आवश्यक भएकाले कर्णाली प्रदेश सभा नियमावली,२०७४ को नियम २ सय १२ बमोजिम उक्त नियमहरूनिलम्बन गर्न सम्मानित सभासमक्ष प्रस्ताव पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यहरू अब म माननीय श्री ठम्मर बहादुर विष्टले राख्नु भएको कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ९४,९५,९६,९७ र १३२ को उपनियम ४ निलम्बन गर्ने प्रस्ताव समर्थन गर्न माननीय सदस्य श्री गुलाबजंग शाहलाई समय दिन्छु ।

**माननीयगुलाबजंग शाहः**-माननीयसभामुखज्यू,माननीय श्री ठम्मरबहादुर विष्टले राख्नु भएको आर्थिक कार्यविधि दोस्रो संशोधन अध्यादेश, २०७८ कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ सभामा प्रस्तुत गर्ने प्रयोजनका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को

नियम ९४,९५,९६,९७ र १३२ को उपनियम ४ निलम्बन गर्ने प्रस्ताव राख्नु भएको प्रस्तावको समर्थन गर्दछु धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म माननीय श्री ठम्मरबहादुर विष्टले राख्नु भएको कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ सभामा प्रस्तुत गर्ने प्रयोजनका लागि कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ९४,९५,९६,९७ र १३२ को उपनियम ४ निलम्बनको प्रस्ताव निणयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा रहेको माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।
यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।
यो प्रस्तावको पक्षमा हुनेमाननीयले "हुन्छ" भन्नुहोस् ।
यो प्रस्तावको विपक्षमा हुन माननीयले "हुन्न" भन्नुहोस् ।
"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ९४,९५,९६,९७ र १३२ को उपनियम ४ निलम्बन गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषण गर्दछु ।

**माननीय सभामुखः-**माननीय सदस्यहरू अब म कर्णाली प्रदेश प्रमुखज्यूबाट जारी भएको कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन अध्यादेश, २०७८ अध्यादेश जारी गर्नुपरेको परिस्थिति र कारणसहित सभासमक्ष पेश गर्न प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय गोपाल शर्मालाई अनुमति दिन्छु ।

**माननीयगोपाल शर्माः-** प्रदेश सभाको अधिवेशन चालु नभएको अवस्थामा कर्णाली प्रदेश प्रमुखज्यूबाट प्रदेश सरकारको नियमित कार्यहरू सञ्चालन गर्नको लागि कर्णाली प्रदेश आर्थिक कार्यविधि दोस्रो संशोधन अध्यादेश, २०७८ जारी गर्न अत्यावश्क भएकाले सो बमोजिम गरी कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ९३ बमोजिम उक्त अध्यादेश सभासमक्ष पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-**माननीय सदस्यहरू अब यो बैठक १५ मिनेटका लागि स्थगित हुन्छ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८जेठ २७ गते
बिहिवार
(बैठक संख्या-४)

राष्ट्रिय धुन,

**माननीय सभामुखः**-माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको आठौं अधिवेशनको चौथौ बैठकका कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रदेश सरकार र प्रदेश सरकारमार्फत सरोकारवालाहरूकोध्यानाकर्षण गराउनुपर्ने सार्वजनिक सरोकारका विषयहरूमा यथास्थानबाट आफ्ना भनाइराख्नविशेष समयको व्यवस्था गरेको छु । सर्वप्रथम माननीय श्री पदमा खड्का सयम पाँच मिनेट ।

**माननीयपद्मा खड्काः**- सभामुख महोदय,आठौं अधिवेशनको चौथो बैठकमा सार्वजनिक महत्त्वका केही विषयहरू म यहाँ राख्नचाहन्छु । विशेषगरी कोरोनाको दोस्रो भेरियन्टले दिवंगत हुनु भएको नेकपा एमालेका नेता पूर्व माननीय रत्नप्रसाद शर्मा यसैगरी त्रिपुरासुन्दरी नगरपालिकाका मेयर ओमबहादुर बुढा र डोल्पा जिल्लाकै नेकपा एमाले पार्टी अध्यक्ष दत्त बहादुर रोकायाप्रति म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु रयहींकोरोनाको कहरमा धेरैले ज्यान गुमाउनु भएको छ । सम्पूर्णप्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । परिवारजनमा गहिरो समवेदना व्यक्त गर्न चाहन्छु ।यहींकोरोनाको महामारीमा अस्पतालको बेडमा छट्पटाइरहनु भएका नागरिकहरू र होम आईसोलेनसमा घरमा बसेर त्यो मृत्युको लडाइँ लडिरहनु भएका सम्पूर्ण व्यक्तित्वहरूमा म शीघ्रस्वास्थ्य लाभको कामना गर्न चाहन्छु र यो सँगैप्रदेश सभा सदस्य हाम्रो नेकपा एमाले सांसद चन्द्रबहादुर शाहीलाई पनि शीघ्रस्वास्थ्य लाभको कामना गर्न चाहन्छु । छिट्टै उहाँले कोरोना जित्नुहुनेछ । यसैगरी सुर्खेत जिल्लाका पूर्व राज्यमन्त्री तप्तबहादुर विष्टलाई पनि शीघ्रस्वास्थ्य लाभको कामना गर्न चाहन्छु र यो सँगै देश एउटा कोरोना महामारीले आक्रान्त बनिरहेको अवस्था छ । यो अवस्थामा आज हामी कर्णाली प्रदेश सभाको यो बजेट अधिवेशन सुरुवातको समयमा हामी यहाँ उपस्थित छौं । हामीले नागरिकका आवाजलाई उठाउनु नै पर्नेछ र हामीले उठाएका आवाजहरूलाई कर्णाली प्रदेश सरकारले कतिसम्म ध्यान दिन्छ कतिसम्म कार्यान्वयनमा अघि बढाउँछ भन्ने हामीले मात्र नभई सूचना र प्रविधिसँग अहिले घरमा बसेर हेरिरहनु भएको सम्पूर्ण नागरिकहरूले पनि चासो गरीरहनु भएकै छ ।मैले सुर्खेत जिल्लाको भर्खरकै एउटा यो भन्नै पनि अप्ठ्यारो लागिरहेको छ । सुर्खेत जिल्लाको गुर्भाकोट नगरपालिका वडा नम्बर ११ आँपखोली भन्ने ठाउँमा बसिरहेका ती जंगलमा फिरन्ते जीवनबिताइरहेका राउटे

जसले जंगलमा बसेर जंगलका कन्दमूलहरू खाएर जंगलमा आफ्नो सीप र कलालाई प्रयोग गरेर बनाउने कोसी देखि विभिन्न उहाँहरूले बनाउने जुन कला थियो। त्यो कलालाई उहाँहरूले गाउँमा ल्याएर बिक्रीवितरण गरेर अन्नपात लगेर आफ्नो रोजीरोटी गर्ने जुन समुदाय हो आज यो अवस्थामा किनपुग्यो यहाँ निर प्रश्न गम्भीर छ । हामीलाई लाग्छ आज राउटे समुदायलाई हामी सभ्य नागरिकले बिगारीरहेको ज्वलन्त उदाहरणहरू हामीले देखिरहेका छौं । आज राउटेका नाममा विभिन्न संघ संस्था विभिन्न समूहले सहयोग गर्ने नाममा राउटे जाति माथिको जुन खालको उनीहरूले गरिरहेको परम्परा गत सीप र कलालाई आज हामीले लोप गराइराखेका छौं । त्यस कारण आज यी घटनाहरू दिन प्रतिदिन हामीले सुन्ने गरिरहेका छौं र हामीले देख्नेगरिरहेका छौं । मिति २०७८ जेठ २२ गतेका दिन जुन एउटा राउटे समुदायका महिला जसले केही ललाईफकाई गरेर जाँ उनीहरूलाई दुरव्र्यवहार गरियो त्यो व्यवहार हामी सभ्या नागरिकले कसरी गर्न सक्यौं अहिले यहाँ भन्दा खेरि पनि मलाई यहाँ अप्ठ्यरो लागिरहेको छ । आज सभ्य समाजमा बसिरहेका हामी मानिसहरूले ती महिला त्यो दरव्र्यवहार गर्न किन तयार भयौं के का लागि तयार भयौं । यो प्रश्न हामी सबैप्रति गम्भीरविषय बनेको छ । त्यो कुरालाई आज भनिएको छ तीन जना जो अहिले हिरासत भनम जिल्ला प्रहरी कार्यालय,जिल्ला प्रशासन कार्यालय सबैको अगुवाइमा जो पक्राउ पर्नु भएको छ । हामीले निरन्तर संवाद गरिरहँदा आज उहाँहरूलाई प्रमाण छैन । के आधारले उहाँहरूलाई भन्ने कुरा गरीराख्नु भएको छ। जाहेरी पनि यहाँका महिला अधिकारकर्मीहरूले दिइराख्नु भएको छ । मलाई लाग्छ उनीहरूलाई हदैसम्मको कारवाही गर्नुपर्छ त्यो कारवाही गर्नका निम्ति पनि ती महिलाहरूलाई ती महिलाहरू आएर आज बयान दिन सक्ने अवस्था छैन । ती महिलाहरूले आफ्ना कुराहरूलाई अरु कसै लगेर राख्ने संस्कारको विकास भएको छैन । आज हामीलाई चाहिएको छ फेरि प्रमाण यो कानून यत्रो सामाजिक संजाल देखि सर्वत्र रूपमा हामीले देखिरहेका छौं हेरिरहेका छौं त्यो आधारमा पीडकलाई दण्डित गर्नुपर्छ कडा भन्दा कडा कारवाही गर्नुपर्छ भन्ने म जोडदार रूपमा माग गर्न चाहन्छु र यसैक्रममा मलाई लाग्छ अझै पनि केही व्यक्तिहरू छुट्ने कुरा गरिराछन् भन्ने कुरा सुनिरहेको छु मैले कदापि ती व्यक्तिहरू छुटेमा हामीले यो सदन मात्र नभएर सडकमापनि आन्दोलन गर्ने छौं भन्ने कुरा म यहाँ राख्नचाहन्छु । तेस्रो कुरा छ ।

**माननीयमाननीय सभामुखः** सकौं माननीय सदस्य ।

**माननीयपद्मा खड्काः-** देश महामारीसँग जुधिरहँदा म एउटा सामाजिक समितिमा पनि प्रतिनिधित्व गर्दछु ।सरकारले असल मनसायका साथ सबै जिल्लाका नागरिकले अक्सिजन नपाएर नमरुन् भन्ने उद्देश्यका साथ अक्सिजन प्लान्ट खरिद गर्ने जुन पैसा छ त्यो आज रकम उपलब्ध गराउने कुरा मात्र ठूलो रैनछ । आज हामीले अनुगमन गर्न

जाँदा देखिएका कुराहरू प्रीतिवेदनले देखाउने नै छ । त्यो प्रतिवेदनले भोलि बोल्ने नै छ । मलाई लाग्छ यस्ता दुरूपयोगहरू अक्सिजन प्लान्टका नाममा अरु अन्य सामाग्रीहरू धेरै अनियमितता भएको भ्रष्टाचार भएको देखिएको छ यी कुराहरूलाई तत्काल छानबिन गरी दोषीलाई कारवाही गर्न म जोडदार माग गर्दछु,धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री ठम्मरबहादुर विष्ट

**माननीय श्री ठम्मरबहादुर विष्टः-**माननीय सभामुख महोदय,विषय अहिले जो राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा चर्चाको विषय भइरहेको छ । राउटेजातिको विषय त्यहाँ संयोगले म आज यहाँ त्यो अघि माननीयज्यूले भन्नुभयो आँपखोली नभएर गुर्भाकोट नगरपालिकाको ११ नम्बर वडाको आँपसोती भन्ने गाउँ हो । त्यो मेरै गाउँ नजिकै पनि पर्छ आज त्यहाँ घटना घटेको छ । मलाई त्यहाँ देखि लगेर राष्ट्रिय अन्तर्राष्ट्रियरूपमा चिन्ने साथीहरूले यो केभयो कस्ता व्यक्तिहरूकस्तो खालको स्थिति हो भनेर क्रियाप्रतिक्रिया पनि आइरहेको छ। यो विषयमा मैले राख्नु खोजेको एक,दुई वटा पइन्ट के छ भने जो अहिलेसम्म राउटे जातीको नामबाट विभिन्न नामबाट एनजिओ,आईएनजिओ,त्यहाँ युट्युव देखि लगेर सोसल मिडिया मिसयूज देखि लगेर अनेक किसिमको कामहरू भइरहेको छ । तर यसमा मैले खासगरी कर्णाली प्रदेश सरकारको ध्यानाकर्षण गर्न चाहन्छु अब यिनीहरूलाई एउटा एकीकृत बस्ती विकास गरेर लैजान हामीले सक्नुपर्छ जहाँ गाँस,बास,कपास,सुरक्षा उनीहरूको ग्यारेण्टी होस् । त्यो हुन सक्छ भन्ने पनि छ त्यसकारणले मलाई त के लाग्छ भने हाम्रो अधिवेशन चल्दै गर्दा हामीले यएटा त्यो सम्बन्धी विधेयक पनि हामीले पास गरौं के हुन सक्छ उनीहरू बस्न सक्छन् वा सक्दैनन् भन्ने कुराको कैयन अध्ययन गरेर उनीहरू सक्छन् भन्ने पनि आइरहेको छ किनभने हिजो उनीहरू जंगल जंगल घुम्थे,डाँडाकाँडा घुम्थे मान्छेको बस्ती आउन पनि भाग्थे भने अहिले उनीहरू मान्छेसँग सहकार्य गरिरहेका छन् केही केहि कुरा मात्रै नमिलेको कुरा हो । त्यस कारण अब यो ढंगले केही चामलका बोरा दिएर केही बिस्कुटका खोचा दिएर केही अलिअलि हामीले यो दियौं भनेर सस्तो प्रचार गरेर जो खालको चाहिँ वातावरणभइरहेको छ । यो हाम्रो लागि लाजमर्दो स्थिति हो सँगसँगै हामीले यसलाई सही प्रयोग गर्ने हो भने राउटे जाति विश्वमा नै एक दुर्लभ जाति त्यो पनि कर्णाली प्रदेशमा संयोगले त्यो पनि हाम्रै क्षेत्रमा बस्ती भएको हुनाले यसलाई अब तत्काल गर्ने कामहरू,उनीहरूलाई पक्राउ गर्ने,कोभिडका कुरा उनीहरूलाई गाँस,बास,कपास,स्वास्थ्य, शिक्षा, सुरक्षा के के छ तत्काल हेर्ने कुरा त्यो छँदैछ । यो तरिकाले हल हुँदैन यो फेरि चिल आएको बेला यसो लहै लहै कुखुरा लग्यो भनेर हल्ला गर्ने धेरै हुन्छ पनि फेरि उही हुन्छ । त्यस कारणले यसलाई एउटा एकीकृत बस्ती बनाएर एकीकृत प्याकेजमा उनीहरूलाई स्थाई बसोबासको व्यवस्था गास,बास,कपास,स्वास्थ्य,शिक्षा सुरक्षाको ग्यारण्ट हुने गरेर त्यो खालको व्वस्था गर्न जरुरी छ । पहिलो कुरा यहाँ निवेदन गर्न चाहन्छुसभामुखमार्फत,

दोस्रो कुरा भनेको कोभिडकै सिलसिलामा के छ भने अब धेरै सामानहरूमा महंगी पनि बढिरहेको छ । बाहिरबाट आउने सामान देखि यहाँ उत्पादनहुने सामान देखि सबै बढिरहेको छ । हामीले हेरिरहेका छौं र बुझिरहेका छौं,भोगीरहेका छौं कि कालाबजारियाहरू व्यापक ढंगले कालोबजारी भएको छ । होलसेल पसलमा एउटा छ अली यता आउँदा अर्को छ । एउटा सिस्टममा छैन, रुलमा छैन कालाबजारियायद्दपि त्यो निरीक्षणका हिसाबले नगरेको अलिअलि कर्मकाण्डी गरेजस्तो बुझिन्छ तर त्यसले जुन स्केलमा कालाबजारी भइरहेको छ । त्यसलाई तत्काल हामीले कर्णाली प्रदेशबाट गर्नुसक्ने या संघका युनिटहरू काँ काँ छन् । तिनीहरूसँग गर्नुपर्ने कोडिनेसनहरू र हामीले आफैं गर्न सक्ने परिचालनहरू के के छ हैन भने जनता एक बिरामीबाट आक्रान्त भइराखेको अवस्था छ । झन त्यसैमा पनि उनीहरूलाई ढाड सेक्ने काम भइराखेको छ । यसमा सरकारको ध्यान जावस् । म यहाँ दोस्रो पइन्ट यहाँ उल्लेख गर्न चाहन्छु सभामुख महोदय,तेस्रो कुरा भनेको अहिले यसै पनि घरमा लग गरेर मान्छे बसिरहेको बेला अनेक खालका रोगहरू बढीरहेका छन् त्यसै पनि मान्छे एक ठाउँमा चुकुल लगाएर बस्दा त्यो जेल नै हो मान्छेलाई एउटा जेलको फिल भइरहेको छ । भने अर्कोतिर त्यहाँ विभिन्न खालको रोगहरू पनि त्यहाँ लागिरहेको छ । विभिन्न खालका टाईफाईट,मलेरिया लगायतका अन्य रोगहरू पनि लागिरहेको छ । त्यतातिर ध्यान नगएर केवल कोभिड तिर मात्रै ध्यान गएपछि मान्छे अन्य कारणले मरिरहेको भन्ने कुरा पनि आइरहेको छ । त्यस कारणले त्यसतर्फ पनि ध्यान दिन जरुरी छ ।

अर्को कुरा घरमा बस्दै गर्दा उसको आय आर्जन छैन । विदेशबाट आएका कैयौं युवा छन् खाने स्थिति छैन कयौं मान्छेहरू आज यद्दपि सरकारले यति नम्बरमा फोन गरेपछि खान पाइने प्रचार भइराख्या छ यद्दपि त्यो । त्यो चामलसँग मात्रै सरोकारको विषय हैन उसलाई कति चाहिन्छ घरमा कति जनाको परिवार छ अरु कैयन आवश्यकताका कुरा होलान् । यी सबै कुराको लागि पनि स्थानीय तहसँग कति संयोजन गर्नुपर्ने हो । प्रदेशले हाम्रो अर्थतन्त्रले धान्ने कुरा कति हो त्यसको लागि संयोजन गरेर त्यस्तो ठाउँहरूमा तपाईंको पुऱ्याउने कुरामा मैले खासगरी सरकारको ध्यानाकर्षण गराउन चाहन्छु । यसै सिलसिलामा मैले पनि अन्तिममा जसरी यो कोभिडको सिलसिलामा मृत्यु हुने सम्पूर्ण पूर्व जनप्रतिनिधिज्यूहरूबहालवाला जनप्रतिनिधिहरू सबैमा म श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु त्यस्तै हाम्रो जनप्रतिनिधि र पार्टीको नेता नेकपा माओवादी केन्द्रका सानोभेरी गाउँपालिकाका अध्यक्ष टेक बहादुर पुनको पनि यो कोभिडकै कारण देहान्त भएको छ । उहाँलाई पनि म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु र मैले आफ्नो भनाइयहीँअन्त गर्दछु धन्यवाद।

**माननीयसभामुखः**-माननीय सदस्यहरूविशेष समयमा बोल्न माननीय सदस्यहरूको बोल्नेक्रम समाप्त भएको जानकारी गराउँदछु । माननीय सदस्यहरूप्रदेश सभा नियमावली, २०७४

को परिच्छेद १७ विनियोजन तथा अर्थ विधेयक सम्बन्धी कार्यविधि बमोजिम विनियोजन विधेयक, २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरू सभासमक्ष प्रस्तुत गरी सो माथि छलफल गरियोस् भनी प्रस्ताव पेश गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय गोपाल शर्मालाई समय दिन्छु ।

**माननीयगोपाल शर्माः-** जनताको बलिदानीपूर्ण ऐतिहासिक संघर्षबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न संविधानसभाबाट घोषणा भएको नेपालको संविधानले व्यवस्था गरेको संघीय शासन प्रणालीको मर्म बमोजिम गठित सम्मानित यस कर्णाली प्रदेश सभामा आर्थिक वर्ष २०७८/०७९ को विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरू(कर प्रस्ताव बाहेक) प्रस्तुत गर्ने अनुमति चाहन्छु।

संघीय लोकतान्त्रिक गणतन्त्र,धर्म निरपेक्षता,समानुपातिक समावेशिता,सामाजिक न्यायका लागि भएका विभिन्न जनआन्दोलनहरू,ऐतिहासिक जनयुद्ध एवं कर्णाली प्रदेश स्थापनार्थ भएको आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने श्रद्धेय महान सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यस अवसरमा सहिद परिवार,विभिन्न आन्दोलनका घाइतेरअपाङ्ग तथा बेपत्ता योद्धाहरू प्रति उच्च सम्मान प्रकट गर्दछु।

कोभिड-१९ को विश्वव्यापी महामारीको एकपछि अर्को लहरबाट हाल विश्व नै आक्रान्त बनेको छ । उक्त महामारीबाट संक्रमित भई मुलुकभित्र र बाहिर मृत्युवरण गरेका मृतकहरू प्रति हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । साथै यस रोगबाट संक्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

कर्णाली प्रदेश सरकारको अग्रसरतामा कोभिड-१९ को रोकथाम,नियन्त्रण एवं व्यवस्थापन गरी नागरिकको जीवन रक्षाका लागि हरसम्भव प्रयत्नहरू गरिएका छन्। यसको नियन्त्रण तथा व्यवस्थापनका लागि प्रत्यक्ष रूपमा खटिई अग्रपङ्क्तिमा रहेर काम गरिरहनु भएका चिकित्सक,स्वास्थ्यकर्मीहरू,सुरक्षाकर्मीहरू र अन्य व्यक्तित्वहरूको अथक मेहनतको उच्च प्रशंसा गर्दै आ-आफ्नो क्षेत्रबाट समन्वय र सहयोग गर्नुहुने माननीय सदस्यहरू,स्थानीय तहका जनप्रतिनिधि,राजनीतिक दल,विज्ञ समुह,राष्ट्रसेवक कर्मचारी,निजी क्षेत्र,नागरिक समाज,आमसञ्चार र आदरणीय जनसमुदायलाई धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि निरन्तर सहयोगको लागि सबैसँग हार्दिक अपिल गर्दछु।

चालू आर्थिक वर्षको बजेट तथा कार्यक्रम कार्यान्वयन भइरहेको महत्त्वपूर्ण समयमा विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ महामारीको कारणबाट समग्र जनजीवनसँगै हाम्रा विकास कार्यक्रमहरू प्रभावित भएका छन्। कोभिड-१९ को रूप परिवर्तनसँगै छिमेकमा तेस्रो लहरको समेत संकेतहरू देखापरेको जानकारी सार्वजनिक

भइरहेको सन्दर्भमा हामी महामारीसँग जुध्न र जित्नसक्छौ भन्ने आत्मविश्वासका साथ यसको रोकथाम,नियन्त्रण एवं उपचारलाई प्राथमिकता दिंदै विकास निर्माण एवं आर्थिक गतिविधिहरूलाई नियमित बनाउनु हालको प्रमुख कार्यभार रहेको छ।

मैले आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट निर्माण गर्दा नेपालको संविधानमा उल्लिखित समाजवाद उन्मुख आर्थिक संरचनाको आधार तयार गर्दै समुन्नत,समतामूलक र समृद्ध कर्णालीको भावी तस्वीरलाई सामुन्ने राखेर कोभिड-१९ महामारी लगायतका विभिन्न चुनौतीहरूको व्यवस्थापन गर्दै गरिबी,भोकमरी र बेरोजगारीको अन्त्य सहित दिगो विकासको लक्ष्य हासिल गर्ने दिशामा विनियोजन विधेयक,२०७८ का सिद्धान्त र प्राथमिकता केन्द्रित गरेको छु ।

माननीय सभामुख महोदय,

नेपाल सरकारको पन्ध्रौं योजना र कर्णाली प्रदेशको पाँच वर्षे विकासको मार्गचित्रसहित प्रथम पञ्चवर्षीय योजना (२०७६/०७७-२०८०/०८१) कार्यान्वयनमा रहेको छ । उक्त योजनाहरूले निर्धारण गरेका प्राथमिकतामा रहेर योजना अवधिमा हासिल गर्न तोकिएका परिमाणात्मक लक्ष्यहरू प्राप्त गरी समृद्ध कर्णाली,सुखारी कर्णालीवासीको दीर्घकालीन सोचका साथ समावेशी,दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्दै आर्थिक,सामाजिक रूपान्तरण,समतामूलक समाज र सामाजिक न्याय सुनिश्चित गर्न समृद्ध कर्णालीको आधारस स्वास्थ्य,शिक्षा,उत्पादन र पूर्वाधार भन्ने मूल नाराका साथ आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेट तर्जुमा गरिनेछ । यस दिशामा केन्द्रित भई अब म कर्णाली प्रदेश विनियोजन विधेयक,२०७८ मा समावेश हुने बजेट तथा कार्यक्रमका प्रमुख सिद्धान्तहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपालको संविधानले आत्मसात गरेको लोककल्याणकारी राज्यको अवधारणा,नागरिकको मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तहरू,समाजवाद उन्मुख अर्थतन्त्र,संघीय शासन प्रणाली अनुरूप संघ,प्रदेश र स्थानीय तह बीचको सहअस्तित्व,सहकारिता र समन्वय,सार्वजनिक,निजी र सहकारी क्षेत्रको सहभागितामा सामाजिक न्याय सहितको आर्थिक विकास र समृद्धिलाई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको सिद्धान्तको रूपमा अंगीकार गरिनेछ।

वार्षिक बजेट तर्जुमा गर्दा कर्णालीवासीको समृद्धिको आकांक्षा,नेपाल सरकारको पन्ध्रौं योजना,कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना,दिगो विकास लक्ष्यहरू,प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम,समृद्ध नेपाल र सुखी नेपालीको दीर्घकालीन राष्ट्रिय आकांक्षामा आधारित समृद्ध कर्णाली,सुखारी कर्णालीवासीको दीर्घकालीन सोचलाई मुख्य आधारको रूपमा लिइनेछ।

नेपालको संविधानमा लिपिवद्ध गरिएका संघ,प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकारका सूची,राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४,अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४,स्थानीय सरकार सञ्चालन ऐन,२०७४,नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन,प्रदेश सरकारको कार्य जिम्मेवारी एवं प्राथमिकता,मन्त्रालयहरूको कार्यक्षेत्र,संस्थागत क्षमता र साधन स्रोतको उपलब्धतासमेतका आधारमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

बजेट प्रणालीमा विनियोजन दक्षता,कार्यान्वयनमा प्रभावकारिता र वित्तीय सुशासन कायम गर्दै उत्पादनमूलक,स्थानीय स्रोत साधनको उपयोग हुने,रोजगारी सिर्जनामा सघाउ पुग्ने र दिगो प्रतिफलयूक्त कार्यक्रम एवं आयोजनाहरूमा बजेट विनियोजन गरिनेछ ।

सबै किसिमका विभेद तथा उत्पीडनको अन्त्य गरी सामाजिक न्याय,समावेशी विकास,सामाजिक संरक्षणसहित आर्थिक सामाजिक समानता कायम गर्ने दिशामा बजेट तथा कार्यक्रम केन्द्रित हुनेछ। यसका लागि प्रदेशभित्रको मानव विकास सूचकांक,बहुआयामिक गरिबी र भौगोलिक विकटता लगायतका विषयहरूलाई आधारका रूपमा लिइनेछ ।

विकास प्रक्रियामा सरोकारवालाको सहभागिता,अपनत्व र योगदानलाई सुनिश्चित गर्न सार्वजनिक,निजी,सहकारी एवं सामुदायिक क्षेत्रसँग सहकार्य एवं साझेदारी गरिनेछ।

नवीनतम प्रविधिको प्रयोग गर्दै स्थानीय ज्ञान,सीप,स्रोत र जनशक्तिको अधिकतम उपयोग एवं परिचालन गरी उत्पादन वृद्धि गर्ने,गरिबी घटाउने र रोजगारी सिर्जना गरी आत्मनिर्भर अर्थतन्त्र विकासको आधारशीला तयार हुने बजेट तथा कार्यक्रम तय गरिनेछ।

गरिबी र भोकमरी अवस्थाको अन्त्य,वातावरणीय संरक्षण र जलवायु परिवर्तन अनुकूलन प्रवर्धनमा सघाउन पुऱ्याउने कार्यक्रममा विशेष जोड दिइनेछ ।

माननीय सभामुख महोदय,

अब म आर्थिक वर्ष २०७८/०७९ को बजेट तथा कार्यक्रमका उद्देश्यहरू प्रस्तुत गर्दछु।

क) कोभिड-१९ लगायतका महामारीको रोकथाम,नियन्त्रण,प्रतिकार्य र उपचार क्षमता बढाउन समन्वयात्मक ढंगले स्वास्थ्य सेवा प्रणालीको सुदृढीकरण एवं विस्तार मार्फत नजिकको स्वास्थ्य संस्थाबाट सहज,निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी नागरिकको जीवन रक्षा गर्ने।

ख) कृषि,उद्योग,खनिज तथा वन लगायतका क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य अधिकार,खाद्य सम्प्रभुता सहितको खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने,साथै ती क्षेत्रबाट रोजगारी एवं स्वरोजगार सिर्जना गरी स्थानीय समुदायको आयआर्जन वृद्धि गर्ने।

ग) रोजगारमूलक,व्यावहारिक एवं जीवनोपयोगी प्राविधिक सीप तथा तालिम मार्फत युवा,महिला तथा समाजमा पछाडि पारिएका समुदाय एवं वर्गको क्षमता विकास गर्ने।

घ) प्रदेश भित्रको भौगोलिक विकटता र क्षेत्रीय असमानतालाई समुचित रूपले सम्बोधन गर्दै दिगो,भरपर्दो,सर्वसुलभ र गुणस्तरीय भौतिक पूर्वाधारको विकास गर्ने।

ङ) अर्थतन्त्रका सबै क्षेत्रको समावेशी एवं समन्यायिक विकासबाट रोजगारीका अवसरहरूसिर्जना गरी जीवनस्तरमा सुधार गर्ने र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने ।

च) वार्षिक कार्यक्रम कार्यान्वयनमा पारदर्शिता एवं प्रभावकारिता अभिवृद्धिका लागि सक्रिय जनसहभागिता,नवीन प्रविधिको उच्चतम उपयोग,वार्षिक कार्यान्वयन कार्ययोजना निर्माण,भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन र प्रशासनिक क्षमता विकास गरी सुशासन कायम गर्ने ।

छ) बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सरकारका निकायहरू बीच उचित समन्वय र सहकार्य गर्ने ।

माननीय सभामुख महोदय,

अब म विनियोजन विधेयक,२०७८ मा समावेश हुने बजेट तथा कार्यक्रमका प्राथमिकता तथा प्रमुख नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्ष २०७८/०७९मा कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले तय गरेका प्राथमिकता र कोभिड-१९ महामारीको संवेदनशीलतालाई सम्बोधन गर्दै सीमित स्रोतको परिचालन गरी अधुरा तथा क्रमागत आयोजना पूरा गर्ने,नयाँ आयोजना अध्ययन गरी कार्यान्वयनमा लैजाने,जनशक्तिको व्यवस्थापन गर्ने र आयोजना बैंक स्थापना गरी लगानी आकर्षित गर्ने नीति अवलम्बन गरिनेछ ।

कोभिड-१९ को विश्वव्यापी महामारीबाट संक्रमितहरूको पहिचान र उपचारका लागि आवश्यक पर्ने औषधि,स्वास्थ्य जनशक्ति,उपकरण र स्वास्थ्य सामग्रीको सहज आपूर्ति एवं उपलब्धताको सुनिश्चित गरी यसको रोकथाम,नियन्त्रण,प्रतिकार्य र उपचारको उचित प्रबन्ध मिलाइनेछ। सोका लागि अत्यावश्यक अक्सिजन आपूर्तिको व्यवस्था मिलाई पर्याप्त आइसोलेसन बेडहरूको व्यवस्थापन गरिनेछ । साथै संघीय सरकारसँगको समन्वयमा कोभिड विरुद्धको खोपको उचित व्यवस्थापन गरी महामारीबाट उन्मुक्तिका लागि आवश्यक प्रबन्ध गरिनेछ ।

आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच स्थापना गर्न आवश्यक पर्ने पूर्वाधार विकास,जनशक्ति र उपकरणहरूको व्यवस्थापन गरी विद्यमान स्वास्थ्य प्रणालीको सुदृढीकरण गरिनेछ। दुर्गम स्थानका बासिन्दाहरूका लागि टेलिमेडिसिन तथा घुम्ती स्वास्थ्य शिविरहरूका साथै जटिल अवस्थाका बिरामीहरूलाई आकस्मिक उद्धार मार्फत उपचार सेवाको व्यवस्था मिलाइनेछ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको हकलाई सुनिश्चित गर्न जमिनको अधिकतम उपयोगबाट कृषि उत्पादन वृद्धि गर्ने,पशुपन्छी पालनबाट मासुजन्य एवं दुग्धजन्य पदार्थको उत्पादन वृद्धि गर्दै व्यावसायिक कृषितर्फ अगाडि बढ्न,रोजगारीका अवसरहरूसिर्जना गर्न र सामाजिक संरक्षणका लागि आवश्यक बजेट तथा कार्यक्रम तय गरिनेछ ।

विपद् जोखिमका हिसाबले संवेदनशील स्थान पहिचान गरी वैज्ञानिक भू-उपयोग नीतिमार्फत भूमि व्यवस्थापन र भूमि बैंकको अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

अन्न उत्पादनमा जोड दिंदै कर्णालीवासीलाई खाद्य सुरक्षाको प्रत्याभूति गरी महामारी र भोकमरीबाट बचाउनु सरकारको पहिलो दायित्व हो। सोका लागि नेपाल सरकार र स्थानीय तहसँगको समन्वय एवं सहकार्यमा खाद्यान्न लगायत अत्यावश्यक खाद्य सामग्रीहरूको सहज आपूर्ति र भण्डारणको व्यवस्था मिलाइनेछ। साथै मासु र दुधमा कर्णाली प्रदेशलाई आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

कोभिड-१९ महामारीबाट स्वदेश र विदेशमा रोजगारी गुमाएका तथा बेरोजगार युवाहरूलाई प्राविधिक तथा व्यावसायिक सीपको माध्यमबाट उद्यमशील एवं स्वरोजगार बनाउन कृषि,उद्योग,वन र पर्यटन क्षेत्रमा आवश्यकीय बजेटको व्यवस्था गरिनेछ ।

मुख्यमन्त्री रोजगार कार्यक्रमलाई रोजगारी सिर्जना,उद्यमशीलता विकास र लक्षित वर्गको जीविकोपार्जनमा सुधार ल्याउने हेतुले कृषि,लघु उद्यम,आयआर्जन,सीप विकास,उपकरण सहयोग लगायतका कार्यक्रममा केन्द्रित गरिनेछ ।

न्यून आय भएका विपन्न परिवारलाई भोकमरीबाट बचाउन खाद्यका लागि श्रम कार्यक्रम सञ्चालन गरिनेछ।

व्यवस्थित बस्ती विकासका लागि छरिएको र जोखिमयुक्त बस्तीलाई लक्षित गरी एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ।

सञ्चार तथा सूचना प्रविधिको विकास र उपयोगका लागि आवश्यक पूर्वाधार निर्माणमा जोड दिइनेछ।

कर्णालीमा रहेको अपार जलस्रोतको बहुउपयोगका लागि निजी क्षेत्रसँग समेत साझेदारी गर्दै आधारभूत स्वच्छ खानेपानीको व्यवस्था,उत्पादन वृद्धिको लागि सिँचाइको व्यवस्था,जलविद्युत उत्पादन र सम्भाव्य स्थानमा जलपर्यटनको लागि पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।केन्द्रीय प्रसारण ग्रीड नपुगेका स्थान एवं बस्तीहरूमा वैकल्पिक ऊर्जा मार्फत विद्युत सेवा बिस्तार गरिनेछ ।

साना तथा घरेलु उद्योग सञ्चालन गरी स्वरोजगार बन्न युवाहरूलाई उत्प्रेरित गरिनेछ। उच्च मूल्यका जडीबुटीको दिगो उत्पादन,संकलन तथा प्रशोधनमा जोड दिँदै वन स्रोतको बहु-उपयोगबाट आय-आर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सुधार गरिनेछ ।

प्रदेशभित्रका धार्मिक,सांस्कृतिक एवं प्राकृतिक सम्पदाहरूको पहिचान गरी तिनीहरूको संरक्षण गर्ने,अभिलेख राख्ने,पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने,प्रचार-प्रसार गर्ने र आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्न सम्बन्धित स्थानीय तहहरूसँग सहकार्य गरिनेछ ।स्थानीय भाषा,संस्कृती,साहित्य,कला र ज्ञानको संरक्षण तथा प्रवर्धनका लागि सम्बन्धित स्थानीय तहसँग सहकार्य गरिनेछ ।

कर्णाली प्रदेशको समग्र उच्च शिक्षा प्रणालीलाई सुदृढ र व्यवस्थित गरी उच्च शिक्षाको अध्ययन,अध्यापन,खोज तथा अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गर्ने कार्य अगाडि बढाइनेछ ।
सबै मन्त्रालयमा परियोजना बैंक स्थापना गरी प्राथमिकताको आधारमा कार्यान्वयन गर्ने विधिको विकास गरिनेछ ।

विषयगत क्षेत्र,भूगोल र पञ्चवर्षीय योजनाका उद्देश्य र लक्ष्यहरूलाई आत्मसात गर्दै निश्चित मापदण्डका आधारमा प्रदेश गौरवका आयोजनाहरू निर्धारण गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

विभिन्न समयमा प्रदेशले सुरु गरेका बहुवर्षीय आयोजनाहरूलाई रकम सुनिश्चितता गरी शीघ्रतापूर्वक सम्पन्न गरिनेछ ।

प्रदेशमा रहेका राष्ट्रिय तथा प्रदेश महत्त्वका आयोजनाहरूमा संघीय सरकारसँग सह-लगानी गरी कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ ।

प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/०७७(२०८०/०८१) ले तय गरेका प्राथमिकता अनुरूप बजेट तथा कार्यक्रम केन्द्रित गरी उक्त योजनाले लक्षित गरेका नतिजाहरू हासिल गर्न सामयिक रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिको विकास गरिनेछ ।

समाजमा रहेका सबै प्रकारका विभेद अन्त्य गर्ने नीति लिइनेछ । लैङ्गिकमैत्री बजेट प्रणालीको माध्यमबाट महिला उत्थान,सशक्तीकरण र विकासका क्रियाकलाप सञ्चालन गरिनेछ। दलित समुदायको शैक्षिक तथा आयस्तर उकास्न उनीहरूको परम्परागत सीप र ज्ञानको संरक्षण गर्दै मागमा आधारित अन्य नयाँ सीप प्रदान गरी आयमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

अल्पसंख्यक,सीमान्तकृत,लोपोन्मुख राउटे,जेष्ठ नागरिक,एकल महिला,तेस्रो लिङ्गी र अपाङ्गता भएका नागरिकको हक हितको संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

राजनैतिक परिवर्तनका लागि भएका ऐतिहासिक जनआन्दोलनहरू,जनयुद्ध र प्रदेश प्राप्तिको आन्दोलनका महान सहिदहरू तथा बेपत्ता योद्धाहरूको योगदानलाई नयाँ पुस्तामा स्थापित गर्न र सहिद तथा बेपत्ता योद्धाका परिवारजन,घाइते तथा अपाङ्गहरूको सम्मान,संरक्षण र जीवनयापनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

माननीय सभामुख महोदय,

बालबालिका भोलिको कर्णालीका सम्भावना र संवाहक दुवै हुन् भन्ने ध्येयका साथ उनीहरूको सर्वाङ्गीण विकास गरी आधारभूत बालअधिकार सुनिश्चित गर्न बालअधिकारका चार खम्बा पहिचान,संरक्षण,विकास र सहभागिता सुनिश्चित गरिनेछ। अभिभावकविहीन तथा सडक बालबालिकाको पालनपोषण र माध्यमिक तहसम्म शिक्षाको सुनिश्चितताका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ।

युवालाई तालिम र रोजगार,समुन्नत प्रदेश निर्माणको आधार भन्ने नाराका साथ युवा जनशक्तिलाई जीवनोपयोगी सीपमूलक तालिम प्रदान गरी उनीहरूलाई उत्पादन वृद्धि र विकासका क्रियाकलापहरूमा सक्रिय सहभागी गराइनेछ। सोका लागि संघ तथा स्थानीय तहसँगको सहकार्यमा प्राविधिक,व्यावसायिक,रोजगारमूलक र जीवनोपयोगी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

अनुशासन र राष्ट्रिय भावना सहितको स्वस्थ नागरिक तयार गर्न र खेलको माध्यमबाट प्रदेशको पहिचान वृद्धि गर्न खेल पूर्वाधारको निर्माण,राष्ट्रिय प्रतियोगिता सञ्चालनको पूर्व तयारी तथा खेलाडीको वृत्ति विकासमा विशेष ध्यान दिइनेछ।

कर्णाली प्रदेशको विकासमा निजीक्षेत्रलाई आकर्षित गर्न कोभिड सामान्य भएको अवस्थामा लगानी सम्मेलन आयोजना गरी आवश्यक नीतिगत,कानूनी तथा पूर्वाधार संरचना विकास मार्फत लगानीमैत्री वातावरण तयार गरिनेछ । सहकारी तथा सामुदायिक क्षेत्रलाई स्थानीय स्रोतको पहिचान एवं परिचालन,उत्पादन वृद्धि र जीविकोपार्जन सुधारका क्रियाकलापमा परिचालन गरिनेछ।

नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा विपद् व्यवस्थापनको लागि पूर्व तयारी,प्रतिकार्य,विपद् प्रभावितलाई राहत र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गरिनेछ। बाढी,पहिरो,आगलागी लगायतका विपदबाट पीडित परिवारलाई उचित राहत उपलब्ध गराइनेछ। विपद् उद्धारमा स्वयंसेवी रूपमा सहभागी हुन युवाहरूलाई उत्प्रेरित गराउनुको साथै उनीहरूलाई आवश्यक प्रशिक्षण र सामग्री उपलब्ध गराइनेछ।

सुशासन,विकास र शान्ति सु-व्यवस्थाका लागि प्रदेश निजामती सेवा र प्रदेश प्रहरी व्यवस्थापनका लागि कानूनी व्यवस्था गरिनेछ। प्रदेशको एकल अधिकार र साझा अधिकारको प्रयोगका लागि आवश्यक कानूनी संरचना तयार गरिनेछ।

आन्तरिक स्रोतको न्यूनता र संघीय सरकारबाट प्राप्त हुने स्रोतमा समेत हुन सक्ने संकुचनलाई मध्येनजर गरी आगामी आर्थिक वर्षमा मुख्यतः उत्पादनमूलक र प्राथमिकतापूर्ण कार्यमा बजेट विनियोजन गरिनेछ।

परिणाममूखी,प्रतिफलयुक्त,सहभागितामूलक,रोजगारमूलक र दीर्घकालीन प्रभाव पार्ने विकास परियोजना कार्यान्वयनमा विशेष जोड दिइनेछ। अत्यावश्यक बाहेक थप आर्थिक व्ययभार पर्ने गरी नयाँ कार्यालयहरू स्थापना गरिनेछैन।

वनलगायत अन्य स्रोतबाट प्राप्त हुने आन्तरिक राजस्व संकलनको दायरा वृद्धि गर्ने तथा सरलीकृत कर प्रणालीको विकास गरी आन्तरिक स्रोतको परिचालनमा जोड दिइनेछ। राजस्व संकलन प्रणालीलाई थप सुधार गर्दै नागरिकले तिरेको करको सदुपयोग सुनिश्चित गरिनेछ ।

विपन्न,दलित,भूमिहीन लगायत विकासको दृष्टिले पछाडि पारिएका वर्ग,समुदाय र क्षेत्रलाई बजेट विनियोजनमा प्राथमिकता दिइनेछ ।

वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहसँगको समन्वय र सहकार्यमा कृषि तथा वनक्षेत्रसँग सम्बन्धित उत्पादनमूलक र स्वरोजगारमूलक उद्यम कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ।

सुशासन प्रवर्धनका लागि शान्ति सुरक्षा,सार्वजनिक सेवा प्रवाहमा सुधार,मितव्ययिता र वित्तीय अनुशासन,पारदर्शी एवं चुस्त खरिद व्यवस्थापन र नतिजामूलक अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

स्वच्छ,सक्षम,निष्पक्ष,पारदर्शी,प्रविधिमैत्री,सहभागितामूलक,उत्प्रेरित र जनउत्तरदायी प्रशासनका लागि कर्मचारी क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ। रिक्त पदहरू पूर्तिका लागि प्रदेश लोक सेवा आयोग मार्फत आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

कर्णाली प्रदेश समन्वय परिषद्,विकास परिषद् लगायतका संरचनाहरूलाई थप सक्रिय बनाई प्रदेशका नीति तथा कार्यक्रमहरू तर्जुमा,बजेट निर्माण,कार्यान्वयन तथा अनुगमनमा जनप्रतिनिधिको भूमिका र स्वामित्व वृद्धि गरिनेछ ।

कर्णाली प्रदेशको विकास,समृद्धि र कर्णालीवासीको खुसीलाई केन्द्रविन्दुमा राखेर यस सम्मानित सभामा खुला र रचनात्मक छलफल गरौं । छलफलबाट प्राप्त साझा निष्कर्षलाई दृढतापूर्वक कार्यान्वयनमा लैजान सकिएमा कर्णाली प्रदेशवासीका महान आकांक्षा पूरा गर्न हाम्रो बजेट प्रभावकारी हुनेछ भन्ने मैले अपेक्षा लिएको छु ।

माननीय सभामुख महोदय,

माथि उल्लेखित आगामी आर्थिक वर्ष २०७८/०७९ को बजेटका सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूलाई थप परिष्कृत गरी बजेट कार्यान्वयनलाई नतिजामुखी बनाउन यस सम्मानित सभामा हुने गहन छलफलले महत्त्वपूर्ण आधार खडा गर्नेछ भन्ने अपेक्षा गरेको छु । मैले प्रस्तुत गरेका बजेटका सिद्धान्त,उद्देश्य,प्राथमिकता र

नीतिहरूमा थप परिमार्जनका लागि माननीय सदस्यहरूबाट प्राप्त हुने सुझावहरूलाई मार्गदर्शनका रूपमा लिई आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

अन्तमा,

प्रदेश सभा नियमावली, २०७४को परिच्छेद-१७ (विनियोजन तथा अर्थ विधेयक सम्बन्धी कार्यविधि) बमोजिम विनियोजन विधेयक,२०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरू यस सम्मानित सभामा छलफलका लागि प्रस्ताव गर्दछु,धन्यवाद ।

**माननीयमाननीय सभामुखः**-माननीय सदस्यहरू अब यो बैठक २०७८ साल जेठ २८ गते शुक्रवार दिउसो २ बजे सम्मको लागि स्थगित हुन्छ ।

## कर्णाली प्रदेश सभा
## आठौं अधिवेशन
## कार्यवाहीको सम्पूर्ण विवरण
## २०७८जेठ २८ गते
## शुक्रवार
## (बैठक संख्या-५)

**राष्ट्रिय धुन,**

**माननीय सभामुखः**माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको आठौं अधिवेशनको पाँचौं बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू प्रमुख प्रतिपक्षी दलका नेता माननीय यामलाल कंडेलले समयको माग गरेकाले उहाँलाई समय उपलब्ध गराउँछु । माननीय सदस्य रोष्टम प्रयोग गर्न सक्नुहुन्छ ।

**माननीययामलाल कँडेलः**- माननीय सभामुख महोदय,म एउटा विषयमा माननीय सभामुखमार्फत स्वयम्माननीय सभामुखको सभामुखमार्फत सभाको र सम्बद्ध पक्षको ध्यानाकर्षण गराउन चाहन्छु । हिजो मात्र सर्वोच्च अदालतले हाम्रो कर्णाली प्रदेशसँग सम्बन्धित एउटा फैसला गरेको अवस्था छ । जुन फैसलाले फैसलाको बारेमा सभा चलिरहकै बेलामा सभामुखमार्फत सभामार्फत नै आफ्नो धारणा दलको धारणा सार्वजनिक गर्नु उपयुक्त लागेर केही कुरा म सभासमक्ष राख्न गइरहेको छु ।

आ-आफ्ना भनाइहरू रहन सक्छन् नै तर हिजोको फैसला पछि हाम्रो प्रदेश सभाको संरचनामा परिवर्तन भएको अवस्था छ । त्यो संरचना संख्यात्मक संरचनामा परिवर्तन भएको एउटा अवस्था छ । वैशाख तीन गते संसदीय अभ्यासमा सामेल हुँदा नेकपा एमालेसँग सम्बद्ध केही माननीय सदस्यहरूले दलको निर्णय विपरीत कामकारवाहीमा भाग

लिनुभएकै कारणले गर्दा दलको सिफारिसबाट पार्टी केन्द्रीय कमिटिको माध्यमबाट प्रचलित कानूनबमोजिम कामकारवाही हुँदा यो संख्या घटेको अवस्था थियो । एउटा व्यक्तिले संस्थाले गरेका कामकारवाहीका बारेमा सम्बन्धित निकायमा आफ्ना भनाइहरूराख्ने कुरा व्यवस्था गरिएकै कुरा हो त्यसलाई कसैले अन्यथा मान्नुपर्ने कुरा नै रहँदैन भन्ने कुरा म राख्नचाहन्छु । नेकपा एमाले शक्ति पृथकीकरणको सिद्धान्तमा विश्वास गर्दछ । अदालतले गरेको निर्णयप्रति हाम्रा केही टिप्पणी होलान् त्यो अदालती प्रक्रियाकै माध्यमबाट व्यक्त गर्नेछ । दलले र पार्टीले तर एउटा सम्मानित अदालतले फैसला गरिसकेपछि त्यसलाई कार्यान्वयन गर्नु हाम्रो पार्टीको कर्तव्य र दायित्व नै हुन्छ । यस अर्थमा म आज खालि साङ्केतिक रूपमा सबै सम्बद्धहरूलाई ध्यानाकर्षण गराउन चाहन्छु । हुनत हाम्रो समाजमा ध्यानाकर्षणले प्रभाव नपार्ने त्यसका निम्ति केही गर्ने तयारीका छ । त्यसो हो भने हामी एमालेमै रहन पायौं भनिएको मागलाई सर्वोच्च अदालतले समर्थन गरेर पूरा गरिदिएको अवस्था छ । त्यसो हो भने संसद भित्रको संरचना बदलिएको अवस्था मैले बताइरहने अवस्था देख्दैन म । अदालतले अर्को व्यवस्था नगर्दा सम्म सर्वोच्चले जे कुरा गरेको छ त्यसलाई नेकपा एमाले सम्मान गर्छ । नेकपा एमाले संसदीय दलले त्यसलाई कार्यान्वयन गर्छ । म यो सभामुखमार्फत सबैका बीचमा नेकपा एमाले संसदीय दलको धारणा राख्नचाहन्छु । म आज सभामुखमार्फतस्वयम् सभामुखको सभामुखमार्फत सबै सम्बद्धको ध्यानाकर्षण गराउन चाहन्छु । संसदभित्र दुई वटा एमाले हुँदैन र छैन । कसले त्यस्तो सोचिरहेको छ भने त्यस पछि मात्रै त्यसका बारेमा कुरा गरौंला । त्यसो हो भने भयो सभाहल भित्र त्यो मयार्दालाई,त्यो सीमा,दायरालाई कायम गर्ने दायित्व र जिम्मेवारीमा रहनु भएका प्रति दलको सहयोग रहन्छ तर म ध्यानाकर्षण गराउन चाहन्छु । यो दलीय व्यवस्थामा यो संसदभित्र मन लागेको ठाउँमा बस्ने व्यवस्था छैन । मन लागेको ठाउँमा बस्ने मन लागेको ठाउँमा काम गर्ने व्यवस्था यो दलीय व्यवस्थामा छैन । त्यसको पालना गराउने ठाउँमा प्रमुख प्रतिपक्षी दल भएको नाताले नेकपा एमाले सहयोग गर्न तयार छ तर कार्यान्वयन गर्ने निकाय उसको दायित्व र जिम्मेवारीको कुरा हो । त्यो नियमावलीलार्य कार्यान्वयन गर्ने कुरा र म विनम्रतापूर्वक अनुरोध र आग्रह गर्न चाहन्छु । हाम्रो कर्णाली प्रदेशमा सुशासन र व्यवस्थाको कायम गर्ने जिम्मेवारी लिएको नियकाले सामान्य अवस्था ठानेर जो लाई जहाँ पायौं त्यही टिपेर शासन व्यवस्था सुशासन कायम गर्न सकिने अहिलेको जुन परिपाटी छ त्यही परिपाटी मेरो विचारमा म भन्दा ऊ बढी जिम्मेवार छ किनभने ऊ सरकारमा छ । हामी प्रतिपक्षमा छौं । खालि म यत्ति भन्न चाहन्छु । आज त म केही भन्न चाहन्नँ त्यस विपरीत कतिपय कामहरू भइरहेको भए पनि तर मलाई के हेक्का छ के थाहा छ भने हामीसबैले सरसम्मान गर्नुपर्ने कतिपयकाम कारवाहीहरू निकट भविष्यमा हुन्छन् नै होला यो सभा भित्र त्यसको समय तालिका निर्धारण हुन्छ नै होला त्यति बेला हामीले थप केही गर्न नपर्ने गरी परिस्थिति निर्माण गर्ने त्यो बाटोमा हिंड्ने

गरी सम्बद्ध पक्षहरूले ध्यान दिनुहुनेछ भन्ने हिसाबले मैले आज यो समय लिएको हुँ । यद्दपि मैले आज थप भनिरहनु प्रदैन । यो सम्बन्धितको दायित्व हो । त्यो जिम्मेवारी सम्बन्धितको हो । यद्दपि हाम्रो देशमा हाम्रो मुलुकमा कतिपय अभ्यास गरिदैछ तर यहाँ भित्र त्यो अभ्यास सम्भव छैन । त्यो अभ्यास शोभनीय हुँदैन । त्यस कारणले म अनुरोध र आग्रह गर्न चाहन्छु । दलको तर्फबाट कि सम्बन्धित तहको अदालतले जे फैसला गरेको छ जे जिम्मेवारी नेपाल एमालेसँग जोडिएको कुरा छ । त्यस अनुसारको सुव्यवस्था प्रदेश सभा भित्र कायम राख्दे दायित्व र जिम्मेवारीमा रहनुहुने नियकाले यो कुरा निकट भविष्यमा मलाई थाहा छैन किन भने हामीलाई एक गते भन्दा अगाडि नीति तथा कार्यक्रम ल्याउनैपर्ने हुन्छ । नीति तथा कार्यक्रम हामी सबैको परम्परा अनुसार प्रदेश प्रमुखले वाचन गर्ने हामी सबैले त्यसलाई सफलतापूर्वक सम्पन्न गर्ने कुरा छ त्यो सबैको दायित्व र जिम्मेवारीको कुरा हो । त्यसलाई समेत हृदयङ्गम गरेर नेकपा एमालेका तर्फबाट तलबितल केही गर्ने कुरा त छैन तर म फेरि पनि भन्न चाहन्छु । त्यो दलीय आचारण विपरीत त्यो दलगत अन्तभिन्नताको गतिविधि प्रकट हुने परिस्थिति नआउने गरी कसरी जानुहुने हो । प्रतिपक्ष दलले खालिझन्डा मात्रै उठाउँछ हैन । प्रतिपक्ष दलले समयमा नै आफ्ना सुझावहरूगम्भीरतापूर्वक सभामुखमार्फतस्वयम् सभामुखलाई र सभामुखमार्फतस्वयम् संसदलाई संसदमार्फत सम्बद्ध निकायलाई बुझाउनु आफ्नो तर्फबाट सुझाव दिनु दायित्व र कर्तव्य ठानेको कारणले गर्दा मैले यो कुरा दलका तर्फबाट हिजोको निर्णय पछिको आफ्नो धारणायो सभामा समक्ष राखेको छु । मेरो विश्वास छ, सबैले यसलाई गम्भीरतापूर्वक लिनु हुने छ, धन्यवाद ।

**माननीय सभामुखः**माननीय सदस्यज्यूहरु नेपाल कम्युनिष्ट पाटी माओवादी केन्द्र कर्णाली सभादलको सिफारिसमा माननीय श्री नरेश भण्डारी र विमला के.सी. सार्वजनिक लेखा समिति र नेकपा कम्यूनिष्ट पार्टी एमाले कर्णाली प्रदेशसभा संसदीय दलको सिफारिसमा माननीय श्री दलरावल अर्थ तथा प्राकृतिक स्रोत समितिमा मनोनित भएको कुरा सभालाई जानकारी गराउँछ छु । माननीय सदस्यहरु कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री गोपाल शर्माले
के विषयमा होला माननीय सदस्य ?

**माननीयगुलावजंग** शाहः-सभामुखज्यू धन्यवाद समयको लागि आज हामी कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ को उद्देश्य,सिद्धान्त र प्राथमिकता र नीतिहरू पेश गर्दै छौं। यी कुराहरूमा यो सभाले माननीय मन्त्रीज्यूलाई चिन्दछ पहिचान गर्दछ हुनत यो बीचमा कुरा राख्दै गर्दा हामी अहिले समयको चापमा छौं । हामी त्यस्तो पात्रको हिजो सरकार पक्षले अध्यादेश ल्याउँदा समर्थन गरेर समयको चापलाई ध्यान गरेर छिटो भन्दा छिटो गर्ने काममा लागेकै हो तर आज यो विनियोजन विधेयक पेश हुँदै गर्दा यसमा कसको दस्तखत हुनुपर्छ । मलाई लाग्छ प्रस्तोता माननीयमन्त्रीज्यूको दस्तखत हुनुपर्छ होला । हाम्रो परम्परा पछियहींछ विगतमा पनि हामीलेयहींगर्दै आइरहेका छौं । अनि यस्तो

विधिवत ढंगले नआएको दस्तावेजमाथि छलफल नगरौं यसलाई केही समय स्थगित गरेर अर्को दस्तावेज ल्याएर छलफल अगाडि बढाऔं भन्ने कुरा राख्नचाहन्छु । यसमा माननीय मन्त्रीज्यूको सिग्नेचर छैन । यसमा अरु कसैलाई यो सभाले चिन्ने छैन र चिन्दैन पनि त्यसैलाई यथाशक्य स्थगित गरेर अर्को दस्तावेज ल्याएर छलफल अगाडि बढाऔं ।

**माननीय सभामुखः**-आसन ग्रहण गरौं माननीय सदस्यहरू

**माननीयगुलावजंग शाहः**-सभामुखज्यू मैले कुरा राखीसके यो सम्मानित सभा हो सम्मानित सभाले सम्माननित सभामा प्रस्तुत हुने दस्तावेजमा माननीय मन्त्रीको हस्ताक्षर नहुँदा यस्तो अवैधानिक दस्तावेजमा कसरी यो सम्मानित सदले छलफल गर्न सक्छ माननीय सभामुख महोदय, त्यसैले केही समय यसलाई स्थगित गरेर अर्को दस्तावेज ल्याएर त्यसमा छलफल अगाडि बढाऔं भनिरहेको छु सभामुख महोदय,

**माननीय सभामुखः**-माननीय सदस्य माननीय मन्त्रीज्यूले हिजो प्रस्तुत गर्नु भएको मूल कपीमा माननीय मन्त्रीको दस्तखत छ त्यसैलाई आधार मानेर छलफल गर्न सकिदैन माननीय सदस्य ।

**माननीययामलाल कँडेलः**- माननीय सभामुख महोदय,त्यहाँ के दस्तावेज छ त्यो सभामुखलाई थाहा हुने कुरा हो । हामीले जे प्राप्त गरौं हाम्रो दस्तावेज हामीले जान्ने कुरा त्यही हो । हामीले प्राप्त गरेको दस्तावेजमा माननीय सभामुखज्यूले भनेको अवस्था छैन । त्यस कारण म विनम्रतापूर्वक भन्न चाहन्छु कतिसमय हामीले दिनुपर्ने हो । हामी दिन तयार छौं तर हामीले प्राप्त गरेको सरकारले विभिन्न ठाउँमा विभिन्न कागजपत्र बुझाउँछ होला । त्यो सम्बन्धितलाई जानकारी हुने थाहा पाउने कुरा हो तर हामीले माननीय सदस्यले पाएका कागज पत्र जे छ त्यस कारणले हामीले जान्ने कुरा त्यही हो । त्यस कारणले म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु ।

समयको विलम्ब नगरीकन हामीले जे उपयुक्त कुरा हो त्यसको सम्बोधन गर्न सरकार आए पछि हामी सहयोग गर्न त तयारै छौं त सभामुख महोदय,त्यस कारणले यसमा बरु विलम्ब नगरीकन समयको बचत गरौं सुधार गरिएको कुरालाई के गल्ती भएको कुरालाई सुधार गरौं छलफललाई सुचारु रूपले अघि बढाउने कुरा गरौं त्यस कारणले हामीले प्राप्त गरेको दस्तावेजको आधारबाट हामीले छलफल चलाउने कुरा हो सभामुख महोदय,त्यस कारणले म माननीय मन्त्री ज्यूले सभामुखज्यूसँग टेवुल गरेको त्यो होला तर हामीले प्राप्त गरेको दस्तावेजमा यो छैन त्यस कारणले समयको विलम्ब नगरीकन ।

**माननीय सभामुखः**-ठीक छ माननीय सदस्य आसन ग्रहण गरौं ।

माननीय सदस्यहरू अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८ जेठ २८ गते
शुक्रवार
(बैठक संख्या-५ दोस्रो बैठक)

**राष्ट्रिय धुन,**

**माननीय सभामुखः**माननीय सदस्यहरू,स्थगित बैठक सुचारु हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारका आर्थिक,मामिला तथा योजना मन्त्री माननीय गोपाल शर्माले सभा समक्ष छलफलका लागि प्रस्ताव गर्नु भएको विनियोजन विधेयक, २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयहरूमा केन्द्रित भई आफ्ना धारणा राख्नका लागि समय निर्धारण गरेको छुँ । सर्वप्रथम माननीय श्री गुलावजंग शाह समय ७ मिनेट ।

**माननीय श्री गुलावजंग** शाहः-माननीय सभामुखज्यू आज म विनियोजन विधेयकमाथि आफ्नो दलको तर्फबाट टिप्पणी गर्न यहाँ उभिएको छु । सर्बप्रथम त माननीय मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । खास गरी आज कोभिडका कारण मूलकमा जुन अवस्था सिर्जना भएको छ । त्यस कारण कोभिडबाट ज्यान गुमाउनेप्रति हार्दिक श्रद्धाञ्जली दिन चाहन्छु भने संक्रमितप्रति स्वास्थ्यलाभको कामना गर्दछु । एउटा कुरा म प्रश्न गर्न चाहन्छु कि सरकारले प्रत्येक वर्ष आफ्नो प्राथमिकताहरू, सिद्धान्तहरू र नीतिहरू पेश गर्ने गर्छ तर समीक्षा गरी हिड्नुपर्छ । कोभिडलाई नियन्त्रण गर्न अहिलेसम्म प्रदेश सरकारले कति ध्यान दिएको छ त ? अहिले प्रदेश अस्पतालमा हेर्दा

हेर्दै मान्छेको मृत्युभइरहेको छ । हामीले के गर्यौं त ?गत वर्ष अर्गानिक प्रदेश भनेर भन्यौं । अब यसपछि के आउने हो ? संवैधानिक व्यवस्थाअनुसार कर्णाली प्रदेशले स्थापना गर्ने उद्योगहरू के के हुन् त ? यस विषयमा हामीले कहिल्यै केलाएर हेरेनौं । हचुवाको भरमा अर्गानिक प्रदेश बनाएर मापदण्ड के ? अनी अर्को कुरा भन्नै पर्नेछ । कर्णाली सरकारले गत वर्ष २४ वटा निर्वाचन क्षेत्रमा एक एक बहुवर्षीय सडक राख्यो तर मेरो निर्वाचन क्षेत्रमा किन राखेन ? यसको जवाफ आर्थिक मामिला मन्त्रीज्यूले दिनैपर्छ । यो कार्यक्रम र नीतिले पनि त्यो कुरा समेटेको छैन भन्ने मेरो बुझाइ हो । त्यसैले माननीय सभामुखज्यू,हामीले प्रत्येक साल,तीन पटक,तीन वटा नीति तथा कार्यक्रम ल्यायौं । यो चौथो हो हामी सबैलाई जानकारी छ । यो कार्यक्रम पहिलो हो कि चौथो हो । प्रत्येक साल तपाईंहरूका अनइट्यालिष्ट कार्यक्रम,कुनै लिगेसी छैन । विगतमा पन्छिनुभयो तपाईंहरूले अर्गानिक क्षेत्र खै त ती कार्यक्रमहरू यसमा बोल्नुहुन्न तपाईंहरू । तपाईंहरूले ल्याएको कार्यक्रमको काम छैन। कुनै पनि कुराको फाइदा छैन । आज यो लेख्या छ, भोलि अर्को लेख्या छ । तीन वर्ष कटिसक्यो चौथो वर्षमा पनि पहिलो वर्षको जस्तो कार्यक्रम ल्याउने । तपाईंहरूमाथि के विश्वास,त्यसै संघीयताप्रति न आम मानिसले अविश्वास गर्ने,आशंका पैदान हुने खालको नीति तथा कार्यक्रम र बजेट ल्याउनुहोस् । हामीलाई थाहा छ,यो संसद,यो रोष्टम प्रयोग गर्न दिने पक्षमा हुनुहुन्थेन । यो कुरा पुष्टि सहित हामी भन्न चाहन्छौं । हाम्रो दलको नेताले भनिसक्नुभयो । हाम्रो दलको नेताको पहलमा,सभामुखज्यूको अगुवाइमा,अग्रसरतामा दलीय बैठक नबसेको भए,सर्वदलीय बैठक नबसेको भए तपाईंहरू सदन बोलाउनुहुन्थ्यो। बोलाउनु हुन्थेन किनकि तपाईंहरू चोर बाटो हिड्न चाहनुहुन्छ । जसरी सर्वोच्चले २८ गते जुन आदेश गरेको थियो,खै त त्यो पालना भएको । मैले दललाई मात्र भनेको छैन हाम्रो दलको नेताले भनिसक्नु भएको छ । हामी नीति,नियम,कानून केही पनि पगड्न्यावाला छैनौं । आफ्नो हातमा कलम छ भनेपनि हामी लेख्ने पक्षमा छौं । मलाई लाग्छ,तपाईं हाम्रा कारणले संघीयता माथि प्रश्न उठेको छ आज । संघीय सरकारको अनुदानमा बाँचेको प्रदेश सरकार मनलाग्दो तरिकाले खर्च गर्ने । मलाई लाग्छ यस्तो नगर्नुहोस् । मैले भने मुख्यमन्त्री रोजगार कार्यक्रममा जिल्ला छनौट समिति छ त । त्यसले गरेको योजना किन पास गर्नुभएन । किन चोर बाटोबाट आएका योजना पास गर्नुभयो । आज बेथितिपूर्ण ढंगले सरकार चलाइरहनु भएको छ त । गतवर्ष लेखा समिति रेकर्ड छ । असारको अन्तिममा लाखौं,करोडौं रकमान्तर गरेका दृष्टान्त छन् । भर्खरै मात्र सामाजिक विकास मन्त्रालयमा १ अरब ११ करोड ९९ लाख रुपैयाँ तपाईंहरूले रकमान्तर गर्ने काम गर्नु भएको छ । यदि तपाईंहरूलाई यस्तो रकमान्तर गर्ने बानी परेको छ भने अहिले यो कार्यक्रममा समावेश किन नगरेको । अर्को कुरा कोभिडमा तपाँहरूको महत्त्व के हो ?कोभिडमा प्रदेश सरकारको भुमिको केहो ? मर्नबाट बचाउने अभियान के हो ? यसमा फोकस गरेर र विकासलाई पनि प्राथमिकता राखेर आगामी तपाईंको नीति तथा

कार्यक्रम राम्रो आउनेछ । सबैलाई पाच्य ढंगले आउनेछ । सबैले स्वीकार्ने खालको आउनेछ भन्दै कुरा सुझाव राख्दै विचार राख्नचाहन्छु । हवस्त नमस्कार धन्यवाद ।

**माननीयसभामुखः**-विनियोजन विधेयक २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमाथिको छलफल आजै समाप्त हुने भएकाले बोल्न चाहनेमाननीय सदस्यहरूले सभामुखको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई नाम टिपाउनुहोला । आफ्नो धारणा राख्न बाँकी माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु । अब माननीय श्री विमला के.सी. यसपछि माननीय श्री ठम्बरबहादुर विष्ट तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री विमला केसीः**-माननीय सभामुख महोदय,हामी विश्वव्यापी फैलिएको कोभिड-१९ का कारणले ढिला गरी यो विनियोजन विधेयक २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमाथिको छलफल गरिरहेका छौं । यो गरिमामय सदनमा उभिरहँदा कोरोना संक्रमणको दर बढिरहेको छ तर केही मात्रामा फेरि पनि आशाका संकेतहरू अलिअलि कन्ट्रोल हुन खोजिरहेको पनि हामीले सूचना लिइरहेका छौं । त्यसो गर्दा आज सम्झिनै पर्छ कोरोनाका कारण मृत्युहुने हाम्रा जनप्रतिनिधिहरू,पूर्वमन्त्री मोतिप्रसाद पहाडी,पूर्व सांसद रत्नप्रसाद न्यौपाने,त्रिपुरासुन्दरीका मेयर ओमप्रकाश बुढा,स्वास्थ्यकर्मी पहिल्यै भएपनि डा. हरी सापकोटा,दुर्गम जिल्लामा अलि बढी मुत्युदर भइरहेको छ । हाम्रो पार्टी जिल्लाको माओवादी केन्द्रको सदस्य तथा सानीभेरी गाउँपालिका अध्यक्ष टेकबहादुर पाण्डे शिक्षक,शसिराम सार्की वडाध्यक्ष,विजय चन्द कर्मचारी,जयशंकर विक लगायतका ३० जना मात्रै मान्छे अहिले रुकुममा मृत्युभएको छ । जम्मा २५० जना व्यक्तिले प्रदेशभर कोरोनाबाट ज्यान गुमाएका छन् । उहाँहरू सबैप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनप्रति समवेदना प्रकट गर्दछु र सबै संक्रमितप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । सभामुख महोदय, कर्णाली सरकारले प्रस्तुत गरेको यो विनियोजन विधेयक, २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूको सन्दर्भमा हामी चौथो पटक छलफल चलाउँदैछौं । हामीले चौमासिक बजेट ल्याएका थियौं । आर्थिक कार्यविधि ऐनले बजेट ल्याउनु न्यूनतम एक महिना अघि प्रि बजेट ल्याउनुपर्ने कानूनी व्यवस्था छ तर सरकारले अध्यादेश मार्फत अघि बढाएको छ । यो हाम्रो बाध्यता हो र सँधै हाम्रा नीति तथा कार्यक्रम राम्रा नै हुन्छन् यसमा हामी सबै एकमत हुन्छौं । प्रतिपक्ष र विपक्षी कोही हुँदैनौं । नेपाल सरकारको १५ योजना र कर्णाली सरकारको प्रथम पञ्चवर्षीय योजना र दिगो विकासका लक्ष्यहरूलाई आधार बनाएको देखिन्छ । पूर्वाधार,आर्थिक,मानवीय र मानवीय विकासलाई संघसँगै लैजाने गरी समावेश गरेको छ । सरसर्ती हेर्दा विनियोजन विधेयक, २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमा ठीक छैन भन्ने केही छ जस्तो लाग्दैन र एउटा कुरा छुटेको जस्तो लागेको सहयोगापेक्ष कर्णाली प्रदेश

घोषणा गरियो तर त्यसको व्यवस्थापनको कुरा यहाँ छुटेको जस्तो लागेको छ । अरुअरु कुरा आयो यो कुरा पनि नछोडियोस् । विशेष गरी यसको कार्यान्वयनको कुरा नै महत्त्वपूर्ण हो। हामी सोचेअनुसारको विकासको गति लिन सकेका छैनौं । प्रतिपक्षी र सत्ता पक्ष मिलेर भ्रष्टाचार न्यूनीकरण मा लागौं । असारमा मात्रै बजेट खर्च गर्ने प्रवृति घटेको छैन। त्यसलाई घटाउ, सबै कुरा ठीक छन्, सही छन्, राम्रा छन्, सुन्दर छन् । कर्णालीको सपना यसमा देखिन्छ र गरिबीन्यूनीकरण गर्ने सपना पनि यसमा देखिन्छ । यसमा सकारात्मक धारणा राख्दै कार्यान्वयनमा अघि बढौं भन्दै मेरो धारणा राख्दै बिदा हुन्छु,धन्यवाद ।

**माननीयसभामुखः**-अब माननीय श्री ठम्मरबहादुर विष्ट यसपछि माननीय श्री कौशिलावती खत्री तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री ठम्मरबहादुर विष्टः**-माननीय सभामुख महोदय,हामी विनियोजन विधेयक २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमाथि छलफल गरिरहेका छौं । यस सन्दर्भमा वास्तवमा यो इतिहासको एउटा कालखण्डमा हामीले धेरै पटक दोहोऱ्याएका पनि छौं कि संघीयताले छुटै बरदान दिएको हो भने प्रदेशको संरचना नै नयाँ कुरा हो । नेपालको उत्पत्तिदेखि र इतिहासको उत्पत्तिदेखि हामीले पाएको कुरा पनि यहीं हो तर अहिलेको मात्रै कुरा भएन समग्र विषयमा कसरी अघि बढ्ने भन्ने हो । यो भन्दा अघि हामीले तीन वटा यस्ता विनियोजन विधेयक पास पनि गरिसकेका छौं तर यसलाई हामीले संघीयतासँग म्याच हुने गरी कसरी विकास गर्न सक्छौ भन्ने हामी सबैलाई एउटा चुनौती पनि छ । यसमा पनि समाजवाद भनिएको छ । यसमा हामी विकास भएर जान सक्छौंकि सक्दैछौं भन्ने प्रश्न आएको छ । अब समस्या भनेको नारामा,कार्यक्रममा र नीतिमा होइन तर यसको कार्यान्वयनको धरातलमा जान जरुरी छ । यहाँ कृर्षि उद्योग खनिज र वन भनेर जोडेको छ र यसमा मलाई के लाग्छ भने कृषि र वनसँग जोड्दा ठीकैहोला तर खनिज र उद्योगलाई छुट्टै शीर्षकमा राख्दा ठीकै होला । जहाँसम्म यो भुमि बैंक,लगानी बैंक भनिएको छ । तर एउटै बैंकमा जाउँ । धेरै बैंक भनेर काम छैन । र कोभिडका विषयमा खोप लगाएपछि सकियो अरु संरचना त बनाउनुनै पर्नेछ । दोस्रो कुरा यो मुख्यमन्त्री रोजगार भन्ने छ । यसलाई मुख्यमन्त्री जनता रोजगार भन्दा राम्रो होला । र अर्को कुरा यहाँ जडीबुटी हव भनिएको छ । यसमा हामीले अपर कर्णालीलाई बनायौं भने राम्रो हुन्छ जस्तो लाग्छ । अर्को अल्पसंख्यक राउटे मात्रै भनिएको छ तर अल्पसंख्यकमा राजी,राउटे लगायतका धेरै पर्दछन् । सरसर्ती विषयबस्तुहरूमा ठीकै छर अर्को एउटा प्राकृतिक प्रकोप बाढिपहिरोको विषयमा यसमा ठोस गरिएको छैन । जहाँ बाढिपहिरो र प्राकृतिक विपत्तिबाट पीडितलाई फाइल ल्याउ भन्यौं हामीले कति गएका छन्। त्यो निर्णय नभएर बिरामीहरूको हकमा पनि दर्जनौ फाइल भरिएका छन् । पहिले सरकारले एउटा स्पिडको रूपमा बोलेको पनि

हो । त्यसकारण सरकारले यसलाई पनि कार्यान्वयन गरेर गयो भने एउटा ठूलो म्यासेज यसले दिन्छ । कोभिडले थलिएका जनतालाई थोरै भएपनि मल्हम लगाउँछ । त्यसकारण यी कुरा जोडेर सरकारले अझै परिष्कृत गरेर ल्यायो भने प्रदेशको वास्तविकतालाई आझ पक्रेर जानेछ,धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री कौशिलावती खत्री । यसपछि माननीय श्री दल रावल तयारी अवस्थामा रहनुहोला ।

**माननीय कौशिलावती खत्रीः**-माननीय सभामुख महोदय,सर्वप्रथम त म कर्णाली प्रदेश लगायत देशभर कोरोनाबाट ज्यान गुमाउने नागरिकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । हाम्रो पार्टीको नेता रत्नप्रसाद शर्मा,डोल्पा त्रिपुरासुन्दरी नगर प्रमुख ओमबहादुर बुढा,रोप्पा पार्टीअध्यक्ष लगायत कोभिडबाट ज्यान गुमाउने सबैप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । जुन कोभिडसँग आफ्नो ज्यानलाई थाति राखेर लडिरहनु भएको छ प्रदेश सभा सदस्य चन्द्रबहादुर शाही लगायत सबै संक्रमितप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । आज म कर्णाली प्रदेश विनियोजन विधेयक २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमाथि छलफल गर्न यो रोष्टममा उभिरहेको छु र विगतका तीन नीति,सिद्धान्तमाथि छलफल नगरेको होइन । छलफल भएका कर्णप्रिय मात्रै रहे नेत्रप्रिय रहेनन् । कार्यान्वयन कति भए । यसको कुनै नीति धरातल छैन,अन्धाधुन्ध ल्याइएको छ तर पनि हाम्रो दल यसमा सकारात्मक छ । नीति तथा कार्यक्रममा समावेश बुँदा र हाम्रो आर्थिक हैसियतसँग कुनैपनि कुरामा मेल खादैन । नीति तथा कार्यक्रममा ल्याउँदा सबै पार्टीसँग छलफल भएन । अबको आवश्यकता के हो । विगतमा हामीले गरेका राम्रा र नराम्रा काम के हुन् । त्यसको समीक्षा गर्नुपर्छ कि पर्दैन । कुन कार्यक्रम ल्याउँदा त्यसको प्रभाव के पर्छ,जनताको पक्षमा कस्तो कार्यक्रम ल्याउनुपर्छ कुनै लेखाजोखा नै छैन। यो नीति तथा कार्यक्रम कुहिरोमा उडिरहेको काग जस्तो छ । केही नीति तथा कार्यक्रमका बुँदा गन्तव्य विहीन छन् । विभेदकारी छन् र अनउत्पादन मूलक छन् । यसका पुष्टि के हुन् भनेर म माननीयसभामुखमार्फत कर्णाली प्रदेशलाई सुझाव दिन चाहन्छु। मैले यस भने नीति तथा कार्यक्रम विभेदकारी छ यो कसरी छ भने हिमाली क्षेत्रमा भेडा बाख्रा पाल्नेलाई प्रोत्साहन गर्ने भनिएको छ । त्यहीँ हिमाली प्रदेशमा चौरी पालन गर्ने र घोडा पालन गर्ने किसान होइनन् । त्यसको अर्थमा यो विभेदकारी छ कि छैन । जीवननिर्वाह भत्ताको परिकल्पना गरिएको छ । सशक्त र अपांगता भएका व्यक्तिलाई अन्य प्रकृतीबाट जीवनभर अशक्त भएकालाई दिनुपर्छ कि पर्दैन यो विभेदकारी नीतिको अर्को उदारहण हो । कर्णाली करिडोर जस्तै भेरी करिडोरका लागि समेत वृक्षारोपण लगायतका काम गर्नको लागि योजना ल्याइनुपर्ने हो । त्यहाँ जनता नै नभएको जस्तो गरिएको छ । नीति तथा कार्यक्रममा यस्ता विभेदकारी कार्यक्रम ल्याउनुहुँदैन । अनुत्पादक क्षेत्रमा

नीति तथा कार्यक्रम केन्द्रित भएको मैले देखेको छु । जीविकोपार्जन र रोजगारीलाई प्राथमिकता दिएर जनतालाई उत्साहित पार्नु भन्दा पशुपतिको यात्रा सिद्धको व्यापार भने झै नीतिगत रूपमा अमूक कार्यकर्ता भरणपोषण गर्ने हिसाबले आएको छ । यस्ता कार्यक्रमबाट कर्णालीवासीलाई कसरी न्याय दिन सकिन्छ । मेरो प्रश्न,समृद्ध कर्णाली र सुखारी कर्णालीवासी कसरी हुन सक्छ । यस्ता कार्यक्रम सच्याउन आवश्यक छ । नीति तथा कार्यक्रमको गन्तव्य किटान छैन । हामी कहाँ जान खोजेका छौं । विगतका लोकप्रिय कार्यक्रमहरू,निर्वाचन क्षेत्र विकास कार्यक्रम,जनता सडक जस्ता कार्यक्रमको नामै उल्लेख गरिएको छैन । यसरी लोकप्रिय कार्यक्रम हराउँदै जानु राम्रो होइन । नीति र सिद्धान्तमा ल्याइन्छ तर जुन बजेट लक्षित वर्गमा जान्छ त्यो अनुगमन गर्ने निकाय नभएर लक्षित वर्गले लाभ लिन सकेका छैनन् । मेरो सुझाव के छ भने तटस्थ बजेट कसरी ल्याउछ ? मेरो सुझाव के छ भने तटस्थ बजेट कम मात्रामा विनियोजन गरेर यो नीतिको सम्मान हुने गरी बजेट ल्याओस् । बाँकी हाम्रो सचेतकज्यूले जे भन्नुभयो त्यसमा समर्थन गर्दै म भनाइ टुङ्ग्याउँछु,धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री दल रावल । त्यसपछि माननीय श्री देवि ओली तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री दल रावलः**-माननीय सभामुख महोदय,यो अत्यन्तै महत्त्वपूर्णविषयमा भाग लिने मौका दिनुभयो । यसका लागि धन्यवाद छ र यो विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिडबाट हाम्रो थुप्रै नागरिकले ज्यान गुमाउनु परेको छ उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । माननीय चन्द्रबहादुर शाही अहिले पनि अस्पतालमा हुनुहुन्छ उहाँ लगायत सबै संक्रमितप्रति शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु र यो महत्त्वपूर्ण घडिमा उभिरहँदा आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले हिजो मात्रै संसदमा टेबुल गर्नुभएको छ । कर्णाली प्रदेश आर्थिक विनियोजन विधेयक, २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरू । अब यो डकुमेन्ट हेर्दाखेरिमाननीय प्रदेश प्रमुखबाट प्रस्तुत हुने जस्तै जस्तै नीति भएको मलाई अनुभूती भयो । मलाई लाग्छ,हिजोदेखि आजसम्म बोल्ने माननीयज्यू सत्तापक्षका माननीयहरूलाई बोलौंबोलौं लाग्दा पनि समर्थन गर्नैपर्ने जस्तो,विपक्षका माननीयज्यूहरूलाई दुई चार राम्रा लागेपनि अलिअलि आलोचना गरिहाल्ने जस्तो देखियो । त्यस्तो त्यस्तो देख्छु । ठीक छ यो पास गर्दाखेरि दलीयह्विप लाग्छ मान्नुपर्ने हुन्छ तर छलफल गरेर यसलाई राम्रोसँग अगाडि जानुपर्छ । यदि सरकारले मान्यो भने,मान्ला जस्तो त मलाई लाग्दैन । कर्णालीको भाग्य र भविष्य जोड्ने कुरामा हामी सबै न सत्तापक्ष र न प्रतिपक्ष नभनेर एकताबद्ध भएर जानुपर्छ भन्ने मेरो मान्यता छ । त्यो चाहिँ हाम्रो मूल्य र मान्यता हो । त्यसो भएन भने हिजो हामी अरुलाई गाली गर्ने स्थानमा थियो। आज आफैं सरकार छौं । त्यसको जवाफदेही आफैं हुनुपर्नेहुन्छ । सरकारलाई म के धन्यवाद दिन चाहन्छु भने,पहिलो एक

वर्षमा एमाले र माओवादी मिलेर बनेको एउटै पार्टीको सरकार थियो । त्यहीँ सरकारले तय गरेका नियमित कार्यक्रम नियमित गरिएका छन् । अझ हिजो मैले नेतृत्व गरेको मन्त्रालयको नीति तथा कार्यक्रम त हुबहु छ भन्दा पनि हुन्छ । केही केही नयाँ ल्याउन खोजिएछ,बिगारिएछ । यसका लागि सरकारलाई म धन्यवाद दिन चाहन्छु । त्यसपछि नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालसम्म आइपुग्दा सम्म आफ्नो ठूलो बलिदानी गर्ने,विभिन्न आन्दोलनमा आफ्नो ज्यानको आहुती दिने गौरवगाथा बोकेका सहिदहरूलाई भत्तामा रूपान्तरित गरेर सरकारले गर्न खोजेको छ । माननीयज्यूहरूले धेरै राम्रो भयो भन्नु भएको छ । मलाई लाग्छ उहाँहरूको योगदान भत्तामा मात्र सीमित छैन । सरकारले कसरी सम्बोधन गर्न सक्छ,त्यसको लागि बृहत छलफल गरौं । मलाई लाग्छ यो नीति तथा कार्यक्रम सैद्धान्तिकरूपमा सही दिशामा छैन । अर्थतन्त्रको जग बलियो बनाउने गरी आएको छ,आर्थिक विकासको क्षेत्रलाई बलियो बनाउने गरी आएको छ । न त मानवीय पुँजी निर्माण गर्ने गरी आएको छ । केवल यो वितरणमूखी अलि छरिएको जस्तो,सबैले भनेका राखिहाल्यौ न भनेको जस्तो भन्ने ढंगले बाक्लो किताब हुने गरी कन मात्रै आएको छ । मलाई लाग्छ,हाम्रो बजेट सानो छ,अर्थतन्त्र पनि सानो छ,जिडिपीमा हामी जम्मा ४ प्रतिशत मात्रै योगदान गर्छौं । अब कसरी उत्पादनसँग,ठूला संरचनाहरूसँग,मानवीय पुँजी निर्माणमा हामी अगाडि बढ्न सक्छौं। यसमा नीति तथा कार्यक्रम केन्द्रित भएको मैले पाइन । कार्यकर्तालाई खुसी पारिहालौं कि पार्टीलाई केही गरिहालौ कि भन्ने ढंगले आएको जस्तो मलाई लाग्यो । यस्ता कुरा सुधार गरेर जानुपर्छ । कर्णालीको अर्थतन्त्र विकासका लागि हामी सबैको दायित्व हो । त्यसपछि स्वास्थ्य क्षेत्रलाई पहिलो प्राथमिकता दिइएको छ दिनुपर्छ,अहिले यो कोभिडको कुरा मात्रै होइन । हाम्रो कर्णालीको स्वास्थ्यस्थिति एकदमै कमजोर छ । यसलाई संस्थागत रूपमा विकास गर्दै जानुपर्छ तर केही अत्यन्त महत्वाकांक्षी विकासको एउटा चरण छ । हामीले एउटा सपना देख्नुपर्छ । त्यसपछि डिजाइन हुन्छ । सरकारले सपना त देखेको छ तर त्यो अवैज्ञानिक छ । अहिले डिजाइनको फेजमा हामी छौं । हाम्रो मूल्य र मान्यता यहाँहरूले स्वीकार गर्नुहुन्छ भने यसलाई राम्रोसँग डिजाइन गरौं । यसको परिणाम राम्रोसँग आउँछ । हामीले जनतालाई खुसी बनाउन सक्छौ । त्यो भएको नाताले सपना,डिजाइन र डेलिभरी यी विकासका चरण हुन् । सरकारले त पाँच सय बेडको सरुवा रोग अस्पताल सुर्खेतमा बनाउँछु भन्दियो । यस्तो सपना देखेको छ सरकारले । म आफैं पनि विभागीय मन्त्री भएर काम गरेको अनुभव छ, सहज छैन । एनेस्थेसिया इस्पेलिष्ट डाक्टर चाहिन्छ,क्रिटिकल केसहरू हेर्नको निम्ति । अहिले सुर्खेतमा १ जना र जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ५ जना छन् । तपाईंहरूको ५ सय बेडको अस्पताल कसरी चल्छ । आइसियु,भेन्टिलेटर सञ्चालनको निमित्त त्यस्तै खालको जनशक्ति चाहिन्छ । हामीसँग जनशक्ति कहाँ छ । बोलिहाल्न मात्रै हुँदैन । हामीसँग क्षमता के हो,जे सामर्थ छ । त्यसलाई केन्द्रित गरेर बोल्यौ भने ठीक हुन्छ ।

त्यसपछि सुर्खेतको अस्पताल छ । त्यसलाई गौरवको योजना भनेका छौं । गत वर्षको नीति तथा कार्यक्रममा विशिष्टकृत अस्पतालको रूपमा विकास गर्छौं भनेको थियो तर यो वर्ष घटुवा भएर के आएछ भने विशेषज्ञ सेवा दिने । हामीले भनेको के हो भने जिल्लाका अस्पतालहरूले विशेषज्ञ सेवा दिन्छन् यो चाहिँ अति विशिष्ट सेवा दिने अस्पताल भनेका थियौं । को विज्ञले नीति बनाउन सहयोग गरेका हुन् । सरकारले ल्याइदियो । प्रतिगमनका भाषण गर्नेहरूले प्रतिगामी नीति तथा कार्यक्रम ल्याउन मिल्छ । त्यसै गरी कतिपय संघीय सरकारसँग समन्वय नगरी नहुने कार्यक्रम छन् । स्वास्थ्य क्षेत्रमा पनि हामी कोभिडको उपचारको लागि औषधि ल्याउन सक्दैनौ । स्थानीय तहमा अस्पताल निर्माणका लागि संघीय सरकारसँग समन्वय गर्नुपर्ने हुन सक्छ । यो सरकारले संघीय सरकारसँग समन्वय गर्ने भन्ने शब्द हाल्न पनि कञ्जुस्याइँ गरिएको छ । त्यसो नगरौं,किन भने तीनै तहको सरकार संघीयता सुन्दरता हो । समन्वय गरेर अघि बढ्नुपर्ने हुन्छ जसले कर्णालीको समृद्धि ल्याउन सक्छौं। यसतिर सरकारको ध्यान आकृष्ट होस भन्ने म चाहन्छु । मेरो विचारमा विकासका लागि कर्णालीमा सत्तापक्ष र प्रतिपक्ष हुँदैन। राजनीतिमा सत्तापक्ष र प्रतिपक्ष हौंला तर कर्णालीको विकास र समृद्धिको लागि सबै एक भएर बढ्नुपर्छ भन्नेकुरा पनि म आह्वान गर्न चाहन्छु। माननीय मन्त्रीज्यूले यो बुँदा नम्बर ५४ मा लास्टमा आह्वान गर्नुभएको छ । मलाइ यो खुसी लाग्यो । सत्तापक्ष,प्रतिपक्ष सबै एक भएर अघि बढौं खुला हृदयले छलफल गरौं भन्नु भएको छ । मलाई एकदम खुसी लागेको छ । त्यो चाहिँ भाषणमा मात्रै सीमितनहोस् । साँचै माननीय मन्त्रीज्यू विगतमा सरकारले ल्याएको बजेट ठीक भएन भनेर एक नम्बरमा हस्ताक्षर गर्ने माननीय मन्त्रीज्यू आफैं हुनुहुन्छ । त्यसै गरी २०० राष्ट्रमा आफ्नो छुट्टै पहिचान बनाउनसक्ने सत्तारुट दलको प्रमुख सचेतक बन्नुभएको छ । भोलि उहाँले रोष्टम घेर्ने अवस्था फेरि नआओस् म शुभकामना दिन चाहन्छु,धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री देवि ओली त्यसपछि माननीय श्री पदमबहादुर रोकाया तायारी अवस्थामा रहनुहोला ।

**माननीय श्री देवि ओलीः**-माननीय सभामुख महोदय,सर्वप्रथम कर्णाली प्रदेश आर्थिक विनियोजन विधेयक २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमाथिको छलफलको क्रममा कोभिड-१९ बाट मृत्युहुने सम्पूर्ण महानुभावलाई हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । शोकसन्तप्त पविारजनमा गहिरो समवेदना छर संक्रमणमा रहनु भएका सम्पूर्ण बिरामीहरूको स्वास्थ्यलाभको कामना गर्दछुर सरकारले उचित उपचारको व्यवस्था गरोस् । सर्वप्रथम सरकारलाई र माननीय अर्थमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु। नियम निलम्बन गरेर भए पनि संसदलाई छल्ने हिक्मत गर्नुभयो । हामीलाई आशंका थियो बजेट अर्कै बाटोबाट आउँछ कि संसदको सदनको गरिमा र महत्त्वलाई जसरी सरकारले लिएको छ । यसलाई धन्यवाद छ । अर्कोकुरा प्रदेश सरकारको

नीति तथा कार्यक्रम हेर्दा ल्याउनै पर्ने बाध्यात्मक अवस्थामा ल्याएको जस्तो मैले महसुस गरेकी छु । आज यो छलफल चलिरहँदा खेरि मलाई लाग्छ,विगत ३ वर्षदेखि आएका नीति तथा कार्यक्रम र बजेटहरूले कर्णालीवासीका समस्या कति सम्बोधन गर्न सक्यो र त्यो बजेटले प्रतिफल हासिल कति गर्न सक्यो त्यो समीक्षा पनि हुनु पर्‍यो । सरकार भन्ने बित्तिकै जनताको एउटा अभिभावक हो । सरकारले आफनो ढुकुटी बलियो बनाउनुपर्छ । अहिले सम्म अनुदानमा चलिरहेको सरकार भएका कारण पनि होला । मागेर ल्याएको चिज बाँडेर सिधाउनैपर्छ भन्ने सोच भएर पनि होला । जसरी सुरुको आर्थिक वर्षको नीति तथा कार्यक्रममा बजेट सक्नै पर्ने गरी आएको थियो । त्यो सच्चिन्छ होला मैले आशा गरेको थिए,तर जति संरचनाहरू सरकारका जिल्लासम्म विस्तारीतहुँदै गए । स्थापित हुँदै गए त्यसमा कुनै रूपान्तरण भएको आज महसुस भएको छैन । स्वास्थ्यको कुरा कोभिडको विषयमा हामी एकवर्ष अगाडि पनि छलफल गरिरहेकै थियौं । कर्णालीवासीको जीवन रक्षाको निम्ति स्वास्थ्य क्षेत्रमा जति बजेट चाहिन्छ हामीले लगाउनुपर्छ तर त्यसको कार्यान्वयनमा हेर्दा खेरि भूगोलमा आज फरक छ । सभामुख महोदय,म आफैं अन्यौलमा छु । आज सत्तापक्षकै माननीयज्यूले भनिरहनु भएको छ । अक्सिजन नपाएर जनता मरिरहँदा खेरि सरकारले मंसिर,पुसतिर त्यसको टेन्डर गरेर मिनी अक्सिजन प्लान्ट जडान गर्न जुन कार्यक्रमको अख्तियारी दियो । आउँदा खेरि कन्सनट्रेटर मेसिन आयो तर मिनि अक्सिजन प्लान्ट र कन्सनट्रेटर एउटै हो भन्ने हो भने आज जनताको अवस्था स्थिति अथवा चेतना के होला । हामी कुनै प्राविधिक होईनौ । म त्यो आँखाबाट हेर्न पनि चाहन्नँ । एउटै होला अहिले त्यो कुरा सुनेपछि त्यो पनि लाग्छ तर धेरै हंगामा भएसी १० वटा जिल्लाको हामीले सबै सूचना संकलन गरेका छौं । त्यस कारण सरकार जवाफदेही हुनुपर्छ। पारदर्शितालाई ध्यान दिनुपर्छ । जग्गा कसको जोत्नेको घर कसको पोत्नेको । यो नारा लगाएर कठिन संघर्ष र युद्ध गरेर आएका हामी जन प्रतिनिधि जसले आज सरकारको नेतृत्व निरन्तर गरिरहनु भएको छ । त्यसकारण आज हामी बाध्य छौं । खुकुरीको पिर अचनालाई मात्र थाहा हुन्छ भन्ने कुरा आज पनि हामीले पुरानो गाउँले उखानलाई हामीले यहाँ वाचन गर्नु पर्ने भन्नु पर्ने स्थितिमा हामी छौं । सभामुख महोदय,लोक कल्याणकारी शासन व्यवस्थाको एउटा मात्र ईटा अथवा जग हामीले बसाल्ने हो भने आज हाम्रो प्रदेशमा भएका राउटे समुदायलाई राउटे समुदायमा आएको बजेट सिध्याउनको निर्मित मुख्यमन्त्रीज्यू गएर कुनै पर्वमा त्यहाँ खानाको व्यवस्था पनि गरेको हामीले पाएका थियौं तर त्यो समुदायलाई हामीले कुन ठाउँमा कसरी राख्ने भन्ने किटानीका साथ नीतिमा किन आउदैन एउटा शब्द राखेर त्यो पछि आफनो अनुकूलतामा कार्यान्वयन गर्न अवस्था स्थिति हामीले देखेका छौं । त्यसैगरी तीन चार महिना अगाडि सरकारको तर्फबाट अहिले पनि नीति कार्यक्रम आएको छ,बादी समुदाय । सरकारले सम्झौता गर्छ । सबै कुरा समस्या समाधान गर्न भनेर तर कार्यान्वयनमा जाँदा खेरि त्यो सम्झौता अनुसारका सम्झौतामा भएका बुँदाहरू हेर्दाखेरि

त्यो आन्दोलनलाई मत्थर पार्नको लागि मात्र गरिएको हो त । आज ती समुदायका नागरिकहरूले यहाँ प्रश्न गरिरहनु भएको छ । यसलाई सरकारले कसरी सम्बोधन गर्न सक्छ । थोरै मात्र संख्यामा रहेको कर्णालीका बादी समुदायलाई हामीले किटानीका साथ प्रत्येक घरमा यो कार्यक्रम प्रत्येक घरमा यसरी रोजगारी सिर्जन गर्न गर्छौं भनेर बजेटसँग किन आउन सकिरहेको छैन । यो चाँथौ वर्षको बजेट आउँदा सम्म पनि नीतिमा एउटा शब्द राख्ने र बजेटमा त्यो समेटेर जाँदा खेरि हराउने स्थिति देखापरिरहेको छ । सभामुख महोदय,यो व्यवस्था संविधानले सामाजिक न्यायसहितको व्यवस्थाको परिकल्पना छ । तर आज १७ लाख कर्णालीवासीमा ९ लाखभन्दा बढी महिलाहरूको यहाँ उत्पादनमा सामेल बनाएर त्यो आर्थिक अवस्थामा परिर्वतन ल्याउनको नियमित ठोस कार्यक्रम ठोस नीति के आयो त । महिलाहरूलाई आयआर्जनमा सामेल गरिने छ भन्ने मात्र शब्दले पूरा हुँदैन । आज संघीय सरकारले पैतृक सम्पत्तिमा समान अधिकार भन्ने कानून बनाएको छ । बनाएको कानूनहरूको कार्यान्वयनको लागि जसले स्व–ईच्छाले चेतनाले अथवा भावनाले आफना छोराछोरीलाई पैतृकसम्पत्ति समान ढंगले वितरण गर्छ । त्यसको प्रोत्साहनको लागि पुरस्कृत त होला । त्यो कार्यक्रम तर आमरूपमा कार्यान्वयन गर्नको लागि के गर्न सक्छौ । त्यो अलि प्रस्टरूपमा आउनु पर्ने हो । सभामुख महोदयअल्पकालीन आवास गृहहरू जो जस्का घर भित्रको एउटा घरेलु हिंसाबाट पिडित महिलाहरू कुनै माइती पनि छैन । उनीहरूको कुनै जाने ठाउँ पनि छैन। त्यो ठाउँ नहुने हरूको लागि जो अल्पकालीन आवास गृहहरूनिर्माण गरेर कानूनी देखि लिएर सबै सेवा त्यहाँबाट दिने गरी कल्पना गरेको आज तीन चार वर्ष भईसक्यो । यसमा अझै ठोस कार्यक्रम आउन सकेको छैन । १० वटा जिल्ला बनेर नीतिमा आउने बजेट पनि थोरै राख्ने । कार्यान्वयनमा जादाँ त्यो हराउने अवस्था आईरहेको छ । त्यस कारणले यो पनि एउटा महिलाहरूको अलि कति नीति कार्यक्रममा मन राख्नको लागि ल्याएको जस्तो मैले अनुभव गरेकी छु । त्यस कारण कोभिडको भन्ने शब्द स्वाथ्यको क्षेत्रमा जो अहिले हामीले गत वर्ष कोभिडको क्षेत्रमा बजेट यो दोस्रो महामारीमा अक्सिजन चाहेला भन्ने खालको अनुमान थिएन । अहिले हामी पनि अनुगमनमा जाँदा खेरि जनताको आवश्कता के छ र मनोभावना के छ भन्ने कुरा सरकारले बुझ्नु पर्दछ । हामीलाई पहिला खोप चाहिन्छ । तपाईं अग्रपंति हुनेहरूले खोप लाउने । हामीले खोप नपाउने हामीले अक्सिजन नपाउने । यस्तो खालको सम्स्यालाई सरकारले कसरी सम्बोधन गर्न सक्छ । यो समस्या समाधानको लागि पहिलो प्राथमिकता स्वाथ्यको क्षेत्रमा अहिले हामीले तीन तहका सरकारसँगहरूका समन्वय सहकार्यता भन्ने भए पनि तिनै तहका सरकारहरूको आफनो आफनो बाटो भएको फिलिंग भएको छ । त्यसकारण प्रदेश सरकारले कति समन्वय गरेर कर्णालीवासीलाई खोपहरू प्राप्त मात्रमा ल्याउन सक्छ भन्ने कुरा पनि यहाँ अन्यौल भएका कारणले गर्दा खेरि यो पनि प्रस्टरूपमा आउन सकिरहेको छैन । मानव विकास सुचांकलाई आधार मानेर त्यस क्षेत्रमा बजेटको अंक निर्धारण

गरिनुपर्छ । पहुँचका आधारमा अंक बाड्ने कुनियतपूर्ण सोचलाई परिवर्तन गर्नुपर्छ । विकास बजेटले व्यवसायीलाई होइन बेरोजगारलाई सम्बोधन गर्नुपर्छ । बजेट विनियोजनका क्षेत्रहरूमा सीमा निर्धारण गरिनुपर्छ,धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री पदमबहादुर रोकाया । यसपछि माननीय दानसिंह परियार तयारी अवस्थामा रहनुहोला ।

**माननीय पदमबहादुर रोकायाः-** सभामुख महोदय,हाम्रो कर्णाली प्रदेशको विनियोजन विधेयक २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमाथिको छलफलको क्रममा आफ्नो भनाइ राख्नचाहन्छु । सर्वप्रथम विश्वव्यापी रूपमा फैलिएको कोरोनाबाट ज्यान गुमाउने सबैप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । कोभिडबाट बिरामीहरू आतंकित भएका छन् । हाम्रो माननीय चन्द्रबहादुर शाही लगायत अन्य बिरामीलाई कोभिडसँग लड्ने क्षमता प्रदानहोस् भन्ने आफ्नो धारणा राख्नचाहन्छु । कोभिडले दलाल,माफियाहरू मौका चौकामा हान्नेमा छन् । यो विनियोजन विधेयक ८ पेश ५४ बुँदामा आएको छ । त्यसका लागि माननीय मन्त्री गोपाल शर्मालाई धन्यवाद दिन चाहन्छु । एउटा किताब मात्रै होइन दुईटा किताब आयो । मन्त्रीको मान गरेका छौं । उहाँको दस्तखत हुनुहुन्न भन्ने अपमान हो । हुनुहुन्छ भन्ने मान हो । तीन वर्ष नीति तथा कार्यक्रमका किताब पढ्यौं । किताबमा राम्रो लेखिएको हुन्छ तर कार्यान्वयन हुँदैन । हिजोका मन्त्रीले कार्यान्वयन गरेनन् तपाईंपनि गर्नुहुन्न भन्ने होइन । तपाँहहरूले कार्यान्वयन गर्न भूमिका खेल्नुपर्छ । मेरो निर्वाचन क्षेत्रमा अन्याय भएको छ । जो कि मेरो क्षेत्र जुम्ला सदरमुकामबाट सिंजा,मुगुहुँदै बाजुरा जोड्ने सडक हो । बहुवर्षीय योजना हो । जम्मा २७ करोडमात्रै आयो लिष्ट । त्यसमा हाल्नुपर्ने साढे चार करोड मात्रै रे ढाइ करोड हामीले छुट्याएका छौं । जम्मा डेढ करोड छुट्याउनुपर्नेछ त्यसमा त्यसका लागि अर्थमन्त्रालयमा धेरै पटक धाएँ तर बजेट छैन भनियो तर हिजो रकामान्तर एक अर्ब ११ करोड एक मन्त्रालयबाट आएको छ । त्यस्तै ९९ करोड एक मन्त्रालयबाट आएको छ । त्यो बजेट कहाँबाट आयो । यदी बजेट छैन भने भनेपछि यस्तो विभेद छ । मुख्यमन्त्री त यहाँ हुनुहुन्न भए प्रत्यक्ष सुन्ने थिए । तर मिडियाले सुनाउँछ होला । यस्तो विभेद गर्न पाइँदैन । उहाँपनि नेकपाकै मुख्यमन्त्री हो । हिजो पार्टीको विधि विधान मानेर हामीले एमालेकै कारण मुख्यमन्त्री बन्नु भएको हो । नत्र एमालेको एकलौटी पाँच वर्ष सरकार हुन्थ्यो । यस्तै राउटेहरूको कुरा आएको छ । उनीहरूलाई राहत मात्रै दिएर हुँदैन । उहाँहरूलाई बस्ती बसाल्न पर्छ । आज राउटे चेलीहरू बलात्कृत भएकी छन् । अब उनीहरूमा पनि चेतना विकास भएको छ । सबै विभेद अन्त्य गरी बजेट ल्याउँछौं भन्नु भएको छ तर यहीं हो भने कार्यकर्तामूखी बजेट आउनेमा कुनै द्विविधा छैन । त्यसैकारण मन्त्रीज्यू हामी तलब खान आएका होइनौंसेवा गर्न आएका हौं,धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री दानसिंह परियार । समय ७ मिनेट । त्यसपछि माननीय श्री शोसिला शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय दानसिंह परियारः-** सभामुख महोदय,कर्णाली प्रदेश विनियोजन विधेयक, २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमा म आज आफ्नो धारणा राख्न गइरहेको छु र म भन्दा पूर्व धेरै माननीयहरूले पनि आफ्नो धारणा राखिसक्नु भएको छ । यहाँ धेरै कुराहरू उठ्यो र म पनि जनप्रतिनिधिको नातले केही कुरा राख्न खोजिरहेको छु । अबको दुई चार दिनमा बजेट आउँदैछ । केही जानकारी छैन । गतवर्षहरूको बजेटमा अलिकति साहित्यिक अर्थमन्त्री हुनुहुन्थ्यो । यो वर्ष अलिकति अर्थशास्त्र बढी पढेको जस्तो प्राथमिकता र नीतिहरू आएका छन् । र मैले कतातिर सुझाव दिउँतर मलाई लाग्यो यो ५४ बुँदामा ११ वटा बुँदा थप्नुपर्छ जस्तो लागेको छ । जुन उद्देश्यले हामी यहाँ आएका छौं । त्यो अनुसार अघि बढ्न सकेका छैनौंर अर्को कुरा हामीले गरेको नीति तथा कार्यक्रमले पूर्णता पाउने हो कि होइन । परिस्थिति अर्कै निर्माण भइसकेको छ । हामीले सरकार कसरी गठन गऱ्यौं। सत्ता र शक्तिको लागि जस्तोसुकै पनि सौदावाजी गर्न सकिने रहेछ । यसले कर्णालीको राजनीतिको विषयमा चर्चा र परिचर्चा भइसकेको छ । चार वर्ष भइसक्यो । हिजो हामी सत्तामा हुँदा पनि बोल्यौं । आज प्रतिपक्षमा छौं । अहिले नीति तथा कार्यक्रमको विषयमा छलफल भइरहेको छ । अहिलेसम्म राम्रो आभास हामीले गरेका छैनौं । धेरैले भन्छन्,विपक्षको धारणा के हो । पूर्वाग्राहको अभिव्यक्ति हो कि तर त्यो होइन । कर्णालीको ५२ प्रतिशत बहुआयामिक गरिबी तीन वर्षको अवधिमा कति घट्यो सोध्नुपर्ने होला नी । यो समीक्षाको विषय भन्ने कि नबन्ने । कर्णालीको बेरोजगारीको मुद्दा हामीले सम्बोधन गर्न सक्यौं । यहाँ उत्पीडितहरूको मुद्दासम्बोधन गयो त । गत वर्षको नीति तथा कार्यक्रमका विषयमा पनि पाँच वटा कुरा राखेको थिए । आज पनि फेरि त्यो कुरा दोहोऱ्याउन चाहन्छु । मैले भनेको थिए । पहिलो सम्भावना विद्युत हो । ५० प्रतिशत जनता र ५० प्रतिशत राज्यको लगानीबाट विद्युत उत्पादन गरौं । एक स्थानीय तह एक उद्योग,कृषि क्रान्तिका उत्पादन र ढुवानीमा लगानी गरौं,यस्तै कर्णालीको विकासका लागि प्राविधिक शिक्षालाई जोड दिउ र पर्यटनलाई प्रवर्धनगरौं भनेको थिए मैले । विश्वको गन्तव्य कर्णाली,कर्णालीको गन्तव्य रारा भन्ने नारा तय गरौं । यसको प्रवर्धनमा राज्यबाट कार्यक्रम ल्यायौंतर कुनै पनि कुरा सम्बोधन भएन । पछिल्लो समय त कर्णालीमा भिजन नै नभएका सांसदहरू छन् भने आरोप लाग्ने गरेको छ । व्यवस्था त परिवर्तन भयो । पात्र यहीं भएपनि सोचेको जस्तो विकास हुँदो रहेनछ भन्ने कुरा पुष्टि भएको छ । कर्णालीभित्रको सामन्तवाद यहाँको विकास नहुनुको कारण हो । यहाँभित्रको दलाल चरित्र थियो । कर्णालीभित्रको शासकीय सामन्तिपन थियो । यहाँ भित्रको विभेद र असमानता थियो । यहाँ धेरै कुरा आए । मत सुन्दै छु जनता सडक कार्यक्रम यो पटक समावेश भएको छैन । मुख्यमन्त्री कार्यक्रमको अहिलेसम्म अख्तियारी गएको छैन ।

कर्णाली उज्यालो कार्यक्रम कता छ । एकीकृत बस्ती विकास कार्यक्रम कता छन् । हामीले भनेको नाटकीय अर्गानिकका नारा कता गए । डिजिटल प्रदेशका कुरा कहाँ हराए । यहाँ केही कुरा भइराखेको छैन । बजेट निर्माण गर्ने कुनै सूचक नै छैन । भोलि बजेट आउँदैछ । अहिलेसम्म हामीलाई केही पनि थाहा छैन । बिचौलियाहरू दलालहरू मन्त्रालय वरिपरि घुमिरहेका छन् ।बजेट बनाउँदा प्रतिपक्षलाई थाहै छैन । शिक्षा क्षेत्रमा गर्न खोजेको के हो । कृषिमा हामी के गर्न खोजिरहेका छौं । स्वास्थ्य क्षेत्रमा के के नयाँ कुरा गर्ने । पर्यटन प्रवर्धनको लागि हाम्रो सोच के हो । हिजो बजेट निर्माणको लागि षडयन्त्र भयो । अन्तिममा रकमान्तरमा घोटाला गर्ने । हामीले धेरै पटक कोरोनाका कुरा गर्‍यौं। जनताले एउटा मास्क पाएका छैनन् । हामीले सुर्खेतमा ५ सय शैय्याको अस्पताल बनाउने नीति लिइरहेका छौं । हावा नीति कार्यक्रम ल्याइएको छ । कसैले पत्याउनेवाला छैन । साच्चिकै कर्णाली प्रदेशबाट हामीले मास्क दिएका छौं त । हिजो आज सुनिंदैछ। ४० लाखको अक्सिजन प्लान्टमा कमिसनको खेल भइरहेको छ । ५ लाख पढ्नेलाई ४० लाखको बील पेस भइसक्यो । नीति तथा कार्यक्रमको कुनै पनि गन्तव्य छैन । न यो कार्यक्रमले उद्योगलाई सम्बोधन गरेको छ । न त उत्पादनमा जोड दिइएको छ । नत बेरोजगार मैत्री छ । न त आम उत्पीडितका समस्या समाधानको लागि केही कुरा बोलेको छ । दलित समुदायको लागि गत वर्ष केही रकम छुट्याइएको थियो । आज मात्रै अख्तियारी जादैछ रे । जन अपेक्षा अनुसार काम भएकी भएनन् ।नीति तथा कार्यक्रम आएकी आएनन् । खै त गरिबी अन्त्यको कुरा । त्यसका लागि योजना र नीति । यो नीति तथा कार्यक्रमले कुन पनि विषयबस्तुलाई छुनेवाला छैन ।यसो कोरोनाको नाम देखाउने पैसा खाने । हामीले १९ बुँदे माग मुख्मन्त्रीलाई बुझायौं । धेरैले जिल्ला निर्वाचन क्षेत्रको विषयमा लडिरहेको छौं,गौरवका आयोजनाका विषयमा के गरौं भन्नुभयो। मेरो अपील छ । यो वर्षको बजेट यो सरकारले ल्याउने हो कि होइन त्यो कन्फ्यूजन छ । हामी त्यतातिर पनि अभ्यासमा छौं । तपाईंहरूले सरकार बनाउन जस्तो सुकै हर्कत गर्न तयार भएपछि हामी पनि लागिरहेका छौं । सत्ता र शक्तिका लागि हामी जे पनि गर्न तयार हुने विकासको लागि तयार नहुने यो कस्तो राजनीति,यो कस्तो सरकार हाम्रो । यो नीति तथा कार्यक्रम कर्णालीको जनताको अहितमा छ है । न यसले वर्गीय हिसाबमा सम्बोधन गर्छ । न यसले सामाजिक रूपान्तरणको नेतृत्व गर्छ । न त गौरवका आयोजनाको नेतृत्व गर्छ । न कोरोनाका विषयमा ठोस कार्यक्रम तय गर्न सकिएको छ। यसमा नेकपा एमालेको गम्भीर ध्यानाकर्षण भएको छ । यदि भोलि बजेटमा असन्तुलन भयो भने त्यसपछि के के हुन्छ । यो वर्ष डल्लो बजेट पास हुनेवाला छैन । मुख्यमन्त्री रोजगार कार्यक्रम भन्ने करोडौं पैसा छुट्याउने,अन्तिममा जहाँ मन लाग्छ त्यहीँ खर्च गर्ने। आज जसरी बिचौलिया हाबी भइरहेका छन् भन्दै मेरो भनाइ टुंग्याउँछु,धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री शोसिला शाही । त्यसपछि माननीय श्री खडक बहादुर खत्री तयारी अवस्थामा रहनुहोला ।

**माननीय शोसिला शाहीः**- सभामुख महोदय,कर्णाली प्रदेश सभाको आठौं अधिवेशनको पाँचौ बैठकमा कर्णाली प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलले विनियोजन विधेयक २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरू सम्मानित सभा समक्ष सरकारले पेश गरेको छ । त्यसका लागि आर्थिक मामिला मन्त्रीज्यूलाई धन्यवाद व्यक्त गर्न चाहन्छु। अत्यन्तै मेहनत पूर्वक सबै कुरा समेटेर ल्याउनु भएको छ । यसमा कुनै कुरा छुट्याउनु भएको छैन तर मूल कुरा कार्यान्वयनको पाटो ठूलो कुरा हो । यति धेरै कुरा एकै पटक गर्छौं भन्दा पनि तत्काल जनतालाई परिणाम दिने गरी नीति तथा कार्यक्रम ल्याउन उपयुक्त हुन्छ । यसमा १ देखि १० सम्म प्राथमिकता निर्धारण गरेर ठोस तथा मूर्तरूपमा ल्याउँदा राम्रो हुन्छ भन्ने हाम्रो सुझाव रहेको छ । अनुगमन गर्ने कुरा पनि रैछ त्यो सान्दर्भिक हो। हामीले परिस्थिति सुन्दा रमाइलो र आनन्द मानेपनि वास्तविक प्रभावकारी अनुगमन कसरी हुन्छ यो महत्त्वपूर्ण कुरा हो । यसका लागि ठोस ढंगले संरचनागत निर्माण हुनेकुरा उल्लेख गर्नुपर्नेछ । सतही कुरा गरेर मात्रै हुँदैन । परियोजना बैंकको उल्लेख गर्नु भएको छ । यो पनि एकदमै राम्रो कुरा हो । यसलाई कार्यान्वयन कसरी गर्न सकिन्छ। विपद व्यवस्थापनका लागि प्रभावितलाई राहत र पुनर्स्थापनाको कार्यक्रम संचालन गरिने छ भनिएको रहेछ तर गत वर्ष केही ठाउँमा आएको बाडी पहिरोबाट क्षती भएका पीडितहरूको नाममा राहत नगएको । केही पनि क्षती नभएको नाममा राहत गएको यस्ता पनि प्रमाण हामीसँग छ । सरकारले राम्रो दस्तावेज तयार गर्ने भन्दा पनि न्याय र समानतामा आधारित संयन्त्र निर्माण गरेर जानुपर्दछ । युवाहरूलाई रोजगारी र तालिम दिने भनिएको रहेछ । कतिलाई र कसलाई रोजगारी कसरी दिने भन्ने कुरा ठोस किटानी योजना रूपमा उल्लेख हुनु पर्दछ । केवल कर्मकाण्डी पाराले नीति निर्माण गर्नुहुँदैन । यसमा सबै विषयमा सुझाव दिनेभन्दा पनि जनताको दैनिक जीवनस्तर सुधार गर्ने र दिगो विकास हुनेगरी नीति निर्माण गर्नुपर्छ भन्ने कुरामा जोड दिदै कर्णालीवासीले आफ्नै सरकारको हो भन्ने कुरा महसुस गर्नसकुन । यिनै सुझाव संक्षिप्तमा राख्दै म आफ्नो भनाइ यहीं अन्त गर्न चाहन्छु । धन्यवाद, जय राष्ट्रवाद ।

**माननीय सभामुख** :-माननीय श्री खडक बहादुर खत्री ।

**माननीय खडक बहादुर खत्रीः**-धन्यवाद,माननीय सभामुख महोदय,यो कर्णाली प्रदेशको विनियोजन विधेयक २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमा छलफल गर्न उपस्थित छुँ । देशमा कोभिडबाट मृत्युहुनुहुने सबैप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु र शोकसन्तप्त परिवारजनप्रति समवेदना र कर्णाली प्रदेशको हकमा जुन बजेट गत वर्ष कोभिडका नामबाट एक दुई जनामात्रै मृत्युवरण गर्दा कोभिड र भोकमारीसम्बन्धी

बजेट चाहिन्छ भन्ने सबैको माग भयो । एकबद्धता भयो र त्यसको कति दुरूपयोग भयो। मलाइ लाग्छ विभिन्न समितिहरू नीति एउटा गर्ने,काम एउटा गर्ने । यसमा मेरो पूर्ण असहमति छ । यसमा जनताको पनि असहमति छ । हामी यहाँ भन्ने मात्र हो । अहिले लक भइसक्यो बजेट । यो बजेट माननीयहरूचालिस जना माननीयज्यूहरूले घर लिने होइन । यो जनताका निम्ति हो । यो बराबर अंशबन्डा गर्न चिज पनि होइन ।

यो मासुका बिला लाउने,भैंसी काटे जस्तो सबै झुम्मिने चिज पनि होइन । यो जनताले सुन्ने अहिले मिडिया मात्र हेर्ने । मलाई लाग्छ तपाईंहरूको मिडिया छ । तपाईंहरूले गरेका काम तपाईंहरूले गरेको अवैध प्रमाणित गर्न उसले चाहिँ अडिट गरेर चाहिँ मिडियामा देखाई दिएको छ । तपाईंले जाने बुझ्नेले चलाख मान्छेहरू फेसबुक हेरेर चाहिँ बस्ने भए । म आग्रह गर्न चाहन्छु । म मुख्यमन्त्रीलाई आग्रह गर्न चाहन्छु। म मन्त्री थिए । सहभागी थिए । प्राधिकरणको कुरै जोडजार बिग्रेरदेखि लिएर कुरा उठिराको थिए । खै आज त्यो प्राधिकरण आज जलस्रोत ऊर्जा मन्त्रालय छ । त्यहीँ हो खाने पानी कहाँ पर्छ । त्यति हेक्का राख्न नसक्ने अभिभावक यो सरकार कसरी चलाउन सक्छ । यो लाजमर्दो कुरा अझै यसैलाई बुट्टा भरेर राम्रो छ । धेरै राम्रो छ । यो लाज लाग्दो कुरा परम्पराका रूपमा चलिआएको मेला मादल बजाउने मयूरका प्वाँख लाउने मञ्चमा बस्ने कुरकुटे नाच नाच्ने, लहरे नाच नाच्ने, जनता तल राख्ने सहकारी बनाउने पान सय सहकारीका सहभागी गराउने । घरका चार भाइ मिलेर पैसा लुट्ने । यहीं गर्नलाई संघर्ष भएको हो । आग्रह गर्न चाहन्छु यो हिजो परम्परा चलेको एउटा बाजालाई कपडा लाएर एक लाख दुई लाख एक करोड पैसा गर्न ।

हिजो समाजका मान्छे भेटघाट गर्न, मेला जात्रामा समाजमा चाहिँ संस्कृती बचाउनका लागि आज रकम हालेर वडाको बजेट त्यहाँ छ । प्रदेशको बजेट त्यहाँ छ । संघको बजेट त्यहाँ छ । संघको बजेट हाल्ने त्यसपछि हामीले व्यक्तिगत गरेको दिनको ढुंगा पुऱ्याउने त्यसपछि रात दिन काम गर्न । अस्पताल बनाउने बजेट भरी यहाँबाट भित्रभित्र गइराछ । अहिले तपाईंहरू यतिसम्म अप्ठ्यारो छ कि माननीयहरूसम्म भित्र गएर तपाईंहरूले के गर्नु भो । हामी चिठीसम्म पनि पाउदैनौ । तपाईंहरूले काम गरेको के हो? त्यो दिनुस् भन्दा पनि सूचनाको अधिकार चाहिन्छ । सचिवले उता गराउँछ । अर्कोले उता गराउँछ । सचिवले काम गर्दा चाहिँ कानूनका कुरा भन्दा विधि भन्दा बाहिर गएपछि काम गर्न सक्दैन । मलाई लाग्छ मुख्यमन्त्री रोजगार कार्यक्रम छ । यो मुख्यमन्त्री हिजो पनि हामी गयौं । मलाई लाग्छ,हामी सांसद दलको नेतालाई दवाव दिएर हामीलाई भेट्न दिएनन् । एउटा मन्त्रीले अर्कोलाई सबैले दिइसक्यो भन्छ । दवाव दिएर हामीलाई त्यहाँभित्र जाने वातावरण बनाउनुपऱ्यो । या राज्यको कोष हो । सचिवले पनि चाहिँ मन्त्रीलाई सोध्नु भन्छ । तल गए माथि सोध्नु भन्छ । कोही पनि त्यहाँ गाको छैन । न हिजो कार्यक्रममा सहभागी भो । न

योजना छनोटको काम भो । त्यसैले यो मुख्यमन्त्री रोजगार कार्यक्रमलाई आग्रह गर्न चाहन्छु । हिजो मुख्यमन्त्रीले संस्थाको नाम जोड्नु भो। मुख्यमन्त्री प्रधानमन्त्री एउटा संस्थाको गरिमा बढाउने कुरा ठीक छ तर तपाईंले इमान्दारी गर्नु भाहोला । तपाईंका हात खुट्टा तल हेर्नुस् । आज भष्ट्राचार भएको छ । कृषि सडक कहाँ छ । अझ यसैलाई राम्रो छ भनेर बुट्टा भरेर चाट्ने यो सिरानी हालेर ओड्ने हो यो चिज । हामीले कहाँ कराउने हो,कराएर मात्र केही हुन्न ।

यो जनतालाई सुनाएर मत लिने मात्र कुरा हो । पैसा भरी तपाईंका घर गाछ । कसैका काठमाण्डौ घर बन्दै छन् । कसैका यहाँ बन्दै छन् । कसैको खेतमा बाटो छ। त्यसैमा बहुवर्षीय योजना र पैसा गइराछ । कसैको भनौं माथि टनेल गराउनु छ । त्यहाँ जग्गा लिइराछन् । त्यसपछि पर्यटन क्षेत्र बनाउने कुरा भइराछ । पाँचौ पटक बिल्डिगंमा वाल पेन्टिंगमा चेन्ज गऱ्या छ । मलाई लाग्छ यसमा एउटा के छुट्यो भन्दा त तीन तारे होटलबाट खाजा खाएको हिसाब पनि यहाँ लेख्नु पर्छ । त्यसपछि भनौ हामीले कति खाजा खान्छौ । कति अनुगमन गर्छौं । कति तेल हाल्छौ । यिनी कुरा उठाउने हामी त बजेट पटि मात्र छौं । मलाई लाग्छ तेत्तिस अर्ब भनेको अथवा तीस अरब भनेको मामुली कुरा होइन । संघले पैसा दिएको छ । यहाँ कुनै पनि छैन । कर कति उठाउने हामीले भनौ ढलाबडाको पैसा कति उठाउने । हामीले भनौ यातायातबाट कति उठाउने । यिनी कुरै छैन । मुख्यमन्त्रीले त्यहाँ उद्घाटन गर्न । आज संघीय संरचना राख्ने हो कि होइन । आज भनौ प्रतिगमनमा अरु गए भन्ने कुरा छ । सँगै बनाएका बाटोको विरुद्धमा छ । एक सय पैंसट्ठी वटा योजना बनेका छन् । आज धरहराको विरोध भइराछ । आज भनौ सात अर्ब पैसा हिजो नै डिपिआर भैसक्या छ । विश्व बैंकले सातवर्ष अगाडि डिपिआर गरिसक्या छ । सात अर्ब पैसा छुट्याएको छ । आज गाउँमा बजेट जादाँ यहाँको तुलना गरेर संघीय बजेटसँग विरोध गर्दै आफ्नो वर्चस्व गराएर विद्रोहमुखी पैसा राख्ने । भरणषोषणका कार्यकतालाई पोस्ने कुरा भइराछ । सहिदका नाममा हिजो सँगै टाउका फुटाल्ने मार्न मलाई लाग्छ रामघाट गणेश बहादुर शाही,अमृता शाही माननीयज्यूँको श्रीमान हुन्नुहुन्छ । त्यहाँ पनि एउटा युद्ध कलाको भवन बनाईयोस् दशरथपुरमा सात जना गाड्या छ त्यहाँ जम्मै अक्सिजन नहुने ठाउँमा होमस्टे छन् । कही ती घर छन् । जहाँ मान्छे जान नसक्ने ठाउँमा पैसा हालेर पैसाको दुरूपयोग भाछ ।

बहुवर्षीय योजनाका नाममा नीति बनाएको चिजमा पनि आफूले अनुकूल पर्न मान्छेको मात्र बहुवर्षीय योजना बनाएको छ । आफैंले बनाएको नीति कार्यान्वयन गर्न नसक्नेले मलाई लाग्छ,यो चियरमा बस्नुभन्दा भोलि इतिहासमा नाम रच्न यो छोड्नुपर्छ जस्तो मलाई लाग्छ । त्यसैले सबै तहका जनप्रतिनिधि र सरोकारवाला,विज्ञहरूसँग पनि

इमेल तथा प्रत्यक्ष छलफल गरी आगामी बजेट ल्याइयोस् भन्दै मेरो धारणा यहीँ अन्त्य गर्छु,धन्यवाद।

**माननीय सभामुखः**-माननीय सदस्यहरू विनियोजन विधेयक, २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयबस्तुहरूमा माननीय सदस्यहरूले छलफलको क्रममा राख्नु भएको जिज्ञासा तथा सुझावलाई आगामी बजेट तथा कार्यक्रममा समावेश गर्ने सम्बन्धमा प्रदेश सरकारको धारणा राख्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री गोपाल शर्मालाई समय दिन्छु ।

**मामिला तथा योजना मन्त्री माननीय गोपाल शर्माः**-माननीय सभामुख महोदय,सामान्यतया पूर्व बजेटको छलफलका सन्दर्भमा बुझिने धेरै माननीय सदस्यहरूले आ-आफ्नो धारणामार्फत आगामी बजेटका विषयमा महत्त्वपूर्ण धारणा राख्नु भएको छ । यसका लागि म सभामुखमार्फतधन्यवाद व्यक्त गर्न चाहन्छु । विगत,वर्तमान र भविष्यमा हाम्रा सहयात्रा सँगसँगै अघि बढ्ने छन् । यहाँहरूका सबैका सुझावलाई मनन् गर्दै म अघि बढ्ने प्रतिबद्धता पनि व्यक्त गर्छु । माननीय सभामुख महोदय,हामी यस्तो परिस्थितिमा रह्यौंमाननीय सदस्यहरूले नै सदनलाई स्थगित गर्न माग गर्नु परेको विगतमा सन्दर्भलाई जोडेर हामीले फेरि पनि सम्मानित सदनमार्फत नै बजेट अघि बढाउनुपर्छ भन्नेमा जोड दिएर छोटो अवधिमा पनि अध्यादेशमार्फत र त्यसपछि पनि निलम्बनको प्रक्रियामार्फत हामी जोडिनुपर्ने परिस्थिति आयो । त्यो परिस्थितिले माननीय सदस्यहरूले जुन स्तरबाट आफूलाई व्यक्त गर्नुहुन्थ्यो त्यो अवस्थामा आउन कठिन हुँदा पनि आफ्नो सुझाव दिनुभयो । बजेट निर्माणको सन्दर्भमा माननीय सदस्यहरूको सुझाव ग्रहण गर्ने यो महत्त्वपूर्ण समय हो । जुन खालका माननीय सदस्यहरूबाट सुझाव आए त्यसलाई मैले मनन गरेको छु । यो किताब तयार गर्दा मैले धेरै कुरामा ध्यान दिएको छु र आगामी बजेटमा यी सबै कुरा समेटिने छन् । एकै पटक सबै उपलब्धि हुने होइन तर आवश्यकताका आधारमा योजना निर्माण हुनेछन् र कार्यान्वयनको पाटोको कुरा गर्नुपर्दा कोभिड लगायतका धेरै कारण छन् । त्यो सबैलाई मनन भएको पनि छ तर पनि अप्ठ्यारो परिस्थितिहुँदा पनि सन्तोषजनक काम भएको मैलै महसुस गरेको छु । एकातिर कोभिड छ भने अर्कोतिर राजनैतिक अस्थिरताले हामीलाई अप्ठ्यारो पारेको छ तर कर्णालीको विकास र सृमृद्धिको उद्देश्यभन्दा अर्को उद्देश्यमा डौडिने कुरै भएन । त्यो कुरा माननीय सदस्यहरूले बुझ्नु भएको छ र सकेसम्म कार्यान्वयन हुने सोही आधारका योजना सहितको बजेट आउनेछ । अर्को कुरा महोत्त्वकांक्षी उद्देश्य नराखेर अघि बढ्न सक्दैनौ तर धेरै महत्त्वकांक्षा भने राखिदैन । माननीय सदस्यहरूले जसले जसरी सुझाव दिनुभयो त्यसलाई मैले सहज रूपमा ग्रहण गरेको छु । आगामी बजेटको विषयमा भन्नुपर्दा पहिलो प्राथमिकता भनेको स्वास्थ्य क्षेत्र नै हो । कोभिड नियन्त्रण र स्वास्थ्य क्षेत्रका समस्या न्यूनीकरण मा बजेटले जोड दिनेछ । अर्को कुरा बेरोजगारीलाई

मध्येनजर गरी कृषिका कार्यक्रमलाई पनि बजेटबाट सम्बोधन गरिनेछ । म अपिल गर्न चाहन्छु सरकार र सदन परिपूरक कुरा हो । यसलाई अलग ढंगले कसैले पनि बुझ्नुहुँदैन । यसमा माननीय सदस्यहरू सकारात्मक भइदिनहुन अनुरोध गर्दछु । परिस्थिति जसरी फेरिन्छ हाम्रा जिम्मेवारी र हैसियत पनि त्यसरी फेरिन्छन् तर हाम्रा दुरी टाढा राख्नुहुँदैन। हामी सबै माननीय सदस्यहरू सहकर्मी हौं,सहयात्री हौं। सरकार र सदनमा परिपूरक ढंगले व्यक्त हुनुपर्छ । फेरि पनि म अपिल गर्न चाहन्छुमन्त्रालयमा यहाँहरूको सहज उपस्थिति र सहज सहभागिताका लागि हार्दिक अपिल गर्न चाहन्छु र यो समयका लागि माननीय सभामुखलाई हार्दिक धन्यवाद दिंदै माननीय सदस्यहरूप्रति आभार प्रकट गर्न चाहन्छु,धन्यवाद ।

**माननीय सभामुखः**-माननीय सदस्यहरू,विनियोजन विधेयक २०७८ का सिद्धान्त,उद्देश्य,प्राथमिकता र प्रमुख नीतिहरूमा समावेश भएका विषयबस्तु सम्बन्धमा भएको छलफलमा माननीय सदस्यहरूले दिनुभएको सुझाव र मार्गदर्शनलाई आगामी बजेटमा के कसरी सम्बोधन गर्न सकिन्छ भन्ने सम्बन्धमा आवश्यक ध्यान गएकै होला । जानेनै छ भन्ने विश्वास व्यक्त गर्दछु । माननीयसदस्यहरू अब यो बैठक २०७८ साल जेठ २९ गते शनिवार दिनको २ बजेसम्मका लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८जेठ २९ गते
शनिवार
(बैठक संख्या-६)

राष्ट्रिय धुन,

**माननीयसभामुखः**-माननीय सदस्यहरू,कर्णाली प्रदेश सभाको आठौं अधिवेशनको छैटौं बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय श्री गोविन्द प्रसाद कलौनीबाट प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम मार्फत सभालाई सम्बोधन गर्न गरिएको आमन्त्रणलाई स्वीकार गरी सभामा उपस्थित हुनु भएकोमा प्रदेश सभाको तर्फबाट उहाँलाई हार्दिक स्वागत गर्दछु। माननीय सदस्यहरू अब म प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री महेन्द्रबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमको मूल प्रति प्रदेश प्रमुख माननीय श्री गोविन्द प्रसाद कलौनीलाई उपलब्ध गराउन अनुमति दिन्छु।

अब म नेपालको संविधानको धारा १८४ एवं कर्णाली प्रदेश सभा नियमावली,२०७४ को नियम ३५ बमोजिम कर्णाली प्रदेशका प्रदेश प्रमुख माननीय श्री गोविन्द प्रसाद कलौनीज्यूलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गर्न अनुरोध गर्दछु ।

**प्रदेश प्रमुख माननीय श्री गोविन्द प्रसाद कलौनीः-**

प्रदेश सभाका माननीय सभामुख,
प्रदेश सभाका माननीय सदस्यहरू,

१) विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ महामारी र यसको पछिल्लो लहरले विश्व समुदायलाई आक्रान्त बनाइरहेको छ । कोरोनाका कारण जीवन गुमाएका नेपाली लगायत सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण र शोकाकुल परिवारजनप्रति समवेदना प्रकट गर्दै सङ्क्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

२) नेपालको सार्वभौमसत्ता,स्वाधीनता,भौगोलिक अखण्डता,राष्ट्रिय हित,स्वाभिमान, सङ्घीय लोकतान्त्रिक गणतन्त्र,समावेशिता,सामाजिक न्याय र कर्णाली प्रदेश प्राप्तिका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस क्रममा घाइते,बेपत्ता तथा अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा सहभागी भइ योगदान गर्नुहुने सम्पूर्ण महान योद्धाहरूको स्मरण गर्दै उहाँहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

३) कोभिड-१९ महामारीका कारण भइरहेको जीवनको क्षति र जोखिमलाई मध्येनजर गर्दै प्रदेश सरकारको सम्पूर्ण स्रोतसाधन र संयन्त्र परिचालन गरी नमुना परीक्षण, उपचार,अक्सिजन आपूर्ति,स्वास्थ्य उपकरण,जनशक्ति र औषधिको व्यवस्थासहित महामारीको न्यूनीकरण तथा प्रतिकार्यमा कुनै कमी हुन नदिन प्रदेश सरकार प्रयत्नरत रहेको छ।

४) महामारी नियन्त्रण,रोकथाम र उपचारको लागि अमूल्य योगदान गर्नुहुने सबै स्वास्थ्यकर्मी,सुरक्षाकर्मी,सफाइकर्मी,सञ्चारकर्मी एवम् स्वयंसेवकप्रति उच्च सम्मानसहित आभार प्रकट गर्दछु। साथै यस महामारीको व्यवस्थापनमा महत्त्वपूर्ण सहयोग गर्नुहुने जनप्रतिनिधि,राष्ट्रसेवक कर्मचारी,सामाजिक तथा गैरसरकारी संघ– संस्था र आम नागरिकमा हार्दिक धन्यवाद व्यक्त गर्दै थप महत्त्वपूर्ण योगदानको अपेक्षा गरेको छु।

५) कर्णाली प्रदेश सरकारले "हामी महामारीलाई जित्छौं"भन्ने आत्मविश्वासका साथ जनताको स्वास्थ्यलाई उच्च प्राथमिकता दिइ स्वास्थ्य परीक्षण,उपचार,उपकरण, औषधि,जनशक्ति र पूर्वाधार समेत व्यवस्थापनका कार्यहरू प्रभावकारी रूपमा अगाडि बढाएको छ। विगत वर्षका सफल नीति तथा कार्यक्रमहरूलाई निरन्तरता दिदै कोभिड नियन्त्रण प्रतिकार्य,नियमित प्रशासन,विकास तथा अर्थतन्त्रलाई गतिशील बनाउन कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु।

**माननीय सदस्यहरू,**

६) कोभिड-१९को प्रभावका कारण विकास प्रयासमा गतिरोध उत्पन्न भएको यस प्रतिकूल परिस्थितिबीच सुझबुझपूर्ण प्रतिकार्य गर्दै कर्णाली प्रदेशको “समृद्ध कर्णालीः सुखारी कर्णालीवासी” को दीर्घकालीन सोच हासिल गर्न प्रथम पञ्चवर्षीय योजनाले लिएका लक्ष्य,उद्देश्य,प्राथमिकता तथा रणनीतिहरू कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक-सामाजिक रूपान्तरणसहितको समानुपातिक समावेशी विकास हासिल गर्ने दिशामा आगामी कार्यक्रमहरू केन्द्रित रहेका छन्।

७) कर्णाली प्रदेशमा दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्दै सामाजिक,आर्थिक न्यायसहितको विकासका लागि "स्वास्थ्य,शिक्षा,उत्पादन र रोजगारः दिगो विकास र समृद्धिको लागि पूर्वाधार"भन्ने मूल ध्येय लिइ आर्थिक वर्ष २०७८/०७९को कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ।

८) कोभिड-१९ को महामारी न्यूनीकरण,रोकथाम,नियन्त्रण र उपचारको उचित व्यवस्था गर्दै आवश्यक औषधि एवम् औषधिजन्य सामग्रीको सहज आपूर्ति तथा उपलब्धतामार्फत नागरिकको जीवन रक्षालाई उच्च प्राथमिकता दिइनेछ।

८.१) कोभिड-१९ नियन्त्रण तथा उपचारका लागि आवश्यक पर्ने क्वारेन्टिन,आइसोलेसन,अक्सिजन प्लान्ट,अक्सिजन सिलिन्डर,कन्सेन्ट्रेटर र भेन्टिलेटरलगायत अत्यावश्यक स्वास्थ्य उपकरण,औषधि तथा औषधिजन्य सामग्रीको सहज आपूर्ति र उपलब्धता सुनिश्चित गरिनेछ।

८.२) वीरेन्द्रनगर सुर्खेतमा पाँच सय शैय्याको कोभिड विशेष अस्पताल निर्माण गरी संक्रामक रोग उपचार तथा व्यवस्थापन प्रभावकारी बनाइनेछ। जिल्ला अस्पतालहरूमा कम्तीमा एक भेन्टिलेटर र पाँच आई.सी.यू. उपचार कक्षसमेत पचास उपचार शैय्याको व्यवस्था यथाशीघ्र मिलाइने छ।

८.३) कर्णाली प्रदेशका सबै जनतालाई कोभिड-१९ विरूद्धको खोप लगाउने व्यवस्था मिलाइनेछ।

८.४) भारत एवम् तेस्रो मुलुकबाट फर्किएका नेपाली नागरिकलगायत आगन्तुकहरूको प्रदेश प्रवेश विन्दुमा कोरोना परीक्षणको व्यवस्था गरिनेछ। कोभिड-१९ परीक्षणको दायरा र क्षेत्रलाई व्यापक विस्तार गरी समुदायस्तरसम्म पुऱ्याइनेछ। उच्च हिमाली तथा सडक पहुँच नभएका विकट स्थानीय तहबाट जटिल लक्षण देखिएका संक्रमितहरूको हवाई उद्धार गरी नजिकको कोभिड अस्पतालमा पुऱ्याई उपचार सेवा उपलब्ध गराइनेछ।

८.५) अस्पताल भर्ना भएका कोरोना संक्रमितहरूको लागि निःशुल्क उपचार र पोषिलो आहार सम्बन्धित अस्पतालहरूबाट उपलब्ध हुने व्यवस्था गरिनेछ। संक्रमितहरूको मनोबल उच्च राखी रोग प्रतिरोधात्मक क्षमता बढाउन मनोपरामर्शका साथै योग ध्यानको व्यवस्था मिलाइने छ।

८.६) कोभिड महामारी नियन्त्रण एवम् विपद् व्यवस्थापनका कार्यहरूमा सहयोग तथा सहकार्य गर्ने गरी स्वयंसेवकहरू परिचालन गरिनेछ।

८.७) कोभिड महामारी नियन्त्रणका लागि स्वास्थ्य सेवातर्फ थप जनशक्ति र पूर्वाधारको व्यवस्था गरिनेछ। कोभिड उपचारमा संलग्न स्वास्थ्यकर्मी र राष्ट्रसेवक कर्मचारीलाई जोखिम भत्ता र निःशुल्क उपचार उपलब्ध गराइनेछ।

८.८) महामारी नियन्त्रणका लागि गरिएका बन्दाबन्दी र निषेधाज्ञाबाट प्रभावित दैनिक ज्याला मजदुरी गरिखाने वर्गलाई खाद्यान्न तथा राहत उपलब्ध गराइनेछ। जीविकोपार्जन तथा आयमूलक प्रकृतिका कार्यक्रमहरूलाई यसतर्फ परिलक्षित गरिनेछ।

८.९) सबै नागरिकलाई सुरक्षित राख्न जनस्तरमा मनोसामाजिक परामर्शसहितका सचेतनामूलक साथै परम्परागत तथा घरेलु उपचार विधिबाट रोग प्रतिरोधी क्षमता बढाउने कार्यक्रमहरूलाई प्रोत्साहित गरिनेछ। यसका लागि युवा,विद्यार्थी,शिक्षक र महिला समूहलगायत स्वयंसेवक संगठनहरूलाई परिचालन गरिनेछ।

८.१० कोभिड-१९ रोकथाम,उपचार तथा प्रतिकार्य व्यवस्थापन कोषको स्थापना र सञ्चालन गरिनेछ।

**माननीय सदस्यहरू,**

९) जनताको आधारभूत मौलिक हकको रूपमा रहेको स्वास्थ्य सेवालाई सर्वसुलभ तथा गुणस्तरीय बनाई सबैको सहज पहुँच सुनिश्चित गरिनेछ।

९.१) सबै जिल्लामा अक्सिजन प्लान्टसहितको सरुवा रोग अस्पताल निर्माण तथा सञ्चालन गरिनेछ।

९.२) अल्जाईमर,क्यान्सर,पार्किन्सन,सिकलसेल एनिमिया,मुटु,मिर्गौला,रिकेट्स, अटिज्मजस्ता दीर्घरोगबाट पीडित बिरामीको उपचारमा सहयोग गर्न उपचार सहायता कोष स्थापना गरिनेछ।

९.३) प्रदेश अस्पताललाई विशेषज्ञ शिक्षण अस्पतालको रूपमा र सबै जिल्ला अस्पताललाई विशेषज्ञ सेवा प्रवाह गर्ने अस्पतालको रूपमा विकास गर्न अस्पतालको क्षमता अभिवृद्धि,विशेषज्ञ सेवा प्रदान गर्ने गरी मेसिन÷उपकरणको व्यवस्था र आवश्यक थप पूर्वाधारको विकास तथा सुदृढीकरण गरिनेछ।

९.४ प्रदेश राजधानीमा जनस्वास्थ्य प्रयोगशाला स्थापना गर्नुका साथै जिल्ला अस्पतालमा रहेका प्रयोगशालाको सुदृढीकरण गरिनेछ। घुम्ती स्वास्थ्य तथा प्रयोगशाला शिविरमार्फत स्वास्थ्य संकट देखिएका दुर्गम स्थानहरूमा तत्काल स्वास्थ्य सेवा पुर्‍याइनेछ।

९.५) हरेक स्थानीय तहमा कम्तीमा पन्ध्र शैय्याको अस्पताल र स्वास्थ्य प्रयोगशाला निर्माण गर्न स्थानीय तहसँग साझेदारी तथा समन्वय गरिनेछ।

९.६) स्वास्थ्य सेवाको पहुँच सर्वसुलभ बनाउन टेली मेडिसिन सेवालाई व्यवस्थापन गरिनेछ। आयुर्वेद,प्राकृतिक तथा होमियोपेथी एवम् अन्य वैकल्पिक चिकित्सा पद्धतीको विकास र विस्तार गरिनेछ।

९.७) मातृ–शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी,गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

९.८) सबै बर्थिङ्ग सेन्टरलाई स्रोतसाधनसहित व्यवस्थित गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ। जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षार्थ गरिँदै आएको हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९.९) ज्येष्ठ नागरिक लक्षित गरी प्रदेश प्रमुख दन्त उपचार सेवा तथा देश दर्शन कार्यक्रम सञ्चालन गरिने छ।

९.१० प्रदेशमा स्वास्थ्य सामग्री,औषधि एवम् उपकरणको सहज एवम् प्रभावकारी आपूर्ति व्यवस्थापनको लागि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र स्थापना र सञ्चालन गरिनेछ।

**माननीय सदस्यहरू,**

१०) स्थानीय ज्ञान,सीप,स्रोत,साधन तथा परम्परागत एवम् आधुनिक प्रविधि उपयोग गर्दै उत्पादन एवम् उद्यमशीलतालाई प्रवर्धन गरी युवाहरूलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने नीति लिइनेछ।

१०.१)स्थानीयस्तरमै न्यूनतम रोजगारी एवम् जीविकोपार्जनका लागि मुख्यमन्त्री रोजगार कार्यक्रमलाई प्रदेश विशेष कार्यक्रमको रूपमा निरन्तरता दिइनेछ।

१०.२)परम्परागत सीप,हस्तकला र प्रविधिलाई प्रवर्धन गरी युवालाई रोजगारीको अवसर सिर्जना गर्न "सीपसँगै सहयोग" कार्यक्रम सञ्चालन गरिने छ। यसका लागि मागमा आधारित उद्यमशीलता तथा सीप विकास तालिम,पुँजी,प्रविधि र बजारीकरणमा सहयोगको व्यवस्था मिलाइनेछ।

११) निर्यातमूलक उद्योग तथा व्यवसायहरूको स्थापना,विकास,विस्तार,प्रवर्धन तथा रोजगारी सिर्जना गर्दै आत्मनिर्भर एवम् दिगो प्रदेश अर्थतन्त्र विकास गर्ने नीति अवलम्बन गरिनेछ।

११.१)"एक जिल्ला एक उद्योग ग्राम स्थापना" कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसका लागि उपलब्ध स्थानीय कच्चा पदार्थको लगत,सम्भाव्यता तथा वातावरणीय अध्ययन र जग्गा प्राप्तिको कार्य सम्पन्न भई विस्तृत परियोजना प्रतिवेदन तयार भएका जिल्लामा उद्योग ग्रामको पूर्वाधार निर्माण गरिनेछ।

११.२)युवा तथा लक्षित वर्गलाई स्वदेशमै स्वरोजगार बनाउन होम स्टे सञ्चालन,औद्योगिक जनशक्ति विकास एवम् उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।

११.३)कर्णालीको जडीबूटी,रत्नपत्थर तथा रेसादार (अल्लो,लोक्ता,बाबियो,केतुकी),देवदार तेल,झ्याउ,भोजपत्र,सुनगाभा आदि जस्ता स्थानीय कच्चा पदार्थको विकास तथा प्रवर्धनका लागि सार्वजनिक-निजी साझेदारीमा विषयगत बस्तु विकास केन्द्रको स्थापना गरिनेछ।

११.४)कोभिड-१९ प्रभावित उद्योगहरूको पुनरुत्थानको लागि स्थानीय कच्चा पदार्थमा आधारित लघु घरेलु तथा साना उद्योगहरूलाई उत्पादनमा आधारित ब्याज तथा अन्य अनुदान एवम् सहुलियत ऋण लगायतका प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

११.५)मझौला उद्योगहरूलाई विद्युत महसुल तथा पूर्वाधार विकासमा सहयोग एवम् शेयर साझेदारी गरिनेछ।

११.६)स्थानीय कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गरिने नवप्रवर्तन एवम् सिर्जनशील उद्यमशीलतालाई प्रोत्साहन गर्न "घुम्ती बस्तु पुँजी कोष"स्थापना एवम् परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

**माननीय सदस्यहरू,**

१२) परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण,व्यावसायिक,प्रतिस्पर्धात्मक र उच्च मूल्ययुक्त बनाउन आवश्यक नीतिगत,संस्थागत र जनशक्ति व्यवस्थापन गरी प्राङ्गारिक प्रदेशको रूपमा विकास गर्ने नीति लिइनेछ।

१२.१)टुक्रे कृषि गतिविधिलाई निरुत्साहित गर्दै कृषि तथा पशुपालनको विस्तृत सम्भाव्यता अध्ययन गरी उत्पादन,भण्डारण,प्रशोधन र बजारीकरणको एकीकृत कृषि विकास योजना कार्यान्वयनमा ल्याइनेछ।

१२.२)सडक सञ्जालको विकासलाई उच्चमूल्य कृषि उपज उत्पादन र बजारीकरणको अवसरमा बदल्न सडक कोरिडोर केन्द्रित व्यावसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

१२.३)कृषि प्राविधिकहरूलाई कृषि व्यवसायमा आकर्षित गर्न तथा कृषकको घरदैलोमा प्राविधिक सेवा पुर्याईउन कृषि प्राविधिक स्वरोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

१२.४)प्राङ्गारिक कर्णाली अभियानलाई प्रभावकारी बनाउँदै क्रमशः प्राङ्गारिक नमुना स्थानीय तह घोषणा गर्दै लगिनेछ। यसका लागि अध्ययन,अनुसन्धान र विकासका कार्यहरू विशिष्टीकृत रूपमा सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

१२.५)आधुनिक कृषि प्रणालीलाई आत्मसात गर्दै माटो अनुसारको उत्पादन कार्यलाई प्रोत्साहित गर्न स्थानीय तहसँगको समन्वय र साझेदारीमा माटो परीक्षण प्रयोगशाला स्थापना गरिनेछ।

१२.६)कृषि क्षेत्रलाई बढी उत्पादनशील,प्रतिस्पर्धी र नाफामूलक बनाउन सबै किसान तथा व्यवसायी लाभान्वित हुने र उत्पादन लागत घटाउन सकिने गरी "कर्णाली कृषि क्षेत्र सहयोग प्रणाली" लागु गरिने छ। यस प्रणालीमार्फत सिंचाइ,कृषि उपजको मूल्य श्रृंखलामा उपयोग हुने उपकरण,कृषि उपज ढुवानी र निश्चित बाली बस्तुमा प्रोत्साहन उपलब्ध गराइनेछ।

१२.७)स्थानीय तहमा सार्वजनिक,सहकारी र निजी क्षेत्रको सहकार्यमा कृषि हाट बजार, बीउ उत्पादन तथा प्रशोधन भण्डारण केन्द्र,दुग्ध सङ्कलन तथा प्रारम्भिक प्रशोधन केन्द्र,आधारभूत सुविधासहितको कृषि तथा पशु सेवा केन्द्र,खाद्य भण्डारण केन्द्र र कृषि सामग्री केन्द्र स्थापना गर्न प्रोत्साहित गरिनेछ।

१२.८)बाँझो छोडिएका खेतीयोग्य जमिनलाई विकास तथा उपयोग गरी कृषि उत्पादन वृद्धि गरिनेछ।

१२.९)भूमिको उचित उपयोगका लागि जोखिम संवेदनशील भू–उपयोग गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ। भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरी व्यावसायिक करार खेती,सहकारी खेती र सामूहिक खेती गर्न उत्प्रेरित गरिनेछ।

१२.१०)बृहत आकार एवम् उच्च प्रविधियुक्त शीत भण्डार (कोल्ड स्टोर) तथा प्रशोधन उद्योग सार्वजनिक निजी साझेदारी मोडेलमा स्थापना तथा सञ्चालन गरिनेछ।

१३) पशुपालनमार्फत स्थानीय स्वरोजगार वृद्धि गर्दै पशुपन्छीजन्य उत्पादनमा प्रदेशलाई आत्मनिर्भर बनाउनुका साथै यस्ता उत्पादनको निर्यातलाई प्रवर्धन गरी आर्थिक विकास गर्ने नीति लिइनेछ।

१३.१)व्यावसायिक एवम् उन्नत नश्लका पशुपन्छी,माछापालन,मौरीपालन र उच्च मूल्यका पन्छीपालन व्यवसायलाई प्रोत्साहन दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३.२)हिमाली क्षेत्रमा एक सय भन्दा बढी भेडा बाख्रापालन गर्ने किसानहरूको लागि गोठ सुधार तथा व्यवस्थापन लक्षित सहयोग कार्यक्रम सञ्चालन गरिने छ।

१३.३)सन् २०३० सम्म पी.पी.आर.,खोरेत,रेबिज रोग नियन्त्रण तथा उन्मूलन गर्ने अन्तर्राष्ट्रिय लक्ष्यअनुसार भ्याक्सिन तथा औषधि यथा समयमै व्यवस्थापन गरिनेछ।

१३.४)सार्वजनिक,निजी र सहकारी क्षेत्रको साझेदारीमा दुध उत्पादन,दाना,ह्याचरी,प्रशोधन केन्द्र,अर्गानिक मल,जैविक विषादी,बधशाला,स्रोतकेन्द्र विकास,सेलार चिस्यान केन्द्र,साइलेज तथा हे उत्पादन र कृषि औजार तथा उपकरणको उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ।

१३.५)कृषि तथा पशुपालनको क्षेत्रमा अध्ययन अनुसन्धानमार्फत यसको विकासका लागि प्रदेशमा कृषि तथा पशु अनुसन्धान केन्द्र स्थापना गरिनेछ।

१३.६)कृषि क्षेत्रमा उल्लेखनीय कार्य गर्ने व्यावसायिक कृषकलाई स्वर्ण हलोबाट सम्मान गर्ने तथा योगदानमा आधारित किसान निवृत्तिभरण कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।

१४) समाजवाद उन्मुख सामाजिक,आर्थिक प्रणाली प्रवर्धनका लागि मर्यादित,गुणस्तरीय, विधिसम्मत र सुशासनयुक्त सहकारी क्षेत्रको विकास गरिनेछ।

१४.१)रणनीतिक योजनासहित कर्णाली प्रदेश विशेष कार्यक्रमहरू सहकारी प्रणालीमार्फत सञ्चालन गरिनेछ।

१४.२)सहकारी क्षेत्रमा प्रभावकारी नियमन,प्रशिक्षण,प्रवर्धन एवम् संरचनागत सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४.३)उत्पादन,उपभोग,श्रम तथा सीपमा आधारित स्वरोजगारमूलक एवम् नमुनायोग्य सहकारी प्रणाली स्थापित गर्न अभियान सञ्चालन गरिनेछ।

१४.४)स्थानीय तहको समन्वय तथा सहकारीसँगको साझेदारीमा "सुपथ मूल्य पसल" खोल्न प्रोत्साहित गरिनेछ।

**माननीय सदस्यहरू,**

१५) कोरोना महामारी तथा विपद्का कारण उत्पन्न हुनसक्ने सम्भावित खाद्य संकट समाधान गर्दै खाद्य सुरक्षाको सुनिश्चितता गर्न अत्यावश्यक खाद्य उत्पादन,भण्डारण, वितरण र आपूर्तिको भरपर्दो व्यवस्था मिलाइनेछ।

१५.१)सरोकारवाला र नियमनकारी निकायहरूसँगको समन्वयमा गुणस्तर परीक्षण र प्रभावकारी बजार अनुगमन गरी दैनिक उपभोग्य बस्तु तथा सेवाको सहज आपूर्तिको प्रबन्ध मिलाइनेछ।

१५.२)प्रदेशमा खाद्य सुरक्षा,खाद्य अधिकार तथा खाद्य सम्प्रभुताका लागि कानूनी व्यवस्था गरिनेछ। अत्यावश्यक बस्तुहरूको माग आपूर्ति विश्लेषण गर्ने संयन्त्र स्थापना गरी खाद्य संकट हुने तहहरूमा आवश्यक खाद्यान्न आपूर्तिको व्यवस्था मिलाइनेछ।

१५.३)सम्भावित विपद्लाई समेत मध्येनजर गर्दै स्थानीय तहसँगको सहकार्यमा कृषि उपज सङ्कलन र भण्डारणका लागि एक स्थानीय तहः एक अन्न भकारी स्थापना गर्ने नीति लिइनेछ।

१५.४)पेट्रोलियम पदार्थ भण्डारणको लागि प्रदेशस्तरीय पूर्वाधार निर्माण गर्न सम्भाव्यता अध्ययन,स्थान छनौट र जग्गा प्राप्तिको कार्य अगाडि बढाइने छ।

१५.५)स्थानीय उत्पादनको बजारीकरण,निर्यात र उपयोगमा विशेष प्राथमिकता दिइनेछ। उत्पादित बस्तुको आन्तरिक खपत वृद्धि गर्न सहकारी तथा निजी क्षेत्रलाई कर्णाली कोसेली गृह सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

१५.६)कर्णाली उत्पादनको निर्यात तथा खपत वृद्धि गर्न उत्पति प्रमाणपत्र,ब्राण्डिङ्ग,लेवलिङ्ग तथा व्यापारिक चिन्ह प्राप्तिमा सहयोग गर्नुका साथै सरकारी निकायमा अनिवार्य प्रयोगको लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ।

१५.७)कर्णाली राजमार्ग,मध्येपहाडी लोकमार्ग लगायतका राजमार्ग लक्षित फलफूल खेती गर्न तथा सुख्खा फलफूल (ड्राई फ्रुट) कारखानाको स्थापना र सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

**माननीय सदस्यहरू,**

१६) कोभिड महामारी संकटलाई मध्येनजर गर्दै प्रविधिमैत्री शिक्षण सिकाइलाई प्रोत्साहन र प्रवर्धन गर्न दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ। यसका लागि नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा प्राविधिक र स्वरोजगारमूलक उच्च शिक्षामा जोड दिइनेछ।

१६.१)सामुदायिक एवम् प्राविधिक विद्यालयहरूको पूर्वाधार विकास तथा शैक्षिक जनशक्तिको क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिइनेछ। मध्यम तथा उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्न प्रदेशभित्रका क्याम्पसहरूलाई आवश्यकताअनुसार क्रमशः विज्ञान तथा प्राविधिक शिक्षा अध्ययनको लागि सम्बन्धन र स्तरोन्नतिको लागि आवश्यक सहयोग गरिनेछ।

१६.२)बहु-प्राविधिक कक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयहरूको पूर्वाधार विकासलाई निरन्तरता दिँदै प्राविधिक र सरकारी तथा आङ्गिक क्याम्पसहरूको भौतिक पूर्वाधार एवम् प्रविधि विकासमा आवश्यक सहयोग गरिनेछ।

१६.३)सीपयुक्त दक्ष जनशक्ति उत्पादनका लागि व्यावसायिक शिक्षा तथा तालिम केन्द्र स्थापना गर्ने नीति लिइनेछ। विपन्न,द्वन्द्वबाट घाइते,अपाङ्ग तथा सहिदका सन्तति र जेहेनदार विद्यार्थीलाई सीपमूलक प्राविधिक शिक्षा अध्ययनको लागि विशेष छात्रवृत्ति प्रदान गरिनेछ।

१६.४)दक्ष जनशक्ति उत्पादनका लागि स्वास्थ्य,इन्जिनियरिङ्ग,कृषि,वन,भेटेरिनरी,पर्यटन र सूचना प्रविधि क्षेत्रमा स्नातक अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिनेछ।

१६.५)महिलाको शिक्षामा पँहुच वृद्धि गर्न छोरी बुहारी छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७) विद्यालय शिक्षालाई गुणस्तरीय,वैज्ञानिक,व्यावसायिक,सीपमूलक र जीवनोपयोगी बनाउन सामुदायिक विद्यालयको क्षमता विकास तथा पहुँच विस्तार गर्ने नीति लिइनेछ।

१७.१)सामुदायिक शैक्षिक संस्थाको पूर्वाधार,पाठ्यक्रम लगायतका विषयमा समसामयिक सुधार गरी वैज्ञानिक,सीपमूलक तथा गुणस्तरीय शिक्षा प्रदान गर्न कर्णाली सार्वजनिक शिक्षा सुधार अभियान अन्तर्गत शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

१७.२)नवसिर्जनशील,वैज्ञानिक,व्यावसायिक र मानव मूल्यमा आधारित शिक्षाका लागि समायानुकूल पाठ्यक्रम परिमार्जन गर्न नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरिनेछ। प्रदेशमा स्थानीय विशिष्टता र उद्यमशीलतालाई ध्यान दिई स्थानीय पाठ्यक्रम विकास गर्न प्रोत्साहन गरिनेछ।

१७.३)हिमाली र विकट पहाडी जिल्लामा आवासीय विद्यालय सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७.४)स्थानीय तहसँगको सहकार्यमा दोहोरो नपर्ने गरी एक स्थानीय तह एक नमुना सामुदायिक विद्यालय कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७.५)विद्यालय शिक्षादेखि ज्ञानसहितको स्वआर्जन (सिक्दै कमाउँदै) गर्ने सीपमूलक शिक्षाको विकास गरिनेछ।

१७.६)विद्यालयका बालबालिकाहरूको स्वास्थ्य र पोषणमा सुधार गर्न एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरिनेछ।

१७.७)कर्णाली प्रदेशका बालबालिकाहरूको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्न सार्वजनिक–निजी साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

१७.८)अपाङ्गता भएका व्यक्तिहरूको गुणस्तरीय शिक्षामा सहज पहुँचको सुनिश्चितता एवम् अपाङ्गमैत्री शिक्षण सिकाइ प्रविधिमा सुधार गर्न विशेष शिक्षा सञ्चालन गरेका

विद्यालयहरूलाई आवश्यक सहयोग गरिनेछ। प्रदेश सरकारले निर्माण गर्ने पूर्वाधारहरू अपाङ्गमैत्री बनाइनेछ।

१७.९)हरेक जिल्लामा गुणस्तरीय पठनपाठन र व्यवस्थापन गरी उत्कृष्ट नतिजा ल्याउने सरकारी विद्यालयलाई निश्चित मापदण्डका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ।

१७.१०)स्नातकोत्तर अध्ययनरत विद्यार्थीलाई विश्वविद्यालयसँग समन्वय गरी "कर्णाली विकास सेवा स्वयंसेवक" कार्यक्रम मार्फत स्वयंसेवक परिचालन गर्ने व्यवस्था मिलाइनेछ। शिक्षा स्वयंसेवकको माध्यमबाट सार्वजनिक शिक्षा सुधार गर्न कर्णाली शिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१७.११)प्रदेशमा पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गरी आगामी आर्थिक वर्षभित्र सञ्चालनमा ल्याइनेछ।

१७.१२)महामारी र विपद्मा बालबालिकाको शैक्षिक निरन्तरताका लागि वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

१७.१३विद्यालयमा स्वास्थ्य शिक्षा,सचेतना,प्राथमिक परीक्षण र उपचारका लागि एक स्थानीय तह एक स्वास्थ्यकर्मी परिचालन गरिनेछ।

१८) ज्येष्ठ नागरिक,एकल महिला,बालबालिका,अपाङ्गता भएका व्यक्तिहरू,परिवारबाट विस्थापित जनता,असहाय र सामाजिक वञ्चितीकरणमा परेका वर्ग र समुदायको संरक्षण र पुनर्स्थापना गरिनेछ। साथै कर्णालीका विपन्न नागरिकको आधारभूत आवश्यकताको प्रबन्ध र जीविकोपार्जन सुधार गर्न गर्न खाना,नाना,छाना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८.१)ज्येष्ठ नागरिक,दलित,वादी,विपन्न,राउटे,राजी,माझी,मुक्त हलिया,एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू,यौनिक अल्पसंख्यक,द्वन्द्व प्रभावित,विस्थापित नागरिक, अशक्त,घाइते तथा सहिद परिवार,एच.आई.भी. संक्रमित भएका व्यक्ति लगायतका वर्गको संरक्षण,आयवृद्धि र जीविकोपार्जनका लागि मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ।

१८.२)लैङ्गिक दृष्टिले सुरक्षित र समतामूलक प्रदेशमा रूपान्तरण गर्न छोरा र छोरीको लालनपालन,शिक्षा आदिमा हुने भेदभाव अन्त्य गर्न,कम उमेरमा हुने विवाह रोक्न "बैंक खाता छोरीको,सुरक्षा जीवनभरिको" कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्थानीय तह,विकास साझेदार,बैङ्क तथा वित्तीय संस्थासँगको समन्वयमा बचत रकम शेयर लगानी,शैक्षिक सहयोग र बीमालगायतका अन्य योजनाहरूसँग यस कार्यक्रमलाई आबद्ध गराउँदै लगिनेछ।

१८.३)समाजमा आर्थिक तथा सामाजिक रूपमा पछि परेका दलित समुदायको आर्थिक तथा सामाजिक विकास तथा स-शक्तीकरण गर्न कानूनी प्रबन्ध गर्नुको साथै

"मुख्यमन्त्री दलित आयआर्जन (रोजगारी) प्रवर्धन कार्यक्रम" लाई थप प्रभावकारी बनाइनेछ।

१८.४) बहुविवाह,जातीय छुवाछुत तथा भेदभाव,अन्धविश्वास र छुइप्रथा (छाउपडी) जस्ता सामाजिक कुप्रथा अन्त्यका लागि सम्बन्धित स्थानीय तह,गैर सरकारी संस्था र समुदायमा आधारित संस्थाहरूसँगको सहकार्यमा महिला आयआर्जन,किशोरी क्लब लगायतका सामाजिक रूपान्तरणकारी अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१८.५) पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान अधिकार प्रदान गर्ने दम्पतिलाई सम्मानको व्यवस्था मिलाइनेछ।

१८.६) प्रदेश राजधानी सुर्खेतमा नागरिक अतिथि सेवा गृह सञ्चालनमा ल्याइनेछ।

माननीय सदस्यहरू,

१९) प्रदेशको विकास र समृद्धिमा युवाको रचनात्मक योगदान सुनिश्चित गर्न युवाको सर्वाङ्गीण विकास गर्ने नीति लिइनेछ।

१९.१) युवा प्रतिभा पहिचान,युवा उद्यमशीलता तथा स्वरोजगार,युवा महोत्सव र उत्कृष्ट खेलाडी तथा युवा वैज्ञानिक प्रोत्साहनजस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

१९.२) कर्णाली प्रदेश खेलकूद परिषद्बाट व्यवस्थापन हुने गरी खेलकूद तालिम केन्द्र स्थापना गरिनेछ। प्रदेशस्तरमा व्यावसायिक खेलाडी उत्पादन गर्न खेलाडीलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ।

१९.३) दशौं राष्ट्रिय खेलकूद प्रतियोगिता आयोजना गर्नका लागि आवश्यक पूर्वाधार विकास गर्न नेपाल सरकार र स्थानीय तहसँग आवश्यक सहकार्य एवम् समन्वय गरिनेछ। राष्ट्रिय स्तरका खेलकूद प्रतिस्पर्धा यस प्रदेशमा आयोजना गर्नका लागि प्रदेश रङ्गशाला,उच्च पर्वतीय रंगशालालगायत आवश्यक पूर्वाधार विकास गरिनेछ।

१९.४) युवालाई उत्पादन,उद्यमशीलता र रोजगारीसँग जोड्न शैक्षिक प्रमाण पत्र र व्यवसाय धितो राखी सहुलियत ऋण दिने व्यवस्था मिलाइनेछ।

१९.५) नागरिकलाई श्रमको सम्मान,सामुदायिक कार्यमा स्वयंसेवा गर्न स्वःस्फूर्त रूपमा तयार हुन उत्प्रेरित गर्न श्रमदिन कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१९.६) स्वस्थ र सिर्जनशील जीवनका लागि खेलकूद,योग,व्यायाम र ध्यानलाई समुदाय तथा विद्यालय तहसम्म अभियानका रूपमा विस्तार गरिनेछ।

२०) सामाजिक,सांस्कृतिक विकास एवम् राष्ट्रिय एकता प्रवर्धनमा महत्त्वपूर्ण योगदान गरेको कर्णाली खस सभ्यताको गौरवपूर्ण इतिहासलाई संरक्षण गरिनेछ। भाषा, कला,साहित्य तथा संस्कृतीको संवर्धन र प्रवर्धनमा विशेष जोड दिइनेछ।

२०.१)प्रदेश सङ्ग्रहालयको स्तरोन्नति गरी प्रदेशभित्रका ऐतिहासिक,पुरातात्त्विक तथा साँस्कृतिक महत्त्वका अभिलेखहरू संग्रहित गरी प्रदेश अभिलेखालयको रूपमा समेत विकास गरिनेछ।

२०.२)सिँजा र दुल्लुमा मूर्ति,प्रस्तर र अन्य कलाकृति,सामरिक बस्तु,तथ्य,प्रमाण, लिपिसम्बन्धी दस्तावेज संग्रहालय निर्माण गरिनेछ।

२०.३)विभिन्न जातजाति,समुदाय र भाषाभाषीको भाषा,संस्कृती,कला झल्कने सांस्कृतिक संग्रहालय स्थापना गर्न सहयोग गरिनेछ।

२०.४)कला साहित्यको संवर्धन तथा प्रवर्धनमा विशिष्ट योगदान गर्ने स्रष्टाहरूलाई प्रदेश कला गौरवबाट विभूषित गरिनेछ।

२०.५)प्रदेशको भाषा,कला,साहित्य र संस्कृतीको संरक्षण,संवर्धन र विकास गर्न कर्णाली कला साहित्य प्रतिष्ठान स्थापना गरिनेछ।

२०.६)खस भाषाको प्रवर्धन गर्नका लागि खस बृहत शब्दकोष प्रकाशन र विद्यालयतहको स्थानीय पाठ्यक्रममा खस भाषालाई समावेश गर्न सहयोग गरिनेछ।

२०.७)परम्परागत रूपमा चलिआएका मेला,पर्व र जात्राहरूको प्रवर्धन गर्ने कार्यलाई समयानुकूल र रचनात्मक बनाउन व्यवस्था मिलाइनेछ।

**माननीय सदस्यहरू,**

२१) महामारीले अर्थतन्त्रमा पारेको प्रभाव न्यूनीकरण गर्न आन्तरिक पर्यटनलाई स्थानीय रोजगारी र आयआर्जनको आधारको रूपमा विकास गर्न कर्णाली प्रदेशलाई आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्ने नीति लिइनेछ।

२१.१)प्रदेशभित्रका ऐतिहासिक,धार्मिक,सांस्कृतिक,प्राकृतिक एवम् पर्यटकीय सम्भाव्य स्थलहरूको संरक्षण र संवर्धन गरिनेछ।

२१.२)कर्णाली प्रदेशलाई आकर्षक,साहसिक र विशिष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। यसका लागि प्रदेश पर्यटन गुरुयोजना अनुसारका गन्तव्य विकास र प्रवर्धन गरिनेछ। यस कार्यक्रम अन्तर्गत कर्णालीका पर्यटकीय क्षेत्रहरूमा आन्तरिक पर्यटन प्रवर्धन गर्न कर्मचारीलाई पर्यटन खर्चसहितको १२ दिनको पर्यटन बिदा उपलब्ध गराइनेछ।

२१.३)कर्णाली प्रदेशका महत्त्वपूर्ण पर्यटकीय गन्तव्यहरूको विस्तृत जानकारीसहितको पर्यटन पार्श्वचित्र (कर्णाली टुरिज्म प्रोफाइल) निर्माण गरिनेछ।

२१.४)कर्णाली प्रदेश हुँदै कैलास मानसरोवर दर्शन गर्न चाहने धार्मिक तिर्थालुलाई हुम्ला जिल्लाको लिमी लाप्चाबाट दर्शन गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि आवश्यक पर्यटकीय पूर्वाधारहरू निर्माण गरिनेछ।

२१.५)प्रदेश पर्यटन गुरुयोजना अनुसार सुनौलो त्रिभुज (काँक्रेविहार-रारा-फोक्सुन्डो) र सुनौलो सिक्री (वीरेन्द्रनगर-हिल्सा-मानसरोवर) जोड्ने अवधारणा अनुसार यस मार्ग र आसपासका (काँक्रेविहार,पञ्चकोशी,पचाल झरना,पिलि,सिँजा जुम्ला,कुभिण्डे दह,

स्यार्पु,चित्री पाटन,साङ्ट गुफा,मालारानी गुफा आदि) पर्यटकीय पूर्वाधारको विकासलाई अगाडि बढाइने छ। महत्त्वपूर्ण पर्यटकीय क्षेत्र जोड्ने मार्गमा पर्यटन सूचना सङ्केत राख्ने व्यवस्था मिलाइनेछ।

२१.६)प्रदेश पर्यटन गुरुयोजनाले समेटेका वृहत प्रकृतिका पर्यटकीय पदमार्गलाई अन्तर्राष्ट्रिय मापदण्ड र आधारविन्दु अनुरूप विकास गरिनेछ। साथै रेड पाण्डा,यार्सा र गुरिल्ला ट्रेललगायत अन्य सम्भावित पदमार्गहरूको ''पदमार्ग परीक्षण'' गरी सञ्चालनमा ल्याइनेछ।

२१.७)कालिकोटको पिली,रुकुमको खारा,जाजरकोटको जुनीमा युद्ध सङ्ग्रहालय निर्माण र अन्य सामारिक स्थानमा सम्भाव्यताको अध्ययन गरी युद्ध पर्यटन प्रवर्धन गरिनेछ।

२१.८)पर्यटकीय गन्तव्यको विकास सँगसँगै पर्यटकहरूलाई गुणस्तरीय सेवा,सुरक्षा र सुविधाको सुनिश्चिततासहितको लगानी योग्य परियोजनाको रूपमा विकास गर्न पर्यटकीय स्थल र मार्गको वातावरणीय अध्ययन,जग्गा प्राप्ति र विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ।

२१.९)पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न होटेल,सामुदायिक होम स्टे तथा पर्यटन सहकारी स्थापना तथा विकास गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ। यसका लागि पर्यटक पथ प्रदर्शक, सामुदायिक होम स्टे तथा होटेल व्यवस्थापन सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ।

**माननीय सदस्यहरू,**

२२) "दिगो वन व्यवस्थापनः स्वच्छ,स्वस्थ र समृद्ध जीवनयापन" सोचलाई कार्यान्वयन गर्न वन व्यवस्थापन,वन पैदावार,जडीबुटी तथा जैविक विविधताको दिगो संरक्षण गरी रोजगारी सिर्जना र हरित अर्थतन्त्रको विकासमा वन क्षेत्रको योगदान बढाइनेछ।

२२.१)वन पैदावारको उचित संरक्षण,सङ्कलन,सदुपयोग र व्यवस्थापन गरिनेछ। वन पैदावारको निर्यात गर्न वन संवर्धनमा आधारित वन व्यवस्थापन गरिनेछ।

२२.२)स्थानीय तहमा पाइने महत्त्वपूर्ण प्रजातिको बिरुवा छनौट गरी वन संरक्षण तथा व्यवस्थापन गर्न "वन बिउ बगैंचा" स्थापना गरिनेछ।

२२.३)सुख्खा डाँडाकाँडा तथा नदी किनार फाँटहरूमा आम्दानीको लागि आयमूलक बोटबिरुवाहरूको वृक्षरोपण गर्न "आयमूलक हरियाली" कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

२२.४)सडक बाटोको दुवैतर्फ सौन्दर्य प्रदायक,सडक सुरक्षा तथा आयमूलक बिरुवाहरूको वृक्षारोपण गरी हरियाली सडक विकास गर्न प्रोत्साहित गरिनेछ।

२२.५)चुरे तथा अन्य संवेदनशील क्षेत्रमा रहेका खोला र खहरेहरूमा वायोइन्जिनियरिङ प्रविधिद्वारा भू-संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ। जलाधार क्षेत्रको

व्यवस्थापन गर्दै पानी संरक्षणको लागि मुहान,ताल तथा पोखरीको संरक्षण, जलाशययुक्त मनोरञ्जन स्थल निर्माण र भू-जलसञ्चय प्रणाली विकास गरिनेछ।

२२.६)समुदायमा आधारित वन व्यवस्थापनमा सुशासन कायम गर्न सामुदायिक वन उपभोक्ता समूहको संस्थागत विकास तथा सामाजिक परिचालन कार्यक्रमलाई निरन्तरता दिँदै सामुदायिक वन,धार्मिक वन,कबुलियती वन,निजी तथा पारिवारिक वन समूहको विद्युतीय अभिलेख राखी अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ।

२२.७)बहुउपयोगी र मूल्यवान् प्रजातिका बिरुवा उत्पादन,वितरण र वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ। स्थानीय तह तथा अन्य पक्षसँगको साझेदारीमा हरियाली प्रवर्धन कार्यक्रम सञ्चालन गरी कम्तीमा एक सय हेक्टर क्षेत्रफलमा पाँच वटा वन उद्यान निर्माण गरिनेछ।

२२.८)औषधीय तथा सुगन्धित र व्यापारिक महत्त्वका वनस्पतिहरूको उत्पादन, व्यावसायिक खेती,सङ्कलन,भण्डारण,प्रशोधन तथा बजारीकरणका कार्यमार्फत रोजगारी अभिवृद्धि गर्न र वनक्षेत्रबाट प्राप्त हुने राजस्व वृद्धि गर्न "कर्णाली जडीबुटी विकास कार्यक्रम"लागु गरिनेछ।

२२.९)प्रदेशभित्र चयन गरिएका वनस्पतिहरूको खेती गर्न पकेट क्षेत्र,उत्पादित वनस्पति भण्डारण गर्न ब्लक क्षेत्र,संकलित वनस्पति प्रशोधन गर्न जोन क्षेत्र र बस्तु/सामग्री उत्पादन गर्न सुपर-जोन क्षेत्र पहिचान र प्रवर्धन गरिनेछ।

२२.१०)जडीबुटी विशेष क्षेत्र पहिचान गरी उद्योग स्थापना र प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ। "मेक इन कर्णाली" सोचसहित जडीबुटीजन्य बस्तुको उत्पादनमा पूँजी र प्रविधि भित्र्याउँदै जडीबुटीको आन्तरिक तथा बाह्य बजार व्यवस्थापन गर्न एकीकृत कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

२२.११)निजी क्षेत्रसँगको साझेदारीमा प्रदेशभित्र रहेका बहुमूल्य जडीबुटीहरूको प्रशोधन गरी निर्यात गर्नको लागि कर्णाली जडीबुटी प्रशोधन कम्पनी स्थापना गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

२२.१२)वनको संरक्षण र संवर्धनका लागि समुदायलाई वनसँग जोड्न,वनको महत्त्व प्रचार गर्न,चोरी सिकारी निरुत्साहित गर्न,वन आगलागीका घटना न्यूनीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

२२.१३)सुर्खेत उपत्यका उत्तरी जलाधार क्षेत्र संरक्षण तथा संवर्धन गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ साथै सुर्खेत उपत्यका खानेपानी मुहान संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

२२.१४)प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै वैकल्पिक झोला प्रवर्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। वातावरणीय प्रदूषण अनुगमन स्टेशन स्थापना गरी प्रदूषण न्यूनीकरण योजनालाई कार्यान्वयनमा ल्याइनेछ।

२२.१५)वातावरण निरीक्षकको प्रबन्धबाट प्रदेशस्तरीय वातावरण अनुगमन गरी प्रदूषकले क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था कार्यान्वयन गराइनेछ।

२२.१६)जलवायु परिवर्तनबाट सिर्जित प्रतिकूल असर र प्रभाव न्यूनीकरण गर्न अध्ययन अनुसन्धानका माध्यमबाट उपयुक्त अनुकूलनका अभ्यासहरूको प्रयोगमा जोड दिइनेछ।

२२.१७)विज्ञान र प्रविधिको क्षेत्रमा भइरहेका नवीनतम अभ्यास र प्रयोगहरूलाई प्रोत्साहन गर्न वैज्ञानिक खोज तथा अनुसन्धानका कार्यहरू गरिरहेका संस्थासँगको सहकार्यमा नवप्रवर्तन प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

२२.१८)सामुदायिक वनलाई आयमूलक तथा व्यावसायिक वनको रूपमा समेत विकास गरिनेछ।

**माननीय सदस्यहरू,**

२३) "कर्णालीको पानीः जनताको लगानी" अभियान सञ्चालनका लागि जलस्रोत गुरुयोजना तयार गरी सिँचाइ,खानेपानी,जलाशय र जलविद्युतको विकास र बहुद्देश्यीय उपयोग गर्ने नीति लिइनेछ।

२३.१)प्रदेशभित्र रहेका छिट्टै प्रतिफल दिने २० मेगावाटसम्मका जलविद्युत आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गरी आयोजना बैङ्कमा समावेश गरिनेछ। आगामी आर्थिक वर्षभित्र २० मेगावाटसम्मको एउटा जलविद्युत आयोजना कार्यान्वयनको कार्य अगाडि बढाइनेछ।

२३.२)प्रदेशको अधिकार क्षेत्रभित्र रहेका जलविद्युत आयोजनाहरू प्रदेश सरकार आफैं वा साझेदारीमा निर्माण तथा सञ्चालन गर्ने नीति लिइनेछ। फुकोट जलविद्युत आयोजना, ताक्सुगाड जलविद्युत आयोजना,भेरी बबई बहुउद्देश्यीय आयोजना र जगदुल्ला जलविद्युत आयोजनामा प्रदेश सरकारले शेयर लगानी गर्नुका साथै भेरी बबई बहुउद्देश्यीय आयोजनाको बाँधको पश्चिम भागबाट विद्युत उत्पादन गर्न आवश्यक प्रक्रिया थालनी गरिनेछ।

२३.३)राष्ट्रिय विद्युत प्रसारण सञ्जालमा हालसम्म नजोडिएका दुर्गम र भौगोलिक रूपमा कठिन स्थानका गाउँहरूलाई लघु जलविद्युत,सौर्यऊर्जा,बायोग्यास,वायु ऊर्जा लगायतका वैकल्पिक ऊर्जामार्फत विद्युतीकरणका लागि कर्णाली उज्यालो कार्यक्रममार्फत एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

२३.४)हाल सञ्चालनमा रहेका एवम् विभिन्न कारणले सञ्चालनमा आउन नसकेका साना तथा लघु जलविद्युत आयोजनाहरूको लगत तयार गरी प्राथमिकताका आधारमा विद्युत सहकारीमा रूपान्तरण गर्दै आयोजनाहरूको मर्मत,सम्भार र स्तरोन्नतिको कार्यमा आत्मनिर्भर बनाउन स्थानीय तहसँग सहकार्य गरिनेछ।

२४) प्रदेश तथा स्थानीय तहबाट निर्माण गरिने सबै सडकलाई एकीकृत सडक सञ्जालमा आबद्ध हुने गरी सुरक्षित,भरपर्दो र गुणस्तरीय सडक पूर्वाधार विकास गर्न सडक तथा यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

२४.१)रणनीतिक तथा पर्यटकीय महत्त्वको सुर्खेत–हिल्सा सडक खण्डको विकास र स्तरोन्नतिको लागि स्वदेशी तथा विदेशी स्रोतको परिचालन गर्न नेपाल सरकारसँग आवश्यक समन्वय गरिनेछ।

२४.२)प्रदेश महत्त्वका सडक तथा पुल निर्माणको कार्यलाई एकीकृत आयोजनाको रूपमा निर्माण गर्ने कार्य अगाडि बढाइनेछ। सडक निर्माण गर्दा स्थानीय तहको केन्द्रदेखि मुख्य सडक वा राजमार्ग सँग जोड्ने सडक र जिल्ला सदरमुकामदेखि प्रदेश राजधानी जोड्ने सडकलाई उच्च प्राथमिकता दिइनेछ।

२४.३)सडक पुगेका सबै स्थानीय तहमा व्यवस्थित बसपार्क निर्माणको लागि स्थानीय तहहरूसँग समन्वय र सहकार्य गरिनेछ। प्रदेश राजधानी र मुख्य सहरहरूमा साइकल लेन तथा पैदल यात्रुमैत्री सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

२४.४)विद्यालय,स्वास्थ्यचौकी,हाट बजार र बस्तीमा सहज पहुँच पुऱ्याउन आवश्यक स्थानहरूमा झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२४.५)प्रदेश राजधानी वीरेन्द्रनगरमा चक्रपथ निर्माण तथा स्तरोन्नतिको प्रक्रिया अघि बढाईनेछ।

२४.६)नेपाल सरकारसँगको सहकार्यमा सुर्खेत विमानस्थलको विस्तार तथा स्तरोन्नति गर्ने व्यवस्था मिलाइनेछ। साथै प्रदेशका अन्य विमानस्थलको स्तरोन्नति गर्ने कार्यको लागि आवश्यक सहयोग तथा समन्वय गरिनेछ।

२४.७)सडक सुरक्षा कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्दै सडकको डिजाइन, निर्माण,मर्मत,निरीक्षण र स्तरोन्नति गरी प्रादेशिक सडकमा सवारी दुर्घटना हुन दिइनेछैन। राजमार्ग केन्द्रित सडक सुरक्षा परीक्षण,रिफ्रेस तथा भेहिकल फिटनेस सेन्टर स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

२४.८)सवारी दर्ता,नवीकरण,सवारी अनुमति पत्र लगायतको सेवालाई थप प्रभावकारी र व्यवस्थित बनाउन यसको आधुनिकीकरण गरिनेछ। प्रदेश मातहतका सबै यातायात सेवा कार्यालयको आफ्नै आधुनिक ट्रायल सेन्टर निर्माण गरिनेछ।

२५) जनतालाई आधारभूत खानेपानीको व्यवस्था र सबै खेतीयोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउन आवश्यकतानुसार वर्षातको पानी सङ्कलन,डिप बोरिङ तथा लिफ्ट खानेपानीलगायतका नवीन प्रविधिहरूको माध्यमबाट सबैलाई स्वच्छ तथा गुणस्तरीयखानेपानी तथा सिँचाइ सुविधा विस्तार गर्ने नीति लिइनेछ।

२५.१)प्रदेशको जलस्रोतको व्यवस्थित र प्रभावकारी उपयोगका लागि कर्णाली जलस्रोत नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

२५.२)प्रदेश राजधानी र अन्य सहरहरूमा भवन निर्माण गर्दा वर्षातको पानी सङ्कलन तथा पुनर्भरण प्रणाली लागु गर्न प्रोत्साहित गरिनेछ। बस्ती नजिक पानीको स्रोत नभएका दुर्गम तथा पहाडी क्षेत्रमा वर्षातको पानी सङ्कलन तथा जैविक प्रशोधन प्रणाली जडान गर्न सहयोग गरी पिउनयोग्य पानी उपलब्ध गराइनेछ।

२५.३)प्रदेश राजधानी वीरेन्द्रनगरको खानेपानीको समस्या समाधान गर्न भेरी लिफ्ट खानेपानी आयोजना कार्यान्वयन गर्न नेपाल सरकारसँग साझेदारी गरिनेछ।

२५.४)स्थानीय तहसँगको सहकार्यमा सार्वजनिक शौचालय,ढल व्यवस्थापन र फोहोरमैला प्रशोधन केन्द्र निर्माण गर्न प्रोत्साहित गरिनेछ।

२५.५)सार्वजनिक,निजी तथा उपभोक्ताको साझेदारीमा खानेपानी तथा सरसफाइसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

२५.६)खेतीयोग्य जमिनमा वर्षैभरि सिँचाइ सुविधा पुर्‍याउन सम्भाव्यताका आधारमा आवश्यक साना तथा ठूला सिँचाइ आयोजनाहरू निर्माण गरिनेछ।

२५.७)भेरी,कर्णाली,शारदा,तिला,हिमा लगायतका नदी किनारका असिँचित फाँट,टार र क्षेत्र लक्षित लिफ्ट,डिपवोरिङ्ग तथा ट्युवेलमार्फत सिँचाइको व्यवस्था गरिनेछ।

**माननीय सदस्यहरू,**

२६) छरिएर रहेको तथा जोखिमयुक्त बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी जनतालाई न्यूनतम आवासको सुनिश्चितता गर्न नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा एकीकृत बस्ती विकास कार्यक्रम अगाडि बढाइनेछ।

२७) अति विपन्न,लक्षित वर्ग र समुदायको जीवनस्तर सुधार तथा सामाजिक रूपान्तरणका लागि जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२८) नमुना सहर निर्माणका लागि सम्भाव्यता अध्ययन गरी आगामी आर्थिक वर्षमा परीक्षणको रूपमा कम्तीमा एक स्थानमा नमुना सहर आयोजना कार्यान्वयनको प्रक्रिया अगाडि बढाइनेछ।

२९) पर्यटन प्रवर्धन,आवागमन र आर्थिक विकासका गतिविधिहरूलाई टेवा पुग्ने गरी सुर्खेत-सिद्धपाइला,कोटवाडा-मान्म,रारा-मुर्माटप लगायतका स्थानहरूमा केवलकारको निर्माणको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइने छ।

३०) सुरुङ्ग मार्ग,जलमार्ग र रोप-वे लगायतका रणनीतिक महत्त्वका पूर्वाधार आयोजनाको सम्भाव्यता अध्ययन गरी सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

३१) प्रदेश अन्तर्गतका योजनाहरूको डिजाइन,इष्टिमेट,विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने तथा खरिद प्रक्रियालाई एउटै निकायबाट सम्पादन गर्न संरचनागत व्यवस्था गरिनेछ।

**माननीय सदस्यहरू,**

३२) प्रदेश सरकारको कामकारवाही,विकास निर्माण तथा सेवा प्रवाहको सम्बन्धमा जनताको गुनासा,सुझाव,जिज्ञासा तथा अपेक्षाहरू सम्बोधन गरी सेवा प्रवाहमा नागरिक संलग्नता अभिवृद्धि गरिनेछ।

३२.१)प्रदेश सरकार तथा मातहत निकायबाट प्रवाह हुने सेवा तथा सञ्चालित आयोजनाहरूको सम्बन्धमा जिज्ञासा,गुनासो तथा सुझाव प्रत्यक्ष रूपमा सम्बोधन गर्नका लागि सञ्चालनमा ल्याइएको "हाम्मा कुडाः हाम्मा मुख्यमन्त्री" कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

३२.२)प्रदेश सरकारको नीति तथा कार्यक्रम,बजेट र आयोजनाहरूको नियमित अनुगमन तथा सुपरिवेक्षणका लागि एकीकृत अनलाईन अनुगमन प्रणालीको स्थापना र सञ्चालन गरिनेछ।

३२.३)कार्यतत्परता र सक्षमताका आधारमा सबै स्थानीय तहले लाभ लिन सक्ने गरी सिर्जनशील साझेदारी कोष स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ।

३२.४)जिल्ला समन्वय समिति सम्बन्धी नेपालको संवैधानिक व्यवस्थाअनुसार प्रदेश तथा स्थानीय तहमा सहजीकरण,सन्तुलन र अनुगमनको लागि आवश्यक जनशक्ति, साधनस्रोत र सेवा सुविधाका साथ प्रभावकारी परिचालन गर्न आवश्यक ऐन र कार्यविधि निर्माण गरी परिचालन गरिनेछ।

३३) सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो,चुस्त,सरल,पारदर्शी र प्रभावकारी बनाई आम नागरिकको प्रदेश सरकारप्रतिको अपनत्व र विश्वसनीयता बढाउन सार्वजनिक प्रशासनको नीतिगत,कानूनी,संस्थागत एवम् मनोव्यावहारिक पक्षमा सवलीकरण तथा निरन्तर सुधार गर्दै लगिनेछ।

३३.१)प्रदेश निजामती सेवालाई व्यावसायिक,गुणस्तरीय,नागरिक केन्द्रित,परिणाममूखी र समसामयिक बनाउन प्रदेश निजामती सेवा सम्बन्धी आवश्यक कानून निर्माण गरिनेछ।

३३.२)प्रदेश तथा स्थानीय तहमा रिक्त दरबन्दीमा प्रदेश लोकसेवा आयोगमार्फत पदपूर्तिको कार्य अगाडि बढाइनेछ।

३३.३)कर्णाली प्रदेशका जेहेनदार,लक्षित तथा विपन्न वर्गका शिक्षित बेरोजगार युवाहरूलाई प्रदेश सेवा तथा अन्य सरकारी सेवामा आकर्षित गर्न लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ।

३३.४)प्रदेश सरकारका निकायहरूको आन्तरिक नियन्त्रण प्रणाली तथा सेवा प्रवाहको मापदण्ड तयार गरी लागु गरिनेछ।

३३.५)प्रदेश सेवामा पूर्ण निष्ठा र सेवाभावका साथ कार्य सम्पादन गर्न कर्मचारीलाई आवश्यक कार्यवातावरण,प्रोत्साहन र उत्प्रेरित गर्ने नीति अबलम्बन गरिनेछ।

कर्णाली प्रदेशमा रहेर उल्लेखनीय र अनुकरणीय कार्य गर्ने राष्ट्रसेवक कर्मचारीलाई कर्णाली सेवा पुरस्कारबाट पुरस्कृत गरिनेछ।

३३.६)प्रदेश सरकार मातहतका निकायहरूमा सूचना प्रविधिमा आधारित स्वचालित कार्य प्रणाली मार्फत सेवा प्रवाह गर्ने व्यवस्था क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। असल अभ्यास तथा नवप्रवर्तनीय कार्य गर्ने नमुना कार्यालयलाई पुरस्कृत गरिनेछ।

३३.७)महिला कर्मचारी तथा मजदुर कार्यरत रहने कार्यस्थल एवम् समुदायस्तरमा शिशु हेरचाह सहजताको लागि दिवा शिशु स्याहार केन्द्र स्थापना र सञ्चालन गरिनेछ।

३३.८)प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ। प्रदेश प्रशिक्षण सुशासन केन्द्रमा प्रशिक्षणमैत्री आधुनिक भौतिक पूर्वाधार विकास गरिनेछ।

**माननीय सदस्यहरू,**

३४) मानव अधिकार प्रवर्धन,नागरिकको जीउधन र स्वतन्त्रताको संरक्षण,संविधान प्रदत्त मौलिक हकको प्रत्याभूति र प्रदेशभित्र शान्ति सुरक्षा र अमनचयन कायम राख्न आवश्यक कानूनी तथा संस्थागत विकास गरिनेछ।

३४.१)जनताको जीउधन र स्वतन्त्रताको संरक्षण गर्न कानूनी र संस्थागत प्रबन्ध गरी प्रदेश प्रहरी र प्रदेश अनुसन्धान ब्यूरोको गठन गरिनेछ।

३४.२)प्रहरी संगठनलाई दक्ष,जनउत्तरदायी र व्यावसायिक बनाउन एवम् प्रहरी कर्मचारीको विशिष्टीकृत क्षमता विकास गर्न पर्वतीय प्रहरी प्रशिक्षण प्रतिष्ठान र प्रदेश प्रहरी तालिम केन्द्र लगायतका संरचना निर्माण गरिनेछ।

३४.३)मानवअधिकारका सर्वमान्य सिद्धान्त र मूल्य मान्यतालाई आत्मसात गर्दै मानवअधिकार संरक्षण र प्रवर्धनका कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

३४.४)मानव बेचबिखन,घरेलु हिंसा,लागुऔषध दुर्व्यसन जस्ता अपराधको मूल कारण पहिचान तथा निदान गर्न समुदायसँगको साझेदारीमा आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रम,सामुदायिक प्रहरी एवम् सुधार केन्द्र सञ्चालन गरी शान्ति, सुरक्षा र अमनचयनको वातावरण निर्माण गरिनेछ।

३४.५)कानूनबाट शासन सञ्चालन गर्न प्रत्येक नागरिकलाई चेतनशील बनाउन आवश्यक पर्ने कानून निर्माण र मौजुदा कानूनको प्रभावकारी कार्यान्वयनका लागि कानूनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। विपन्न र हिंसामा परेका पीडितहरूलाई न्यायमा पहुँच वृद्धि गर्न निःशुल्क कानूनी सहायता प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

३४.६)स्थानीय तहको कानून निर्माणमा आवश्यक सहयोग तथा सहजीकरण गरिनेछ। प्रदेश र स्थानीय तहका कानूनको एकीकृत विद्युतीय अभिलेखीकरण गर्ने व्यवस्था

मिलाई प्रदेश कानूनहरूको कार्यान्वयन प्रभावकारिता,तादाम्यता र प्रभाव अध्ययन विश्लेषण गरिनेछ।

३४.७)जनआन्दोलन,जनयुद्ध र प्रदेश प्राप्तिको आन्दोलनको क्रममा जीवन उत्सर्ग गर्ने सहिद तथा बेपत्ता परिवार,घाइते र अपाङ्गता भएका व्यक्तिको सीप विकास र निःशुल्क स्वास्थ्य उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३४.८)न्यूनतम जीविकोपार्जन एवम् सम्मानका लागि सहिदका परिवारलाई आमा बुवाको पहिलो हकाधिकार हुने गरी मासिक रु. दुई हजार सहिद स्मृति भत्ता उपलब्ध गराइनेछ।

३४.९)गम्भीर प्रकृतिका सहाराविहीन घाइते,अपाङ्गहरूको संरक्षणका लागि पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ।

३४.१०)जनआन्दोलन,जनयुद्ध र प्रदेश प्राप्तिको आन्दोलनको क्रममा घाइते,अपाङ्ग भएका व्यक्तिहरूलाई अधिकतम मासिक रु. दुई हजारसम्म जीवन निर्वाह भत्ता उपलब्ध गराइनेछ।

३४.११)द्वन्द्व प्रभावित तथा हिंसापीडित महिलाहरूका लागि संरक्षण घर (सेफ हाउस), सीप विकास र आयआर्जन वृद्धिलगायतका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३४.१२)गम्भीर प्रकृतिका घाइते,अपाङ्गहरूका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ।

३४.१३)प्रदेश प्राप्ति लगायत अधिकारवादी आन्दोलनका क्रममा आफ्नो जीवन उत्सर्ग गर्ने महान सहिदको सम्मान र सम्झनामा राजनीतिक आन्दोलन तथा सामाजिक परिवर्तन झल्कने तथ्य,प्रमाण,बस्तु र दस्तावेजसहितको सहिद पार्क निर्माण गरिनेछ।

३४.१४)समाजमा विद्यमान रहेका कुरीति,कुसंस्कार,कुप्रथा र सबै प्रकारका विभेद तथा हिंसाको अन्त्य गरी सुरक्षित,सुसंस्कृत र समतामूलक सभ्य समाज निर्माण गरिनेछ। यसका लागि लागुऔषध उत्पादन,ओसारपसार,बेचबिखन,दुर्व्यसन,जुवातास र मद्यपानजस्ता विकृतिलाई निर्मूल गर्न अभियान सञ्चालन गरिनेछ।

३५) जेलमा रहेका बन्दी,साहाराविहीन जेष्ठ नागरिक,हिंसामा परेका,एच.आइ.भी. संक्रमित र लागुपदार्थको दुर्व्यसनमा परेका युवालाई उचित उपचार,पुनर्स्थापना र मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

३६) कर्णाली प्रदेशको भौगोलिक विशिष्टतालाई मध्येनजर गर्दै विपद् व्यवस्थापनका लागि स्थानीय तह,सुरक्षा निकाय र सम्बद्ध संघ–संस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाइनेछ।

३६.१)हामी बनाउँछौं हाम्रो विपद् कोषको सोचसहित विपद्को पूर्वतयारी,खोज तथा उद्धार, राहत वितरण,पुनर्स्थापना र पुनर्निर्माण कार्यलाई समन्वयात्मक रूपमा अगाडि बढाउन स्थानीय तहको पालिका र वडास्तरमा योगदानमा आधारित स्वःवृद्धि विपद् राहत कोष स्थापना गर्न प्रोत्साहन गरिनेछ।

३६.२)विपद् जोखिम नक्साङ्कन तथा प्रतिकार्य योजनामार्फत नेपाल सरकार,प्रदेश सरकार, स्थानीय तह तथा अन्तर्राष्ट्रिय/राष्ट्रिय संघ-संस्था र निजी क्षेत्रसँग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एवम् विपद् स्वयंसेवक परिचालनका कार्यहरू समन्वयात्मक ढङ्गले सम्पादन गरिनेछ।

३६.३)प्रदेश आपतकालीन कार्य सञ्चालन केन्द्रको जिल्ला तथा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गरी विपद् सूचना सङ्कलन,विश्लेषण गरी तत्काल प्रतिकार्यका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन हुने व्यवस्था मिलाइनेछ। विपद् व्यवस्थापनको क्षेत्रमा साहसिक तथा उदाहरणीय कार्य गर्ने व्यक्तिलाई पुरस्कृत गरिनेछ।

३७) सामुदायिक सञ्चारमाध्यमको संस्थागत क्षमता विकास तथा सञ्चारकर्मीको पेसागत क्षमता अभिवृद्धिका क्रियाकलापहरूमार्फत आमसञ्चार माध्यमलाई स्वच्छ,मर्यादित र व्यावसायिक बनाउने नीति लिइनेछ।

३७.१)श्रमजीवी पत्रकारको स्वास्थ्य,सुरक्षा,उत्प्रेरणा र व्यावसायिक दक्षता विकास गर्न पत्रकार स्वास्थ्य बीमा र पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३७.२)सञ्चार माध्यमको दर्ता,इजाजत,नवीकरण र नियमन तथा अभिलेखीकरण कार्यलाई थप प्रभावकारी बनाइनेछ। आमसञ्चार माध्यमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश आमसञ्चार प्रतिष्ठान गठन गरिनेछ।

३७.३)सञ्चार माध्यमहरूलाई लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरण गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

३८) विद्युतीय शासन गुरूयोजना तयार गरी क्रमशः डिजिटल कर्णाली सोच साकार पार्न प्रदेश सरकारका कामकाजलाई प्रविधिमैत्री बनाउँदै लगिनेछ।

३८.१)प्रदेश सरकारको सेवा प्रवाह,सुरक्षा व्यवस्थालगायत अन्य व्यवस्थापकीय कार्यमा विद्युतीय शासन प्रणालीको प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ।

३८.२)अध्ययन अनुसन्धान तथा तथ्यमा आधारित नीति,कार्यक्रम तथा योजना छनौट एवम् निर्माण गर्न आवश्यक पर्ने आधारभूत तथ्याङ्क सङ्कलन,प्रशोधन,भण्डारण र उपयोगका लागि समुचित व्यवस्था गरिनेछ र योजना छनौट प्रणालीमा आमूल परिवर्तन गर्न सूचना प्रविधिको उपयोग गरिनेछ।

३८.३)प्रदेशको एकीकृत एप्लिकेशन निर्माण गरी प्रदेश सरकारका सूचना तथा सेवा विद्युतीय माध्यमबाट प्रवाह गरिनेछ।

माननीय सदस्यहरू,

३९) प्रदेश प्राथमिकताका क्षेत्रमा लगानी र प्रतिफलको समन्यायिक वितरणमा जोड दिइनेछ। प्रदेश महत्त्वका ठूला पूर्वाधार विकास,रोजगारी सिर्जना,कृषि,उद्योग,

भौतिक पूर्वाधार र पर्यटनको विकासका लागि सार्वजनिक,निजी र सहकारी क्षेत्रलाई परिचालन गर्ने आर्थिक नीति लिइनेछ।

३९.१)आयोजना बैंकमार्फत बस्तुनिष्ठ मापदण्डका आधारमा आयोजना छनौट र कार्यान्वयन हुने प्रणाली विकास गरिनेछ। प्रदेश गौरव एवम् महत्त्वका रूपान्तरणकारी आयोजनाहरू कार्यान्वयन गरिनेछ।

३९.२)उच्च प्रतिफल दिने आयोजनाहरू पहिचान गरी सार्वजनिक–निजी लगानी प्रवर्धन गर्न लगानी सम्मेलन आयोजना गरिनेछ।

३९.३)प्रथम पञ्चवर्षीय योजनाको कार्यान्वयन पक्षको अनुगमन तथा मूल्याङ्कन गरिनेछ। दिगो विकासको राष्ट्रिय लक्ष्य प्राप्त गर्न त्यसलाई प्रदेश तथा स्थानीय तहमा आन्तरिकीकरण गर्न स्थानीय तहको आवधिक योजना निर्माणमा प्राविधिक सहयोग तथा सहजीकरण गरिनेछ।

३९.४)प्रदेशमा वित्तीय साक्षरता,बैंकिङ्ग प्रणालीमा पहुँच र वित्तीय समावेशीकरण अभिवृद्धि गरिनेछ। नागरिकको बचत वृद्धि गरी स्वरोजगारका अवसर सिर्जना गर्ने कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

३९.५)आन्तरिक स्रोत अभिवृद्धि गर्न प्रदेशको अधिकार क्षेत्रअन्तर्गत रहेको राजस्वको दायरा विस्तार तथा कर प्रणालीमा समसामयिक सुधार गरिनेछ। साथै,नेपाल सरकार र स्थानीय तहसँग समन्वय गरी सार्वजनिक खर्च लेखाङ्कन र प्रतिवेदनको एकीकृत स्वचालित प्रणाली विकास र प्रयोगको व्यवस्था मिलाइनेछ।

३९.६)कर्णाली प्रदेशको पूर्वाधार लगायतका प्राथमिकता प्राप्त क्षेत्रमा विकास साझेदारलाई परिचालन र प्रत्यक्ष वैदेशिक लगानी आकर्षण गर्न लगानी सुरक्षा र लगानीमैत्री वातावरणको सुनिश्चितता गरिनेछ।

३९.७)सार्वजनिक निजी साझेदारी नीति अनुसार प्रदेश सरकारबाट हुने शेयर लगानी,फिर्ता एवम् लाभांशको एकीकृत अभिलेख तथा लगानी भएका क्षेत्रको नियमन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत स्थायी संरचनागत व्यवस्था गरिनेछ।

४०) कोभिड-१९ को महामारीबाट अर्थतन्त्रमा सिर्जित विषम् परिस्थितिमा भएको स्रोतको संकुचन र यसबाट पर्ने वित्तीय भार समेतलाई मध्येनजर गरी चालु तथा प्रशासनिक खर्चलाई निश्चित सीमामा राखिनेछ। दीर्घकालीन दायित्व न्यूनीकरण गर्ने र गैर बजेटरी खर्चलाई निरुत्साहित गर्दै वित्तीय उत्तरदायित्व र जवाफदेहिता प्रवर्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४१) स्वास्थ्य,शिक्षा,सार्वजनिक यातायात,विद्युतीय नगर बस,जलविद्युत,सुपथ मूल्य पसल, बहुउद्देश्यीय जलाशय,प्राकृतिक स्रोत उपयोग जस्ता सार्वजनिक महत्त्वका क्षेत्रमा आम जनताको शेयर स्वामित्व रहने गरी समाजवाद उन्मुख अवधारणामा काम गर्न इच्छुक सहकारी तथा कम्पनीहरूलाई शेयर साझेदारी,पूरक अन्तर तथा

जगेडा कोष अनुदानलगायत संस्थागत क्षमता विकासमा सहयोग गर्ने नीति लिइनेछ।

**माननीय सदस्यहरू,**

४२) स्वास्थ्य,शिक्षा,सार्वजनिक यातायात,विद्युतीय नगर बस,जलविद्युत,सुपथ मूल्य पसल, बहुउद्देश्यीय जलाशय,प्राकृतिक स्रोत उपयोग जस्ता सार्वजनिक महत्त्वका क्षेत्रमा आम जनताको शेयर स्वामित्व रहने गरी समाजवाद उन्मुख अवधारणामा काम गर्न इच्छुक सहकारी तथा कम्पनीहरूलाई शेयर साझेदारी,पूरक अन्तर तथा जगेडा कोष अनुदानलगायत संस्थागत क्षमता विकासमा सहयोग गर्ने नीति लिइनेछ।

४३) कोभिड-१९ बाट अर्थतन्त्रमा परेको प्रभावलाई न्यूनीकरण गर्नुका साथै कर्णालीको राजनीतिक,आर्थिक,सामाजिकलगायतका क्षेत्रको स्थायित्वको लागि विकास निर्माणका कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गरी गरिबी न्यूनीकरण एवम् विकास र समृद्धिमा प्रस्तुत नीति तथा कार्यक्रमले महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

४४) यस विषम परिस्थितिमा प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि तीनै तहका सरकार, निजी, सहकारी, विकास साझेदारलगायतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँगको संयुक्त प्रयास,समन्वय,सहकार्य र साझेदारी अत्यावश्यक रहने हुँदा सम्बद्ध सबै पक्षको सहयोग रहने अपेक्षा गरेको छु।

४५) प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिइ योगदान गर्नुहुने संघीय र प्रदेश सभाका माननीय सदस्य,प्रदेश सभाका विषयगत समिति,गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समिति महासंघ,विज्ञ समूह,राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि,स्थानीय तहका जनप्रतिनिधि,राष्ट्रसेवक कर्मचारी,प्रदेश योजना आयोगका पदाधिकारी,बुद्धिजीवी,निजी क्षेत्र,नागरिक समाज,श्रमजीवीवर्ग, सञ्चारकर्मी,विकास साझेदार एवम् गैरसरकारी संघ-संस्थालगायत आम कर्णालीवासीप्रति आभारी छु।

४६) अन्तमा,प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट कोभिड-१९ महामारीको पछिल्लो लहरको नकारात्मक प्रभाव नियन्त्रण गरी जनताको जीवनरक्षा, सम्भावित खाद्य संकटको निवारण र सुस्त बनेको आर्थिक गतिविधिलाई तीव्रता दिन सर्वपक्षीय सहयोगका लागि आह्वान समेत गर्दछु। धन्यवाद !

**माननीयसभामुखः**-माननीय सदस्यहरू अब यो बैठक आधा घण्टाका लागि स्थगित हुन्छ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८ जेठ २९ गते
शनिवार
(बैठक संख्या-६ दोस्रो बैठक)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू स्थगित बैठक सुचारु हुन्छ । माननीय सदस्यहरू अब म कर्णाली प्रदेशका प्रदेश प्रमुखज्यूबाट प्रदेश सभाको आठौं अधिवेशनको छैठौं बैठकमा सम्वोधन भएको नीति तथा कार्यक्रमको प्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम १ बमोजिम यस सभा समक्ष टेवुल गर्न कर्णाली प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री महेन्द्र बहादुर शाहीलाई अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री महेन्द्र बहादुर शाहीः-** माननीय सभामुख महोदय, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखद्वारा कर्णाली प्रदेश सभाको आठौं महाधिवेशनको छैठौं बैठकको प्रस्तुत गरिएको प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रमको प्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम १ बमोजिम प्रदेश सभा समक्ष टेबुल गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूले प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएकोमा उहाँप्रति कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम २ बमोजिम धन्यवादको प्रस्ताव राख्न माननीय श्री ठम्मरबहादुर विष्टलाई अनुमति दिन्छु

**माननीय श्री ठम्मरबहादुर विष्टः-** माननीय सभामुखज्यू, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुख द्वारा कर्णाली प्रदेशको नीति तथा कार्यक्रम सभामा प्रस्तुत भएकोमा कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम २ बमोजिम माननीय प्रदेश प्रमुखज्यूलाई सभाको तर्फबाट धन्यवाद ज्ञापनको प्रस्ताव पारित गरियोस् भनी प्रस्ताव पेश गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू माननीय श्री ठम्मरबहादुर विष्टले पेश गर्नु भएको धन्यवाद प्रस्तावलाई समर्थन गर्न माननीय श्री सोशीला शाहीलाई अनुमति दिन्छु ।

**माननीय सोशीला शाहीः-** सभामुख मोहदय, कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत भएकोमा माननीय प्रदेश प्रमुखज्यूलाई सभाको तर्फबाट धन्यवाद ज्ञापन गरियोस्

भनि माननीय श्री ठम्मरबहादुर विष्टले राख्नु भएको प्रस्तावलाई समर्थन गर्दछु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू अब म प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा प्रस्तुत भएकोमा उहाँलाई यस सभाको तर्फबाट धन्यवाद प्रस्ताव पारित गरियोस् भनि माननीय श्री ठम्मरबहादुर विष्टले पेश गर्नु भएको तथा सोशीला शाहीले समर्थन गर्नु भएको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

माननीय सदस्यहरू प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

यो प्रस्तावको विपक्षेमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

यो प्रस्तावको विपक्षेमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूद्वारा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत भएकोमा उहाँ समक्ष यस सभाद्वारा धन्यवाद ज्ञापन गरियोस् भन्ने प्रस्ताव कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम ३६ को उपनियम ३ बमोजिम सभाबाट सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुखज्यूले यस सभासमक्ष प्रस्तुत गर्नु भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम माथि छलफल गर्नको लागि प्रदेश सभा नियमावली, २०७४ को नियम ३७ (१) अनुसार यहि जेठ ३० र ३१ गतेका दिनहरू तोकेको छु । छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले उक्त दिनको बैठक बस्ने समय अगाबै आफ्नो नाम सचिवालयमा टिपाउनु होला । माननीय सदस्यहरू अब यो बैठक २०७८ साल जेठ ३० गते आइतवार दिनको २ बजे सम्मको लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८ जेठ ३० गते
आइतवार
(बैठक संख्या-७)

राष्ट्रिय धुन,

**माननीय सभामुखः**-माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको आठौं अधिवेशनको सातौ बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू,कर्णाली प्रदेशका माननीयमुख्यमन्त्रीमाननीय श्री महेन्द्रबहादुर शाहीले सभासमक्ष टेबुल गर्नु भएको प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूमा केन्द्रित रहि आ-आफ्नो धारणा राख्नको लागि समय निर्धारण गरेको छु । सर्वप्रथम माननीय श्री यामलाल कंडेल ।

**माननीय श्री यामलाल कंडेलः**-माननीय सभामुख महोदय,हामी प्रदेश सरकारले प्रदेश प्रमुखमार्फत प्रस्तुत गरेको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा छलफल गर्ने क्रममा सहभागी छौं । यो प्रदेश सभाको समय अवधिका हिसाबले हामी चौथो नीति तथा कार्यक्रममा छलफलमा छु । प्रस्तोता एउटै हुनुहुन्छ । यद्दपि संरचना केही बदलिएको छ । त्यसकारणले बदलिएअनुसारको नीति तथा कार्यक्रम प्रभावित हुनेकुरालाईस्वाभाविकै ठान्दछु म चाहिँ तर अनुभवबाट परिपक्क भएको हुने कुरा हामी सबैले अपेक्षा गरेकै कुरा हुन्छ । यो दस्तावेज अध्ययन गर्दा हामी सबै माननीय सदस्यहरूले बुझेको कुरा कार्यक्रममा सबैले थाहापाउने गरी सभासमक्ष सभामुखमार्फतहामी सबैले थाहाँ पाउनेनै छौं । हाम्रो प्रदेश सबै सूचकले कमजोर छ । सुचकांक चाहिँ नकारात्मक भएको अवस्था हामी सबैलाई थाहा नै छ । आज तीन वर्षको अनुभवसहित चौथो नीति तथा कार्यक्रम आउँदा सभासमक्ष हामीले ३ वर्षसम्म हामीले जिम्मेवारी निर्वाह गरेको वा कर्णाली प्रदेश को सुचांक के परिवर्तन भयो के सुधार भयो ?हामीले पनि छलफल गरिरहेकै छौं तर हामीलाई नियालिरहेकाहरूले पनि छलफल गरिरहेकै एउटा अवस्था छ । प्रस्तुत गर्दा दस्तावेजमा अनुकूलता आउने तुलना गर्दा नपाउने परिस्थिति हुन पनि सक्छ तर यो गम्भीरतापूर्वक उठिरहेकै छ । उठाउने गरेकै पनि छौं । त्यसमध्येपनि कोभिड जोडिएकै छ । कोभिड एकबाट दुई दुईबाट तीनमा प्रवेश गर्ने परिस्थिति देखापरिरहेको एउटा अवस्था छ खतराहामीले एउटा संरचना निर्माण गर्दा कर्णाली प्रदेशको आवश्यकतालाई आधार बनाएर होइन कुने अध्ययन गरेर होइन । राजनीतिक संकटलाई व्यवस्थापन गर्नका निम्तिव्यक्ति व्यवस्थापन गर्नको निम्तिहामीले संरचना बढाएर सरकार निर्माण भएको छ । यो एक दिनको लागि होइन

यो चाहिँ यसपछि पनि यो निरन्तरता पाउने कुरा रहन्छ वा निरन्तरता नदिएर सुधार गर्ने कुरा भयो भने पनि हाम्रो नेतृत्व समाज सुधार गर्ने भन्दा निरन्तरतामा थप गर्ने प्रवृत्ति अगाडि बढिरहेको छ । हिजो हाम्रो सभामा पनि विभिन्न कुरा लिएर मितव्ययिताका कुराहरू गरिरहेको हामीले सुनिरहेका छौं । देखिरहेका छौं तर आज कर्णालीलाई दीर्घकालीन प्रभाव पार्ने गरी आज आवश्यक थिएन । त्यो काम जसरी पनि जिम्मेवारीनिर्वाह गरिरहेकाहरूलाइ बेरोजगारकै अवस्था थियो तर विना अध्ययन विना सोच विना दृष्टिकोण कर्णाली प्रदेशको आवश्यकता विना पार्टीको व्यक्तिको व्यवस्थापनका निम्तिहामीले संरचना बदलेर सरकार निर्माण गरेका छौं । किनकि यो अर्थतन्त्रसँग जोडिएको कुरा हुन्छ । त्यति मात्र होइन सभामुख महोदय,त्यो गर्नका निम्ति कतिपय व्यक्त नहुने नदेखिने गरी साधन र स्रोतहरूको प्रयोग गरिएको अवस्था छ । मैले सुन्दै छु कतिपय मन्त्रीका त दुई ओटा सरकारी लगानीबाट दुइओटा निवास जोडिएको छ । यो सम्बन्धितले जान्ने कुरा भयो सम्बन्धित लगानी गरेर कतिपय मन्त्रीका निम्ति दुइटा निवास व्यवस्था गरिएको छ । कतिपय अरुका निम्ति त्यहाँ राष्ट्रियझन्डा प्रयोग गरेर दुरूपयोग गरिएको अवस्था छ । कतिपय सेता राता गाडी परिवर्तन भएको अवस्था छ । यो कुराले के देखाउँछ भने कर्णाली भन्ने कुरा रहेछ । कर्णालीको अवस्था देखाउने कुरा रहेछ । गर्ने कुरा र आफ्नै रहेछ । त यस्तो पृष्ठभुमिमा यो नीति तथा कार्यक्रम हामीले छलफल गरिरहेको एउटा अवस्था छ । सभामुख महोदय,त्यसकारणले म फेरि पनि म विनम्रतापूर्वक भन्न चाहन्छु । त्यो सजाय मैले मात्र या जिम्मेवारीमा रहेका मानिसहरूले पाउदैन त्यो सजाय यो बहुदलीय शासन प्रणालीमा विश्वास गर्ने लोकतन्त्रका निम्ति लडिरहेका सबै पार्टीहरूले सजाय पाउछन् जनताले वितृष्णा पैदा गर्छन् । त्यसकारणले म अझै पनि तपाईंहरूलाई नै सभामुखज्यूमार्फत अनुरोध गर्न चाहन्छु । कमसेकम सार्वजनिक जिम्मेवारीमा रहेकाहरूले आफ्नो राम्रो काम गर्नुहोस् बिस्तार गर्नुहोस् जनमत बढाउनुहोस् तर हामी सबैलाई प्रश्न चिन्ह खडागर्ने गरी काम कार्बाहि गर्नु भयो भने अन्तत्वगत्वा लोकतन्त्र हामीले ल्याएको व्यवस्था प्रति नै आम जनताले प्रश्न चिन्ह खडा गर्ने एउटा परिस्थिति निर्माण हुन्छ भन्ने कुरामा म गम्भीरतापूर्वक ध्यान आकर्षण गराउन चाहन्छु ।

सरकारमा सामेल हुनुहुने साथिहरूको बीचमा मेरो तर्फबाट मैले आशंका जन्माउनु पर्ने कुनै कुरा गर्नु पर्ने कुरा छँदै छैन । विश्वास गरेर सल्लाह गरेर सहमत गरेर आउनु भएको होला तर म के हेक्का राख्छु भने यो भन्दा अगाडि म सत्ता पक्षको थिए । सुझाव स्वरूप केही कुरा राख्थे आज नेकपा एमाले प्रमुख प्रतिपक्ष दल मा रहिरहेको एउटा अवस्था छ। हिजो विभिन्न राजनीतिक पार्टीहरूले तीन वर्षको नीति तथा कार्यक्रममा व्यक्त गरेका कुरा हामीसँग रेकर्ड छन् यहाँ सुनिरहेका छौं । विश्वास हो सल्लाह गरेर आएको होला हेर्दा के हो ? समयक्रममा यो पछि टिप्पणी गरौंला तर के विश्वास गर्न चाहन्छु त भन्दा यो सत्ता साझेदारी राजनीतिक पार्टीहरूका बीचमा छलफल गरेरआएकै

दस्तावेज भएको कारणले होला एउटा कुरा चाहिँ मैले धन्यवाद दिन चाहन्छु । नेपाली राजनीतिमा विगतका आन्दोलनहरूलाई हेर्ने दृष्टिकोणका बारेमा आज पनि मत मतान्तर थिए छ नै चाहे त्यो संविधान सभामा होस चाहे त्यो संविधान निर्माण गर्ने कुरामा होस चाहे यस्ता नीति तथा कार्यक्रम गर्ने कुरामा होस चाहे राजनीतिक दस्तावेज लेख्ने कुरामा होस विगतका आन्दोलनहरूलाई बुझ्ने र व्यक्त गर्ने मामिलामा समस्या थियो रे म धेरै अरु दुइटासँग तुलना गर्न चाहन्नँ । हिजो मात्रै कार्यक्रम प्रस्तोता के हाम्रो सभा समक्ष प्रस्तुत गर्ने प्रदेश प्रमुखले हाम्रो प्रदेश सभामा दुइटा कार्यक्रम प्रस्तुत गर्नु भएको छ । पहिलाको र आजको कार्यक्रम हेर्दा सरकारलाइ म धन्यवाद दिन चाहन्छु । बुझेरै होला भन्ने लाग्छ । त्यो धङधडीबाट मुक्त हुनु भएछ । यदि मुक्त नभएका कुरा तल पृष्ठमा छन् पछि चर्चा गरौंला। एउटा विगतका आन्दोलनहरूलाई संवैधानिक भाषाका आधारबाट संविधान सम्मतका आधारबाट अगाडि बढ्ने कुरा गर्दा कमसेकम सहिदहरूलाई सम्झदा त्यही शब्द भन्दा नै क्रान्तिकारी र बलिदानीका भाषाबाट चित्रण गरिरहेको नेपाली राजनीति मा हिजोको कार्यक्रम प्रस्तोता हेर्दा र मैले हेर्दा त्यो शब्दबाट मुक्त भएको अवस्था देखियो त्यसका निम्ति म सरकारलाई धन्यवाद दिन चाहन्छु । त्यो परिस्थितिजन्य ढंगले सुधार गरिएको हो कि बुझेर गरिएको हो । म सकारात्मक ढंगले बुझ्न चाहन्छु । उहाँहरू त्यो धङधडीबाट मुक्तहुनु भयो होला त्यसकारणले त त्यो अभिव्यक्ति मुक्त यो नीति तथा कार्यक्रममा आएको छ । सबै कुरा का निम्ति पर्याबाची शब्दका रूपमा सबैले आफू संलग्न रहेको आन्दोलन प्रति गौरव हुन्छ । गौरव गर्ने कुरालाई म अन्यथा ठान्दिन तर नेपाली राजनीतिमा देखापरेको जे हिजोको हिंसात्मक आन्दोलन जसलाई हामीले संविधान लेख्दा सशस्त्र आन्दोलन भन्ने कुरामा सहमत भएका थियौं तर आ-आफ्ना दस्तावेजमा र यस्ता नीति तथा कार्यक्रममा जनयुद्ध भन्ने शब्द लेख्दै सहिदप्रति श्रद्धाञ्जली लेख्ने जुन अभ्यास थियो सायद संविधानसम्मत अगाडि बढ्ने भएरै होला संविधानमा भएको शब्दलाई पनि त्यसमा सामेल नगरीकन सहिदप्रति सम्मान गर्ने जुन बाटोमा सरकार हिडेकोमा म धन्यवाद दिन चाहन्छु। त्यो राम्रो कुरा हो तर त्यो एकछिनका लागि हो वा केही दिनका लागि हो त्यो पछिको कुरा हो तर म त्सयलाई सकारात्मक रूपले तपाईंहरूका बीचमा राख्नचाहन्छु त्यसले के हो त भन्दा विगत प्रति समीक्षा गर्दा समेत हामी एउटै ठाँउमा पुग्ने प्रवृत्ति निर्माण हुने आधार यो नीति तथा कार्यक्रमले दिएको छ । अर्को कुरा नेतृत्वले यसकारण यो महत्त्वपूर्ण हुनछ तर यो दस्तावेज हेर्दा यो दुइटा किताब जो प्रदेश प्रमुखलेनै व्यक्त गर्नु भएको हो यी दुइटालाई मात्रै तुलना गर्दा गर्नेको कुनै सोच नभएको कुनै योजना नभएको कुनै गन्तव्य निर्धारण नगरेको दस्तावेजका रूपमा यलाई लिन सकिन्छ । ज-जसले जे-जे भने त्यो भनेका कुराको एउटा सँगालो मात्रै देखिन्छ यो समय हामीलाई तोकेको छ । पैसा साधन र स्रोतको निश्चित छ । समस्या छ यसकारण पुऱ्याउँछु । कर्णालीलाइ मैले यहाँ पुऱ्याउँछु भन्ने दृढताका साथ अगाडि बढ्नु भयो भने के हुन्छ । त्यले यस्ता किताबमा निरन्तरता

पाउछ यसैबाट दस्तावेज हेर्नेहो भने के हुन्छ जो केही दस्तावेज हुनसक्छ । हामी हाम्रो कुनै कुरा को निश्चितता कुनै कुराको गन्तव्यको निश्चितता नभएको जतिबेला जे आयो जसले जे भन्यो त्यस आधारबाट तयार गयरिएको दस्तावेजका आधारबाट तयार गरिएको पुस्तकमा यलाई बुझ्न सकिन्छ । यसबाट के देखिन्छ भन्दा जसलाई जे भन्दा खुसी हुन्छ जसलाई जे भन्दा खुसीहुन्छ । त्यो यसमा हामीले सजिलैसँग पाउन सक्छौं व्यक्तिलाई त राम्रो होला तर प्रदेशलाई गन्तव्यहीन यात्रीले गन्तव्यहीन यात्रामा हिडेको नेताले प्रदेशलाई त्यो गन्तव्यमा पुऱ्याउन सक्दैन । जुन अवस्थामा हाम्रो ठाउँमा विकटता छ । गरिबी छ । अशिक्षा छ । वा सबै इन्डिकेटरको नकारात्मकता छ । त्यलाई बदल्ने आँट दृढता विनाको निरन्तरता विनाको यात्राले अगाडि बढ्न सकिदैन त्यसकारणले अनुरोध र आग्रह गर्न चाहन्छु । म त्यो समयलाई धेरै खर्च गर्न चाहन्नँ । सबै माननीय सदस्यहरूका हातमा हामीसँग चार ओटै नीति तथा कार्यक्रम छन् । म समयक्रममा एउटा दुइओटा बुँदापछि पनि तपाईंहरूका बीचमा व्यक्त गरौंला म यस कारणले भन्न चाहन्छु । यस्तो अस्थिरताले हाम्रो जे सीमित साधन स्रोत छ त्यही सदुपयोग गर्न सकिदैन । जे किसिमको जटिलता छ। त्यलाई क्रमशः सुधार गरेर कर्णालीवासीहरूलाई आशा जगाउन सकिदैन । यसले निराशा मात्रै व्यक्त गर्छ र निराशा व्यक्त गर्दा हिजो जुन विश्वासले चाहे लोकतान्त्रिक  आन्दोलनमा होस् चाहे त्यो वामपन्थी आन्दोलनमा होस् कर्णाली प्रदेशका जनताले हामीलाई जुन सहयोग गरेका थिए । त्यसमाथि प्रश्न चिन्ह खडाहुने परिस्थिति हुन्छ ।

त्यसकारणले त्यस्तो एउटा दस्तावेज हो । गर्न केही नपर्ने भन्न केही नछोड्ने । गर्न केही नपर्ने भन्न केही नछोड्न एउटा दस्तावेजका रूपमा हामीले यसलाई लिनुपर्नेहुन्छ। म अनुरोध र आग्रह गर्न चाहन्छु कि यो बाटोबाट तपाईंहरूले वा हामीले हिजो तीनओटा नीति तथा कार्यक्रम हुँदास्वयम् म सत्ता पक्षकै थिए । हिजो हामीले दलभित्र संसदमार्फत पनि यिनीविचार यिनी भावना व्यक्त गरेकै थियौं आज पोजिसन फरक भयो भन्दैमा हामीले विचार बदल्नु पर्ने कुनै कारण छैन । पोजिसन फरक हुँदैमा विरोधका निम्तिविरोध गर्नुपर्ने कुनै कारण छैन त्यसकारणले म भन्न चाहन्छु । अनुरोध गर्न चाहन्छु। बाँकी डेढ वर्ष छ । सबै मिलेर जनतामा विश्वास जिताउने कुरामा दिलाउने कुरामा अगाडि बढ्ने कुरा गरिएन भने सत्ता पक्षकै मात्रै होइन आम लोकतान्त्रिक आन्दोलनमा सामेल भएका व्यक्ति र संस्थाप्रति आमजनताको भावना निराशाजनक हुने छ। त्यसकारणले यो जिम्मेवारी बोधकासाथ म तपाईंहरूलाई अनुरोध र आग्रह गर्न चाहन्छु। अर्को प्रमुख कुरा यले समेट्नै सकेन हिजो पनि समेट्न सकेन आज पनि समेट्न सकेन हामी कर्णाली प्रदेशलाई जति साधन स्रोत छ । चाहिँन पर्ने हो न संघले दियो हिजोको भन्दा संघले केही सिम्बोलिक योजनाहरू दिएकै छ । फेरि त्यसमा हामीले कति व्यवस्थापन गर्न सक्यौ सकेनौं हाम्रै परीक्षा गरिराछ । हिजै बजेटसहित सरुवा अस्पतालको व्यवस्था प्रदेश सरकारले गरेर पैसा सामाजिक विकास

मन्त्रालयमा आजपनि छ तर हामीले काम गर्न सकेनौं । सुर्खेतमा मेडिकल कलेजका निम्ति कालिन्चोकमा अफिस खडा गरेर अगाडि बढेको अवस्था छ तर एक पाइलोहामी अगाडि बढ्न सकेनौं त्यो आफ्नो ठाउँमा छ । तर संघीय सरकारले पनि कर्णालीका समस्याको समाधानका निम्ति जतिगर्न पर्थ्यो त्यति गर्न सकेको छैन । तर विगतको तुलनामा केही सिम्बोलिक योजनाहरू अगाडि बढाएकैछ । चाहे सुर्खेतदेखि कोहोलपुरदेखि सुर्खेतको बाटो होस् चाहे सुर्खेतदेखि कालिकोटको सम्मको बाटो होस चाहे त्यो कर्णाली करिडोर होस चाहे त्यो भेरि करिडोर होस । विगतको भन्दा उल्लेखनीय सुधार पनि भएको छ । म एकचोटि कालिकोट पुग्ने अवसर पर्दा उल्लेखनीयरूपमा अनुभूतीहुनेगरी त्यहाँका पुल पुलेसाहरू बनेका छन् । हिजो एउटा खोल्सा जस्ता पुलहरू थिए आज बिसौं वर्षलाई पुग्नेगरी पुलहरू निर्माण भएको एउटा अवस्था छ तर म तपाईंहरूलाई भन्न चाहन्छु । अनुरोध गर्न चाहन्छु । हामीलाई दिएको प्रदेशलाई दिएको पैसा पनि थोरै छ । अनुदान पनि थोरै छ तर त्यो हाम्रा लागि फालाफाल छ के गर्ने होला ?

जति चाहिनु पर्ने हो त्यति पैसा छैन । जति प्राप्त गरी राछौं । त्यो हाम्रा निम्ति फालाफाल छ । संघले घोषणा गरेका प्रोजेक्टहरू पनि साइनबोर्डमा छन् । प्रदेश मात्र दिएका पैसा पनि हामीले खर्च गर्न सकिरा छैनौं त्यसकारणले म अनुरोध गर्न चाहन्छु । विनाविवादविना छलफल हामीले हाम्रो क्षमता गराउने हाम्रो खर्च गर्ने क्षमता कसरी बढाउने होला प्रमुख समस्यायहीँहो कि के हो ?

के त्यता पट्टि यो नीति कार्यक्रम ध्यान केन्द्रित भयो मेरो विचारमा त्यसको त चर्चानै भएन । हामीसँग चाहिने जति पैसा छैन तर जतिपनि पैसा छ । त्यो खर्च गर्ने क्षमता हामीले जबसम्म विकास गर्न सक्दैनौ । त्यसकारण म कर्णालीको अहिलेको संरचना परिवर्तन हुन सक्दैन । त्यसकारणले म त्यतातिर यो नीति तथा कार्यक्रम नबोले पनि बजेट आउँदा त्यो सक्षमता बढाउने कुरा गरिएन भने हामीले नै छुट्याईएका योजनाहरू पनि अलपत्र परेर अब हामीले सुन्नु पर्नेछ । हिजो छुट्याएको बजेट मध्ये यति अरब त यो वर्षमा रूपान्तरित हुने भयो भनेर मलाई लाग्छ । १ गते अर्थमन्त्रीले ल्याउने दस्तावेजमा उल्लेख हुनेछ ।

त्यसकारण हामीले हामीले हाम्रो क्षमता वृद्धि गर्ने कुरालाई अगाडि बढाउ, दोस्रो कुरा तीन वर्ष भयो हाम्रो योजना कसरी छनौट हुन्छ । कसरी कार्यान्वयन हुन्छ । न भन्न सक्छु न देखाउन सक्छौं । न त्यो बाटोमा हिडेका छौं । जब हामीले योजना छनौटको पूर्वतयारी गर्दैनौ । पूर्व बाटो तय गर्दैनौ, अनि वा हतारमा निर्धारण गरेका प्रोजेक्ट र योजनाहरू के हुनेछन् । रोजगारका निम्ति त हुनेनै छन् । देखाउनका निम्ति त हुनेनै छन् तर दिगो विकासका निम्ति त्यले निरन्तरता पाउने अवस्था मैले अहिले पनि देख्दिन। यद्दपिहामीकहाँ योजना आयोग बन्याछ । योजना आयोगले नै भनेअनुसार हामी कति हिड्छौं हिड्दैनौं । त्यो आफ्नो ठाँउमा छ । त्यसकारणले दोस्रो समस्या के हो

?त भन्दाखेरि योजना पहिचान र छनौट र कार्यान्वयन मै जटिलता छ । योजना पहिचान योजना छनौट । योजना कार्यान्वयन गर्ने कुरामा जो कार्यान्वयन गर्ने हो । ऊ अलमलमा छ ।हो जनप्रतिनिधिको महत्त्वपूर्णभूमिका हुन्छ । योजना छनौटमा तर त्यसमा हामीले सम्बन्धित निकाय रव्युरोक्रेसीलाई साथमा लिन सकेनौं भने के हुन्छ । जसले कार्यान्वयन गर्ने हो त्यले अनिच्छा व्यक्त गर्दियो भने के हुन्छ । किताबमा जनतालाई देखाउनका निम्ति त हुन्छ तर व्यवहारमा कार्यान्वयन गर्नका निम्ति जटिलता हुन्छ । यद्दपि म जुन ठाँउको भूमिकामा छु । पार्टीमा त्यसो नगरीकन अर्को तरिकाले पनि विचार व्यक्त गर्न सक्थे तर फेरि पनि हाम्रो कर्णाली प्रदेशमा संस्थागत विकास र निर्माणमा मेरा तर्फबाट भूमिका खेल्ने दलका तर्फबाट भूमिका खेल्नका निम्ति मैले सदाशयतापूर्वक लप्पनछप्पन नगरीकन व्यवहारमा कार्यान्वयन गर्नका निम्ति जटिलता हुन्छ । यद्दपि म जुन ठाउँको भूमिकामा छु पार्टीमा त्यसो नगरीकनअर्को तरिकाले पनि तपाईंहरूका सामुमा विचार व्यक्त गर्न सक्थ्ये तर म फेरि पनि हाम्रो कर्णाली प्रदेशमा संस्थागत विकास र बाटोमा मेरा तर्फबाट भूमिका खेल्ने दलका तर्फबाट भूमिका खेल्नका निम्ति मैले सदाशयता पूर्वक लप्पनछप्पन नगरीकन यो कुरा राखेको हु कि यो हाम्रो लागि यो आवश्क छ । नत्र अहिलेको बजेट कसरी बनाउनु भा छ । आज मात्रै मुख्यमन्त्रीलाई भेटेर हामीले आफ्नो दलको धारणा व्यक्त गरेका छौं । त्यो भन्दा अगाडि थाहा छैन तर हिजो वा यो भन्दा अगाडिको बजेटहरूमा कहिले काहिँ सत्ता साझेदार सत्ताधारी पार्टीको संसदका हिसाबले सामेलहुँदा सुखद अवस्था थिएननै । आज होइन त्यतिबेला सुखद अवस्था थिएन नै । त्यसकारणले म बिलम्बनगरीकन त्यतातिर जान चाहन्छु । तेस्रो कुरा थोरै पैसा भएपछि थोरैबाट धेरै कमाउन सक्दा राम्रो हुन्छ । भोलिका लागि सम्पत्ति बढ्दै जान्छ । कमाउन बढो गाह्रो छ । आर्जन गर्न बढो गाह्रो छ । उद्योगधन्दा छैन,कलकारखाना छैन । जीवन रोजगार छैन, पेशा व्यवसाय छैन । हामीकहाँ अधिकांस मान्छेहरू मुग्लान वा तेस्रो मुलुक गएर चाहिँ के भन्दा खेरि जीवन गुजारा गरी रहेको एउटा अवस्था छ । त्यसकारणले हाम्रो प्रदेशकोआफ्नो आन्तरिक राजस्वको मात्रा नगन्य छ ।

त्यो बढाउने कुरा नीति तथा कार्यक्रममा छैन नै छलफल पनि हुन्न कुरा पनि हुन्न तर हामीले प्राप्त गरेको राशी खर्च गर्ने र विनियोजन गर्ने जुन तरिका छ । हिजो पनि आएका थिए यो भन्दा अगाडिका छलफलमा पनि यतिबेला आएको थियो जतिबेला हामी सत्तारुढ पार्टी हौंहामीले कतिपय रोक्यौं आएनन्। यद्दपि त्यतिबेला कम्युनिष्ट पार्टी एउटै पार्टी थियो । त्यो आएनन् तर आज केही यस्तो हो भने पौरख गर्ने होइन अरुले दिएको पैसा अरुले दिएकै हो यसलाई अन्यथा फेरि नमान्नु ।यहींहाम्रो अधिकार पनि भन्नु होला कसैले हामीले अनुदानबाट चलेको प्रदेश हो यो तर तपाईंहरूले जे बजेट प्रस्तुत गर्नुभाछ । मैले त्यतिबेला पनि प्रयोग गरेको शब्द आज पनि भन्न चाहन्छु । यो बजेट पुँजिगत निर्माणका निम्ति होइन,यो बजेट यो नीति तथा कार्यक्रम भरणपोषणमा केन्द्रित

छ। यो नीति तथा कार्यक्रम नीति नै भरणपोषण गर्ने भएपछि कसको के लाग्छ । केही दिन अगाडि मात्रै दशै जिल्लामा दलित समुदायका नाममा दुईकरोड अख्तियारी गएको विनियोजनगरेको कुरा सार्वजनिक लेखा समितिले प्रस्तुतगरेको कागजबाट देखिन्छ । यो घर चलाउने जस्तो होइन त तपाईं आजका मितिमा दुई करोड एउटा जिल्लामा तर त्यो सीमित मान्छेलाई संस्थालाई थाहाँहुने कुरा भएन निकायलाईथाहाँहुने कुरा भएन कार्यविधिमा संलग्न भएका सबै सदस्यलाई हुने कुरा भएन सीमित मान्छेले सरकारीमा आबद्धमा पैसा जम्मा गरेजस्तै कागज मिलाएर रूपान्तरित बचाउने तयारीका आधारबाट आज छलफल चलिराछ । दलितको भएर विरोध भयो भन्नु होला जुन नाममा जानु मात्रै राम्रो कुरा भएन प्रयोग कसरी हुन्छ । एउटा मन्त्री दुईटाको व्यवस्थापन गर्नुपर्ने तहबाट जानुपर्ने भएपछि तपाईंलाई गाह्रो होला । बाहिर नबिग्रिने गरी म गाह्रोबुझ्दिन तयार छु।यहींरोष्टमबाट भन्न चाहन्छु । सिस्टम नबिग्रिने गरी, मूल्य र मान्यता नबिग्रिने गरी कर्णालीको भावनामा चोट नपुग्ने गरी अग्रगतिका निम्तितपाईंका कतिपय गाह्रासाराहरू वा सरकारका गाह्रासारा बुझ्न नेकपा एमाले बुझ्न तयार छ किन कि त्यसो गर्दा कर्णाली बन्छ तर त्यस्तो देखिँदैन । यति भनिसकेपछि केही बुँदागत रूपमा तपाईंहरूलाई पुष्टि गर्नलाई भन्न चाहन्छु कोरोना छ । राम्रो छ तपाईंहरूले ल्याउनु भएको कार्यक्रम यसको मतलब मैले कोरोना राम्रो छ भन्या होइन । कोरोना कहाली लाग्दो छ, कहर छ, तेस्रो चरणमा आउने स्थिति बनेको एउटा अवस्था छ तर तपाईंहरूले ल्याउनु भएको कार्यक्रम र नीति गत साल प्रस्तुत गर्नु भएको कार्यक्रमभन्दा पनि पछाडि फर्किएको छ त ।

म धेरै समय लिन चाहन्नँ चर्चा गर्दा म यहाँ शीर्षकबाट भन्न चाहन्छु प्रदेश अस्पताल र जिल्ला अस्पतालमा आज जे व्यवस्था गर्नु भएको छ यो भन्दा अगाडिको कार्यक्रममा तपाईंहरूले के व्यवस्था गर्नु भएको थियो आफैं हेर्नुहोस् ।मैले धेरै भनिरहनै पर्दैन तर अगाडि बढ्ने नाममा कुन चाहिंले सल्लाह दिएछ ५०० को कोभिड अस्पताल बनाउने तपाईंले घोषणा गर्नु भएको छ । भएको प्रदेश अस्पतालको त्यो हालत छ कि त्यसैलाइ कोभिड अस्पताल भन्नुभएको हो ? त्यसो हो भने नन् कोभिड कहाँ हो ? जिल्लामा तपाईंले जिल्लै पिच्छे सरुवा अस्पताल, जिल्ला अस्पताल, सरुवा अस्पताल बनाउने यहाँ लेख्नु भएको छ । बजेट त आउने नै होला स्थानीय तहसम्मका यति शैय्याका भन्नु भएको छ । त्यसमाथि म चर्चा गर्न चाहन्नँ तर त्यस सन्दर्भमा म भन्न चाहन्छु यो तपाईंहरूको यहाँ उल्लेख गरेका मौलिक कार्यक्रम हुन कि ? संघीय सरकारका कार्यक्रमलाई कपी पेष्ट गरेको हो भने संघीय सरकारलाई भन्न किन कन्जुस्याई गरेको ? कि त भन्नु पऱ्यो यो हाम्रो प्रदेशको औकातअनुसार हाम्रो जति साधन स्रोत छ यी सबै कार्यक्रमहरू हाम्रा मौलिक कार्यक्रम हुन् भनेर त्यो हो जस्तो त लाग्दैन ।बरु के गर्न सकिन्छ भने यति गर्दा गर्दै त यो दोस्रो चरणमा देशकै रेकर्डलाई मात गर्ने गरी हाम्रो कर्णाली प्रदेशमा मृतक संख्या बढ्यो । यो व्यवस्था गर्दा गर्दै आज लेखिएको

कुरा अझ हिजोको भन्दा अगाडि थियो तपाईंहरूले त्यहाँ हेर्नु होला ? प्रदेश अस्पताललाई के बनाउने भन्या छ । जिल्ला अस्पताललाई के बनाउने भन्या छ । त्यो लेख्दा देख्दै त कोरोना भाइरस हुँदाखेरि मृतक संख्या बढ्यो कोही रोगले मरे कोही हाम्रो अव्यवस्थाले मरे कोही हाम्रो लापारवाहीले मरे त्यो प्रदेश अस्पतालमा मरेका मान्छे सबै रोगले मरेका हैनन् । कतिपय हाम्रा अव्यवस्थाले मऱ्याछन् । बत्ती यस्तो छ हाम्रो समस्या बत्ती गईरहने तर बत्ती गाको बेलामा जेनेटर बाल्न खोज्दा खोज्दै मान्छे मरे यो हाम्रो अव्यवस्था होइन ? कुनै पनि बेला मान्छे अक्सिजन नपाए हुन्थ्यो भनेर सिलिन्डरर ठेकेदार भरमा यो ठेकेदारले आफ्नो हिसाबले कहिले ल्यायो कहिले ल्याएन त्यस आधारबाट मान्छे मरे । व्यवस्था गर्दा गर्दै पनि अस्पतालले सूचना निकाल्यो बिरामी भर्ना गर्दैन भनेर यद्यपि त्यो पछि सच्यायो । यसका आधारबाट कसरी विश्वास गर्नु बरु के गर्नु जरुरी हुन्छ मेरो तर्फबाट सुझाव भने अस्ति पनि भन्या थिएँ प्रत्येक भिडिसीमा सबै भिडिसिमा हिजोको स्वास्थ्य चौकीलाई यो कोभिडको क्षमतावान बनाउन सकिँदैन कुनै एउटा भिडिसिमा एउटा स्वास्थ्य चौकीलाई अक्सिजन प्लान्ट भनेर होइन । त्यो आजभोलि प्रविधिसहित मेसिन जुन आएको छ त्यसको सुविधा हुने गरी एउटा प्रत्येक भिडिसिमा एउटा स्वास्थ्य चौकी बनाऔं ।

जिल्ला अस्पताललाई अक्सिजनको सिलिन्डररसहितको व्यवस्थाका रूपमा रूपान्तरित गरौं । प्रदेश अस्पतालमा मुख्यमन्त्रीज्यू ५०० होइन अहिले चलिरहेको अस्पताललाई सरुवा अस्पताल जुन ८ करोड बजेट आएको छ तपाईंले व्यवस्थापन गर्न सक्नुहुन्छ भने तल्लो नयाँ अस्पतालमा नयाँ कोभिडहरूको व्यवस्था गरौं । त्यो माथिकालाई संक्रमित रोग गरौं २५ होस ५० होस तपाईंको ५०० त पुग्दै पुग्दैन तर तपाईंले लेखेर त ल्याउनु भयो त । यो दिन्छ यो सल्लाह दिनेलाई सम्झिएर त भएन म त तपाईंलाई नै सम्झिनु परो किन कि यो तपाईं मार्फतै आइराखेको छ । यस्ता कतिपय कार्यक्रमहरू छन् जुन कार्यक्रम भयो उदाहरणका निम्ति मृतकलाई हामीले व्यवस्थापन गऱ्यौं आजसम्म कार्यान्वयन हुन सक्या छैन छिटपुट बाहेक एक लाख रुपैयाँ । तपाईंले पछिल्लो कुरा गरिराख्नु भएको छ त्यहाँ निःशुल्क भन्ने छ अहिले पनि प्रदेश अस्पतालमा शुल्क लिन्छ । अहिले पनि आयुर्वेदिक अस्पतालमा चाँहि के हो त भन्दाखेरि खाना खुवाउँनका निम्ति त्यो राम्रै काम हो जोले गरेपनि । सरकारलाई गिज्याउने गरी खाना खुवाइरहेकै अवस्था छ त । हामी यहाँ यस्तो कार्यक्रममा छलफल गरिराखेका छौं । त्यहाँको प्रदेश अस्पताललाई सम्झना र यो नीति तथा कार्यक्रम सम्झँदा कसरी अगाडि बढ्ने त ? त्यस कारणले तेस्रो लहर, चरण पनि फेरि आँउछ भन्ने छ भने दोस्रोमा त तपाईंहरूले प्रदेश सरकारका नाममा खै के गर्नु भयो थाहा भएन पहिलो चोटि त कतिपय तपाईंहरूले राम्रै काम गर्नु भएको थियो । त्यसको सदुपयोग गर्न भए पनि नभए पनि क्वारेन्टाइन बनाएको अवस्था थियो चौरमा र त्यो कति प्रयोग भयो के भयो त्यो आफ्नो ठाउँमा बबइमा उपस्थिति देखिन्थ्यो । दोस्रोमा त केही देखिएन कि त्यो भन्दा यो

खतरनाक थियो । क्षति भयो त्यस कारणले म भन्न चाहन्छु कि तपाईंहरूले यहाँ नीति तथा कार्यक्रममा ल्याउनु भएका कुरा बस्तु स्थितिसँग मिल्दैन । यो मैले विरोधका निम्ति विरोध गरेको अवस्था होइन । साधन, स्रोत र शक्ति मात्रै भएन त्यसको सही परिचालन गर्ने हामीले सकेनौं भने अरुको योग्यता देखिने होइन राजनीतिक कर्मीकै अयोग्यता देखिन्छ । हाम्रो समाजमा यो डाक्टरले गर्ने काम पनि गल्ती गर्दा डाक्टर प्रति औंलो ठड्याउँदैनन् हामी जस्तै जन निर्वाचित औंलो ठड्याउँने प्रवृति छ । ठेस लाग्दा कोही लड्यो भने पनि हामी जस्ता जननिर्वाचितलाई धिक्कारेर हाम्रो सामाजिक मान्यता छ तर हाम्रो व्यवहार हाम्रो तरिका हेऱ्यो भने सडकमा उठेपछि मुद्दा उठेपछि मात्र सम्झने दायित्व जिम्मेवारीमा रहेकाहरूको होइन ।

त्यस्तो उठन नदिने गरी काम गर्ने जरुरी र आवश्यकता हो । यही कोरोनाका बीचमा यो भन्नका निम्ति भनेको होइनमाननीय सभामुखज्यू महोदयमार्फत अनुरोध गर्न चाहन्छु । अक्सिजन प्लान्टका नाममा १० वटै जिल्लामा जे जडित भनेर जे समितिले यहाँ प्रतिवेदन गऱ्या छ जे माननीय सदस्यहरूले भन्नु भाको छ ते ले अरुलाई के गरिराखेको छ अरु मलाई शर्वनाक बनाइराखेको छ तर सरकार त यो गऱ्यौं भनि नै राखेको छैन त? के भन्न पर्दैन र ? तर हाम्रो सरकार यस्तो छ कि हाम्रो यस्ता संसद छैन कि समितिले लेखेर दिएपनि केही मतलब गर्दैन । व्यक्तिलाई त टेर्ने कुरै भएन तर हामी संसदको बैठकबोलाइ राखेका छै त । त्यस कारणले स्वास्थ्य क्षेत्रमा के रहेछ भने माननीय सभामुखज्यूमार्फत अनुरोध गर्न चाहन्छु सामान खरिद गर्ने बेलासम्म मात्रै मान्छे सक्रिय हुँदा रहेछौं सामान खरिद गरेर स्टोरमा राखेपछि डम्पिङ साइडमा राख्ने कुरा रहेछ ।

स्वास्थ्य क्षेत्रमा खास गरी इक्युपमेण्ट किन्नेबेलासम्म सक्रिय हुने त्यहाँ तर इक्युपमेण्ट प्रयोग गर्ने र परिचालन गर्ने कुरामा निस्क्रिय हुने हुँदा त्यो प्रयोगविहीन ढंगले जाने परिस्थिति हुँदो रहेछ । त्यसकारणले म अनुरोध गर्न चाहन्छु कि खरिद प्रक्रियामा के कुरा आउँछ थाहा छैन मलाई अनियमितता भन्नत भएन तर प्रयोग गर्दा त्यस्तो एउटा स्थिति देखिन्छ । त्यस कारणले म अनुरोध र आग्रह गर्न चाहन्छु कि अवस्था त्यस्तो छ। त्यस कारणले म अनुरोध गर्न चाहन्छु, स्पेसिक ढंगले बजेटमै बुझिने गरी बजेट बनाउने  कुरा गर्नु भयो भने आजका मितिमा अख्तियारी दिनु पर्दैन के । गएको बजेटमा पनि के भन्नुभयो अर्थ मन्त्रीज्यूले पनि साउनकै महिनामा अख्तियारी जान्छ । खोज्दै जाँदा मैसिरसम्म अख्तियारी नगएको आमरूपमा देखिन्छ । किन भने त्यहाँ ढिलो गर्दा कुर्चीमा बस्नेहरूलाई धेरैले नमस्कार गर्छन् भन्नेहरू भएर हो कि क्या हो ? मलाइ लाग्छ त्यो तरिका गलत कुरा हो । त्यस कारणले मलाई लाग्छ स्वास्थ्य क्षेत्रमा जे हामीले कोरोनाका नाममा जे समृद्ध गर्न सक्छौ जनशक्तिका हिसाबले,इक्युपमेण्ट र औजारका हिसाबले, जनशक्तिका हिसाबले पूर्वाधारको हिसाबले कहिले कँहि

आवश्यकताले पनि विकास र निर्माण हुँदो रहेछ। यो आधारबाट के हो त भन्दाखेरि म अनुरोध र आग्रह गर्न चाहन्छु यो नीति तथा कार्यक्रममा लेखे जस्तो छैन है । गर्दा गर्दा पोसिलो खाने भन्दिनु भाको छ । त्यो हुन सक्दा त राम्रो कुरा हो नीतिमा राम्रो कुरा हो त्यस कारणले के हो त भन्दाखेरि नीति तथा कार्यक्रममा त्यो आधारबाट अगाडि बढेको एउटा अवस्था छैन त्यस कारणले त्यसलाई सच्याउँदा त्यो व्यावहारिक ढँगले अगाडि बढ्न सकिने एउटा अवस्था मैले त्यस्तो देख्छु।

अन्तमा एउटा आगामी बजेट निर्माण गर्ने क्रममा ध्यान दिनुपर्ने कुरामा स्मरण मात्रै गराउँन चाहन्छु । तीनवटा बजेट भन्नुहोस् न छलफल संसदभित्र सुखत थिएन अब आउने बजेट कोरोनाका कारणले धेरै छलफल नगर्ने गरी चलाई रहँदा कसरी सुखद गराउनुहुन्छ यो तपाईंहरूको पाटोको कुरा भयो । प्रयाप्त छलफल गर्दा र समय हुँदा त सबैको ध्यान नीति तथा कार्यक्रममा जान्न सबैको ध्यान अब आउने १ गतेको बजेटमा जान्छ । आम मान्छेको ध्यायन शब्दमा जान्न अंकमा जान्छ । हामी माननीय सदस्यको पनि जानु स्वाभाविक छ । प्रयाप्त छलफल गर्न नपाइने विगतको परम्परा सुखद छैन । हुन त यस्तो सजिलो परम्परा हामीले बसाली राखेका छौं कही जानै पर्दैन । म यहाँ बाट भन्न चाहन्छु तर त्यो माटोमा छैन मलाई अहिले के सजिलो छ भने एमालेलाई एद्यपि त्यो अभ्यास भरसक त्यो प्रयोग गर्न नपाए हुन्थ्यो भन्नेमा छु है तर तपाईंहरूले त्यो बाटो दिनु भए भने त गरी आएको अभ्यास त गरिहाल्छ त एमालेले ।

म त्यो बाटोमा छैन सकेसम्म अब यो एमाले भएपछि त्यो अभ्यास गर्न पाइन्न त पक्कै भन्नु हुन्नहोला यो सभामा विधेयकसमेत तलमाथि गर्ने अभ्यास हामीले गरिसकेका छौं। यद्यपि आजमात्रै मुख्यमन्त्रीसँग कुराकानी गर्दा त्यहाँबाट भने अनुसार माननीय साथिहरू मन्त्रालयमा जाँदा उत्साहित खबर लिएर आउनु भाको छैन उठेर जवाफ दिएर माननीय सदस्यहरू आएको अवस्था छ । मुख्यमन्त्रीज्यूले भनिसकेपछि त त्यो बाटो हिड्नै परो हामी गइयो तर माननीयजीहरूको अनुभूती सुखत छैन । यस्तो अवस्थामा यो तपाईंको आजको नीति तथा कार्यक्रम पुंजीगतको प्राथमिकतै छैन । कोरोना छ आफ्नो ठाउँमा छ तर कोरोनाका नाममा पूँजीगत काम नै प्राथमिकतामा नपर्ने गरी तपाईंहरूले जुन बाटो समाइ रहनु भएको छ मेरो विचारमा म अनुरोध गर्न चाहन्छु बजेट आउँदा सम्म सुधार गर्नुहोस् । सुधार गर्नुहोस् ।बजेट आउँदा सम्म अहिले योजना तर्जुमा गर्दा यस्तो परिस्थिति छ डमी सांसद निर्माण गरिएको छ । हामी भएकै ठाउँमा पनि डमी सांसद छन् । यो दुःखद कुरा हो । अब १ गते डमी सांसदले तयार गरेको योजना प्रस्तुत गर्नु हुन्छ बिचौलियाहरूले निर्माण गरेको योजना प्रस्तुत गर्नुहुन्छ वा माननीयसांसदहरूले प्रस्तुत गर्नु भएको योजना बनाउनका निम्ति बाटो खोल्नु हुन्छ यो तपाईंहरूको हातमा छ । हामी सामेल छैनौं त डमी सांसद, बिचौलियाको योजना बोकेर आउनु भयो भने के हुन्छ आउनु हुन्न भन्ने विश्वास छ । आउनु भए छ तेतिबेलै

तपाईंहरूलाई भनेरै गरिने छ । त्यस कारणले म आज के देख्दै छु त भन्दा हिजो हामीले गम्भीरतापूर्वक छलफल गरेका तापनि यो नीति कार्यक्रममा फेरि छलफल गरेर लेखाउँनै पर्ने बाटोमा किन माननीय सदस्यहरू लाई हिँडाउँदै हुनुहुन्छ । हिजो हामीले छलफल गरेर सांसदका अगाडि सरकार नतमस्तक बन्न सक्यो । त्यो भन्दा अगाडिको शब्द म बोल्न चाहन्नँ नतमस्तक र व्यवस्था गरेका चिजहरू पनि आज यो कार्यक्रममा छैनन् । चाहे त्यो जनता सडक होस चाहे त्यो पूर्वाधार विकास कार्यक्रम होस् चाहे विद्यालय नयाँ निर्माणको कुरा होस् । चाहे भौतिक निर्माणका नयाँ योजनाका कुरा होस् । चाहे पुँजीगत खर्चमा सिँचाइको कुरा होस् चाहे कृषिको कुरा होस । त्यस्तो अवस्था म देख्छु । त्यस कारणले हाम्रो तर्फबाट सम्भव भएसम्म रचनात्मक सहयोग हुन्छ । राजनीतिक घटना क्रमबाट नेकपा एमाले नै बढी प्रभावित छ म राम्रोसँग जान्दछु तर प्रभावितका नाममा थप प्रतिक्रिया हाम्रो केही पनि छैन । त्यति हुँदा हुँदै पनि हामी जिम्मेवारीका साथ अगाडि बढ्छौं । तर म के देखिराखेको छु त भन्दा यो किताबले त्यो संकेत गर्दैन ।

सबैभन्दा पछाडि आउने दस्तावेज हाबी हुने चलन छ तर हुनु पर्ने के हो त भन्दा अस्ति पेश गरेको नीति र प्राथमिकताले यो प्रभावित हुनुपर्ने, यसबाट बजेट प्रभावित हुनुपर्ने हो तर म के देख्छु त भन्दा अब १ गतेको बजेटले यलाई प्रभावित पार्ने छ यसले हिजोको लाई प्रभाव पारिसक्यो । यो हामी उल्टो बाटो हिड्दै छौं । त्यस कारर्ण मैले अनुरोध साथ के अनुरोध र आग्रह गर्न चाहन्छु त भन्दा एउटा विषय गर्न चाहन्छु त्यो तपाईंहरूलाई सामाजिक सञ्जाल हेर्दा यो आन्दोलनमा लागेका साथीभाइहरूलाई त्यो राम्रो लाग्या होला त्यतिलाई मात्रै सम्झेर बजेट अगाडि बढाउने हो भने मेरो भन्नु केही छैन । त्यतिलाई मात्रै सम्झियर यो लोकतान्त्रिक र वामपन्थी आन्दोलनलाई २/४ वर्षको होइन ७० वर्षको आन्दोलनमा ७०ले वर्षदेखि मानिसहरूले विभिन्न तहको भूमिका निर्वाह गरेका छन् । केही पाउला भनेर होइन तर आज राज्यले सम्बोधन गरिसकेकाहरूलाई समेत तपाईंहरूले जे व्यवस्था गरेर यहाँ ल्याउनु भाको छ यो अब शंका गर्नु हुन्न अब सल्लाह गरेर यहाँ सम्म आइपुगेको होला तर म भन्न चाहन्छु त्यलाई प्रतिष्ठाको विषय नबनाईकन पुनर्विचार गर्नुहस् । म तेसो भएर धेरै टिप्पणी गर्न चाहन्नँ प्रतिष्ठाको विषय नबनाईकनपुनर्विचार गर्नुहोस् ।यो राजनीतिक आन्दोलनमा आजको मात्रै जोडिदैन खास आन्दोलनका पिरियडलाई मात्रै जोडिदैन खास आन्दोलनका पात्रलाई मात्र जोडिदैन सरकारका तर्फबाट जोडिदैन म विनम्रतापूर्वक र जिम्मेवारीपूर्वक भन्न चाहन्छुउहाँहरूको पनि महत्त्वपूर्ण यो आन्दोलनमा महत्त्वपूर्ण भूमिका छ । ठेस नलाग्योस भन्ने कुरामा म सचेत छु तर मलहम पट्टि लगाउने नाममा भेदभाव र पक्षपातपूर्ण कुरा मान्य हुँदैन । यो सरकार हो होइन अब सरकारमा भएका सबै मलहम पट्टि यतिलाई लगाए पुग्छ यसैबाट लोकतन्त्रको रक्षा हुन्छ भन्ने ठाउँमा हुनुहुन्छ भने त्यतिबेलै छलफल गरौंला तर म फेरि पनि भन्न चाहन्छु विरोध र केरे विनम्रतापूर्वक

अनुरोध गर्न चाहन्छु । हामी अहिले पूँजीगत खर्च बढाएर आफ्ना पूर्वाधार निर्माण र आयस्रोत बढाउने कुरामा हाम्रो ध्यान केन्द्रित हुन पर्ने हुन्छ । हिजो पनि सल्लाह त्यही पार्टीमा हुँदा दिएको हो । तर राज्यले सम्बोधनगरिसकेको, राज्यले व्यवस्था गरिसकेको उनले सुविधा लिइसकेको अवस्थालाई फेरि जीवनभर सम्झने कुरा त्यतिलाई मात्रै गर्ने हो भने त्यो अन्यायपूर्ण हुन्छ । गर्ने हो भने ढोका खोलौं । ठीक छ म त्यसमा तयार छु वा नेकपा एमाले तयार छ तर यतिलाई मात्रै ढोका खोल्ने कुरा अन्यापूर्ण हुन्छ । त्यतिले मात्रै यो आन्दोलन यो ठाउँसम्म आएको होइन यसको पछाडि धेरै विरासत छ ।

यसको मतलबउहाँहरूको भूमिका छैन भन्ने होइन भूमिका छ तर हाम्रो नेपाली बानी के हो त भन्दा खेरि कागज मिलाएर सक्कली भन्दा नक्कली छन् नै । सक्कलीभन्दा नक्कली धेरै छन् नै हुन त सबै सक्कलीलाई नक्कली बनाए नक्कलीलाई सक्कली बनाएकोमा पौरख गर्ने शीर्षकनै भए पछि मेरो भन्नु केही छैन । किन भने ओरेन्टेसन नै त्यही भयो देखेउँ कति थियौं कति बनायौं, कति हजार आउँछ,यो कति करोड आउने भयो भनेर प्रशिक्षित गर्ने तरिकाबाट राजनीतिक आन्दोलन अगाडि बढाउने कुरा हो भने मेरो त्यसमा केही भन्नु छैन । त्यस कारणले म विनम्रतापूर्वक भन्न चाहन्छु प्रतिष्ठाको विषय नबनाऔं पुनर्विचार गर्नुहोस् ।यदि यसैमा अडान लिने हो भने त्यो अन्यापूर्ण हुने छ । यदियहींबाटोमा हुने हो भने बाँकीहरूका निम्तिपनि ढोका खोल्नुस् जाउँ ठीक छ अरु केही काम गर्नै परेन । एउटा बही खाता राख्ने परिचय पत्र जो जो लाई दिन्छन् । भएको ढुकुटी भाइ तिमीले लऊ भन्ने बस्ने । यो आधारबाट जानु पर्ने कुरा राख्दै सभा चलिरहेको आजमात्रै माननीयमुख्यमन्त्रीलाई हामीले नेकपाएमालेको तर्फवाट संस्थागतरूपले केही कुरा बजेट र कार्यक्रमसम्बन्धी राखेको कुरा अँझै केही छोटो समय लिएर माननीयसभामुखमार्फत यो सभामा जानकारी गराउनु मैले उपयुक्त नै ठानेको छु ।

माननीयमुख्यमन्त्री ज्यू,

मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय कर्णाली प्रदेश सुर्खेत ।

विषयः- कार्यक्रम तथा बजेट सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि प्रस्तुत हुने प्रदेश सरकारको कार्यक्रम तथा बजेटमा निम्न बुँदा उल्लेखित कार्यक्रम समावेश गर्नहुन अनुरोध गर्दछौं आवश्यक सहयोग तथा समन्वयको लागि धन्यवाद ।

१. दशौं राष्ट्रिय खेलकूदलाईमध्येनजर गरी प्रदेश रंगशाला निर्माणका लागि न्यूनतम बजेट रु ५० करोड व्यवस्था गर्नुपर्ने ।
२. लोकप्रिय जनता सडक कार्यक्रमलाई निरन्तरता दिई प्रति निर्वाचन क्षेत्र रु १० करोड बजेट विनियोजन गर्नुपर्ने ।

३. निर्वाचन क्षेत्र पूर्वाधार विकास विशेष कार्यक्रम अन्तर्गत हरेक निर्वाचन क्षेत्रका लागि न्यूनतम रु १० करोडका दरले बजेट विनियोजन गर्नुपर्ने ।
४. सुर्खेत मूलपानी तेलपानी बर्दिया भुरिगाउँ खण्डको मूलपानी रानीघाट खण्डको लागि कम्तिमा रु. १० करोड बजेट विनियोजन गर्नुपर्ने ।
५. सुर्खेत उपत्यका चक्रपथ निर्माणका लागि न्यूनतम रु. २० करोड बजेट व्यवस्था गर्नुपर्ने ।
६. प्रत्येक निर्वाचन क्षेत्रमा आय आर्जन कार्यक्रमको लागि न्यूनतम रु ५ करोड बजेट व्यवस्था गर्नुपर्ने ।
७. औपचारिक संरचना निर्माण गरी प्रदेशमा उल्लेखनीय संख्यामा रहेका दलित समुदायको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि न्यूनतम रु. ५० करोड बजेटसहित ठोस कार्यक्रम लागु गर्नुपर्ने ।
८. प्रदेश अस्पतालको पूर्वाधार निर्माण तथा आवश्यक उपकरण व्यवस्थापनको लागि न्यूनतम रु. २५ करोड बजेट व्यवस्थापन गर्नुपर्ने ।
९. प्रदेश स्तरीय प्रयोगशालाको पूर्वाधार निर्माण तथा आवश्यक उपकरण व्यवस्थाको लागि न्यूनतम १५ करोड रकम विनियोजन गर्नुपर्ने ।
१०. कोभिड अस्पताल महामारी नियन्त्रणको लागि १० वटा जिल्ला अस्पताल तथा २० वटा रणनीतिक अस्पतालहरूको पूर्वाधार विकास तथा आवश्यक उपकरण व्यवस्थापनको लागि प्रति अस्पताल न्यूनतम ३ करोड बजेटको व्यवस्थापन गर्नुपर्ने।
११. सुर्खेत उपत्यकाको डुबान समस्यालाई समाधान गर्नु निकास देखि इत्राम खोला र खोर्के खोला तटबन्धनकको लागि न्यूनतम रु. १० करोड बजेट व्यवस्थापन गर्नुपर्ने।
१२. प्रदेशले छनौट गरेका पर्यटकीय गन्तव्यहरूको एकीकृत योजना बनाई बजेट व्यवस्थापन गर्नु पर्ने ।
१३. साथै राराको पूवाधार विकासको लागि रु ३ करोड, बुलबुले उद्यानको लागि २ करोड तथा लिमी भ्याली एकीकृतपर्यटकीय विकासको लागि ३ करोड बजेट व्यवस्थापन गर्नुपर्ने ।
१४. सुर्खेत उपत्यका खानेपानीका लागि न्यूनतम रु. २५ करोड बजेट व्यवस्थापन गर्नुपर्ने ।
१५. राजधानीका सडकहरूको निर्माण तथा स्तर उन्नतिको लागि न्यूनतम ३० करोड बजेट व्यवस्थापन गर्नुपर्ने ।
१६. एक निर्वाचन क्षेत्र एक बहुप्राविधिक विश्वविद्यालय एक निर्वाचन क्षेत्र एक नमुना विद्यालय र आवासीय विद्यालयहरूको पूर्वाधार निर्माण तथा एकीकृत शैक्षिक कार्यक्रम लागु गर्नुपर्ने तथा सोको लागि प्रयाप्त बजेट व्यवस्थापन गर्नुपर्ने ।

१७. मुख्यमन्त्री रोजगार कार्यक्रमलाई कर्णाली रोजगार वा नागरिक रोजगार कार्यक्रममा कार्यक्रमका रूपमा रूपान्तरित गरी कोभिडबाट सिर्जितबेरोजगारी विशेषतः युवा बेरोजगारी समस्या समाधान गर्ने गरी कार्यविधि निर्माण गर्नुपर्ने ।

१८. राष्ट्रिय विद्युत प्रसारण लाइन नपुगेको क्षेत्रमा वैकल्पिक ऊर्जा तथा साना जलविद्युत योजना सञ्चालन गर्नुपर्ने ।

१९. राष्ट्रिय विद्युत प्रसारण लाइन नपुगेको जिल्ला विशेष गरी हिमाली जिल्ला सदरमुकामहरूमा न्यूनतम १ मेगावाटको सोलार प्रणाली जडान गर्नुपर्ने ।

२०. कुनै पनि परियोजना तथा कोषको नाममा अवण्डा वा हाम्रो संसदमा चलिरहेको भाषा डल्लो बजेट विनियोजन गर्ने काम नगरियोस् ।

भनेर र हामी सबै माननीय सदस्य जो १५ जना थियौंमाननीयमुख्यमन्त्रीज्यूले समय दिनु भयो उहाँसँग भेटेर गम्भीरतापूर्वक ध्यानाकर्षण गरेका छौं । त्यसमा माननीयमुख्यमन्त्रीज्यूको सकारात्मक कुरा छ र आगामी दिनमा पनि हामी यसकारणले हामीले आफैंले बजेट पेस गरे जस्तो कतिपयमाननीय सदस्यहरूलाई लाग्न सक्छ किनकि देख्दा देख्दै बजेट भरणपोषणतिर जाने बजेट पूँजीगत खर्चतिर नजाने भइसकेपछि हामीले हाम्रा तर्फबाट यो भन्नका निम्ति होइन देखाउनका निम्ति होइन हामीले त्यहाँ लेखेकै छौं न्यूनतम व्यवस्था चाहियो त्यति पैसा व्यवस्था गर्न सकिने हामीसँग स्रोत छ हामीलाई लाग्याछ । बाँकी स्रोत भए गर्नुहोला किनकि बाँकी स्रोत खर्च गर्ने गरी पनि कतिपय संरचना आछन्। अब कार्यालय परिचालन गर्ने होइन संरचना परिचालन गर्ने होइन स्वयंसेवक परिचालन गर्नुपर्ने व्यवस्था यहाँ नीतिमा आएको छ । त्यो स्वयंसेवक को हुन् ? सबैले अनुमान गरौं अहिले नै मैले ब्याख्या गर्नु अलि हतार हुन्छ । पैसा कहाँ जादैछ ? दुरूपयोग हुन खोजिरहेको पैसालाई पुँजिगत खर्चमा सामेल गर्ने जहाँसम्म पूर्वाधारको कुरा छ मेरो अनुभव सुनाउन चाहन्छु । अरु माननीय सदस्यहरूले के गर्नु भयो थाहा छैन । सुर्खेतमा ५ करोडको ठाउँमा ती अभिलेख छ ।साढे ६ करोडको योजना अभिलेखबाटनै पुष्टि भएको छ । कसरीगर्‍योभन्नु होला । पाँचवटा पाँच करोडको पहिला समीकरण टेन्डर लगाइयो डेढ करोड घट्यो । डेढ करोड घटेर अर्को थपियो । यद्दपि यो पूर्वाधार विकासको कार्यक्रम सासंदहरूसँग जोडेर यो र अरूमाननीयहरूले के गर्नु भएको छ । त्यो आफ्नो ठाउँमा छ तर मेरो बीचमा त्यसलाई सही ढंगले प्रयोग गरियो भने यो अरु कार्यक्रम जस्तै एउटा कार्यक्रम हो तर प्रयोग गर्नेले कसरी प्रयोग गर्छ । ४० लाख कसरी प्रयोग गर्नु भएको छ । त्यो तपाईंहरूले जान्ने कुरा हो । त्यसकारणले यो विनम्रतापूर्वक म दलको तर्फबाट यति एजेन्टा हाम्रा दलका साझा एजेन्टा हुन् । बाकीं आफ्ना निर्वाचनका एजेन्टा सबै माननीय सदस्यहरूले यदी आआफ्ना तरिकाले माग्दा हुन्छ । यस आधारबाट हामी छोटो समयामा प्रभावितको समयलाई सदुपयोग गरेर रचनाआत्म तरिकाले सहयोग गर्न चाहन्छौं । हिजो तीनवटा तहको छलफलको दुःखद अवस्थालाई हाम्रो तर्फबाट सुखद अवस्थाका परिणत गर्न

चाहन्छौं । त्यस कारणले मेरो अनुरोध छ । मुख्यमन्त्रीलाई मैले अघि पनि भनि हाले अहिले पनि भन्न चाहन्छु । १ गते ल्याउने बजेट बाधिएर नल्याउनुहोला । तपाईंहरूले बाधेर ल्याउने यहाँ संसदबाट पेस भयो भने नराम्रो परिपाटी बस्ने छ। यद्दपिमैले भनि सके म अनुरोध गर्न चाहन्छु । आफू सरकारमा बाधिने गरी १ गते नीति गत कुरा मात्रै आयो । प्रोजेक्ट आएन भने हामीसँग प्राप्त छलफल गर्ने समय हुने छ । होइनयहीँबेला हाली हालौं भनेर प्रोजेक्ट लिएर आउनु भयो भने ।मेरो विचारमा विगतको जस्तै दुःखद छलफलनै हुनेछ मलाई लाग्छ । संसदलाई,सभालाई सांसदलाई र बाहिर हेर्नेलाई त्यसले नकरात्मक असर पार्ने छ । त्यसकारण म के चाहन्छु त भन्दा प्रतिपक्षका रहेका कारणले के चाहन्छु त भन्दा विगतको भन्दा सुखद छलफल बजेटमा होस् । सुखद छलफलबाट निकास निकाल्न सकियोस् । सुखद ढंगले सहकार्य गर्ने परिस्थितिको निर्माण होस् भन्ने सुभेच्छा छ, शुभकामना छ । यिनै कुरा मैलेतपाईंहरूका माझमा राखे केही अलि बढी समय लिए। अलि धेरै कुरा गरेको हुनाले कतिपय साथीहरूलाई झर्को पनि लाग्यो होला,लाग्नु पनि स्वाभाविक नै हो । किनकितपाईंहरू जिम्मेवारीमा हुनुहुन्छ । कति भन्या होला भन्ने पनि लाग्न सक्छ । किनकि म भन्ने ठाउँमा छु । हाम्रो दल भन्ने ठाउँमा छ । तपाईंहरू गर्ने ठाउँमा हुनुहुन्छ गर्नेले राम्रो कुरा गर्नु भन्नेको त्यसै समय छोटो समयमा भन्न सकिन्छ । यिनै कुरा राख्दै तपाईंहरूबाट बिदा हुन चाहन्छु, धन्यवाद। **माननीय सभामुखः**-माननीय सदस्यहरू प्रदेश सरकारको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम माथि छलफलमा भाग लिन चाहनेमाननीय सदस्यहरूले सभामुखको बायाँतर्फ रहेका सचिवालयका कर्मचारीलाई आफ्नो नाम टिपाउनु होला । आफ्नो धारणाराख्नेमाननीय सदस्यहरूलाई क्रमसः समय उपलब्ध गराउने छु ।अब माननीय श्री ठम्मरबहादुर विष्ट समय ७ मिनेट त्यसपछि माननीयश्री पदमबहादुर रोकाया तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री ठम्मरबहादुर विष्टः**-माननीयसभामुखज्यू हामी आ.व.०७८/७९ को नीतितथा कार्यक्रमको छलफलको क्रममा छौं र यो नीति तथा कार्यक्रमलाई सरसर्ती हेर्दा दुई तीन वटा पाटाहरू छ एउटा केही कार्यक्रमहरू निरन्तरतारूपमा आएका छन्। केही कार्यक्रमहरूनिरन्तरताका रूपमा आएका छन्, कार्यन्वयन पनि भइरहेका छन्। केही कार्यक्रमहरू कार्यन्वयन हुने क्रममा पनि रहेका छन् । केही योजनाहरू निरन्तरतामा आएका छन् । कार्ययोजनाहरू कार्यान्वय हुने प्रारम्भ भएको पनि देखिदैन र कुनै नयाँ कार्यक्रमहरू पनि नीति तथा बजेटमा पनि समावेश भएको छ । जो राहतसँग वा हरू एमबिसिसँग वा रोजगारसँग सम्बन्धी विषयहरू छन् । अब यसो सरसर्ती केलाउँदा खेरि अब यो विशेष गरी सरकारले यहाँ नारा पनि तय गरेको छ । स्वास्थ्य, शिक्षा,उत्पादन र दिगो विकास र रोजगार,समानता र पूर्वाधार स्वास्थ्य कै विषयलाई मैले यो दस्तावेजलाई बलियो बनाउनको लागि के सुझाव दिन चाहन्छु भने बरु पूर्वाधारहरूबनाउने तिर हामीले यसको ठीकै छ तर खास गरीकन यो कोभिडकै लागि

भनेर अलिकति बढी यो हामीले अगाडि गयौं भने त्यहाँ हामी खस्छौं जस्तो लाग्छ । यसको लागि मूलभूतरूपमा चाहिने भनेको नीतिनै यो तर यसको अन्तर्राष्ट्रिय कुराहरूहेर्दाखेरि पनि ६ महिना कम अर्थात सुई लाउने बित्तिकै कम हुने देखिन्छ । त्यस कारण अब नेपालको कन्डिसन हेर्दा सरसर्ती हेदाँ अब यो संघ सरकारकै अलि बढी नै जवाफदेहिता र अब कोडिनेसन देखिराखेको छ ।

यदि यो सम्भावना भयो भने तीनचार महिनामा हल भयो भने । मलाई लाग्छ यो कोभिडकै लागि मात्रै भनेर अक्सिजनदेखि,भेन्टिलेटरदेखि कयौं कुराहरू हामी तय गर्ने तर भोलि त्यो भन्दा अब ननकोभिडको संरचनामा जोडदियौं, ठीकै छ। कोभिडको लागि सुईमा नै हामी केन्द्रित हौं जस्तो लाग्छ । किनकि बजेट निश्चित क्षेत्रमा त्यहाँ रहने र हाम्रो चाहिने यता थोरै बजेट छ । जनताका कार्यक्रमहरूमा पुग्न नसक्ने स्थिति हुन सक्छ, मलाई त्यो लाग्छ । अब अर्को चाहिँ अब यो कोभिड क्षेत्रसँग जोडिएर के आएको छ । भने धेरै कुरा माननीयज्यूहरूलाई आएको होला लकडाउनलाई अली खुकुलो बनाउँदै लाग्नु पर्‍यो हामी त मर्नै लाग्यौं भन्न लाग्नु भयो जनताले । किनकि निरन्तर त्यो एक प्रकारको जेल नै हो । एक त सुविधानै दिए पनि जेल भनेको जेल नै हुन्छ । त्यसमा बस्दा खेरि केही समस्या छ । अर्को तिर खानपान देखि त्यहाँ काम गर्ने मजदुरहरू देखि लिएर सारा सबै कुराहरूमा गरिब,विपन्नहरूमा पुरै स्थिति डामाडोल छ । त्यसलाई मेरो विचारमा आउँदो असारदेखि नै सरकारले खास गरी त्यसको नेतृत्व लिएको सम्बन्धमा छलफल गरेर सात दिनमा वा तीन चार दिनमा वा साँझ बिहान अलिकति यसलाई लुजनेस गरेर जाने । अब त्यसलाई रोगलाई न्यूनीकरण गर्दै बिस्तारै अगाडि बढेर जान सकिन्छ भन्ने मलाई लाग्छ । अब अर्को कुरा कतिपय कुराहरू जस्तो यो सरकारले ल्याएको तपाईंको यो असहायहरूको लागि सहायताको लागिअक्षय कोषको स्थापना गरिने छ भन्ने कुरा त्योसहित त्यो धेरै कुराहरूका दस्तावेज हामी कहाँ पनि आएका छन् । माननीयका कोठाकोठाहरूमा सरकार सामाजिक आर्थिक मन्त्रालयमा पुगेका छन् । तत्कालै एउटा चाहिँ निर्णय गरेर हामीले फास्ट गर्‍यौं भने त्यस्ता बिरामी र मरिसकेका यता चाहिँ निवेदन दिन्छ । उता चाहिँ मरिसकेर घाटा खान्छ । त्यो के काम भयो केही पायौं भने सरकारले अझैं तपाईंको राम्रो देखिएला र अर्को कुरा कोही कार्यक्रमहरू कार्यविधि भयो भने राम्रै हुन्छ । कुनै कस्तो गुरु योजना बनाएर जाने । यसलाई कार्यन्वयन गर्न सकियो भने । निश्चित हिसाबले यो पनि एउटा हड्डीको रूपमा रहन्छ । किनकि यो खण्डहरू भएर गइरहेको छ । हाम्रो जग्गाहरूयो कुरा ठीक हुन्छ जस्तो लाग्छ । त्यस्तै यो १३.२ जो हिमाली क्षेत्रमा एकसय भन्दा बढी भेडा पालन गर्नेहरूलाई गोठ सुधार भनेर दिएको छ । अब यो पनि करिबकरिब तल्लो स्तरको आयआर्जनको किसानहरूलाई उठाउने कुरा यो ठीकै जस्तो लाग्छ । अब यो सुनको हलो भन्ने कुरा अगाडि पनि हाम्रो छलफल भएको हो । गत सालमा यसलाई चाहिँ भत्ता दिने अब किसानहरूलाई तपाईंको निर्वाहमूखी भत्ता दिने वृद्धि वितरण गर्ने भन्ने थियो ।

त्यो चाहिँ लागु भएको छैन । बरु त्यो कहाँ अड्कियो छ यसलाई गत सालदेखि नै यो आ.व. देखि नै अब गर्ने गरीकन सरकारले त्यसको तयारी गर्नु पर्छ भन्ने म अनुरोध गर्न चाहन्छु । त्यस्तै यो केके छ । पेट्रोलियम पदार्थका लागि यो के सम्भाव्यता अध्ययन छनौट भन्ने छ । अब यो भन्दा पनि दैलेखमा जो भइरहेको छ । त्यो संघसँग समन्वय गरेर हुन्छ वा प्रत्यक्ष प्रदेश सरकारले अलिकति शेयर लिने गरेर त्यसलाई तत्काल चाहिँ हामीले उत्खनन गरौं त्यस पछि बाँकी अन्यत्र कहाँ कहाँ छन्। धेरै जटिल लाग्ने विषय हो । त्यसैले त्यसलाई नै अहिले बनी राखेकोलाई हामी जोड् गऱ्यौं भने मलाई लाग्छ । अब अर्को कुरा अब यो अस्ति एक कुरा उठेको थियो दलित,विपन्न,राजी,राउटे,माझी मुक्त हलिया, महिला लगायत सबै छ,यसमध्ये अहिले अलिकति चाहिँ तपाईंको एकदम यो बादी र राउटेको विषयमा प्रदेशले एउटा आयोग बनाए र यिनीहरूको विषमा गर्नु पर्ने केके हो । उनीहरूको थाई बसोबास होकि,उनीहरूको संस्कृतिको कुराहरूको होकि यहाँ बस्न चाहन्छन् कि या उनीको लागि एउटा आयोग बनाएर । उनीहरूलाई तपाईंको बसोबासको व्यवस्था गराइ दियो भने । जहाँसम्म मैले बुझे अनुसार उनीहरू अब सबै कुराहरू मिले भने बसोबास गर्न थाईरूपले समग्रमा रूपमा बस्छन् भन्ने बुझिन्छ । यो गऱ्यो भने अत्यन्तै राम्रो अन्तर्राष्ट्रियरूपमा पनि एउटा राम्रो सन्देश जाने देश हो र यो देशभरिराउटे नै हाम्रो भएको हुनाले भोलि विदेशीहरू पनि काले,कुहिरेतपाईंको यो देशका सबै चाहिँ पर्यटकहरू आएर राउटेलाई हेर्ने हिसाबले पनि ठूलोरूपमा तपाईंको हामीलाई यहाँ पैसा प्राप्त हुने वा मान्छेलाई रोजीरोटी प्राप्त हुने त्यो खालको पनि सम्भावना छ । एउटा राम्रो चाहीतपाईंको स्थीति हुन सक्छ र अब अर्को कुरा अलिकति यो अधिकारको कुरा सीमित क्षेत्र,विशेष क्षेत्र कुराहरू छ । तत्कालीन माओवादीले चाहिँ ४६ वटा बुँदा सेन्टमिट लेखेको थियो यो विषयमा अब यो संरक्षण क्षेत्र,दलित,पिछडिएको क्षेत्र,यो कर्नाली वारिपारि अथवा मधेशी सबै कुरालाई थुप्रै लाभग्राही विषयमा संविधान लागु गर्नुपर्ने भएको हुनाले फेरि पनि मैले यहाँ अब सरकार को मुख्यमन्त्री अथवा सरकारको उपस्थिति छ । त्यसैले योमानेमा यो कुरालाई अलिकति भित्र छिरौं भने । अलिकति संघले गर्ला हामीले कर्नालीबाट गर्ने कुराहरू प्रदेशले गर्न कुराहरूअगाडि बढाउँदा जनतालाई अलिअलि लाभ दिने कुरामा संघीयतामा अनुभूति दिलाउने कुरामा हामी अगाडि बढौं जस्तो लाग्छ । अब कतिपय यो कोरिएर पनि आएको छ बुँदा अरु अब यो १८ एकमा र १८ तीनमा पनि दलितकै कुरा छ । अरु कुरा यहाँ छ । यसमा पनि थुपै कुराहरू लेखिएको छ । दोहोरो परेको छ । यसलाई हटाउँदा होला र यो बौद्धिक सम्पत्ति यो छोराछोरीलाई समान अधिकार,समान व्यवस्था भन्ने छ । राम्रे कार्यक्रम हो यसलाई लागु गरेर जानुपर्ने यसलाई कुरा गाँसि दिन्छ जस्तो लाग्छ । अब अर्को कुरा यो कतिपय अब संग्रहालयहरू भन्ने कुराहरू छ । कालिकोट,रुकुम,जाजरकोट यी सबै ठाउँमा गर्न सक्यो भने यसले जसरी जन आन्दोलन र परिवर्तनले एउटा जनआन्दोलनले जल र जनआन्दोलनको बलमा भनेका छौं । त्यो जललाई हामीले अलि सुध्रिने गयौं भने

यसले इतिहासमा राम्रै कुरा गर्ने छ भन्ने लाग्छ । अब यो स्थितिबाट हामी अगाडि बढ्यौं र अब अर्को मेक इन इन्डिया भनेको रहेछ । त्यसलाई यहीँ सामान साटे जस्तो हुन्छ । मेडइन इण्डिया भन्ने बनायौं । त्यो गर्न चाहिँ उपयुक्त लाग्छ । त्यो कारणले अब अरु मैले अन्तिममा के राखौं भने म विभिन्न विषय बस्तुहरू आएको छ । अब यसमा हाम्रा मनोविज्ञानहरू चाहिँ छन् । अब खास गरी प्रतिपक्ष सत्ता पक्ष अब माननीयहरूको पनि प्रत्यक्ष समानुपातिक अलिअलि हाम्रो बझलिदैं आएको छ । त्यसैले मलाई के लाग्छ । भने अब अभिभावक सत्ता पक्ष भएको हुनाले के कसरी यसलाई चाहिँ व्यवस्थित गर्न सकिन्छ कि कसैको निरन्तरताको कुरा गर्दा खेरि जनता सडक देखि कतिपय पूर्वाधारका कुराहरूलाई त्यसमा यसले राम्रै दिन्छ । जस्तो लाग्छ । किनकि राम्रै दिएको छ । सबै मिलेर अब एउटा एकचोटी फालेका काम पनि फेरि चाहिन्छ भने जस्तो हिजो हामी एकले अर्कालाई बेटमा थियौं फेरि पार्टी फरक भयो । फेरि अर्को कार्यकालका सहकार्य गर्दै जान सक्नु पर्छ । यसको चाहिँ नेतृत्व सबैलाई एउटा चाहिँ अगाडि बढ्नको लागि अग्रिम शुभकामना दिन चाहन्छु,धन्यवाद ।

**माननीयसभामुखः**-माननीय श्री पदमबहादुर रोकाया यसपछि माननीय श्री विमला के.सी. तयारी रहनुहोला ।

**माननीय श्री पदमबहादुर रोकायः-** माननीयसभामुखज्यू,माननीयसभामुखमार्फतआ.व. २०७८/७९ को नीति तथा कार्यक्रममा आफ्नो धारणाराख्ने अनुमतिचाहन्छु । हामी नीतितथा कार्यक्रमबाट बजेटसम्म आइसक्यौं । यस्तानीति तथा कार्यक्रममा विषयमा धेरै पटक बोल्यौ बोल्दाबोल्दा मुख थाकि पनि सक्यो ।काम पटक्कै भएनत भन्दैनौं । हामी पनि त्यहीँ सरकारमा बसेका छौं हामीकन पनि प्रश्न चिन्ह छ। किन भएन तपाईं पनि कर्णाली प्रदेशको सदस्य हो भन्न सक्छन् तर बोलाइ र गराइ मा धेरै फरक आयो । त्यसै विषयमा हामीले अब एउटा उदाहरणलाई भन्न चाहन्छु । म जेठको महिना आएको छ । रोपाइँ सुरु भएको छ । ती किसानले त्यसको सबैभन्दा बढी त्यो रोपाइँमा र कार्तिकको धानमा हेरेको हुन्छ । धान काट्छ यसले धान कति भयो के भयो । धान असिना फाल्यो कि धान रोगले पो खायौं कि भन्ने विषयमा किसानको ध्यान कार्तिकको महिना जान्छ ।

हामी माननीयहरूको ध्यान पनियहींसिजनमा हो ।यहीँबजेटको सिजनमा हो । ११ महिनासम्म हामीले ३६४ दिनसम्म हामीले खेतीपाती गरेका छौं । हामीले खेतीपाती भनेको यहीँ हो । योजना ल्यायौं कार्यकर्ताको कुरा सुन्यौ हामी यहीँ एक दिनको अब ३६५ दिनमा हाम्रो त्यो सिजन आउँदै छ । हाम्रो नजर त्यसमा छ । त्यसो भएको हुनाले म भन्न चाहन्छु । सबै कुरा हाम्रो दलको नेताले भनी सक्नु भयो । त्यो कुरा दोहोराई रहन आवश्यक ठान्दिन । जनता सडक यसलाई अनिवार्य निरन्तता दिनु पर्छ । यो जनमुखी बजेट हो । जस्तो पुरानो पालोमा आफ्नो गाउँ आफैं बनाऔं । जो

एमालेले लेखेको जस्तै यो पनि त्यहीँ नीति हो जनता सडक यो अनिर्वाय ल्याउनु पर्छ । यसको लागि १० करोड आउनै पर्छ । पूर्वाधारका कार्यक्रम यो पनि कुनै प्रतिपक्षका माननीयको लागि मात्रै होइन । सत्ता पक्षका माननीयका लागि पनि हो । यो हामीले ल्याएर प्रतिपक्षले मात्रै पाउने सत्ता पक्षले नपाउने भन्ने होइन ।

सबै माननीयका लागि पूर्वाधार विकास कार्यक्रम अनिवार्य हुनुपर्छ । अनि यहाँ हाम्मा कुडा हाम्मा मुख्यमन्त्री भन्ने छ तर हाम्मा मुख्यमन्त्री हाम्मा कुडा सुन्दै सुन्नाइनन्। हामी कन गन्नैगन्नाइन् हामीले के भन्ने । त्यसै कारणले अब मुख्यमन्त्री स्वरोजगार हामीले एक कार्यकाला हामीले वितरण गर्‍यौं,डल्लो बजेटबाट हामीलाई लाग्छ । के यो सरकार ६ अर्ब जतिको डल्लो बजेटबाट मुख्यमन्त्री स्वरोजगार कार्यक्रम होला । प्रत्येक वडामा ३८ वा ४० लाख गरेर गएको छ । पैसा प्रशस्त गएको छ । अहिलेसम्म कार्यन्वयन भएको छैन,सम्झौता भएको छैन, भर्खरै १० दिन अगाडि मात्रै स्थानीय निकायमा गयो । सम्झौता भएका छैन किनभने उनी उता गोराटा बाटा पनि आए यहाँ सडक बनी गए । प्रमुख प्रशासकीय अधिकृतले यो गोरेटो बाटो छ । सडक बनाउनसक्दैन भनेर रुसी रहेको छ । म मुख्यमन्त्री कार्यालयमा गए तल प्रशासन फार्टका गए म यसले रोकी राखेको छ भने गत साल पनि हामीले मन्त्रीलाई भनेका थियौं । यो सालनि लकडाउनले ढिलो भयो । योजनाहरू कार्यन्वयन हुन सकेनन् । अर्को सालत हामी साउन,भदौबाट हामीले कार्यनीति बनाउने अत्यधिक छिटो भन्दा छिटो पठाउने भनेर छिटो गर्नु पर्ने भन्यौं। अज झन ढिलो भयो । यो कोरोना त चैतबाट नै सुरु भयो त्यो भन्दा पहिला त खालि थिए सकै किन कार्यविधि बन्दैन । जब असार मसान्त हुन्छ । आज भोलि तातिएका छन्। कर्मचारीहरू यो कतै मिलोमतो जस्तो त लाग्दैन । हुनत यो देश कसैले खाएको देश हो । कतै हामी जनप्रतिनिधिको मिलोमतो त छैन कर्मचारीसँग अनि असार मसान्त हुन्छ २० गतेभित्र योजना सक्नुपर्छ भन्नेमा हुन्छन् । उनीहरू तर सिधिएको हुँदैनतपाईंहरूको ४० प्रतिशत मात्रै काम भएको हुन्छ । ६० प्रतिशतको लागितपाईं फेरि काम गर्न जानु पर्छ । उपभोक्ता समिति र ठेकादारहरू र हाकिम साब,इन्जिनियर साब बजेट फ्रिज फाल्नुभन्दा तपाईंहरू गर्नुहोस् भनेर कामहरू सम्मपन्न भएका हुन्छन् । त्यो तपाईंहरू बुझ्नुहोस् । यो आजको कुरा होइन । यो चलन चल्ती आएकाके छ । नेपालमा यसलाई कसरी नियन्त्रण गर्नुपर्छ र अब यो हाइटेक नर्सरी ८० लाख ९० लाख नर्सरीमा गएको छ । कृषि मन्त्रालयबाट पनि पर्यटन मन्त्रालयबाट पनि मेरै क्षेत्रमा पनि गएको महिनै देखेको छु । हरियाहरिया पाल छन् ती ८० हजारका पाल होलान् ती भित्र केही छैनन् ती रातो माटो मात्रै छ । न त्यसमा बिरुवा छ । न त्यसमा केही छैन । त्यहाँ हरियो घाँस थियो । त्यो घाँस पनि छैन त्यहाँ । व्यापक भ्रष्टाचार भएको छ । डिपिआरको नाममा गत सालमा मुख्यमन्त्रीज्यूले भन्नु भयो साना तिना योजनाले गाउँपालिकाले २५ लाख भन्दा माथिका योजना दिनु त ठीकै हो तर पछि खानेपानीका लागि ७ लाख छुटयाइएको त्यो ७ लाख

सबै डिपिआरको नाममा गएको छ । अरु ठाउँमा पनि त्यस्तै मेरो ठाउँमा पनि त्यस्तै गएको छ । सात लाख सबै डिपिआर गएका छन् ती । के सात लाखको सात लाखनै डिपिआर हुन्छन् त त्यो । अनि डिपिआरको नाममा पनि व्यापक भ्रष्ट्राचार भएको छ । डिपिआर कोले गर्छ कोले गराउँछ । त्यो पनि थाहा छैन हामीलाई हामी त्यो क्षेत्रमा माननीय हौं । हामीलाई थाहा नै छैन । कोले गर्ने हो ? को ले गराउने हो ? त्यो पनि थाहा छैन हामीलाई भने छोरीबुहारी छात्रवृत्ति छ । अहिले पनि आएको थियो । नीति तथा कार्यक्रम गत साल पनि आएको थियो । यो पनि हो तर यहाँ मापदण्ड हुनुपर्छ । सबै कर्णाली छोरी बुहारीले छात्रवृत्तिपाउने तर तिनीहरूगरिबीले पाउने हो कि दलितले पाउने होकि,जनजातिले पाउने होकि,कस्ले पाउँछ त मापदण्ड तोकिनु पर्छ यो पक्षपात हुनु हुँदैन ।

धेरै पक्षपात गरेको मैले देखिरहेको छु । कस्तो मान्छेको छोरी बुहारीले पाएका होलान्छात्रवृत्ति । गरिबको छोरी बुहारीले पाएको छैन ।जस्तै बहुवर्षीय योजना आएको छ । बहुवर्षीय भन्दा भन्दै म त थाकि सके मेरो मुख पनि पटाइसक्यो । धेरै पटक भने तपाईंलाई थाहा छ । मेरो निर्वाचन क्षेत्रमा बहुवर्षीय आयोजना परेको छैन। जो कि मेरो जुम्ला पुग्ने सडकको जलजलाबाट जुम्ला खलंगा मुगु पुग्ने सडक तर बहुवर्षीय बन्न सकेको छैन ।

धेरै पटक राए मैले यस्ता कुराहरू धेरै छन् । अब आउने बजेटमा निर्वाचनमूखी नहोस्,पार्टीमूखी नहोस्,गुटगतमूखी नहोस्,वितरणमूखी नहोस् र जनतामूखी होस् । म त्यहीं आग्रह गर्न चाहन्छु । अबबाट त्यस्तो नहोस् आग्रह र अनुरोध गर्न चाहन्छु । यहाँ अहिलेको योजनाहरू आइरहेको छ । त्यसरी नै गुटगत र पार्टीगत आएका छन् ।

बिचौलियाका, माफियाका योजना आएका छन् । २/३ सय वा मेरै ठाउँबाट ३६० योजना आएका छन् । १५/२० दिन अगाडि आ–आफ्नाका गुटका मान्छेलाई फोन गरेर तपाईंले ल्याउन त बजेट भनेर गुटका मान्छेले मात्रै भनेर योजना आएका अनि त्यहाँ कस्का योजना आउने हुन् । कसका आउने हुन् माननीयका आउनेहुन् वा गाउँपालिका अध्यक्षका वा नेताका आउने हुन् । यदि भोलि त्यो देखियो भने भोलि त राम्रो हुँदैन होला मन्त्रीज्यूहरूले पनि भोलि ५० प्रतिशत बाहिरबाट आयो भने पनि हामीलाई मान्ने हुने छैन। त्यसै कारणले अहिले एउटा मन्त्रालयबाट हिजोका गएका वर्षहरूमा कम्तिमा पनि भौतिक मन्त्राय बाहेक अरु तीनचार वटा मन्त्रालय सञ्चालनमा ४० लाख कस्लाई दिने हो हामीले २० लाख यसलाई दिने खाने त होला सिँचाइ कार्यक्रम भनेर एउटा कार्याक्रिताले ६० लाख लिएर जान्छ । हामी माननीयले ४० लाख दिएर कहाँ कसलाई बाढ्ने त्यो बाढ्नु भन्दा मन्त्रीज्यू बाढ्नुहोस् । हामी नबाढ्ने, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय श्री विमला के.सी. त्यसपछि माननीय मिनासिंह रखाल तयारी अवस्थामा रहनु होला ।

**माननीय श्री विमला के.सी.ः-** माननीय सभामुख महोदय, हामी कर्णाली प्रदेश सरकारको २०७८/७९ को नीति कार्यक्रममा छलफल चलाइ रहँदा खेरि यसको विषयमा हामीले टिकाटिप्पणी गर्दै गर्दा खेरि मलाई राम्रोसँग सम्झना छ । विगतका नीति कार्यक्रमहरूमा हामीले पोजेटिन नेगेटिभ सबै कोणबाट छलफल चलायौं र त्यसलाई व्यवहारिक रूप दिन पनि धेरै मेहनत गरेका थियौं । त्यसैलाई हेर्ने दृष्टिकोण आफ्ना आफ्ना हुन्छन् । दृष्टिकोण कसरी वैज्ञानिक र व्यवहारिक बनाउने भन्ने कुरा आजको चुनौती हो जस्तो लाग्छ । एउटै मान्छे एउटा बेञ्चमा बस्दा एउटा दृष्टिकोण हुन्छ । त्यहीँ मान्छे अर्को बेञ्चमा बस्दा अर्को दृष्टिकोण राख्छ । हाम्रा केहि परम्परागत मूल्य मान्यताहरू छन् । म यसलाई स्वभाविक ठान्छु तर विषयलाई हेर्ने द्वन्द्वात्मक भौतिकवादी तरिका के होला त्यसो हुँदा सहिलाई सही र गलतलाई गलत भन्ने सत्ता पक्षले पनि गलत चिजको सही ढङ्गले औंल्याउने र विपक्षीले पनि सत्य कुरालाई सही ढङ्गले सम्मान गर्ने कल्चर कसरी बसाल्ने होला यो चाहिँ हाम्रो साझा चुनौती हो । कर्णालीको मात्र होइन सिङ्गो नेपालको हो जस्तो मलाई लाग्छ । त्यो कोणबाट बहसलाई थालनी गरौं भन्ने मेरो सुझाव छ र अनुरोध छ । सभामुखमार्फत यो अनुरोध गर्न चाहन्छु । त्यसो गर्दा कर्णाली प्रदेश सरकारले अहिले यो नीति कार्यक्रम ल्याउँदै गर्दाखेरि एउटा उत्साह आएको छ । गरिब, महिला, दलित, विपन्न, सहिद परिवार, घाइते अपाङ्ग सहिद परिवार, घाइते अपाङ्ग भन्ने वित्तिकै जनयुद्ध विलकुल जनयुद्ध एक्लै छैन । यसमा जन आन्दोलन, प्रदेश आन्दोलनको क्रममा र जनयुद्ध यो सबै छ । जनयुद्ध भित्र पनि दुबै छ त्यतिबेलाको तत्कालीन माओवादी पक्षबाट मारिएकाहरू पनि सहिद परिवारको रूपमा गणना छ र त्यसमा राज्यले सम्मान गरेको छ । सहिद परिवार भनेको छ, आज ती मान्छेहरू खुसी छन् । देशभरि कतै पनि कुनै पनि प्रदेशमा त्यस्तो कार्यक्रम नआइरहँदा खेरि आज त्यो कार्यक्रम कर्णाली प्रदेशले दिदाखेरि एउटा खालको उत्साह र आशा यो कर्णालीबाट बलेको मान्छेले अनुभूती गरेका छन् त्यस कारण म आफूलाई राम्रोसँग थाहा छ । महिला आन्दोलनको एउटा पृष्ठभूमिबाट आएको एउटा व्यक्तिको हैसियतले पनि महिलाहरूको मुक्ति कतिबेला हुन्छ भन्ने कुरा सैद्धान्तिक मूल्य मान्यता होइन भन्ने कुरा व्यहारिक हिसाबले पनि केहि अनुभूती गरेका छौं । मैले महिलाहरूले जबसम्म आर्थिकरूपमा सम्पन्न हुदैनन्, उनीहरू आत्मनिर्भर बन्दैनन्, तबसम्म महिला उत्पीडन रहिनै रहन्छ भन्ने मान्यता म राम्रोसँग राख्दछु र म बुझ्दछु । त्यसो हो भने महिलाहरूलाई आर्थिकरूपमा पछाडि पारिएको के हो त भन्दा सबैभन्दा पहिले त घरबाट शुरु गरौं । पैतृक सम्पत्तिमा जतिबेला महिलाहरू विहिन भए त्यतिबेलादेखि महिलाहरूमाथि दमनको सुरुवात भाछ,महिलाहरूमाथि उत्पीडनको सुरुवात भएको छ । त्यसैले महिलाहरूलाई सधैं पछाडि पारिरहने आर्थिक आधारको रूपमा रहेको यो

सम्पत्तिको कुरालाई समान ढंगले व्यवहार गर्ने संविधानले त बोल्यो,संविधानका लागि त हामी लड्यौं भिड्यौं यो संविधानमा त लेख्यौं तर आज जीवन व्यवहारमा लागु गर्‍यौं त ?कानून बनायौं,देबानी संहितामा मज्जाले लेखिएको छ तर कानून हुँदाहुँदै पनि कार्यान्वयन हुन सकेको छैन । त्यसकारण कर्णाली प्रदेश सरकारलाई म स्यालुट गर्छु महिलाहरूको तर्फबाट यसले अब साँच्चिकै कार्यक्रममा ल्याओस्,नीति कार्यक्रम मात्रै होइनबजेटमा पनि त्यस्ता कार्यक्रमहरू ल्याओस् । अहिले पनि छन्,हिसाब गरौं, गणना गरौं, हामी सहयोग गर्छौं, छोरीलाई छोरा बराबर सम्मान दिने केरे समान अधिकार दिने वुवाआमा पनि छन् तिनलाई हामीले अभिनन्दन गरौं र एउटा उत्साह दिउँ उत्साहमा जाउँ । अनि कर्णाली प्रदेशको गरिबी हट्ने एउटा आधार बन्छ होला । एकाउन्न प्रतिशत महिला कर्णालीमा जब आर्थिक रूपमा अधिकार सम्पन्न हुन्छ नि त्यसपछि कर्णालीको गरिबी त त्यसै न्यूनीकरण हुन्छ होला नि?त्यसो हो भने निकै महत्त्वपूर्ण कायक्रमको रूपमा हामी सबैले बुझ्ने कि नबुझ्ने ?त्यसैले यस्ता महत्त्वपूर्ण कार्यक्रमहरू,सिर्जनशील कार्यक्रमहरू,अझ व्यावहारिक कार्यक्रमहरू कर्णाली प्रदेश सरकार अझै व्यावहारिक पनि बनिरहेको हामीलाई अनुभूती भैरहेको छ । त्यसकारण मेरो व्यक्तिगत तर्फबाट सिंगो महिलाहरूको तर्फबाट र उत्पीडित समुदायहरूसबैको तर्फबाट म कर्णाली प्रदेश सरकार,कर्णाली प्रदेश सरकारका प्रमूखज्यूलाई म हार्दिक आभारसहित धन्यवाद दिन चाहन्छु ।

सभामुख महोदय,यो नीति कार्यक्रममा सबैभन्दा प्राथमिकता स्वास्थ्यलाई नै दिएको छ । कोभिडलाई दिएको छ र कोभिडपछि स्वास्थ्य पूर्वाधारको कुरालाई निर्माण गर्ने कुरालाई विशेष प्राथमिकतामा राखेको छ । विगतका धेरै राम्रा कार्यक्रमहरूको निरन्तरता सबैतिर दिएको छ । एउटा हुँदाहुँदैपनि म छुटेको कुरा आईहाल्यो पछाडि भन्ने कुरा थियो यसमा के छुटेको छ भने यो सहयोगापेक्षी सडक मानवमूक्त कर्णाली प्रदेश भनेर घोषणा गरियो मुख्यमन्त्री ज्यू आफैंहुनुहुन्छ त्यसको साक्षी तर नीति तथा कार्यक्रम बोलिएन त्यस कारण त्यो कता अलपत्र होलान् भन्ने चिन्ता चाहिँ लागेको छ,त्यो चाहिँ छुटेको छ। त्यो बाहेक धेरै कार्यक्रमहरू विगतका कार्यक्रमहरूलाई निरन्तरता दिएको छ । त्यसकारण यो पनि राम्रो विषय हो र रोजगारीको उद्यमशीलताको क्षेत्रमा हेर्दाखेरि सीपसँगै सहयोग कार्यक्रम घुम्ती बस्तु पुँजी कोष स्थापना गर्ने लगायतका महत्त्वपूर्ण कार्यक्रम आएका छन् र अझ विशेष गरी मुख्यमन्त्री रोजगार कार्यक्रमलाई वैज्ञानिक र व्यावहारिक गराउने र परिष्कृत गर्ने कुरा पनि राम्रो कार्यक्रमको रूपमा यसले सोच बनाएको होला । बजेटमा आउँदा एकदमै व्यावहारिकरूपमा आउनेछ । अब अहिलेसम्मको यो मुख्यमन्त्री रोजगार कार्यक्रमका समस्यालाई समाधान गर्नेगरी आउनेछ भन्ने अपेक्षा हामीले गरेका छौं । कृषि उत्पादनमा कृषि प्राविधिक स्वरोजगार कार्यक्रम,कर्णाली कृषि क्षेत्र सहयोग प्रणाली,उत्कृष्ट कृषकलाई स्वर्ण हलोबाट सम्मान गर्ने कार्यक्रम,सुपथमूल्य पसल सहकारी क्षेत्रको र एक स्थानीय तह एक अन्न भकारी यस्ता कार्यक्रमहरू नयाँ कार्यक्रमको रूपमा आएका छन् । शिक्षा

क्षेत्रमा हेर्दा शिक्षालाई वैज्ञानिक,व्यावहारिक र प्राविधिक बनाउने कुरा छ। सिक्दै कमाउँदै गर्ने कुराहरू छ । विगतमा पनि यो कुरा उल्लेख गरिएको थियो । अरु धेरै कार्यक्रम विगतको निरन्तरताको रूपमा आएका छन् । विशेष गरी विभिन्न घाईते,अपांग सहिदकासन्ततिहरूलाई प्राविधिक शिक्षा अध्ययनका लागि विशेष छात्रवृत्तिको व्यवस्था गर्ने कुरा राम्रो कार्यक्रमको रूपमा आएको छ । गतवर्षका सबैमहत्त्वपूर्ण कार्यक्रमहरू यसमा समावेश गरिएका छन् । सामाजिक विकासको क्षेत्रमा पुराना कार्यक्रमहरू धेरै कार्यक्रमहरू जस्तो खाना,नाना,छाना मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम,बैंक खाता छोरीको,मुख्यमन्त्री दलित आय आर्जन यी सबै कार्यक्रम निरन्तरताको रूपमा आएका छन् र यस सँगसँगै अहिले नयाँ कार्यक्रमको रूपमा महिला आयआर्जन कार्यक्रम पनि आएको छ । अघि मैले चर्चा गरे झैं पैतृक सम्पत्तिमा समान अधिकारको कुरालाई पनि अहिले यो उल्लेख गरिएको छ । घाइते अपांग भएका व्यक्तिहरूलाई जीवन निर्वाह गर्न भत्तार घाइते सहिद परिवारहरू,जनआन्दोलन,जनयुद्ध र प्रदेश प्रासिका आन्दोलनमा सहिद र घाइते भएकाहरूलाई भत्ताको जो कुरा आएको छ त्यो पनि यो सामाजिक विकास क्षेत्रमा आएको कार्यक्रमको रूपमा मैले बुझेको छु । युवा तथा खेलकूद विकासको क्षेत्रमा प्रदेश रंगशाला उच्च पर्वतीय रंगशालाको निरन्तरताको कुराको रूपमा आएको छ भने युवालाई उत्पादन र उद्यमशीलतासँग जोड्न शैक्षिक प्रमाणपत्र र व्यावसाय धितो राखी सहुलियत ऋण उपलब्ध गराउने कुरा आएको छ । सांस्कृतिक क्षेत्रमा उत्कृष्ट स्रष्टाहरूलाई प्रदेश कला गौरवबाट विभूषित गर्ने विषय आएको छ । खस बृहत शब्दकोश प्रकाशन गर्ने कुरापनि यहाँ आएको छ । पर्यटनको क्षेत्रमा पर्यटन गुरुयोजना अनुसार सुनौलो सिक्री, सुनौलो त्रिभुजको अवधारणा आएको छ । युद्ध पर्यटन प्रवर्धनको कुरा आएको छ,आन्तरिक पर्यटन प्रवर्धनका लागि १२ दिने पर्यटन विदा कर्मचारीहरूलाई १२ दिने पर्यटन विदा उपलब्ध गराउने विषय आएको छ । वन क्षेत्रमा वन,विउ,बगैंचा,आयमूलक हरियाली कार्यक्रम,हरियाली सडक तथा हरियाली प्रवर्धन कार्यक्रम,कर्णाली जडीबुटी विकास कार्यक्रम,मेकिङ कर्णाली कृषि जस्तै गरी जडीबुटी र वनस्पति क्षेत्रको विकासको लागि जोन,सुपर जोन,ब्लग कार्यक्रम पनि अहिले त्यो अवधारणा आएको छ । पूर्वाधार विकास क्षेत्रमा पुराना कार्यक्रम,बहुवर्षीय कार्यक्रम,क्रमागत कार्यक्रम र दायित्व सिर्जना भएका कार्यक्रमलाई प्राथमिकतामा राखेर अगाडि बढ्ने कुरा गरिएको छ र अहिले नयाँ कार्यक्रमको रूपमा नमुना शहर आयोजना कार्यक्रम आएको छ ।

सभामुख महोदय,सार्वजनिक प्रशासनको क्षेत्रमा यसले अनुगमनलाई व्यवस्थित गर्ने कुराको पनि परिकल्पना गरेको छ । अनुगमन व्यवस्थित गर्नु निकै चुनौतिपूर्ण कुरा छ हामीलाई थाहा छ,यसलाई कसरी व्यावहारिक गराउने होला ?एकीकृत अनलाईन प्रणालीको कुरा आएको छ,सिर्जनशील साझेदारी कोष स्थापना गर्ने कुरा स्थानीय तहको प्रोत्साहनको लागि कार्यक्रम आएको छ । उत्कृष्ट कर्मचारीका लागि कर्णाली सेवा

पुरष्कारबाट पुरष्कृत गर्ने कुरा आएको छ । विपद्सम्बन्धी हामी बनाउँछौँ हाम्रो विपद् कोष,स्वःवृद्धी विपद राहत कोष,विपदमा योगदान गर्नेलाई पुरष्कृत गर्ने कार्यक्रम आएको छ र पत्रकारिता क्षेत्रको लागि पनि छात्रवृत्ति कार्यक्रम,आम सञ्चार प्रतिष्ठानका निरन्तरताका कार्यक्रमहरू आएका छन् ।

सुझावको रूपमा मैले नीति कार्यक्रममा जसरी विषयहरू आउँछ नि त्यहीं अनुसारको बजेट अंकमा हाम्रो आउँदैन । हाम्रो यो विगतदेखि दोहोरिदैं तेहेरिदैं आएको समस्या हो । यसपाली मलाई विश्वास छ,अनुभवी पनि सरकार भैसकेको छ त्यसैले नीति कार्यक्रममा आएको कुरालाई बजेटमा जसरी भएपनि सम्बोधन गर्ने कुरामा म विश्वस्त छु र त्यो अनुसार नीति कार्यक्रम अनुसार बजेट र बजेट अनुसारको कार्यक्रमको प्रभावकारीतालाई कसरी टयाली गर्नलाई चुनौतिलाई यो चुनौतिलाई सामना गर्न यो प्रदेश सरकार (माननीय सभामुखः सकौं माननीय सदस्य) अनुभवी छ भन्ने कुराहरूराख्न चाहन्छु रएउटा यो क्रम मिलेको छैन । क्रम न मिलेको कुरालाई त्यस्तो १५ (४) मा क्रम मिलेको छैन । त्यसलाई क्रम मिलाउन जरुरी छ । एउटा छुटेको कुरा जस्तो बुँदानम्बर ३४ को ११ मा प्रभावित तथा हिंसापीडित महिलाहरू भन्ने छ सेवा हाउसको कुरामा द्वन्द्व प्रभावित भन्ने द्वन्द्व भन्ने छुटेको छ त्यसलाई पनि त्यहाँ सम्बोधन गर्न जरुरी छ भन्ने कुरा राख्दै मेरा भनाइ अन्त्य गर्छु हस् धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री मिनासिंह रखाल । त्यसपछि माननीय श्री रातो कामी तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री मिनासिंह रखालः**-सम्माननीय सभामुख महोदय,नीति तथा कार्यक्रममा जान भन्दा अगाडि म सभामुखद्वारा एउटा माग राख्न चाहन्छु । सर्वप्रथम म यो सम्मानित सदनको रोष्टमबाट नेकपा एमालेका अध्यक्ष सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको जीवन रक्षाको माग गर्दछु । मेरो माग जारी रहनेछ । बाग्मती प्रदेश सभाको रोष्टममा उभिएर दुई सय राष्ट्रले सुन्ने गरी,बुझ्ने गरी नेपाली कांग्रेसका सांसद नरोत्तम वैद्यले प्रधानमन्त्री केपी शर्मा ओली मार्न अरुलाई उक्साउँदै आफू माहात्मा गान्धीलाई मार्ने नाथुराम गोड्से जस्तै ओलीलाई मार्न तयार रहेको घोषणा गरेका छन् । मान्छे मार्छु भन्ने सर्वसाधारणलाई ज्यान मार्ने कसुरमा मुद्दा चल्छ भने प्रदेश सभाको सदस्यको हकमा के फरक कानून छ र ?त्यसैले म भन्न चाहन्छु एउटा सामान्य माननीय भएका सांसदले रोष्टमबाट मान्छे मार्ने अभिव्यक्ति दिएपछि उनलाई कारवाही हुन्छ कि हुँदैन ?त्यसर्थ म यस्ता हिंस्रक अभिव्यक्ति फिर्ता लिएर मात्र हुँदैन तसर्थ जीवन रक्षाको लागि पनि हिरासतमा राखी कारवाहीको लागि माग राख्दछु । सभामुख महोदय,मेरो माग जारी रहनेछ ।

सभामुख महोदय,म चाहिँ अब हाम्रो कर्णाली प्रदेशको नीति तथा कार्यक्रमको बारेमाआफ्ना केही राय राख्दछु । कर्णाली प्रदेशको आठौं अधिवेशनको छैटौं बैठकमा

नेपालको संविधान धारा १८४ कर्णाली प्रदेश सभा नियमावलीको नियम ३५ बमोजिम कर्णाली प्रदेश प्रमुख माननीय गोविन्द कलौनीज्यूले प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम सभामा प्रस्तुत गर्नुभएकोमा र उहाँप्रति प्रदेश प्रमुखप्रति म हार्दिक धन्यवाद दिन चाहन्छु ।

सभामुख महोदय,यो नीति यो कार्यक्रम नौलो र नयाँ केहीपनि मैले देख्दैन । यी चाहिँ कपी भएर आएकै छन् । यसमा केही शब्दहरू,केही वाक्यहरू चाहिँ केही फरक होलान् तर यहाँ कुनै किसिमको नौलो छैन । अहिलेसम्म हामीले ३ वटा नीति कार्यक्रमलाई प्रस्तुत गरिसकेको र त्यसलाई व्यवहारमा उतारिसकेको अवस्थामा यो नीति तथा कार्यक्रम जति फूलबुट्टा भरेपनि,जति राम्रो छ भनेपनि यसले ५० प्रतिशत पनि काम गरेको छैन र अहिले कोभिडबाट मृत्युवरण गर्नुहुने हाम्रा आदरणीय नेता रत्नप्रसाद न्यौपाने,डोल्पाका प्रमुख ओमबहादुर बुढा,डोल्पाका पार्टी अध्यक्ष दत्तबहादुर रोकाय लगायत सम्पूर्ण देश विदेशमा बस्ने सम्पूर्ण मृत्युवरण गर्नेहरू प्रति म हार्दिक श्रद्धाञ्जली ज्ञापन गर्दै र अस्पतालको शैय्यामा र होम आइसोलेसनमा बसिरहनु भएका हाम्रा आदरणीय माननीयज्यूहरू हुनुहुन्छ चन्द्रबहादुर शाही,हिमबहादुर शाही लगायत विभिन्न बिरामीहरू प्रति पनि म स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । पहिला एकपल्ट हामी सानोमा हुँदाखेरि गाउँ खाने कथाहरूसुनाइन्थ्यो वल्लो घरको नरे पल्लो घर सरे आतन पातन के हो ?तलाई म सुनको घर दिन्छु भनेर गाउँ खाने कथा हाल्थे,हामी त्यसलाई अग्लो भनेर चिन्थ्यौं । न सुनको घर दिने,न चाहिँ त्यो सुन प्राप्त गर्ने तर सुनको घर दिन्छु भनेर हामीले त्यस्ता कथा हाल्थ्यौं। यो कर्णाली प्रदेशको नीति तथा कार्यक्रममा पनि त्यस्तै देखिन्छ । अहिलेसम्म कर्णाली समृद्धि गर्छु र सुखी कर्णाली,समृद कर्णालीवासी भनेर जुन नारा ल्याएका छौं,त्यो नारा अनुरूपहामीले काम गरेको देखिदैन र अहिले आएको यो नीति तथा कार्यक्रम मैले अघि नै भनिसकें फरक केहीपनि छैन । अलिकति आफ्ना कार्यकर्ता पाल्ने,भरणपोषणको लागि नयाँ कुराहरू आएको छ,मलाई कताकता लाग्छ यो चाहिँ माओवादी केन्द्रको विधान हो कि ?माओवादी केन्द्रको नियमावली हो कि ?जस्तो नि लाग्छ के । यसमा सबै कुरा समेटेर आएको देखिदैन । जस्तै,युद्धमा हामीले भनेका छौं अपांगको कुरा युद्धको अघिनै यो कुरा पहिला माननीयज्यूले पनि भन्नु भएको छ । जनआन्दोलन,युद्ध र प्रदेश प्राप्तिको आन्दोलनमा क्रमशः घाईते अपांग भएका व्यक्तिलाई अधिकतम मासिक रु. २ हजार सम्म दिन निर्वाह भत्ता गराइनेछ भनेर । यस्तो कुरा कहाँ होला ?अनि उहाँहरूलाई दिने जुन अपांगहरू घाईतेहरू हुनुहुन्छ उहाँलाई नदिने भनेको होइन । यदि हामी राज्यको स्रोतलाई परिचालन गर्छौं भने अपांग घाईते युद्धमा मात्रै नभएर कोही जन्म जातै पनि अपांग हुनुहुन्छ,कोही घटना परिघटनाबाट पनि अपांग हुनुहुन्छ र उहाँहरूलाई दिने २ हजार हामीले त्यस्ता अपांगहरूलाई दिन सक्छौं कि सक्दैनौं ?र हामीले अपांगहरूलाई दिने जो निर्वाहमूखी भत्ता छ त्यो भत्ताले कुन चाहिँ स्रोतबाट हामी दिन सक्छौं ? दिन

लागिरहेका छौं ? यदि हामी स्रोत छ हामी दिन सक्छौं भने २ हजार होइन उहाँहरूयुद्धमा कति दुःख गर्नु भो,आन्दोलनमा दुःख गर्नुभो आज ती सहिद परिवारहरू बाटोमा रुँदै हिंडेको देखिन्छ । अपांग भएर लठ्ठी टेकेर हिंडेको पनि देखिन्छ । ५ हजार दिउँ,२ हजारले के हुन्छ ? तर,उहाँहरूलाई दिने पैसाको स्रोत खुलाउँ र विभेद पनि नगरौं । अपांग भनेपछि राज्यका सबै अपांग हुन्छन् । उहाँहरूलाई पनि दिनुपर्छ । यसरी कर्णाली प्रदेशले विभेद नगरोस्,मेरो चाहिँ भनाइ यहाँ रहेको छ । अरु के छ भनेपछि जस्तै लिफ्टिङ,बोरिङ भन्याछ यो लिफ्टिङ बोरिङ कर्णाली भेरी त्यसपछि तिलालाई लिफ्टिङ बोरिङबाट सिँचाइ र खानेपानी गर्ने भनेर भनेको छ,के त्यो सम्भावना छ ?३ वर्ष त हामीले काटिसक्यौं । हो हामीले चाहिँ अनुसन्धानको लागि राख्न सक्छौं,सपना देखाउन सक्छौं,काम नगरेपनि मैले यो सपना देख्याछु है भन्न सक्छौं तर अहिले हामीले तत्काल चाहिएको सानो सिँचाइहरू छन्। तत्काल चाहिएको हामीलाई खानेपानी छन् । तत्काल चाहिएको हामीलाई गोरेटो बाटा छन् । तत्काल चाहिएको हामीले गाउँघर र जंगलमा हिँड्ने किसिमका हामीलाई योजना चाहिएको छ र त्यसमा ती पनि समेटौं । यसलाई पनि नछुटाउँ । सानाठूला छामघाट खोला वरिपरि रहेका हामीसँग घुम्ने हाम्रा गाउँघर घुमिरहने खोलाबाट पनि हामीले लिफ्टिङबाट बोरिङबाट पानी हामीले ल्याउन सक्छौं त्यसलाई पनि सम्बोधन गरौं । यहाँ धेरै कुराहरू कोही छुटेका पनि छन्,कोही जुटेका पनि छन् । हेर्दा र सुन्दा असाध्यै राम्रो एउटा चाहिँ हाम्रो गीत छ नि विदेशी महिलाले गाएकी छन् फुलबुट्टे सारिमा भन्ने गीत आएको छ,त्यस्तै गरी यो फुलबुट्टे सारिमा आएका विधान माओवादी केन्द्रको विधान नै भन्छु म अन्यथा नसोच्नु होला । हिजो सत्तामा नेकपा हुँदाखेरि सरकारको पक्ष लिने अहिले विपक्षमा भएर त्यो बोलेको हो भन्ने नसोच्नु होला,मैले जे देखें,जे सुनें,जे व्यवहार पाएँ मैले त्यहीं गरेको छु । अर्को कुरा म सानो कुरा के भन्न चाहन्छु भने सभामुख महोदय हिजोको मात्रै एउटा घटना यहाँ उद्घाटन पछिको हामी खाजा घरमा पुग्न जाँदा खेरि म हाम्रो दलको नेता कहाँ हुनुहुन्छ,हाम्रा साथिहरू कता हुनुहुन्छ,त्यो मलाई थाहा थिएन तर म खाजा घरतिर पस्दाखेरि के भो त भनेपछि मलाई ढोकैबाट छिर्दाखेरि पनि कस्तो लाग्यो भनेपछि यहाँ हाम्रो कोही पनि रैनछन् मलाई फिल भएको कुरा हो । म भित्र पसें मैले आउन मिल्छ कि मिल्दैन भनिरहेको बेलामा हाम्रो माननीय मन्त्री सीता नेपालीले तपाईं त सत्ता पक्षको मान्छे हो नि प्रतिपक्ष त यहाँ एउटै हुनुहुन्छ भनेर म कसरी सत्तापक्ष भएँ ? कि मेरो दलले किन भने हामी बहुदलीयव्यवस्थामा अथवा दलीयव्यवस्थामा हामीले व्यक्तिहरू हामी दलकै मातहतमा चल्ने व्यक्तिहरू हामी कहिल्यै पनि दलको सिफारिसविना,दलको अनुमतिविना हामी सत्तापक्ष हुन सक्दैनौं । यहाँ अन्तर्घात गरेर मन्त्री हुनकै लागि त्यो रोष्टममा बसे पनिहामीले उहाँहरूलाई मन्त्री स्विकारेका छैनौं । उहाँहरूमाननीय नै हो । एउटा अन्तरिम आदेशबाट अदालतले एक किसिमको फैसला गरी सक्याछ । उहाँ पूर्व एमाले नै हो । उहाँ माननीय नै हो भनेर पठाईसकेपछि हामी उहाँहरूलाई हाम्रो दलको

सत्तापक्षको अथवा हाम्रो दलको मान्छे हामी अहिले सम्म स्वीकाछौं तर उहाँको व्यवहारले हामी स्वीकार्न सकेको छैनौं । उहाँहरू आएर हाम्रो नेकपा एमाले अथवा हाम्रो दलको सिटमा बस्नु पर्थ्यो । अहिलेसम्म पनि म सभामुखको ध्यानाकर्षण गर्दछु एउटा कानूनीहिसाबबाट दलीय सिष्टममा चलेको यो संस्कार यो राजनीतिलाई अहिले सम्म कर्णाली प्रदेशको सभामा (माननीय सभामुखः- समय सकिएको छ माननीय सदस्य) त्यो व्यवस्था छैन । त्यसैले आज यो प्रश्न जो मन्त्रीज्यूले राख्नु भएको प्रश्न मसँग तेर्सिएको हुनाले मैले त्यो कुरामा के भन्न चाहन्छु भने उहाँलाई अदालतले नेकपा एमाले हो भनेर माननीय हो भनेर पठाएको छ,मन्त्री भनेर पठाएको छैन । हामीले मन्त्री स्किरेका छैनौं र यदी उहाँहरूको नैतिकता छ भने उहाँहरू नेकपा एमालेको सच्चा सिपाही हो भने अझैपनि आत्माआलोचना र रियलाइज गरेर पार्टी ह्विपलाई अथवा पार्टीको संस्कारलाई,पार्टीको मान्यतालाई लिएर आउनु पर्छ । धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री रातो कामी समय ७ मिनेट । त्यसपछि माननीय श्री अमृता शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री रातो कामीः**-माननीयसभामुखज्यू,कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमको छलफलमा भाग लिइरहेका छौं । यस सन्दर्भमा कर्णाली प्रदेश सरकारले यो भन्दा अगाडि ३ वटा नीति कार्यक्रमहरू प्रस्तुत गरेर यसका मोटामोटी रूपले प्रदेशका विभिन्न जिल्लाहरूमा स्थानीय तहहरूमा काम काजहरू अगाडि बढिरहेका छन् । आज पनि यो नीति कार्यक्रमले विगतमा प्रस्तुत गरेका र नीति तथा कार्यक्रमहरूलाई क्रमशः अगाडि बढाउने र त्यसलाई पूरा गर्नका लागि नीति कार्यक्रम बोलेको छ भन्ने मैले चाहिँ बुझेको छु र सँगसँगैहामीले जे हामीले बुझिरहेका हुन्छौं,जे हामी सोचिरहेका छौं,जे हामीले चाहिँ अपेक्षा गऱ्याछौं ।यद्यपि हाम्रा अपेक्षाहरू साधन स्रोतको मतलब चाहिँ सीमितमा र परिवेशका पनि विभिन्न घुम्ती मोडहरूले हामीले पूरा गर्न त सकिरहेका छैनौं तर पनि कर्णाली प्रदेश सरकारले जे जति नीति कार्यक्रमहरू यहाँ प्रस्तुत गरेको छ यसले मोटामोटी विगतमा हामीले जे सपना देखेका थियौं,जुन रूपले हामी अगाडि बढ्न खोजिरहेका थियौं त्यसलाई निरन्तरता दिइरहेको छ,जसले गर्दा आज हामी नयाँ एउटा कोभिड जस्तो नयाँ एउटा महामारीले एउटा आतंक मच्चाईरहेको छ यसका सन्दर्भमा यसको निरूपण गर्नका लागि यसलाई चाहिँ यो बाट जनताको जीवन रक्षाका लागिपनि एउटा नीति कार्यक्रमले ठोस ढंगले अगाडि बढाईरहेको छ । यो राम्रो कुरा हो । त्यो सँगसँगै प्रदेशमा रहेका विगतका सकारात्मक ढंगले हामी सबैले सकारात्मक छन् भनेर अगाडि बढेका नीति कार्यक्रमहरू सामान्य भन्दा सामान्य जनताका चाहिँ खाना,नाना,छाना,मुख्यमन्त्रीजीविकोपार्जन कार्यक्रम,छोरी बुहारी छात्रवृत्ति कार्यक्रम,यस्तै गरीकन बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम,जीविकोपार्जनका लागि विभिन्न सीप दक्षतामा आधारित मजदुर

किसानहरूलाई एउटा उनीहरूलाई चाहिँ रोजगारी सिर्जना गर्ने,उत्पादन बढाउने कार्यक्रमहरू र कर्णाली प्रदेश सरकारले विगतमा लिएका विभिन्न सीमान्तकृत समुदायहरूका मतलब चाहिँ यिनको उत्थानका लागि लिएका कयौं ठोस नीति तथा कार्यक्रमहरू पनि यो कार्यक्रममा समावेश छन् । नीति जहिले पनि हाम्रा बनिरहेका छन् र बन्नेक्रम पनि रहनेनै छन् तर कार्यान्वयनको विषयमा जाँदा कतिपय कुराहरू हुन नसक्ने कार्यान्वयन भैगए पनि ती कार्यक्रमहरू सही ढंगले दिगोपन तिनमा चाहिँ नझल्किने समस्याहरू केही छन् । त्यसले गर्दा आज हामी कर्णाली प्रदेशलाई जुन स्तरमा माथि लैजान हामी जो खोजिरहका चाहिँ छौं त्यो ढंगको हामीले चाहिँ आफ्नोसामर्थ्य पनि आफ्नो चाहिँ एउटा सीमितता भित्र छौं । हामीले चाहिँ एउटा अनुदान बजेटबाट कर्णाली प्रदेश सरकारलाई अगाडि बढाउनु पर्ने हाम्रो एउटा स्थिति छ । यसले गर्दा हामीले जसरी चाहिँ पछि परेका अथवा चाहिँ भौगोलिक रूपले विकटतामा रहेका जनताको त्यहाँको जीवनस्तरलाई अगाडि बढाउनका लागि जुन कार्यक्रम आज हामीले सडक सञ्जाललाई जसरी चाहिँ तिव्रतर गतिमा अगाडि बढाउन र सडक सञ्जालमा न जोडिएका गाउँहरूलाई जोड्न पाए त्यो कर्णाली प्रदेश सरकारको चाहिँ एउटा अथवा कर्णाली प्रदेशको त्यो लक्ष्य छिटो भन्दा छिटो हासिल गर्न पाउँदा त्यो हामी सबैको एउटा खुसीको कुरा हुन्थ्यो । कर्णाली प्रदेशमा समस्याहरू जुन गरिबीको समस्या जो बढी राख्याछ अहिले पनि बढिराख्याछ यसलाई हामीले किसानहरूलाई अथवा चाहिँ मजदुरहरूलाई जुन कृषि क्षेत्रमा र मजदुरीमा चाहिँ आफ्नोजीविकोपार्जन गरिराछन् यहाँ सम्मलाई बजेट पुग्ने र तिनको नीति कार्यक्रम अझै ठोस भैरहेको छैन भन्ने मैले महसुस गरिराको छु । हामीले सामान्य भन्दा सामान्य जनस्तरसम्मलाई बजेट पुगिरहेको छैन । डोल्पाका दुर्गम ठाउँहरूमा मतलब चाहिँ हुम्लाका चाहिँ दुर्गम ठाउँहरू मुगुमा पनि त्यस्ता दुर्गम ठाउँहरू छन् र कतिपय चाहिँ हाम्रै जिल्लाका पनि कयौं दुर्गम ठाउँहरूमा मान्छेहरू आव पनि कुनै पनि राज्यको चाहिँ मतलब नीति कार्यक्रमले छुन सकिरहेको छैन । या कसरी कार्यक्रमलाई त्यहाँसम्म पुऱ्याउने हो ? यसको माध्यम त्यसको अनुगमन सुपरिवेक्षणको मतलब चाहिँ पाटोलाई चाहिँ हामीले अलि बढी दरिलो बनाउने र यहाँसम्म पुऱ्याउन आजका मितिमा जरुरी छ । यो सँगसँगैहाम्रा पनि कयौ ढिलासुस्तिका कारणले चाहिँ सही ढंगले कार्यान्वयन हुन सकिरहेका छैनन् यसलाई चाहिँ हामीले जहाँ समस्या छ  हामी खास गरीकन चाहिँ हामीमतलब जहा समस्या छ । त्यो सम्स्या समाधान गर्नका लागि बेलैमा हामीले चाहिँ त्यो प्रकारको मेकानिजम तयार गरेर हामी जानु पर्दछ । यो कार्यक्रमलाई एउटा चाहिँ लक्षित अथवा खास वर्गसँग  चाहिँ जहाँ पहुच गरिएको त्यहासम्म पुऱ्याउनका लागि संयन्त्र आज पनि चाहिँ संयन्त्र निर्माण अथवा ती संयन्त्रलाई परिचालन गर्ने सन्दर्भमा सरकारले बढी भन्दा बढी जोड दिनु पर्दछ भन्ने मलाई लाग्दछ र सँगसँगैमाननीयसभामुखज्यू म के भन्न चाहन्छु भने आज हामी छलफल गरिरहेका छौं । हामीले कहिलेकाही दुःख पनि प्रकट गर्ने गरिराखेका छौं। दुःख मात्रै

प्रकट गरेर मुक्ति हुँदैन हामीलेकाममा जानुपर्दछ एक्सनमा जानुनै पर्छ । आज कर्णाली प्रदेश भित्रका बादि र राउटे समुदाय ल मानिलिनुस्गरिबी कार्यक्रम धेरै छन् दलितको संख्या झन्डै एक तिहाई छ । हामी अरुलाई नसकौंला तर दलित भित्रको पनि असाध्यै एउटा चाहिँ समस्या भोगिरहेको बादि समुदाय र त्योमापनि एउटा मान्छे भएर एउटा नीतिसम्मलाई एउटा हामीले नेपाली नगरिकको एउटा प्रमाणपत्र समेत दिन नसकेको र एउटा हाम्रै चाहिँ बाजे प्रबाजेबाट छुटिभिन्न भएर एउटा प्रकारको संस्कृतीएउटा प्रकारको परम्परा र एउटा प्रकारको समस्या भोगिरहेको राउटे समुदायलाई कर्णाली प्रदेश सरकारले जोडदाररूपमा तिनलाई चाहिँ माथि उकास्न अथवा तिनको बसोबास र तिनको अन्य व्यवस्था गर्न सायद यो कतैबाट पनि त्यस्तो नकरात्मक कुरा आउन सक्दैन यसका बारेमा बर्णाली प्रदेश सरकारले जति सक्यो छिटो यसलाई गर्नु पर्छ र यसका बारेमा छुट्टै प्रकारको संयन्त्र निर्माण गर्नु पर्दछ । लाग्छ यसका बारेमा चाहिँ काम गर्ने सन्दर्भमा हामी सबैको पनि सहयोग हुने नै भयो र हामीले यस्का बारेमा जति सक्यो छिटो गर्नु पर्दछ र बाँकी यो नीति कार्यक्रम जसरी यहाँ यो प्रस्तुत भएको छ । यो नीति कार्यक्रम कार्यान्वयनसम्म जादा बजेट सम्म जादा यस्ले चाहिँ सबै कुराहरूको चाहिँ प्रस्टहामी हुनेछौं र यो नीति कार्यक्रम आजका मितिमा शान्दर्भिक छ सही छ भन्ने कुरा राख्न चाहन्छु र मेरो कुरा यहीं अन्त्य गर्दछु धन्यवाद।

**माननीय सभामुख(उपसभामुख)**ःमाननीय अमृता शाही समय ५ मिनेट  त्यसपछि माननीय श्री वीरबहादुर शाही समय ५ मिनेट

**माननीय अमृता शाही**ः- आज आठौं अधिवेशनको सातौं बैठकमा यो नीति तथा कार्यक्रममा भाग लिँदै छु । सर्वप्रथम विश्वव्यापी रूपमा फैलिएको कोरोनाले आफ्नो जिउज्यान आहुती गर्नु भएका सम्पूर्ण महानुभावमा हार्दिक श्रद्धाञ्जली र शोक सन्तप्त परिवारमा समवेदना र बिरामी भएर बेडमा छटपटाइरहनु भएका सम्पूर्ण बिरामीलाई शीघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दछु । नीति तथा कार्यक्रममा छलफल गर्दै गर्दा यसमा नयाँ कुरा पनि अलिअलि आएको छ । पुरानै कुरा छाना नाना भन्ने त्यो पनि पुरानै हो । अलिअलि काम भै राखेको छ यो आएबमोजिमको अझैपनि यस्ले एकदम गरिबबस्तीमा गएर नाना छान खान उपलब्ध गराओस् र यो जस्तै  यहाँ आएको छ जस्ताको त्यस्तै दुःखीगरिबको नाना र छाना पूरा होस् भन्ने कामना गर्दछु र यसमा धेरै कुरा माननीय सदस्यज्यूहरूले भनिसक्नु भएको छ। कुनै अब यसको राम्रो नराम्रो कुरामा राम्रो कुरा चाहिँ लागु होस् छुटेको कुरा चाहिँ बजेटमा थप्न मिल्छ भने थप्नु पर्दछ । किनकिगरिबका रेखामुनि रहेका कर्णालीका जनताले भोकले र रोगले मर्नु नपरोस् भन्ने उद्देश्यले यो नीति कार्यक्रम आएको छ यसलाई लागु होस्किताबको पानामा मात्रै सीमित नरहोस् भन्ने चाहन्छु र यसमा बुँदा त धेरै छ म सबै भन्न चाहन्नँ राउटे बस्तीको बारेमा भयो छोरी बुहारी छात्रवृत्ति छोरी बुहारी छात्रवृत्ति एकदमै गरिब परिवारमा जाओस् जहाँ

पढ्न पाउदैनन स्कुलमा एकदमै उनीहरूलाई जानलाई धौ छ कापी छैन, ड्रेस छैन, कलम छैन त्यस्तोमा जाओस् र त्यहाँ छोरी बुहारी शिक्षित भएर आउन भन्न चाहन्छु र यसमा धेरै कुरा आएको छ । बालबालिकाको आएको छ शिक्षा स्वास्थ्य रोजगारको पनि आएको छ । यिनी जति कुरा यो कार्यविधि यसमा छ । यो चाहिँ सबै लागु होस् भन्न चाहे र एउटा कुरा यो द्वन्द्व कालका घाईते अपाङ्ग र बेपत्ता परिवार भनेर रु.२००० भनेर यहाँ तोक्नु भएको छ । यो ठीकै कुरा हो उहाँहरूले दुःख पाउनु भएको छ हेर्नुपर्दछ । स्रोत साधन जुटाएर उहाँहरूको लागि कसरी हुन्छ त्यो चाहिँ सरकारले गर्ने दायित्व हो गर्नु पर्दछ। एउटा कुरा छुट्यो कसरी के कुरा छुट्यो भने द्वन्द्वकालको बेला विस्थापित भएका तिनिहरूको श्रीसम्पत्ति त्यतिखेर लुटिएको थियो । त्यो श्रीसम्पत्ति चाहिँ त्यो द्वन्द्वकालको बेलाको तिनिहरूले चाहिँ पाउनी कि नपाउनी त्यो चाहिँ छुट्यो यसमा राख्न मिल्छ भने राख्ने र उनीहरूको पनि अहिलेसम्म नि त्यो सम्पत्ति छैन विस्थापित भएर अहिलेसम्मपनि कोही त घरमा पनि फर्किएका छैनन् । त्यो ठाउँबाट अर्को ठाउँमा गएका छन् । तिनीहरूलाई कसरी त्यहाँ तिनीहरूको बसोबास मिलाउनी हो त्यो पनि सरकारले हेरोस र यो सरकारले अहिले सम्मपनि जति बजेट आयो जति लागु भयो यति ठीक छ यति भएको नभएको ठाउमा चाहिँ त्यो त्यहाँ को जनताहरूले सरकार भएको अनुभूती र बजेट पाएको अनुभूतीगरोस् र त्यहाँ को एकदमै गरिब जनताले साझ बिहान आफ्नो हातमुख जोड्न चाहिँ सकोस भन्न चाहे र यो नीति तथा कार्यक्रममा जस्तो ल्याउनु भएको छ जस्ताको त्यस्तै आओस् रेड बुकमा र दिगो विकासको लागि भनेर धेरै आएका छन् धेरै पढन चाहिन र जति आएको छ । जस्ताको त्यस्तै आओस् भन्ने चाहे हवस् त धन्यवाद नमस्कार ।

**माननीय सभामुख (उपसभामुख)**ः-माननीय श्री विरबहादुर शाही समय ७ मिनेट त्यसपछि माननीय श्री शोसिला शाही तयार रहनुहोला

**माननीय श्री वीरबहादुर शाही**ः-माननीय सभामुख महोदय आज यो आठौं अधिवेशनको सातौं बैठकमा पहिलो पल्ट बोल्न गहिरहेकोछु मैले र यो कोरोना भाइरसले देशव्यापीफैलिरहेको छ र त्यसै मध्येकोपनि डोल्पा र जाजरकोटका जनप्रतिनिधि र राजनीतिक नेतृत्व गुमाएको छ । डोल्पा जिल्लामा पूर्व मन्त्री मोति प्रसाद पहाडी त्रिपुरा नगरपालिकाका मेयर खम बहादुर बुढा, नेकपा एमालेका पार्टी अध्यक्ष्य दत्त बहादुर रोकाया, जाजरकोट जिल्लामा रत्न प्रसाद न्यौपाने र डोल्पा जिल्लामा फेरि गौरी गुरुङ्ग लगायत ६ जना मृतक प्रति म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । शोक सन्तप्त परिवारलाई समवेदना व्यक्त गर्न चाहन्छु र यो कर्णाली प्रदेश भरी नै अहिले आईसोलेशनमा रहेका र कोभिड कै कारणले अहिले हस्पिटलमा सुतिरहेका हाम्रा माननीय चन्द्र बहादुर शाही, हिम बहादुर शाही लगायत सम्पूर्ण बिरामीलाई स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । अहिले आज हामी चौथो नीति तथा कार्यक्रममा सहभागी भैरहेका

छौं र यसो किताब हेर्दा सबै पुरानै दिइएको छ र केही कुराहरू यहाँ नयाँ ल्याएको छ र सरकारलाई म धन्यवाद दिन पनि चाहन्छु । जस्तै यो १०० वटा भेडा बाख्रा पाल्नेलाई चाहिँ भत्ताको व्यवस्था छ तर हिमाली जिल्ला भनिएको छ । हिमाली जिल्लामा त भेडाबाख्रा मात्रै पाल्दैनन् यसमा अलि छुटे जस्तो लाग्छ मलाई त्यहाँ चौरीको पनि व्यवस्था गर्नु पर्थ्यो, त्यहाँ घोडा पनि पाल्छन्,भैंसी पनि पाल्छन् र त्यहाँ झोवा पनि पाल्छन् तिनीहरूलाई पनि मापदण्ड राखेर यसको गोठालोको व्यवस्था राम्रो हुन्थ्यो । अर्को पर्यटन क्षेत्रमा आएको छ तीन वर्ष भयो डोल्पा जिल्लाको शे-फोक्सुन्डोमा चाहिँ गएर नीति मा आएको छ बजेटमा आएको छैन अहिले यो सरकारले पर्यटन क्षेत्र भनेर रारा पर्यटन भनेर घोषणा गरिएको छ। र डोल्पामा अहिलेसम्म चाहिँ त्यो बजेटको रिलाईज भएको छैन अहिले चाहिँ सरकारले प्रयाप्त बजेट भनेर जब किताबमा आएन यसमा व्यावहारिकतामा आउनु पर्छ । म सभामुखमार्फत सरकारलाई एउटा ध्यानाकर्षण गराउन चाहन्छु र अहिले हिमाली जिल्लामा पाउने यार्सागुम्बा त्यो सडेर जानी चिज हो यो कोभिडको कारणले गर्दा गतसाल पनि टिप्न पाएका छैनन् । यो सालमा पनि केही आधा व्यक्ति चोरी सिकारी गर्दा पनि सरकारले यसको पुर्जी दिएको छैन । यसको चाहिँ गएर जाने आदेश दिएको छैन यसको चाहिँ छोड्ने आदेश मापदण्ड राखेर एक घरमा एक जना गएर यसलाई छोड्ने व्यवस्था हिमाली जिल्लाका कुन कुन जिल्लामा पाईन्छ । त्यसको तत्काल चाहिँ छोड्ने व्यवस्था गरियोस् । यहाँ पर्यटन क्षेत्रको आएको छ गुफाको नाम धेरै आएको छ मलाई लाग्छ कर्णाली प्रदेशमै सबै भन्दा लामो गुफा २४२मिटर लामो गुफा डोल्पामा छ । सुपकुना गुफा त्यसको नामै आएको छैन, ताल तलैया त धेरै आएका छन् डोल्पाका तालतलैया एउटा पनि आएको छैन, हिमाली पर्यटक क्षेत्र भनेको हिमाल पनि पर्छहोला मलाई लाग्छ डोल्पामा पर्ने हिमाल काञ्जिरोवाहिमाल छ,काशीरामको हिमाल छ पाहिले हिमाल छ, तिनी हिमालका नाम यहाँ कुनैपनि यहाँ देखिएको छैन । यसमा सरकारले सोच्न पर्छ भन्ने लाग्छ मलाई र एउटा मुख्यमन्त्री स्वरोजगार कार्यक्रम गतसाल नीति पनि आयो कार्यक्रम पनि आयो अत्यन्तै राम्रो कार्यक्रम हो । प्रत्येक वडामा ३० लाख देखि ५० लाखसम्म गएको छ तर त्यो बजेट गएर चाहिँ अहिले हिमाली जिल्लामा कामगर्न एकदमै गाह्रो भैरहेको छ किन भन्नाले श्रमिकको नाममा खाता खोल्न भनिएको छ । कार्यविधिमा अब मेरो डोल्पा जिल्लाको हकले हेर्ने हो भने एउटा वडाबाट गाउँपालिका जान दुईदिन लाग्छ त्यो श्रमिकले काम गर्ने हो कि खाता खोल्न जाने हो। अहिले एकदमै समस्या आईरहेको छ र यसलाई कार्यविधिसारेर हुन्छ कि कसरी हुन्छ सरकारले यसको निकास ल्याउनु पर्छ र यहाँ भित्र ०७७/०७८ मा आईरहेका कुराहरू त्यही कुराहरू छुटेको देखिएको छ किनभने हामीले पहिले हामीले छोराको नाम राख्ने हुन्न राखिसकेपछि कि नाम रहिरहनु पर्छ मेरो मान्यता त्यहीं हो । हामीले पहिला ०७५/०७६ मै जनता सडक भनेका थियौं त्यसलाई पूर्णता दिनु पर्छ र अर्को जो हामीले सबै प्रतिपक्ष सत्तापक्ष जो जता भएपनि हामीले एउटा

निर्वाचनपूर्वाधारलाई निरन्तरता दिनु पर्छ। यो छाना, नाना र खानाको आएको छ । कार्यक्रमहरू यो चाहिँ अहिलेसम्मको कार्यक्रम हेर्दाखेरिमा राम्रै छ जनस्तरमा पुगेकै छ र एउटा राउटे समुदायका कुरा निस्किएका छन्। राउटे समुदायलाई हामीले व्यवस्थापन गर्नैपर्छ, कार्यक्रममा ल्याउनै पर्छ, व्यवस्थापन गर्नै पर्छ । अर्कोकुरो यो अपर कर्णालीका भोटे जातिलाई पनि समेटनु पर्छ । जबकि साविकका कार्णालीमा भोटे जाति एकदमै निम्न वर्गमा छन् उनलाई भाषा आउदैन राउटे जस्तै भनौ एउटै मूलका नेपाली भाषा बोल्न आउदैन अहिलेसम्मलाई उनले नेपाली होटलको खाना राम्रोसँग खान आउदैन उहाँहरूलाई यो पनि नीति तथा कार्यक्रमामा ल्याएर यो बजेटमा चाहिँ राखिदिनु पर्छ मलाई लाग्दछ ।जस्तै विद्युतमा चाहिँ बहुवर्षीय योजना अत्यन्तै राम्रा योजना सरकारले सबैभन्दा बहुवर्षीय योजना र लाभदायक योजना भनेको विद्युत नै हो ।यो विद्युतमा चाहिँ प्रदेश सरकारको मातहतमा रहनेगरी अब मैले सबै उता भन्न चाहदैन । विद्युत हाईड्रोलाई सरकारले पुर्णता दिएको छ म सरकारलाई धन्यवाद दिन चाहन्छु र यो किताबमा नल्याएका बजेटमा चाहिँ एकदमै पूर्णता दियोस् भन्दै मैले चाहिँ यो ल्याएको नीति तथा कार्यक्रमलाई स्वागत गर्दै मेरो भनाइ अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुखः**-अब माननीय श्री सोशीला शाही यस पछि माननीय श्री पद्मा खड्का तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री सोशीला शाहीः**- सभामुख महोदय कर्णाली प्रदेश सभाको आठौं अधिवेशनको सातै बैठकमा कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रमको छलफलमा सहभागी भएका छौं ।सभामुख महोदय, कोरोना महामारीबाट हालसम्म ज्यान गुमाउनु हुने नेपाली नागरिकहरूमा हार्दिक सद्धाञ्जली अर्पण गर्न चाहन्छु। साथै शोक सन्तप्त परिवारमा गहिरो समवेदना व्यक्त गर्न चाहन्छु । हस्पिटलको शैय्यामा महामारी लगायत अन्य रोगहरूबाट छटपटिएका दाजुभाइ तथा दिदीबहिनीहरूको शीघ्रस्वास्थ्य लाभको कामना गर्दछु । सरकारले आर्थिक वर्ष २०७८/७९ को कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रय प्रस्तुत गरिरहेको छ यो प्रशंसनीय छ । यो क्षेत्रलाई समेटेर एउटा सुन्दर र आकर्षण दस्तावेज तयार गरी नीति तथा कार्यक्रम ल्याएको छ यसलाई हामीले सकारात्मक रूपमा नै लिएका छौं ।ठीक कुरालाई ठीक र बेठीकलाई बेठीक भन्ने हाम्रो स्पस्ट नीति भएकाले केवल आलोचनाका लागि आलोचना नगर्नुसान्दर्भिकहुँदैन। त्यसै पनि कर्णाली प्रदेश पिछडिएको विकासको मूल प्रवाहबाट बाहिर रहेको प्रदेश हुँदा हाम्रा असीमित आवश्यकता र चाहना छन् तर ती सबै प्रकारका अभाव र समस्या एकै पटक समाधान सम्भव छैन सरकारले पनि एकै चोटि समाधान गर्छु भनेर साच्यो भने त्यो गलत हुने छ यसलाई प्राथमिकता करण गरदै परिमाण निकाल्ने गरी योजना नीति तथा कार्यक्रम बनाउनु पर्दछ । यसमा सरकारलाई हामीले सुझावप्रस्तुत गर्न चाहन्छौं फेरि पनि सम्पूर्ण क्षेत्रमा कायापलट गर्छौं भन्ने भन्दा

पनि ठोस र मूर्त रूप दिन सक्ने गरी अझ यसलाई थप अध्ययन गरी सदनमा व्यापक छलफल गरी तथ्य तथ्यपरकव्यावहारिक र परिमाणामूखी भएर जानु पर्दछ । निबन्ध प्रतियोगितामा प्रस्तुत गर्न निबन्ध जस्तो हुनु हुँदैन सरकारको नीति तथा कार्यक्रम सानो आकारको तर तथ्यमा आधारित हुनुपर्दछ झट्ट सुन्दा त यो आनन्द आउने खालको नै छ तर यसले यदि कर्णालीका विकट बस्तीमा पर्ने कर्णालीवासीको जीवनस्तरमा परिर्वतन ल्याउन सक्छ कि सक्दैन चाहे शिक्षामा होस्, चाहे स्वास्थ्यमा होस्, चाहे यातायातमा होस्, चाहे पर्यटनमा होस,सिँचाइऊर्जा खानेपानी लगायतका क्षेत्रमा यी किताबमा लेखेर हुने कुरा होइन।ठीक योजना बन्नु पर्दछ, त्यसको कार्यन्वयन ठीक ढङ्गले गर्ने संयन्त्र बन्नुपर्दछ अनुगमन प्रणाली सशक्त र प्रभावकारी गर्ने संयन्त्र बन्न पर्दछ तब मात्र हामीले परिमाण पाउन सक्छौ । कनिका छरेर जस्तै छर्ने खालको बजेट जतिसुकै छरे पनि त्यसबाट विकास सम्भवहुँदैन योजना बनाउदा विज्ञ, बुद्धि, अनुभवी क्षमता व्यक्तिहरूको विशाल कार्यशालाबाट आएको राय सुझाव र निचोडबाट योजना बनाउनु पर्दछ । गाउँमा पार्टीको कार्यकर्ता पाल्ने गरी बनेको उपभोक्ता समितिमार्फत जाने विकास बजेटले कर्णालीको काँचुली फेर्न सक्दैन । बजेट परिचालनको नयाँ विधि र प्रक्रियाको आवश्यकता छ त्यस्तो प्रकारको संयन्त्र निमार्ण गरी जानुपर्दछ गलत काममा संलग्न हुने भ्रष्टचार र अनियमिता गर्नेलाई अविलम्ब कार्यवाहीहुने हायर एण्ड फायरको नीति लिनु पर्दछ । भ्रष्टचारीहरू सरकार देखि डराउने स्थिति पैदा गर्न सक्नु पर्दछ । अन्यथा जुनसुकै राम्रो र सुन्दर कार्यक्रम ल्याए पनि फिल्डमा ठीकढङ्गले काम गर्न सक्दैनन्केवल हामी आदर्शवादी मात्र हुन्छौ । आदर्श र व्यवहार भनेको फरक हो मान्छेले हेर्ने भनेको व्यवहार नै हो तसर्थ फेरि पनि सरकारलाई गम्भीरढङ्गले राय सुझाव लियर र स्त्रीनीति तथा कार्यक्रम बन्नु पर्दछ । अहिले आएको यो नराम्रो छ भन्ने भन्दा पनि परिणाममूखीहुनु पर्दछ भन्ने कुरामा हामी जोड दिईरहेको छौं । जसले उदारणको लागि शिक्षाको क्षेत्रमा कर्णाली प्रदेशका प्रत्येक जिल्लामा एउटा बुढानिलकण्ठ स्तरको आवासीय विद्यालय संचालन गर्ने भनेर भन्न सकियोस् ताकि भोलि राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्ने दक्ष जनशक्ति त्यहाँबाट उत्पादन गर्न सकियोस् स्वाथ्यको क्षेत्रमा कम्तिमा एउटा प्रदेश निर्वाचन क्षेत्रमा एउटा नमुना लायक हस्पिटल निमार्ण गर्ने व्यवस्था गर्नु पर्दछ । सडकको क्षेत्रमा सुर्खेतबाट हिल्सासम्मको सडकलाई चौडाइ सडक र कालो पत्रे सडक बनाउने व्यवस्था गर्नु पर्दछ । त्यस पछि बाँकीपर्यटकीय स्थलसम्म जोड दिने सडक बनाउने अर्थात ठोस र जनताको जीवनमा दीर्घकालीनप्रभाव पार्ने खालको योजना ल्याउनु पर्दछ। सबै काम एकै चोटि गरछौं भनेर चुनावमा जनतालाई भ्रम पार्ने चुनावी घोषणा पत्र जस्तो सरकारको नीति तथा कार्यक्रम बन्नुहुँदैन तसर्थ सारमा यिनै सुझावहरू सरकारले ग्रहण गर्ने छ र यो वर्षको बजेटले साँच्चै परिमाण कर्णालीका जनतालाई आशाको किरण छर्ने छ भन्ने विश्वासका साथ सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष

२०७८/७९ को नीति तथा कार्यक्रमलाई समर्थन गर्दै मेरो मन्तव्ययहीँअन्त्य गर्न चाहन्छु जय राष्ट्रवाद ।

**माननीय सभामुखः**-माननीय श्री पद्मा खड्का

**माननीय श्री पद्मा खड्काः**-माननीय सभामुखज्यू कर्णाली प्रदेश सरकारले २०७८/७९ को नीति तथा कार्यक्रम यस सभामा ल्याइएको छ । एउटा कोरोनाको महामारीको अवस्थामा सायद मलाई लाग्छ नीति कार्यक्रम आउछ कि आउदैन भन्ने पनि लागिरहेको थियो तर यो परिस्थितिमा आउको छ यो स्वागत योग्यको कुरा छ । हरेक वर्ष कर्णाली प्रदेश सरकारले हरेक वर्ष हुँदै अहिले तीन वर्षको जुन कार्यकाल बिताई सकेको अवस्था छ यो तीन वर्षको अवधिमा नीति तथा कार्यक्रम र बजेटले कर्णालीका आम कर्णालीवासी नागरिकको जीवनस्तरमा कति सुधार ल्यायो भन्ने कुराको समीक्षा मलाई लाग्छ संवैधानिक व्यवस्थाअनुसार मध्यकालीन संरचनाका खर्चको विषयमा समीक्षा गरेर यो सरकारले हाल सम्म तेस्रो वर्ष सम्म हामीले ती उपलब्धि हासिल गर्न सफल भयौ र यति उपलब्धि हामी अब यो डेर वर्षमा पुग्न सक्छौ भन्ने लक्ष्यका साथ यो नीति तथा कार्यक्रममा आएको भए सायद आज प्रतिपक्षले पनि यहाँबाट समर्थनगर्नु पर्ने जुन अवस्था सिर्जना हुन्थ्यो मलाई लाग्छ । आज यहाँ देखिरहेको छ कि कार्यक्रमहरू निरन्तरता छन् तसर्थ त्यसलाई दोहोराउन चाहदैन कि राम्रा कार्यक्रमहरूलाई निरन्तरता दिईएको छ । त्यो कार्यक्रमलाई कार्यन्वयनको बाटो अगाडि बढाई रहँदा हामीले उपलब्धिहासील कति गऱ्यौं भन्ने कुरा सरकारले लेखाजोखा गरेको छ कि छैन भन्ने कुराको पनि महत्त्वपूर्णहुन्छ । र त्यसै अनुरूपनीति कार्यक्रमले हामीले ल्याईरहेको विनियोजन विधेयकको सिद्धान्त उद्देश्य र प्राथमिकता माथि यो नीति कार्यक्रम बोल्या छ कि छैन आज त्यो सिद्धान्त र उद्देश्य र प्राथमिकतालाई यो नीति कार्यक्रमले बोलेको अवस्था छ कि छैन र आज नीति कार्यक्रमले बजेटसँग मेल खान्छ कि खान्न यहाँ निर हामी कहाँ चुकिरहेका छौं र विगतका वर्षका अभ्यासहरू हेर्दा आज हामी जनतालाई जनप्रतिनिधिको हिसाबले र आफ्ना निर्वाचन क्षेत्रमा भूगोलमा गएर हाम्रो सरकारले कर्णाली प्रदेश सरकारले यति प्रतिशत उपलब्धिगऱ्यो भनेर हामीले भन्न सक्ने आधारहरू के-के हुन् ? आज के के आधारहरू हामीले तयार गरेकाछौं ?के के आधारहरू निमार्ण गरिरहेका छौं भन्ने कुरामहत्त्वपूर्ण छ । यहाँ धेरै विषयहरूसमटिएर ल्याइएका छन् । किताबका पानाहरू,दस्तावेजहरू एकदमै मिठा सुन्दर ढङ्गले रङ्गाएर ल्याइन्छन्। प्रत्येक वर्ष हामीले रोस्टममा आएर अगाडि बोल्ने पनि गरिरहेका छौं तर आज कार्यन्वयनको दृष्टिकोण हेर्दा आज कार्यन्वयन प्रतिशतमा हेर्दा आज पुँजिगत खर्च यो कर्णाली प्रदेशमा खर्च नहुनुपुँजिगत खर्चलाई हामीले कार्यन्वयनको व्यवस्थापनमा के कति मेकानिजमले पूरा गर्न सकेनै के कारणले आज त्यो भइरहेको छ भन्ने कुरा प्रस्ट एउटा नीतिले बोलेको भए प्रस्ट नीतिमा हामीले व्यवस्थापन गर्न सकेको भए आज यो ढिलासुस्ती आज

बजेट कार्यन्वयन नहुनेचालु बजेट सबै खर्च हुने अनुदानका बजेट सबै खर्च हुने र पुँजिगत बजेट जसले एउटा उपलब्धि हासिल गर्न बजेटहरू तिनि खर्च हुने जुन अवस्था छ यो अवस्थालाई हामीले कसरी हल गर्न सक्छौ । त्यस्ता खालका एउटा नीतिमा समटेर आइदिएको भए अझ राम्रो हुन्थ्यो मैले सुझावराख्नचाहन्छु । मलाई लाग्छ धेरै अहिले स्वास्थ्य तथा अहिलेको अवस्थाले पनि स्वास्थ्य अवस्था बजेट केन्द्रित भको छ तर बजेट केन्द्रित भाको छ फेरि पनि हामीले कोभिडका बिरामीका नाममा मात्रै केन्द्रित हैन यो समस्या महामारी अर्को वर्ष पनि आउला फेरि धेरै वर्ष पछि पनि आउला तर त्यसका संरचनाहरू हामी बनाउदै जाउ तर नन कोभिडको लागि आज हामीले हाम्रो सरकारले के बोलिरहेको छ आज बिरामी नन कोभिड बिरामीहरूको के हालत भइरहेको छ हामीले अस्पतालमा देखिरहेका छौं । त्यो विषयमा पनि यो नीतिले प्रस्ट रूपमा बोल्नुपर्छ र त्यो खालका संरचनाहरू निमार्ण गर्नु पर्छ भन्ने मैले सुझावराख्नचाहन्छु र आज हामी यो नीति कार्यक्रम आईरहँदा कर्णाली प्रदेश सरकारले नीति कार्यक्रम ल्याईरहँदा धेरै स्वयम्सेवकहरूलाई परिचालन गर्ने कहाँ दर्ता छन् हाम्रा ती स्वयम्सेवकहरू के गर्छन् ती स्वयम्सेवकहरूले कति संख्यामा हामीले स्वयम् सेवक उत्पादन गरेका छौं।यो निकै महत्त्वपूर्णकुरा छ र हाम्रो सरकारले कसरी धान्ने हो । के हो आय स्रोत हाम्रो सरकारको यी कुरालाई पनि प्रस्टरूपमा खुलाई दिएको भए किन यो आपत्ति छैन कुनै हाम्रो विमती छैन त्यसमा हामीले कुनैकुरामा चाहिँ असहयोग गर्ने भन्ने कुरा छैन तर आज हामी हाम्रो सरकारको अर्थतन्त्रले नभ्याउने गरी जुन अनुदानका कार्यक्रमहरू सिधै स्वयम्सेवकमार्फत हामी पठाउने कुरालाई हामीले यहाँ जोडिरहेका छौं ।त्यो कुरालाई पनि सोच्नु पर्छ कि भन्ने मलाई लाग्छ यसै गरी जनशक्तिको कुरा यहाँ धेरै ठाउँ गरिरहेको छ अहिले सम्म तीन वर्षमा कति जनशक्ति उत्पादन गऱ्यौं । स्वास्थ्यमा कति जनशक्ति अपुग हो निजामतीमा क्षेत्रमा हाम्रो प्रदेशमा कति जनशक्ति अपुग हो । शिक्षा क्षेत्रमा कति जनशक्ति अपुग हो खै हामीले त्यसको चाहिँ संरचना त्यसको हामीले चाहिँ मूल्यांकन गरेकोले लेखाजोखा गरेको अब हामी कति जनशक्ति उत्पादन गर्ने हो भन्ने कुराको चाहिँ कुनै लेखाजोखा छैन ।कुनैनीतिमा प्रस्ट रूपमा छैन तर सबै ठाउँ रङ्गाइएको छ जनशक्ति, जनशक्ति, जनशक्ति के हो जनशक्ति यो कुराले सोच्नु पर्नेबाध्यबनाएको छ हामीलाई यो कुरा राख्नचाहन्छु। म यसै गरी प्रदेशमा पर्यटन प्रवर्धनका लागि कर्मचारीहरूलाई १२ दिन विदा दिने भन्नु भाको छ । कर्मचारीहरू सबै खुसीहुनु भएको होला हामी विभेद नगरौं केन्द्रीय सरकारले पनि त्यो नीतिल्याएको छ शिक्षकलाई हो कि हैन भनेर प्रश्न गर्दा शिक्षा मन्त्रीले शिक्षक पनि हो भन्नु भो कर्णाली सरकारले के गऱ्याछ। त्यो हामीले बुझ्न बाँकी नै छ कर्मचारी भने छि त्यो भित्र शिक्षकहरू पर्छन कि पर्दैनन् सबै कर्मचारीलाई हो कि होइन यो कहि कतै फेरि कर्मचारीहरूलाई विभेद नगरियोस् सबैलाई चाहिँ सम्मानरूपले हाम्रो सरकारले धान्न सक्छ कि सक्दैन भन्ने कुरा चाहिँ मैले यहाँ राख्नचाहन्छु । यो सँगै मैले एउटा

उदाहरणको रूपमा कर्णालीमा अहिले सबै भन्दा नेपाल अधिराज्यका कुरा गरिरहँदाको कर्णालीमा पनि ६८ जना शिक्षकहरूले ज्यान गुमाउनु भएछ । एउटा शिक्षाको पहिलो जग जो गुरु हामीले मान्छौ, सम्मान गर्छौं। आज हामीले खोप शिक्षकलाई नलगाएका कारणले हो कि शिक्षकको संख्या एकदम बृद्धि भाको त्यो कुरा पनि सोचनीय विषय छ । यो कुरा पनि हाम्रो सरकारले सोच्नु पर्छ नीतिमा चाहिँ प्रस्ट रूपमा बोल्नुपर्छ भन्ने कुरा म यहाँ राख्नचाहन्छु । यसै गरी यो नीति तथा कार्यक्रममा एकीकृत बस्ती विकास कार्यक्रम प्रत्येक वर्ष आउछ कहाँ निर छ एकीकृतबस्ती विकास कार्यक्रम देखाई दिनुस् । हाम्रो कर्णाली प्रदेशको सरकार म अनुगमन गर्न जान मलाई आतुर छ कहाँ निर भयो एकीकृतबस्ती विकास कार्यक्रम अहिलेसम्म किन प्रत्येक वर्ष मिठा भाषणमा मिठा नीति कार्यक्रममा ल्याई रहनुहुन्छ । खै अहिले सम्मनका कहाँ निर भको छ बजेटमा ल्याउने मिठा मिठा कार्यक्रम कार्यन्वयन गर्न सक्दैनौ भने हामी नराखौं किन ल्याउने कार्यन्वयन गर्न सक्दैनौ भने यदि सक्ने हो भने कहाँ बाट सुरुवात गर्ने हुम्ला हो कि जुम्ला हो कि डोल्पा हो कि एउटा ठाउँ त सुरुवात गर्नु पर्थ्यो। सुरुवातै नगर्ने प्रत्येक वर्षका कार्यक्रम ल्याईरहँदा यो कार्यक्रम के अर्थ छ के बुझ्छन् कर्णालीका जनताले ? यो कुरा म यहाँ राख्नचाहन्छु । यसै गरी कर्णाली प्रदेशमा सबैभन्दा हामीले निर्यातको कुरा यहाँ जोडिरहेका छौं । निर्यातको कुरा जोडिरहँदा आयातको कुरा र निर्यातको कुरा प्रर्वधनको कुरा यी हामी दुबैसँग मेल खान्छकि खादैन उत्पादन गर्ने कुरामा हामीले कति जोड दिइरहेका छौं ।त्यो कुरालाई पनि म यहाँ नीति तथा कार्यक्रममा एक दम प्रस्टरूपमा खुलेर आइदिएको भए अझ राम्रो हुन्थ्यो जस्तो मलाई लाग्छ । (माननीय सभामुखः- छोटयाउ माननीय सदस्य) धेरै जसो धेरै जसो ठाउँमा मैले के भेटिरहेको छु भने धेरै संख्यामा चाहिँ यहाँ भन्न समय छोटो छ प्रयत्न गरिने छ प्रयत्न गरिने छ सरकार जनता प्रति उत्तरदायित्व हुनुपर्छ होला प्रतिवद्ध भएर लाग्नु पर्ने होला त प्रयत्न गरी रहने हो र यो कुरा पनि हामीले कहि कतै मेरा शब्दहरूले पनि हामी यो नीति तथा कार्यक्रममा केही नपुगे जस्तो केही नमिले जस्तो चाहिँ देखिन्छ। यलाई अझ व्यवस्थित बनाएर पक्कै पनि आउने छ यो नीति तथा कार्यक्रम देखाउने मात्र नभएर देखाउने दाँत एउटा चपाउने अर्को नहोस्। यो नीति कार्यक्रम राम्रो बनोस् सुन्दर बनोस् सबैका सुझाव समटेर आओस् भन्ने शुभकामना दिन्छु, धन्यवाद ।

**माननीयमाननीय सभामुख्ः-** माननीय सदस्यहरू प्रदेशको आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरू माथिको छलफल भोलि पनि जारी रहने छ बोल्न बाँकि माननीय सदस्यहरूलाई भोलिको बैठकमा समय उपलब्ध गराउने छु । माननीय सदस्यहरू अब यो बैठक २०७८ साल जेठ ३१ गते सोमवार दिनको २ बजे सम्मको लागि स्थगित हुन्छ ।

# कर्णाली प्रदेश सभा
## आठौं अधिवेशन
## कार्यवाहीको सम्पूर्ण विवरण
## २०७८जेठ३१ गते
## सोमवार
## (बैठक संख्या-८)

राष्ट्रिय धुन,

**माननीयमाननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश प्रदेश सभाको आठौं अधिवेशनको ८ औं बैठकको कार्यवाही सुरु हुन्छ । माननीय सदस्यहरू नेपाल कम्युनिष्ट पार्टी एमाले प्रदेश सभा संसदीय दलको पत्रको आधारमा पद मुक्त हुनु भएको माननीय प्रकाश ज्वाला,माननीय अम्मरबहादुर थापा,माननीय कुर्मराज शाही र माननीय नन्दसिंह बुढा सर्वोच्च अदालतबाट प्रदेश सभा,प्रदेश सभा सचिवालय,कर्णाली प्रदेश वीरेन्द्रनगर सुर्खेतका नाउमा जारी भएको अन्तरिम आदेशअनुसार माननीय प्रकाश ज्वाला,माननीय अम्मरबहादुर थापा,माननीय कुर्मराज शाही र माननीय नन्दसिंह बुढाको नेपाल कम्युनिष्ट पार्टी एमाले प्रदेश संसदीय दलको सदस्यको हैसियतमा प्रदेश सदस्य पद कायम रहेको जानकारी गराउँछु । के हो माननीय सदस्य,केही बोल्न चाहनु भएको हो । हजुर,रोष्टम प्रयोग गर्न सक्नु हुन्छ ।

**माननीय श्री यामलाल कँडेलः-** सम्माननीय सभामुखज्यूको कुराबाट एमाले संसदीय दलको ध्यान आकर्षित भएको छ । यद्यपि यो विषय यसभन्दा अगाडिको बैठकमा २८ गते सम्मानित सर्वोच्च अदालतको फैसला सार्वजनिक भइसकेपछि संसद चलेका बेला सभामुखमार्फत संसदबाटै आफ्ना विचारहरू,दलका विचारहरूराख्नु सान्दर्भिक भएकै कारणले मैले दलका तर्फबाट केही धारणा राखेको थिए । त्यतिबेला मैले गम्भीरतापूर्वक ध्यानाकर्षण सम्बन्धितको होला भन्ने सोचेको थिए किनभने समय अवधि हुँदा हाम्रो समयको बचत हुन्छ । छोटो समयमा धेरै काम गर्न सकिन्छ भन्ने उद्देश्यले मैले त्यो ध्यानाकर्षण गरेको अवस्था थियो । तर यस बीचमा सम्बद्ध निकायको त्यति ध्यान नगएको मैले चाहिँ अनुभूती गरेको अवस्था छ । सम्बद्ध निकाय भन्दा हाम्रो मुलुकमा सम्बन्धित पात्र हो भन्ने बुझाइ हो भने मेरो भन्नु केही छैन । मैले भन्न खोजेको सम्बन्धित पात्रलाई होइन । जसले जिम्मेवारी संस्था प्रमुख भएर जिम्मेवारी वहन गरिरहनु भएको छ । उहाँहरूलाई मैले भन्ने खोजेको हो ।

आज माननीय सभामुखले जब सभामा सार्वजनिक भइसकेपछि यो भित्रको बनावट,औपचारिक रूपले परिवर्तन भएको अवस्था छ । यो दलीय व्यवस्था हो । दलीय आचरण हुन्छन् नै । मैले समय बचतका निम्ति २८ गते भने,ध्यान गएको त होला मनमनमा तर व्यवहारमा त्यस्तो नदेखिसकेपछि फेरि समय खर्च गरेर नै अनुभूती गराउने

बाटोमा धकेलेको अवस्था मैले देख्दैछु । किनभने छोटो समय मै धेरै काम गर्नुपर्ने कुरा,जसले बुझ्नुपर्ने हो उसले नबुझ्ने,जसले सहयोग लिनुपर्ने हो उसले सहयोग नलिने भएपछि हाम्रो हातमा जे बाटो थियो,त्यो बाटो अनुसरण गर्नुपर्ने हुन्छ । मैले २८ गते नै भन्या थिए,संसदमा एमाले एउटै छ तर स्वयम् प्रचार जो जिम्मेवारीमा हुनुहुन्छ,उहाँहरूको बोली बचन हेर्दा त धेरै कुरा भनौं जस्तो लाग्छ । म त्यतातिर जान चाहन्नँ । अब यो भित्रको,दलीय आचरणको व्यवस्थापन गर्ने जिम्मेवारी नेकपा एमाले संसदीय दलको मात्रै जिम्मेवारी बनेन,यो संसदको विषय हो । अहिले नै दलको तर्फबाट यो कुरा गरौं भनेर म राख्न सक्थे तर म फेरि पनि भन्न चाहन्छु,केही समय व्यवस्थापन गराउनको लागि पूर्व जानकारी गराउन चाहन्छु म किनकि म समय बचत होस्,सहयोग पनि होस् भन्ने कुरामा अरुले हेक्का नराखेपनि प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले हेक्का राखेर नै सदनभित्र कुराहरू उठाइराछ। अहिले कसको के हो,कसको के हो म त्यतातिर जान चाहन्नँ ।

यहाँभित्र जो जहाँ बसेपनि हुने,जस्तो गरे पनि हुने,रितिथिति गर्नको निम्ति जसले अगुवाइ गर्नु भाछ,उहाँहरूले के गर्नुहुन्छ,त्यो उहाँहरूको विषय हो तर प्राप्त गरेको लोकतन्त्र जे छ,संवैधानिक व्यवस्था छ । जे हामीले प्राप्त गरेको संविधान छ । जे हामीले बनेको नियमावली छ । यसमा त हामीले हिड्नुपर्ने होला त । जब हिड्न पर्ने नै नहिड्ने भएपछि दल कै अगाडिप्रमुख प्रतिपक्ष भनेको लेख्या छ,कहाँ जाने हो । जाने ठाउँ त छन् । तर त्यो बाटोतिर प्रमुख प्रतिपक्ष लेखेको भएपनि अग्रसर छैन तर जो जिम्मेवारी छ,बेवास्ता गर्छ भने त्यो तहको अनुभूती गराउन हामी केही गर्नुपर्ने हुन्छ । त्यस कारणले अहिले नै अन द स्पोट हामीले हाम्रो दलको तर्फबाट रोक्नु पर्ने विषय नै छ । बुझाइ नै त्यस्तो देख्छु । जुन बुझाइहरू फर्मल,इनफर्मलबाट व्यक्त गरिएबाट पनि बुझ्न सकिन्छ । म अनौपचारिक रूपमा भनेका कुरालाई आधार बनाउन चाहन्नँ । म सभामुखमार्फत अनुरोध गर्न चाहन्छु ।

अविलम्ब,नेकपा एमाले जे अहिले सभामुखले चर्चा गरेर यहाँ नाम सुनाउनुभयो,उहाँहरू सरकारमा हुनुहुन्छ । म विनम्रतापूर्वक अनुरोध गर्छ चाहन्छु,संसदीय अभ्यासको आधारबाट,लोकतन्त्रको अभ्यासको आधारबाट,दलीय व्यवस्थाको आधारबाट,आचरणको आधारबाट । संसदको कामकारवाही अघि बढाउने हो भने अविलम्ब जो नेकपा एमालेको सांसदको रूपमा स्थापित हुनुभएको छ,कोही कसैले कही राख्ने अधिकार छैन,कोही कसैले । सभामुख महोदय,त्यस्तो अवस्थामा कसरी छलफल चल्न सक्छ । को कति अहिले म चर्चा गर्न चाहन्नँ । जो थिति बिगार्ने गरी कर्णाली प्रदेशमा छलफल प्रारम्भ भाछ,त्यो लोकका अगाडि के छ हामी सबैले बुझेको अवस्था छ । तसर्थ,जति भनेपनि बुझ्दै नबुझ्ने हो,यहीं बाटो हो भने हामीलाई भन्दा हुन्छ । सरकार हिड्ने बाटो यहीं हो। बरु आफ्ना मान्छे थन्काएर जो बाटोमा भेटिन्छ झन्डा हल्लाउन दिने,सरकार चलाउने बाटो मै कर्णाली प्रदेश सरकार हिडेको हो भने भन्दा हुन्छ । मान्छे धेरै

भेटिन्छन् सडकमा। आफ्नो मान्छेलाई थन्क्याउने,सडकमा जो भेटिन्छ त्यसलाई झन्डा हल्लाएर कर्णाली प्रदेश सरकार चलाउने बाटोमा हिडेको भने धेरै मलाइ भन्नु छैन तर म नेकपा एमालेका माननीय सदस्यज्यूहरूलाई कोही कसैले अन्त लगेर राख्ने अधिकार छैन तर राखिरहनु भएको छ । यसलाई माननीय सभामुखले कसरी हेरिरहनु भएको छ यो सभाभित्र हामीले पछि जान्ने कुरा होतर म फेरि पनि भन्न चाहन्छु,छलफल चल्दासम्म हामी धैर्य गर्छौं । किनकि समय बचाउनु छ हामीलाई । छलफल चल्दासम्म हामी सम्बद्ध निकायलाई समय दिन्छौं । त्यो संसदलाई दिन्छौं,माननीयसभामुखज्यूलाई पनि दिन चाहन्छु,हामी सरकारलाई पनि दिन चाहन्छौं तर माननीय सदस्यहरूले छलफल चलिसकेपछि म अहिलेपनि भन्न चाहन्छु विनम्रतापूर्वक त्यो भन्दा अगाडिको काम कारवाहीमा हाम्रो सहयोग गर्ने चाहना हुँदाहुँदै पनि सरकार जसरी नेकपा एमालेका सांसदहरूलाई सामेल बनाएर सरकार चलाउने कुरा गरिरहेको छ,त्यो किमार्थ मान्य हुँदैन,त्यो उपयुक्त हुँदैन । बाघ सरकार कुन बाटोमा हिड्छ । त्यसपछि यो सभाभित्रको सभा व्यवस्थापन गर्ने कुराको जिम्मेवारी र दायित्व बोकेको संस्थाको कति ध्यानाकर्षण हुन्छ,उसको कुरा हो । हामी हाम्रो तर्फबाट सहयोग गर्न सक्छौं तर यो निर्लज्जताको बाटोमा हामी कोही नहिडौं ।

यो दलीय व्यवस्था हो दलीय आचरण आफ्ना हुन्छन् ।यद्यपि विगतमा दलीय आचरणका आधारबाट गएकै कारणले गर्दा हामीले केही दलका तर्फबाट,पार्टीका तर्फबाट हामीले केही कामकारवाही गरेका थियौं ।सम्बन्धित सबै मान्छे न्यायलयमा जाने अधिकार सुरक्षित भा हुनाले साथीहरू त्यहाँ जानुभयो । न्यायलयले जे निर्णय गरेको भए पनि हामीले त्यसलाई सकारात्मक रूपमा लियौ । दलले त्यसलाई सकारात्मक रूपमा लियो । जुन कुरा मैले २८ गते नै बताइसकेको थिए । सर्वोच्च अदालतले प्रदेश सभा सदस्य मात्रै होइन आदेशमा के दिएको भन्दाखेरि नेकपा एमालेको संसदीय दलको सदस्यको रूपमा पनि काम गर्न आदेश दिएको हुनाले हामीले त्यसलाई सहर्ष ग्रहण गरेका छौं ।एउटा दलको सदस्य हुने अर्को दलको सेवा गर्ने व्यवस्था हामीले अवलम्बन गरेको व्यवस्था होइन । त्यसकारणले म सम्बद्ध निकायको सरकारको प्रमुखको म गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । सभाभित्रको सभा चलाउने कुरामा सभामुखमार्फत सभामुख स्वयम्को पनि ध्यानाकर्षण गराउन चाहन्छु । विषय अन द स्पोट रोक्नु पर्ने हो । तर छलफल चलाउँदा चलाउँदै नेकपा एमाले संसदीय दलको तर्फबाट केही समय प्रदान गरिन्छ,दिइन्छ । तर म फेरि पनि भन्न चाहन्छु,अग्रिम सूचना माननीय सांसदहरूको छलफल सक्दा नसक्दै समस्याको समाधान भयो भने हामी सबै सहयोग गर्न तयार छौं ।जस्ताको त्यस्तै रहयो भने विनम्रतापूर्वक भन्न चाहन्छु ।हामी हाम्रो ठाउँबाट हामीले हाम्रो भूमिका खेल्नुपर्नेछ । त्यो भूमिका खेल्ने रहर छैन किनकि समयपनि छैन,रहर पनि छैन। त्यो बाटोमा हिडाउने काम गर्नुभयो हिड्नै पर्ने हुन्छ । मेरो अनुरोध छ,त्यो बाटो नहिडाउनुहोस् यहीं कुरा त ध्यानाकर्षण गराउन चाहन्छु कि

माननीय सांसदहरूले छलफल गर्दासम्म दलीय आचरण अभिव्यक्त हुनेगरी यो सभा चलाउने बाटोमा कसले के छलफल गर्नुपर्छ । त्यतातिर म सबैको ध्यानाकर्षण गराउन चाहन्छु । यदि त्यतिबेलासम्म पनि अहिलेको जस्तै अवस्था रह्यो भने माननीय सभामुख महोदय,यहीं सर्वोच्च अदालतको फैसलाबाट पनि अरु थप कुरा मैले व्यक्त गर्नुपर्ने अवस्था रहन्छ । त्यसकारण म फेरि पनि विनम्रतापूर्वक आग्रह र अनुरोध गर्न चाहन्छु,जो लोकतान्त्रिक मूल्य मान्यता र लोकतान्त्रिक आन्दोलनमा विश्वास गर्ने साथीहरू नै सरकारमा हुनुहुन्छ  अहिले म धेरै जान चाहन्नँ ।

लोकतान्त्रिक मूल्य मान्यता भन्ने कुरा मात्रै होइन त्यो व्यवहारमा समेत लागू गर्ने कुरा हो । त्यसकारण आजको औपचारिक जानकारीपछि नेकपा एमालेका सांसद यो सभाभित्र संख्याका हिसाबले २० पुऱ्याएको अवस्था छ । विगतमा जे गर्नुभयो गर्नुभयो । सम्बन्धित पात्रले पनि,सरकारले पनि तर अब ट्याप्प टिपेर बगाल बढाइहालौ न त,संख्या बढाइ हालौ भन्ने हो भने किन चुनाव गर्नुपऱ्यो । किन पार्टी  निर्माण गर्नुपऱ्यो ।  फेरि अर्को चुनावमा किन जानुपऱ्यो । थोरै भयो कि बगाल बढाइ हाल्यो । किन मेहेनत गर्नुपऱ्यो त । यो तरिकाले न लोकतन्त्रको मर्यादा रहन्छ,न कर्णाली प्रदेशको मर्यादा बढाउन सकिने अवस्था छ ।  मैले माननीय सांसदहरूको छलफल चल्दासम्म यहीं बीचमा,यहीं विषयलाई गम्भीरतापूर्वक छलफल गर्ने गरी यदि समय निकाल्ने आवश्यकता ठान्नुभयो भने छलफल पनि चल्दै जान्छ । समय पनि बचत हुँदै जान्छ । छोटो समयमा हामी धेरै कामपनि गर्न सक्छौ भन्ने हिसाबले म फेरि पनि अनुरोध गर्न चाहन्छु । त्यतिबेला सम्म यो संसदको काम कारवाही गर्ने कुरामा हाम्रो पार्टीको सहयोग हुन्छ तर त्यो क्षण सकिनासाथ यदि तपाईंहरूले पहलकदमी गर्नुभएन । समस्याको समाधान गर्नुभएन भने नेकपा एमाले संसदीय दल आफ्नो ठाउँमा जे गर्नुपर्ने हो त्यो गर्छ । म पहिले नै भनौं,पहिले नै समस्या समाधान भयो भने,समयको पनि बचत होस् भन्ने हिसाबले यो अभ्यास गरिएको हो । यो आधारबाट सम्बद्ध निकायले लिन दलको तर्फबाट विनम्रतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु,धन्यवाद ।

**माननीयमाननीय सभामुखः**-माननीय सदस्यहरू,कर्णाली प्रदेशका मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाही सभा समक्ष टेबुल गर्नुभएको प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रममा समावेश भएका विषयहरू माथिको छलफल,आजै समाप्त हुने भएकाले बोल्न चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम सभामुखको डयासको बायाँ तर्फ रहेका सचिवालयका कर्मचारीकोमा टिपाउनु होला । बोल्न चाहने माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउँछु ।

**सर्वप्रथम माननीय श्री गुलाबजंग शाहः**- माननीय सभामुख महोदयज्यू,म सरकारले ल्याएको आर्थिक वर्ष २०७८/०७९ को लागि ल्याएको नीति तथा कार्यक्रमको छलफलमा भाग लिन उपस्थित भएको छु । छलफलमा भाग लिँदैगर्दा दलीय संरचना पनि बदलिएको

छ। परिस्थिति बदलिएको छ । तथापि हामी पहिले देखि नै ल्याएको कार्यक्रममा सहभागिता भइरहेका छौं । यो कार्यक्रममा सहभागी हुँदै गर्दा हामी यसबाट दलको तर्फबाट माननीयमुख्यमन्त्रीज्यूलाई हाम्रा केही भनाइहरू जानकारी गराएका थियौं । बाहिर मिडियामा एमालेले रकमसहित योजना माग गरेको भन्दै समाचार आए । त्यस्ता समाचार मलाई लाग्छ आपत्तिजनक नै छन् । हामी कार्यक्रम माग गरेको हो । हामीले यस मानेमा कुरा उठाएको हो कि विगतमा रहेका लोकप्रिय कार्यक्रमहरू जो वास्तवमा कर्णालीवासीको हितमा छन् । पिछडिएको वर्गको पक्ष र लोकप्रिय पनि रहेका छन् । चाहे त्यो जनता सडक होस,चाहे त्यो पूर्वाधारको क्षेत्रमा होस् । अहिले हेर्ने हो भने सरकारले ल्याएका कार्यक्रम त्यो दस्तावेजमाथि छलफल गर्दा विगतका कार्यक्रमका कुनै पनि लिगेसी बोक्दैन। यसले विकासमा स्थायित्व बोकेको पनि हामीले पाएका छैनौं ।

सरकारले त्यस्ता कार्यक्रम नसमेट्दा आवाज मात्रै उठाएको हो न कि हामीले रकम माग गरेको हो भन्ने कुरा म यहाँ राख्छ चाहन्छु । दोस्रो हाम्रो कुरा नीति तथा कार्यक्रम माथि छलफल गर्दा हामी सबैलाई जानकारी छ,मुलुकमा तीन तहका सरकार छन् । संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकार । संघीय सरकार आफ्नो नीति तथा कार्यक्रम र बजेट छ । प्रदेश सरकारले पनि संघीय सरकारको जस्तै नीति तथा कार्यक्रम ल्याउँदा यो कतै संघीय सरकारको कपीपेष्ट त होइन । यसको लागि म एउटा उदाहरण बताउन चाहन्छु कि संघीय सरकारले हरेक पालिकामा १५ शैय्याको अस्पताल बनाउने भनेर ३ सय ९६ वटा अस्पताल उद्घाटन गरिसक्यो,काम सुरु भइसक्यो । फेरि पनि प्रदेश सरकारले १५ शैय्याको अस्पताल निर्माण गर्ने लेखिरहन पर्दा होला रप्रदेश सरकार भनेको संघीय सरकारको अनुदानमा बाँचेको कुरा पनि हेक्का राख्नुपर्छ । यो कुरा पनि हामीले बिर्सनु हुँदैन । न कि हामीले डप्लिंग खालको माने लिनुहोस् स्नातक र स्नातकोत्तर गरेका विद्यार्थीहरूलाई संघीय सरकारले शैक्षिक लोनको कुरा गरेको छ। फेरि प्रदेश सरकारले किन । आज हुँदाहुँदा प्रदेश सरकारले त्यहीँ कार्यक्रम निरन्तरता दिन खोजेको छ । के खालको ढंगले यो कार्यक्रम ल्याइएको छ ।संघीय सरकारले कर्मचारीलाई आन्तरिक पर्यटन प्रवर्धन गर्न १० दिन बिदा दिने भनेको छ । हामीले २ दिन थपेर १२ दिन बनाएका छौं । यो सरासर नक्कल मात्रै भयो । हामीले संघीय सरकारको अनुदानलाई सदुपयोग हुने गरी बजेटमा आउँदैन कि भन्ने आशंका नीति तथा कार्यक्रमले देखाएको छ भन्ने कुरा पहिलो टिप्पणी हो । दोस्रो कुरा विगतमा यसका केही प्रभावकारी कुराहरू गर्न सकिन्छ कि भनेर । हुन त संघमा प्रधानमन्त्री रोजगार कार्यक्रम छ । त्यसकै सिको गरेर मुख्यमन्त्री रोजगार कार्यक्रम गरियो ।त्यसको एउटा निर्देशक समिति पनि बन्यो होला । योजना छनौट समिति पनि बन्यो होला । यो समिति बन्दै गर्दा तल तपाईंहरूले पास गरेको कार्यविधि अनुसार योजना छनौट गर्ने होइन भने तपाईंहरूले किन नीति ल्याउनुहुन्छ । गतवर्षको कार्यक्रमलाई निरन्तरता दिनुपर्छ भन्ने

आधार के हो तपाईंहरूको। यस मानेमा पनि पूर्वाग्राही,फजुल खालको वितरणमुखी उत्पादनमा कमवितरणमा बढी हुने खालको फजुल भयो कि भन्ने मेरो प्रश्न रहेको छ ।

अर्को कुरा गत वर्ष तपाईंहरूले २४ वटा बहुवर्षीय योजना छान्नुभयो । विकास त सबैको लागि समान होला । आफूलाई भोट हालेका मान्छेको मात्रै विकास गर्ने,आफूलाई बलियो बनाउने र दललाई बलियो बनाउने गरी या पार्टी भित्र पनि आफ्नो पक्षकालाई बलियो बनाउने गरी विकास त गरिदैन होला । नीतिगत रूपमा तपाईंहरूले ल्याएको बहुवर्षीय योजना के आधारमा गर्नुभयो । तपाईंहरूलाई मनको लागेको कुरा गर्न पाइन्छ । संसदबाट पास गरेको नीति तथा कार्यक्रम फेल गराउन मिल्छ । यस्तो पनि सरकारको नीति तथा कार्यक्रम हुन्छ । यो कार्यक्रम र नीतिले पनि त्यो कुरा समेटेको छैन भन्ने मेरो बुझाइ हो । त्यसैले माननीयसभामुखज्यू,हामीले प्रत्येक साल,तीन पटक,तीन वटा नीति तथा कार्यक्रम ल्यायौं । यो चौथो हो हामी सबैलाई जानकारी छ । यो कार्यक्रम पहिलो हो कि चौथो हो । प्रत्येक साल तपाईंहरूका अनइटयालिष्ट कार्यक्रम,कुनै लिगेसी छैन । विगतमा पन्छिनुभयो तपाईंहरूले अर्गानिक क्षेत्र खै त ती कार्यक्रमहरू।यसमा बोल्नुहुन्न तपाईंहरूतपाईंहरूले ल्याएको कार्यक्रमको काम छैन । कुनै पनि कुराको फाइदा छैन । आज यो लेख्या छ भोलि अर्को लेख्या छ । तीन वर्ष कटिसक्यो चौथो वर्षमा पनि पहिलो वर्षको जस्तो कार्यक्रम ल्याउने । तपाईंहरूमाथि के विश्वास,त्यसै संघीयता प्रति न आम मानिसले अविश्वास गर्ने, आंशका पैदानहुने खालका नीति तथा कार्यक्रम र बजेट ल्याउनुहोस् । हामीलाई थाहा छ,यो संसद,यो रोष्टम प्रयोग गर्न दिने पक्षमा हुनुहुन्थेन । यो कुरा पुष्टि सहित हामी भन्न चाहन्छौं । हाम्रो दलको नेताले भनिसक्नुभयो ।

हाम्रो दलको नेताको पहलमा,सभामुखज्यूको अगुवाइमा,अग्रसरतामा दलीय बैठक नबसेको भए,सर्वदलीय बैठक नबसेको भए तपाईंहरू सदन बोलाउनुहुन्थ्यो । बोलाउनु हुन्थेन किनकि तपाईंहरू चोक बाटो हिड्न चाहनुहुन्छ । जसरी सर्वोच्चले २८ गते जुन आदेश गरेको थियो,खै त त्यो पालना भएको । मैले दललाई मात्र भनेको छैन हाम्रो दलको नेताले भनिसक्नु भएको छ । हामी नीति,नियम,कानून केही पनि पगड्नेवाला छैनौं। आफ्नो हातमा कलम छ भनेपनि हामी लेख्ने पक्षमा छौं । मलाई लाग्छ,तपाईं हाम्रा कारणले संघीयता माथि प्रश्न उठेको छ आज । संघीय सरकारको अनुदानमा बाँचेको प्रदेश सरकार मनलाग्दो तरिकाले खर्च गर्ने । मलाई लाग्छ यस्तो नगर्नुहोस् । मैले भने मुख्यमन्त्री रोजगार कार्यक्रममा जिल्ला छनौट समिति छ त । त्यसले गरेको योजना किन पास गर्नुभएन । किन चोर बाटोबाट आएका योजना पास गर्नुभयो । आज बेथितिपूर्ण ढंगले सरकार चलाइरहनु भएको छ त । गतवर्ष लेखा समिति रेकर्ड छ । असारको अन्तिममा लाखौं,करोडौं रकमान्तर गरेका दृष्टान्त छन् । भर्खरै मात्र सामाजिक विकास मन्त्रालयमा १ अरब ११ करोड ९९ लाख रुपैयाँ तपाईंहरूले रकमान्तर गर्ने

काम गर्नु भएको छ । यदि तपाईंहरूलाई यस्तो रकमान्तर गर्ने बानी परेको छ भने अहिले यो कार्यक्रममा समावेश किन नगरेको । नीति तथा कार्यक्रममा किन समावेश नगरेको । तपाईंहरूलाई बानी छ । मन परेको छ । सदनले पास गरेको बजेट,सदनले पास गरेको नीति तथा कार्यक्रम मनलाग्दो ढंगले तपाईंहरूले खर्च गर्ने । मलाई लाग्छ यो सरकारले थिति भन्दा पनि वेथिति बढी बसाएको छ । जनताको पक्षमा वकालत गरेको छैन । जनताको पक्षमा बजेट ल्याएको छैन । जनताको पक्षमा बजेट ल्याउनेवाला पनि छैन भन्ने कुरा मेरो बुझाइ छ । यहीं कुरा राख्दै विदा हुन्छु हवस्त धन्यवाद ।

**माननीयमाननीय सभामुखः-**माननीय श्री जीवनबहादुर शाही,त्यसपछि माननीय श्री बदमी क्वारी बोहोरा तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री जीवनबहादुर शाहीः-** सम्माननीय सभामुख महोदय,सभामुखज्यूमार्फत म केही कुरा सदनमा राख्न चाहन्छु । सर्वप्रथम म यो आठो ा अधिवेशनमा पहिलो चोटी बोलिरहेको छु । त्यसकारण कोभिडबाट मृत्यु हुने नागरिक,नेता लगायत सम्पूर्णलाई म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । जो कोभिडले आक्रान्त भएर आइसोलेसन,आइसियु र भेन्लिटरमा हुनुहुन्छ उहाँहरूको शीघ्र स्वास्थ्य लाभको कामना छ । एउटा शुभकामना पनि दिन चाहन्छु । नेकपा एमालेबाट भनिने गरेका भगौडाहरू आज सर्वोच्च अदालतबाट पुनर्बहाली हुनुभएको छ । त्यसपछि भोलि यहाँभित्र पसी पो हाल्छन् कि भन्ने पिर थियो,सभामुख महोदय,आज उहाँहरूलाई सर्वोच्चले पुनर्स्थापना गरेको छ । उहाँहरूलाई म हार्दिक बधाई दिन चाहन्छु । यहाँ धेरै कुराहरू निस्किने गर्छन् । लोकतन्त्रवादी पार्टी अहिले सरकारमा छ । लोकतन्त्र भन्ने गरिएको छ तर मलाई यहाँ लोकतन्त्रका विषयमा केही कुरा भन्न मन लाग्यो लाग्यो सभामुख महोदय,म एउटा जीवन शाही व्यक्ति होला । हैसियतमा यहाँ बसेका पूर्व संघीय मन्त्री तीन जना हुनुहुन्छ । एउटा मुख्य पात्रमा हुनुहुन्छ। अर्को मुख्य पात्रमा हुनुहुन्छ । म पनि एउटा संघीय मन्त्री हो र त्यति मात्रै होइन सभामुख महोदय,म एउटा दलको १५ प्रतिशत प्राप्त गरेको नेता पनि हो । लोकतन्त्रमा यहाँ बोल्दाखेरि पहिलो,दोस्रो र तेस्रो बोल्ने को हो लोकतन्त्रले सिकाओस् भन्ने कुरा यति मैले आग्रह गर्न चाहे हुन त म नीति तथा कार्यक्रम माथि बोल्न आएको हुँ । मैले केही समय पाउने छु भन्ने सभामुख महोदयमार्फत आग्रह पनि गर्न चाहन्छु । म पनि अहिले सरकारमा जोडिएको हुनाले केही कुरा प्रश्नहरू उठेका छन् ।

हाम्रो आदरणीय नेताज्यूले कुरा उठाउनु भएको छ दलीय संचरना परिवर्तन भएको छ भनेर कानूनी हिसाबले जरुर हो । दलीय संरचना बदलिएको छ । सरकारले जसले मुद्दामा गए,मुद्दाबाट उनीहरूपुनर्स्थापना भए । उनीहरूलाई सरकारले समातेर अपहरण शैलीमा हजुर मन्त्री खाइदिन पऱ्यो भनेको छैन,सभामुख महोदय, हामी आग्रह गर्न

चाहन्छौं तपाईंहरूका सम्पत्तितपाईंहरूका आफ्ना मानिस पहिलापहिला गाउँघर तिर भन्थे मेरो तालकुच्ची दिएको श्रीमती फलानोले भगाएर लग्यो । म फिर्ता गरिपाऊँ भनेर अदालतमा मुद्दा परेका घटना पनि थिए सभामुख महोदय,हाम्रो प्रमुख प्रतिपक्षलाई रहन पनि थियो । प्रमुख प्रतिपक्ष हुनुपर्दोरहेछ । जीवन शाही कहिले कहिले १ घण्टा पनि बोल्छ । आधा घण्टा बोल्छ अहिले त पाउनु भएको छ । १ घण्टा १५ मिनेटको पनि मैले रकर्ड गरिरहेको छु । मेरो त शुभकामना छ । ठूलो दल भनिहाल्नुभयो १९ र २० । हामीले गन्ने त १९ नै हो । सभामुखज्यूको भोटिङ राइट नहोला शुभकामना छ लैजानुहोस् । आफ्ना मान्छेलाई फकाएर हुन्छ कि,सल्लाह गरेर हुन्छ कि के गरेर लिने हजुरहरूको दायित्व हो । यहाँ त के भयो भने तिमी सरकारमा बसेकाले,बाटोबाट टिप्दै ल्याएर कहाँनेर लुकाएर राखेका छौं । खुल्ला छन् सभामुख महोदय, अस्तीसम्म त यहाँ आउँदै थिए । खबरदार संसदमा आयो भने रोष्टममा उभियौं भने देखा जायगा उहाँहरूले भन्नु भएको हो । हामीले भनेको होइन । एउटालाई चाहिँ यो अपराधी हो,अपराधीलाई किन ल्याउने । कागज गरेकै हो हजुर हामीले ३० गतेसम्म हामी ल्याउदैनौ भनेकै हो । त्यो भन्दा सरकार पक्षले के गर्न सक्छ । यति भइसकेपछि सरकारले बर्खास्त गरिदेओस् भन्ने हुन सक्छ । ती त उहाँहरूका मान्छेहरू,हामी त्यहीँ दलका मान्छे हो है,हामीलाई अन्यायपूर्ण ढंगले हटाइएको छ । चार जनाको पुनर्बहाली भएको छ । मलाई उहाँहरूले एक जना बाहेक तीनलाई आउनुहोस् भन्नुहुन्छ कि जस्तो लागेको थियो किन भने एक जना अपराधी करार भइरहेको छ । यो राजनीतिक अपराधी हो भन्ने कुरा भएकै थियो । हाम्रो नेपाली कल्चर आफू कहाँ आउँदा अपराधी समेटिहाल्ने,अरु कहाँ जाँदा हुने हो कि त्यो पनि नहोस् भन्न चाहन्छु । मैले फेरि पनि विनम्र अनुरोध गर्दछु,आफ्नो सम्पत्ति लिएर जानुहोस । अब त्यो भए पनि हजुरहरूको ठाउँ पुग्दैन । हजुरहरू यता आउनुहोस,हामी उतै बसौला तर अहिले सरकारलाई दोष दिने त्यो कुरा नगर्नुहोस् । अहिले सुदुरपश्चिममा पनि देखिएकै छ । हामीले घरमा आएका पाहुनालाई हटाउनु पनि भएन । शुभकामना छ,प्रमुख प्रतिपक्षबाट मुख्यमन्त्री भएको हेर्न पाऊँ ।

अब भने म नीति तथा कार्यक्रममा जान चाहन्छु । मलाई एउटा खेलको याद आयो ।ब्याडमिन्टन सबैले खेल्ने गर्छन् । सिंगल पनि हुन्छ । त्यतिबेला ऊ एक्लै जित्नको लागि संघर्ष छ । जब डबल ग्याम हुन्छ । दुइटाको भूमिका उत्तिकै हुन्छ । उस्तै उस्तै जोडाहरू डबल खेलमा खेल्ने हो । अहिले यहाँ के देखिएको छ भने डबल खेलमा एउटा खेलिरहने अर्को उभिरहने भएको छ। यो अवस्था पनि नीति तथा कार्यक्रममा देखिएको छ ।त्यसैले भनिन्छ लोकतन्त्रवादी,लोकतन्त्रवादी किन भनिन्छ भने सभामुख महोदय,केन्द्रीकृत शासन प्रणाली त्यागेको पार्टी होइन हामी मज्जाले भन्न सक्छौं । वार्ता गर्छौं,छलफल गर्छौं ।

दुई कदम अगाडि जान्छौं  एक कदम पछाडि हट्छौं । त्यो पनि हुँदैन ।प्रतिपक्ष भनेको ब्याडमिन्टन खेल जस्तै एकदम हेरिरहने । कहाँनेर गलत हो । यो सही हो । यो बेठीक हो यो ठीक हो भन्ने प्रमुख प्रतिपक्षको दायित्व हुन्छ ।सरकारमा पोजिसन भएपछि उनको त्यत्तिकै दायित्व हुन्छ । जिम्मेवारी र दोष बराबर लिनुपर्छ । हामी सत्तामा भएका के भयौं भने यसले खेल्दै जान्दैन भनेर श्वास फुट्ने गरी कुदेको छ । अर्को उभिएको उभियै छ । प्रतिपक्ष कस्तो भयो भने ठीक,बेठीक भन्ला भन्यो नाकको सिँगान कोट्यायो,ढाड कन्यायो तिर गएपछि त अनि हाम्रो संस्कार कसरी अघि बढ्ला भन्ने हो । धेरै कुरा आएका छन् । कैयौं राम्रा होलान् । कैयौं नराम्रा होलान् । हाम्रो जहिलेपनि प्रावधान छ । हाम्रो एकजना माननीयज्यूले भन्नुभयो,सत्तापक्ष भएपछि प्रतिपक्षलाई भित्तामै पुऱ्याउनुपर्ने। कुना मै कोचार्नुपर्ने । हालेका योजनामा मेटाइदिनुपर्ने ।अनि कसैले हालिदियो भने खबरदार है । त्यसको राजनीति सप्रिने भयो,तैले यस्तो गर्ने भन्ने प्रतिपक्ष जतिराम्रो गरेपनि यो पनि बेठीक,त्यो पनि बेठीक । होला बेठीक गरेपछि बेठीक भन्नुपर्छ । हिजो आदरणीय नेताले उठाउनु भएको छ । घतलाग्दा कुरालाई घतलाग्दा भन्नुपर्छ । साढे तीन वर्षसम्म सरकार चलिरहेको छ । यसमा केही फेरबदल भएको छ ।सरकार परिवर्तन भएको छ ।यो जिम्मेवारी क-कसले लिनुपर्ने हो यसमा मेरो समर्थन छ । तुरुन्तै यो सदनमा उठेका कुरालाई सरकार प्रमुखले रेस्पोन्स गर्नुपर्छ । प्रदेशको हितको कुरा छ भने आफ्नो र पराई नभनौं । सरकार पक्ष र प्रतिपक्ष नभनौं । हामीले भनेका छौं । हाम्रो प्रतिपक्ष भनेको रोग,भोक र अशिक्षा हो । कर्णालीवासी हामी एक हुनुपर्छ भनेर हामीले भनेका छौं । तर कहिलेकहिले हुनु स्वाभाविक पनि होला । म त जहिलेपनि पीडामा परेको मान्छे हुँ सभामुख महोदय,कुनैदिन म प्रतिपक्ष पार्टीको दलको नेता भएर त्यहाँ बस्दा सत्तापक्ष कै साथीबाट भनिएको थियो । जीवनले प्रतिपक्षको सही भूमिका निर्वाह गरेन ।  सत्ताधारीको पुच्छर भयो पनि भनिएकै हो । यहाँ रेकर्ड नै छ । अब अहिले आएर सत्तामा गयो भन्दैछन् तर मेरो निष्कर्ष के हो भने हाम्रो साना समूह छ । जम्मा ४० जना मात्रै छौं । यो कसैलाई काखा र कसैलाई पाखा गर्नुपर्ने विषय हुँदै होइन ।  सरकार सबैको अभिभावक हो । हामीले चाह्यौं या नचाह्यौं । सरकारले वितरण गर्ने रकम सबैको हो । हामीमा म सरकारमा गइसकेपछि म अभिभावक हो भन्ने भावना छैन ।   पार्टीका आफ्नै सरकार हुने भएको भए,काँग्रेसको आफ्नो हुन्थ्यो होला,एमाले आफ्नो र माओवादीको आफ्नो हुन्थ्यो होलातर ती कुरा त होइनन् नी । मैले बारम्बार रोष्टमबाट भन्ने गरेको छु ।  नेकपा एमालेको अध्यक्ष को हो भन्दा केपी ओली हो तर मेरो देशको प्रधानमन्त्री को हो भन्दा खेरि केपी ओली हुनुहुन्छ । अस्ति एउटा चिठी लेखेको देखे सभामुख महोदय,सभामुखज्यूलाई अन्यथा नहोस् त्यो सभामुखले नै लेखेका हुन् । कुन सभामुखले लेखे । सम्माननीय प्रधानमन्त्रीज्यू,नेकपा एमालेको कार्यालय थापाथली भनेर लेखे । पार्टीको त अध्यक्ष होला तर मुलुकको त प्रधानमन्त्री हो । अहिले हामीले एक अर्कामा पूर्वाग्रह साँधिरहेको

जस्तो,तलाई ठीक गर्छु भनेको जस्तो,मैले त भनेनि सभामुख महोदय पीडा त हामीले सबै खालका भोगेको हो तर अब कसरी अघि बढ्ने,कसरी राम्रो बनाउन सकिन्छ । प्रतिपक्षका कुरामा पनि कसरी समेट्न सकिन्छ समेटौं । एकतर्फी आएका कुरामा रचनात्मक सुझाव दियौं । ती कुरालाई हाम्रो समझदारीले सुल्झायो । किन भने यो संसदीय व्यवस्था हो । कताकता मलाई लाग्छ,दुःख नमान्नुहोला हामीले २००७ सालबाट आएको हो भन्यौं । अहिले सत्याग्रह गर्ने,पलेटी कसेर बस्ने,शान्ति धर्ना गर्नेमा पुग्यौं । झापाकाण्ड त्यहींगऱ्यो। नेकपा माओवादीको पनि १० वर्ष द्वन्द्व चल्यो। अब हामी संसदीय व्यवस्थामा आइसकेपछि,यसका मानमर्यादाहरूलाई पनि कायम गर्नुपर्छ भन्ने हो । मेलै एउटा आग्रह गरिहाल्ने,हिजो दलका नेताहरूले,माननीयहरूले उठाउनु भएको छ । ती कुरालाई सरकारले जरुर सम्बोधन गर्नुपर्छ । कसैको प्रतिष्ठा कुरा हुँदैन। कर्णाली बनाउने विषयमा हामी एकजुट हुनुपर्छ । कुनै दिन मैले उठाएको थिए । महोदय,सीमाको रक्षा गर्नु हाम्रो दायित्व हो कि होइन । अन्तर्राष्ट्रिय सीमाको विषयमा संघीय सरकारको दायित्वभित्र पर्ला । छानबिन समिति बनाउ भन्नु के अपराध हो । अन्त्यमा लोकतन्त्र र संस्कारको कुरा गर्ने हो भने त्यो संस्कार नभुलियोस् । हामीले भुल्नेहरूले त भुलेछौं । सुझ र बुझ भएकोहरूले चाहिँ नभुलोस भन्ने कुरा राख्दै पुनः यो नीति तथा कार्यक्रम सुदृढ होस भन्दै विकासको क्रममा एक भएर जानेछौं । अब मास्टर प्लान बनाएर जानुपर्छ भन्दै अघि बढौं भन्दा सभामुख महोदयले जुन मलाई बोल्ने मौका दिनुभयो । त्यसको लागि हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु, जय नेपाल ।

**माननीयमाननीय सभामुखः**-माननीय श्री बद्मी क्वारी बोहोरा

**माननीय श्री बद्मी क्वारी बोहोराः-** सभामुख महोदय,आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम,आठौं अधिवेशनको आठौं बैठकमा आफ्नो केही विचार राख्नुभन्दा पहिले कोरोना भाइरस संक्रमणले विश्वलाई नै आक्रान्त बनाइरहेको छ । कोभिडबाट मृत्युवरण हुनेहरू प्रति मेरो तर्फबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । कोरोनासँग भिडिरहेका सम्पूर्णमा पूर्ण स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । सभामुख महोदय,आज हामी चौथो वर्षमा प्रवेश गरेका छौं र आगामी आवको नीति तथा कार्यक्रममा भाग लिइरहेका छौं । मलाई पनि मेरो विचार राख्ने अवसर दिनु भएकोमा सभामुखज्यूलाई धन्यवाद प्रकट गर्न चाहन्छु । हिजो हाम्रो दुई तिहाईको सरकार थियो । आज हामी प्रतिपक्ष भएका छौं । सत्तामा हुँदा सत्ताको पक्षमा बोल्थ्यौ । अहिले प्रतिपक्ष भएका छौं । त्यहीं अनुसार बोल्नुपर्ने हुन्छ । हिजो पनि सही कुराको समर्थन गरेकै हो । आज पनि हामी सरकारले गरेका सबै काम गलत छन् भन्ने सक्दैनौ । यसमा म के भन्न चाहन्छु भने,तीन वर्षे कार्यकालमा धेरै कुरा अनुभव गरिसकेका छौं । सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेट हेर्दा सुन्दर देखिने तर उपभोग गर्दा हाम्रो परम्परा त्यति राम्रो छैन । हामीले गरिबीका नाउमा पूर्व कर्णालीका नाउँमा,भूगोल,जनजाति र दलितका नाउमा बजेट

छुटयाउने गर्नु भएको छ। जुन हात्तीको देखाउने दाँत जस्तै मात्रै हो । हामीले राम्रो नीति तथा कार्यक्रम ल्याउनुहोस् भन्दा पनि हाम्रो माग सुनुवाइ भएन । हामी अहिले पनि चुनाव प्रणालीको मार छौं । आज पनि बजेट छुटयाउने देखि गरिने व्यवहारसम्म प्रत्यक्ष र समानुपातिक भन्ने सम्म छ । समानुपातिक सांसदहरूलाई हिजो देखि नै अन्यायमा पार्ने काम भइरहेको छ। यो पटक पनि त्यो दोहोरिएको छ ।म भन्न चाहन्छु,सरकारमा सहभागी हुनुभएका साथीहरूका हिजोका हैसियत के थिए । प्रदेश सरकारको पहिलो बैठकमा पाहिला टेक्दा खेरिको हैसियत के थियो । अहिले ती मानिसहरूका हैसियत के भएका छन् । हामीले देखिराखेका छौं । हामीले पार्टी हाम्रो हो । नीति नियम र पार्टीको पद्धतीमा आउँलान भन्ने सोचेका थियो । त्यतिबेला हामीले केहीपनि विरोध जनाएनौं तर कुकुरको पुच्छर बाह्र ढुंग्रोमा राख्यो जस्ताको त्यस्तै भनेझै हिजो पनि त्यहीं थियो आज पनि त्यहीं छ । जिल्ला जिल्लामा योजना कार्यन्वयनको अवस्था हेर्दा सबैले हामीलाई गिज्याउँछन् । उदाहरणका लागि डोल्पा जिल्लाको हाइटेक नर्सरीलाई लिँदा पनि काफी हुन्छ ।

विकास सरकारको प्राथमिकता हुनुपर्ने हो त्यो देखिन सकेको छैन । अहिले पनि कार्यकर्ता र पार्टी निकटलाई बजेट बाड्ने प्रचलनको अन्त्य हुन जरुरी छ । यसमा सरकारले ध्यान दिनैपर्छ । हिजो दुईतिहाईको सरकार थियो । अहिले कलमी सरकार भएको छ । हाम्रो तिर फलफूल खेती गर्दा बोट सुक्यो भने कलमी लगाउने चलन छ । संघीय र प्रदेश सरकारको हालत उस्तै रहेको छ । माथि कै सिस्टम यहाँ लगाउने चलन जस्तै भएको छ । यो हाम्रो लागि राम्रो कुरा होइन । जनतालाई अहिलेसम्म पनि प्रतिफल दिन सकिएको छैन । हामीले जनताले प्रतिफल पाउने गरी काम गर्नुको विकल्प छैन । यहाँ अहिले जुन तरिकाले सरकारले नीति तथा कार्यक्रम ल्याएको छ । युद्ध संग्रहालय,युद्ध पर्यटन मार्ग भनिएको छ ।वर्षेनी नयाँ नयाँ शब्द ल्याउँछ । यी शब्द किनेर ल्याइएको हो कि सापटी गरेको ल्याइएको हो । सरकारले ल्याएको नीति तथा कार्यक्रम अहिले नै यसरी जान्छ भन्ने कुरा हामीले अन्दाज गरेका छेनौ । जनताका लागि खर्च हुन्छ कि नेताका लागि खर्च हुन्छ त्यो कुरा हेर्न बाँकी रहेको छ । नीति तथा कार्यक्रम र बजेट निमुखा जनताको लागि खर्च होस भन्ने कामनाका साथ मेरो भनाइ यहीं टुंग्याउँछु । हवस्त धन्यवाद ।

**माननीयमाननीय सभामुखः**-माननीय श्री गणेशप्रसाद सिंह,समय सात मिनेट,त्यसपछि माननीय कृष्णा शाह तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री गणेशप्रसाद सिंहः**- माननीयसभामुखज्यू,कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम माथि मेरा केही धारणा र सुझाव राख्न चाहन्छु। विश्वभरी फैलिएको कोरोना संक्रमण र त्यसको दोस्रो लहरका कारण सिंगो देश र हाम्रो कर्णाली प्रदेश पनि आक्रान्त छ । कोरोनाका कारण ज्यान गुमाउनुहुने वर्तमान

तथा भुपु जनप्रतिनिधिज्यूहरू,समाजसेवी,बुद्धिजीवी तथा सर्वसाधारणहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । साथै शोकाकुल परिवारजनहरूमा गहिरो समवेदना प्रकट गर्न चाहन्छु । संक्रमित हाम्रै प्रदेशका सांसद माननीय हिमबहादुर शाही,माननीय चन्द्रबहादुर शाही लगायत कर्णाली र देशवासीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । नीति तथा कार्यक्रममा शिक्षा,स्वास्थ्य,रोजगार,दिगो विकासका लागि समृद्धि भन्ने मूल नारासहित आएको छ । नीति तथा कार्यक्रम ४४ पेज ४६ बुँदामा आएको छ । तत्कालीन,दीर्घकालीन महत्त्वका सबालहरू कैयौं राम्रा नीतिमा समेटिएको छ । साथै कर्णालीको पानी,जनताको लगानी कार्यक्रममा फुकोट कर्णाली,भेरी बबई डाइभर्सन लगायत प्रदेश सरकारले सेयर लगानी गर्ने कुरा उठाएको छ ।

यसको लागि म धन्यवाद दिन चाहन्छु । रुकुम र जाजरकोटमा युद्ध संग्रहालय बनाउने भनेको छ । यसको लागि स्वागत गर्न चाहन्छु । यो व्यवस्थाको लागि ज्यानको कुर्वानी गर्नुहुने त्यतिबेलाका महान सहिदहरूप्रति सम्मान भएको ठान्छु । मेरो सुझाव छ,कर्णालीवासीको जीवन रक्षाको लागि छिटोभन्दा छिटो कोभिड-१९ को खोप जनतालाई लगाउन सरकारले पहल थाल्नुपर्छ । यो नीति तथा कार्यक्रममा सानदार कुरा आएको छ। हामी कोभिड जित्छौं । यसको प्रक्रिया र माध्यम भनेको कर्णालीवासीलाई खोप लगाउने नै होला । कर्णाली प्रदेश अस्पतालबाट १० वटै जिल्लामा अक्सिजन पठाउँदा राम्रै होला । किनकि जाजरकोटका मानिसहरू नेपालगन्जमा अक्सिजन किन्न जाँदा तपाईंहरू कर्णालीमा व्यवस्थापन गर्नुहोस् न भन्छन् । गरिबी निवारण तथा आयआर्जन,मध्यम वर्गीय उत्थानका लागि आर्थिक समृद्धिको कार्यक्रम व्यक्ति,समूह,सहकारी र निजी कम्पनी स्तरमा सहुलियत कर्जा २,७ र १५ लाख राख्ने व्यवस्था गर्दा राम्रो होला । बारेकोट फलाम खानी आजभन्दा ४० वर्ष अघिदेखि पुरिएर राखिएको छ । त्यसको उत्खनन् र प्रशोधन प्रक्रिया अघि बढाइनेछ भनेर राख्दा राम्रो होला । विपद् व्यवस्थापन कोष पनि १० वटै जिल्लामा देखिने गरी राख्दा राम्रो होला ।

विगतका वर्षमा कालिकोट र जाजरकोटमा विपद्का कारण ज्यान गुमाउनु परेको स्थिति छ । जनता सडक लोकप्रिय कार्यक्रम हो । यो लोकप्रिय कार्यक्रमलाई निरन्तरता प्रदान गर्न म सरकारलाई सुझाव दिन चाहन्छु । किनकि जाजरकोटबाट जुम्ला जानको लागि हिड्ने क्रम जारी छ । त्यसलाई संघीय सरकारले लुम्बिनी रारा सर्किट समेत बेला बेलामा भन्ने गरेको छ । त्यसलाई निरन्तरता दिन आग्रह गर्न चाहन्छु । भौतिक विकास पूर्वाधार कोषलाई निर्वाचन क्षेत्र विकास कोष भनेर नीति तथा कार्यक्रममा राख्न म विशेष अनुरोध गर्दछु । नीति तथा कार्यक्रम अनुसार बजेट बाँडफाँड तथा विनियोजन गरेर सम्बोधन गर्ने कुरा,बजेट कार्यन्वयन प्रणाली बलियो होस भन्ने मेरो चाहना छ । अव्यावहारिक कार्यविधि,समय सापेक्ष सुधार र संशोधन गरेर सरल ढंगबाट जनताले

कार्यविधिमा टेकेर काम गर्ने वातावरण मिलाइयोस् । मैले दस्तावेजमा के भन्न चाहन्छु भन्दा खेरि गत सालपनि एक स्थानीय तह एक अन्न भकारी आएको थियो । के कारणले यो वर्ष कार्यन्वयन भएन यो वर्ष भने पक्कै कार्यन्वयन होस् भन्न चाहन्छु । कर्णाली राजमार्ग,मध्येपहाडी लोकमार्ग भनेर राखिएको छ । यसमा भेरी करिडोर पनि समावेश गरियोस्। जुम्ला र जाजरकोटमा पर्ने धार्मिक स्थलको प्रसारको लागि उचित ध्यान दिन आग्रह गर्न चाहन्छु । यसलाई १ सय १ गन्तव्यमा समावेश गरियोस् । मैले लगातार यो विषय उठाइरहेको छु । सरकारले यो विषयलाई गम्भीरतापूर्वक नलिँदा म दुःखी पनि भएको छु। जाजरकोटी र जुम्ली जनता पनि दुःखी छन् ।अर्को कुरा कर्णाली प्रदेशमा विशेष सुझाव हो,विद्युत प्राधिकरणबाट विद्युत प्रवाह गरिने कुरा टेलिकम टावरको कुरा रहेको छ तर अहिले पनि कोभिड कहरमा छौँ । हाम्रोतिर अर्को टेलिकम कहर पनि छ। प्रदेशका कुनै पनि ठाउँमा भनेको बेला टेलिफोनको टावर आउने अवस्था छैन । बिजुलीको समेत अभाव छ । केन्द्र सरकारले टेन्डर गरेको पोलहरू खोलामा पुरिएका छन् । यस्ता कुरामा अनुगमन गर्नुपर्छ ।यो प्रदेशको केही भूमिका हुन्छ कि प्रदेश सरकारले सहकार्य गर्नुपर्छ यसमा पहल गरियोस् । यति भन्दै बिदा हुन्छु, धन्यवाद ।

**माननीयमाननीय सभामुखः-** माननीय श्री कृष्णा शाह आचार्य समय सात मिनेट त्यसपछि माननीय श्री दानसिंह परियार तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री कृष्णा शाह आचार्यः-** सभामुख महोदय,आज हामी आठौं अधिवेशनको आठौं बैठकमा छौं र आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम माथि दोस्रो दिनमा छलफल गरिरहेका छौं । यो विषम परिस्थितिमा पनि नीति तथा कार्यक्रम ल्याउने सरकार र यस्तो अवस्थामा पनि नीति तथा कार्यक्रम ल्याउन सहयोग गर्नुहुने जिम्मेवार प्रतिपक्षलाई पनि म धन्यवाद दिन चाहन्छु । सरकारले नीति तथा कार्यक्रम बोलेको प्राथमिकताहरू अहिलेको अवस्थामा सही नै छन् भन्ने मैले ठानेको छु । सरकारले पहिलो प्राथमिकतामा स्वास्थ्य क्षेत्रलाई राखेको छ । हाम्रो गएगुज्रेको स्वास्थ्य प्रणालीलाई सुधार गर्ने यो अवसर पनि हो । सभामुख महोदय,स्वास्थ्य क्षेत्रमा नयाँ संरचना निर्माणदेखि लिएर भएका संरचनाको स्तरोन्नति,दक्ष जनशक्तिको व्यवस्थापन कुरा बोलिएको छ । यो अहिलेको जनताको जिउधनसँग जोडिएको विषय पनि हो ।

नीति तथा कार्यक्रमले अर्को महत्त्वपूर्ण रणनैतिक कुरा के बोलेको छ भने,वीरेन्द्रनगरमा ५ सय शैय्याको कोभिड अस्पताल निर्माण गर्ने,कर्णालीवासी सबैलाई खोप लगाउने र प्रत्येक जिल्लामा सरुवा रोग अस्पताल निर्माण गर्ने जस्ता निकै महन्तवपूर्ण विषय आएका छन् । सभामुख महोदय,पहिलो चरणको कोरोना संक्रमणलाई व्यवस्थापन गरेको भए,आज हाम्रा लासहरू ट्याक्टरमा ओर्सानु पर्ने अवस्था आउने थिएन । त्यसैले हाम्रो कमजोर स्वास्थ्य अवस्थालाई सुधार गर्नको लागि सरकार अघि बढ्नुपर्ने छ । अब हामी त्यसैगरी उद्योग,वन,वातावरण र कृषि क्षेत्रको बजार प्रवर्धन

गरेर रोजगारी सिर्जना गर्ने नीति लिइएको छ । त्यसैगरी पशुजन्य कुरामा प्रदेश आत्मनिर्भर बन्ने कुरा गरिएको छ । सार्वजनिक शिक्षा सुधार अभियान अन्तर्गत शैक्षिक सुधार कार्यक्रम आजको आवश्यकता हो । हिमाली र विकट पहाडी क्षेत्रमा आवासीय विद्यालय निर्माण गर्ने कुराले निरन्तरता पाउनु राम्रो पक्ष हो भन्ने मलाई लागेको छ । छोरी बुहारी छात्रवृत्ति कार्यक्रमले निरन्तरता पाउनु भनेको छोरी र महिलाहरूको प्राविधिक शिक्षामा पहुँच बढाउनु हो र प्रदेशमा पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गर्ने कुरा कर्णाली प्रदेशका लागि राम्रो र दीर्घकालीन सोच र विचारका साथमा आएको छ भन्ने मलाई लागेको छ । त्यसैगरी कर्णालीका हरेक क्षेत्रहरूऊर्जा, रोड, खानेपानी, खाद्य,सांस्कृतिक,सामाजिक क्षेत्र,सिँचाइ,आदी सबैतिर अथाह सम्भावनाहरूको सही व्यवस्थापन गर्न त्यसको पहिचान गरेर कर्णालीवासीको जीवन परिवर्तन गर्ने,कर्णालीलाई समृद्धि र सुखी बनाउने भन्ने कुरामा जोड दिंदै नीति तथा कार्यक्रम सुन्दर र स्पष्ट ढंगले आएको छ । नीति तथा कार्यक्रमले सही दिशा पगडेको छ । नीति तथा कार्यक्रम कर्णालीवासीका आशाहरूलाई कसरी समेट्ने भन्ने भावनासहित आएको मलाई लागेको छ । सभामुख महोदय,तर नीति तथा कार्यक्रम आउने र ल्याउने कुरा मुख्य कुरा होइन । महत्त्वपूर्ण त त्यो नीति तथा कार्यक्रम सही ढंगले कार्यन्वयन हुन्छ कि हुँदैन भन्ने नै हो । परिणाम देखिएपछि मात्र त्यसको महत्त्व र सार्थकता हुने कुरा अपिल गर्न चाहन्छु । नीति तथा कार्यक्रम अनुसार बजेट आउनुपर्छ, कार्यन्वयन हुनुपर्छ, त्यो परिणाममूखी हुनुपर्छ, परिवर्तन आउनुपर्छ । कर्णालीमा कार्यन्वयन मुख्य समस्याका रूपमा रहेको छ । त्यसलाई कसरी हल गर्ने त्यो चुनौतीको विषय बनेको छ ।

प्रदेश सरकारका त आफ्ना समस्या ज्यूँकात्यूँछँदैछन् तर मलाई के लाग्छ भने कर्णालीलाई सुखी र समृद्ध बनाउन संघीय सरकारको पनि उत्तिकै भूमिका महत्त्वपूर्ण हुन्छ तर संघीय सरकारले कर्णालीलाई बेवास्ता गरिरहेको छ, विभेद गरिरहेको छ । संघीय सरकारको बजेट सिलिङ हेर्ने हो भने झापाको एक निर्वाचन क्षेत्र जति बजेट कर्णालीमा आउँदैन किन ? यो कसले बोल्दिने । संघीय सरकार आज पनि कर्णालीको सुचांक बदलियोस् भन्ने चाहदैन । यसैगरी प्रदेश संरचनामा गइसकेपछि पनि प्रदेशलाई अधिकार दिन सकिरहेको छैन । अनि कसरी हुन्छ कर्णालीको विकास । सभामुख महोदय,म के कुरा राख्न चाहन्छु भने जनयुद्ध,जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनमा सहादत प्राप्त गर्ने सहिदकासन्ततिहरूलाई सहिद स्मृति भत्ता मासिक रु. दुई हजार उपलब्ध गराइनेछ। त्यसैगरी जनयुद्ध,जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका घाइतेहरूलाई अधिकतम २ हजार उपलब्ध गराउने भन्ने छ । पक्कै पनि यो राज्यको दायित्वभित्र पर्छ । हिजो युद्ध हुनु,सशस्त्र आन्दोलन हुनु रहर होइन यो परिस्थितिको उपज हो । त्यसैले हामी मानव अधिकार मान्छौं,मानव अधिकारको कुरालाई आत्मसातगर्छौं । जनप्रतिनिधिको हिसाबले हामीले पनि दायित्व वहन गर्नुपर्छ । नीतिमा अंक नै तोकिएको छ । यो बजेटमा आउने कुरा हो यसलाई सच्याइनुपर्छ अन्यथा यो

लागू गर्नुपर्छ भन्ने मेरो सुझाव हो । सुझाव राख्दा कोरोनालाई बेवास्ता नगरियोस् । अब कर्णालीको स्वास्थ्य क्षेत्रलाई मजबुत बनाउन सरकार अगाडि बढ्नुपर्छ । गाउँका अस्पतालहरूमा भेल्टिलेटर पुऱ्याउने र देखाउने मात्रै होइन सञ्चालन गर्न दक्ष जनशक्ति व्यवस्थापन गर्न सरकारले ध्यान दिनुपर्छ । नीति तथा कार्यक्रमलाई बजेटमा बदल्ने र बजेटलाई कार्यन्वयन गर्न परिणाममूखी बनाउन सरकार लागिपर्नुपर्छ । जनता आवास कार्य रहेको छ । यो जनता रुवावास कार्यक्रम भइरहेको छ । यसलाई सरकारले गम्भीरतापूर्वक लियोस् कि यसलाई सही ढंगले सञ्चालन गरौं होइन भने खारेज गरौं भन्ने मेरो राय रहेको छ र ४१ र ४२ बुँदा दोहोरिएको छ । यसलाई सच्याइयोस् बजेटमा यो कुरा आयो भने ठूलो भूल हुनेछ । आज आम कर्णालीवासीले खोपको आशा गरिरहेका छन् । कर्णालीवासी नागरिकको कर्णाली पूर्ण खोपको व्यवस्था गरिनुपर्छ । बाटो र खानेपानी निर्माण भन्दा पनि कोभिड नियन्त्रणमा सरकारको ध्यान जानुपर्छ । हामी जुनसुकै दलबाट प्रतिनिधि गरेपनि कर्णाली समृद्धिको एउटौ ढुंगामा छौं । त्यसलाई सजिलै पार लगाउने वा डुबाउने सबै हाम्रो हातमा छ । त्यसतर्फ गम्भीर हुन जरुरी देखिन्छ । यति भन्दै मैले आफ्ना कुरा यहीं अन्त्य गरेर धन्यवाद ।

**माननीयमाननीय सभामुखः**-माननीय श्री दानसिंह परियार त्यसपछि माननीय श्री नरेश भण्डारी तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री दानसिंह परियारः**- सभामुख महोदय,आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रममा आफ्नो धारणा राख्न गइरहेको छु । नीति तथा कार्यक्रमका विषयमा धेरै विषय आइसकेका छन् । यस्तै नीति तथा कार्यक्रम के हुने भन्ने विषयमा नेकपा एमाले संसदीय दलको तर्फबाट १९ बुँदे प्रस्ताव मुख्यमन्त्रीज्यूलाई बुझाइसकेका छौं । यस विषयमा धेरै चर्चा गर्न चाहन्नँ । पहिलो कुरा त यहाँ प्रश्न उठिसकेको छ । हामीले गरेको नीति तथा कार्यक्रमले पूर्णता पाउने हो कि होइन । परिस्थिति अर्कै निर्माण भइसकेको छ। हामीले सरकार कसरी गठन गऱ्यौं। सत्ता र शक्तिको लागि जस्तोसुकै पनि सौदावाजी गर्न सकिने रहेछ । यसले कर्णालीको राजनीतिको विषयमा चर्चा र परिचर्चा भइसकेको छ। चार वर्ष भइसक्यो । हिजो हामी सत्तामा हुँदा पनि बोल्यौ । आज प्रतिपक्षमा छौं । अहिले नीति तथा कार्यक्रमको विषयमा छलफल भइरहेको छ । अहिलेसम्म राम्रो आभास हामीले गरेका छैनौं । धेरैले भन्छन् विपक्षको धारणा के हो । पूर्वाग्राहको अभिव्यक्ति हो कि तर त्यो होइन । कर्णालीको ५२ प्रतिशत बहुआयामिक गरिबी तीन वर्षको अवधिमा कति घट्यो सोध्नुपर्ने होला नी । यो समीक्षाको विषय भन्ने कि नबन्ने । कर्णालीको बेरोजगारीको मुद्दा हामीले सम्बोधन गर्न सक्यौं । यहाँ उत्पीडितहरूको मुद्दासम्बोधनगऱ्यो त । गत वर्षको नीति तथा कार्यक्रमका विषयमा पनि पाँच वटा कुरा राखेको थिएँ। आज पनि फेरि त्यो कुरा दोहोऱ्याउन चाहन्छु । मैले भनेको थिए, पहिलो सम्भावना विद्युत हो । ५० प्रतिशत जनता र ५० प्रतिशत राज्यको लगानीबाट विद्युत उत्पादन गरौं । एक स्थानीय तह एक

उद्योग,कृषि क्रान्तिका उत्पादन र ढुवानीमा लगानी गरौं,यस्तै कर्णालीको विकासका लागि प्राविधिक शिक्षालाई जोड दिउ र  पर्यटनलाई प्रवर्धनगरौं भनेको थिए । मैले विश्वको गन्तव्य कर्णाली,कर्णालीको गन्तव्य रारा भन्ने नारा तय गरौं। यसको प्रवर्धनमा राज्यबाट कार्यक्रम ल्यायौं तर कुनै पनि कुरा सम्बोधन भएन ।  पछिल्लो समय त कर्णालीमा भिजन नै नभएका सांसदहरू छन् भने आरोप लाग्ने गरेको छ । व्यवस्था त परिवर्तन भयो । पात्र यहींभए पनि सोचेको जस्तो विकास हुँदो रहेनछ भन्ने कुरा पुष्टि भएको छ । कर्णालीभित्रको सामन्तवाद यहाँको विकास नहुनुको कारण हो ।  यहाँभित्रको दलाल चरित्र थियो । कर्णालीभित्रको शासकीय सामन्तीपन थियो । यहाँ भित्रको विभेद र असमानता थियो । यहाँ धेरै कुरा आए । मत सुन्दै छु जनता सडक कार्यक्रम यो पटक समावेश भएको छैन । मुख्यमन्त्री कार्यक्रमको अहिलेसम्म अख्तियारी गएको छैन । कर्णाली उज्यालो कार्यक्रम कता छ । एकीकृत बस्ती विकास कार्यक्रम कता छन् । हामीले भनेको नाटकीय अर्गानिकका नारा कता गए । डिजिटल प्रदेशका कुरा कहाँ हराए । यहाँ केही कुरा भइराखेको छैन । बजेट निर्माण गर्ने कुनै सूचक नै छैन । भोलि बजेट आउँदैछ । अहिलेसम्म हामीलाई केही पनि थाहा छैन ।  बिचौलियाहरू दलालहरू मन्त्रालय वरिपरि घुमिरहेका छन् । बजेट बनाउँदा प्रतिपक्षलाई थाहै छैन । शिक्षा क्षेत्रमा गर्न खोजेको के हो । कृषिमा हामी के गर्न खोजिरहेका छौं ।  स्वास्थ्य क्षेत्रमा के के नयाँ कुरा गर्ने । पर्यटन प्रवर्धनको लागि हाम्रो सोच के हो । हिजो बजेट निर्माणको लागि षडयन्त्र भयो ।

अन्तिममा रकमान्तरमा घोटाला गर्ने । हामीले धेरै पटक कोरोनाका कुरा गर्‍यौं। जनताले एउटा मास्क पाएका छैनन् । हामीले सुर्खेतमा ५ सय शैय्याको अस्पताल बनाउने नीति लिइरहेका छौं । हावा नीति कार्यक्रम ल्याइएको छ । कसैले पत्याउनेवाला छैन। साँच्चिकै कर्णाली प्रदेशबाट हामीले मास्क दिएका छौं त हिजो आज सुनिदैछ । ४० लाखको अक्सिजन प्लान्टमा कमिसनको खेल भइरहेको छ । ५ लाख पढ्नेलाई ४० लाखको बील पेस भइसक्यो । नीति तथा कार्यक्रमको कुनै पनि गन्तव्य छैन । न यो कार्यक्रमले उद्योगलाई सम्बोधन गरेको छ । न त उत्पादनमा जोड दिइएको छ ।  नत बेरोजगार मैत्री छ । न त आम उत्पीडितका समस्या समाधानको लागि केही कुरा बोलेको छ । दलित समुदायको लागि गत वर्ष केही रकम छुट्याइएको थियो । आज मात्रै अख्तियारी जाँदैछ रे । जन अपेक्षा अनुसार काम भएकि भएनन् । नीति तथा कार्यक्रम आएकि आएनन् । खै त गरिबी अन्त्यको कुरा । त्यसका लागि योजना र नीति ।  यो नीति तथा कार्यक्रमले कुन पनि विषयबस्तुलाई छुनेवाला छैन । यसो कोरोनाको नाम देखाउने पैसा खाने । हामीले १९ बुँदै माग मुख्मन्त्रीलाई बुझायौं । धेरेले जिल्ला निर्वाचन क्षेत्रको विषयमा लडिरहेको छौं, गौरवका आयोजनाका विषयमा के गरौं भन्नुभयो ।  मेरो अपील छ यो वर्षको बजेट यो सरकारले ल्याउने हो कि होइन त्यो कन्फ्युजन छ । हामी त्यतातिर पनि अभ्यासमा छौं । तपाईंहरूले सरकार बनाउन

जस्तो सुकै हर्कत गर्न तयार भएपछि हामी पनि लागिरहेका छौं । सत्ता र शक्तिका लागि हामी जे पनि गर्न तयार हुने विकासको लागि तयार नहुने यो कस्तो राजनीति,यो कस्तो सरकार हाम्रो । यो नीति तथा कार्यक्रम कर्णालीको जनताको अहितमा छ है । न यसले वर्गीय हिसाबमा सम्बोधन गर्छ । न यसले सामाजिक रूपान्तरणको नेतृत्व गर्छ न त गौरवका आयोजनाको नेतृत्व गर्छ । न कोरोनाका विषयमा ठोस कार्यक्रम तय गर्न सकिएको छ । यसमा नेकपा एमालेको गम्भीर ध्यानाकर्षण भएको छ । यदि भोलि बजेटमा असन्तुलन भयो भने त्यसपछि के के हुन्छ । यो वर्ष डल्लो बजेट पास हुनेवाला छैन । मुख्यमन्त्री रोजगार कार्यक्रम भन्ने करोडौं पैसा छुट्याउने,अन्तिममा जहाँ मन लाग्छ त्यहीं खर्च गर्ने । आज जसरी बिचौलिया हाबी भइरहेका छन् । जसरी बजेट दुरूपयोग गर्न प्रोपोगाण्डा रचिएको छ । यस्ता षडयन्त्र कदापि सफल हुनेवाला छैन । हुने दिइने छैन । हामीले नजिकबाट नियालेका छौं । अहिले पनि कर्णालीका नागरिक भोकमरीमा परेर मर्नुपर्ने अवस्था छ । अहिले पनि कर्णालीका हजारौं युवा कालापहाड किन जानु परिरहेको छ । आज पनि कर्णालीका नागरिकले उच्च शिक्षा हासिल गर्न नसक्नुको कारण के हो । आज पनि प्राकृतिक स्रोत साधनलाई प्रयोग गर्न सकिरहेको छैन । अन्तिममा नीति तथा कार्यक्रममा धेरै कुरालाई सम्बोधन गर्नुपर्नेछ । नीति तथा कार्यक्रममा गौरवका आयोजना समेटिएनन् भने नीति तथा कार्यक्रम पास हुँदैन । यदि भन्दै विदा हुन्छु, धन्यवाद नमस्कार ।

**माननीय सभामुखः**-माननीय श्री नरेश भण्डारी त्यसपछि माननीय श्री कौशिलावती खत्री तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री नरेश भण्डारीः**-माननीय सभामुख महोदय,स्वास्थ्य,शिक्षा,उत्पादन र रोजगारः दिगो विकास र समृद्धिको लागि पूर्वाधार भन्ने मूल ध्येयका साथ प्रस्तुत कर्णाली प्रदेश सरकारकोआर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमको मूल स्प्रिटप्रति ऐक्यवद्धता जाहेर गर्न चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रम फगत शब्द सँगालो होइन यो कर्णालीवासीको भविष्य रेखाङ्कन गर्ने आधिकारिक दस्तावेज हो । दस्तावेजका हरेक शब्द र हरफसँग प्रदेशको समृद्धि जोडिएको छ । यस उपर प्रस्तुत राय,सुझाव,जिज्ञासा,अभिमत र दृष्टिकोणको ज्यादै गम्भीर र संवेदनशील अर्थ हुन्छ ।

नीति तथा कार्यक्रमलाई मानव शरीरसँग तुलना गर्ने हो यो नशा र शासनयुक्त मानव शरीरको अस्थिपञ्जर जस्तै हो । मासु र केही अंग भर्न बाँकी नै छ । बजेटले मासुको तथा संरचना,कार्यविधि,मापदण्ड र निर्देशिकाले अन्य अंगको भूमिका निर्वाह गर्नेछ । सन् १७८७ देखि संयुक्त राज्य अमेरिकाबाट सुरुवात भएको संघीयता विश्वका २९ भन्दा बढी मुलुकहरूमा स्थापित भएको छ । जुन विश्वको कुल जनसंख्याको ४० प्रतिशत हो । हामी नेपालमा संघीयता कार्यान्वयनको प्रारम्भिक अवस्थामा छौं ।

परिपक्वता हासिल गर्ने क्रममा छौं । कुनै पनि जीवन,बस्तु र दस्तावेज आफैंमा पूर्ण हुँदैन । निःसन्देह नीति तथा कार्यक्रम त्यसबाट अछुतो छैन ।

केही सीमा र अभावका अतिरिक्त सापेक्षिक समृद्ध दस्तावेज हो यो । जसरी भट्टीमा सुन खारिन्छ,त्यसरीनै यस सम्मानित सदनमा राजनीतिक शास्त्रीय,अर्थशास्त्रीय,समाजशास्त्रीय,मानवशास्त्रीय कोणबाट व्यक्त धारणाले नीति तथा कार्यक्रम खारिएर परिष्कृत,परिमार्जित र समृद्ध हुनेमा विश्वस्त छुँ । स्वप्नद्रष्टा लेनिनले सपना देख्न प्रेरित गरेका छन् । महाकवि देवकोटाले लाक्षणिकरूपमा भनेका छन्,उद्देश्य के लिनु उडी छुनु चन्द्र एक । नीति तथा कार्यक्रमले त्यहीं स्प्रिटलाई पकड्नै पर्दछ । प्रस्तुत नीति तथा कार्यक्रमलाई त्यो दिशातिर अभिमुख गरेकोमा कर्णाली प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु ।

माननीय सभामुख महोदय,नीति कार्यक्रम जादुको छडी होइन,ताकिक्षणभरमा कर्णालीको कायापलट होस्। यसले कार्यान्वयनको माग गर्छ । प्रभावकारी कार्यान्वयन पश्चात दस्तावेजको थप औचित्य पुष्टि हुनेछ ।

नीति तथा कार्यक्रमका सन्दर्भमा मेरो मस्तिष्कमा केही दृश्यहरू क्यामेराको रिलझैं नाचिरहे,नाचिरहेका छन् । उपचारको अभावमा मृत्यु कुरेर बस्न विवश अस्वस्थ बृद्ध,गुणस्तरयुक्त शिक्षाबाट वञ्चित भविष्यको कर्णाधार अबोध बालक,करिब ५ हजार वर्ष पुरानो हलोले आफ्नो बाँझो जीवन जोतिरहेको किसान,खाडीमा सुन फलाइरहेको असीमित क्षमतायुक्त युवा,हाम्रो शिर उचो राख्ने सम्भावनायुक्त खेलाडी,संघीयता प्राप्तिका लागि अमरत्व हासिल गर्ने सहिद तथा बेपत्ता योद्धाका परिवार,बैसाखीको सहारामा जिइरहेका घाइते योद्धा,हजारौं मेघावाट बत्ती बनेर खेर गरहेको कर्णाली,भेरी र राप्ती नदीहरू,सुन भन्दा महंगा जडीबुटी,पींधमा डलर थेग्रिएका राराहरू,संघीय नजर,कर्मचारीतन्त्र र जन सपनाको नेतृत्व गर्ने जनप्रतिनिधि ।

माननीय सभामुख महोदय,तत्पश्चात नजर दौडाएँ,नीति तथा कार्यक्रममा । यसका हरफ पल्टाएँ । उत्पीडित,उपेक्षितको अनुहार हेरैं,दस्तावेजको अनुहार हेरैं । दस्तावेजका हरफहरू हेरैं,जनताको भविष्य आँकलन गरैं । जनप्रतिनिधि र कर्मचारीको अनुहार हेरैं,कार्यान्वयनको भविष्य हेरैं । नीति तथा कार्यक्रमको अनुहार हेरैंबजेटको आकार हेरैं । संघीय बजेटको आकार र प्रदेश बजेटको आकार तुलना गरैं । मन कुडियो । मनमनै भने,प्रदेश सरकारको यति कम बजेट, एउटै संघीय मन्त्रालयको खरबभन्दा ज्यादा बजेट,

एकातिर प्रदेश सरकारको करिब ३० अरब बजेट,अर्कातिर पिछडिएको कर्णाली प्रदेशका जनताका असीमित आवश्यकता र चुलिदो आकांक्षा सोचमग्न भएँ । आफैंलाई सोधें,के यो दस्तावेजले उनीहरूलाई न्याय गर्न सक्छ ।दस्तावेजले समृद्ध कर्णाली,सुखारी

कर्णालीवासीको संकल्प सार्थक बनाउन योगदान गर्ला नीति तथा कार्यक्रममा कर्णालीवासीले आफ्नो भविष्य भेट्टाउछ वा भेट्टाउदैन। सोचैं,बजेट सबथोक होइन ।

सपना,नीति,कार्यक्रम र योजनाले समृद्धिको उचाइ चुम्न सकिन्छ । नीति तथा कार्यक्रमले प्राप्त सीमित बजेट,संकुचित अधिकार,संरचना र क्षमताबाट जनतालाई न्याय गर्ने र कर्णाली सपना सार्थक पार्ने संकल्प गरेको छ ।

माननीय सभामुख महोदय, हरेक नीति,कार्यक्रम र बजेट प्रस्तुत भइरहँदामूलतः पीडाको नदी भनेर चिनिने ह्वाङ्गहो नदीलाई चिनियाँहरूले सुखको नदीमा परिणत गर्ने असाधारण संकल्पका साथ सुरु गरेको एलो रिभर प्रोजेक्ट मष्तिष्कमा घुमिरहन्छ । ८१ अर्ब डलर लागत अनुमान गरिएको उक्त नदीको एक थोपापनि पानी बाँकी नराखी खानेपानी र सिंचाइमा उपयोग गर्ने लिइएको लक्ष्यले उत्पेरित गर्छ । अन्तरिक्षबाट २ वटा मानव निर्मित संरचना देखिनेछन् । ग्रेटवाल र एलो रिभर प्रोजेक्टको चिनियाँ उच्च महत्त्वकांक्षाले रोमाञ्चित बनाउछ ।

त्यस्तै,२ दशक अगाडिसम्म न आफ्नो खाना,न पानी,न सुन नत मिनरल नभएको केवल बालुवायूक्त धर्ती र भिजन मात्र भएको दुबईको लोभलाग्दो समृद्धि मस्तिष्कमा नाचिरहन्छ । कतिपयले तर्क गर्न सक्छन्,दुबईको समृद्धिको स्रोत तेल हो । यो तर्कमा सत्यता छैन,तेलको रेभ्युनी केवल १ प्रतिशत मात्र छ । दुबैइले Tax Free Economyको नीति अबलम्बन गऱ्यो। Special Economic ZoneरFree Business Marketनिर्माण गऱ्यो। Oil Base Economy लाई Tourism Base EconomyरFinancial Hub Base Economy बनायो ।

दुबई बिश्वको गन्तव्य बनेको छ । दुबईले The Only OneरThe No Oneको सोचका आधारमा विश्वकै अग्लो टावर बुर्ज खलिपा,विश्वकैठूलो सुन बजार,विश्वकैठूलो फुल बगैंचा दुबई मिराकल गार्डेन,विश्वकैठूलो ७ स्टार होटल,विश्वकैठूलो मल दुबई मल जस्ता संरचनाहरू निर्माण गऱ्यो।

- जसले नियम विपरीत काम गर्छ,उसले उच्च फाइन तिर्नु पर्छ । फाइन मार्फत सुशासन सुनिश्चित गरेको छ । अपराध शून्यताको अवस्था छ ।
- सिंगो विश्व आर्थिक मन्दीको चपेटामा परिरहँदा रुसले New Economic Policy अबलम्बन गरेर अर्थतन्त्र मजबुद बनायो ।
- हामीलेपनि चिनियाँ सपनाको प्रतीक एलो रिभर प्रोजेक्ट जस्तो कर्णाली सापेक्षताको महत्त्वाकांक्षी प्रोजेक्ट कर्णाली,राप्ती वा भेरी रिभर प्रोजेक्ट निर्माण गर्ने सपना देख्नुपर्छ । स्वदेशी श्रम,पुँजी तथा विदेशी पुँजी र दक्षताको उपयोग गरेर सिंचाइ,खानेपानी र विद्युतीकरणमार्फत् कर्णाली समृद्धि सम्भव तुल्याउन सक्छौं । २१ औं शताब्दीलाई पानी युद्धको शताब्दी आँकलन गरिएको छ । काकाकुल

विश्व र मुलुकलाई हिमालको कन्चन पानी उपलब्ध गराउने कार्यक्रम नीति तथा कार्यक्रममा समेटिनु पर्दछ ।

माननीय सभामुख महोदय,

- सहिद परिवारलाई मासिक २ हजार र घाइते अपाङ्गता भएका योद्धालाई मासिक अधिकतम २ उपलब्ध गराउने उद्घोष गरेकोमा व्यवस्थाका जन्मदाताप्रति उच्च न्याय उच्च न्याय भएको छ ।
- पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना,कर्णालीको पानी,जनताको लगानी अभियान,कर्णाली कृषि क्षेत्र सहयोग कार्यक्रम जस्ता नयाँ कार्यक्रमले नीति तथा कार्यक्रमको उचाइ बढेको छ ।
- मुख्यमन्त्री रोजगार कार्यक्रम,बैंक खाता छोरीको सुरक्षा जीवनभरिको,मुख्यमन्त्री जीविकोपार्जन कार्यक्रम,खाना,नाना,छाना,छोरी बुहारी छात्रवृत्ति कार्यक्रम जस्ता प्रदेश Flagship कार्यक्रमको निरन्तरताले सरकारप्रति भरोसा जगाएको छ ।
- कर्णाली प्रदेशलाई विशेष प्रदेश घोषणा गरेर विशेष नीति,कार्यक्रम र बजेट व्यवस्थाका साथ Tax Free Investment नीति कार्यान्यवनका लागि संघीय सरकारलाई अनुरोध गर्नु पर्ने ।
- आर्थिक विकासका लागि सुर्खेतमा निर्माणाधीन औद्योगिक क्षेत्र स्थापना र जुम्लामा संघीय सरकाबाट घोषित Special Economic Zone को अवधारण कार्यान्वयनलाईतीव्रता प्रदान गर्नु पर्ने ।
- सन्तुलित विकासको आवश्यकतालाई हृदयंगम गर्दै अलग्गै परियोजनाको स्थापना गरेर हुम्ला,डोल्पाजस्ता अति दुर्गम जिल्लाहरूलाई विकासको मूल प्रवाहमा समाहित गर्ने नीतिलाई प्राथमिकता प्रदान गर्नु पर्ने ।
- स्वास्थ्य संस्थाहरूको क्षमता वृद्धि गर्ने आवश्यकतालाई प्राथमिकता प्रदान गरिएको छ,जुन अत्यावश्यक छ । स्वास्थ्य जनशक्ति व्यवस्थापनका विषयमा दस्तावेज मौन छ । कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र प्रदेश अस्पतालको नेतृत्वदायी भूमिकाले मात्र कर्णालीमा महामारी तथा अन्य स्वास्थ्य समस्यामाथि विजय हासिल गर्न सकिने वास्तविकतालाई प्रस्तुत नीति कार्यक्रमले सम्बोधन गर्नु पर्ने ।
- प्राङ्गारिक कर्णाली अभियानलाई प्रभावकारी बनाउन प्राङ्गारिक विशेष प्याकेज कार्यक्रम निर्माण गरिनु पर्ने ।
- ५ हजार वर्ष पुरानो हलोले थेगीरहेको परम्परागत निर्वाहमूखी उत्पादन प्रणालीको विकल्पमा व्यावसायिक र प्रविधियुक्त कृषि प्रणालीलाई जीवन प्रद्दति बनाउन आवश्यक बजेटसहित नीति र कार्यक्रमलाई उच्च प्राथमिकता दिनु पर्ने ।
- व्यावसायिक खेलाडी उत्पादन गर्न प्रोत्साहित गर्ने उल्लेख गरिएको छ । यसलाई परिणाममूखी बनाउनकालागि जिल्लागत प्रतिनिधित्व सुनिश्चित हुनेगरी प्रतिभाशाली

खेलाडीहरूलाई आवासीय प्रबन्धसहित तालिमको व्यवस्था गर्ने नीति लिइनु पर्दछ ताकि उनीहरूले आफ्नो प्रतिभा मार्फत मुलुक र कर्णालीवासीको शिर उचो बनाउन सकुन् ।

- राजधानी विकासका लागि अलग्गै परियोजना स्थापित गरिनु पर्ने ।
- रारा विकास प्राधिकरण स्थापना गरेर राराको प्रचुर सम्भावनालाई कर्णाली समृद्धिमा प्रतिविम्वित गरिनु पर्ने ।
- साधनस्रोतहरूको न्यायोचित वितरण गरेर समस्त कर्णालीवासीहरूलाई अपनत्वबोध गराउनु पर्ने ।
- सम्पूर्णकर्णालीवासीहरूको सामूहिक विपद् जोखिम दुर्घटना बिमा कार्यक्रमका विषयमा नीति तथा कार्यक्रम मौन देखिन्छ । तसर्थ,यो नमुना कार्यक्रमलाई निरन्तरता दिदै सम्पूर्णकर्णालीवासीहरूको आवासको बिमा गरिनु पर्ने ।

धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री कौशिलावती खत्री समय सात मिनेट,त्यसपछि माननीय श्री विन्दमान विष्ट तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री कौशिलावती खत्रीः**-माननीय सभामुख महोदय,हामी हिजोदेखि कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम माथि छलफल गर्ने क्रममा छौं । सर्वप्रथम त म के भन्न चाहन्छु भने,जसरी कर्णाली प्रदेश सरकार गठन भएको छ। त्यसैगरी नीति तथा कार्यक्रम आएको छ । यसको कुनै नीति धरातल छैन,अन्धाधुन्ध ल्याइएको छ । नीति तथा कार्यक्रममा समावेश बुँदा र हाम्रो आर्थिक हैसियतसँग कुनैपनि कुरामा मेल खादैन । नीति तथा कार्यक्रममा ल्याउँदा सबै पार्टीसँग छलफल भएन। अबको आवश्यकता के हो । विगतमा हामीले गरेका राम्रा र नराम्रा काम के हुन् । त्यसको समीक्षा गर्नुपर्छ कि पर्दैन । कुन कार्यक्रम ल्याउँदा त्यसको प्रभाव के पर्छ,जनताको पक्षमा कस्तो कार्यक्रम ल्याउनुपर्छ कुनै लेखाजोखा नै छैन ।

यो नीति तथा कार्यक्रम कुहिरोमा उडिरहेको काग जस्तो छ । केही नीति तथा कार्यक्रमका बुँदा गन्तव्य विहीन छन् । विभेदकारी छन् र अनउत्पादनमूलक छन् । यसका पुष्टि के हुन् भनेर म माननीयसभामुखमार्फत कर्णाली प्रदेशलाई सुझाव दिन चाहन्छु। मैले यस भने नीति तथा कार्यक्रम विभेदकारी छ यो कसरी छ भने हिमाली क्षेत्रमा भेडा बाख्रा पाल्नेलाई प्रोत्साहन गर्ने भनिएको छ । त्यहीं हिमाली प्रदेशमा चौरी पालन गर्ने र घोडा पालन गर्ने किसान होइनन् । त्यसको अर्थमा यो विभेदकारी छ कि छैन । जीवननिर्वाह भत्ताको परिकल्पना गरिएको छ । सशक्त र अपांगता भएका व्यक्तिलाई। अन्य प्रकृतिबाट जीवनभर अशक्त भएकालाई दिनुपर्छ कि पर्दैन यो विभेदकारी नीतिको अर्को उदारहण हो । कर्णाली करिडोर जस्तै भेरी करिडोरका लागि समेत वृक्षारोपण लगायतका काम गर्नको लागि योजना ल्याइनुपर्ने हो । त्यहाँ जनता नै

नभएको जस्तो गरिएको छ । नीति तथा कार्यक्रममा यस्ता विभेदकारी कार्यक्रम ल्याउनुहुँदैन । अनुत्पादक क्षेत्रमा नीति तथा कार्यक्रम केन्द्रित भएको मैले देखेको छु । जीविकोपार्जन र रोजगारीलाई प्राथमिकता दिएर जनतालाई उत्साहित पार्नु भन्दा पशुपतिको यात्रा सिद्राको व्यापार भने झै नीतिगत रूपमा अमूक कार्यकर्ता भरणपोषण गर्ने हिसाबले आएको छ । यस्ता कार्यक्रमबाट कर्णालीवासीलाई कसरी न्याय दिन सकिन्छ । मेरो प्रश्न,समृद्ध कर्णाली र सुखारी कर्णालीवासी कसरी हुन सक्छ । यस्ता कार्यक्रम सच्याउन आवश्यक छ । नीति तथा कार्यक्रमको गन्तव्य किटान छैन । हामी कहाँ जान खोजेका छौं । विगतका लोकप्रिय कार्यक्रमहरू,निर्वाचन क्षेत्र विकास कार्यक्रम,जनता सडक जस्ता कार्यक्रमको नामै उल्लेख गरिएको छैन ।

यसरी लोकप्रिय कार्यक्रम हराउँदै जानु राम्रो होइन । आफ्नो अनुकूलमा शब्दजाल भरेर ल्याएको कार्यक्रमले के समृद्धि देला । यस्ता कार्यक्रमलाई छलफल गरेर सच्याउन सकिएन भने कसरी हामीले अपनत्व गर्ने । योजना छनौटका विषयमा पनि हामी अनविज्ञ छौं । डमी माननीयहरू खडा गरेर योजना माग गरिएको छ । हामीलाई कुनै पनि जानकारी गरिएको छैन । बल्ल हिजो हाम्रो दलको पहलमा जवरजस्ती योजना बुझाएका छौं । अन्त्यमा म के भन्न चाहन्छु भने यस्तो विभेदकारी नीति ल्याएर,भ्रममा पारेर,पक्षधरताको आधारमा सबैलाई टाढा राखेर सरकारले बजेट ल्याउनुको औचित्य छैन । मेरो विनम्र अनुरोध सरकारलाई मागी मागी घिउ खाएको जस्तो नगरौं,कम्तिमा आफ्नो प्रदेशमा लगानी गरेर प्रदेशको समृद्धितिर ध्यान दिउ भन्दै आफ्नो भनाइ टुंग्याउछु, धन्यवाद।

**माननीय सभामुखः**-माननीय श्री विन्दमान विष्ट,त्यसपछि माननीय श्री दल रावल तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री विन्दमान विष्टः**-माननीय सभामुख महोदय,सर्वप्रथम कोभिड-१९ का कारण ज्यान गुमाउनुहुनेहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । कोभिडका बिरामीहरूलाई स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहन्छु । हामी नीति तथा कार्यक्रम माथि छलफल गरिरहेका छौं । हामी कर्णालीवासी कस्तो छौं भन्ने बाट म सुरु गर्न चाहन्छु । हामी एसएलसी पास हुँदाखेरि अहिलेको एसईई पास हुँदाखेरि बाजा बजाएर खुसी मनाउँछौं । अब अहिले पछिलो अवधिसम्म आइपुग्दा के पनि देखियो भन्दा खेरि संघीयसरकारमा विना विभागीय मन्त्री हुँदाखेरि पनि दिपावली मनाउने अवस्थामा छौं । मैले भन्न खोजेको कुरा,सानो कुराले पनि हामी खुसी हुने अवस्थामा छौं । किनकि त्यसले हाम्रो अवस्था कहाँ छ भन्ने देखाउँछ । सानो छदा रेडियोमा नाम आउँदापत्रिकामा नाम छापिदा खुसी लाग्थ्यो। अहिले हामी कहाँ के छ भन्दा खेरि संघीय सरकारको रेडबुकमा कर्णालीको नाम देख्यौं भने खुसी हुने अवस्थामा छौं । हाम्रो विकासको अवस्था कहाँ छ भने कुरा त्यसले जनाउँछ । गत आर्थिक वर्षमा सिद्धार्थ राज

मार्ग कोहलपुर सुर्खेत राजमार्गलाई तीन अर्ब बजेट विनियोजन गरियो । हामीले खुसी व्यक्त गर्‍यौं । त्यति खेरको पार्टीको एउटा स्थायी समिटिको बैठकमा हामीले संघीय सरकारलाई धन्यवाद पनि व्यक्त गरेका थियौं । तर परिणाम के भो भन्दाखेरि सभामुख महोदय, सिद्धार्थ राजमार्गको टेन्डरको काम अगाडि बढ्यो । कोहलपुर सुर्खेत सडकको डिपिआर पनि बनेन । त्यसको अध्ययन पनि भएन । अहिले पनि त्यस्तै त्यस्तै प्रकृतिका हामी रातोबुकमा देखेर हामी खुसी मनाइराखेका छौं । साना तिना कुराले पनि हामी खुसी मनाउने अवस्थामा छौं । त्यसको कारण के हो त भन्दा हाम्रो विकासको अवस्था कहाँ छ भन्ने कुरा देखाउँछ । अर्कोको कुरा सभामुख महोदय,हामी बाढीले बगाएर पालमुनि बसेर धरहरा निर्माणको भएको कुरा देखेर हामी खुसी व्यक्त गर्छौं । हाम्रो छाति चौडा छ । हामी घर बाढीले बगाएको छ । पालमुनि बसिराखेका छौं तर नेपाल सरकारले धरहरा बनायो भनेर हामी त्यसमा गौरव गर्नेगर्छौं । हामी कर्णाली प्रदेशका मान्छे यो अवस्थामा छौं । यी परिवेशबाट यो सम्माननीय सदनमा हामी आगामी वर्षको हाम्रो नीति तथा कार्यक्रम हाम्रो गन्तव्य,हाम्रो बाटोको बारेमा छलफछ गरिराखेका छौं । यो छलफललाई यहाँको सरकारले मात्र होइन कि यो प्रदेशसँग सरोकार राख्ने सबैले गम्भीरतापूर्वक सुन्नुपर्छ भन्ने ठाउँमा छु म । संघीय सरकारले सुन्नुपर्छ तर मलाई के लाग्छ भन्दा खेरि थाहा छैन वर्तमान सम्माननीय प्रधानमत्रीज्यूको शब्दमा भन्दा खेरि यो खोरीबाट बोलेको कुरा कतिले सुन्छन् कतिले सुन्दैन्नन् त्यो कुरा मलाई त थाहा छैन तर हामी गम्भीरतापूर्वक यो छलफल बहसमा सहभागी भइराखेका छौं।

यति पृष्ठभूमि राखेर म आगामी वर्षको नीति तथा कार्यक्रम जो यहाँ प्रस्तुत भएको छ । त्यतातिर म प्रवेश गर्न चाहन्छु । मलाई लाग्छ नीति तथा कार्यक्रमको हिसाबले हेर्दा खेरि आजको हाम्रो अवस्था के हो । आजको हाम्रो आवश्यकता के हो र हाम्रो स्रोत के हो । तीन ओटा विषयलाई आधार बनाएर हामीले हाम्रो नीति तथा कार्यक्रम तय गरिनु पर्छ । हाम्रो बाटो तय गरिनुपर्छ । हाम्रो गन्तव्य निर्धारण गरिनुपर्छ भन्ने मेरो आफ्नो बुझाइ छ । हाम्रो अवस्था के हो,आज कोभिड महामारीको कारण गर्दा खेरि आक्रान्त बनिराखेका छौं । हाम्रो प्रदेशको सुचांक के हो । हामीले धेरै छलफल गरीराख्ने अवस्था छैन । हामी सबै जानकार छौं । यो हिसाबले हेर्दा खेरि नीति तथा कार्यक्रम कोभिड-१९ को नियन्त्रणका लागि,जनताको जीवन रक्षाको लागि जे कुरा बोलेको छ । यसमा एउटा कुरा के भन्न मन लागेको छ । त्यो के हो त भन्दा खेरि हामी अघिल्लो वर्ष पनि यहींविषयमा छलफल गरिराखेका थियौं । अघिल्लो वर्षको कोभिड-१९ कै विषयलाई हेर्दा खेरि पनि अघिल्लो वर्ष हाम्रो एउटा आवश्यकता थियो । हामीले एक प्रकारको तयारी गरी राखेका थियौं । ठूलाठूला देशहरूले पनि दोस्रो भेरियन्ट कसरी आउँछ भन्ने कुराको कल्पना गरिएको थिएन । दुनियाँलाई हेर्दाखेरि । भारतमा पनि अक्सिजनको अभाव,नेपालमा पनि अक्सिजनको अभाव,हाम्रो प्रदेशमा पनि अक्सिजनको अभाव । दोस्रो भेरियन्टले अक्सिजनको ठूलो मात्रमा आवश्यकता पर्ला

भनेर कल्पना सकिएन । हामी यति बेला तेस्रो भेरियन्ट हुन्छ कि भन्ने त्रासमा छौं । यो हिसाबले हेर्दा खेरि मलाई के लाग्छ भन्दा दोस्रो भेरियन्ट अक्सिजन धेरै चाँहि जस्तै तेस्रोमा के आवश्यकता पर्छ तयारी अवस्थामा रहनुपर्छ । त्यो अहिले हामी त्यति धेरै कल्पना गर्न त सक्दैनौं तर प्रदेश सरकारले आफनो नीति तथा कार्यक्रममा कोभिड अस्पताल निर्माण गर्न,सरुवा रोग अस्पतालहरू निर्माण गर्न,त्यसपछि गएर प्रयोगशालानिर्माण गर्न भन्ने प्रकृतिका जे कार्यक्रम ल्याएर आएको छ । म आग्रह गर्न चाहन्छु । यसमा प्राप्त बजेट निर्धारण गरेर तो प्रकारका अस्पतालहरू त्यो प्रकारका प्रयोगशालाहरू तेहीं प्रकारको खोपको कुरा ल्याएको छ। सबै जनतालाई खोप प्रदान गरेर जीवन रक्षा गर्न जे कार्यक्रम ल्याएको छ । आजको अवस्था जे हो । त्यो अवस्थाबाट हेर्दा खेरि त्यो अवस्थालाई अगाडि बढ्नको निर्मित यसमा फेरि कार्यक्रमलाई परिष्कृत गरेर त्यसलाई बजेटमा व्यक्त गरेर र हाम्रो आजको समस्या भनेको विनियोजन क्षमता कार्यान्वयन क्षमताको हाम्रो अभाव हो प्रदेशमा । यो कुरा हामी सबैले मनन् गर्नुपर्छ । प्रदेश सरकारले अझ यसलाई गम्भीरतापूर्वक मनन् गर्नुपर्छ । विनियोजन क्षमता र यसको कार्यान्वयन क्षमता हामीले अलि गम्भीरतापूर्वक ध्यानदिएनौं भने पछि र हामीले जे कार्यक्रम निर्धारण गरेका छौं । त्यसलाई सुन्दर ढंगले कार्यान्वयन गर्दै अगाडि बढ्न सकिम् भनेपछि,सभामुख महोदय,हामीले आगामी दिनमा आउन सक्ने समस्याहरूलाई हल गरेर अगाडि बढ्न सक्छौ यो कुरा छ जस्तो लाग्छ ।

त्यसपछि गएर हाम्रो आवश्यकता भनेको हामी कहाँ गरिबी छ । हामी कहाँ पूर्वाधार छैन । हामी कहाँका अशिक्षा छ । हामी कहाँ भोक छ । हामी कहाँ रोग छ। यो धरातलबाट हेर्दाखेरि हामीले पूर्वाधार निर्माण गर्ने सन्दर्भमा अनि अशिक्षालाई दूर गर्ने सन्दर्भमा त्यसपछि गरिबी हटाउने सन्दर्भमा जे कार्यक्रम तय गरिएको छ । यी कार्यक्रमहरूलाई परिष्कृत गरेर मैले अगाडि पनि भने यसलाई बजेटको सही विनियोजन गरेर यसको बजेटको सदुपयोग गरेर यसलाई ठीक ढंगले कार्यान्वयन गरेर अगाडि बढने हो भने पछि कार्यक्रम जे निर्धारण गरेको छ,निर्धारित लक्ष्यमा हामी पुग्न सक्छौं भने कुरा म राख्नचाहन्छु । त्यसपछि गएर अब हामी अशिक्षाबाट हट्न खोज्न अहिले केही प्रभावकारी कार्यक्रम ल्याएको जस्तो मलाई लाग्यो । जस्तो शैक्षिक सुधारको कार्यक्रम छ। कर्णाली विकास सेवा स्वंयसेवक परिचालन गर्न कार्यक्रम छ । यसमा मलाई प्रस्ट हुन मन लागेको छ । बालबालिकाको शिक्षा भनेको सम्वत यो विद्यालय शिक्षा नै होला। बिद्यालय शिक्षामा निजी क्षेत्रको साझेदारीको प्रश्न कहाँबाट आयो । यो कुरालाई अलि करेक्सन गरेर जानु आवश्यकता छ जस्तो लाग्छ । त्यसकारणले गर्दाखेरि यी यावत कुरा जे छन् । यी कुराहरूलाई अगाडि बढाएर लैजानुपर्छ । स्रोतको कुरा गर्दाखेरि स्रोतमा आईपुग्दा खेरि अहिले मैले निरन्तर रूपमा यो प्रदेश सभामा गठन भएदेखि निरन्तर रूपमा भन्दै आको कुरा के हो त भन्दा खेरि हाम्रो स्रोतलाई बढाउन कुरामा ध्यान केन्द्रित गराउँ।

यसमा अहिले नीति तथा कार्यक्रममा पर्यटनलाई प्रवर्धन गरेर त्यसपछि गएर वन क्षेत्रको स्रोतहरूलाई परिचालन गरेर । मैले निरन्तर केही वर्षदेखि उठाउँदै आएको जडीबुटीको एउटा कम्पनी निर्माण गरेर त्यसलाई प्रशोधन गरेर लेबलिंग गरेर त्यसरी अन्तर्राष्ट्रिय मार्केटसम्म यसलाई लिन सकिन्छ । तो प्रि यामा जाउँ भन्ने कुरा जे अहिले कार्यक्रमले सम्बोधन गर्न खोजेको छ । यसलाई बजेटमा गई पुग्दा र त्यसको कार्यान्वयन प्रक्रियामा जाँदा खेरि प्रदेशको आफ्नो स्रोत र पनि बढ्दै जाने र त्यसपछि निर्धारित लक्षित कार्यक्रमहरूलाई अगाडि बढाएर लैजान सक्ने स्थितिमा छौं । लक्षित वर्गका कार्यक्रमहरू छन् । मुख्यमन्त्री रोजगार कार्यक्रम । मेरो आफनो अनुभवमा के छ भन्दा खेरि मुख्यमन्त्री रोजगार कार्यक्रम गत वर्षको भन्दा अहिले तुलनात्मकरूपमा प्रभावकारी ढंग कार्यान्वयन भएर अगाडि बढेको छ । त्यस कारणले गर्दा अझै यसलाई कार्यान्वयनमा अझ व्यवस्थित गरेर निखारेर अगाडि बढने हो भने सभामुख महोदय,हामी हाम्रो लक्ष्यमा पुग्न सकिन्छ । मैले सरसर्ती भन्नुपर्दा यसलाई पहिचान गरेको छ । त्यसपछिको बाटो तय गरेको छ । यो नीति तथा कार्यक्रम प्रति मेरो आफ्नो समर्थन जनाउँदै म आफनो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री दल रावल यसपछि माननीय श्री सुशिल कुमार थापा तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री दल रावलः**-माननीयसभामुखज्यूसुनको थाल थापेर विकासको भीख माग्न बाध्यकर्णालीवासीका जनप्रतिनिधिको सार्वभौम थलोमा आज हामी आर्थिक २०७८/०७९ को नीति तथा कार्यक्रम माथि छलफल गरिरहेका छौं । यो अवसरका लागि पनि माननीयसभामुखज्यूलाई धन्यवाद दिन चाहन्छु । यो संसदीय परम्पराको मर्यादा र परम्परा के होला मलाई लाग्छ यसका आफ्नै मूल्य र मान्यताहरू छन् । संसदीय व्यवस्थामा कतिपय अवस्थामा ह्विपहरू लाग्छन् । त्यसलाई स्वीकार गर्नुपर्छ । दलीय व्यवस्थामा हामी छौं तर कर्णालीको भविष्य निर्माण गर्नको निम्ति खुलस्त छलफलमा छौं । मलाई लाग्छ,हिजोदेखि आजसम्म बोल्ने माननीयज्यू सत्तापक्षका माननीयहरूलाई बोलौंबोलौं लाग्दा पनि समर्थन गर्नैपर्ने जस्तो,विपक्षका माननीय ज्यूहरूलाई दुई चार राम्रा लागेपनि अलिअलि आलोचना गरिहाल्ने जस्तो देखियो । त्यस्तो त्यस्तो देख्छु । ठीक छ यो पास गर्दाखेरि दलीय ह्विप लाग्छ मान्नुपर्ने हुन्छ तर छलफल गरेर यसलाई राम्रोसँग अगाडि जानुपर्छ । यदि सरकारले मान्यो भने,मान्ला जस्तो त मलाई लाग्दैन । कर्णालीको भाग्य र भविष्य जोड्ने कुरामा हामी सबै न सत्तापक्ष र न प्रतिपक्ष नभनेर एकताबद्ध भएर जानुपर्छ भन्ने मेरो मान्यता छ । त्यो चाहिँ हाम्रो मूल्य र मान्यता हो । त्यसो भएन भने हिजो हामी अरुलाई गाली गर्ने स्थानमा थियो । आज आफैं सरकार छौं । त्यसको जवापदेही आफैं हुनुपर्नेहुन्छ । सरकारलाई म के धन्यवाद दिन चाहन्छु भने,पहिलो एक वर्षमा एमाले र माओवादी मिलेर बनेको एउटै पार्टीको सरकार थियो ।

त्यहीं सरकारले तय गरेका नियमित कार्यक्रम नियमित गरिएका छन् । अझ हिजो मैले नेतृत्व गरेको मन्त्रालयको नीति तथा कार्यक्रम त हुबहु छ भन्दा पनि हुन्छ । केही केही नयाँ ल्याउन खोजिएछ,बिगारिएछ । यसका लागि सरकारलाई म धन्यवाद दिन चाहन्छु ।त्यसपछि नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालसम्म आइपुग्दा सम्म आफ्नो ठूलो बलिदानी गर्ने,विभिन्न आन्दोलनमा आफ्नो ज्यानको आहुती दिने गौरवगाथा बोकेका सहिदहरूलाई भत्तामा रूपान्तरित गरेर सरकारले गर्न खोजेको छ । माननीयज्यूहरूले धेरै राम्रो भयो भन्नु भएको छ । मलाई लाग्छ उहाँहरूको योगदान भत्तामा मात्र सीमित छैन ।

सरकारले कसरी सम्बोधन गर्न सक्छ,त्यसको लागि बृहत छलफल गरौं । मलाई लाग्छ यो नीति तथा कार्यक्रम सैद्धान्तिकरूपमा सही दिशामा छैन । अर्थतन्त्रको जग बलियो बनाउने गरी आएको छ,आर्थिक विकासको क्षेत्रलाई बलियो बनाउने गरी आएको छ । न त मानवीय पुँजी निर्माण गर्ने गरी आएको छ । केवल यो वितरणमुखी अलि छरिएको जस्तो,सबैले भनेका राखिहाल्यौ न भनेको जस्तो भन्ने ढंगले बाक्लो किताब हुने गरी कन मात्रै आएको छ । मलाई लाग्छ,हाम्रो बजेट सानो छ,अर्थतन्त्र पनि सानो छ,जिडिपीमा हामी जम्मा ४ प्रतिशत मात्रै योगदान गर्छौं । अब कसरी उत्पादनसँग,ठूला संरचनाहरूसँग,मानवीय पुँजी निर्माणमा हामी अगाडि बढ्न सक्छौं । यसमा नीति तथा कार्यक्रम केन्द्रित भएको मैले पाइन ।कार्यकर्तालाई खुसी पारिहालौं कि पार्टीलाई केही गरिहालौं कि भन्ने ढंगले आएको जस्तो मलाई लाग्यो । यस्ता कुरा सुधार गरेर जानुपर्छ। कर्णालीको अर्थतन्त्र विकासका लागि हामी सबैको दायित्व हो । त्यसपछि स्वास्थ्य क्षेत्रलाई पहिलो प्राथमिकता दिइएको छ दिनुपर्छ,अहिले यो कोभिडको कुरा मात्रै होइन । हाम्रो कर्णालीको स्वास्थ्यस्थिति एकदमै कमजोर छ । यसलाई संस्थागतरूपमा विकास गर्दै जानुपर्छ तर केही अत्यन्त महत्वाकांक्षी विकासको एउटा चरण छ । हामीले एउटा सपना देख्नुपर्छ । त्यसपछि डिजाइन हुन्छ । सरकारले सपना त देखेको छ तर त्यो अवैज्ञानिक छ । अहिले डिजाइनको फेजमा हामी छौं । हाम्रो मूल्य र मान्यता यहाँहरूले स्वीकार गर्नुहुन्छ भने यसलाई राम्रोसँग डिजाइन गरौं । यसको परिणाम राम्रोसँग आउँछ । हामीले जनतालाई खुसी बनाउन सक्छौ । त्यो भएको नाताले सपना,डिजाइन र डेलिभरी यी विकासका चरण हुन् । सरकारले त ५ सय बेडको सरुवा रोग अस्पताल सुर्खेतमा बनाउँछु भन्दियो । यस्तो सपना देखेको छ सरकारले । म आफैं पनि विभागीय मन्त्री भएर काम गरेको अनुभव छ, सहज छैन । एनेस्थेसिया इस्पेलिष्ट डाक्टर चाहिन्छ,क्रिटिकल केसहरू हेर्नको निम्ति । अहिले सुर्खेतमा १ जना र जुम्लास्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ५ जना छन् । तपाईंहरूको ५ सय बेडको अस्पताल कसरी चल्छ । आइसियु,भेन्टिलेटर सञ्चालनको निमित्त त्यस्तै खालको जनशक्ति चाहिन्छ । हामीसँग जनशक्ति कहाँ छ । बोलिहाल्न मात्रै हुँदैन ।

हामीसँग क्षमता के हो,जे सामर्थ्य छ । त्यसलाई केन्द्रित गरेर बोल्यौ भने ठीक हुन्छ । त्यसपछि सुर्खेतको अस्पताल छ । त्यसलाई गौरवको योजना भनेका छौं ।

गत वर्षको नीति तथा कार्यक्रममा विशिष्टीकृत अस्पतालको रूपमा विकास गर्छौं भनेको थियो तर यो वर्ष घटुवा भएर के आएछ भने विशेषज्ञ सेवा दिने । हामीले भनेको के हो भने जिल्लाका अस्पतालहरूले विशेषज्ञ सेवा दिन्छन् यो चाहिँ अति विशिष्ट सेवा दिने अस्पताल भनेका थियौं । को विज्ञले नीति बनाउन सहयोग गरेका हुन् । सरकारले ल्याइदियो । प्रतिगमनका भाषण गर्नेहरूले प्रतिगामी नीति तथा कार्यक्रम ल्याउन मिल्छ। त्यसै गरी कतिपय संघीय सरकारसँग समन्वय नगरी नहुने कार्यक्रम छन् । स्वास्थ्य क्षेत्रमा पनि हामी कोभिडको उपचारको लागि औषधि ल्याउन सक्दैनौ । स्थानीय तहमा अस्पताल निर्माणका लागि संघीय सरकारसँग समन्वय गर्नुपर्ने हुन सक्छ । यो सरकारले संघीय सरकारसँग समन्वय गर्ने भन्ने शब्द हाल्न पनि कञ्जुस्याइँ गरिएको छ । त्यसो नगरौं,किन भने तीनै तहको सरकार संघीयता सुन्दरता हो । समन्वय गरेर अघि बढ्नुपर्ने हुन्छ जसले कर्णालीको समृद्धि ल्याउन सक्छौं । यसतिर सरकारको ध्यान आकृष्ट होस भन्ने म चाहन्छु । माननीयमुख्यमन्त्रीज्यूलाई अनुरोध गर्छ चाहन्छु,सामुदायिक स्वास्थ्य केन्द्र भन्ने कुरा सरकारले बुझोस् । यस्ता कुरामा सरकारले बजेट घटाउँदैछ भन्ने कुरा आएको छ । यदि तपाईंहरूले यस्तो गर्नुभयो भने अपराध हुन्छ । अर्को कुरा कर्णाली विशेष कार्यक्रम सहकारी मार्फत सञ्चालन गरिने भनेको छ । यो भनेको के हो । मुख्यमन्त्री रोजगार कार्यक्रममार्फतजनताको रोजगारी सिर्जना गर्ने भन्छौं । अक त्यो सबै सहकारीलाई दिने भनेको हो । यो कत्तिको व्यावहारिक छ । कृपया सोचिदिनुहोला । कतिपय कुराहरू संघीय कानून पनि नबनिसकेका कुरा आएका छन् । यस्ता कुरालाई हटाएर अघि बढौं भन्दै विदा हुन्छु,धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री सुशिल कुमार थापा त्यसपछि माननीय देवी ओली तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री सुशिल कुमार थापाः**-माननीय सभामुख महोदय,कोभिडबाट कर्णालीसहित सिंगो देशभर मृत्यु हुनेप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । परिवारजनमा गहिरो समवेदना प्रकट गर्न चाहन्छु । उपचाररतहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु।माननीय सभामुख महोदय हामी आज चौथोपटक नीति तथा कार्यक्रम माथि छलफल गरिरहेका छौं । हामीले व्यापक रूपमा यस अघिका नीति तथा कार्यक्रमा पनि छलफल गरेका थियौं । यसपटक पनि हामी छलफल गर्दैछौं । मलाई अस्ति मात्रै सरकारले ल्याएको प्रि बजेटमा केही आशा पलाएको थियो । सत्तापक्ष,प्रतिपक्ष नभनी,कर्णालीको दुस्मनको रूपमा रहेको गरिबी अन्त्य,कोभिड विरुद्धको अभियानमा दीर्घकालीन योजनाका साथ नीति तथा कार्यक्रम पनि सरकारले ल्याउछ होला भन्ने लागेको थियो तर नीति तथा कार्यक्रम र प्रि बजेट हेर्दा धेरै फरक देखिएको छ । अझै

पनि तात्त्विकरूपमा फरक देख्ने बजेट आउँदैछ । त्यहाँसम्म पुग्दा छ मलाई लाग्छ,सरकार र प्रतिपक्ष बीचको दुरी धेरै टाढा हुन्छ होला । सरकार अहिलेपनि प्रतिपक्षलाई ठेगान लगाएर अघि बढ्न सकिन्छ भन्ने सोचमा रहेको छ जस्तो नीति तथा कार्यक्रमबाट देखिएको छ । यस अघि हामीले नेपाललाई स्वीजरल्याण्ड बनाइने भनेको सुनेका थियौं । त्यहीं पार्टीको नेता आज कर्णाली प्रदेशको मुख्यमन्त्री हुनुहुन्छ । आज त्यहीं पार्टीको सरकारको १७ लाख कर्णालीवासीले तुलना गरिरहेका छन् । लोकतन्त्रको गाथा गाएर नथाक्ने नेपाली काँग्रेस,जो हिजो यो सदनको प्रमुख प्रतिपक्ष थियो,अहिले सत्तामा बसेर नीति तथा कार्यक्रममा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ । ती दुइटा पार्टीका बीचबाट एउटा पार्टी टाउकाको मूल्य तोक्ने र अर्को पार्टी ६ इन्च घटाइदिने,विचार र दिशाबाट ओतप्रोत भएका पार्टीहरूको नीति तथा कार्यक्रमबाट जनता आज अचम्मित भइरहेको अवस्था छ ।

सभामुख महोदय,सरकारले जहिले पनि कर्णाली प्रदेशका नागरिकलाई जिस्काइरहेको छ । कहिले सुरुङमार्ग,कहिले स्काई ओभर रोड,आकाशे पुल,कहिले केबुलकार हुँदै अहिले जलमार्गको कार्यक्रम ल्याएर सामान्य छाना,माना र नाना नभएका नागरिकलाई जस्तो सपना देखाएको छ । अस्ति मात्रै हामीले सुन्यौ,अक्सिजन नपाएर ज्यान गुमाए नागरिकले । यस्ता नागरिकका सामु यस्ता योजना ल्याएर जनताको अपमान भएको छ । यो अहिले अहिले पनि सम्भ्रान्तहरूको घेराबाट बाहिर निस्कन सकेको छैन । अहिले ५ सय शैय्याको अस्पताल निर्माण गर्ने भनेर सरकारले अर्को हास्याष्पद कुरा गरिरहेको छ । केही समय अघि मात्रै प्रदेश अस्पतालका डाक्टरले प्रदेश सरकारले बेवास्ता गर्दा उपचारमा समस्या भएको र औषधि अभाव रहेको भन्दै विज्ञप्ति नै निकाले । अवस्था यस्तो छ । भएका डाक्टर घरमा छन् । हामी ५ सय शैय्याको सपना देखिरहेका छौं । यो लज्जास्पद कुरा हो । हुन त यो अस्पताल बन्दा राम्रो हुन्छ । हामीले बुझेको छौं । यो आवश्यकता पनि हो तर यो सरकार र नीति कार्यक्रम हेर्दा एक अर्काका परस्पर विरोधी जस्ता देखिन्छन्। गर्न सक्ने नीति तथा कार्यक्रम ल्याउनुहोस्,हामी सहयोग गर्न तयार छौं । जनतालाई भ्रम छर्नेगरी,अपमान गर्ने गरी कार्यक्रम ल्याउनुपर्ने हुन्छ । यस्तो अवस्थामा अहिले कै अवस्थामा नेकपा एमाले नीति तथा कार्यक्रमलाई स्वीकार गर्न सक्दैन ।

सभामुख महोदय,सरकारले भ्रष्टाचारमा शून्य सहनशीलता अपनाएर कर्णाली प्रदेशलाई भ्रष्टाचारमुक्त बनाउनुपर्छ । कर्णाली प्रदेशमा सुशासन र भ्रष्टाचार रहित अहिले भइरहेको विकृति,विसँग तिको अन्त्य गर्ने कर्णाली प्रदेशको नीति तथा कार्यक्रम हुनुपर्ने थियो । त्यसैले यो नीति तथा कार्यक्रम पूर्णरूपमा असफल छ । यस्तै यो नीति तथा कार्यक्रम जनतामैत्री छैन । त्यसैले यो नीति तथा कार्यक्रमलाई हामीले असफल गर्नुपर्छ। कि त यसलाई सच्चाएर जनतामुखी बनाएर ल्याउ होइन भने यहीं अवस्थामा

नेकपा एमाले यसलाई समर्थन गर्न सक्दैन । हामीले प्रदेश सरकारलाई पटक पटक भनेका छौं र म अहिले पनि भन्न चाहन्छु,अब सरकारका कुनै पनि अंगहरूमा बिचौलिया,एनजिओका मालिक डोजरका मालिक विहीन अवस्थामा सरकारलाई लैजानुपर्छ । होइन भने अहिले जस्तो नीति तथा कार्यक्रमले कर्णालीवासी जनताका आशा र अपेक्षा सम्बोधन गर्नेवाला छैन ।अब विभिन्न खालका मुद्दा मामिला लागेका मानिसहरूलाई होइन,निष्पक्ष,स्वतन्त्र र जनताप्रति उत्तरदायी भएका मानिसहरूलको संसद,सरकार र सचिवालय निर्माण भएको हामीले हेर्न चाहेका छौं । यति भन्दै विदा हुन्छु,हवस त धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री देवी ओली त्यसपछि माननीय श्री खड्क बहादुर खत्री तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री देवी ओलीः**-माननीय सभामुख महोदय,प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को नीति कार्यक्रम एकातिर कोरोनाको कहर,अर्कोतिर राजनीति अस्थिरता सँगसँगै असारको १ गते प्रदेश सरकारको बजेट आउनैपर्ने कानूनीबाध्यता । यसका बीचबाट आको प्रदेश सरकारको नीति तथा कार्यक्रम हेर्दा ल्याउनै पर्ने बाध्यात्मक अवस्थामा ल्याएको जस्तो मैले महसुस गरेकी छु । आज यो छलफल चलिरहँदा खेरि मलाई लाग्छ,विगत ३ वर्षदेखि आएका नीति तथा कार्यक्रम र बजेटहरूले कर्णालीवासीका समस्या कति सम्बोधन गर्न सक्यो र त्यो बजेटले प्रतिफल हासिल कति गर्न सक्यो त्यो समीक्षा पनि हुनु पर्‍यो । सरकार भन्ने बित्तिकै जनताको एउटा अभिभावक हो । सरकारले आफनो ढुकुटी बलियो बनाउनुपर्छ र अहिलेसम्म अनुदानमा चलिरहेको सरकार भएका कारण पनि होला। मागेर ल्याएको चिज बाँडेर सिध्याउनैपर्छ भन्ने सोच भएर पनि होला । जसरी सुरुको आर्थिक वर्षको नीति तथा कार्यक्रममा बजेट सक्नै पर्ने गरी आएको थियो । त्यो सच्चिन्छ होला मैले आशा गरेको थिएतर जति संरचनाहरू सरकारका जिल्लासम्म बिस्तारैहुँदै गए। स्थापित हुँदै गए त्यसमा कुनै रूपान्तरण भएको आज महसुस भएको छैन । स्वास्थ्यको कुरा कोभिडको विषयमा हामी एकवर्ष अगाडि पनि छलफल गरिरहेकै थियौं। कर्णालीवासीको जीवन रक्षाको निम्ति स्वास्थ्य क्षेत्रमा जति बजेट चाहिन्छ हामीले लगाउनुपर्छ तर त्यसको कार्यान्वयनमा हेर्दा खेरि भूगोलमा आज फरक छ ।

सभामुख महोदय,म आफैं अन्यौलमा छु आज सत्तापक्षकै माननीयज्यूले भनिरहनु भएको छ । अक्सिजन नपाएर जनता मरिरहँदा खेरि सरकारले मंसिर,पुसतिर त्यसको टेन्डर गरेर मिनी अक्सिजन प्लान्ट जडान गर्न जुन कार्यक्रमको अख्तियारी दियो । आउँदा खेरि कन्सन्ट्रेटर मेसिन आयो तर मिनि अक्सिजन प्लान्ट र कन्सन्ट्रेटर एउटै हो भन्ने हो भने आज जनताको अवस्था स्थिति अथवा चेतना के होला । हामी कुनै प्राविधिक होइनौं। म त्यो आँखाबाट हेर्न पनि चाहन्नँ । एउटै होला अहिले त्यो कुरा

सुनेपछि त्यो पनि लाग्छ तर धेरै हंगामा भएसी १० वटा जिल्लाको हामीले सबै सूचना संकलन गरेका छौं । त्यस कारण सरकार जवाफदेही हुनुपर्छ । पारदर्शितालाई ध्यान दिनुपर्छ । जग्गा कसको जोत्नेको घर कसको पोत्नेको । यो नारा लगाएर कठिन संघर्ष र युद्ध गरेर आएका हामी जन प्रतिनिधि जसले आज सरकारको नेतृत्व निरन्तर गरिरहनु भएको छ । त्यसकारण आज हामी बाध्य छौं । खुकुरीको पिर अचनालाई मात्र थाहा हुन्छ भन्ने कुरा आज पनि हामीले पुरानो गाउँले उखानलाई हामीले यहाँ वाचन गर्नु पर्ने भन्नु पर्ने स्थितिमा हामी छौं।

सभामुख मदोहदय,लोक कल्याणकारी शासन व्यवस्थाको एउटा मात्र ईटा अथवा जग हामीले बसाल्ने हो भने आज हाम्रो प्रदेशमा भएका राउटे समुदायलाई राउटे समुदायमा आएको बजेट सिध्याउनको नित्तमुख्यमन्त्रीज्यू गएर कुनै पर्वमा त्यहाँ खानाको व्यवस्था पनि गरेको हामीले पाएका थियौं तर त्यो समुदायलाई हामीले कुन ठाउँमा कसरी राख्ने भन्ने किटानीका साथ नीतिमा किन आउदैन ? एउटा शब्द राखेर त्यो पछि आफ्नो अनुकूलतामा कार्यान्वयन गर्न अवस्था स्थिति हामीले देखेका छौं । त्यसैगरी तीन चार महिना अगाडि सरकारको तर्फबाट अहिले पनि नीति कार्यक्रम आएको छ,बादी समुदाय सरकारले सम्झौता गर्छ । सबै कुरा समस्या समाधान गर्न भनेर तर कार्यान्वयनमा जाँदाखेरि त्यो सम्झौता अनुसारका सम्झौतामा भएका बुँदाहरू हेर्दा खेरि त्यो आन्दोलनलाई मत्थर पार्नको लागि मात्र गरिएको हो त । आज ती समुदायका नागरिकहरूले यहाँ प्रश्न गरिरहनु भएको छ । यसलाई सरकारले कसरी सम्बोधन गर्न सक्छ । थोरै मात्र संख्यामा रहेको कर्णालीका बादी समुदायलाई हामीले किटानीका साथ प्रत्येक घरमा यो कार्यक्रम प्रत्येक घरमा यसरी रोजगारी सिर्जन गर्न गर्छौं भनेर बजेटसँग किन आउन सकिरहेको छैन । यो चौथौंवर्षको बजेट आउँदासम्म पनि नीतिमा एउटा शब्द राख्ने र बजेटमा त्यो समेटेर जाँदा खेरि हराउने स्थिति देखापरिरहेको छ । सभामुख महोदय,यो व्यवस्था संविधानले सामाजिक न्यायसहितको व्यवस्थाको परिकल्पना छ तर आज १७ लाख कर्णालीवासीमा ९ लाख भन्दा बढी महिलाहरूको यहाँ उत्पादनमा सामेल बनाएर त्यो आर्थिक अवस्थामा परिर्वतन ल्याउनको नियमित ठोस कार्यक्रम ठोस नीति के आयो त । महिलाहरूलाई आयआर्जनमा सामेल गरिने छ भन्ने मात्र शब्दले पूरा हुँदैन । आज संघीय सरकारले पैतृकसम्पत्तिमा समान अधिकार भन्ने कानून बनाएको छ । बनाएको कानूनहरूको कार्यान्वयनको लागि जसले स्व-इच्छाले चेतनाले अथवा भावनाले आफना छोराछोरीलाई पैतृकसम्पत्ति समान ढंगले वितरण गर्छ । त्यसको प्रोत्साहनको लागि पुरस्कृत त होला । त्यो कार्यक्रम तर आमरूपमा कार्यान्वयन गर्नको लागि के गर्न सक्छौं। त्यो अलि प्रस्ट रूपमा आउनु पर्ने हो । सभामुख महोदय,अल्पकालीन आवास गृहहरू जो जस्का घर भित्तको एउटा घरेलु हिंसाबाट पीडित महिलाहरू कुनै माइती पनि छैन । उनीहरूको कुनै जाने ठाउँ पनि छैन । त्यो ठाउँ नहुनेहरूको लागि जो अल्पकालीन आवास गृहहरूनिर्माण गरेर कानूनी देखि

लिएर सबै सेवा त्यहाँबाट दिने गरी कल्पना गरेको आज तीन चार वर्ष भईसक्यो । यसमा अझै ठोस कार्यक्रम आउन सकेको छैन । १० वटा जिल्ला बनेर नीतिमा आउने बजेट पनि थोरै राख्ने । कार्यान्वयनमा जादाँ त्यो हराउने अवस्था आईरहेको छ । त्यस कारणले यो पनि एउटा महिलाहरूको अलि कति नीति कार्यक्रममा मन राख्नको लागि ल्याएको जस्तो मैले अनुभव गरेकी छु । त्यस कारण कोभिडको भन्ने शब्द स्वाथ्यको क्षेत्रमा जो अहिले हामीले गत वर्ष कोभिडको क्षेत्रमा बजेट यो दोस्रो महामारीमा अक्सिजन चाहिएला भन्ने खालको अनुमान थिएन । अहिले हामी पनि अनुगमनमा जाँदा खेरि जनताको आवश्कता के छ र मनोभावना के छ भन्ने कुरा सरकारले बुझ्नु पर्दछ । हामीलाई पहिला खोप चाहिन्छ । तपाईं अग्रपंक्ति हुनेहरूले खोप लाउने। हामीले खोप नपाउने हामीले अक्सिजन नपाउने ।यस्तो खालको समस्यालाई सरकारले कसरी सम्बोधन गर्न सक्छ । यो समस्या समाधानको लागि पहिलो प्राथमिकता स्वाथ्यको क्षेत्रमा अहिले हामीले तीन तहका सरकारसँगहरूका समन्वय सहकार्यता भन्ने भए पनि तीनै तहका सरकारहरूको आफनो आफनो बाटो भएको फिलिङ भएको छ ।

त्यसकारण प्रदेश सरकारले कति समन्वय गरेर कर्णालीवासीलाई खोपहरू पर्याप्त मात्रमा ल्याउन सक्छ भन्ने कुरा पनि यहाँ अन्यौल भएका कारणले गर्दा खेरि यो पनि प्रस्टरूपमा आउन सकिरहेको छैन । सभामुख महोदय, यति भन्दै सरकार निमुखा जनताहरूको समस्या समाधानका निमित्त नीतिमा अल्मलाउनका लागि राम्रो शब्द ल्याउने भन्दा पनि कार्यान्वयनमा गएर भेदभावरहित ढंगले सरकार एउटा जिम्मेवार सबै नागरिकको अविभावकको भूमिका खेल्न सक्नु पर्ने हो । यो तीन वर्षको अनुभूतीमा हामीले त्यो पाईराखेका छैनौं। भेदभावपूर्ण व्यवहारहरू भेदभावपूर्ण कार्यक्रमहरू भएका कारणले गर्दा खेरि सरकारको यतिले जिम्मेवार पूरा हुन सक्दैन भन्ने कुरा राख्दै आफ्नो भनाइ अन्त्य गर्छु,धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री खडक बहादुर खत्री त्यसपछि माननीय श्री करविर शाही तयारी अवस्थामा रहनुहोला ।

**माननीय श्री खड्क बहादुर खत्रीः**- सभामुख महोदय,२०७८/०७९ को नीति तथा कार्यक्रममा म भाग लिंदै छलफलमा टिकाटिप्पणी यसमा बजेटसम्बन्धी नीति कार्यक्रमप्रति आफनो भनाइराख्नचाहन्छु । यो सरकार अन्धो छ । यो सरकार बहिरो छ । यो सरकार विधि,विधान,नीति,थिति अनुसार चल्दैन । यो विरोधका निम्ति विरोध गरेको जस्तो हुन्छ । मलाई लाग्छ यो संगठन संचरना थियो । नयाँ स्थापना भएको संघीय प्रणालीबाट भएको कर्णाली प्रदेश त्यो पनि चार जनासहित पटक पटकका आन्दोलनबाट सिर्जित । हिजोको प्रणालीबाट जनतालाई प्रत्यक्ष लाभ दिने,जनतालाई प्रत्यक्ष गरिब दुःखीका भावना समेट्नुपर्छ भन्ने आशाले त्यो पनि जनयुद्धबाट लडाईमा लडेका अहिले मिडियामा दिन प्रति दिन झझल्को आउने गरी दिनको मिडियामा आईराछ

। संघर्ष गरेका त्याग गरेका आफू पनि अपांग भएका कसैका हातका औंला छैन । कसैका आँखा छैन। कसैका खुट्टा छैन,घर परिवार विहीन छन् । मलाई लाग्छ यहीं काम गर्नका लागि यस्तो लडाई लडेको हो त ।

हामीलाई लाग्थ्यो यो आशा हामी त्यो काममा लागेनौं,हामी सकेनौं । नेपाली कांग्रेसले सकेन,नेकपा ऐमालेले सकेन,सडक संघर्ष गर्‍यो। धेरै राम्रो हुन्छ । मुलुकले धेरै परिर्वतनको आशा गरेको थियो । मलाई लाग्छ पहिला पनि विकृतीविसंगतिसबै विनास गर्छ । यी अड्डा अदालतहरू समाजका फटाह जालीहरूलाई मुक्त गर्छ र आज कागज मिलाएर अथवा कर्मचारीलाई एकलाई दश जना बनाएर राज्यको ढुकुटी सक्दैन भन्ने किसिमको जनताले आशा गरेको थियो । मलाई लाग्छ हिजो केही समय त राम्रै भो जनता सबै लाम लाग्यो । मलाई लाग्छ रकम फिरौतीका रूपमा उठाउने बानी परेको सरकार आज पनि कागज मिलाउने अगाडि काम गर्न पछाडि बिल मिलाउने आज विभिन्न एजेन्डा आज लाजमर्दो छ । यो किताब मेरो पूर्ण असहमति छ । यसमा जनताको पनि असहमति छ । हामी यहाँ भन्ने मात्र हो । अहिले लक भइसक्यो बजेट । यो बजेट माननीयहरूचालिस जना माननीयज्यूहरूले घर लिने होइन । यो जनताका निम्ति हो । यो बराबर अंशबन्डा गर्न चिज पनि होइन । यो मासुका बिला लाउने,भैंसी काटे जस्तो सबै झुम्मिने चिज पनि होइन । यो जनताले सुन्ने अहिले मिडिया मात्र हेर्ने । मलाई लाग्छ तपाईंहरूको मिडिया छ । तपाईंहरूले गरेका काम तपाईंहरूले गरेको अवैध प्रमाणित गर्न उसले चाहिँ अडिट गरेर चाहिँ मिडियामा देखाई दिएको छ । तपाईंले जाने बुझ्नेले चलाख मान्छेहरू फेसबुक हेरेर चाहिँ बस्ने भए । म आग्रह गर्न चाहन्छु । म मुख्यमन्त्रीलाई आग्रह गर्न चाहन्छु, म मन्त्री थिए, सहभागी थिए । प्राधिकरणको कुरै जोड जार बिग्रेदेखि लिएर कुरा उठिराको थिए । खै आज त्यो प्राधिकरण आज जलस्रोत ऊर्जा मन्त्रालय छ। त्यहीं हो खानेपानी कहाँ पर्छ ।

त्यति हेक्का राख्न नसक्ने अभिभावक यो सरकार कसरी चलाउन सक्छ । यो लाजमर्दो कुरा अझै यसैलाई बुट्टा भरेर राम्रो छ । धेरै राम्रो छ । यो लाज लाग्दो कुरा परम्पराका रूपमा चलिआएको मेला मादल बजाउने मयूरका प्वाँख लाउने मञ्चमा बस्ने कुरकुटे नाच नाच्ने लहरे नाच नाच्ने जनता तल राख्ने सहकारी बनाउने पान सय सहकारीका सहभागी गराउने । घरका चार भाइ मिलेर पैसा लुट्ने । यहीं गर्नलाई संघर्ष भएको हो। आग्रह गर्न चाहन्छु यो हिजो परम्परा चलेको एउटा बाजालाई कपडा लाएर एक लाख दुई लाख एक करोड पैसा गर्न । हिजो समाजका मान्छे भेटघाट गर्न । मेला जात्रामा समाजमा चाहिँ संस्कृती बचाउनका लागि आज रकम हालेर वडाको बजेट त्यहाँ छ । प्रदेशको बजेट त्यहाँ छ, संघको बजेट त्यहाँ छ । संघको बजेट हाल्ने त्यसपछि हामीले व्यक्तिगत गरेको दिनको ढुंगा पुर्‍याउने त्यसपछि रात दिन काम गर्न । अस्पताल बनाउने बजेट भरि यहाँबाट भित्रभित्र गइराछ । अहिले तपाईंहरू यति

सम्म अप्ठ्यारो छ कि । माननीयहरूसम्म भित्र गएर तपाईंहरूले के गर्नु भो । हामी चिठीसम्म पनि पाउदैनौ । तपाईंहरूले काम गरेको के हो । त्यो दिनुस् भन्दा पनि सूचनाको अधिकार चाहिन्छ । सचिवले उता गराउँछ । अर्कोले उता गराउँछ । सचिवले काम गर्दा चाहिँ कानूनका कुरा भन्दा विधि भन्दा बाहिर गएपछि काम गर्न सक्दैन ।

मलाई लाग्छ मुख्यमन्त्री रोजगार कार्यक्रम छ । यो मुख्यमन्त्री हिजो पनि हामी गयौ । मलाई लाग्छ,हामी सांसद दलको नेतालाई दवाव दिएर हामीलाई भेट्न दिएनन् । एउटा मन्त्रीले अर्कोलाई सबैले दिइसक्यो भन्छ । दवाव दिएर हामीलाई त्यहाँभित्र जाने वातावरण बनाउनुपर्‍यो या राज्यको कोष हो । सचिवले पनि चाहिँ मन्त्रीलाई सोध्नु भन्छ। तल गए माथि सोध्नु भन्छ । कोही पनि त्यहाँ गाको छैन । न हिजो कार्यक्रममा सहभागी भो न योजना छनोटको काम भो । त्यसैले यो मुख्यमन्त्री रोजगार कार्यक्रमलाई नै आग्रह गर्न चाहन्छु । हिजो मुख्यमन्त्रीले संस्थाको नाम जोडनु भो । मुख्यमन्त्री प्रधानमन्त्री एउटा संस्थाको गरिमा बढाउने कुरा ठीक छ तर तपाईंले इमान्दारी गर्नु भाहोला । तपाईंका हात खुट्टा तल हेर्नुस् । आज भष्ट्राचार भएको छ । कृषि सडक कहाँ छ । अझ यसैलाई राम्रो छ भनेर बुट्टा भरेर चाट्ने यो सिरानी हालेर ओड्ने हो यो चिज। हामीले कहाँ कराउने हो,कराएर मात्र केही हुन्न । यो जनतालाई सुनाएर मत लिने मात्र कुरा हो । पैसा भरितपाईंका घर गाछ । कसैका काठमाडौं घर बन्दै छन् । कसैका यहाँ बन्दै छन् । कसैको खेतमा बाटो छ । त्यसैमा बहुवर्षीय योजना र पैसा गइराछ । कसैको भनौं माथि टनेल गराउनु छ । त्यहाँ जग्गा लिइराछन् । त्यसपछि पर्यटन क्षेत्र बनाउने कुरा भइराछ । पाँचौ पटक बिल्डिंगमा वाल पेन्टिंगमा चेन्ज गर्‍या छ । मलाई लाग्छ यसमा एउटा के छुट्यो भन्दा त तीन तारे होटलबाट खाजा खाएको हिसाब पनि यहाँ लेख्नु पर्छ । त्यसपछि भनौ हामीले कति खाजा खान्छौ । कति अनुगमन गर्छौं । कति तेल हाल्छौ । यिनी कुरा उठाउने हामी त बजेट पटि मात्र छौं । मलाई लाग्छ तेत्तिस अर्ब भनेको अथवा तीस अर्ब भनेको मामुली कुरा होइन । संघले पैसा  दिएको छ। यहाँ कुनै पनि छैन । कर कति उठाउने हामीले भनौ,ठूलाबडाको पैसा कति उठाउने। हामीले भनौ यातायातबाट कति उठाउने, यिनी कुरै छैन । मुख्यमन्त्रीले त्यहाँ उद्घाटन गर्न । आज संघीय संरचना राख्ने हो कि होइन । आज भनौ प्रतिगमनमा अरु गए भन्ने कुरा छ सँगै बनाएका बाटोको विरुद्धमा छ । एक सय पैंसठी वटा योजना बनेका छन् । आज धरहराको विरोध भइराछ । आज भनौं सात अर्ब पैसा हिजो नै डिपिआर भैसक्या छ । विश्व बैंकले सातवर्ष अगाडि डिपिआर गरिसक्या छ । सात अरब पैसा छुट्याएको छ । आज गाउँमा बजेट जादाँ यहाँको तुलना गरेर संघीय बजेटसँग विरोध गर्दै आफ्नो बचर्स्व गराएर विद्रोहमूखी पैसा राख्ने । भरणषोषणका कार्यकतालाई शोष्ने कुरा भइराछ । सहिदका नाममा हिजोसँगै टाउँका फुटाल्ने मार्न मलाई लाग्छ रामघाट  गणेश बहादुर शाही,अमृता

शाही माननीयज्यूको श्रीमान हुनुहुन्छ । त्यहाँ पनि एउटा युद्ध कलाको भवन बनाईयोस् दशरथपुरमा सात जना गाड्या छ त्यहाँ । जम्मै अक्सिजन नहुने ठाउँमा होमस्टे छन् कही ती घर छन् । जहाँ मान्छे जान नसक्ने ठाउँमा पैसा हालेर पैसाको दुरूपयोग भाछ । बहुवर्षीय योजनाका नाममा नीति बनाएको चिजमा पनि आफूले अनुकूल पर्न मान्छेको मात्र बहुवर्षीय योजना बनाएको छ । आफैंले बनाएको नीति कार्यान्वयन गर्न नसक्नेले मलाई लाग्छ,यो चियरमा बस्नु भन्दा भोलि इतिहासमा नाम रच्न यो छोड्नुपर्छ जस्तो मलाई लाग्छ । त्यसैले यो बजेट प्रति असहमति छ । मलाई लाग्छ यो फेसबुकमार्फत मेल मार्फत जनतालाई हाल्यो । पढे लेखेको मान्छेले हेर्‍यो भने यो बुट्टा भरेर जात्रा बाजा मादल सुल्पा पटी पैसा हाल्ने सरकार कति नालायक छ । म त्यति भन्दै मेरो भनाइ अन्त्य गर्छु धन्यवाद ।

**माननीय सभामुखः**-माननीय श्री करविर शाही

**माननीय श्री करविर शाहीः**-माननीय सभामुख महोदय,आज हामी कर्णाली प्रदेशका माननीयमुख्यमन्त्री महेन्द्र बहादुर शाही मार्फत प्रदेश प्रमुखले प्रस्तुत गर्नु भएको कर्णाली प्रदेशको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रममाथि छलफल गरिरहेका छौं । सर्वप्रथम कोभिड-१९ का कारण पूर्व जनप्रतिनिधि,वर्तमान जनप्रतिनिधि लगायतका पार्टीका विभिन्न तहमा रहनु भएका सहकर्मीका साथै कोभिडका कारण मृत्युवरण गर्नुहुने सम्पूर्ण नेपालीहरूलाई भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । अहिले पनि अस्पतालको शैय्या,तथा आइसोलेसनमा रहेर उपचार गरिरहेका सम्पूर्णको शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहन्छु । यो किताबलाई विश्लेषण गर्ने हो र हेर्ने हो भने न विगतलाई पक्रेको छ । न त नयाँ केही चीज आएको छ । यो किताबका ४६ वटा बुँदा छन् । त्यसमम एउटा बुँदा दोहोरिएको कुरा उठिसकेको छ । यसमा धेरै कुरा छन् तर यसमा केही पनि छैनन्।

कुराहरू धेरै छन् किन भने यो सरकारलाई तीन वर्ष हामीले भोग्यौं । तीन वर्ष हामीले सत्तापक्षको सांसद भएर धारणा राख्यौं । कति सुझाव राम्रै थिए होला । अन्तिम आउने तपाईंहरू सबैको भनेको ठीक हो भन्ने,तमसुक गर्ने,त्यो दिनबाट उम्किने आफ्नो बाटो हिडिरहने । सरकार एउटै छ । सरकारका केही मान्छेहरू फेरबदल भए होलान् तर त्यसको नेतृत्वको हिसाबले एउटै मान्छे रहेको हुनाले यो किताबबाट धेरै कुरा आशा गर्नुपर्ने,धेरै केही परिवर्तन हुन्छ,विकास हुन्छ,कर्णालीका मान्छेको मुहार फेरिन्छ भन्ने आशा गर्नु मलाई बेकार होला जस्तो लाग्छ । पोहोर साल पनि यहीं विषयमा हामीले सुझाव दिने क्रममा राम्रो या नराम्रो कुरा चलिरहेको छ,यहाँ कुरा पनि उठ्यो । माननीय सदस्यहरूले कुरा पनि उठाउनु भएको छ । जनता सडक हामीले आन्दोलन गरेर ल्याएको हो । पूर्वाधार विकासका कुरा पनि हामीले सत्ताभित्रै आन्दोलन गरेर ल्याएको हो । सरकारले सुझबुझका साथ यो राम्रो हुन्छ । यसले जनतालाई

फाइदा हुन्छ । पूर्वाधारका विषयलाई सम्बोधन गर्न सकिन्छ भनेर सरकारले सोचेको पनि थिएन । सरकार त सकभर आफ्नो हातबाट कार्यकर्ता माझ सानका साथ योजना वितरण गरौं भन्ने चाहन्छ । यहाँभित्र पनि धेरै कुरा राहत बाँड्न र वितरणमुखी तवरले योजना तथा कार्यक्रम आएका छन् । म मुख्यमन्त्री रोजगार कार्यक्रमका विषयमा केही कुरा राख्न चाहन्छु । यसलाई घुमाईफिराई वितरणमुखी नै बनाइएको छ । यो कार्यक्रम जनता केन्द्रित होइन व्यक्ति केन्द्रित भएको मैले महसुस गरेको छु । मुख्यमन्त्री रोजगार भनेर भनिएको छ । ठीक छ संस्थाको नामको यसमा हाम्रो आपत्ति केहीपनि होइन । विकासका हिसाबले चिनारीका रूपमा राख्ने कार्यक्रम हो यो । पोहोर मुख्यमन्त्रीज्यू अन्तिममा सात अर्बमा अट्किनुभयो। पछि ४ अर्ब बजेट विनियोजन भयो । १६ खर्बको बजेटमा संघको आउँदा खेरि १२ अर्बको हाराहारीमा हुन्छ । करिब ३० अर्बको बजेट हामी ल्याउँछौं । त्यसमा एउटै कार्यक्रमको टेन्डरमा १० अर्ब खर्च छौं । म त भन्छु मुख्यमन्त्री रोजगार कार्यक्रम पूर्ण रूपमा असफल छ । सरकारले गत वर्षको नीति तथा कार्यक्रममा १ करोड भन्दा माथि बजेट नराख्ने भनेको थियो । सांसद उभिएर त्यसो नगर्नुहोस भनेर सरकारलाई भन्छन् । सरकार गन्दैन तर मुख्यमन्त्रीले आफैंले नेतृत्व गरेको मन्त्रालय मार्फत जिल्लामा ७ देखि ८ लाखका योजना जान्छन् जिल्लामा ।

सरकार नीति तथा कार्यक्रमका ल्याएका कुरामा पालना गर्ने मुडमा देखिदैन । सरकारलाई यसलाई च्यात्ने र आफू अगाडि बढ्ने र आफ्ना मान्छेलाई कसरी पोस्न सकिन्छ भन्ने कुरामा मात्रै क्रियाशील भएको देख्ने गरिन्छ । त्यसैले सरकारबाट अपेक्षा र आशा किनपनि गर्दैनौं भने तरिका देखिरहेका छौं । सरकारले रोष्टमसम्म पुऱ्याउनको लागि आन्दोलन गर्नुपर्ने अवस्था छ । छलफलमा सहभागी भएर संसद भुलियो । सत्तापक्ष कनीकुथी यहाँसम्म त आएको छ । सत्ता र प्रतिपक्षको कोलुम अव्यावहारिक छ । अहिलेको अवस्थाको संख्याको हिसाबले फरक छैन । कुनै सांसदलाई कुनै फोरममा सहभागी गराएर कोही योजनाका बारेमा आयोजनाका बारेमा छलफल गर्ने । भोलि बजेट आउँदैछ त आजको दिनसम्म हामी भने बेखबर छौं । त्यसकारणले हामीले दलको तर्फबाट हाम्रो दृष्टिकोण फेरि पनि यो वितरणमूखी रहेको निष्कर्ष हो । अहिले कै अवस्था हुने हो भने नेकपा एमाले चुप लागेर बस्नसक्नेवाला छैन । अहिले एउटा मन्त्रालय बनाइएको छ । यो कसरी र किन बनाइएको हो । यसको कारण सबैलाई थाहा छ तर यसले कसरी काम गर्ने हो । त्यो भोलिका दिनमा थाहा होला । यसले कसलाई भरणपोषण गर्छ प्रदेशवासीका लागि कत्तिको आवश्यकता हो । सरकारले यस्ता काममा ध्यान दिनुपर्छ,धन्यवाद ।

**माननीय सभामुखः**-माननीय सदस्यहरू अब यो बैठक १५ मिनेटका लागि स्थगित हुन्छ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८असार १ गते
मंगलवार
(बैठक संख्या-९)

राष्ट्रिय धुन,

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सभाको आठौं अधिवेशनको नवौं बैठकको कारवाही प्रारम्भ हुन्छ । के भयो माननीय सदस्य

**माननीय श्री यामलाल कँडेलः-** माननीय सभामुख महोदय, हामीले हिजोको बैठकमा दलको तर्फबाट गम्भीरतापूर्वक विषय प्रवेश गराएका थियौं । त्यसपछि पनि बोल्ने माननीय सदस्यहरूको कुरा हामी सबैले सुनेका छौं । त्यस मध्ये पनि सत्ता पक्षका माननीय सदस्यहरूले भनेका कुरा अहिले म सम्झनमात्र चाहन्छु, त्यसका बारेमा म धेरै टिप्पणी गर्न चाहन्नँ । दलले जे कुरा उठाइरहेको थियो म त्यसैका बारेमा मात्रै पुनः फेरि स्मरण गराउन चाहन्छु, हामीले यो सदन भित्र लामै कुरा छ भने

**माननीय सभामुखः-** माननीय सदस्यहरूले रोष्टम प्रयोग गरौं

**माननीय श्री यामलाल कँडेलः-**धन्यवाद । सुरु गरी हालियो अ आज लामो पनि छैन धेरै खालि विषय मात्रै प्रवेश गराउन चाहन्छु । समय धेरै लिन चाहन्नँ, हामीले जे विषय उठाइरहेका थियौं त्यो सबै संसदको गरिमाका निम्ति हाम्रा मूल्य र मान्यताका निम्ति गरिरहेकै कुरा हो । बुझ्नेले कसरी बुझ्नु हुन्छ त्यो आफ्नो ठाउँमा हुन्छ । नेपाली राजनीतिमा केही समय भयो । केही वर्ष भयो एमाले अलिअलि सबैले देखिने गरी छताछुल्लनै छ । जसलाई सम्पत्तिका रूपमा पनि भयो छ्यालब्यालनै छ एमालेको सम्पत्ति । सबैले आँखा लगाइरहनु भएको छ । आँखा लगाउने सम्म ठीकै थियो तर त्यो भन्दा पनि अगाडि बढेर गर्ने कुरा कति सराहनीय हुन्छ त्यो सम्बन्धितले नै थाहा पाउने कुरा हो । हामी समयको मर्यादालाई बुझ्छौंसीमालाई बुझ्छौ, सभाको मर्यादाई बुझ्छौ, लोकतान्त्रिक मूल्य र मान्यतालाई बुझ्छौ, मैले सोचेको थिए, दलले विश्वास गरेको थियो यो सदनभित्र त्यो कुरा त्यती गम्भीरतापूर्वक उठाइसकेपछि सम्बन्धितको सबैभन्दा बढी ध्यानाकर्षण हुनेनै छ किन कि हामी समयको सीमा चापमा छौं । सीमा चापमै रहने गरी अधिवेशनको आह्वान गरिएकोछ । यो भन्दा अगाडि पनि हामीले सीमा चापको आधारबाट हामीले एउटा निकास दियौं । अहिले पनि समय चापमै छौं । आज बजेट ल्याउने दिन हो । नेकपा एमाले संसदीय दललाई राम्रोसँग हेक्का छ, जानकारी छ, नीति कार्यक्रम अहिले सम्म पास भइरहेको अवस्था छैन, बजेट ल्याउने दिन हो । हामीले गम्भीरतापूर्वक विषय उठायौं, तर, आफैं सोच्नु पर्ने हो, त्यस्तो देखिएन सभामुख महोदय,

उल्टो कतिपय आफैंलाईनै अशोभनीयहुने गरी ती विषयमा टिका टिप्पणी गरिएको अनुभूती नेकपा एमाले संसदीय दलले गरिरहेको छ, बोल्न पाइन्छ, लोकतन्त्र छ, स्वतन्त्रता छ । को माननीयले किन के बोल्नु भयो त्यसप्रति धेरै टिप्पणी छैन, तर म के कुरा राख्न चाहन्छु भन्दा हामीले उठाइरहेका विषय सबैले भन्नु हुन्छ १०० प्रतिशत ठीक छ । तर त्यसलाई प्रतिवाद गर्नका निम्ति जे कुराको सहारा लिनु भएको छ, त्यले मलाई लाग्छ, स्वयं सम्बन्धित दलको मूल्य र मान्यतालाई स्थापित गर्ने कुरामा समस्या रहन्छ नै होलापनि भन्ने मलाई लाग्छ । त्यसकारणले सभामुख महोदय, म धेरै लामो समय लिन चाहन्नँ विषयसलाई फेरि गम्भीरतापूर्वक ध्यानाकर्षण गर्दै नेकपा एमाले संसदीय दलले जे संसदीय मूल्य मान्यता र संसदको गरिमालाई उठाउँनका निम्ति जे विषय प्रवेश गराइरहेको छ, ती विषयहरू यथावतनै छन्, कायमै छन् तर सत्ता पक्षले बुझेन त्यो आफैंले बुझ्नु पर्ने हो । उसलेनै नीति कार्यक्रम पारित गर्नु पर्नेछ, उसले नै बजेट ल्याउनु पर्नेछ तर आफ्नो अयोग्यता फेरि प्रतिपक्षलाई नै देखाएर कतिपय अभ्यासहरू गर्ने गरिरहेको एउटा अवस्थामा म सभामुखमार्फत अनुरोध र आग्रह गर्न चाहन्छु,के हाम्रा मागहरू, हाम्रा मूल्य र मान्यताहरू,विषयहरू जे छन्ती यथावत छन्, तर यो समय चापका बीचमा हामीले यो संसद चल्नका निम्ति प्रतिपक्ष दल हुँदाहुँदै पनि मागहरू राखेर मागहरू यथावत हुँदाहुँदै पनि समय चाप र हाम्रा जुन कानूनी बाध्यताका कार्यक्रमहरू अगाडि लैजाने जुन कुरा छ त्यसलाई महत्त्वपूर्ण रूपले ग्रहण गरेकै कारणले गर्दा म सभामुखमार्फत अनुरोध गर्न चाहन्छु,हिजो हामीले जे कुरा राखेका थियौं। ती कुरा कायमै छन् तर तरिकालाई हामीले बदलेका छौं । दलको तर्फबाट त्यो तरिकालाई हामीले बदलेका छौं, हाम्रो दलको तर्फबाट हामीले उठाएको मागहरूमा सम्बन्धित कतै सरोकार नभएको भएपनि नीति तथा कार्यक्रम सकेर बजेट ल्याउनु पर्ने एउटा बाध्यात्मक अवस्थामा रहिरहेको कारणले गर्दा हामीले हाम्रो तर्फबाट नै आफुलेनै आफ्नो जिम्मेवारी महसुस गरेर, आफ्ना कुरा कायम राखेर सदनको काम कारवाहीलाई सहज रूपले अगाडि बढाउने कुरामा हाम्रो दलको तर्फबाट सहयोग रहने कुरा स्वयं घोषणा गर्न चाहन्छौं,धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेशका माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीलाई प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम माथि छलफल हुँदा माननीय सदस्यहरूले उठाउनु भएका विभिन्न प्रश्न तथा जिज्ञासाहरूको सम्बन्धमा प्रदेश सभा नियमावली, २०७४ को नियम ३७ को उपनियम २ बमोजिम सरकारको तर्फबाट जवाफ दिन समय दिन्छु ।

**माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीः-**सभामुख महोदय, २०७८/०७९ को नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यज्यूहरूले उठाउनु भएका महत्त्वपूर्ण सुझावहरू, भनाइहरूलाई सर्वप्रथम मैले, कर्णाली प्रदेश सरकारले त्यसलाई ग्रहण गरेको

कुरा सभामुखमार्फत म जानकारी गराउँछु र विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारी र यसको पछिल्लो लहरले विश्व समुदायसलाई नै आक्रान्त गराइरहेको छ, कोरोनाका कारण जीवन गुमाएका नेपाल लगायत यहाँ थुप्रै महत्त्वपूर्ण राजनीतिक परिवर्तनमा भूमिका निर्वाह गर्ने जनसमूदायका नेतृत्वहरू र आम जनसमुदायहरूको जुन यो महामारीबाट मृत्यु भयो उहाँहरू प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । यसबाट शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु । अहिले कोभिडबाट बिरामी हुनु भएका बिरामीहरूलाई शीघ्र स्वास्थ्यलाभको कामना गर्न चाहन्छु । कोभिड-१९ महामारीका कारण भइरहेको जीवनको प्रतिरक्षा र जोखिमलाई मध्यनजर गर्दै प्रदेश सरकारले सम्पूर्ण स्रोत साधन र संयन्त्र परिचालन गरी नमुना परीक्षण, उपचार, अक्सिजन आपूर्ती स्वास्थ्य उपकरण, जनशक्ति, औषधि उपयोग, व्यवस्थापन सहित महामारीको न्यूनीकरण र प्रतिकार्यमा कुनै कमी हुन नदिन प्रदेश सरकार निरन्तर लागिरहेको छ । महामारी नियन्त्रण रोकथाम र उपचारका लागि अमूल्य योगदान गर्नुहुने सबै स्वास्थ्यकर्मीहरू, सुरक्षाकर्मीहरू, सफाईकर्मी, सञ्चारकर्मी एवं स्वयंसेवक प्रति उच्च सम्मानसहित आभार प्रकट गर्दछु । साथै यस महामारीको व्यवस्थापनमा सम्पूर्ण सहयोग गर्नुहुने जनप्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारी, सामाजिक र गैरसरकारी संस्थाहरूलाई र आम नागरिकलाई हार्दिक धन्यवाद व्यक्त गर्दै थप महत्त्वपूर्ण सहयोगकालागि म अपेक्षा गर्छु र म आग्रह गर्छु । अहिले मुख्यगरी महत्त्वपूर्ण सुझावहरू दिनु भएको चाहिँ छ । यो कोभिड-१९ का कारण सबै माननीय सदस्यज्यूहरूसँग राय सल्लाह, सुझावहरू लिन सकिएन । नीति तथा कार्यक्रम र बजेटको तयारीकालागि समय अभावशील रह्यो र एकातिर दोस्रो लहरले अवस्था भयावह स्थिति सिर्जना चाहिँ भएको थियो । त्यस्तो अवस्थामा हामीले विभिन्न क्षेत्रका महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सबै पक्षहरूलाई हामीले राय सल्लाह सुझवहरू लिने हामी त्यो समय, मिलाउन हामीले सकेनौं र यो बाध्यात्मक स्थिति चाहिँ सिर्जना भयो र यो हाम्रो ७८/७९ को नीति तथा कार्यक्रम त्यो विगतकै नीति तथा कार्यक्रमको रूपमा आएको छ र केही विषयहरूनै अहिलेको बदलिएको परिस्थिति अनुसार नै हामीले थपेतापनि विगतकै हाम्रो नीति तथा कार्यक्रमको निरन्तरता चाहिँ हो । यो नीति तथा कार्यक्रममा केही छुटेका विषयहरू र सरकारले समेट्नु पर्ने केही विषयहरू छुटेका भन्ने कुराहरू माननीय सदस्यज्यूहरूबाट सुझाव आयो र हामीले के भन्यौं भने विगतका नीति तथा कार्यक्रम नै निरन्तरता गराउदा विगतमा नीति तथा कार्यक्रममा उल्लेख गरेका विषयहरू अहिले हामीले सबै उल्लेख गरिरहनु पर्दैन भनेर नै हामीले यो वर्ष अहिले अहिलेको स्थिति भनेको नै सामान्य अवस्थामा चाहिँ छैनौ। अहिले पनि कोभिड-१९ को जुन जोखिम कायमै छ । तेस्रो लहर फेरि आउने संकेत यस क्षेत्रका चाहिँ विज्ञहरूले गरिराखेका छन । त्यसो भएको हुनाले हामीले बढी अहिलेको हाम्रो नीति तथा कार्यक्रम पनि केन्द्रित त्यहीं कोभिड नै हुनु पर्ने र कोभिडले सिर्जना गरेका केही अन्य

समस्याहरूका निम्ति लागिरहनु पर्ने र प्रदेश सरकारले अहिलेसम्म कार्यक्रमहरू, योजनाहरू सुरुवात गरेको जो चाहिँ छन्, भौतिक पूर्वाधारको क्षेत्रमा होस्या आर्थिक उत्पादनको क्षेत्रमा होस यसलाई नै निरन्तरता दिनु पर्ने अहिलेको अवस्था चाहिँ छ । त्यसो भा हुनाले हामीले बजेट चाहिँ त्यहाँ केन्द्रित गरोका छौं । र यसले गर्दा यहाँ केही चाहिँ अब अपुगहरू, अलिकति छुटेको भन्ने कुरा जो चाहिँ छ यल्लाई हामीले फेरि पनि आवश्यक सुझावलाई ग्रहण गर्ने कुरा छ । र यो नीति तथा कार्यक्रममा यहाँ धेरै विषय बस्तुहरूत बजेटमै केन्द्रित भएको चाहिँ छ । र नीति तथा कार्यक्रममा सुझाव अलिकति कम चाहिँ आएको चाहिँ छ र यो स्वाभाविक चाहिँ हो र यो बजेट अधिवेशनसम्बन्धी भएको हुँदा हामीले विकासको जिम्मा लिएका जनताका जनप्रतिनिधि र जनताले हामीबाट बिकास नै बढी अपेक्षा गर्ने भएको हुँदा यतीखेर हामी सबैको ध्यान जानलाई स्वाभाविक ठानिएको चाहिँ छैन यो स्वाभाविक चाहिँ हो । र जहाँसम्म नीति तथा कार्यक्रम यो अलिकति यो कुइरोको काग जस्तै चाहिँ भयो । यो वायुमण्डलमा चाहिँ तैरिएको जस्तै भयो भन्ने जो विभिन्न प्रकारका टिकाटिप्पणीहरू चाहिँ छन । म के आग्रह गर्छु भने, नीति तथा कार्यक्रममा प्राय छुटेका विषयहरू थोरै होलान । धेरै छन, बरु एलाई राम्रोसँग चाहिले पढ्नु पर्‍यो अहिलेको मुख्य विषय भनेको कोभिड हो । कोभिड व्यवस्थापनका लागि यसको कार्यान्वयनकालागि, यसको रोकथामकालागि, यसको नियन्त्रणकालागि प्रदेश सरकारले केही डिजाइन ल्यायो । यसमा के अपुग चाहिँ छ के छन् यसका समस्याहरू भन्ने कुराहरू हामीले अहिलेको नीति तथा कार्यक्रमको यो किताबलाई अलिकति अध्ययन हामीले राम्रोसँग गरेको धेरै विषय बस्तु यहाँ राखिएको चाहिँ छ । त्यसपछि यसले उत्पन्न गरेको बेरोजगारी चाहिँ हो, अर्को हामीले भन्यौं गत वर्षको चाहिँ उसमा भोकमारी चाहिँ हो, रोग र भोक बाट हामीले कर्णाली प्रदेशका नागरिकलाई हामीले जोगाउनु चाहिँ अहिलेको प्रमुख दायित्व चाहिँ हो भनेर चाहिँ हामीले भन्यौं । त्यसपछि अहिलेको भोकसँग लड्ने नीति तथा कार्यक्रमले के उठाएको चाहिँ छ,के नीति लिएको चाहिँ छ, भन्ने कुरा हामीले यो किताब भित्र खाज्यौ भने हामीले पाउछौं । त्यसपछि हामीले जो कर्णाली प्रदेशलाई समृद्ध कर्णालीः सुखारी कर्णाली प्रदेश बनाउने भन्ने मूल नारा उद्देश्य लक्ष्य जो छ यसलाई पूरा गर्नकालागि हामीले समग्र कर्णाली प्रदेशको पूर्वाधार विकासमा केके प्राथमिकतामा चाहिँ रहे । अहिले सडक चाहिँ हो, सडकको बारेमा नीति तथा कार्यक्रमले बोल्यो कि बोलेन लाग्न सक्छ, अब एकैचोटी सबै कुरा चाहिँ हुन पाए भन्ने कुरा लाग्नु पनि स्वाभाविक चाहिँ हो । अहिले तीन वटा सरकार चाहिँ छन्, र तीन वटा सरकारका पूर्वाधार विकासमा पनि आ-आफ्ना कार्यसूची चाहिँ छन । त्यस भित्र रहेर कर्णाली प्रदेश सरकारले यीनी हाम्रा प्राथमिकता हुन है पूर्वाधारका भनेर जुन इङ्गित गर्‍यो, जो हामीले बजेट बनायौ, कार्यक्रम बनायौं अघिल्ला वर्षहरूमा त्यसैको निरन्तरता अहिलेको नीति तथा कार्यक्रम ले लियो कि लिएन । यसमा हामीले

छलफल गर्ने विषय चाहिँ हो। त्यसपछि हामीले भन्यौं कर्णाली गरिब प्रदेश चाहिँ हो, आर्थिक अभाव चाहिँ छ । यसलाई अन्त्य गर्नकालागि उत्पादनमा कर्णाली प्रदेश सरकारले बजेट कति विनियोजन चाहिँ गरेको छ  विगतका वर्षहरूको बजेट कति विनियोजन भएको थियो ? र अहिलेको यो वर्षको बजेटमा कति विनियोजन चाहिँ गरेको छ ? भन्ने कुरा बजेटमा अंकमा पनि आउला छलफलपनि त्यहाँ गरौंला तर नीति तथा कार्यक्रमले बोल्यो कि बोलेन भन्ने कुराहरू महत्त्वपूर्ण विषय चाहिँ हो । यसमा मलाई लाग्छ बोलेको चाहिँ छ । त्यसपछि शिक्षाको कुरा छ, स्वास्थ्यको कुरा छ, यहाँको पर्यटन विकासको कुराहरूचाहि छन, कृषिका कुराहरू चाहिँ छन्, उद्योगको कुराहरू चाहिँ छ । यी सबै विषय बस्तुहरू यहाँ नीति तथा कार्यक्रमले प्रयाप्त रूपमा बोलेको चाहिँ छ । तर हामीले चिन्ता के हो ? मलाई पनि के लाग्छ भने सबै माननीय सदस्यज्यूहरूले उठाएको एउटा चिन्ता जायज छ, महत्त्वपूर्ण छ, सबैले व्यक्त पनि गर्नु भएको छ, उठाएको विषय, लेखिएका विषयहरू कार्यान्वयन हुन्छन कि हुँदैनन् । कार्यान्वयनमा के छ स्थिति कार्यान्वयनको अवस्था के छ बरु हाम्रो समस्या भनेको कार्यान्वयनको समस्या चाहिँ हो । हामीले जति कार्यक्रम बनाउछौं, नीति ल्याउछौं त्यसलाई हामीले शतप्रतिशत कार्यान्वयन गर्ने कुराहरूमा हाम्रा केही जटिलताहरू चाहिँ छन, समस्याहरू चाहिँ छन । बरु हामीले उठाउने विषय भनेको कार्यन्वयनको पाटो चाहिँ हो । किन कार्यान्वयन चाहिँ हुन सकेन, कार्यान्वयन पारदर्शी किन भएन ? बरु हामीले छलफल गर्नु पर्ने विषय यहाँ हो । यसलाई हामीले सुधार गर्नुपर्ने चाहिँ विषय हो ।

यसमा म धेरै विषय म जान चाहदैन यहाँ थुप्रै कुराहरू अहिलेको कोभिडमा केन्द्रित भएर विषयहरू चाहिँ उठाइएका छन् र सबै कुराहरू चाहिँ हामीले यसका लेखेका चाहिँ छौं । अहिले जो विषय उठ्यो यसका लागि म के भन्छु भने हाम्रो अहिले स्वास्थ्य क्षेत्रको समग्र सुधार त छँदै छ । यो नियमित प्रकृया चाहिँ हामीले गर्नु पर्छ तर अहिलेको मुख्य हाम्रो प्राथमिकता चाहिँ भनेको कोभिडमा चाहिँ हो । कोभिडलाई चाहिँ हामीले के भन्यो भने अहिले यहाँ सरुवा रोग अस्पतालहरू चाहिँ भनेर केही कुराहरू चाहिँ उठ्यो र यहाँ राखियो जस्तै कि उदाहरणका लागि प्रदेशमा प्रदेश स्तरको ५०० बेडको कोभिड हस्पिटल कसरी बन्छ । यो प्रश्न स्वाभाविक चाहिँ छ । हामीले भन्यौंकि अहिलेको सरुवा रोग अस्पताल ५०० बेडको बनाउने भनिएको होइन । अहिले कोभिडका बारेमा बोलिएको भनेको ५०० जना बिरामीलाई हामीले उपचार गर्ने व्यवस्थापन कर्णाली प्रदेश सरकारले चाहिँ गर्नु पर्छ । यसका लागि चाहिँ हामीले भन्यौं अस्थायी व्यवस्थापन गरेर भए पनि जस्तै अहिलेपनि हामीले ढाइसय जना बिरामीहरू प्रदेश सरकारले प्रदेश अस्पतालमा चाहिँ हामीले भर्ना गरेर उपचार गर्नुपर्ने अवस्था चाहिँ आयो । यो दोस्रो लहरमा र त्यतिखेर हामीले धेरै बिरामीहरू जिल्लामै उपचार गर्न लगायो । पालिकालाई पनि उपचार चाहिँ गर्न लगायौं र त्यसपछि

अलिकति सिकिस्त केसहरूमा प्रदेश हस्पिटलमा ल्याउने व्यवस्था हामीले गऱ्यौं र पनि हामीले करिब ढाइसय जना बिरामीसम्म भर्ना गर्नुपर्ने अवस्था चाहिँ सिर्जना भयो । फेरि आउने तेस्रो लहर भनेकोत भयावह चाहिँ हुन सक्छ । अझै ठूलो संख्यामा तपाईंहरूको चाहिँ प्रभाव पर्न सक्छ, बिरामी चाहिँ हुन सक्छन्। यसका लागि चाहिँ हामीले कम्तिमा पनि ५०० जना बिरामी आए भने भर्ना गर्न सक्ने, उपचार गर्न सक्ने हाम्रो स्तर क्षमता चाहिँ वृद्धि गर्नु पर्छ । यसकालागि चाहिँ हामीले भन्यौं, पुरानो अस्पताललाई प्रयोग गर्ने र त्यसपछि हामीले नयाँ अस्पतालको पनि केही भागलाई प्रयोग गर्ने र त्यसपछि तत्कालको लागि चाहिँ प्रि-फर्ममा भए पनि अस्थायी चाहिँ एउटा अस्पताल बनाएर भोलि तेस्रो लहर चाहिँ आउँदा प्रदेश स्तरमा हामीले ५०० जना जतिबिरामीहरू राख्न सक्नु पर्दछ । यसकालागि चाहिने आवश्यक अक्सिजन सहितको व्यवस्थापन हामीले गर्ने भनेर तीन वटा प्रदेश अस्पतालमा हामीले अक्सिजन प्लान्टहरू जडान गर्दै छौं । दुइवटा जडान भइसकेका छन, र हामीले एउटा जडान गर्दै छौं । त्यसपछि अर्को एउटा निर्देशनालयमा भएका रि-फिलिङ्गकालागि मात्रै भनेर एउटा निर्देशनालयमा गर्दै छौं । त्यो गर्दा ४ वटा चाहिँ हुन्छ । त्यसपछि अर्को तपाईंको यता आएर नगरपालिकासँग सहकार्य गरेर हामीले वीरेन्द्रनगर नगरपालिकाको अस्पतालमा पनि अब हामीले ठूलो अक्सिजन प्लान्ट राख्ने र त्यसपछि हामीले मेहलकुनामा राख्ने, चौरजहारीमा राख्ने, जुम्लामा राखिसकेको चाहिँ छ, स्वास्थ्य विज्ञान प्रतिस्ठानले त्यसपछि हामीले सबै जिल्लाका अस्पतालहरूमा मिनि अक्सिजन प्लान्ट राख्नु पर्दछ । जो हामीले अघिल्लो वर्ष मिनी अक्सिजन प्लान्ट राख्ने भनेका थियौं तर त्यो अनुसार कार्यान्वयन चाहिँ भएन । मिनी अक्सिजन प्लान्ट चाहिँ भएनन् ती सानो कन्सन्ट्रेटर मात्र चाहिँ हो भन्ने कुरा चाहिँ भयो । त्यो ४० लिटरको चाहिँ छ र एक जना बिरामीलाई २० लिटर लाग्ने भएको हुँदा ४० लिटरकोले २ जना बिरामीलाई मात्रै पुग्ने अक्सिजन छ, त्यतीले हुँदैन र त्यसपछि हामीले भन्यौं जिल्लाको अस्पतालहरूमा ५० जना बिरामीहरूलाई राखेर उपचार गर्न सक्ने स्तरको अस्पताल चाहिँ हामीले बनाउन पर्छ । माथिका जिल्लाहरूमा र तल्तिरका जिल्लाहरूमा पपुलेसनका आधारमा १०० जना बिरामीलाई जिल्ला अस्पतालमा राखेर उपचार गर्न सक्ने क्षमताको विकास हामीले तत्काल गर्नु पर्छ भनेर यसका लागि चाइने आवश्यक इकुप्मेन्टहरू, स्वास्थ्य सामाग्रीहरू सहितको व्यवस्थापन गर्ने भनेर भनिएको चाहिँ छ । त्यसपछि हामीले स्थानीय तहलाई पनि आवश्यक हामीले समन्वय चाहिँ गरेनौं । स्थानीय तह प्रदेश सरकार र संघीय सरकारको समन्वयमा स्थानीय तहमा पनि कम्तिमा २५ जना बिरामीलाई उपचार गर्न सक्ने सम्मको स्तर चाहिँ हामीले वृद्धि गऱ्यौं भने भोलि ठूलो भयावह स्थिति सिर्जना हुँदा पनि हामीले कन्ट्रोल गर्न सक्नेछौं । यसका लागि आवश्यक तयारी स्थानीय पालिकामा पनि बेड अक्सिजन सहितको वयवस्थापन चाहिँ गर्ने र माथिका जिल्लाहरू जहाँ चाहिँ विद्युत नपुगेका जिल्लाहरूको

हकमा हामीले कन्सनट्रेटरबाट चलाउने त्यसको चागी चाहिँ चाहिने व्याकअप सोलारबाट चाहिँ भए हुन्छ । र तल्तिरका जिल्लाहरू जहाँ चाहिँ विद्युत चाहिँ छ, थ्रि फेजको विद्युत चाहिँ भएको ठाउँमा हामीले अक्सिजन प्लान्ट नै जडान गर्दै चाहिँ जाने भनेर चाहिँ हामीले त्यो नीति तथा कार्यक्रम राखेका चाहिँ छौं । त्यो बजेटमा पनि आउछ । त्यसपछि रह्यो जनशक्तिको कुराहरू अब हामीले जनशक्ति व्यवस्थापन कसरी गर्ने ?भन्दाखेरि जो हाम्रो अहिले प्रदेश सरकारले तयार पारेको वाइनियमको आधारमा जो खाली भएको दरबन्दी जो चाहिँ छ त्यसलाई तत्काल चाहिँ पूर्ति गर्ने भनेर केही पूर्ति भइसकेको छ । माथि विशेषज्ञ डक्टरहरू बाहेक तल्लो लेभलका प्राय सबै स्वास्थ्यकर्मीहरू पदपूर्ति भइसकेका छन् । एकाध चाहिँ कम होला त्यसलाई तत्काल चाहिँ पदपूर्ति गर भनेर भनिएको चाहिँ छ । त्यसपछि पनि हामीलाई चाहिने आवश्यक थप जनशक्ति कतिहो ? यो कोभिडको जो हामीले अहिले यति बेड सम्मको तयारी गर्ने भनेर जुन भनयौ यसका लागि चाइने जनशक्ति कति हो ?यसका लागि चाहिँ हामीले भन्यौं। कम्तिमापनि भेण्टिलेटर हामीले यता प्रदेश स्तरमा प्रदेश अस्पतालमा कम्तिमा पनि हामीले १०-१२ वटा चलाउन सक्ने क्षमताको विकास गर्नुपर्छ । आइसियु बेड पनि ३०-४० सम्म हामीले चलाउनु पर्छ र जिल्लामा पनि एउटा भेण्टिलेटर सहित ५-७ सम्म आइसियु बेड चाहिँ चलाउने र यसका लागि चाहिने आवश्यक जनशक्ति पनि व्यवस्थापन गर्ने हामीसँग भएको जनशक्तिलाई तालिम दिएर हुन्छ र त्यसपछि हामीले नयाँ जनशक्ति हुन्छ । हामीले संकटको बेला हामीसँग भएको साधन स्रोत र शक्तिलाई नै हामीले भरपर्दो विश्वास यसैमा चाहिँ हामीले गर्नु पऱ्यो । हामीमाथि आएका हरेक प्रकारका चुनौतीको सामना गर्न हामी आफैं आत्मगत हिसाबले तयार रहने गरीकन तयारी गर्नु पर्छ भन्ने हिसाबले नीति तथा कार्यक्रम त्यहाँ केन्द्रित चाहिँ भएको छ। त्यसपछि हामीले बिरामीहरूको उपचारकालागि पनि अब हामीले अलिकति त्यहाँ एउटा त औषधिको कुरा छँदैछ, औषधिको व्यवस्थापन गर्ने र आम कर्णालीका जनतालाई भ्याक्सिनको व्यवस्था चाहिँ हामीले गर्ने र सबैलाई भ्याक्सिन चाहिँ अनिवार्य लगाउने व्यवस्थापन चाहिँ गर्ने र त्यसपछि बिरामीहरूकोलागि उपचार पनि अब मनोपरामर्स, योगा जस्ता अलिकति पद्दतीहरू घरेलुचाहि उपचारका कुराहरू यो हामीले गर्ने अस्पतालमा भर्ना भएका बिरामीलाई पनि होम आइसोलेसनमा बसेका बिरामीलाई पनि हामीले अलिकति जनचेतना चाहिँ दिनेगरी हामीले स्वयंसेवक परिचालनको कुरा पनि ल्यायौ । अब यो स्वयंसेवक भनेको भोलेन्टरी काम गर्ने स्वयंसेवक चाहिँ हो । हैन के हो यो कार्यकर्ता भर्ना गर्ने हो कि कसो हो भन्ने प्रश्नहरूचाहि आयो । यो कुनै तलब खाने भत्ता लिने नभईकन भोलेन्टरी काम गर्ने पनि थुप्रै छन् फेरि युवाहरू छन्, हामीले आह्वान चाहिँ गऱ्यौं भने अहिले पनि केही गरिरहेका छन् । अहिले पनि केही प्रदेश अस्पतालको कुराहरू चाहिँ आयो बाहिरबाट आको चाहिँ छ, मृत्यु भयो भने तुरुन्तै लास व्यवस्थापन गर्न निकै गाह्रो स्थिति सिर्जना भइसकेपछि हामीले तत्काल

त्यसको व्यवस्थापन गर्न स्वयंसेवक परिचालन गऱ्यौं र स्वयंसेवकले त्यसको व्यवस्थापन गर्छ अहिले आर्मीलाई त भनिएको छ आर्मीले त खाल्डो मात्रै खन्ने खाल्डोमा हाल्ने सबैले चिता तयार पारिसकेपछि चितामा हालेर जलाउने आर्मीले गर्छ । अरु सबै काम चाहिँ स्वयंसेवक स्वयं मृतककै आफन्तहरूले गर्नु पर्ने भएको हुँदाखेरि त्यहाँ गाह्रो चाहिँ भयो । त्यसकालागि चाहिँ त्यसपछि अस्पतालभित्र पनि अब बिरामीहरूलाई हामीले खाना खुवाउने भन्यौं पोसिलो खाना खुवाउने भनेर निर्णय हामीले गऱ्यौं दोस्रो लहरकै क्रममा हामीले क्याविनेट बसेर हामीले निर्णय गऱ्यौं । माथि हिमाली जिल्लाहरूको हकमा ६ सय रुपैयाको खाना खुवाउने, त्यसपछि बीचका जिल्लाहरूमा ५०० रुपैया मुख्यगरी कालिकोट र जुम्लासम्मकोलागि दैलेखदेखि लिएर तलका जिल्लाहरूमा चाहिँ ४०० रुपैयाले खाना खुवाउने व्यवस्था चाहिँ हामीले गऱ्यौं र त्यो बिरामीहरूकोलागि चाहिँ व्यवस्थापन अस्पतालले नै खाना खुवाउने गरेर अस्पतालमा हामी पैसा पठाइसकेको चाहिँ छौं र क्याविनेटमा पनि नीति तथा कार्यक्रममा राखिएको छ, बजेटमा पनि त्यसको व्यवस्थापन हुन्छ । त्यसपछि त्यहाँ खटिने बिरामीहरूसँग उपचारमा खटिने डक्टरहरूमा पनि घर गएर खाना खानकोलागि गाह्रो भयो। उहाँहरूलेनि प्रस्ताव चाहिँ लिनु भयो के गर्ने भन्ने कुरा गरिसकेपछि बिरामीले पाउने अनुसारको खानाको व्यवस्थापन कोभिड बिरामीहरूलाई उपचारमा खटिने स्वास्थ्यकर्मीलाई पनि व्यवस्थापन गर्ने भनेर हामीले भन्यौं । यो पनि नीति तथा कार्यक्रमअन्तर्गत बजेटमा यो विषयमा पनि आउछ ।त्यसपछि अहिले स्वास्थ्यकर्मीहरूको हकमा नन कोभिड चाहिँ बिरामीहरूलाई हेर्न अलिकति बढी इच्छुक चाहिँ देखियो । कोभिड भएका बिरामीहरूलाई त्यती हेर्ने इच्छा चाहिँ कम भएको स्वास्थ्यकर्मीको अवस्था चाहिँ भएपछि हामीले अलिकति स्वास्थ्य क्षेत्रमा कि अलिकति प्रोत्साहित गर्नकालागि भएपनि हामीले के व्यवस्थापन चाहिँ गऱ्यौं भने एउटा त अनिवार्य गर्दिने अहिले हामीसँग भएको जनशक्तिबाट ७५ प्रतिशत स्वास्थ्यकर्मी कोभिडका बिरामीहरूको उपचारकोलागि खटिनु पर्ने २५ मात्रै ननकोभिडमा मात्रै खटिने भनेर हामीले निर्णय गऱ्यौं । त्यसपछि कोभिडमा खटिने स्वास्थ्यकर्मीहरू, सुरक्षाकर्मीहरूको हकमा हामीले निर्णय चाहिँ हामीले गऱ्यौं । नीति तथा कार्यक्रममा आएको चाहिँ छ र बजेटमा पनि आउछ । हामीले सतप्रतिशत कोभिडमा खटिने स्वास्थ्यकर्मीहरूको लागि चाहिँ भत्ता भनेर भन्यौं हामीले, जोखिम भत्ता भन्यौं र स्वास्थ्यकर्मीलगायत अरुलाई चाहिँ त्यसलाई ५० प्रतिशत भनेर त्यसरी चाहिँ हामीले छुट्याइसकेपछि हामीले त्यसमा अहिले अलिकति सजिलो चाहिँ भएको छ । यसरी नै हामीले कोभिडमा केन्द्रित चाहिँ गरेका छौं। त्यसपछि अब नियमित स्वास्थ्यक्षेत्रको सुधारकालागि भनेर पूर्वाधारका कुराहरू चाहिँ छन । अहिले धेरै जिल्लाहरू जहाँ भवनको अभाव चाहिँ छ । अघिल्लो वर्षबाट यो टेण्डर चाहिँ लागेको छ। त्यसो भा हुनाले अब ति जहाँत्यहीं अधुरा चाहिँ छन् । त्यसलाई यो वर्ष हामीले बजेटको

व्यवस्थापन गर्ने हामीले भनेका चाहिँ छौं। जहाँ अभाव चाहिँ छ त्यो ठाउँमा हामीले पूर्वाधारमा पनि लगानी चाहिँ गर्ने भन्ने नीति हामीले लिएका छौं । त्यो भयो भने अहिले फेरि आउने तेस्रो लहरलाई पनि अब हामीले त्यसलाई क्रस गर्न सक्छौं त्यसबाट हामी विजय हासिल गर्न सक्छौं । यो हामी तयारी अवस्थामा रहनु पर्छ भनेर कोभिड केन्द्रि भएको चाहिँ छ । त्यसपछि त्यसकालागि चाहिने आवश्यक सामाग्रीहरू चाहिँ छन् त्यसको पनि हामीले खरिद गर्ने र तयारी अवस्थामा रहने भन्ने कुरामा यहाँ भनिएको चाहिँ छ । त्यसपछि अब हामीले नियमित उपचारको क्रममा केही अलि दीर्घरोगीहरूलाई भनेर केही रोगहरू भनेर उल्लेख गरिएको चाहिँ छ । त्यस्ता प्रवृत्तिका चाहिँ अब थुप्रै केसहरू चाहिँ आएका छन । तीन वर्ष चाहिँ भयो थुप्रै केसहरू चाहिँ आए तर प्रदेश सरकारको तर्फबाट हामीले सहयोग गर्न सकेनौं । यसकालागि भनेर हामीले एउटा नीति नै बनाइदिएर एउटा कार्यविधिनै बनाइदिएर हामीले कति दिन सक्छौं। क्यान्सरका बिरामीलाई कति दिन सक्छौं र त्यसपछि अब किड्नीका बिरामीलाई कति दिन स सक्छौं र यस्ता प्रकारका थुप्रै चाहिँ रोगहरू यहाँ उललेख गरिएको चाहिँ छ । त्यस्ता चाहिँ अलिकति बढी खर्च लाग्ने गम्भीर प्रकृतिका रोगहरूको बारेमा पनि प्रदेश सरकारले आवश्यक चाहिँ व्यवस्थापन गर्ने भन्ने कुरा चाहिँ छ । विशेष सेवाको व्यवस्थापन गर्ने भन्ने कुरा जिल्ला अस्पतालमा, प्रदेश अस्पतालमा भन्ने कुरा पनि अब हामीले यहाँ नीति तथा कार्यक्रममा राखेका चाहिँ छौं ।प्रयोगाशालाका कुराहरू चाहिँ छन । अब हामीले प्रदेशमा पनि एउटा प्रयोगशाला हामीले पहिला एकीकृत प्रयोशाला हामीले बनायौं । अब फेरि प्रयोगशाला आवश्यक छ भन्ने नै भयो हामी अहिलेसम्म पशु प्रयोगशालामा गएर परीक्षण गराइरहेका छौं भने अब हाम्रो छुट्टै अलग्गै चाहिँ प्रयोगशाला चाहिन्छ भनेर निर्देशनालय भित्र रहने गरेर प्रयोगशालाको चाहिँ व्यवस्थापन भएको चाहिँ छ भने जिल्लाहरूमा पनि प्रयोगशालाहरू राख्ने र केहि हामीले घुम्ती प्रयोशाला पनि व्यवस्थापन गर्ने भनेर नीति तथा कार्यक्रममा राखिएको चाहिँ छ त्यसपछि अब नियमित यो जो कार्यक्रमहरू छन् स्वास्थ्य सम्बन्धीका जस्तै अब यो मातृशिशु स्वास्थ्य सुधारका कार्यक्रम चाहिँ छन् । किशोरी अवस्थामा गर्भावस्थामा रहेका सुत्केरी हुनकालागि अब यो बहुपोषण कार्यक्रमहरू चाहिँ छन्, यो वर्थिङ सेन्टरको कुराहरू चाहिँ छ । त्यसपछि अब अहिले केही जेष्ठ नागरिकहरूलाई लक्षित वर्गहरूलाई हामीले यो प्रदेश प्रमुख दन्तउपचार, हामीले एउटा उपहार नै हो उपचार चाहिँ सेवा चाहिँ हामी सञ्चालन गर्ने भनेका चाहिँ छौं । यस्ता केही चाहिँ हाम्रा स्वास्थ्य क्षेत्रका कुराहरू चाहिँ छन् । त्यसपछि अब हामीले अलिकति कर्णाली प्रदेशको मुख्य समस्या भनेको फेरि पनि विपन्नतानै हो। विपन्न कर्णाली प्रदेशका नागरिकलाई सम्पन्न कसरी बनाउन सकिन्छ भनेर अब हामीले फेरि पनि अघिल्लो वर्ष बेरोजगारलाई केन्द्रित गरेर हामीले मुख्यमन्त्री रोजगार कार्यक्रम चाहिँ ल्यायौं र अहिले पनि मुख्यमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिने

कुरा चाहिँ अहिलेको आवश्यकताले त्यो भन्छ तर अहिले हामीले मुख्यमन्त्री रोजगार कार्यक्रमलाई विगतकै जस्तो कार्यक्रमलाई निरन्तरता दिने वा अलि फरक प्रकृतिको चाहिँ अब हामीले कार्यक्रम चाहिँ बनाउने भन्ने कुराको सन्दर्भमा हामीले अलिकति फरक प्रकृतिको चाहिँ बनाएर जानु पर्छ भन्ने कुरा हो।

हाम्रो अघिल्लो चाहिँ हाम्रो कस्तो थियो भन्नुहुन्छ भने नियमित र रेगुलर कार्यक्रम जस्तै भयो । मन्त्रालयबाट जाने कार्यक्रम पनि त्यही प्रकृतिका भयो र त्यसपछि हामीले विशेष पूर्वाधार कार्यक्रम भनेर पनि हाम्रो त्यहीँ प्रवृतिको कार्यक्रम चाहिँ भयो । मुख्यमन्त्री पनि त्यहीँ प्रवृत्तिको भयो । त्यहीँ सडक,त्यहीँ खानेपानी,त्यहीँ पुल,त्यहीँ फिल्डहरू,त्यहीँ तटबन्धनहरू यस्तैयस्तै प्रकृतिको हुने भएको हुनाले त्यो भन्दा पनि अब हामीले थाइ प्रकारको रोजगारी सिर्जना गर्ने किसिमका अलिकति उत्पादनमूलक, आयआर्जनमूलक हामीले अलिकति कार्यक्रम मोडल परिवर्तन गरेर जानु पर्ने छ । यसरी भन्ने कुराको चाहिँ अलिकति सोच बनाएर नीति तथा कार्यक्रम बनाएको चाहिँ छ, त्यसकालागि पनि हामीले व्यापक छलफल गरेर कसरी जाने । के गर्दा खेरिमा हामी कर्णाली प्रदेशका नागरिकलाई विपन्नताबाट माथि उठाएर सम्पन्नता गर्न सकिन्छ, हामीले सम्पन्न कसरी बनाउन सक्छौ भन्ने कुराका बारेमा विषेषगरी अलि बढी सल्लाह गर्न जरुरी छ । हामीले यसकालागि सीपसँगै सहयोग कार्यक्रम भनेर भनेका चाहिँ छौं र सीप पनि सिकाउने सहयोग पनि हामीले दिने त्यसपछि प्रत्येक जिल्लामा उद्योगका राम्रा कुराहरू चाहिँ छन् र उद्योग चाहिँ हामीले खोल्ने अझै जती सकिन्छ जो अहिले जीवन बिमा उत्पादन जो छ हाम्रो कर्णाली प्रदेशको अब यसलाई व्यवसायकरण कसरी गर्ने र जब हामीले यो निर्वाहमूखी उत्पादनलाई व्यावसायिक चाहिँ उत्पादन नहुँदासम्म कर्णाली प्रदेशको चाहिँ आर्थिक स्रोत वृद्धि हुन चाहिँ सक्दैन ।

अझै जती सकिन्छ जो अहिले जीवन निर्वाहमूखी उत्पादन जो छ हाम्रो कर्णाली प्रदेशको अब यसलाई व्यवसायकरण कसरी गर्ने अब हाम्रो निर्वाहमूखी उत्पादनलाई व्यावसायिक चाहिँ उत्पादन नभएसम्म कर्णाली प्रदेशको चाहिँ आर्थिक वृद्धि हुन सकेन फेरि त्यो सम्पन्न नागरिक बनाउन सकेनौं फेरि त्यो यसका लागि पनि अब हामीले त्यो प्रकारको वातावरण बनाउने कुरा नीति तथा कार्यक्रम बोलेको चाहिँ छ । त्यसपछि हाम्रो प्रत्येक घरलाई एउटा न एउटा व्यवसाय गर्ने गरीकन हामीले सुरुवात चाहिँ गऱ्यौं। हामीले त्यो भयो भने भोलि सबै व्यावसायिक चाहिँ भयौ । व्यावसायिक वातावरण चाहिँ हामीले गऱ्यौं भने हामीले उत्पादन वृद्धि गर्न सकिन्छ भनेर यस्तो प्रकृतिका कार्यक्रम त्यसपछि कर्णाली प्रदेशमा रहेका जे जे साधन स्रोतहरू छन् । के छ जडीबुटी छ,खानीहरू चाहिँ छन्, कृषि चाहिँ छ ।

पर्यटन छ यीविभिन्न क्षेत्रलाई चाहिँ लक्षित गरेर लगानी चाहिँ गर्ने र त्यसलाई व्यवसाय चाहिँ गर्ने उत्पादन वृद्धि गर्ने कार्यक्रमहरू यहाँ राखेका छन । मुख्यगरी

हाम्रो स्थानीय कच्चा पदार्थमा नै हामीले आधारित हाम्रा केही उत्पादन उद्योगहरू हामीले संचालन गर्ने गरीकन त्यहाँ राखिएको छ भने केही घुम्ती कोष जस्तै अब फण्ड जस्तै घुम्ती कोषहरू हामीले प्रत्येक ठाउँहरूमा के गरी चलाउने कसरी चलाउने भन्ने कुरात हामी भन्यौं एउटा नीति हामीले बनाउदा कार्यविधि चाहिँ हामीले बनाउला र हामीले घुम्ती कोष चाहिँ बनाउला र त्यसले गर्दा त्यो थुप्रै व्यवसायहरू गर्नका लागि पनि त्यो उसका लागि चाहिने त्यो पुजिँ चाहिँ हुन्छ फेरि त्यो अहिले अब कुनै पनि व्यवसाय गर्नका लागि बिउ पुजिँ नै पाउदैन । त्यले गर्दा यसको पनि व्यवस्था हुनु पनि पर्छ भनेर यहाँ राखिएको छ भने कृषिका पनि थुप्रै कार्यक्रम यहाँ राखिएका छन् । मुख्यगरि कर्णाली प्रदेशले प्राङ्गारिकतपाईंको प्रदेशको रूपमा हामीले लिने नीति कर्णाली प्रदेशमा सरकारले र हामीले बाझो जमिनलाई अब खेति योग्य बनाउने कुरा चाहिँ छ । अहिले खास उच्च प्रविधि हुन् । उपयुक्त हामीले कृषि फेरि उत्पादन वृद्धि गर्ने भन्ने कुराहरू छन् । यसमा हामीले केही ठूला लगानी चाहिँ गर्ने ठाउँहरू पनि छन् जस्तै अब कोल्ड स्टोर चिस्यान केन्द्रहरू यस्ता ठाँउहरूपनि अब हामीले नीजि क्षेत्रसँग सहकार्य गरेर जाने र निजी क्षेत्र त्यसपछि अब यो सहकारीहरू, त्यसपछि अब सरकार यी सबैसँग हामीले अब समन्वय गरेर र यी क्षेत्रमा चाहिँ लगानी ल्याउनका लागि हामीले प्रेरित गरीकन ल्याउने या नीति चाहिँ बनेको चाहिँ छ ।

त्यसपछि अब हामीले कर्णाली प्रदेशमा केही चाहिँ मुख्यगरी यो दैनिक उपभोग्य बस्तुहरूमा अनुगमन गर्न चाहिँ जरुरी छ । धेरै कर्णाली प्रदेश मा भएका सामाग्रीहरू गुणस्तरहीन सामाग्रीहरू पनि बढी हुने भइराका छन् । यसका लागि चाहिँ हामीले सरोकारवाला निकायहरूसँग हामीले समन्वय गरेर यसलाई पनि गम्भीरतापूर्वक लागु गर्नुपर्ने कुरा र हामीले आपूर्ती ल्याउन पनि व्यवस्थापन गर्ने कुराहरू र कर्णाली प्रदेशको आपूर्ती व्यवस्थापन चाहिँ कसरी गर्ने भन्ने कुराको बारेमा पनि नीतिमा चाहिँ प्रस्ट राखेका छौं ।

त्यसपछि अब यहाँ अलिकति प्राचीन कुरा पनि आयो कर्णाली प्रदेशमा भण्डारण चाहिँ छैन । हाम्रो यो भण्डारण गत वर्षको नीति तथा कार्यक्रम मा चाहिँ आएको चाहिँ थियो जग्गा प्राप्त हुन सकेन र अहिले जग्गा प्राप्ति चाहिँ हुने भैसकेपछि यसका लागि अब संघीय सरकारसँग समन्वय गरेर हामीले तत्काल भण्डारण चाहिँ गर्ने अरु भन्दा हामीले अक्सिजन सिलिन्डर हामीले नेपालगंञ्जमा गएर अक्सिजन यो ग्यास सिलिन्डर पनि हामीले नेपालगञ्जबाट ल्याउनु पर्ने रिफेरिङ्ग गरेर ल्याउनु पर्छ । र यसका लागि पनि अब हामीले यसको चाहिँ हामीले सम्भाव्यता अध्ययन चाहिँ भैसकेको छ । यसलाई चाहिँ हामीले तुरुन्त निर्माण प्रक्रियामा जान पर्छ फेरि त्यसपछि उच्च शिक्षा निकै माथि अब हामीले एक पालिका एउटा मोडेल स्कुलका सहयोग गर्ने र हिमाली जिल्लाहरूको आवासीय स्कुल एउटा जिल्लाको एउटा बनाएर जाने पुरानो कार्यक्रम

चाहिँ हो । त्यो क्रमागत नै छ । त्यसपछि अब हामीले अब केही अब यहाँ पाठ्यक्रममा पनि अब हामीले निर्माणका लागि पनि हामी तीनै ओटै सरकारहरूको समन्वयमा यो पनि जरुरी चाहिँ छ भन्ने कुराहरू यहाँ राखिएका चाहिँ छौं ।त्यसपछि अब स्कलरसिपको कुराहरू चाहिँ छ । अब यो स्वास्थ्य क्षेत्रमा, इन्जिनियरिङ,कृषि,भेटनरी, पर्यटन, सूचना प्रविधि क्षेत्रमा स्नातक अध्ययनको लागि क्षात्रवृत्तिको व्यवस्थापन पनि गर्ने नीति चाहिँ लिएका छौं र त्यो छोरी बुहारीछात्रवृत्ति हाम्रो रेगुलर कायक्रम चाहिँ हो नियमित कार्यक्रम हो ।

त्यसपछि पर्वतीय विश्वविद्यालयका बारेमा पनि अब प्रदेश सरकारले एउटा विधेयक तयार पारेर एउटा संसदमा पेस गरिसकेको चाहिँ छ र त्यसपछि उत्पादन बृद्धिलाई केन्द्रित रहेर हामीले नाना, छाना र खाना को कुराहरू र जीविकोपार्जनका कुराहरू कार्यक्रममा चाहिँ छ यो छोरी यो बैङ्क खाता छोरीको सुरक्षित जीवन भरिको भन्ने चाहिँ कार्यक्रमलाई चाहिँ निरन्तरता दिएको चाहिँ छ ।दलित कार्यक्रमको लागि दिएको चाहिँ छ । यो हामीले अलिकति यो अल्पसंख्या,सीमान्तकृत यी सबै समुदायलाई राउटे,बादी सबैका लागि चाहिँ यो कार्यक्रमहरू यहाँ राखिएको चाहिँ छ र भौतिक सम्पत्ति माथि छोरा सरहको चाहिँ छोरीलाई पनि अंश दिने त्यस्ता परिवारलाई हामीले सम्मान गर्ने कार्यक्रम चाहिँ राखेका छौं । युवाहरू र त्यो खेलकूद क्षेत्रमा पनि अब हामीले केही व्यवस्थापन चाहिँ गर्नुपर्छ भनेर युवाहरूलाई चाहिँ तालिमसहितको रोजगारीको व्यवस्था गर्ने कुराहरू खेलकूदमा पनि अब एउटा त १० औं राष्ट्रिय खेलकूदको पनि हामीलाई चाहिँ तयारी गर्नु छ । हाम्रै प्रदेशमा आयोजना हुने भएको हुनाले यसको भौतिक पूर्वाधार देखि लिएर हामीले खेलकूदको तयारी चाहिँ गर्ने कुराहरूको बारेमा नीति तथा कार्यक्रममा यहाँ राखिएको चाहिँ छ ।सुर्खेतमा यो रंगशाला निर्माण गर्ने कुरा यो काम अगाडि बढिरहेको बढिसक्या चाहिँ छ । लगभग हामीले यो यसको अध्ययन प्रतिवेदन चाहिँ तयार भइसकेको चाहिँ छ । करिब ढाई अरब लगानीको जुन अहिले रंगशाला चाहिँ निर्माण हुँदै छ यसको लागि आधा आधा लगानी संघको र आधाआधा लगानी गरेर चाहिँ निर्माण गर्ने भन्ने कुराको बारेमा पनि छलफल चलिराको चाहिँ छ । यही वर्ष यसको टेन्डर प्रकृया पनि अगाडि बढाउँदै छौं । र खेलाडीहरू उत्पादनका लागि हामीले पहिला प्रतिस्पर्धात्मक खेलहरू गर्ने र पछि उत्पादन भएका खेलाडीहरूलाई व्यावसायिक चाहिँ त्यसलाई चाहिँ खेलाडी निर्माणका लागि पनि एउटा तालिम केन्द्र राख्ने, एउटा प्रशिक्षण केन्द्र राख्ने, एकेडेमी चाहिँ राख्ने र त्यसपछि हाम्रा राम्रा खेलाडीहरूलाई व्यावसायिक रूपले खेल्नका लागि चाहिँ सरकारले राख्ने यो प्रकारको व्यवस्था चाहिँ अब गर्ने भन्ने कुरा छ । यहाँको कला साहित्य यहाँको संस्कृतिको जगेर्ना गर्नको लागि केही पुरातात्त्विक बस्तुहरू प्राथमिक ठाउँहरूको संरक्षणको लागि पनि अब विशेष नीतिमा चाहिँ यहाँ व्यवस्था गरिएको छ नीति ल्याइएको छ र त्यसपछि अब यो पर्यटन क्षेत्रमा पनि हामीले पर्यटन पूर्वाधार र

पर्यटन क्षेत्रको विकासका लागि पनि यहाँ चाहिँ थुप्रै नीतिहरू यहाँ ल्याएका चाहिँ छौं ।यसमा त्यसपछि वातावरणसँग सम्बन्धित नीतिहरू अहिलेको जलवायु परिवर्तनले पारेको प्रभावलाई न्यूनीकरण गर्नका लागि यसमा पनि लक्षित हाम्रो नीतिहरू ल्याएका छौं ।त्यसपछि अब लगानीको क्षेत्रमा पनि मुख्य गरी कर्णालीको पानीः जनताको लगानी भन्ने भनेर हाइड्रो पावरमा पनी हामीले यही वर्षै २० मेगावाट सम्मको विद्युत उत्पादन गर्ने गरी लगानी हामीले गर्दै छौं । यसका क्षेत्रहरू पनि केही निर्धारण भएका चाहिँ छन् । एउटा त अब यो भेरी बबइ डाइभर्सनमा लगानी गर्ने कुरा भेरी बबइ डाइभर्सनको बाँधबाट विद्युत उत्पादन गर्ने कुराहरू चाहिँ छन् र त्यसपछि अन्य केही ठाउँहरू पनि तयारी रहेका प्रोजेक्टहरूमा यही वर्ष अगाडि बढ्ने केही तयारी रहेका प्रोजेक्टहरूमा हामीले शेयर लगानी गर्ने कुराहरू पनि यो नीति तथा कार्यक्रममा यसलाई उल्लेख गरिएको चाहिँ छ। अब त्यसपछि राष्ट्रिय प्रसारण लाइन नजोडिएका हुम्ला,डोल्पा,हुम्ला जस्ता ठाउँहरू मुगु जस्ता ठाउँहरूमा हामीले वैकल्पिक व्यवस्था चाहिँ गर्ने र ऊर्जाको व्यवस्थापन गरेर सौर्य होला त्यस पछि अब हावाको होला र त्यसपछि साना माइक्रो हाइड्रोहरू होलान् । यो वैकल्पिक व्यवस्थापनवाट पनि बत्ती बाल्ने व्यवस्थापन चाहिँ गर्ने यो पुरानै कार्यक्रमको चाहिँ निरन्तरता हो र अहिले थुप्रै हाम्रा चाहिँ माइक्रो हाइड्रोहरू चाहिँ जुन अधुरा थिए र माथि केन्द्रबाट वैकल्पिक ऊर्जा र लगानी भएका र वैकल्पिक ऊर्जाकै लगानी बत्ती नबलेका ठाउँहरूलाई कर्णाली प्रदेश सरकारले लगानी गरेर धेरै चाहिँ अहिले अब पावर अहिले धेरै बत्तीपनि बलिसकेको अवस्था चाहिँ छ । बाँकी ठाउँहरूमा हामीले यो वर्षपनि बत्ती बाल्ने लक्ष्य चाहिँ ऊर्जा नीति लिएको चाहिँ छ। त्यसपछि अब सडक सञ्जालका बारेमा पनि अब अहिले जथाभावी सडकहरू खनिएका चाहिँ छन् । स्थानीय तह प्रदेश सरकार संघीय सरकारले अब यसलाई पनि हामीले एउटा सडक सञ्जाललाई पनि एकीकृत सडक सञ्जालको रूपमा विकास गर्ने गरीकन नजोडिएका कुराहरू जोड्ने र अलगअलग टुक्राटुक्रा भएका चाहिँ छन् । यसलाई अब हामीले एकीकृत सडक सञ्जालको रूपमा जोडेर यसलाई चाहिँ गुणस्तरको अवस्था के छ कस्तो र गुणस्तर सडक पूर्वाधार चाहिँ निर्माण गर्ने यतायाताको गुरुयोजना चाहिँ निर्माण गरी जाने भन्ने हामीले नीति लिएका चाहिँ छौं ।भनेको दुर्घटना न्यूनीकरण गर्नका लागि अहिले गाडी आइराखेका छन् धेरै दुर्घटनाहरू हुने र धेरै मान्छेहरू मर्ने र घाइते अपाङ्ग हुने भएकोले यसलाई चाहिँ न्यूनीकरण गर्नका लागि पनि यो नीति अहिलेको आवश्यकता चाहिँ हो ।त्यसपछि अब रणनीतिक सडकहरूभएर मुख्यगरी हिल्सासँगको सडक चाहिँ छ ।स्तरोन्नति गर्ने बारेमा यो स्वदेशी तथा विदेशी लगानीका बारेमा हामीले अब नेपाल सरकारसँग संघीय सरकारसँग समन्वय गरी यो कार्यन्वयन अहिले अब तत्काल ट्र्याक ओपन गर्न बाँकी रहेका ठाउँमा ट्र्याक ओपन गर्ने र त्यसपछि यसको स्तरोन्नति तत्काल गर्ने गरी कर्णाली प्रदेश सरकारलाई पनि सह लगानी यति गर्नु पर्‍यो भनेपनि हामीले लगानी गर्ने गरीकन संघीय सरकारसँग

समन्वय गरी यसलाई पनि तत्काल चाहिँ अगाडि बढाउने नीति लिएको चाहिँ छ ।नीति तथा कार्यक्रममा समावेश चाहिँ गरिएको छ । यो वीरेन्द्रनगर राजधानीमा चक्रपथ निर्माण गर्ने कुराका बारेमा हामीले यो वर्षबाट काम सुरु गर्ने स्तरोन्नति गर्नेमा चाहिँ राखिएको चाहिँ छ । त्यस पछि अब सुर्खेत वीरेन्द्रनगरको विमानस्थल चाहिँ यस्को चाहिँ विस्तार र स्तरोन्नति गर्ने कुरामा पनि अब हाम्रो अघिल्लो वर्षको कार्यक्रम चाहिँ यो वर्ष पनि बजेट हाम्रो कार्यक्रम र यसलाई पनि हामीले अगाडि बढाउने कुराहरू यहाँ उल्ललेख गरिएको चाहिँ छ । त्यसपछि न्यूनीकरणका लागि चाहिँ यसका विभिन्न क्षेत्रहरू छन् यसलाई पनि अब व्यवस्थित गर्ने कुराको नीति लिईएको छ यहाँ । त्यसपछि वीरेन्द्रनगर राजधानीमा खानेपानीको व्यवस्थापनको बारेमा पनि यो अघिल्लो वर्ष हामीले बजेट राखेका चाहिँ थियौं र संघीय र प्रदेश सरकारको सहयोगमा भेरीबाट लिफ्टिङ्ग चाहिँ हामीले खानेपानी गर्ने भन्ने कुरा चाहिँ थियो र संघीय सरकारले त्यो काम चाहिँ अगाडि नबढाउदा खेरि प्रदेश सरकारले कहाँ लगानी गर्ने कसरी लगानीगर्ने भन्ने कुराको अन्योलताकै बीचबाट हामीले यो वर्ष त्यो कार्यक्रम अगाडि बढाउन सकेनौं अब हामीले तुरुन्तै गर्नै हो भने प्रदेश सरकारबाटै हुँदै प्रक्रिया अगाडि बढाएर योबाट यो वर्ष हामीले खानेपानीको पनि समस्या समाधान गर्ने गरी जाने नीति लिएको छ भने त्यस पछि अब भेरी, कर्णाली,शारदा, तिला, हिमा जस्ता नदिहरूमा त्यहाँका किनारमा रहेका फाँटहरू फेरि पनि नदिमा पानी छ तर पनि टारहरू तर पनि हामीले लिफ्ट सिँचाइमार्फत सिँचाइ चाहिँ गर्ने भन्ने अब कार्यक्रम छ त्यसपछि एकीकृतबस्तीवा साथ हामीले भन्यौं छरिएर रहेका जोखिम बस्तीहरू पहिचान गरेर घरबार चाहिँ नभएका घरबार विहीनहरू सबैलाई सुरक्षित ठाउँमा बस्ती बसाल्नका लागि यो कार्यक्रम संचालन भै राख्या छन् हुम्लामा भएको छ कालिकोटमा भएको छ ।

जाजरकोटमा भएको छ जहाँ बाढी पहिरोबाट प्रभावित ठाउँहरूमा हामीले सुरु गर्‍यौं मुगुमा भएको चाहिँ छ र अहिले अब सबै जिल्लाहरूको हकमा अध्ययन भएको रहेछ ।अध्ययनका लागि पैसा पठाइएको छ । जहाँ जहाँ जून ठाउँमा अध्ययन त्यो ठाउँहरूमा अहिले यो वर्षहरूमा एक जिल्लामा एउटा नमुना बनाएर जाने लक्षका साथ अगाडि बढेको छ । त्यसपछि अब नमुना सहरको पनि अध्ययन गर्नुपर्छ, त्यस पछि नमुना सहर कुनकुन ठाउँमा र त्यसपछि पर्यटनतिर विकासका लागि पनि केबुलकारको विषयहरू चाहिँ उठाइएको छ राखिएको चाहिँ छ । यसका लागि अब यो सुर्खेत सिद्धपाइला केबुलकारको र रारा मुर्माटपको यो अध्ययन चाहिँ भनेर यो वर्ष अध्ययनमा राखिएको छ। त्यसपछि मान्मा देखि कोटबाडा खोला वारिपारि त्यो सिधा एउटै डोरी हालेर नाम केवलकार तर तुइन जस्तै हो त्यो फेरि तर तुइन नभनेर केबुलकार नै एउटा डिब्बा यता एउटा डिब्बा जानी किनकि कोटबडा सदरमुकामबाट त्यो खोलोका कारणले गर्दा धेरै टाढा चाहिँ भयो । त्यो खोलोको कारणले गर्दा छ भन्ने भै सकेपछि त्यसलाई पनि हामीले केबलकारकै रूपमा लियो भने कोटबाडा एअरपोर्टमा कनेक्सनको

जोडिन्छ नत्र भने एअरपोर्ट अर्को ठाउँमा बनाउने त्यहाँ अध्ययन गर्ने त्यहाँ राखेका चाहिँ छौं । त्यसपछी सुरुङ्ग मार्ग, रेल वे, जल मार्ग जसलाई चाहिँ सम्भाव्यता अध्ययनकै क्रममा यहाँ राखिएको चाहिँ छ । अहिलेलाई सबैभन्दा बढी गुनासो चाहिँ आएको र सुधार गर्ने एउटा क्षेत्र के छ भने योजना निर्माणको मामिलामा त हुँदै हो त्यो त समस्या छ । हामीले छलफल गऱ्यौं जति हामीले नीति लिएपनि मन्त्रालयले कार्यक्रम बनाउदा खेरि नीति तथा कार्यक्रम एकातिर बजेट अर्को तिर कार्यक्रम अर्कोतिर हुने गर्दछन् । विगतका बजेटले त्यस्तो देखायो र मन्त्रालयको समस्या भनेको मागमा आधारित कार्यक्रम बनाउने भएकाले अन्तत नीतिले एउटा बोल्ने कार्यक्रम अर्को भएर जाने तल पब्लिकहरूको माग यस्ले गर्दा पनि केही समस्याहरू छ । हाम्रो यतापट्टि पनि त्यसपछि पनि अर्को समस्या भनेको सेवा प्रवाहमा छ । सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो चुस्त दुरुस्त सरल र पारदर्शी बनाई आम नागरिक प्रदेश सरकारप्रतिको अपनत्व र विश्वसनीयता बढाउन सार्वजनिक प्रशासनको नीतिगत कामले नै संस्थागत मनोव्यावहारिक पक्ष सवलीकरण र अहिले अब सबभन्दा बढी गुनासो चाहिँ आको ठाउँहरू र हामीले सुधार गर्न नसेकेका एउटा क्षेत्र के छ भने अब समग्र निजी र निमार्णको मामिलामा नै हो त्यो समस्या छ त्यो त पटक पटक छलफल गऱ्यौं । बजेट नीति हामीले जति राम्रो नीति लियौं बजेट भन्दाखेरि मन्त्रालय कार्यक्रम बनाउदा खेरि नीति तथा कार्यक्रम एकातिर बजेट, अर्कोतिर कार्यक्रम अर्को तिर चाहिँ हुने गर्दा विगतका चाहिँ बजेटले त्यस्तो देखायो र मन्त्रालयको समस्या भनेको मागमा आधारित चाहिँ तपाईंको कार्यक्रम बनाउनु पर्ने भा हुनाले अन्तत फेरि नीतिले एउटा बोल्ने माग अर्को भएर जाने । तल पव्लिकहरूको माग यसले गर्दा खेरि चाहिँ समस्या चाहिँ यहाँ छ हाम्रो यता पट्टि भने त्यस पछि अर्को समस्या भनेको सेवा प्रवाहको बारेमा चाहिँ समस्या चाहिँ सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो चुस्त, सरल, पारदर्शी र प्रभावकारी बनाई आम नागरिकको प्रदेश सरकार प्रतिको अपनत्व र विश्वसनीयता बढाउन सार्वजनिक प्रशासनको नीतिगत कानुनी संस्थागत मनोव्यावहारिक पक्ष सबै सवलीकरण तथा निरन्तर सुधार गर्दै लगिने छ भन्ने छ । अब यसलाई अलि कति प्रभावकारीतामा लैजानका लागि पनि केही अलिकति अहिले कानून निमार्ण गरेर जानु पर्ने अवस्था चाहिँ देखिन्छ । नत्र भने फेरि पनि समस्याहरू त्यस्तै आउने स्थिति चाहिँ छ। त्यस पछि अब यो प्रदेश निजामती सेवालाई व्यवसाय र गुणस्तरीय नागरिक केन्द्रित परिमाणमूखी बनाउनको लागि प्रदेश निजामती सेवासम्बन्धी आवश्यक कानूनको निमार्णको आवश्यकता चाहिन्छ । यसको लागि पनि हामीले तत्काल एउटा ऐन चाहिँ निजामती ऐन बनाएर धेरै व्यवस्थाहरू यसलाई सुधार गर्नका लागि त्यहाँ हामीले राख्न जरुरी चाहिँ देखिन्छ । त्यसो त तत्काल हामीले अब यो लोकसेवा आयोगलाई यसलाई तुरुन्तै ऐन बनाएर,प्रभावकारी बनाएर अहिले जुन रिक्त रहेका दरवन्दीहरू छन् । यो प्रदेशका स्थानीय तहका यसलाई पनि अब तुरुन्तै हामीले यसको आपूर्ती चाहिँ गर्नु

पर्दछ त्यहाँ त्यस पछि अब राम्रो गर्ने काम अब कर्मचारीहरूमा केही सुधार ल्याउनका लागि राम्रो काम गर्ने कर्मचारीहरूलाई पनि अलि प्रोत्साहित चाहिँ गर्ने गरीकन पनि जान सकियो भने राम्रो कामका लागि प्रतिस्पर्धा गर्ने एउटा संस्कारको विकासका लागि पनि अब त्यस्तो किसिमको अब हामीले नीतिहरूमा बोलिएको चाहिँ छ । त्यसै महिला कर्मचारीहरू मध्येमा कार्यरत महिलाहरूको जो कार्यस्थिति जे होस् आफ्नो ठाउँमा अलि शिशु स्याहार केन्द्र चाहिँ हामीले स्थापना गरेर जाने पनि अब नीतिमा यहाँ उल्लेख गरिएको चाहिँ छ । त्यस पछि अब यहाँ अर्को विषय उठेको कुरा चाहिँ छ कि केछ भन्नु हुन्छ भने यो सहिद परिवारहरू घाइते अपाङ्गहरूका विषयहरू चाहिँ उठेका चाहिँ छन् । यहाँ हामीले जुन उहाँहरूको सम्मानका लागि केही भत्ता व्यवस्थापन गर्ने भन्ने कुरा राखिएको छ । यसमा अझै विषय चाहिँ उठ्यो आर्थिक कुराले के हुने भन्ने कुराका बारेमा त हामी छलफलको चाहिँ सरकारले छलफल गरेरै ल्याएको चाहिँ छ सकिन्छ भन्ने नै हो र अहिले अब हामीले हिजोको चाहिँ अब द्वन्द्वकालमा विस्थापितहरू पनि छन भन्ने कुरा संसदमा पनि उठ्यो त्यस्ताहरूको हकमा अवस्था के छ कसो छ । त्यसलाई पनि हामीले प्रदेश सरकारतर्फबाट केही सम्बोधन गर्न सकिने गरी हामीले सोच्नु पर्छ भन्ने कुरालाई नै हो त्यस पछि महिला सेवा हाउसका कुराहरू चाहिँ छन त्यस पछि गम्भीर घाइते अपाङ्गहरूको पुनर्स्थापना कुरा चाहिँ छ यता पनि लक्षित गरिएको चाहिँ छ त्यस पछि कर्णाली प्रदेशको भौगोलिक विकटतालाई मध्येनजर गरदै विपत व्यवस्थापनका लागि स्थानीय तह सुरक्षा निकाय र संघसंस्थाहरूसँगको सहकार्यमा प्रभावकारी बनाउने कुरामा नीति चाहिँ लिईएको छ यसका लागि अब हामीले हामी बनाउछौं । हाम्रो विपत कोष भनेर अब हामीले अलि विपत कोष स्थानीय लेवलमा पनि हामी स्थापना गरिदिने कसैले सहयोग गर्न चाहन्छन् । कहाँ सहयोग गर्ने भन्ने कुरा चाहिँ भयो हरेक हामी स्थानीय पालिकामा विपत कोषहरू राखिएको छ भने स्थानीय पालिकालाई सहयोग गर्ने पालिकालाई चाहिँ त्यहाँ कोषमा जम्मा पार्नेछन । जिल्लामा विभिन्न कोष बनाउने जिल्लाको कोषमा जम्मा हुन्छ । जिल्लालाई सहयोग गर्न चाहने प्रदेशलाई सहयोग गर्न चाहनेहरूलाई प्रदेश विपत कोष हामीले बनाइसकेका छौं र यो विपत कोषबाट नै हामीले सबै यसका लागि हामीले उद्योग कार्य गर्न कुराहरू राहत स्थापनाका प्याकेजहरू हामीले त्यहाँबाट लिने र यसको चाहिने न्यूनीकरणका लागि हामीले स्वयंसेवक परिचालन गर्ने भनेका छौं र यो विपत व्यवस्थापन ऐनमा पनि व्यवस्था भएको कुरा चाहिँ हो अहिले प्रत्यक वडा लेवलमा एउटा उद्घार राहात सहयोगका लागि चाहिँ भनेर हामी बनाउने कुरा भन्ने कुरा भाछ तिनलाई तालिम प्राप्त चाहिँ अहिले ट्रेनिङ्ग दिने प्रत्येक वडा वडामा र साधन स्रोत त्यहाँ दिने गैटीहोला, बेल्चा होला, बाउसोहरू चाहिँ फरुवाहरू चाहिँ होलान् त्यसै अब घाइतेहरूलाई प्राथमिक उपचार गर्ने कुराहरू होलान त्यो ट्रेनिङ्ग तिनलाई दिने तीबक्सहरू चाहिँ अब फस्ट ट्रिटमेन्ट बक्सहरू चाहिँ त्यहाँ तिनीहरूलाई दिने र त्यस पछि तुरुन्तै अब घाइते

भएकोलाई उद्धार गरेर ल्याएर उपचार स्वास्थ्य चौकीसम्म पुग्नका लागि उनलाई अब बिरामी बोक्ने सामग्रीहरू त्यसपछि दिने गरीकन संसद परिचालन गर्ने भन्ने कुराहरू त्यो पनि फेरि कुनै भत्ता चाहिँ लिएर गर्ने कुरा होइन कि अब यो भोलि डेनिसियनको भूमिका निर्वाह गर्नेगरी यहाँ राख्ने भन्ने नीति हामीले राखेका चाहिँ छौं । त्यसपछि अब यो सामुदायिक सञ्चार माध्यमको संस्थागत क्षमता विकास तथा सञ्चारकर्मीको पेशागत क्षमता बृद्धीका लागि क्रियाकलाप मार्फत आम सञ्चार माध्यमलाई स्वच्छ, मर्यादित र व्यावसायिक बनाउने नीति लिएको चाहिँ छ । हामीले यसमा के के गर्ने भन्ने कुराहरू पढ्नेहरूको लागि हामी छात्रवृत्तिको व्यवस्थापन देखि लिएर यसलाई पनि अलिकति हामीले प्रभावकारी व्यवस्था गर्न केही नीति लिनु पर्छ भनेर नीति लिएको चाहिँ छ । विद्युतीय सुशासन गृहहरू तयार गरी क्रमशः डिजिटल कर्णाली प्रदेश बनाउने जुन कर्णाली प्रदेश सरकारले सोच यसलाई पूरा गर्नका लागि केही कार्यक्रमहरू यहाँ केही राखिएका चाहिँ छन् अहिले यसमा पनि अब यहाँ उल्लेख गरिएको छ राखिएको छ यो । त्यसपछि अब अहिले अब आयोजना छनौट कसरी गर्छ, आयोजना केका आधारहरू के हो भन्ने कुरा व्यापक प्रश्नहरू उठ्ने गरेको चाहिँ छ । र अहिले पनि समस्या के हो भन्नुहुन्छ भने मागमा आधारित समस्याहरू छन् । यसका लागि हामीले हरेक चाहिँ विभागीयमन्त्रालयहरू र हरेक विभागहरूले आयोजना बैंक निर्माण गर्ने र त्यसको सबै सम्भाव्यता अध्ययन चाहिँ गर्ने जस्तै खानेपानीको कति हो के के हो खानेपानीको, सिँचाइको के हो, सडकको के हो, पुलको के हो, कृषिको के हो, पर्यटनको के हो सबै मन्त्रालयहरूले आयोजना बैंक बनाउने आयोजना बैंक बनाउने व्यापक छलफल गर्ने । अहिले पनि अब छलफल मै छैन अब अहिले माननीय सांसदको सिफारिसको कुराहरू होला । स्थानीय तहको सिफारिसको कुरा अथवा कसैको सिफारिसको कुराहरू चाहिँ होला तर, त्यो फिजिकल छ छैन आवश्यक छ छैन भन्ने कुराहरू स्वयम् बजेट हाल्ने योजना निर्माण गर्ने मान्छे नै अनभिज्ञ चाहिँ हुन्छ। यस्तो स्थिति न आओस् भनेर यसको सम्पूर्ण सम्भाव्यता अध्ययन र अनुमानित लागत कष्टसहितका अनुमानित लागत कष्ट चाहिँ हामीले यो आयोजना बैंकहरू चाहिँ बनाएर हामीले राख्यौं भने हामीले बजेट बनाउने बेला छलफल गर्नुपर्ने प्राथमिकताको आधारमा हामी बजेट राखेर जान सक्छौं र बजेटको बेला यति चटारो चाहिँ हुँदैन अबदेखि। कहाँ हाल्ने कता हाल्ने केमा हाल्ने भन्ने कुराको चटारोको चाहिँ अन्त्य हुन्छ । यसका लागि अलि त्यो गर्न चाहिँ जरुरी छ । त्यो गरेका छौं र केही विषयहरू यहाँ अब उठेका छन् अब यो प्रदेश सरकारले सुशासनका बारेमा अलिकति अब राम्रो भूमिका निर्वाह गरेन भन्ने कुरा पनि छ । अहिले भर्खरै यो दश वटा जिल्लाको कन्सलेटरहरू जडान गर्दा त्यहाँ भएको अनियमितताको कुराहरू उठेका चाहिँ छन् । यी विषयहरूमा कर्णाली प्रदेश सरकारले छानबिन प्रक्रिया सुरु गरिसकेको म जानकारी गराउन चाहन्छु सम्मानित सदनमा। त्यसपछि काहीं कतै त्यस्तो चाहिँ भएको भेटिएमा हामीले कारवाही चाहिँ हामीले गर्छौं । यो कुराको पनि

विश्वास दिलाउन चाहें र त्यसपछि अब यहाँ केही कर्णाली प्रदेशका थुप्रै मुद्दाहरू चाहिँ छन् । अन्तर्राष्ट्रिय सीमा नाकाका कुराहरू पनि छ यहाँ विषय उठेको र त्यसपछि हाम्रो सीमा क्षेत्रमा अब हामीले पर्यटकको कुरा आधारका कुराहरू चाहिँ छन् । र यी थुप्रै विषयहरूका बारेमा हामीले सरकारमा आवश्यक छलफल चाहिँ गरेर र हामीले धेरै विषयमा चाहिँ संसदमा हामीले छलफल गरेर अगाडि जाने अगाडि बढ्ने म सरकारको तर्फबाट प्रतिबद्धता म व्यक्त गर्न चाहन्छु । जसरी एउटा महत्त्वपूर्ण अब सुझाव सल्लाहहरू छोटो भयो समय अहिले हामी हिजो साँझसम्म हामीले सुझाव राख्दै थियौं थुप्रै माननीय सदस्यहरूका । अघिल्लो वर्ष जो हाम्रो केभन्दाखेरिहामीले कति पेश गर्‍यौं३० दिनको समय बाँकी थियो । थुप्रै सुझावहरू प्रि बजेटमा आयो । त्यसपछि हामीले बजेट बनाउने समय धेरै बाँकी राखेर पनि नीति तथा कार्यक्रम पनि ल्यायौं । नीति तथा कार्यक्रममा धेरै विचारहरू चाहिँ आयो । र नीति तथा कार्यक्रममा आएका महत्त्वपूर्ण सुझाव विचारहरू हामीले बजेटमा समावेश गर्ने समय हामीले पायौं तर यो वर्ष अहिले जुन छलफलमा उठेका विषयबस्तुहरू उच्चा निच्चा कार्यक्रममा उठेका विषय बस्तुहरूलाई बजेटमा समावेश गर्ने कुराहरूमा हामीसँग समय रहेन । हामी यो पास गर्छौं फेरि तुरुन्तै बजेट अहिले नै पेश गर्नुपर्ने भा हुनाले यसलाई हामीले थप पछि छलफल गरेर महत्त्वपूर्ण सुझावलाई समावेश अहिले कार्यक्रममा बजेटमा नगरी नहुने त्यस्ता विषयहरूमा हामीले समेटेर जाने कुराहरू र अहिले मुख्य गरी म फेरि पनि विनम्रतापूर्वक आग्रह गर्छु र विकास सबैको साझा एजेन्डा हो । भोलि कोही सत्तापक्ष हौंला कोही प्रतिपक्ष हौंला यो भै रहने कुरा हो । कोही कुनैबेला सरकारभन्दा बाहिर होला कतिखेर कोही सरकारबाट बाहिरिएला कोही सरकार भित्र चाहिँ होला यो नियमित भै रहने कुरा हो तर कर्णाली प्रदेशको समग्र विकास हाम्रो सबैको साझा दायित्व हो । यो सबैको साझा दायित्व पूरा गर्ने जुन ध्ययका साथ उद्देश्यका साथ प्रमुखप्रतिपक्षी दलले पनि यी कुरालाई चाहिँ चिन्ताका साथ उठाएर यो विकास हामी सबैको साझा एजेन्डा हो भनेर जुन सहयोग गर्‍या चाहिँ छ । अहिलेको हाम्रो प्रि-बजेट ल्याउन कुरामा होस् नीति तथा कार्यक्रम ल्याउने कुरामा होस् बजेट ल्याउने कुराहरूमा होस् यसका बारेमा हामीले प्रतिपक्ष दलसँग हामीले प्रतिपक्ष दलसँग सत्तामा सामेल भएका दलहरू हामी सबै बसेर छलफल गरेर सर्वदलीय बैठक नै हामीले गरेर हामीले यो प्रक्रिया अगाडि बढाएका छौं । त्यसो हुँदा कुनैपनि समस्या आउँदा हामीले सर्वदलीय सर्वपक्षीय हामीले छलफल गरेर सल्लाह गरेर आउँछन् । समस्याहरू थुप्रैयो स्वाभाविक विषय हो । दलीयराजनीतिमा हामी चाहिँ छौं। दलका आफ्ना विषय छन् । सबैले आफ्ना विषयहरू सशक्त ढंगले सदनमा राख्नुपर्छ । यसमा किन राखियो ? किन भनियो ? भन्ने कुराहरूमा प्रदेश सरकार भन्ने पक्षमा चाहिँ छैन । तर प्रदेश सरकारको विनम्र आग्रह अनुरोध चाहिँ के हो भने यहाँको विकास हामी सबैको साझा एजेन्डा हो, यहाँको समृद्धि हामी सबैको साझा एजेन्डा हो, कर्णाली प्रदेशको सुशासन हामी सबैको साझा

एजेन्डा हो । साझा एजेन्डामा हामी एउटै ठाउँमा उभिएर अभियानमै हामी गएर साँच्चिकै हातेमालो गरेर अगाडि बढौं। यसैभित्र कर्णाली प्रदेशको भविष्य छ । कर्णाली प्रदेशका जनताको भविष्य छ । त्यो भविष्य निर्धारण गर्ने जिम्मा जनताले तपाईँ हामीलाई यो संसदलाई दिएको चाहिँ छ । यसमा हामी सबै जिम्मेवार चाहिँ भएर सरकार बढी जिम्मेवार चाहिँ हुनुपर्छ, बढी जवाफदेही हुनुपर्छ । त्यसपछिको अन्य सरकार वैकल्पिक सरकार भनेको प्रमुख प्रतिपक्षी हो । प्रमुख प्रतिपक्षी दलपनि जिम्मेवार चाहिँ हुनुपर्छ, जिम्मेवार चाहिँ भएर हामी प्रस्तुत हुनुपर्छ, जिम्मेवार भएर हामी अगाडि बढ्नुपर्छ । यही म आग्रह अनुरोध मैले गर्दै मेरा भनाइहरू यहीं राखें र अन्तिममा माननीय सभामुखज्यू कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रदेश सभा नियमावली, २०७४ को उपनियम ३७ (३) बमोजिम पारित गरियोस् भनि सभा समक्ष प्रस्ताव पेश गर्छु, धन्यवाद ।

**माननीय सभामुखः-** माननीय सदस्यहरू कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम माथिको छलफल समाप्त भएको जानकारी गराउँछु।माननीय सदस्यहरू माननीय मुख्यमन्त्री श्री महेन्द्रबहादुर शाहीले राख्नु भएको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम पारित गरियोस् भन्ने प्रस्ताव प्रदेश सभा नियमावली, २०७४ को नियम ३७ को उपनियम ३ बमोजिम निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

माननीय सभामुख यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

माननीय सभामुख हुन्न भन्ने आवाजभन्दा हुन्छ भन्ने आवाज प्रदेश सभामा उपस्थित सदस्य संख्याको बहुमत भएकाले प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम पारित गरियोस् भन्ने माननीय मुख्यमन्त्रीले राख्नु भएको प्रस्ताव बहुमतले पारित भएको घोषणा गर्दछु । माननीय सदस्यहरू अब यो बैठक आजै अपरान्ह ४ बजे सम्मका लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८असार १ गते
मंगलवार
(बैठक संख्या-१०)

राष्ट्रिय धुन,

**माननीय सभामुखः**-माननीय सदस्यहरू,कर्णाली प्रदेश सभाको आठौं अधिवेशनको दशौं बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू नेपालको संविधानको भाग-१६ प्रदेश आर्थिक प्रणाली अन्तर्गत धारा २०७ र प्रदेश सभा नियमावली, २०७४ को परिच्छेद-१६ नियम २८ बमोजिम कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७८/७९ को राजस्व र व्ययको आर्थिक अनुमान बजेट प्रस्तुत गर्न आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री गोपाल शर्मालाई अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री गोपाल शर्माः-**

माननीय सभामुख महोदय,

१) नेपाली जनताको बलिदानीपूर्ण संघर्षको प्रतिफलस्वरूप स्थापित यस गरिमामय कर्णाली प्रदेश सभामा आर्थिक वर्ष २०७८/७९ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूती भएको छ ।

२) सर्वप्रथम नेपालको सार्वभौमिकता,अखण्डता,संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशिता,धर्म निरपेक्षता र सामाजिक न्यायका लागि भएका विभिन्न ऐतिहासिक संघर्षहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरूको स्मरण गर्दै उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै सो क्रममा घाइते, अपाङ्ग र बेपत्ता भएका महान योद्धा तथा सहिद परिवारजनप्रति उच्च सम्मान प्रकट गर्दछु ।

३) कोभिड-१९ को विश्वव्यापी महामारीबाट सङ्क्रमित भई मुलुकभित्र र बाहिर मृत्युवरण गरेका मृतकहरूप्रति हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । साथै यस रोगबाट संक्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४) कोरोना महामारीका कारण उत्पन्न स्वास्थ्य संकटको यस विषम घडीमा प्रत्येक नागरिकको जीवनरक्षालाई उच्च प्राथमिकता दिँदै दिगो विकास निर्माण तथा आर्थिक गतिविधिलाई निरन्तरता दिन कर्णाली प्रदेश सरकार कटिबद्ध छ।

५) कोभिड-१९ नियन्त्रणमा अग्रपंक्तिमा रहेर अहोरात्र क्रियाशील चिकित्सक लगायत सम्पूर्ण स्वास्थ्यकर्मीलाई संकटको समयमा उहाँहरूको जिम्मेवारीबोध एवं सेवाप्रति हार्दिक आभार प्रकट गर्दै अझै उच्च मनोबलका साथ कार्यक्षेत्रमा खटिन विनम्रताका साथ अनुरोध गर्दछु। त्यसरी नै आफ्नो जिम्मेवारीमा निरन्तर खटिइरहनु भएका सुरक्षाकर्मी,एम्बुलेन्स तथा सवारी चालक एवं सफाइकर्मीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

६) महामारी नियन्त्रण तथा व्यवस्थापनमा आवश्यक सहयोग र समन्वय गर्नुहुने माननीय सदस्यहरू,स्थानीय तहका जनप्रतिनिधि,राजनीतिक दल,राष्ट्रसेवक कर्मचारी,निजी क्षेत्र,नागरिक समाज,सञ्चार जगत तथा आदरणीय जनसमुदायलाई धन्यवाद व्यक्त गर्दै निरन्तर सहयोगको लागि सबैसँग हार्दिक अनुरोध गर्दछु।

७) संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गरी त्यसको लाभ प्रत्येक नागरिकसम्म पुऱ्याउने हाम्रो प्रमुख दायित्व पूरा गर्न समाजवाद उन्मुख आर्थिक-सामाजिक संरचनाको विकास गर्दै अपेक्षित आर्थिक वृद्धि हासिल गर्ने दिशामा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम लक्षित रहेको छ।

८) बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान,नेपाल सरकारको पन्ध्रौं योजना,कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना,दिगो विकास लक्ष्य,कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम,विनियोजन विधेयक,२०७८ को सिद्धान्त उद्देश्य प्राथमिकता र प्रमुख नीतिहरूमा माननीय सदस्यहरूबाट प्राप्त महत्त्वपूर्ण सुझाव एवं मार्गदर्शनलाई प्रमुख आधार बनाएको छु।

माननीय सभामुख महोदय
अब म कर्णाली प्रदेशको चालु आर्थिक वर्ष २०७७/७८ को विद्यमान अवस्थाका सम्बन्धमा केही जानकारी प्रस्तुत गर्दछु।

९) कोभिड-१९ महामारीको संक्रमण नियन्त्रण गर्न लागु गरिएको निषेधाज्ञा तथा स्वास्थ्य सुरक्षा मापदण्डहरूका कारण समग्र जनजीवन मात्र होइन विकास निर्माणका गतिविधिहरू समेत प्रभावित भएका छन् । विदेश मात्र होइन देशभित्र पनि रोजगारीमा रहेका मानिसहरूको रोजगारी गुमेको छ । कृषि तथा उद्योगका क्षेत्रमा आर्थिक गतिविधिहरूकरिबकरिब बन्द अवस्थामा रहेका छन् ।

१०) कर्णाली प्रदेश मानव विकास सूचकाङ्क,प्रतिव्यक्ति आय,औसत आयु,साक्षरता र पूर्वाधार विकासमा राष्ट्रिय औसतभन्दा तल रहेको छ भने बहुआयामिक गरिबी,मातृ मृत्युदर र बाल मृत्युदर राष्ट्रिय औसतभन्दा माथि रहेको छ। कोभिड-१९ महामारीका कारण ती सूचकांकमा अझ जोखिम बढ्ने सम्भावना देखिएको छ ।

११) विगत केही वर्षदेखि उच्च आर्थिक वृद्धि हासिल गरिरहेको नेपालको चालु आर्थिक वर्षको समग्र आर्थिक वृद्धि ४.०१ प्रतिशत मात्र हुने पूर्वानुमान रहेको छ भने कर्णाली प्रदेशको सोही अवधिको आर्थिक वृद्धिदर ३.५ प्रतिशतले हुने प्रक्षेपण गरिएको छ। कोभिड-१९ को दोस्रो लहरबाट आर्थिक क्रियाकलाप पुनः प्रभावित भएकोले अनुमानित आर्थिक वृद्धिदर हासिल गर्न चुनौती थपिएको छ।

१२) चालु आर्थिक वर्ष २०७७÷७८ को समग्र मुलुकको आर्थिक वृद्धिदर २.१ प्रतिशतले ऋणात्मक भएको अवस्थामा कर्णाली प्रदेश सरकारको अथक प्रयासबाट ३.७७ आर्थिक वृद्धिदर हासिल भएको छ । प्रदेश सरकारले कार्यान्वयन गरेको आर्थिक पुनरुत्थान सम्बन्धी नीति तथा कार्यक्रमको सकारात्मक परिणामस्वरूप चालु आर्थिक वर्षको आर्थिक वृद्धिदर ३.५ प्रतिशत भन्दा उच्च रहने प्रारम्भिक अनुमान छ। मुलुकको कूल ग्राहस्थ उत्पादनमा कर्णाली प्रदेशको योगदान करिब ४.३ प्रतिशतको हाराहारीमा रहेको छ।

१३) चालु आर्थिक वर्षमा कोभिड-१९ महामारीको कारणले पूँजीगत खर्च र राजस्व संकलन दुवै प्रभावित भएका छन् । यस आर्थिक वर्षको बजेटको तुलनामा संशोधित विनियोजन ४६.४० प्रतिशत अर्थात रु १५ अर्ब ९३ करोड ६७ लाख १९ हजार हुने अनुमान छ । संशोधित विनियोजनमा चालु खर्च ५१ प्रतिशत र पूँजीगत खर्च ४९ प्रतिशत रहने अनुमान छ ।

१४) चालु आर्थिक वर्षमा प्रदेशको आन्तरिक राजस्व संकलन वार्षिक लक्ष्य ३० करोड ६ लाख ५३ हजार रहेकोमा राजस्व संकलनमा भएको क्रियाशीलता र प्रभावकारिताले लक्ष्यभन्दा ६६.३ प्रतिशत वृद्धि भई रु ५० करोड पुग्ने संशोधित अनुमान रहेको छ।

१५) समग्र आर्थिक एवं सामाजिक सूचकांकमा पनि कर्णाली प्रदेश सबैभन्दा पछि परेको छ। नेपालको मानव विकास सूचकाङ्क ०.५७४ रहेकोमा कर्णाली प्रदेशमा यो ०.४२७ मात्र रहेको छ। मुलुकको औसत प्रतिव्यक्ति आय ११९१ अमेरिकी डलर रहेको हालको अवस्थामा कर्णालीमा उक्त प्रतिव्यक्ति आय ६०६ अमेरिकी डलर मात्र छ । राष्ट्रिय औसतका हिसाबले मुलुकका १८.७ प्रतिशत जनता गरिबीको रेखामुनि रहेको अवस्थामा कर्णालीमा भने २८.९ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि रहेका छन्। यसैगरी बहुआयामिक गरिबी सूचकांकको राष्ट्रिय औसत २८.६ प्रतिशत भएकोमा कर्णाली प्रदेशमा भने ५१.२ प्रतिशत रहेको छ । राष्ट्रियस्तरको औसत आयु ७० वर्ष छ भने कर्णालीवासीको औसत आयु ६७ वर्ष मात्र छ। राष्ट्रियस्तरमा ५ वर्ष मुनिका कुपोषित बालबालिका ४०.५ प्रतिशत छन् भने कर्णाली प्रदेशमा यो प्रतिशत ५३.६ रहेको छ। यसैगरी राष्ट्रियस्तरमा साक्षरता प्रतिशत ८५ प्रतिशत रहेकोमा कर्णाली प्रदेशमा ६६ प्रतिशत मात्र छ।

१६) विगत १५० वर्ष यता विभिन्न कालखण्डमा देखा परेका अन्य महामारी र वित्तीय संकट भन्दा कोभिड-१९ महामारीले सिर्जना गरेको आर्थिक संकट अझ गम्भीर प्रकृतिको देखिएको छ,जसका कारण छोटो समयमै जनस्वास्थ्य,जनजीवन र अर्थतन्त्र निकै प्रभावित भएको छ ।

१७) विश्व महामारी कोभिड-१९ को नियन्त्रण,रोकथाम,प्रतिकार्य र उपचारका लागि कर्णाली प्रदेश सरकारले सुरुवातदेखि नै योजनाबद्ध रूपमा क्रियाशील रही जनताको जीवन रक्षालाई पहिलो प्राथमिकतामा राखेको छ।

१८) कोभिड-१९ रोकथाम,नियन्त्रण तथा उपचार व्यवस्थापनसँग सम्बन्धित विभिन्न क्रियाकलापहरू सञ्चालन गरिएको,सबै जिल्ला अस्पतालमा अक्सिजन मिनि प्लान्ट स्थापना तथा सञ्चालनका लागि बजेटको व्यवस्था गरिएको,उच्च क्षमताको अक्सिजन प्लान्ट स्थापना गर्न वीरेन्द्रनगर नगरपालिकासँग सहकार्य गरिएको, प्रदेशको **COVID–१९ Contingency Plan** तयार भएको,विभिन्न विकास साझेदार संस्थाहरूबाट स्वास्थ्य सामग्रीहरू प्राप्त भई सामाजिक विकास मन्त्रालय मार्फत व्यवस्थापन भइरहेको छ । महामारीको कठिन अवस्थामा सङ्कट व्यवस्थापनका लागि नगद र जिन्सी सहयोग गर्ने सबैप्रति हार्दिक आभार प्रकट गर्दछु ।

१९) मुलुक र प्रदेश बाहिर रोजगारी गुमाएर हजारौं नागरिक घर फिर्ता भएका छन्। यसबाट खाद्य सङ्कट भोगिरहेको यस प्रदेशले हाल थप समस्या सामना गर्नुपर्ने र बेरोजगारी थप बढ्ने देखिन्छ । तर प्रदेशभित्र आवश्यक श्रमशक्तिको उपलब्धता बढ्ने र उनीहरूलाई विकासको प्रक्रियामा सक्रिय रूपमा सहभागी गराइ उत्पादनसँग जोड्न सकिएमा कृषि,उद्यम तथा पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने अवसर समेत प्राप्त भएको छ।

२०) शिक्षा,स्वास्थ्य,सामाजिक संरक्षण र न्यून आय भएका जनताको जीवनस्तर सुधारका कार्यक्रममा संघीयताको मर्म अनुरूप स्थानीय तहसँग नियमित सहकार्य गरिएको छ ।

माननीय सभामुख महोदय,

२१) अब म आर्थिक वर्ष २०७८/७९ को बजेटका उद्देश्य प्रस्तुत गर्दछु ।

क) कोभिड-१९ लगायतका महामारीको रोकथाम,नियन्त्रण,प्रतिकार्य र उपचार क्षमता बढाउन समन्वयात्मक ढंगले स्वास्थ्य सेवा प्रणालीको सुदृढीकरण एवं विस्तार मार्फत नजिकको स्वास्थ्य संस्थाबाट सहज,निःशुल्क र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरी नागरिकको जीवन रक्षा गर्ने।

ख) कृषि,उद्योग,खनिज तथा वन लगायतका क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य अधिकार,खाद्य सम्प्रभुता सहितको खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने,साथै ती क्षेत्रबाट रोजगारी एवं स्वरोजगार सिर्जना गरी स्थानीय समुदायको आयआर्जन वृद्धि गर्ने।

ग) रोजगारमूलक,व्यावहारिक एवं जीवनोपयोगी प्राविधिक सीप तथा तालिम मार्फत युवा,महिला तथा समाजमा पछाडि पारिएका समुदाय एवं वर्गको क्षमता विकास गर्ने।

घ) प्रदेश भित्रको भौगोलिक विकटता र क्षेत्रीय असमानतालाई समुचित रूपले सम्बोधन गर्दै दिगो,भरपर्दो,सर्वसुलभ र गुणस्तरीय भौतिक पूर्वाधारको विकास गर्ने।

ङ) अर्थतन्त्रका सबै क्षेत्रको समावेशी एवं समन्यायिक विकासबाट रोजगारीका अवसरहरूसिर्जना गरी जीवनस्तरमा सुधार गर्ने र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने ।

च) वार्षिक कार्यक्रम कार्यान्वयनमा पारदर्शिता एवं प्रभावकारिता अभिवृद्धिका लागि सक्रिय जनसहभागिता,नवीन प्रविधिको उच्चतम उपयोग,वार्षिक कार्यान्वयन कार्ययोजना निर्माण,भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन र प्रशासनिक क्षमता विकास गरी सुशासन कायम गर्ने ।

छ) बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सरकारका निकायहरूबीच उचित समन्वय र सहकार्य गर्ने ।

माननीय सभामुख महोदय,

बजेटका उल्लिखित उद्देश्यहरू प्राप्त गर्न मैले देहाय अनुसार बजेटका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छुः

(क) कोभिड-१९ लगायतका महामारीबाट कर्णालीवासीलाई सुरक्षित राख्न अत्यावश्यक औषधि,स्वास्थ्य सामग्री एवं उपकरणको उपलब्धता, परीक्षणको दायरा विस्तार र उपचारको भरपर्दो व्यवस्था,

(ख) अत्यावश्यक खाद्यान्नको भण्डारण,खाद्य सुरक्षा र भरपर्दो आपूर्ति व्यवस्थापन,

(ग) रोजगारमूलक विकास र उद्यमशीलताको माध्यमबाट आधारभूत आवश्यकताको परिपूर्ति गर्दै जीवस्तरमा सुधार,

(घ) कृषि,उद्योग,वन,पर्यटन र निर्माण लगायतका क्षेत्रको पुनरूत्थान गरी उत्पादन एवं उत्पादकत्व वृद्धि,

(ङ) स्वास्थ्य र शिक्षा क्षेत्रको दीर्घकालीन विकासका लागि भौतिक पूर्वाधार,दक्ष जनशक्ति,नवीन प्रविधि र संस्थागत क्षमता विकास,

(च) सडक,ऊर्जा,खानेपानी,सिँचाइ लगायतका भौतिक पूर्वाधारको दिगो विकास र उपयोग,

(छ) शासकीय सक्षमताको विकास गरी सुशासन र सदाचार प्रवर्धन ।

माननीय सभामुख महोदय,

२२) नेपाल सरकारको पन्ध्रौं योजना र कर्णाली प्रदेशको पाँचवर्षे विकासको मार्गचित्रसहित प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा रहेको छ । उक्त योजनाहरूले निर्धारण गरेका प्राथमिकतामा रहेर योजना अवधिमा हासिल गर्न तोकिएका परिमाणात्मक लक्ष्यहरू प्राप्त गरी समृद्ध कर्णाली, सुखारी कर्णालीवासीको दीर्घकालीन सोचका साथ समावेशी,दिगो र उच्च आर्थिक वृद्धि हासिल गर्दै आर्थिक,सामाजिक रूपान्तरण,समतामूलक समाज र सामाजिक न्याय सुनिश्चित गर्न समृद्ध कर्णालीको आधारः स्वास्थ्य,शिक्षा,उत्पादन र पूर्वाधार भन्ने मूल नाराका साथ आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट तर्जुमा गरिएको छ ।

२३) चालु आयोजनाको कार्यान्वयन सुनिश्चितता गर्ने,आधारभूत सेवा प्रवाहमा नेपाल सरकार र स्थानीय तहसँग समन्वय र सहकार्य गरी सार्वजनिक,निजी,सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीमा विकास प्रक्रियालाई शीघ्र अघि बढाउने कार्यक्रम तथा आयोजनामा मैले विशेष जोड दिएको छु।

माननीय सभामुख महोदय,

अब म आगामी आर्थिक वर्षको बजेटका कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छुः

२४) कोभिड-१९ महामारी रोकथाम,नियन्त्रण,परीक्षण र उपचार कार्यलाई सुचारू एवं सहज बनाउन नेपाल सरकार,स्थानीय सरकार तथा सामुदायिक संस्थाहरूसँग समेत समन्वय एवं सहकार्य गरिनेछ । यसका लागि अत्यावश्यक जनशक्ति,सुरक्षा सामग्री, मेसिनरी औजार,औषधी,प्रयोगशाला र अक्सिजनको सहज आपूर्तिलाई प्राथमिकतामा राखिनेछ ।

२५) सबै अस्पतालहरूमा सहज अक्सिजन आपूर्तिको लागि प्रदेश राजधानी सुर्खेतमा उच्च क्षमताको अक्सिजन प्लाण्ट निर्माण गरिनेछ । साथै,जिल्ला अस्पतालहरूमा मिनि अक्सिजन प्लाण्ट स्थापना गरी सेवाप्रवाह गरिनेछ ।

२६) कोभिड-१९ सङ्क्रमित व्यक्तिहरूको पहिचान तथा समुचित उपचारको व्यवस्था मिलाउन परीक्षणको दायरा बढाइनेछ । तोकिएका अस्पतालहरूमा निःशुल्क उपचारको व्यवस्था गरिनेछ । कोभिड-१९ सङ्क्रमणबाट दुःखद् मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई राहत स्वरूप निश्चित रकम उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

२७) स्थानीयस्तरमा कोभिड-१९ को सङ्क्रमणबाट बच्न तथा स्वास्थ्य मापदण्डको पालना सम्बन्धी चेतना अभिवृद्धि गर्ने कार्यमा स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहनका लागि प्रदेश सरकारले दिँदै आएको भत्तालाई निरन्तरता दिएको छु ।

२८) कोभिड-१९ को विश्वव्यापी महामारीको व्यवस्थापनका लागि अग्रपंक्तिमा रहेका चिकित्सक एवं स्वास्थ्यकर्मी,सवारीचालक एवं सफाइकर्मीलाई महामारीको प्रकोप अवधिभर सुरु तलबको १०० प्रतिशत मासिक प्रोत्साहन उपलब्ध गराउन आवश्यक रकम विनियोजन गरेको छु ।

२९) कोभिड-१९ नियन्त्रण र रोकथामका लागि गरिने परीक्षण,उपचार र प्रतिकार्यका लागि रू. ५३ करोड ९८ लाख विनियोजन गरेको छु ।

३०) अस्पतालहरूको सुदृढीकरण अन्तर्गत प्रदेश अस्पताल,सुर्खेत ५०० शैय्या,जिल्ला अस्पताल डोल्पा,मुगु र हुम्ला ५० शैय्या तथा जिल्ला अस्पताल कालिकोट, सल्यान,रुकुमपश्चिम,जाजरकोट र दैलेख १०० शैय्या अस्पताल सञ्चालनका लागि आवश्यक पूर्वाधारको विकास,स्वास्थ्य उपकरण तथा आवश्यक जनशक्ति व्यवस्थापन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३१) जिल्ला अस्पतालहरूमा कम्तिमा एक भेन्टिलेटरसहितको पाँच आईसियु उपचार कक्षसमेत पचास उपचार शैय्याको व्यवस्था गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३२) अस्पातालमा भर्ना भएका कोरोना संक्रमितहरूको लागि निःशुल्क उपचार र पोषिलो आहार सम्बन्धित अस्पतालहरूबाट उपलब्ध हुने व्यवस्था मिलाएको छु ।

३३) संघीय सरकारसँगको समन्वयमा कोभिड-१९ विरुद्धको खोप खरिद गरी क्रमशः सम्पूर्ण कर्णालीवासीहरूलाई खोप लगाउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

३४) प्रत्येक अस्पतालमा आधारभूत सुविधासहितको स्वास्थ्य परीक्षण प्रयोगशाला सञ्चालन गर्न आवश्यक उपकरण र विशेषज्ञ जनशक्ति व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३५) प्रदेश अस्पताल सुर्खेतमा एमआरआई उपकरण खरिद एवं प्रदेश अस्पताल लगायत अन्य अस्पतालहरूको मेडिकल औजार तथा अन्य उपकरण खरिदका लागि रु १३ करोड ९६ लाख व्यवस्था गरेको छु ।

३६) प्रदेश राजधानी सुर्खेतमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको स्थापना गरी लुम्बिनी प्रदेशको नेपालगञ्जमा रहेको स्वास्थ्य आपूर्ति शाखालाई स्थानान्तरण गरिनेछ । प्रदेश जनस्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालनको लागि ३ करोड ३५ लाख बजेट व्यवस्था गरेको छु।

३७) वीरेन्द्रनगरमा रहेको प्रदेश आयुर्वेद औषधालयलाई प्रदेश आयुर्वेद अस्पतालको रूपमा स्तरोन्नति गरिनेछ । सुर्खेत बाहेकका अन्य ९ वटा जिल्लाहरूमा आयुर्वेद स्वास्थ्य केन्द्रहरूको स्थापना गरी सञ्चालन गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३८) दुर्गम स्थानका बासिन्दाहरूलाई लक्षित गरी टेलिमेडिसिन सेवा मार्फत स्वास्थ्य चेकजाँच तथा त्यस्ता स्थानहरूमा सम्बन्धित स्थानीय तह र सरोकारवाला संस्थाहरूसँगको समन्वय एवं साझेदारीमा नागरिकको घरदैलोमा स्वास्थ्य सेवा पुऱ्याउन विशेषज्ञ घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ ।

३९) दुर्गम स्थानबाट जटिल प्रसूती अवस्था एवं आपतकालीन अवस्थाका बिरामीहरूलाई शीघ्र उपचारको लागि हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिएको छु ।

४०) सुरक्षित सुत्केरी गराइ आमा र बच्चाको जीवन रक्षा गर्न स्थानीय तहसँगको साझेदारीमा आवश्यक स्थानमा बर्थिङ्ग सेन्टर निर्माण गरी सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४१) कर्णाली प्रदेशका दुई प्रमुख नाका बबई र कपुरकोटमा सेन्सर उपकरण सहितको स्वास्थ्य चेकजाँच र उद्धार सहायताका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

४२) रुकुम पश्चिमको चौरजहारी नगरपालिकाको समन्वयमा उक्त नगरपालिकाले सञ्चालन गर्दै आएको कोभिड ल्याब प्रदेश सरकारको मातहतमा ल्याई सञ्चालनमा ल्याइनेछ।

४३) सबै अस्पतालमा शववाहन तथा स्थानीय तहले सञ्चालन गरेका स्वास्थ्य संस्थाहरूमा स्थानीय तहको साझेदारीमा एम्बुलेन्स र शववाहन व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४४) आयुर्वेद,प्राकृतिक चिकित्सा,होमियोपेथी लगायत वैकल्पिक उपचार पद्धतिको विकास गरिनेछ। यसका लागि योग,ध्यान,मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ । आयुर्वेद अस्पतालहरूको पूर्वाधार विकास,उपकरण तथा जनशक्ति व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४५) सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन स्वास्थ्यवीमा कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ । जेष्ठनागरिक लक्षित गरी प्रदेश प्रमुख दन्त उपचार सेवा तथा देश दर्शन कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

४६) समग्र स्वास्थ्य प्रणालीको सुदृढीकरण गरी गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चितताका लागि रु. २ अर्ब ६१ करोड रकम विनियोजन गरेको छु ।

४७) बालबालिका तथा गर्भवती एवं सुत्केरी आमाहरूको पोषण अवस्थामा सुधार ल्याउन पोषिलो आहार वितरण कार्यलाई संघीय सरकारको समन्वयमा निरन्तरता दिइनेछ।

४८) सडक दुर्घटना तथा अन्य घटनामा परी घाइते भएका व्यक्तिहरूलाई तत्काल उपचारको व्यवस्था गर्न दैलेखको राकम कर्णालीमा ट्रमा सेन्टर स्थापनाका लागि पूर्वाधार निर्माण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४९) निःशुल्क र अत्यावश्यक औषधीको सहज उपलब्धता सुनिश्चित गर्न समयमै खरिद एवं ढुवानी गर्न आवश्यक व्यवस्थामिलाइनेछ । थप औषधी लगायतका अन्य अत्यावश्यक सामग्री आपूर्तिको लागि नेपाल सरकारसँग समन्वय गरिनेछ ।

५०) सुरक्षित मातृत्व,परिवार नियोजन,बाल रोग नियन्त्रण,पोषण,रोग नियन्त्रण र उपचारात्मक सेवा सुदृढीकरणमा विशेष ध्यान दिइनेछ ।

५१) स्वास्थ्य सूचना प्रणाली सुदृढीकरणको लागि आवश्यक तालिम,समीक्षा,सुपरिवेक्षण र अनुगमनमा विशेष जोड दिइनेछ ।

५२) अस्पतालहरूमा चिकित्सक,नर्सिङ,स्वास्थ्यकर्मी लगायतका अत्यावश्यक जनशक्ति व्यवस्थापन गरी उनीहरूको उत्प्रेरणा र क्षमता विकासमा विशेष प्राथमिकता दिइनेछ।

५३) कर्णालीको स्वास्थ्य क्षेत्रमा योगदान गर्न चाहने उद्योग तथा व्यापारिक संघ संस्थाहरूलाई उनीहरूको सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गतको लगानीलाई आकर्षण गर्न आवश्यक समन्वय गरिनेछ ।

५४) अल्जाइमर,क्यान्सर,पार्किन्सन,सिकलसेल एनेमिया,मुटु,मृगौला,रिकेट्स,अटिजम जस्ता दीर्घरोगबाट पीडित बिरामीको उपचारमा सहयोग गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

५५) नेपाल सरकार र स्थानीय तहसँगको समन्वयमा कर्णाली प्रदेशलाई पूर्ण साक्षर प्रदेश घोषणा गरिनेछ ।

५६) कर्णाली प्रदेशका तीन स्थानः सुर्खेत,जुम्ला र चौरजहारीमा प्रदेश सरकारको स्वामित्वमा सञ्चालन हुनेगरी विशिष्टीकृत नमुना शिक्षालय स्थापना गर्नका लागि सम्भाव्यता अध्ययन गरी नमुना शिक्षालय स्थापनाको लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

५७) कर्णाली प्रदेशमा आफ्नै विश्वविद्यालय मार्फत गुणस्तरीय एवं दक्ष जनशक्ति उत्पादनका लागि पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालयको स्थापनाको प्रक्रिया अगाडि बढाइनेछ । यसका लागि रु १ करोड रकम विनियोजन गरेको छु ।

५८) गरिब तथा जेहेनदार र दलित बालबालिकालाई नेपाल सरकार र स्थानीय तहसँगको सहकार्य एवं समन्वयमा छात्रवृत्तिका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

५९) जनयुद्ध,जनआन्दोलन एवं प्रदेश प्राप्तिको आन्दोलनका महान्सहिदहरू तथा गम्भीर प्रकृतिका घाइते योद्धाका सन्ततिहरूलाई स्नातक तहसम्म निःशुल्क अध्ययन गर्ने व्यवस्था मिलाएको छु । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६०) प्रदेशभित्र दक्ष प्राविधिक जनशक्ति विकास गर्न उच्च शिक्षा अध्ययन गर्न चाहने जेहेनदार विद्यार्थीलाई पढाइ अवधिभर वार्षिक रूपमा छात्रवृत्ति प्रदान गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु । यसरी छात्रवृत्ति प्राप्त विद्यार्थीको अध्ययन पछि अनिवार्य रूपमा ३ वर्ष कर्णाली प्रदेशमा काम गर्ने शर्तमा निश्चित मापदण्डका आधारमा छनोट गर्ने व्यवस्था गरिनेछ ।

६१) सीपयुक्त दक्ष जनशक्ति उत्पादनका लागि व्यावसायिक शिक्षा तथा तालिम केन्द्र स्थापना गर्ने व्यवस्था मिलाएको छु । विपन्न,द्वन्द्वबाट घाइते,अपाङ्ग तथा सहिदका सन्तति र जेहेनदार विद्यार्थीलाई सीपमूलक प्राविधिक शिक्षा अध्ययनको लागि विशेष छात्रवृत्तिको व्यवस्था मिलाएको छु ।

६२) बहुप्राविधिक व्यावसायिक शिक्षा प्रदान गर्न प्रत्येक जिल्लामा कृषि,पशुपालन, सिलाइकटाइ तथा सीप अभिवृद्धि गर्ने शिक्षालय स्थापनामा सहयोग गरिनेछ।

६३) नवसिर्जनशील,वैज्ञानिक,व्यावसायिक र मानव मूल्यमा आधारित शिक्षाका लागि समयानुकुल पाठ्यक्रम परिमार्जन गर्न नेपाल सरकार र स्थानीय तहसँग समन्वय

गरिनेछ । प्रदेशमा स्थानीय विशिष्टता र उद्यमशीलतालाई ध्यान दिई स्थानीय पाठ्यक्रम विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

६४) स्नातकोत्तर अध्ययनरत विद्यार्थीलाई विश्वविद्यालयहरूसँग समन्वय गरी कर्णाली विकास स्वंयसेवक कार्यक्रममार्फत परिचालन गर्नका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

६५) स्थानीय तहसँगको साझेदारीमा सामुदायिक विद्यालयहरूमा प्रविधिमैत्री अनलाइन तथा भर्चुअल माध्यमबाट कक्षा सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधारमा सहयोग गरिनेछ ।

६६) स्थानीय तहको समन्वयमा प्रत्येक सामुदायिक विद्यालयमा नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन गरिनेछ ।

६७) बालविकास सहयोगी शिक्षक प्रोत्साहनलाई निरन्तरता दिइएको छ । यसको लागि रु २ करोड ७२ लाख रकम विनियोजन गरेको छु ।

६८) छोरीबुहारी,दलित,अपाङ्गता भएका व्यक्ति,जेहेनदार,सीमान्तकृत तथा लोपोन्मुख समुदायका बालबालिकाहरूको छात्रवृत्ति निरन्तरताको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६९) विद्यालय शिक्षालाई गुणस्तरीय एवं प्रभावकारी बनाउन स्थानीय तहसँगको साझेदारीमा प्रत्येक स्थानीय तहमा एक एक वटा नमुना विद्यालय सञ्चालन गर्न रु ३९ करोड ५० लाख विनियोजन गरेको छु ।

७०) हावाहुरी र बाढीपहिरो लगायतका प्राकृतिक विपद्का कारण क्षति भएका सामुदायिक विद्यालयहरूलाई स्थानीय तहसँगको साझेदारीमा तत्काल मर्मत सम्भार गरी पठन पाठन कार्य सुचारु गर्नका लागि रु १ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

७१) विशेष शिक्षा कक्षा सञ्चालन भएका विद्यालयको पूर्वाधार विकासमा आवश्यक सहयोग गरिनेछ । यसका लागि रु १ करोड रकम विनियोजन गरेको छु ।

७२) कोभिड-१९ महामारीका कारण अवरुद्ध भएको शिक्षण सिकाइका गतिविधिलाई निरन्तरता दिन तयार गरिएको शैक्षिक प्रतिकार्य योजना कार्यान्वयनको लागि रु १ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

७३) हिमाली र विकट पहाडी जिल्लामा आवासीय विद्यालय सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाएको छु ।

७४) समाजमा रहेको आर्थिक,सामाजिक,सांस्कृतिक क्षेत्रको विभेद अन्त्य गरी कमजोर एवं विपन्न वर्ग र समुदायको सामाजिक संरक्षण र सशक्तीकरणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

७५) महिला वर्गको उत्थान,सशक्तीकरण र समग्र विकास तथा बालिकाहरूमाथिको लैङ्गिक विभेद अन्त्य गर्न,सामाजिक कुसंस्कारको रूपमा रहेको वालविवाह रोक्न र बालिकाहरूको कम्तीमा स्नातक तहसम्मको पढाइ सुनिश्चित गर्न बैंक खाता छोरीकोः सुरक्षा जीवन भरिको कार्यक्रमलाई निरन्तरता दिई प्रदेशभित्रका प्रतिफलयूक्त ठूला आयोजनामा उक्त रकम शेयर लगानीको रूपमा जम्मा गर्ने नीति अंगीकार गरिनेछ ।

७६) जेष्ठ नागरिक,दलित,वादी,विपन्न,राउटे,राजी,माझी,मुक्त हलिया,एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू,यौनिक अल्पसङ्ख्यक,विस्थापित,परिवारबाट विस्थापित नागरिक,अशक्त,एचआइभि संक्रमित भएका व्यक्ति लगायतका वर्गको संरक्षण,आय वृद्धि र जीविकोपार्जनका लागि मुख्यमन्त्रीजीविकोपार्जन कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७७) समाजमा आर्थिक तथा सामाजिक रूपमा पछि परेका दलित समुदायको आर्थिक तथा सामाजिक विकास तथा सशक्तीकरण गर्न कानूनी प्रबन्ध गर्नुका साथै मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम सञ्चालनका लागि बजेटको प्रबन्ध गरेको छु ।

७८) अझै पनि कतिपय स्थानमा विद्यमान रहेको छाउपडी प्रथा विरुद्ध किशोरीहरूलाई जागरुक बनाई उनीहरूको क्षमता विकास गर्न र छाउपडी विरुद्ध परिचालन गर्न प्रभावित क्षेत्रका प्रत्येक वडामा किशोरी क्लब निर्माण एवं परिचालन गरी कर्णाली प्रदेशवाट छाउपडीमुक्त अभियान सञ्चालन गरिनेछ ।

७९) विभेदरहित एवं छुवाछुत मुक्त समाज निर्माणका लागि स्थानीय तहको साझेदारी रहनेगरी वडा अध्यक्षको नेतृत्वमा सामाजिक सांस्कृतिक रूपान्तरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै छुवाछुत तथा विभेदरहित समाज निर्माणमा उल्लेख्य योगदान गर्ने स्थानीय तहलाई निश्चित मापदण्डका आधारमा थप अनुदानको व्यवस्था गरेको छु।

८०) नेपाल सरकार र स्थानीय तहको समन्वयमा घरबार विहीन सम्पूर्ण बादी र गाईने समुदायलाई घर निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८१) सहिद परिवार,बेपत्ता भएकाका परिवार,घाइते,अपाङ्गता भएका व्यक्तिहरू एवं द्वन्द्व प्रभावितको क्षमता विकास तथा जीविकोपार्जनका लागि विभिन्न आयमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

८२) लोपोन्मुख तथा सीमान्तकृत समुदायको जीवनस्तरमा टेवा पुऱ्याउने उद्देश्यले लोपोन्मुख तथा सीमान्तकृत समुदायको लागि आय आर्जन कार्यक्रम सञ्चालनको लागि रू. ५ करोड विनियोजन गरेको छु।

८३) सहयोगापेक्षी सडक मानवमुक्त अभियानमा सहयोग पुऱ्याउन सम्बन्धित स्थानीय तह र स्थानीय समुदायसँग समन्वय एवं सहकार्य गरिनेछ ।

८४) नेपाली भाषाको उद्गमस्थल सिंजा क्षेत्रको लामो इतिहास,संस्कृती र पुरातात्त्विक बस्तुहरूको संरक्षण एवं प्रवर्धन गरिनेछ । प्रदेशमा रहेका विभिन्न वर्ग,जाति,भाषा, धर्म,संस्कृती,साहित्य र कलाको खोज तथा अनुसन्धान गरी संरक्षणका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

८५) प्रदेश संग्रहालयको स्तरोन्नति एवं सुधार गरी ऐतिहासिक तथा पुरातात्त्विक अभिलेख, तथ्य,कलाकृति,संस्कृती तथा कला झल्काउने बस्तुहरूको संरक्षण गरी नयाँ पिँढीमाझ परिचित गराउन उचित व्यवस्था मिलाइनेछ । प्रदेशभित्रका अन्य विभिन्न संग्रहालयहरूको पूर्वाधार विकास तथा स्तरीकरणका लागि सम्बन्धित स्थानीय तहसँग साझेदारी गरिनेछ ।

८६) प्रदेशभरका विभिन्न स्थानमा रहेका गढी,किल्ला,प्राचीन स्तम्भ,ऐतिहासिक सम्पदा र देवलहरूको उचित संरक्षण गरी अभिलेखीकरण गर्ने र ती स्थानहरूलाई पर्यटकीय स्थलका रूपमा विकास गर्न सम्बन्धित स्थानीय तहसँग समन्वय गरिनेछ ।

८७) खस भाषाको संरक्षण,विकास र प्रवर्धनका लागि भाषा विज्ञहरूको संलग्नतामा खस भाषाको शब्दकोश सम्पादन गरी सो को प्रमाणीकरण तथा प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।

८८) कला साहित्यको संवर्धन तथा प्रवर्धनमा विशिष्ट योगदान गर्ने स्रष्टाहरूलाई प्रदेश कला गौरवबाट विभूषित गरिनेछ ।

८९) दशौं राष्ट्रिय खेलकूद प्रतियोगिता आयोजनाको तयारी तथा खेल प्रशिक्षणका लागि नेपाल सरकारसँगको सहकार्यमा प्रदेश राजधानी वीरेन्द्रनगरमा प्रादेशिक रङ्गशाला निर्माण कार्य प्रारम्भ गरिनेछ । चौरजहारीमा क्षेत्रीय रंगशाला र प्रत्येक जिल्लामा खेल पूर्वाधार एवं कभर्ड हल निर्माण गर्न सबै स्थानीय तहहरूमा खेलक्षेत्रको विकासका लागि स्थानीय तहसँग सहकार्य एवं साझेदारी गरिनेछ ।

९०) युवाहरूलाई खेल गतिविधिमा आकर्षित गरी उनीहरूलाई अनुशासित,देशभक्त एवं सामूहिक भावनामा काम गर्न उत्प्ररित गर्न क्षमता विकास तथा वृत्ति विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९१) खेल क्षेत्रको समग्र विकासका लागि रु. ५९ करोड विनियोजन गरेको छु ।

९२) मुख्यमन्त्री रोजगार कार्यक्रमका माध्यमबाट कृषि तथा उद्योग व्यवसायमा किसान तथा युवा उद्यमीलाई प्रवर्धन गरी स्वरोजगार कार्यक्रमलाई अगाडि बढाइनेछ । यसका लागि सहकार्य समूह,सहकारी एवं उत्पादन समूहसहित आम जनताको सहभागितामा समृद्धिका लागि श्रमसहितको रोजगारी कार्यक्रम सञ्चालन गरिनेछ ।

९३) गरिब,विपन्न तथा दलित समुदायको ठूलो जनसंख्या रहेको कर्णाली प्रदेशका भूमिहीन तथा बेरोजगार परिवारहरूलाई परम्परागत तथा आधुनिक सीपमा आधारित रोजगारी सिर्जना गर्न सहुलियतपूर्ण विशेष कर्जा उपलब्ध गराइनेछ र उक्त कर्जाको ब्याज प्रदेश सरकारले व्यहोर्नेछ ।

९४) कर्णाली प्रदेशको गरिबी र बेराजगारी समस्या अन्त्यका लागि मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रत्येक घर स्वरोजगार कार्यक्रम अघि बढाइनेछ । यसका लागि स्थानीय बैंक तथा वित्तीय संस्थाहरूबाट सहुलियतपूर्ण कर्जामार्फत सहकार्य समूह तथा सहकारी संघसंस्थामा आबद्ध परिवारहरूलाई कृषि,पशुपालन,साना उद्यम तथा व्यवसाय गर्न ब्याजअनुदान प्रदान गर्ने व्यवस्था मिलाएको छु । यसका लागि रु १ अर्ब रकम विनियोजन गरेको छु।

९५) निजीक्षेत्र,सहकारी,गैरसरकारी क्षेत्र,विकास साझेदार र समुदायस्तरबाट सञ्चालन हुने रोजगारमूलक कार्यक्रमलाई सहजीकरण तथा मूलप्रवाहीकरण गरिनेछ ।

९६) समग्र कृषि क्षेत्रलाई परम्परागत प्रणालीबाट व्यावसायिक तथा प्रतिस्पर्धात्मक मूल्यवान कृषि उपज उत्पादन प्रणालीमा रूपान्तरण गर्न तुलनात्मक लाभका बाली बस्तुहरू,फलफूल,तरकारी,मसला खेती र पशुपालन प्रवर्धनलाई विशेष प्राथमिकता दिंदै आवश्यक बजेट विनियोजन गरेको छु ।

९७) पूर्ण प्राङ्गारिक खेती गर्ने प्रदेशको पहिचान बनाउने कर्णाली प्रदेश सरकारको लक्ष्य हासिल गर्न बोट र गोठमा लगानी गरौं भन्ने नाराका साथ प्राङ्गारिक खेती प्रवर्धनलाई विशेष प्राथमिकता दिएको छु।

९८) गाइ भैंसी पालन गर्ने किसानलाई प्रोत्साहन दिई दुध उत्पादन वृद्धि गर्न औपचारिक क्षेत्रमा दुध बिक्री गर्ने कृषकहरूलाई डोल्पा,मुगु,हुम्ला,जुम्ला र कालिकोट जिल्लाका कृषकहरूलाई प्रति लिटर रु १० अनुदानको व्यवस्था

मिलाएको छ । साथै रुकुमपश्चिम,सल्यान,जाजरकोट,दैलख र सुर्खेत जिल्लाका कृषकहरूलाई प्रति लिटर रु ३ अनुदान दिने व्यवस्था मिलाएको छ ।

९९) समुदाय र स्थान विशेषको कृषि विकासको विस्तृत सम्भाव्यता अध्ययन गरी लक्षित क्षेत्रमा एकीकृत कृषि विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने पद्धतिको थालनी गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१००) कृषि क्षेत्रलाई उत्पादनशील,प्रतिस्पर्धी र नाफामूलक बनाउन सबै किसान तथा व्यवसायी लाभान्वित हुने र उत्पादन लागत घटाउन सकिने गरी कर्णाली कृषि क्षेत्र सहयोग प्रणाली (KASS) तयार गरी लागु गरिनेछ।

१०१) सडक सञ्जालसँगको पहुँचसँगै ग्रामीण क्षेत्रमा छरिएर रहेका कृषि उत्पादनका साधन स्रोतहरूलाई परिचालन गर्न नसकिएमा सडक विस्तार केवल गरिबी बाँड्ने सञ्जाल हुने र कृषकहरूतीव्र रूपमा ग्रामीण कृषि व्यवसायबाट अन्य क्षेत्रमा
पलायन भई रहेको सन्दर्भमा सडक सञ्जालको विकासलाई मूल्यवान कृषि उपज
उत्पादन र बजारीकरणको अवसरमा बदल्न रोड कोरिडोर केन्द्रित व्यावसायिक कृषि
उत्पादन कार्यक्रम सञ्चालन गर्न रु. ३ करोड ७९ लाख विनियोजन गरेको छु।

१०२) कृषि प्राविधिकहरूलाई कृषि व्यवसायमा आकर्षित गर्न तथा कृषकको घरदैलोमा प्राविधिक सेवा पुऱ्याउन कृषि प्राविधिक स्वरोजगार प्रवर्धन परियोजना सञ्चालन गरिनेछ । यस कार्यक्रममार्फत प्रदेशभरका ३०० जना कृषि प्राविधिकलाई स्वरोजगार बनाउन रु ७ करोड २३ लाख विनियोजन गरेको छु।

१०३) कृषि उद्योगको अनुकूलतामा उत्पादन,उत्पादनको आधारमा उद्योग भन्ने नारालाई आत्मसात गर्दै कृषि उद्योग स्थापना तथा सञ्चालनमा विशेष जोड दिएको छु। कृषिमा आधारित उद्योगलाई आवश्यक कच्चा पदार्थको आपूर्ति सुनिश्चित गर्न कृषि उद्योगले चाहेको क्षेत्रमा समन्वयात्मक रूपमा कच्चा पदार्थ उत्पादन,प्राविधिक सेवा,भण्डारणका लागि कोल्ड स्टोर,रष्टिक स्टोर र आवश्यक पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ र यसका लागि रु ११ करोड ३५ लाख रकम विनियोजन गरेको छु।

१०४) कृषि क्षेत्रमा निजी र सहकारी क्षेत्रको लगानी आकर्षित गर्न सरकारी तथा निजी क्षेत्रको साझेदारीमा नमुना कृषि उद्योगहरूको स्थापना गरिनेछ। यसका लागि रु २ करोड १० लाख रकम विनियोजन गरेको छु ।

१०५) भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरी करार खेती,सहकारी खेती र सामूहिक
खेती गर्न उत्प्रेरित गरिनेछ र भूमिहीनहरूले करार खेती गर्न चाहेमा जग्गाको भाडा

सरकारले तिर्ने गरी व्यवस्था गरिनेछ । यसका लागि रु. ३ करोड ९५ लाख रकम विनियोजन गरेको छु ।

१०६) कर्णाली प्रदेशमा स्थापना हुने तथा हाल सञ्चालनमा रहेका कृषि उद्योगहरूलाई विद्युतमहसुलमा ५० प्रतिशत अनुदान सहुलियतको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०७) कृषि औजार उपकरण तयार गर्ने उद्योगहरूले उत्पादन गरेको उपकरण खरिद तथा उत्पादनमा कच्चा पदार्थमा लागेको कर तथा उद्योग स्थापना गर्न आवश्यक मेसिन खरिदमा करभुक्तानीसमेतलाई आधार मानी अनुदान दिने व्यवस्था मिलाएको छु । कृषि औजार उत्पादन गर्ने साना उद्यमीको आरन सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०८) तोकिएको मापदण्ड पूरा गरेका १० टन क्षमता भन्दा साना कोल्ड रुम कृषक, सहकारी तथा निजी क्षेत्रले मापदण्ड पूरा गरी सञ्चालन गरेमा मूल्याङ्कन गरी ५ लाख रकमसम्म अनुदान उपलब्ध गराउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०९) स्थानीय तह कृषि उत्पादनको मूल थलो र कृषि क्षेत्र वृद्धिको इन्जिन भएकाले प्रत्येक स्थानीय तहमा सार्वजनिक,सहकारी र निजी क्षेत्रको सहकार्यमा कम्तिमा एक कृषि बजार,बिउ उत्पादन तथा प्रशोधन भण्डारण केन्द्र,दुग्ध संकलन तथा प्रारम्भिक प्रशोधन केन्द्र,आधारभूत सुविधा सहितको कृषि तथा पशु सेवा केन्द्र, खाद्य भण्डार केन्द्र,कृषि सामग्री केन्द्र,कोल्ड स्टोर निर्माण आगामी पाँच वर्षमा सम्पन्न गर्ने लक्ष्यका साथ कार्य प्रारम्भ गरिनेछ । उल्लिखित कृषि पूर्वाधारहरू निर्माण गर्नका लागि पर्याप्त बजेट विनियोजन गरेको छु।

११०) रुकुम पश्चिमको चौरजहारी,सुर्खेतको बोटेचौर,वीरेन्द्रनगर र दशरथपुर,दैलेखको दैलेख बजार समेत गरी ५ स्थानमा मिनि कोल्डस्टोर निर्माण गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१११) प्राङ्गारिक खेती प्रवर्धन अभियानलाई अगाडि बढाउन प्राङ्गारिक खेतीयुक्त गाउँपालिका/नगरपालिका घोषणा गर्दै लगिनेछ र आगामी आ. व. २०७८/७९ मा २० वटा गाउँपालिका प्राङ्गारिक खेतीयुक्त गाउँपालिका घोषणा गरिनेछन्। यसरी प्राङ्गारिक घोषणा भएका स्थानीय तहलाई थप सशर्त अनुदानको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११२) सहकार्य समूह,सहकारी तथा कम्पनी मार्फत प्रदेशभित्र हुने सबै किसिमका उत्पादनलाई मूल्य अभिवृद्धि गर्दै बजारीकरण गर्नका लागि ग्रेडिङ्ग तथा आकर्षक

प्याकेजिङ्ग सहितको गुणस्तर सुनिश्चित गरी कर्णाली ब्राण्डमार्फत उत्पादनलाई देशभित्रका सहरी बजार तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन आवश्यक लगानीको मूल्य अभिवृद्धि लागतको ५० प्रतिशत प्रदेश सकारले अनुदान दिने व्यवस्थाको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । प्राङ्गारिक बस्तुहरूको प्रमाणीकरण र ब्राण्ड प्रवर्धन मार्फत प्राङ्गारिक बस्तुहरू र रैथाने बालीहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री प्रवर्धन गर्न रु २ करोड ९० लाख विनियोजन गरेको छु ।

११३) प्राङ्गारिक कृषि प्रवर्धनका लागि अध्ययन,अनुसन्धान र विकास गर्न प्रदेश कृषि अनुसन्धान निर्देशनालय दशरथपुरमा प्राङ्गारिक कृषि अनुसन्धान तथा विकास केन्द्रको स्थापना गर्न रु १ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

११४) उत्पादनमूखी मिसन कार्यक्रममार्फत ७९ वटै स्थानीय तहमा पशुपालन व्यवसायलाई प्रवर्धन गर्न गाई वा भैंसी पालन गर्ने कृषकको लागि गोठ सुधार तथा गाई भैंसी खरिदका लागि सहयोग गर्न रु १५ करोड ७० लाख विनियोजन गरेको छु ।

११५) सुख्खा र असिंचित क्षेत्रमा सिँचाइ सुविधा विस्तार गर्न साना सिँचाइ कार्यक्रम अन्तर्गत असिंचित फाँटमा लिफ्ट तथा ट्युवेल सिँचाइ र अन्य क्षेत्रमा पोखरी सिँचाइलाई प्राथमिकता दिएको छु र यसका लागि रु ९ करोड ८८ लाख रकम विनियोजन गरेको छु भने अधुरा तथा नयाँ कुलो सिँचाइ प्रणाली निर्माण कार्यका लागि २९ करोड विनियोजन गरेको छु ।

११६) कृषि मिटर प्राप्त नगरेका तर व्यावसायिक खेती गर्ने कृषक र माछा पालक कृषकहरूलाई विद्युत प्रयोग गरी सिँचाइ गर्दा विद्युत महसुलमा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरेको छु ।

११७) पाँच रोपनी भन्दा बढी जग्गामा तरकारी खेती,१०० भन्दा बढी फलफूलका बिरुवा लगाएका कृषक व्यवसायीलाई पोखरी तथा पाइप सिँचाइको लागि रु. ५० हजारसम्मअनुदान दिने व्यवस्था गरेको छु ।

११८) सन् २०३० सम्म पिपिआर,खोरेत,रेबिज रोग नियन्त्रण तथा उन्मुलन गर्ने अन्तर्राष्ट्रिय लक्ष्य अनुसार उपचार तथा खोप सेवाको लागि आवश्यक पर्ने खोप तथा पशु औषधि नेपाल सरकारसँगको समन्वयमा समयमै व्यवस्था गरिनेछ । यसका लागि रु २ करोड ९८ लाख विनियोजन गरेको छु।

११९) एक स्थानीय तह एक कृषि उपज उत्पादन पकेट कार्यक्रमलाई निरन्तरता दिएको छु । यसका लागि रु २१ करोड ६० लाख विनियोजन गरेको छु ।

१२०) मर्यादित,गुणस्तरीय,विधिसम्मत र सुशासनयुक्त सहकारी क्षेत्र विकासका लागि प्रभावकारी नियमन,प्रशिक्षण,प्रत्येक स्थानीय तहमा २ जना सहकारी प्रशिक्षक रहने गरी सहकारी प्रशिक्षक तालिम र प्रवर्धनका साथै संरचनागत सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ । सहकारी क्षेत्रको सुधारको लागि पाँच वर्षे योजना तयार गरी लागु गरिनेछ । यसका लागि रु. १ करोड ६५ लाख रकम विनियोजन गरेको छु।

१२१) कृषि पेसालाई मर्यादित बनाई कृषकहरूलाई सम्मान गर्न मुख्यमन्त्री कृषक सम्मान कार्यक्रम मार्फत प्रदेशभरमा सर्वोत्कृष्ट एकजना कृषकलाई सुनको हलो अंकित तक्मा र उत्कृष्ट २०० जना कृषकलाई पुरष्कृत गर्न रु. ४० लाख रकम विनियोजन गरेको छु ।

१२२) कृषिको अनुदान कृषकको खातामा भन्ने नारालाई आत्मसात गर्दै फलफुलका बिरुवा,उत्पादित दुध र तरकारीमा अनुदानको लागि रु. १३ करोड ५१ लाख रकम विनियोजन गरेको छु । यस कार्यक्रम अन्तर्गत उन्नत जातका फलफूलका बिरुवाको सन्दर्भ मूल्यमा ७५ प्रतिशत अनुदानको व्यवस्था गरेको छु । यस्तो अनुदान बिरुवा रोपण पश्चात कृषकको खातामा उपलब्ध गराइनेछ । लक्षित क्षेत्रमा फलफूलका बिरुवाको खाडल तथा फलफूलको रेखदेख गरेवापत महिला कृषकलाई प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१२३) तरकारी खेतीतर्फ कर्णाली प्रदेशका सबै जिल्ला सदरमुकाम आसपास कम्तीमा २ रोपनी क्षेत्रफलमा २ सिजन ताजा तरकारी खेती गर्ने कृषकलाई प्रति रोपनी रु ५ हजारका दरले प्रोत्साहन अनुदान दिने व्यवस्था गरेको छु । उक्त प्रोत्साहन रकम सम्बन्धित महिला कृषक उद्यमीको खातामा उपलब्ध हुने गरी पठाउने व्यवस्था गरेको छु।

१२४) राज्यको सेवा सुविधाको दायराबाट टाढा रहेका घुम्ती गोठ सञ्चालन गर्ने हिमाली क्षेत्रका ५० भन्दा बढी भेडा च्याङ्ग्रा पाल्ने कृषकहरूलाई भेडा च्याङ्ग्राको औषधि उपचारको लागि प्रति कृषक वार्षिक रु. बाह्र हजार रकम भुक्तानी हुने गरी आवश्यक रकम व्यवस्था गरेको छु । यसका लागि रु. २ करोड ५८ लाख रकम विनियोजन गरेको छु ।

१२५) कृषिको व्यवसायीकरणको लागि सस्तो ब्याजदरमा पूँजी उपलब्ध गराउन सहकारी तथा बैंकहरू मार्फत ब्याज अनुदान कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ । यसका लागि रु. ९ करोड रकम विनियोजन गरेको छु ।

१२६) अति विपन्न लक्षित वर्ग विशेष कार्यक्रमलाई थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। यसका लागि रु. ११ करोड ३७ लाख रकम विनियोजन गरेको छु।

१२७) गत हिउँदमा परेको खडेरीबाट प्रभावित कृषकहरूलाई राहत उपलब्ध गराउनका लागि रु. २ करोड ३१ लाख रकम विनियोजन गरेको छु ।

१२८) कृषकहरूको उत्पादन वृद्धिका लागि कर्णाली प्रदेश बिउ क्षेत्र सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । जसको लागि रु. ३ करोड ९९ लाख रकम विनियोजन गरेको छु ।

१२९) कृषि तथा पशुजन्य उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि कृषकहरूको उन्नत बिउ बिजन,भूरा,नश्ल तथा बेर्नाहरूको सहज आपूर्तिको लागि कृषि तथा पशुपन्छीजन्य स्रोतकेन्द्रलाई निरन्तरता दिइएको छ । यसको लागि रु. १० करोड ८५ लाख रकम विनियोजन गरेको छु।

१३०) फलफुल खेतीमार्फत गुणस्तरीय र उच्च प्रतिफल लिनका लागि किसानहरूलाई फलफुलका बिरुवा उपलब्ध गराउन टिस्युकल्चर ल्याब स्थापनाका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१३१) माछाका भुरा उत्पादन,चल्ला उत्पादन,बाख्रा,भेडाका पाठा र भैंसीको पाडा उत्पादनका लागि बजेटको व्यवस्था गरेको छु ।

१३२) तरकारी र फलफुलको बिरुवा उत्पादन नर्सरीमा कृषकहरूको आकर्षण बढाउन आवश्यक अनुदानको व्यवस्था मिलाएको छु ।

१३३) रोजगारी सिर्जना एवं प्रदेश अर्थतन्त्रको विकास गर्न प्रादेशिक औद्योगिक क्षेत्र र एक जिल्ला एक उद्योग ग्राम स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ। यसको लागि विस्तृत आयोजना प्रतिवेदन तयार भएका उद्योग ग्रामहरूमा पूर्वाधार निर्माण गरिनेछ। अध्ययन नभएका अन्य स्थानमा त्यस्ता उद्योग ग्राम स्थापनाका लागि उपलब्ध स्थानीय कच्चा पदार्थको लागत,सम्भाव्यता अध्ययन,वातावरणीय अध्ययन र जग्गा प्राप्तिको कार्य अगाडि बढाइनेछ ।

१३४) कोभिड-१९ महामारीबाट शिथिल बनेको आर्थिक गतिविधिलाई गति प्रदान गर्न स्थानीय कच्चा पदार्थमा आधारित लघु,घरेलु तथा साना उद्योगहरूलाई उत्पादनमा आधारित अनुदान,सहुलियतपूर्ण ऋण तथा ब्याजमा अनुदान र मझौला तथा ठूला उद्योगलाई पूर्वाधार तथा उपकरण सहयोगका लागि शेयर लगानी गरी प्रवर्धन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३५) स्थानीय कच्चा पदार्थमा आधारित नवप्रवर्तन एवं सिर्जनशील उद्यमशीलतालाई प्रोत्साहन गर्न बिउ पूँजी (Seed Money) सहयोग कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३६) प्रदेशभित्र उत्पादित बस्तु तथा सेवाको बजारीकरण,निर्यात र उपयोगमा विशेष प्राथमिकता दिइनेछ । यसका लागि कर्णाली सौगात गृह सञ्चालन,ब्रान्डिङ्ग र कर्णाली उत्पादन प्रवर्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३७) युवा तथा लक्षित वर्गको स्वरोजगारलाई निरन्तरता दिई उद्यमशीलता एवं सीप विकासका कार्यक्रमहरूलाई थप व्यावहारिक एवं व्यावसायिक बनाई सञ्चालन गर्न सीपसँग सहयोग कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३८) जडीबुटी उद्योग स्थापना र प्रवर्धनका लागि पूँजी र प्रविधि भित्र्याउदै जडीबुटीको आन्तरिक बजार व्यवस्थापन र बाह्य बजारको खोजी गर्दै मेक इन कर्णाली कार्यक्रमलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

१३९) निजी क्षेत्रसँगको साझेदारीमा प्रदेशभित्र रहेका बहुमूल्य जडिवुटीहरूको प्रशोधन गरी निर्यात गर्नको लागि सुर्खेत जिल्लाको छिन्चुमा कर्णाली जडिवुटी प्रशोधन उद्योग स्थापना गर्न उपयुक्त स्थान छनौट,जग्गा प्राप्ति र अन्य कानूनी प्रक्रियाको कार्य सम्पन्न गरिनेछ । यसका लागि रु. ५ करोड बजेट विनियोजन गरेको छु ।

१४०) कर्णालीको जडीबुटी,रत्न पत्थर तथा रेशादार कच्चा पदार्थ (लोक्ता,अल्लो,बाबियो, केतुकी आदि) र छालाजस्ता स्थानीय कच्चा पदार्थहरूको विकास तथा प्रवर्धनका उद्योग स्थापना गर्न चाहने उद्यमी वा सहकारीहरूलाई उनीहरूको व्यावसायिक योजनाका आधारमा पूर्वाधार विकासका साथै उपकरण सहायता,विद्युत महसुल अनुदान वा व्याज अनुदान उपलब्ध गराइनेछ ।

१४१) प्रदेशभित्र स्लेट,पत्थर ढुङ्गा संकलन र बिक्री वितरण सम्बन्धी कानूनी बाधा अड्काउ फुकाई आवश्यक नियमन गरिनेछ ।

१४२) प्रदेशमा खाद्य लगायत अत्यावश्यक बस्तुहरूको आपूर्ति व्यवस्थापन गर्न माग आपूर्ति विश्लेषण गर्ने संयन्त्रको स्थापना गरी खाद्य संकटको समस्या हुने स्थानीय तहहरूमा खाद्य कोटा निर्धारण गरी खाद्यान्न आपूर्तिको व्यवस्था मिलाउन आवश्यक व्यवस्था मिलाएको छु।

१४३) दिगो वन व्यवस्थापनः स्वच्छ,स्वस्थ र समृद्ध जीवनयापन भन्ने सोचलाई मूर्तरूप दिन वन पैदावारको उचित संरक्षण,संवर्धन र सदुपयोग गरिनेछ।

१४४) संरक्षण र संवर्धनमा आधारित वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन, गर्दै वन,वन्यजन्तु तथा जैविक विविधताको संरक्षणका लागि आवश्यक कार्य गरिनेछ।

१४५) जडीबुटी उत्पादन,संकलन,भण्डारण,प्रशोधन तथा बजारीकरणका कार्यमार्फत हरित रोजगारी अभिवृद्धि गर्न र वनक्षेत्रबाट प्राप्त हुने राजस्व वृद्धि गर्न कर्णाली जडीबुटी विकास कार्यक्रम अन्तर्गत पकेट,ब्लक,जोन र सुपर जोन लागु गरिनेछ।

१४६) सुर्खेत उपत्यका खानेपानी मुहान र उत्तरी जलाधार संरक्षण तथा व्यवस्थापन, जलाधार संरक्षण वृक्षारोपण,संरक्षण पोखरी,जोखिमयुक्त गल्छीपहिरो उपचार, तटबन्ध निर्माण तथा खोला किनार संरक्षण जस्ता क्रियाकलापहरू मार्फत भूसंरक्षण तथा जलाधार व्यवस्थापन गर्न रु. २७ करोड ४२ लाख बजेट विनियोजन गरेको छु।

१४७) प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्न सम्भव भएसम्म प्रदेशभित्र उत्पादित सामग्रीबाट निर्मित वैकल्पिक झोलाको उपयोगलाई प्रवर्धन गरिनेछ। वायु गुणस्तर तथा प्रदुषण मापन स्टेशन स्थापना र प्रदूषकले क्षतिपूर्ति तिर्नुपर्ने प्रावधानको प्रभावकारी कार्यान्वयनको लागि वातावरण अनुगमनको व्यवस्था मिलाइनेछ ।

१४८) जलवायु परिवर्तनका असर र प्रभावसँग जुध्न अनुकूलनका सफल अभ्यासहरू सम्बन्धी वृत्तचित्र तयार गरी प्रचारप्रसार गरिनेछ । जलवायु अनुकूलित गाउँनमुना अभ्यासको लागि स्थान छनौट,कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

१४९) स्थानीय तहसँगको साझेदारीमा फोहोरमैला प्रशोधन तथा कम्पोष्ट मल उत्पादन केन्द्र स्थापना तथा सञ्चालनका लागि सुरु गरिएका अपुरा आयोजनाहरूलाई निरन्तरता दिइनेछ ।

माननीय सभामुख महोदय,

१५०) यसपाली घुमौं कर्णाली भन्ने नारालाई व्यावहारिक रूपमा कार्यान्वयन गर्दै कर्णाली प्रदेशलाई आकर्षक,साहसिक र विशिष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न प्रदेश पर्यटन गुरुयोजना अनुसार एक जिल्ला एक पर्यटकीय क्षेत्र र आसपासका क्षेत्रमा पर्यटन पूर्वाधारहरूको विकास तथा प्रवर्धनलाई प्राथमिकता दिइनेछ ।

१५१) कर्णालीका पर्यटकीय क्षेत्रहरूमा आन्तरिक पर्यटन प्रवर्धन गर्न र कर्मचारीको मनोबल बढाउन पर्यटन खर्च सहितको १२ दिनको पर्यटन विदा उपलब्ध गराइनेछ।

१५२) ऐतिहासिक,धार्मिक,सांस्कृतिक,प्राकृतिक एवं पर्यटकीय सम्भाव्य स्थलहरूको पहिचान,संरक्षण,जीर्णोद्धार तथा पुनर्निर्माण गरिनेछ । साथै नयाँ र अधुरा पर्यटन पूर्वाधार निर्माण कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ । पर्यटन विकास तथा

प्रवर्धनका यी सबै आयोजनाहरूका लागि रु २३ करोड १५ लाख बजेट विनियोजन गरेको छु ।

१५३) जनयुद्धकालीन ऐतिहासिक युद्धस्थलहरू कालिकोटको पिली,रुकुमको खारा र जाजरकोटको जुनीमा युद्ध संग्रहालय निर्माण र अन्य सामरिक स्थानमा सम्भाव्यता अध्ययन गरी युद्ध पर्यटन प्रवर्धनका कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५४) कर्णाली प्रदेशका प्रमुख गन्तव्य रारा,शे-फोक्सुण्डो,काँक्रेविहार,बुलबुले,पचाल झरना,कुभिण्डे ताल,स्यार्पु ताल,पञ्चकोशी,सिंजा,लिमी,कुशे पाटन,चित्रेपाटन लगायका पर्यटकीय क्षेत्रको पूर्वाधार विकास कार्यक्रमलाई निरन्तरता दिएको छु ।

१५५) निजी क्षेत्रसँगको सहकार्यमा कर्णाली र भेरी नदीमा र्‍याफ्टिङ्ग,रारा ताल,कुपिण्डे ताल र स्यार्पुतालमा आधुनिक डुङ्गा र साहसिक पर्यापर्यटनको विकास गरिनेछ ।

१५६) कर्णाली प्रदेशमा सुरक्षित,गुणस्तरीय र भरपर्दो सडक पूर्वाधार विकासका लागि प्रदेश राजमार्गको गुरुयोजना तयार गरी प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ । नेपाल सरकारको समन्वय र सहकार्यमा रणनीतिक महत्त्वका सडकहरू दुनै-स्यालदाङ्ग-धो-क्याटो सडक,कर्णाली करिडरको दोमुख-गमगढी-नाक्चे-लाग्ना सडक र सुर्खेत-हिल्सा सडकमार्गको ट्र्याक खोल्न बाँकी काम सम्पन्न गर्न तथा संरचना निर्माण गर्न प्राथमिकता दिइनेछ ।

१५७) प्रदेश राजधानीबाट जिल्ला सदरमुकाम जोड्ने सडकको स्तरोन्नति तथा निर्माणलाई प्राथमिकता दिई देवस्थल - कैनकाँडा - चौरजहारी - मुसिकोट सडक र वालुवासंग्रही-कुपिण्डे-खलंगा सडकलाई कालोपत्रे गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१५८) स्थानीय तहको केन्द्रदेखि मुख्य सडक वा जिल्ला सदरमुकाम जोड्ने सडक निर्माणका लागि उच्च प्राथमिकता दिई बजेट विनियोजन गरेको छु ।

१५९) घाटगाउँ कुल्लीमारी सडक,श्रीस्थान राकम सडक,थारमारे चौरजहारी सडक, कालीकोट लालु लैफु कोटवाडा सडक र सर्केगाड सिमकोट सडक स्तरोन्नति तथा सडक पूर्वाधार विकासका लागि नेपाल सरकारको साझेदारीमा निर्माणकार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

१६०) अन्तरप्रदेश जोड्ने सडकलाई प्राथमिकतामा राखी निर्माण कार्य अगाडि बढाउन तेलपानी भुरीगाउँ सडकको स्तरोन्नति गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१६१) जनता सडक कार्यक्रमलाई थप व्यवस्थित गरी कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१६२) कार्यान्वयनमा रहेका क्रमागत र बहुवर्षीय आयोजनाहरू चाँडो सम्पन्न गर्न प्राथमिकताका साथ कार्य अगाडि बढाइनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१६३) प्रदेशस्तरीय योजना कार्यान्वयन भएका सडक आयोजनाहरूमा आवश्यकता अनुसार मोटरेवल पुल निर्माणलाई प्राथमिकता दिइनेछ । पुल निर्माण गर्न अति आवश्यक स्थानहरूका लागि सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयनमा जोड दिइनेछ ।

१६४) विगतमा सञ्चालनमा रहेको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमलाई परिमार्जन सहित निरन्तरता दिएको छु । यसका लागि रु ९६ करोड रकम विनियोजन गरेको छु ।

१६५) भौगोलिक रूपमा विकट र दुर्गम स्थानहरूलाई यातायातको सहज पहुँच सुनिश्चित गर्न प्राथमिकता दिई आवश्यक स्थानहरूमा स्थानीय तहसँगको समन्वयमा झोलुङ्गे पुल निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१६६) सवारी दुर्घटना न्यूनीकरण गर्न सवारी साधन परीक्षण केन्द्र स्थापना गरी सवारी साधन परीक्षण र सवारी जाँच नियमित गर्नको लागि आवश्यक पर्ने बजेट विनियोजन गरेको छु ।

१६७) सडक पूर्वाधार निर्माण तथा यातायात सेवा सुदृढीकरण तर्फ रु. ७ अर्ब २९ करोड बजेट विनियोजन गरेको छु ।

१६८) सुर्खेत विमानस्थलको विस्तार र स्तरोन्नतिका लागि नेपाल सरकारसँग साझेदारी गर्ने गरी वित्तीय व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१६९) आर्थिक,सामाजिक तथा पर्यटकीय दृष्टिकोणले सम्भाव्य स्थानहरूमा ग्राभिटी रोपवे तथा केवलकारको सम्भाव्यता अध्ययन गरी क्रमशः कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरेको छु । कालिकोट कोटवाडा एयरपोर्ट देखि मान्मा,रारा मुर्माटप र वीरेन्द्रनगर सिद्धपाइला जोड्ने केबुलकार सम्भाव्यता अध्ययन तथा निर्माणका लागि बजेटको व्यवस्था गरेको छु ।

१७०) आधारभूत खानेपानी सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न र गुणस्तरीय खानेपानी सेवाको विस्तार गर्न निर्माणाधीन क्रमागत आयोजनाहरूलाई उच्च प्राथमिकता दिई सम्पन्न गरिनेछ । प्रदेश राजधानी वीरेन्द्रनगर सुर्खेतको खानेपानी व्यवस्थापनका लागि नेपाल सरकार र स्थानीय तहसँगको साझेदारीमा सुर्खेत

उपत्यका वृहद् खानेपानी आयोजना सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१७१) नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा खानेपानी समस्या भएका जिल्ला सदरमुकाम र स्थानीय तहका केन्द्रमा स्वच्छ तथा सुरक्षित खानेपानी उपलब्ध गराउन खानेपानी आयोजनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१७२) खानेपानीको सुविधा नभएका सार्वजनिक विद्यालयहरू पहिचान गरी खानेपानी सुविधा पुऱ्याउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

१७३) प्रदेशभित्र रहेका साना शहर तथा आर्थिक केन्द्रहरूमा सुरक्षित तथा स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानी प्रणालीहरूको सुदृढीकरण तथा स्तरोन्नतिको कार्यक्रम अगाडि बढाइनेछ । नेपाल सरकार र स्थानीय तहसँगको सहकार्य र समन्वयमा सबै स्थानीय तहमा एक घर एक धारा अभियान सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१७४) शहरी क्षेत्रमा आधारभूत सरसफाईको दिगो व्यवस्थापनका लागि स्थानीय तहसँगको सहकार्यमा ढल व्यवस्थापन तथा फोहोरमैला व्यवस्थापन गरिनेछ ।

१७५) मर्मत सम्भारको अभावमा सञ्चालनमा नरहेका र विपद्का कारण अवरुद्ध भएका खानेपानी आयोजनाहरूको मर्मत सम्भार गरी नियमित सञ्चालनको व्यवस्था गरिनेछ।

१७६) खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमको लागि रु १ अर्ब ७९ करोड बजेट विनियोजन गरेको छु ।

१७७) नेपाल सरकारको सहकार्यमा २० मेगावाटसम्मका साना जलविद्युत आयोजनाहरूको सम्भाव्यता अध्ययन तथा विस्तृत डिजाइन गरी कार्यान्वयन गरिनेछ । कर्णाली प्रदेशमा जलविद्युतको विकास गर्न विद्युत विकास कम्पनी स्थापना गरी कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु । भेरी बबई आयोजनाको बाँधस्थलमा बन्ने जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ ।

१७८) नेपाल सरकारसँगको सहकार्यमा जनताको जलविद्युत कार्यक्रम अन्तर्गत निर्माण हुने फुकोट कर्णाली र जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत आयोजना एवं भेरी बबई बहुउद्देश्यीय आयोजनामा प्रदेश सरकारको तर्फबाट शेयर लगानी गर्ने व्यवस्था मिलाएको छु । साथै जाजरकोट जिल्लाको ताक्सुगाड जलविद्युत आयोजना निर्माणमा शेयर लगानी गर्नका लागि वित्तीय व्यवस्था तर्फ आवश्यक बजेट विनियोजन गरेको छु ।

१७९) सम्पूर्ण कर्णालीवासीलाई उज्यालो प्रदान गर्न विद्युत सेवा नपुगेका स्थानहरूमा ग्रामीण विद्युतीकरण तथा सौर्य,वायु,वायोग्यास जस्ता वैकल्पिकऊर्जा र लघु जलविद्युत सेवा उपलब्ध गराउन कर्णाली उज्यालो कार्यक्रम निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१८०) स्थानीय सरकारको स्वामित्वमा एक मेगावाट भन्दा ठूला आयोजना निर्माण गरी उत्पादन,रोजगारी तथा ग्रामीण विद्युतीकरणमा योगदान पुऱ्याउने स्थानीय तहलाई अनुदानको व्यवस्था गरेको छु ।

१८१) ऊर्जा विकास एवम् ग्रामीण विद्युतिकरणका लागि रु. ४२ करोड ३१ लाख रकम विनियोजन गरेको छु ।

१८२) प्रदेशभित्रका कृषियोग्य उब्जाउ जमिनमा नवीन प्रविधिको माध्यमवाट सिँचाइ सुविधा विस्तार गर्न साना,मझौला तथा ठूला सिंचाइ आयोजना पहिचान र कार्यान्वयन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१८३) कर्णाली,भेरी वेसिन र शारदा लगायतका विभिन्न नदी किनारमा रहेका टारहरूमा सिंचाइ सुविधा विस्तार गर्न टार सिँचाइ आयोजना स्थापना गरी टारहरूमा सिँचाइ सुविधाको सम्भाव्यता अध्ययन तथा निर्माण कार्य अगाडि बढाइनेछ । यसबाट सुख्खा जमिन भएका टारहरू हरियालीमा रूपान्तरित हुने र कर्णाली प्रदेशको खाद्य उत्पादन वृद्धिमा ठूलो योगदान पुग्नेछ । यसका लागि रु ८ करोड बजेट विनियोजन गरेको छु।

१८४) बाढी तथा पहिरोबाट जोखिमयुक्त बस्तीहरू पहिचान गरी संरक्षण गर्न जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिएको छु ।

१८५) सिँचाइ तथा नदी नियन्त्रण कार्यको लागि रु. ६८ करोड ७४ लाख बजेट विनियोजन गरेको छु ।

१८६) आधारभूत पूर्वाधार र सुविधासहितको व्यवस्थित शहरी विकासलाई प्राथमिकता दिइनेछ । साना नयाँ शहर र बस्ती विकासका कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेशभित्र एक जिल्ला एक आर्थिक शहर विकासको लागि सम्भाव्यता अध्ययन र कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१८७) विपन्नको घर कार्यक्रम अन्तर्गत विपन्न वर्ग,दलित,विपद् प्रभावित र छरिएको एवं जोखिमयुक्त बस्तीलाई मध्येनजर गरी एकीकृत बस्ती विकास कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

१८८) नेपाल सरकारको सहकार्यमा दलित,विपन्न र सीमान्तकृत तथा अल्पसंख्यक समुदायको आवास निर्माणमा सहयोग गर्न जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८९) प्रदेश राजधानी सुर्खेतमा नागरिक अतिथि सेवा गृहको पूर्वाधार निर्माणका लागि वीरेन्द्रनगर नगरपालिकासँग साझेदारी एवं समन्वय गरिनेछ ।

१९०) शहरी पूर्वाधार र बस्ती विकास कार्यक्रमको लागि रु. ४० करोड बजेट विनियोजन गरेको छु ।

माननीय सभामुख महोदय,

१९१) नेपालको संविधानमा व्यवस्था भएबमोजिम प्रदेशको एकल अधिकार र साझा अधिकारको प्रयोगका सम्बन्धमा आवश्यक थप कानूनहरू तर्जुमा गरिनेछ ।

१९२) शान्ति सुरक्षाको भरपर्दो व्यवस्थाका लागि प्रदेश प्रहरी सम्बन्धी कानून निर्माण गरी प्रदेश प्रहरी गठन गरिनेछ ।

१९३) प्रदेश प्रहरीको व्यावसायिकता र दक्षता विकास गर्न आवश्यक कार्यहरू अगाडि बढाइनेछ । रुकुमको चौरजहारीमा प्रदेश प्रहरी तालिम केन्द्रको पूर्वाधार निर्माणलाई तीव्रता दिई व्यवस्थापन गरिनेछ ।

१९४) विपन्न र हिंसा पीडित व्यक्तिको न्यायमा पहुँच कायम गर्न उनीहरूका लागि निःशुल्क कानूनी सहायता प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१९५) जनआन्दोलन,जनयुद्ध र प्रदेश प्राप्तिका आन्दोलनमा अमूल्य जीवन उत्सर्ग गर्ने सहिद परिवार,बेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरू तथा विस्थापितलाई विभिन्न जीवनोपयोगी सीप प्रदान गर्न तालिम तथा जीविकोपार्जनका लागि आयआर्जन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१९६) जनआन्दोलन,जनयुद्ध र प्रदेश प्राप्तिका लागि भएका संघर्षहरूमा आफ्ना सन्तान गुमाएका अभिभावकहरूलाई राहत स्वरूपसहिदका बुवा आमालाई पहिलो हकाधिकार हुनेगरी प्रति परिवार मासिक दुई हजार रुपैयाका दरले जीवन निर्वाह तथा औषधिउपचार सहायता प्रदान गर्ने व्यवस्था मिलाएको छु ।

१९७) जनआन्दोलन,जनयुद्ध र प्रदेश प्राप्तिका आन्दोलनमा घाइते अपाङ्ग भएका व्यक्तिहरूलाई पनि अधिकतम मासिक रु. दुई हजार जीवन निर्वाह भत्ता उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था गरेको छु ।

१९८) गम्भीर प्रकृतिका सहाराविहीन घाइते तथा अपाङ्गहरूको आश्रय,लालनपालन र उपचार व्यवस्थाका लागि घाइते योद्धा पुनर्स्थापना केन्द्र सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१९९) घाइते योद्धाहरूको उपचारको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२००) सहिदहरूको सम्झना र सम्मानका लागि तत्सम्बन्धी प्रमाण बस्तु र दस्तावेजको संग्रह सहितको सहिद प्रतिष्ठान तथा शान्ति पार्कहरू निर्माण कार्य अघि बढाइनेछ।

२०१) नेपाल सरकारसँगको समन्वयमा कारागारमा रहेका कैदी बन्दीहरूको सीप विकास र आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२०२) मानव अधिकारको विश्वव्यापी मान्यताबमोजिम मानव अधिकारको पालना,सम्मान र संवर्धनका लागि चेतनामूलक तथा क्षमता विकाससम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२०३) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं सूचनाको हकको कार्यान्वयन र सञ्चारक्षेत्रको व्यावसायिक विकासका लागि आमसञ्चार प्रतिष्ठान स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

२०४) सञ्चारकर्मीहरूको स्वास्थ्य सुरक्षा तथा क्षमता विकासका लागि पत्रकार स्वास्थ्य बीमा र छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिएको छु । साथै,पत्रकार कल्याण कोषको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२०५) लोककल्याणकारी सूचना र विज्ञापन प्रदेश भित्रका रेडियो तथा अन्य सञ्चार माध्यमहरू मार्फत प्रदेशभर प्रसारण गर्ने व्यवस्था मिलाइनेछ । नियमित रूपमा पत्रकार भेटघाट कार्यक्रममार्फत प्रदेश सरकारका गतिविधिहरूलाई विभिन्न सञ्चारमाध्यममार्फत नागरिक समक्ष पुऱ्याइनेछ ।

२०६) प्रदेश सरकारका विभिन्न निकायहरूबाट प्रदान गरिने सेवाहरूलाई प्रविधिमैत्री बनाउन डिजिटल कर्णाली गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । सरकारी काम कारवाहीलाई क्रमशः कागजविहीन बनाउँदै लगिनेछ ।

माननीय सभामुख महोदय,

२०७) नेपाल सरकार र स्थानीय तहसँगको सहकार्यमा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । विभिन्न स्थानहरूको विपद् जोखिम नक्साङ्कन गरी सम्बन्धित स्थानीय तह र विकास साझेदार संस्थाहरूसँगको सहकार्यमा विपद् जोखिम व्यवस्थापन

योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ । बाढी सम्भाव्य स्थानहरूमा पूर्व सूचना प्रणाली जडान गर्न विकास साझेदार संस्थाहरूसँग सहकार्य गरिनेछ ।

२०८) विपद् जोखिमका हिसाबले जोखिमयुक्त बस्तीहरूको पहिचान गरी त्यस्ता वस्तीहरूलाई सुरक्षित स्थानमा सार्नका लागि वस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

२०९) स्थानीय तहसँगको साझेदारीमा स्वःवृद्धि प्रणालीमा आधारित विपद् व्यवस्थापन कोष स्थापना गरी सो मार्फत तत्काल राहत उपलब्ध गराउन परिचालन गरिनेछ। विपद् जोखिम न्यूनीकरणका लागि सम्पूर्ण कर्णालीवासी समेटिने गरी सामूहिक विपद् दुर्घटना वीमा कार्यक्रमलाई निरन्तरता दिएको छु ।

२१०) बाढी पहिरोका घटनामा परी घरवारविहीन परिवारहरूलाई सुरक्षित स्थानमा आवास निर्माण गर्न सहयोग गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

२११) विभिन्न विपद्का घटनामा राहत सहयोग उपलब्ध गराउन प्रदेश विपद् व्यवस्थापन कोषमा आवश्यक रकम जम्मा गर्ने व्यवस्था मिलाएको छु ।

माननीय सभामुख महोदय,

२१२) प्रदेश सरकारका काम कारवाहीहरूमा नागरिकको निरन्तर चासो बढाई पृष्ठपोषण प्राप्त गरी जनअपेक्षा बमोजिम प्रभावकारी विकास र सेवा प्रदान गर्न हाम्मा कुडा हाम्मा मुख्यमन्त्री कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

२१३) प्रदेश निजामती सेवा सम्बन्धी कानून तर्जुमा गरी सार्वजनिक सेवा प्रवाहलाई अनुमानयोग्य पारदर्शी र विश्वसनीय बनाइनेछ । प्रदेश लोक सेवा आयोग मार्फत रिक्त पदहरूमा पदपूर्ति प्रक्रिया अगाडि बढाइनेछ ।

२१४) सार्वजनिक प्रशासनमा नयाँ प्रविधिको प्रयोगलाई बढावा दिन विद्युतीय सुशासन गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । स्वचालित कार्यप्रणाली अवलम्बन गरी क्रमशः अनलाइन माध्यमबाट सेवा प्रदान गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ।

२१५) विकासका क्रियाकलापमा पारदर्शिता र सुशासन सुनिश्चित गरी नागरिकको अपनत्व बढाउन रकम हिनामिना हुन नदिन र निर्माण कार्यमा गुणस्तर कायम गर्न परियोजना सूचना पाटी सार्वजनिक सुनुवाइ र जनलेखा परीक्षण मार्फत विकास निर्माणको सम्पूर्ण विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

२१६) सरकारको कार्यसम्पादनलाई नतिजासँग आबद्ध गराउन मुख्यमन्त्री र मन्त्री,मन्त्री र सचिव,सचिव र कार्यालय प्रमुख एवं आयोजना प्रमुखसँग सूचकमा आधारित कार्यसम्पादन सम्झौता गरिनेछ ।

२१७) कर्णाली प्रदेशलाई कार्यथलो बनाई उत्कृष्ट कार्यसम्पादन गर्ने राष्ट्रसेवक कर्मचारीलाई कर्णाली सेवा पुरस्कारबाट पुरस्कृत गरिनेछ ।

२१८) कर्णाली प्रदेश सरकारले कर्मचारीलाई दिदै आएको प्रोत्साहन भत्तालाई कायमै राखेको छु ।

२१९) प्रशासनिक खर्च तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन तयार गरी प्रशासनिक खर्चलाई न्यूनतम सीमामा राखिनेछ । अत्यावश्यक बाहेक थप आर्थिक दायित्व थपिनेगरी नयाँ कार्यालयहरू स्थापना गरिनेछैन । स्रोतको संकुचनलाई मध्येनजर गरी कार्यालय सञ्चालन तर्फका अत्यावश्यक बाहेकका अन्य शिरोभार खर्चमा उल्लेखनीय रूपमा कटौती गरिएको छ ।

माननीय सभामुख महोदय,

२२०) सार्वजनिक स्रोतको सदुपयोग,मितव्ययिता,प्रभावकारी खरिद व्यवस्थापन र वित्तीय अनुशासन कायम गरी समग्र वित्तीय सुशासनमा जोड दिइनेछ ।

२२१) प्रदेश सरकारका निकायहरूबाट सालबसाली खरिद हुने बस्तु तथा सेवा प्राप्तिलाई प्रतिस्पर्धी,पारदर्शी,मितव्ययी र प्रदेश अनुकूल बनाउन सेवाप्रदायकले प्रस्ताव गर्ने दररेटलाई विद्युतीय पोर्टलमा प्रविष्टि गर्ने सूचना व्यवस्थापन प्रणाली विकास गरी सञ्चालनमा ल्याइनेछ ।

२२२) वित्तीय अनुशासनलाई प्रभावकारी बनाई संस्थागत गर्न प्रदेश सरकारका निकायहरूको लेखापरीक्षण हुँदा कायम हुने आन्तरिक तथा अन्तिम बेरुजु रकमलाई विद्युतीय लगत राख्न आवश्यक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याइनेछ ।

माननीय सभामुख महोदय,

अब म नेपाल सरकारबाट प्राप्त हुने स्रोत एवं विनियोजन र स्थानीय तहमा हुने अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी विवरण प्रस्तुत गर्दछुः

२२३) संघीय सरकारबाट वित्तीयसमानीकरण अनुदान वापत रु. १० अर्ब १४ करोड २१ लाख,राजस्व बाँडफाँड तर्फ ७ अर्ब ४४ करोड ७७ लाख,सशर्त अनुदान वापत रु. ३ अर्ब ९८ करोड ७७ लाख,समपूरक अनुदान वापत रु. ८१ करोड

३५ लाख तथा विशेष अनुदानतर्फ ६१ करोड ३० लाख बजेट सीमा प्राप्त भएको छ ।

२२४) आन्तरिक स्रोतको साँघुरो दायरा र संघबाट प्राप्त हुने स्रोतमा संकुचन भए पनि संघीयताको मर्म अनुरूप प्रदेशबाट स्थानीय तहलाई हुने वित्त हस्तान्तरणमा वृद्धि गरेको छु ।

२२५) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा स्थानीय तहलाई अन्तरसरकारी वित्त हस्तान्तरणको माध्यमबाट वित्तीयसमानीकरण अनुदान तर्फ रु ८० करोड हस्तान्तरण गरिनेछ । आयोगबाट तोकिएको मापदण्डको आधारमा राजस्व बाँडफाँड गरी स्थानीय तहमा उपलब्ध हुने व्यवस्था मिलाएको छु ।

२२६) स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रमका लागि सशर्त अनुदानतर्फ रु. १ अर्ब २९ करोड ९९ लाख बजेट हस्तान्तरण हुने व्यवस्था मिलाएको छु।

२२७) प्रदेश सरकारबाट स्थानीय तहको सिफारिशमा छनौट गरिएका तथा दुवै तहको सहलगानीमा स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रममा समपूरक अनुदानतर्फ रु. १ अर्ब रकम हस्तान्तरण हुने व्यवस्था मिलाएको छु।

२२८) सामाजिक र आर्थिक परिसूचकमा पछाडि परेका क्षेत्रको उत्थान गर्न स्वास्थ्य, शिक्षा,खानेपानी सरसफाई,खाद्य सुरक्षा र उद्यमशीलता विकास समेतका कार्यक्रममा लगानी गर्न विशेष अनुदान अन्तर्गत रु. ३० करोड स्थानीय तहमा हस्तान्तरण हुने व्यवस्था गरेको छु। यसरी प्रदेश सरकारबाट स्थानीय तहमा कूल ३ अर्ब ३९ करोड ९९ लाख रकम हस्तान्तरण हुने व्यवस्था मिलाएको छु।

माननीय सभामुख महोदय,

२२९) समृद्ध कर्णाली,सुखारी कर्णालीवासी कर्णाली प्रदेशको दीर्घकालीन सोचलाई साकार पार्न प्रदेश महत्त्वका ठूला उच्च प्रतिफल दिने र आर्थिक वृद्धिमा योगदान दिने आयोजनामा लगानी गरिनेछ ।

२३०) प्रदेशको समृद्धिमा टेवा पुऱ्याउने एवं उच्च प्रतिफल दिने फुकोट कर्णाली, जगदुल्ला जलविद्युत आयोजना,ताक्सुगाड जलविद्युत आयोजना र भेरी बबई डाइभर्सन आयोजनामा प्रदेश सरकारको शेयर लगानीका लागि वित्तीय व्यवस्थातर्फ रु ५० करोड विनियोजन गरेको छु ।

२३१) प्रदेश सरकारको प्राथमिकता प्राप्त ठूला आयोजना र कार्यक्रममा मात्र संघीय सरकारको समन्वयमा वैदेशिक सहायता परिचालन गरिनेछ।

२३२) प्रदेशको विकास र उन्नतिको लागि स्वदेशी तथा विदेशी निजी क्षेत्रलाई आकर्षण गर्न आवश्यक नीतिगत,कानूनी र संस्थागत व्यवस्था गरी लगानीमैत्री वातावरण तयार गरिनेछ। प्रदेश महत्त्वका उच्च प्रतिफल दिने ठूला आयोजना पहिचान गरी ती आयोजनामा स्वदेशी निजी तथा वैदेशिक लगानी आकर्षण गर्न उपयुक्त समयमा लगानी सम्मेलन आयोजना गरिनेछ ।

२३३) निजी,सहकारी,सामुदायिक वा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने प्रदेश महत्त्वका उद्योग र आयोजनाहरूमा आयोजना स्थलसम्मको पहुँच मार्ग,विद्युत र खानेपानी लगायतका पूर्वाधार निर्माण,सो का लागि गर्नुपर्ने सहयोग समन्वय र शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाइनेछ ।

२३४) आन्तरिक तथा बाह्य लगानी आकर्षित गरी छिटो प्रतिफल प्राप्त हुने,उत्पादन वृद्धिमा सघाउ पुग्ने,रोजगारमूलक र स्थानीय कच्चा पदार्थमा आधारित आयोजनालाई प्रोत्साहन गरिनेछ।

२३५) विकास साझेदार गैरसरकारी संस्थालाई शिक्षा,स्वास्थ्य,आयआर्जन,जीविकोपार्जन र स्थानीय उत्पादन वृद्धिका क्रियाकलापमा परिचालन गरिनेछ।

माननीय सभामुख महोदय,

२३६) कर्णाली प्रदेशको समग्र विकासका लागि तयार गरिएको प्रथम पञ्चवर्षीय योजना बमोजिमका प्राथमिकतामा बजेट तथा कार्यक्रम केन्द्रित गरिनेछ।

२३७) पञ्चवर्षीय योजनाको प्राथमिकता बमोजिम विभिन्न क्षेत्रका आयोजना पहिचान गरी परियोजना बैंक तयार गरिनेछ। ती आयोजनामा निजी क्षेत्र,सहकारी र गैरसरकारी क्षेत्रले लगानी जुटाइ आयोजना निर्माण गर्न अग्रसर भएमा प्रदेश सरकारको तर्फबाट आवश्यक प्रोत्साहन तथा सहकार्य गरिनेछ ।

२३८) प्रदेशमा विकासको भौगोलिक सन्तुलन र मध्यमकालीन खर्च संरचनामा आधारित भई बजेट विनियोजन गरिनेछ। क्षेत्रगत प्राथमिकतामा आधारित सम्बन्धित मन्त्रालयले तयार गरेको आयोजनाहरूको सूचीका आधारमा सम्भाव्यता अध्ययन गरी आवश्यकता र प्राथमिकताका आधारमा मापदण्ड बनाई कार्यान्वयन गर्दै लगिनेछ।

२३९) कर्णाली प्रदेश समन्वय परिषद्,कर्णाली विकास परिषद् लगायतका संरचनाहरूलाई थप सक्रिय बनाउँदै विभिन्न तहका जनप्रतिनिधिसँगको समन्वय र सहकार्यमा योजना तर्जुमा र कार्यान्वयन गर्ने प्रणालीको विकास गरिनेछ।

२४०) सार्वजनिक खर्चलाई व्यवस्थित र प्राथमिकतामा आधारित बनाउन वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन तर्जुमा गरी बजेट विनियोजन,खर्च र प्रतिवेदनको स्वचालित प्रणाली विकास गरिनेछ।

२४१) संघीय कानूनसँग सामञ्जस्य कायम हुनेगरी सार्वजनिक खरिद प्रक्रियालाई सरल, समय सापेक्ष र परिणाममूखी बनाउन आवश्यक संयन्त्र र पद्धतिको विकास गरिनेछ।

२४२) प्रदेश सरकारबाट सञ्चालन हुने आयोजनामा जनप्रतिनिधि,निजका परिवारजन,निर्माण व्यवसायीको इजाजत प्राप्त व्यक्ति र राष्ट्रसेवक शिक्षक वा कर्मचारी उपभोक्ता समितिमा बस्न नपाउने गरी कार्यविधि निर्माण गरिनेछ।

२४३) बजेट कार्यान्वयनलाई छिटो,सहज र प्रभावकारी बनाउन प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS)मा प्रविष्ट भएको चौमासिक विभाजनका आधारमा कार्यक्रम सञ्चालन र बजेट खर्चगर्न विनियोजन ऐनबाटै अख्तियारी प्राप्तहुने व्यवस्था मिलाएको छु।

२४४) प्रतिफलयुक्त एवं प्राथमिकतापूर्ण विशेष परियोजनाहरू पहिचान गरी तीव्रताका साथ कार्यान्वयन गर्ने र अनुगमन मूल्याङ्कनमार्फत प्रगति ट्र्याकिङ् गर्न स्वचालित पद्धतिको विकास गरिनेछ।

२४५) प्रदेश सरकारको नीति तथा कार्यक्रम तर्जुमा,बजेट निर्माण,कार्यान्वयन,अनुगमन र मूल्याङ्कनमा जनप्रतिनिधिको भूमिका र सहभागिता अभिवृद्धि गरिनेछ । स्थानीयस्तरमै विकास आयोजनाको प्रभावकारी अनुगमनका लागि जिल्ला समन्वय समितिलाई क्रियाशील हुन अनुगमन परामर्श र प्रविधिमा आवश्यक सहयोग गरिनेछ।

२४६) आयोजना कार्यान्वयन समयमै सुरु गरी तोकिएको समयमा पूरा गर्न विस्तृत अध्ययन गर्नुपर्ने बहुवर्षीय बाहेकका आयोजनाको प्रथम चौमासिकभित्र ठेक्का/टेण्डर सूचना गरिसक्ने व्यवस्था मिलाइनेछ। अनुदान तथा साझेदारीमा हुने सहयोगका लागि दोस्रो चौमासिकभित्र सम्झौता गरिसक्नुपर्ने र वैशाख मसान्तभित्र अनुदान वा साझेदारी सहयोग उपलब्ध गराइसक्ने व्यवस्था मिलाइनेछ।

२४७) कर्णाली प्रदेश योजना आयोगलाई सूचकमा आधारित आयोजना अनुगमन तथा मूल्याङ्कनको कार्यमा सक्रिय बनाइनेछ । प्रदेश सरकारबाट सञ्चालित आयोजनाको सहजीकरण एवं अनुगमन गर्न उच्चस्तरीय संयन्त्र गठन गरी क्रियाशील बनाइनेछ।

माननीय सभामुख महोदय,

अब माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्दछु।

२४८) आगामी आर्थिक वर्षमा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न रु. ३६ अर्ब ५४ करोड ६६ लाख ३६ हजार विनियोजन गरेको छु। कूल विनियोजन मध्ये पूँजीगत खर्च रु. २१ अर्ब ६५ करोड ३९ लाख १३ हजार अर्थात ५९ प्रतिशत,चालु खर्च रु. ११ अर्ब ४९ करोड २७ लाख ७० हजार अर्थात ३१ प्रतिशत र वित्तीय हस्तान्तरण तर्फ रु. ३ अर्ब ३९ करोड ९९ लाख ५३ हजार अर्थात १० प्रतिशत रकम विनियोजन गरेको छु।

२४९) आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक राजस्वबाट रु. ६० करोड,चालु आर्थिक वर्षको खर्च नभई बाँकी रहन जाने अनुमानित रकम रु.१२ अर्ब ९२ करोड १६ लाख ८१ हजार,संघीय सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त हुन आएको रकम रु. ७ अर्ब ४४ करोड ७७ लाख, वित्तीय समानीकरण अनुदानबाट प्राप्त हुन आएको रु. १० अर्ब १४ करोड २१ लाख र सशर्त अनुदानबाट रु. ३ अर्ब ९८ करोड ७७ लाख परिचालन गरिनेछ। त्यसैगरी नेपाल सरकारबाट प्राप्त हुने समपूरक अनुदान वापत रु ८१ करोड ३५ लाख र विशेष अनुदान वापत रु. ६१ करोड ३० लाख प्राप्त हुने अनुमान गरिएको छ। साथै वैदेशिक सहायताबाट सञ्चालित हुने कार्यक्रम तथा आयोजना कार्यान्वयनको लागि रु २ करोड ९ लाख ५५ हजार स्रोत परिचालन हुनेछ।

२५०) आर्थिक वर्ष २०७६/७७ को यथार्थ खर्च,आर्थिक वर्ष २०७७/७८ को संशोधित अनुमान र आर्थिक वर्ष २०७८/७९ को अनुमानित आयव्ययको विवरण अनुसूचीमा उल्लेख गरेको छु।चालु आर्थिक वर्षको मन्त्रालयगत प्रगति विवरण आजै प्रस्तुत गरेको छु।

माननीय सभामुख महोदय,

अब म आर्थिक वर्ष २०७८/७९ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२५१) विभिन्न आयआर्जन तथा रोजगारमुखी कार्यक्रमका गतिविधि लगायत प्राकृतिक स्रोतबाट प्राप्त हुने आन्तरिक राजस्व संकलनको दायरा वृद्धि गर्ने तथा सरलीकृत कर प्रणालीको विकास गरी आन्तरिक स्रोतको परिचालनमा जोड दिइनेछ। राजस्वका स्रोतहरूको पहिचान गरी राजस्व संकलन प्रणालीलाई थप सुधार गर्दै नागरिकले तिरेको करको सदुपयोग सुनिश्चित गरिनेछ।

२५२) चालु आर्थिक वर्षभित्रै कोभिड-१९ को पहिलो र दोस्रो लहरबाट प्रभावित आर्थिक क्रियाकलापमा लाग्ने करका दर समायोजन छुट र सहुलियत प्रदान गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ।

२५३) समग्र कर्णालीवासीको अपेक्षा र करदाताको सुविधालाई ध्यान दिँदै आधुनिक र प्रविधिमैत्री कर प्रशासनको विकास गरी राजस्व संकलन वृद्धि गर्नेगरी आगामी आर्थिक वर्षको राजस्व नीति तथा कार्यक्रमको उद्देश्यहरू देहाय अनुसार प्रस्तुत गरेको छु।

क) करयोग्य कारोबारलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने

ख) आर्थिक क्रियाकलाभको विस्तारमा सहयोग पुग्नेगरी कर प्रणालीलाई लगानीमैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्धन गर्ने

ग) करको संरचना र करका दरहरूमा समयसापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने

घ) कर कानूनको पालनामा जोड दिँदै कर छली तथा चुहावट नियन्त्रण गर्ने

ङ) गैरकर राजस्वको क्षेत्र विस्तार एवं करका दरहरूलाई समायोजन गरी राजस्व वृद्धि गर्ने

२५४) प्रदेशमा करका क्षेत्र पहिचान गरी प्रदेश कर कानूनको उपयुक्त व्यवस्था गर्ने र छरितो कर प्रशासनिक संरचनामार्फत कर तथा गैरकर असुली तथा संकलन कार्य प्रभावकारी र करमैत्री बनाइनेछ।

२५५) कर प्रशासनको प्रभावकारिता सहितको कार्यान्वयनलाई अझ सुदृढ,चुस्त,छरितो र लागत प्रभावी बनाइनेछ। प्रदेशको आफ्नै संरचना स्थापना नभएसम्म संघीय सरकार तथा स्थानीय तहका संरचनामार्फत समन्वयात्मक रूपले कर असुली गरिनेछ।

२५६) आगामी आर्थिक वर्षमा यस प्रदेशमा लगाइने कर तथा शुल्कहरूको विवरण आर्थिक ऐनमा उल्लेख गरेको छु।

२५७) कर्णाली प्रदेशमा स्रोतको संभावना प्रदेशको राजस्व अधिकार र अर्थतन्त्रमा यस प्रदेशबाट पुग्न सक्ने योगदानको अध्ययन अनुसन्धान गरिनेछ। कर तथा गैरकर राजस्वको दायरा विस्तारको सम्भाव्यताका आधारमा दर समायोजन गर्दै जाने नीति लिइनेछ।

माननीय सभामुख महोदय,

२५८) कोभिड महामारीबाट प्रभावित हालको विषम परिस्थिति सामान्य हुनासाथ बजेटको प्रभावकारी कार्यान्वयनबाट चालु एव निर्माणाधीन आयोजनाहरूको कार्यान्वयनमा तीव्रता आउने,रणनीतिक भौतिक पूर्वाधारको निर्माण कार्य अघि बढ्ने र नागरिकको सहज जीवनयापनको वातावरण तयार हुनेछ। यसबाट आगामी आर्थिक वर्षमा प्रदेशमा थप आर्थिक गतिविधिहरू नियमित भई करिब ७ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अपेक्षा गरेको छु।

२५९) बजेट तथा कार्यक्रम तयारीका लागि महत्त्वपूर्ण मार्गदर्शन एवं सुझाव प्रदान गर्नुहुने माननीय प्रदेश प्रमुख,माननीयमुख्यमन्त्री,प्रदेश सभाका माननीय सभामुख, माननीय प्रमुख प्रतिपक्ष दलका नेता तथा माननीय उपसभामुखप्रति हृदयदेखि नै आभारी छु। बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गरी महत्त्वपूर्ण सुझाव र मार्गदर्शन प्रदान गर्नुहुने सभाका माननीय सदस्यहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। यस क्रममा विभिन्न माध्यमबाट सुझाव प्रदान गर्नुहुने राजनीतिक दल,प्रदेश सभाका समितिहरू,कर्णाली प्रदेश योजना आयोग,कर्णाली प्रदेश विज्ञ समूह,स्थानीय तहका जनप्रतिनिधि,राष्ट्रसेवक,निजी क्षेत्र,उद्योगी,व्यापारी,सहकारी क्षेत्र,नागरिक समाज,विकास साझेदार,सञ्चार जगत लगायत सबैलाई धन्यवाद ज्ञापन गर्दछु । बजेट तर्जुमाका क्रममा सबैबाट प्राप्त भएको सहयोग बजेट कार्यान्वयनको क्रममा समेत निरन्तर रहने अपेक्षा गरेको छु ।

२६०) अन्त्यमा,आज प्रस्तुत गरिएको आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटको प्रभावकारी कार्यान्वयनबाट कोभिड-१९ महामारी र सम्भावित खाद्य संकटबाट कर्णालीवासीको जीवन रक्षा,श्रममूलक रोजगारीका अवसर सिर्जना,उत्पादन तथा उत्पादकत्वमा वृद्धि,जीवनोपयोगी शिक्षाको उत्थान,दिगो पूर्वाधार विकास,शान्ति सुरक्षा,सुशासन र सेवा प्रवाहमा सुधार भई शिथिल बनेका आर्थिक गतिविधि र विकास निर्माणका कार्यहरूमा गतिशीलता आई नागरिकको अधिकतम हित सुनिश्चित हुने विश्वास लिएको छु।

धन्यवाद !

**माननीय सभामुखः**-माननीय सदस्यहरू अब यो बैठक १५ मिनेका लागि स्थगित हुन्छ ।

कर्णाली प्रदेश सभा

आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८असार १ गते
मंगलवार
(बैठक संख्या-११)

राष्ट्रिय धुन,

**माननीयमाननीय सभामुखः-** माननीयसदस्यहरूकर्णालीप्रदेश सभाकोआठौंअधिवेशनकोएघारौंबैठककोकारवाहीप्रारम्भहुन्छ। माननीयसदस्यहरूकर्णालीप्रदेश सभाकोआर्थिक वर्ष २०७८/०७९कोराजस्वरव्ययकोवार्षिकअनुमानबजेटरकर्णालीप्रदेशकोआर्थिकविधेयक,२०७८कोअतिरिक्तकर्णालीप्रदेशविनियोजनविधेयक,२०७८एक-एकप्रतिसभासमक्षटेबुलगर्नआर्थिकमामिलातथायोजनामन्त्रीमाननीयश्रीगोपालशर्मालाईअनुमतिदिन्छु।

**माननीय श्री गोपालशर्माः**-माननीयसभामुखमहोदय,कर्णालीप्रदेशसरकारकोआर्थिक वर्ष २०७८/०७९कोराजस्वरव्ययकोवार्षिकविवरण,कर्णालीप्रदेशआर्थिकविधेयक२०७८,कर्णाली प्रदेशविनियोजनविधेयक,२०७८एक,एकप्रतिसभासमक्षटेबुलगर्दछु,धन्यवाद।

**माननीयमाननीय सभामुखः-** माननीयसदस्यहरूअययोबैठक२०७८सालअसार४गतेशुक्रवारदिउसो२बजेसम्मकोलागिस्थगित हुन्छ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८असार ११ गते
शुक्रवार
(बैठक संख्या-१२)

राष्ट्रिय धुन,

**माननीयमाननीय सभामुखः**-माननीयसदस्यहरूकर्णालीप्रदेश सभाकोआठौंअधिवेशनकोबाह्रौंबैठककोकारवाहीप्रारम्भहुन्छ। केविषयमाहोलामाननीयसदस्य। एकजनामाननीयसदस्यबोलौं।

**माननीय श्री गुलाव जंगशाहः**-माननीयसभामुखज्यूआजहामीकर्णालीप्रदेशकोसरकारलेअसारएकगतेल्याएकोबजेट। आजहामीअसार११गतेछौं। संसदमानेकपाएमालेकोसंसदीयदलकानेतालेराजनीतिकविषयबस्तुलाईयोभन्दापहिलागम्भीरतापूर्वकउठाउनुभएकोकुरासंसदमाजानकारीनैछ। सरकारलेअसारएकगतेबजेटल्यायो। आजअसार११गतेभइसक्योनेकपाएमालेलेसंसदमाराजनीतिकमुद्दाहरूउठाउँदैगर्दाआज११दिनसंसदचल्दैगर्दासरकारकहाँसुतिरहेकोछमलाईलाग्छहिजोमात्रैअसार१०गतेसम्भवतःस्थानीयतहमासबैपालिकाहरूमाबजेटनीतितथाकार्यक्रमप्रस्तुतहुँदैगर्दासरकारकाप्रमुखमाननीयमुख्यमन्त्रीविभिन्नठाउँमाहेलिकप्टरलिएरउद्घाटनगर्दैहिँडेकोकुराहामीलेसमाचारमाध्यमबाटजानकारीपायौं। सबैलाईलाग्लाकर्णालीप्रदेशकोराजधानीसुर्खेतमानेकपाएमालेकोआन्तरिककिचलोकाकारणसदनअवरुद्धछभन्नेकुराकपोकल्पितसमाचारप्रकाशितभएकाछन्।

त्यस्तासमाचारप्रतिआपत्तिरघोरभर्त्सना गर्नचाहन्छुतरपनिआजसंसदचल्दैगर्दाएघारदिनभइसक्दापनिसंसदकोगाम्भिर्यतालाईसरकारलेल्याउनेबजेटअधिवेशनलाईसरकारहेलिकप्टरचढेरघुमिरहेकोछ। योबजेटप्रतिगम्भीरतापूर्वकसरकारकोचासोरध्यानाकर्षणछैन। हामीलेसंसदमाराजनीतिकमुद्दाउठाएकाछौं। हामीसबैलाईथाहाछनेकपाएमालेकासांसदहरूलेफ्लोरक्रसगरेरयोसरकारमासामेलभएकोकुरालुकाईराख्नुपर्दैनमाननीयसभामुखज्यूमविषयबस्तुमाआउँदैछु। यहाँलेभन्नुभन्दापनि। आजहामीलेसंसदीयप्रक्रियामासंसदीयपरम्परामासंसदीयअभ्यासमादलीयमान्यताअनुसारसंसदहामीलेचलाऔंभन्दैगर्दात्यसलाईकार्यान्वयनगर्नेचरणमाव्यक्तिवासरकारकोनेतृत्वगरेकाप्रमुखहरूजानुपर्छ किपर्दैनसभामुखमहोदय। आजबजेटमाथिछलफलगराउनुपर्नेहो कि होइन। आजबजेटलेकर्णालीप्रदेशका११लाखजनताकोपक्षमाल्याएकोबजेटलाईगम्भीरतापूर्वकलानेहोकिहोइन। योविषयबस्तुमामलाईलाग्छसरकारकोचासोछैन। हेलिकप्टरघुम्दैमाउद्घाटनगर्दैमासरकारमस्तछनेकपाएमालेलेगम्भीरतापूर्वकउठाएकाविषयबस्तुमाखैकहिलेछलफलगर्छसरकार। केवास्तवममासंसदयसरीअवरुद्धगरेरजानुपर्नेहोतहामीलाईथाहाछसरकारलेनियमितप्रक्रि

यामार्फतबजेटल्याउनेपक्षमाथिएन। हाम्रोदलकानेताकोपहलकदमीमासभामुखकोअगुवाइमायोभएकोहोरएकगतेबजेटनियमितढंगलेप्रस्तुतभएकोकुराहामीसगौरवभन्नचाहन्छौंतर।

**माननीयमाननीय सभामुख**ः-माननीयसदस्यकोसरोकारकेविषयमाहो ?

**माननीय श्री गुलाव जंगशाह**ः-सरोकारयसमानेमाछ कि आज११दिनहुँदापनिसरकारनतमस्तकढंगलेसुतेकोछ। सरकारलेयोविषयबस्तुलाईगम्भीरतापूर्वकबुझेकोछैन। (माननीय सभामुखःकुनविषयबस्तुहोमाननीयसदस्य?)

**माननीय श्री गुलाव जंगशाह**ः-सरकारआजउपस्थितहुँदैगर्दाआजहामीलेभनिरहेका छौं संसदमानेकपाएमालेएउटाछ,नेकपाएमालेकोदलएउटाछदलकोतर्फबाटयहाँलाईथाहाछसभामुख महोदय,सर्वोच्चलेनेकपाएमालेकाचारजनासांसदलाईनेकपाएमालेकोरोमागएरबस्नेभन्नेकुराआदेश भएकोछ। हामीलेबारम्बारयोकुराउठायौंतरपनिआज ती मान्छेहरू,हिजोमान्छेथिएआजसांसदहरूकोरूपमास्थापितभइसकेसर्वोच्चलेनेकपाएमालेकोसदस्यकोदलकोहिसाबमाउपस्थितहुनभन्नेआदेशलाईनसरकारलेकार्यान्वयनगऱ्योनतीसांसदलेकार्यान्वय नगरे। मप्रश्नगर्नचाहन्छुहिजोएउटापरिस्थितिमामन्त्रीभएकामान्छेहरूआजपरिस्थितिबदलिँदा ती मन्त्रीहरूकुनधाराकुनविधानअनुसारमन्त्रीहुनुभएकोछ। यसमाकानूनलाग्दैनसभामुखमहोदय, सरकारगम्भीरतापूर्वकउपस्थितहुनुपर्दैन?योकुराकिनसुनुवाइनभएकोयसमानेमापनिआजहाम्रोमागर आन्दोलनहो। आन्दोलनराजनीतिकहोन कि यहाँबाहिरप्रचारगरेजस्तोनेकपाएमालेबजेटमाछलफलगर्नचाहदैन। त्यसोहोइनसभामुखयमहोदय, राजनीतिककुराहरूलाईनैसरकारलेटेकेनराजनीतिककुराहरूलाईसरकारलेकार्यान्वयनगर्नचाहेन। मैले फेरि पनिदोहोऱ्याउनचाहन्छु। सरकारयोबजेटल्याउनेप्रक्रियामाथिएनअध्यादेशमार्फतबजेटल्याउनचाहन्थ्यो। त्यसैलेयोकुरानेपालएमालेकोराजनीतिककुरासुनुवाइनभएकाकारणलेयोअवस्थासिर्जनाभएकोछरसरकारपनियसमाअगाडिछलफलगर्नचाहदैन। भन्नेराख्नचाहन्छुसभामुखमहोदय, त्यसैले मजोडदिएरभन्नचाहन्छु कि हाम्रोदलनेकपाएमालेसंसदमाएउटाछ। हामीलेराखेकोराजनीतिकमुद्दाहो। भन्दैगर्दायोबजेटसंसदमाआएकोछयोबजेटमाथिसैद्धान्तिकछलफलहुनबाँकीछ। हुनतयोबजेटलेबोल्दैगरेकोछ। एउटायसमामपढेरसुनाउनचाहन्छुसभामुखमहोदय, माननीयआर्थिकमामिलामन्त्रीज्यूलेबजेटपेशगर्नुभयो। हामीसबैलाईथाहाछ।

(**माननीयसभामुख**ः-त्योविषययसकोसैद्धान्तिकछलफलमाउठाउनुहोलामाननीयसदस्य)

**माननीय श्री गुलाव जंगशाह**ःमाननीयसभामुखमहोदय,मविषयबस्तुमाप्रवेशगरिरहेकोछु। योबजेटअधिवेशनहो। बजेटकोबारेमापनिछलफलगर्नुपर्नेतछँदैछ। बजेटप्लसराजनीतिकमुद्दामैलेएकसेन्टेन्समाबताइसकें। नेकपाएमालेलेउठाएकाराजनीतिकमुद्दाकहिकतैबाटसुनुवाइभएनयोबजेटमार्फत, सदनमार्फत

हामीआमजनतालाईभन्नचाहन्छौं कि योनेकपाएमालेकोआन्तरिककारणलेसंसदअवरुद्धभएकोहोइनभन्नेकुरा पुष्टिगर्नभन्नचाहन्छुरबजेटकोएउटाकोलमपढ्नचाहन्छु। माननीयआर्थिकमामिलामन्त्रीलेभन्नुभयो आन्तरिकस्रोतकोसाँघुरोदायरारसंघबाटप्राप्तहुनेस्रोतकोसंकुचनभएपनिसंघीयताकोमर्मअनुरूपप्रदेशबाटस्थानीयतहलाईहुनेवित्तीयहस्तान्तरणमावृद्धिगरेकोछुभन्नचाहन्छुमयतिठूलोमनसायबोकेरबजेटभाषणगर्नुभयो।

स्थानीयतहलाईदिनेवित्तीयहस्तान्तरणमावृद्धिगरेकोछुतभन्नुहुन्छसमपूरक, समानीकरणमाविशेषमाउहाँलेघटाउनुभएकोछ। एउटाबलमाझुलाउनुभएकोछसशर्तअनुदानमात्योप्रदेशकोपैसाहोप्रदेशकोयोजनाहोएकअर्ब२९करोड९९लाखयोआजकार्यकर्ताभरणपोषणकोबजेटहैन। यस्तोविषयबस्तुमाछलफलगरिनुपर्दैन। सरकारयोविषयबस्तुमाछलफलगर्नचाहदैन। आजयोजनाछरप्रस्टतरिकालेतलगइसकेत। संसदमाबजेटछलफलनहुँदैयोजनाकसरीवितरणभए। जब कि सैद्धान्तिकछलफलभएकोछैन।

**माननीयमाननीय सभामुखः-** माननीयसदस्यकोमुख्यसरोकारबजेटकोविषयमाहोवाअरुविषयमाहो?

**माननीय श्री गुलाव जंगशाहः-** बजेटकोसरोकारपनिआईहाल्छसभामुखमहोदय, मेरोसरोकारराजनीतिकमुद्दा,राजनीतिकइस्युअगाडिबढेरसरकारयोछलफलगर्नकिनचाहदैन। योमानेमापनिमेरोछफलकोविषयहोसभामुखमहोदय, त्यसैलेनेकपाएमाले,नेकपाएमालेकासंसदीयदलकानेतालेयहाँभन्दापहिलाराखेकामुद्दाहरूइस्युहरूआजसम्मसम्बोधनभएनन्।

**माननीयमाननीय सभामुखः-**छोट्याउमाननीयसदस्य।

**माननीय श्री गुलाव जंगशाहः-**त्यसलेसभामुखमहोदययसमानेमापनिआजसम्म यी मुद्दाहरूसुनुवाइनभएकाकारणलेयोसदकोकारवाहीअगाडिबढ्नचाहदैनभन्नेमेरोसरोकारकोविषयहो सभामुखमहोदय,

**माननीयमाननीय सभामुखः-**विषयबस्तुप्रस्टभएनजस्तोलाग्योमाननीयसदस्य।

**माननीय श्री गुलावजंगशाहः-** सभामुखज्यूलाईमैलेविषयबस्तुप्रस्टपारीसकेयोभन्दापहिलोहाम्रोदलकानेतालेसंसदमास्पष्टढंगलेकुराराख्नुभएकोछ। संसदमाकर्णालीप्रदेशमानेकपाएमालेसंसदीयदलएउटैछ। संसदमानेकपाएमाले एउटैछ। बजारमाहल्लाभएजस्तोनेकपाएमालेपनिसरकार सहभागी भएकोहैनसभामुखमहोदयआजराजनीतिकरूपमाएउटादललाई केही बदनामगर्नेगरीप्रचारगरेकोजस्तैसुनेकोछुमैले कि नेकपाएमालेपनिसरकारमासामेलछ। सभामुखयमहोदय,त्यसकोप्रष्टीकरणगर्नकोलागिपनिआजहामीलेयोकारवाहीगर्नुपर्नेअवस्थाआयो। सभामुखमहोदय,मैलेभन्नखोजेकोकुरायोहो कि

सरकारमासामेलहुनेकुरादलकोनिर्णयबाटहुन्छसभामुखमहोदय,नकुनैस्वेच्छाचारीढंगलेसरकारमा सामेलहुँदैन। हिजोकोपरिस्थितिबाटमन्त्रीभएकामान्छेहरूआजअर्कोपरिस्थितिनिर्माणभइसक्दाप निसरकारलेसामेलगराइराख्नमिल्छ किमिल्दैन ?सबालयोपनिहोसभामुखमहोदय, मलाईलाग्दायतिभन्दाविषयबस्तुप्रस्टछतरयोकुराबुझ्नेलाईधेरै कुराछनबुझ्नेलाईथोरैकुराहोलातरपनियहीँइस्युहामीसंसदमार्फतगम्भीरतापूर्वकनेकपाएमालेसंस दीयदललेउठाउनचाहन्छभन्नेविषयबस्तुयहाँहामीयसरीप्रस्टगर्नचाहन्छौँसभामुखमहोदय,

**माननीयसभामुखः-**

बजेटजस्तोमहत्त्वपूर्णविषयछमाननीयसदस्यहरू, आसनग्रहणगरेरविषयमाकेन्द्रितरहेरआफ्नाधार णाहरूराख्नुहोलामाननीयसदस्यहरूबसेरसहयोगगरौँबैठकसञ्चालनगर्न। माननीयसदस्यलेउठाउ नुभएकोप्रश्नमहत्त्वपूर्णप्रश्नहो। संसदीयव्यवस्थाभएकामुलुकहरूकोसन्दर्भमा। त्यसैलेसम्बन्धितप क्षहरूबसेरयसकोसमाधाननिकालौँमाननीयसदस्य। सभामायोविषयप्रस्तुतनगरीकनआपसमादुईप क्षबसेरयसकोसमाधाननिकाल्नसकिन्छ। त्यसरीजाऔँमाननीयसदस्यबैठकलाईअगाडिबढाउनस हयोगगरौँ।

आसन ग्रहणगरौँमाननीयसदस्यहरू,आसन ग्रहणगरौँमाननीयसदस्यहरू,आसन ग्रहणगरेरसहयोगगरौँमाननीयसदस्यहरू,

माननीयसदस्यहरूअबयोबैठक२०७८सालअसार१३गतेआइतवारदिउसो२बजेसम्मकोलागिस्थ गितहुन्छ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८ असार १३ गते
आइतवार
(बैठक संख्या-१३)

राष्ट्रिय धुन,

**माननीयमाननीय सभामुखः**-माननीयसदस्यहरूकर्णालीप्रदेश सभाकोआठौंअधिवेशनकोतेह्रौंबैठककोकारवाहीप्रारम्भहुन्छ। केहोमाननीयसदस्यहरू। एकजना माननीयसदस्यबोलौं।

**माननीय श्री यामलालकँडेलः**- माननीयसभामुखमहोदय२४गतेदेखियोसदनचलिरहेकोछ। २४गतेदेखिनिरन्तररूपलेसमयक्रममाहामीलेजिम्मेवारीवोधकासाथसभामुखमार्फतयोसभाकोगम्भीरतापूर्वकध्यानाकर्षणगर्नेकोसिसगरिरहेकाछौं। समयकाचापलेकानूनीबाध्यताकाहिसाबलेआफ्नाविषयहरूयथावतहुँदाहुँदैपनि प्रदेश सभाकोसंरचनालाईपनिख्यालनगरीकनकतिपयकाममाहाम्रोतर्फबाटउहाँहरूलाईकस्तोलागेकोछसभामुखमहोदय,हाम्रोतर्फबाटप्रमुखपतिपक्षीदलभएकानातालेआफ्नाविषयहरूपनिउठाउनुपर्नेछ। आफूलेप्रतिनिधित्वगर्नेजनताकाभावनाकोपनिप्रतिनिधित्वगर्नुपर्नेछ। सम्बन्धितपक्षजिम्मेवारनभएपछिआफैंजिम्मेवारबनेरपनिकतिपयकाकामहरूअघिबढाउनेकुरामासहयोगभएकैभन्नेहामीलाईलागिरहेकोछ। सम्बन्धितलाईकेलागिरहेकोछत्योउहाँहरूलेजान्नेकुराहो। विषयत्यतिबेलादेखिनैउठाइरहेकोछ। एकगतेबजेटआयोएकगतेनैनीतितथाकार्यक्रममाथिकोछलफलसकियो। कार्यसूचीहेर्दायोबजेटअधिवेशनहोजस्तोतलाग्दैन। विषयबाटपनिथाहाहुन्छ। प्राथमिकताकाविषयहरूकेहुन्। एकगतेबाटएकैचोटि९गतेमात्रैसभाचलेकोजस्तोलाग्छ। आजसभाचल्नगइरहेकोछ। सदनमासबैकोभूमिकाहुन्छनैसभामुखमहोदययसमरमरहेकोदलजानकारनैछतरदेखिएकासमस्याहरूसमाधानगर्नकानिम्तिकसलेपहलकदमीलिनुपर्नेहो। त्योथाहाछैनसमयक्रममाकतिपयसार्वजनिकमिडियाबाटकतिपयअर्तीउपदेशहरूपनिसुनिरहेकोछुसभामुखमहोदय,यहींपनिमाननीयसदस्यहरूबाटसुनिरहेकोछु। कतिपयराम्राकुरासिक्नकोलागिकुनैपनिगाह्रोअप्ठ्यारोछैन। सभामुखमहोदय, देशमाआ-आफ्नैप्रचलनचलाइरहेकैअवस्थाछराष्ट्रियराजनीतिमापनिसमयबित्दैजाँदानयाँनयाँतरङ्गकाघटनाहरूघटिरहेकाछन्।

हामीप्रादेशिकअनुभवमागएकाकारणलेराम्राकुराहरूबाटसिक्नेकुराहो। कतिपयराम्राकुराहरूआफ्नोप्रदेशबाटलागुगरेरगएपनि केही बिग्रिदैनभन्नेमान्यतामानेकपाएमालेविश्वासगर्छ। त्यसअनुसारभूमिकाखेल्नुपर्नेहुन्छ। भन्नेमलाई

लाग्छसभामुखमहोदय, तरहामीलेजेकुराउठाइरहेकाछौं। त्योकुनैहाँसोठट्टाकानिम्तिहोइन। हामीलेजेकुराउठाइरहेकाछौंहामीलेजेसंविधानप्राप्तगरेकाछौंत्योसंविधानलेत्योसंविधानलेजेसंरचना निर्माणगरेकोछहामीजुनठाउँमाप्रतिनिधित्वगरेरयोसभामाआएकाछौं। यसकोमर्यादाबढाऔंकुनै ठाउँमामर्यादामाथितलबितलभयोहोला। कतिपयमैरहेकैपार्टीपनिजोडिएकोहोला कोही अरुपार्टीपनिजोडिएकाहोलान्तरहामीरहेकोठाउँमामर्यादापूर्वकरूपमाअघिबढौंभनेरसोचेरनैहामीलेकतिपयकुराहरूअघिबढाएकाछौंसभामुखमहोदय,तरमत्यस्तोदेखिरहेकोछैन। यदियसलाई कोही

कसैलेअन्यठाठान्नुभएकोछभनेमैलेयद्दपिअहिलेनेपालीराजनीतिमानाफानोक्सानकोराजनीतिगर्नेहरूधेरैखेलाडीहरूपनिहुनुहुन्छ।

सबैनाफानोक्सानमाहेर्नेगरीयोराजनीतिकअभियानामालागेकोहोभन्नेमलाईलाग्दैनसभामुखमहोदयत्यसकारणलेहामीनाफानोक्सानकाहिसाबलेयीकुराहरूउठाइरहेकाछैनौं। हामीएउटा मूल्यएउटामान्यताकतिसंरक्षणगर्नसकिन्छकतित्यसकाआधारमाबढ्नसकिन्छभन्नेमान्यताका आधारमाकुराउठाइरहेकाछौंतरदेखा देखि

हाम्रामान्यताप्रतिहामीलेल्याएकोबहुदलीयव्यवस्थाप्रतिप्रश्नउठ्नेगरीप्रश्नहरूउठिरहेकाछन्। प्रश्नहरूउठिरहेकाछन्सभामुखमहोदय,यस्तोअवस्थामामैले केही

प्रश्नहरूसभासमक्षसभामुखमार्फतराख्नचाहन्छु। हामीकुनमूल्यरमान्यतामाअघिबढ्नचाहन्छौंठीकछ

। अहिलेकैमूल्यरमान्यतामाजानेकुराहोभनेत्यसलाईकसरीअघिबढाउनसकिन्छत्योगराउनसकिनेअवस्थारहन्छसभामुखमहोदय,२७गतेभन्दाअगाडियोप्रदेशकोसंरचनाएउटाथियोसभामुखमहोदय,२७गतेसर्वोच्चअदालतलेजेफैसलागऱ्योत्यसपछियोप्रदेश

सभाकोसंरचनाबदलियो। त्यो२७गतेकोत्योगर्नेनिम्तिएमालेगएकोहैनसभामुखमहोदय,मसभामुखमहोदयमार्फतभन्नचाहन्छु। वैशाख३गतेप्रदेश

सभाभित्रजेघटनादेखापऱ्योदलीयव्यवस्थामा,नेकपाएमालेलेएउटामान्यताराख्थ्योतरत्योमान्यता विपरीतनेकपाएमालेकै केही

माननीयसदस्यहरूलेकामकारवाहीगरिसकेपछिनेकपाएमालेलेउनीहरूलाईसाधारणवासदस्यताबाटैहटाएकोरस्वयम्त्यसकोजानकारीमाननीयसभामुखलेगर्नुभएकालेसुनाईराख्नुपर्दैन। होहामी शक्तिपृथकीकरणमाविश्वासगर्नेपार्टीभएकालेउहाँहरूलाईत्योअनन्यलाग्योहोलासम्बन्धितठाउँमाजानुभयो। २७गतेअदालतलेदुईवटाफैसलागऱ्यो। जुनकुरासभामुखमार्फतहामीसबैलाईसुनाउनेकुराभएपनिमयहाँ फेरि

दोहोऱ्याएरकेसुनाउनुभएछत्योसबैलाईस्मरणहोस्भनेरसुनाउनेजमर्कोगर्नगइरहेकोछु। सम्बन्धितव्यक्तिलेअन्यायपऱ्यो,न्यायपाउनुपऱ्योभन्यो ती

मध्येचारजनामध्येएकजनाएमालेकोदलकोसदस्यबन्नुभएकोछ। तीन

जनाव्यक्तिसर्वोच्चलेएमालेबनाएकोछतरयोसभाभित्रहामीलेकुराउठाउँदैजानेकुराउठाएवापतचुनौतीदिनेगरीमैलेबोल्दाबोल्दैव्यक्तिहरूप्रवेशगरीराख्नुभएकोछ। यद्दपिसरोकारवालाहरूसँग

छलफलगरेरसल्लाहलेनैगरेरयोठाउँमापुग्नुभयोहोलाभन्नेमअनुमानलगाउनसक्छु । उहाँहरू त्यही बाटोरोज्नुभाकोहोभनेपनिमेरोभन्नु केही छैनतरमसभामुखज्यूमार्फतभन्नचाहन्छुरअनुरोधगर्नचाहन्छु । सभामुखज्यूलेस्वाभाविकरूपमा त्योनिर्णयलेएमालेकोसंसदीयदलप्रभावितहुन्थ्योत्योनिर्णयलेप्रदेश सभाप्रभावितहुन्थ्योनैसभामुखज्यूलेयस्तोकिनभन्नुभयो? मेरोभन्नुभनाइ केही छैन । अदालतलेत्योभनिसकेपछिपार्टीलेदललेत्योबाटोहिँड्नुपर्थ्योनैआफ्नाभनाइहरूमैले२८गते राखेकैथिए । त्यसपछि केही भनाइभएहामीन्यायालयलाई त्यही बाटोमार्फतआफ्नाकुराहरूराख्नेकुरागरेकैथिए ।

जसअनुसारनेकपाएमालेत्यसकाबारेमासर्वोच्चअदालतमान्यायलयमाआफ्नाकुराहरूद र्जगरिसकेकोअवस्थाछसभामुखमहोदयतरफैसलाकेहोलात्योआफ्नोठाउँमाछतरअन्तरिमआदेश भनेकोतत्कालप्रभावितपार्नकोलागिलागिएकोअवस्थाहोतरयोनिर्णययोसभाभित्रलागुहुन्छ कि हुँदैन । योसभाभित्रलागुगर्नेजिम्मेवारीभित्रहामीकोकोपर्छौं ?आजयोछलफलगराउनुपर्नेपरिदृश्यपरीअवस्थाकर्णालीप्रदेशमादेखापरेकोअवस्थाछ । सभामुख ज्यूले२-३१गतेयोसभालाईजानकारीगराउनेकुरामध्येएउटाबुँदामायस्तोभाषालेखिएकोजानकारीगराउँ छु । माननीयसदस्यहरूनेपालकम्युनिष्टपार्टीएमालेप्रदेश सभासंसदीयदलकोपत्रकोआधारमापदमुक्तभएकामाननीयप्रकाशज्वाला,माननीयअम्मरबहादुर थापा,कुर्मराजशाहीरमाननीयनन्दसिंहबुढासर्वोच्चअदालतबाटप्रदेश सभासचिवालयकर्णालीप्रदेशवीरेन्द्रनगरसुर्खेतमानामममाजारीभएकोअन्तरिमआदेशअनुसारमान नीयप्रकाशज्वाला,माननीयअम्मरबहादुरथापा,माननीयकुर्मराजशाहीरमाननीयनन्दसिंहबुढाकोने पालकम्युनिष्टपार्टीएमालेकोसंसदीयदलकोसमस्याकोहैसियतमाकर्णालीप्रदेश सभासदस्यरहेकोजानकारीगराउँछछुभनेरसभामुखज्यूलेजानकारीगराउनुभयो । योकेसुन्नकानि म्तिहोरसभामुखमहोदय,मैलेतयोसभामासभामुखलेभनिरहेकोकुरायसरीबुझिरहेकोछैन । तरयहाँ बसेपछित्यसकोव्यवहारबुझिन्छहाम्रोअभ्यासयस्तोकुराहो । योहामीलेउहाँहरूलाईएमालेबनाउन कोलागिअनुनयविनयगरेरसामेलगरेकोआदेशहैनसभामुखमहोदय,हामीयसलाईपालनागर्नतयार छौं । आफ्नाकुरान्यायलयमार्फतभन्नेनैछौंतरयोसभाभित्रमैलेसुरुदेखिनैभनिरहेकोथिए ।

आजपनिभन्नचाहन्छु,सभामुखज्यूलेकेसोच्नुहुन्छत्योसभामुखज्यूकोहोतरसभामुखज्यूले भनेजस्तोकेयोसभाकोआसनव्यवस्थात्यस्तोछ । प्रश्नउठाइरहेकाछन्बाहिरपनिसभाभित्रहैन,सम्ब न्धितसंस्थालेहोइन । स्वयम्झन्डाहल्लाउनेकतिपयमन्त्रीज्यूलेयस्तोभन्नुभयोभनेरमाननीयसदस्य हरूलेयीपनिभनिराख्नुभएकोछ,रकतिपयदेख्दाआफूलाईडयामोत्र्याटभन्नेयद्दपिनेपालीकाँग्रेसभ र्खरमात्रसरकारमासामेलभएकोछतरसुर्खेतमानेपालीकाँग्रेसमासम्बद्धपत्रकारक्षेत्रमालागेकामह त्वपूर्णपदीयजिम्मेवारीमारहनुभएकासाथीभाइहरूले तीन वर्ष देखिकेगरीराख्नुभएकोछत्योमैलेचर्चागर्नुपर्दैन । मैलेयसकारणलेत्योनामलिनुपर्नेपरिस्थितिनिर्मा

णभयोउहाँहरूलेभनिराख्नुभएकोछ । कुनप्रदेशहोलाजहाँएउटामात्रैप्रतिपक्षछ । सर्वोक्षणगरीरा ख्नुभएकोछतरउहाँहरूमित्रलाईकेथाहाछैनभनेजसकोहैसियतव्यक्तिकाहिसाबलेहामीलेसम्मान गरिरहेकाछौंतरसंसदभित्रएउटादललेदलप्राप्तगर्ननसकेकालाईआजउहाँहरूलेप्रतिपक्षदेखेरकति पयलेचर्चागरिरहेकोअवस्थाछ । केहामीअभ्यासत्यस्तोगर्नखोजेकोहो ।

मत्यसकारणलेसभामुखज्यूलाईअनुरोधरआग्रहगर्नचाहन्छु कि योसभाभित्रकर्णालीप्रदेश सभाभित्रएउटैदलसत्तापक्ष कि एउटैदलप्रतिपक्षजस्तोगरीचित्रणगर्नेहरूलेगरिराख्नुभएकोछत्यस्तैगर्नेगरीसभाचलाउनेहोसभामु खज्यूत्यसकारणलेअनुरोधरआग्रहगर्नचाहन्छुमयोबेतिथिपूर्णकुराकोउहाँहरूलाईअहिलेनैबसिरहे कोठाउँमाबस्नमनछभनेत्योबाटोलागेहुन्छतरसर्वोच्चअदालतलेदिएकोफैसलाअनुसारयोसभाच ल्नेकुराहोभनेयतापट्टिमध्यानाकर्षणगराउनचाहन्छुतरत्योअवस्थादेखिदैन । त्यसकारणलेमाननी यसभामुखमहोदयकितहामीलेचर्चाचलाउनुपर्‍योहामीयोसभाभित्रजोजहाँबसेपनिहुन्छयहाँदलीय व्यवस्थाछैन । यहाँअबनिर्दलीयचरित्रकाआधारबाटहामीलेव्यवहारगरेभयोयद्दपियोअभ्यासअन्य त्रपनिगर्नकोसिसगरिएकोअवस्थाछ ।

त्यसकारणलेसभामुखज्यूमार्फतमसबैकोध्यानाकर्षणकेगर्नचाहन्छुभन्दाहामीनेकपाएमा लेसंसदीयदललेसर्वोच्चअदालतलेगरेकोनिर्णयपार्टीकाहिसाबलेदलकाहिसाबलेअसहमतभएपनि निर्णयलाईससम्मानपर्यन्तगर्नेकुरागर्दाउहाँहरूत्योबाटोमाहिँड्नुभएकोछैन । हिँडिरहनुभएकोछैन रमअनुरोधगर्नचाहन्छुजोदलकोविधानसंसदसचिवालयमाजानकारीकालागिव्यवस्थागर्नेचलनछ । त्यसकारणलेआजकोसभाबाटकेदेखियोभन्दा कि स्वयम्सभामुखज्यूलेरुलिङगर्नुभएकोकुराकोव्यवस्थाअनुसारकोआसनव्यवस्थानभएकोप्रतिमग म्भीरतापूर्वकध्यानाकर्षणगराउनचाहन्छु । नम्बर२योसरकारसंविधानकोएकसय६८कोउपधारा दुईअनुसारबनेकोसरकारहो ।

यसकापुनर्गठनकाचरणहरूविभिन्नसमयमाभएहोलान्तरयोसरकारनेपालकोसंविधानको धाराएकसय६८कोउपधारा२अनुसारबनेकोसरकारहो । जुनसरकारमाएकवाएकभन्दा बढी दलहरूकोसमर्थनबाटयोधाराक्रियाशीलहुन्छसभामुखमहोदय,यद्दपियोसबैलाईथाहाछ । स्वय म्त्यसकोअभ्यासगरीरहीआउनुभएकोछतरपनिमैलेयसलाईचर्चागर्नुपर्नेआवश्यकठानेस्मरणगरा उनुपर्नेआवश्यकठाने । त्योयसमाभनिएकोछदुईभन्दा बढी मिलेरत्योसरकारबन्छ । त्यसमाव्यक्तिकोसमर्थनहैनयसमादलकोसमर्थनचाहिन्छसभामुखमहोद य,अबसंविधानकोकार्यान्वयनगर्नेस्वयम्सरकारप्रमुखतयारनहुनेहोभनेहुनतहामीलेसरकारप्रमुख यस्तोपनिपायौं । कसैलेनेपालबन्दआह्वानगर्‍योभनेमन्त्रीकोजुलुसलिएरनेपालबन्दगराउँदैहिँड्ने त्यस्तोपौरखीसरकारकोनेतृत्वप्राप्तगरेकोप्रदेशहोयो । त्यसबाटआशाअपेक्षागर्नेकुराहरूतअलिधे रैनैहोलानैपनि फेरि एउटाजिम्मेवारीमारहेकाकारणलेजिम्मेवारीबोधकाकारणलेगर्दासम्बन्धितव्यक्तिलाईसंस्थालाई ध्यानाकर्षणगराउनुपर्नेहाम्रोकतर्व्यहुन्छसभामुखमहोदय ।

कुनैएकव्यक्तिकोएकछिनकोव्यवहारहेरेरउसकोटिप्पणीहेरेरत्योसंस्थाप्रतितितोधारणा बनाउनुपर्छभन्नेमलाईलाग्दैन। म फेरि पनिस्मरणगराउनचाहन्छुमैलेअस्तिपनिभनेकोथिएव्यक्तिटिपेरयोसंविधानकोधाराअनुसारसरकारबनाउनेअधिकारकोहीकसैलाईछैनतरभइरहेकोछकर्णालीप्रदेशमा। कोहीकसैलाईछैनयद्दपि आजआउँदामैलेखोजेसभामुखमहोदय,हाम्रोदुरीपनिनजिकैछ । धेरैटाढाछैन। प्रदेशप्रमुखकोकार्यालय,मुख्यमन्त्रीकोकार्यालय,प्रदेशसचिवालयकार्यालयधेरै टाढाछैनसभामुखमहोदय,तरयोसचिवालयमाअभिलेखहरूखोज्नकानिम्ति केही मेहेनतगर्नुपर्नेअवस्थारहेछ। बुझ्दैजाँदाकतिपयअवस्थामासम्बन्धितलेखोजेरल्याउनुपर्नेअवस्था रहेछ। त्यसलाईसुधारगर्नुपर्नेआफ्नोठाउँमातछँदैछसभामुखमहोदय,

तरअभिलेखहेर्दा, विचारहेर्दा खेरि एउटाअभिलेखपाउनकानिम्तिपनिअलिसमयखर्चिनुपर्नेअवस्थारव्यवस्थाकाबीचमाहामीले तीन वर्ष बिताइसकेकाछौँसभामुखमहोदय,मअनुरोधरआग्रहगर्नचाहन्छु । योनिर्दलीयव्यवस्थाकोअवस्थाकायमगर्नखोजेकोहोहोइनभनेअस्तितमैलेनैतिकरूपमाकुरागरेकोथिए। कुरागर्दात्यसप्रतिकसैकोअसहमतिथिएन। मात्राजोडरकोडमाफरकथियोहोलासभामुख महोदय,तरआजमसंविधानकाहिसाबलेसंविधानमाव्यवस्थागरिएकोआधारबाटभन्नचाहन्छु । अनुरोधगर्नचाहन्छु,किनकिसर्वोच्चअदालतलेफैसलागरेकाआधारबाटहेर्दायोसूचीमासभामुख लेघोषणगर्नुभएकामाननीयसदस्यहरूकोनामपनियोसरकारकोसूचीमाछ। त्यसोहोभनेनेकपाएमालेलेसमर्थनगरेकोचीठीउहाँकासाथमापक्कैपनिहुनुपर्छछभनेमलाईलाग्छनहुँदातयस्तोछभएकोभए उहिल्यैतीनस्टेपनाघेरत्योचिठीआईपुग्यो। संविधानमाभएकोव्यवस्थाअनुरूपकामगरिरहेकोअवस्था। सर्वोच्चअदालतलेनिर्णयगरेकोफैसलाकाविरुद्धकामगरिरहेकोएउटाअवस्थास्वयम्सभामुखलेगर्नुभएकोसभालाईजानकारीगराउनुभएकोव्यवस्थाकोअवस्थाकायमगरेरअगाडिबढ्नेप्रयत्नगर्दा१गतेफराकिलोदृष्टिकोणगर्नेकुराअलिगलतगरिए छ कि भन्नेसमीक्षाकोकुरागर्नेठाउँमानेकपाएमालेसंसदीयदलपुगेकोछ। कुनैमनोगतचाहनाकाआधारबाटहोइनयो। त्यसकारणलेमसभामुखज्यूलाईअनुरोधगर्नचाहन्छु।

सभाभित्रकोशासनसुव्यवस्थाभनिदिनेहो कि कायमगर्नेकसकोजिम्मेवारीहोत्यसमानेकपाएमालेसंसदीयदलकोजिम्मेवारीकतिपर्छत्योबोक्नतयारछ। कसकोजिम्माहोमसभामुखमार्फतभन्नचाहन्छु। योसंविधानकोपरिपालनागर्नेकर्णालीप्रदेशमाहोको ?यदिजिम्मेवारीलेकानूनमान्नुपर्दैनभनेसंविधानमान्नुपर्दैनभनेमैलेधेरैकुराभन्दैन। उहाँहरूभर्खरभर्खरलोकतान्त्रिकव्यवस्थासामेलभएकोहुनालेमैलेत्यसलाईसकारात्मकठानेको छु। सकारात्मकरूपमाठानेकोछु। पृष्ठभागमासम्झनेहोभनेतधेरैकुराभन्नुपर्नेहोतरमत्यताभन्नजान चाहदैनरमभन्नपनिचाहदैनस्वयम्उहाँहरूलाईसम्झाउनपनिचाहन्नँकिनकिउहाँहरूलाईत्योबाटो स्वयम्लेगलतभनेरलोकतान्त्रिकअभ्यासमासामेलभएकाहरूलाईकतिपयकुरामिलेपनिनमिलेपनि यहीँलोकतान्त्रिकअभ्यासमासामेलगराएरअघिबढ्नुनैहामीसबैकोहितहुन्छभन्नेमैलेबुझिरहेकोछु

तरत्योबुझेकोकुरागर्दाथाहापाईथाहापाईपनिसंविधानविपरीतचल्नेकुराकोसमर्थनगर्नसकिदैनस भामुखमहोदय।

दलीयव्यवस्थाकोआचरणरव्यवस्थाविरुद्धकोकामकारवाहीलाईसमर्थनगर्नसकिदैनस भामुखमहोदय, त्यसकारणलेमअनुरोधरआग्रहगर्नचाहन्छु। कि बजेटएकगतेप्रस्तुतभयोआजहामीछलफलचलाईराखेकाछौँकार्यसूचीहेऱ्योभनेत्योबजेटल्याएको कुनैझल्कोनदेखिनेगरीकार्यसूचीहामीलेहातमाबोकिरहेकाछौँ। त्योपनितपसिलकोविषयबन्योतर मआजसंविधानलेव्यवस्थागरेअनुसरदलीयव्यवस्थालेगरेकोअनुसारसभामामाननीयसमाखुमलेस भालाईजानकारीगराएकाविषयकाआधारमारसर्वोच्चअदालतलेसंसदीयदलरसंसदीयदलकोनेता भएकानाममामेरानाममापनिप्राप्तभएकोअन्तरिमआदेशविपरीतजेकामकारवाहीहरूकर्णालीमाक र्णालीप्रदेशसरकारमातथियोनैतरआजप्रदेश सभामापनिप्रकटभएकोअवस्थाछ। अबसबैसंविधानविपरीतकुराकहानीगर्नेहामीलेबनाएकोनिय मावलीकामगर्नेकुराहोभनेतमाननीयसभामुखमहोदय,अरुलेत्योबाटोसमाउनुभयोभनेरनेकपाएमा लेत्योबाटोतसमाउँदैन। त्योबाटोमातछैननैहामीहामीलेनैहिँडेकोबाटोमाअरुलाईपनिहिँडाउनेको सिसगछौँनैतरत्यसोगर्दाकर्णालीप्रदेशमामात्रहैनदेशैँभरिरहेकोएमालेलाईदेख्दैसंगतगर्नेहरूयहाँप निअछुतोनभइरहेकैएउटाअवस्थाछ। हुनतआफूलाईस्वघोषितगणतन्त्रकोनायकभन्नेहरूलेआ फ्नाअसफलताहरूलाईढाकछोपगर्नकानिम्तिसमकक्षीलाईअवमूल्यनगर्नकानिम्तित्योभन्दातफ लानोनैआस्थावानरमर्यादाथियोभनेरभनिरहेकोअवस्थामैलेधेरैचर्चागर्नुपर्नेजरुरीनैछैन। उहाँहरूप्र तिशोधकोराजनीतिगर्दाकहाँसम्मपुग्नुहुन्छ । कसकसकोहारगुहारगर्नुहुन्छ। त्योपरकोकुराहोतरनेकपाएमालेप्रतिशोधकोराजनीतिमाछैन त्यसकारणलेम फेरि पनिअनुरोधगर्नचाहन्छु। दलीयव्यवस्थामाआचरणविपरीतकामगरेकाकारणलेगर्दाभिन्नअप्ठ्यारो छैन। हामीलेसर्वोच्चअदालतकोफैसलाउहाँहरूलई तीन वटाबैठकमाआमन्त्रणगर्नेकोसिसगऱ्यौं। किन कित्यसमाबारेमापनिभ्रमसिर्जनागरिएकोछ। यहीँसभामुखमार्फतभन्नचाहन्छु। हामीलेआमन्त्रण गरौं। कागजमिलाउने,मुद्दामामिलागर्नेस्वयम्आफ्नोबैठकमाउपस्थितभएर तीन गतेकोबैठकमामसँगसँगैबसेकोमान्छेउफ्रिएरउताजानेकुरातथाहानैथिएनभनेरभन्नेहरूलाईधेरैभ न्नु केही छैनतरहामीलेहाम्रोतर्फबाटहामीलेप्रयत्नगरौँएकगतेबैठकबोलाइयो४गतेबैठकबोलाइयो८गते बैठकबोलाइयो। तीन मध्येएकआउनुभयो,सभामापनिउपस्थितहुनुभयोहामीलेदेखेकोएउटाअवस्थाछतरसर्वोच्चअदाल तलेनेकपाएमालेबनाएकाहरूलाईएमालेबन्नस्वयम्उहाँलेचाहनुभएकोहोइनभनेकिननिवेदनहाले कोहैनउहाँएमालेबन्नचाहेकोहोभनेबाँकीबन्ननदिएकोहोभनेत्यस्तोपनिदेखिदैन ।

तरम फेरि पनिभन्नचाहन्छुयोसभालाईबाँकीकाममर्यादिततरिकालेअघिबढाउनेहोभनेनेकपाएमालेमिल्नेहाल तसम्मसहयोगगर्नतयारछतरदलीयआचरण, संविधानकोव्यवस्थाविपरीत,दलीयअनुशासनविप रीतवितण्डामच्चाउनेगरीकोहीकृतेकामगर्छभनेत्यसलाईसमर्थनगर्नसकिदैन। त्यसलाईसहयोग गर्नसकिदैन। त्यसलाईस्वीकारगर्नसकिदैनसभामुखमहोदय,त्यसकारणलेमअनुरोधगर्नचाहन्छुर भन्नचाहन्छु कि योसभाभित्रकोसबैकोसहयोगचाहिन्छसबैकोनतृत्वमाननीयसभामुखज्यूहुनुहुन्छनै। गरीरहनुभए कैछतरयोकुनैदुईवा तीन पक्षकोकुराहोइनमाननीयसभामुखमहोदय,योसभाभित्रकोकुराहोत्यसकारणलेमअनुरोधरआग्रह गर्नचाहन्छु। केभन्दास्वयम्सभामुखज्यूलेजारीरहेकोजानकारीवारुलिङविपरीत, नेपालकोसंविधा नकोएकसय६८कोउपधारादुईकोविपरीत,दलीयआचरणरअनुशासनकोविपरीत,त्यसलाईप्रश्रय दिनेगरीप्रदेशसरकारअघिबढेकाकारणलेगर्दायोप्रदेश सभाकोबाँकीकारवाहीलाईसहयोगगरेरसञ्चालनगर्नेकुरामानेकपाएमालेसंसदीयदलअसमर्थरहे कोकुराजानकारीगराउँदैखालीभन्नकानिम्तिहैनमअनुरोधगर्नचाहन्छुआगामीदिनमाजेअवस्थादे खिएकोछ।

त्योअवस्थालाईसमाधानगर्नेकुरामासभामुखकोसक्रियभूमिकारहनेछ। सम्बद्धनिकायको पनित्यसमागम्भीरतापूर्वकध्यानगएछभनेहाम्रोठाउँबाटकर्णालीकाविकासरसमृद्धिकानिम्तिछल फलगर्नेकुरामासहयोगहुन्छसभामुखमहोदयमआजबजेटमाधेरैप्रवेशनैगर्नचाहन्नँसभामुखमहोदय । किन कि त्योविषयनेकपाएमालेकालागिमहत्त्वपूर्णबनेपनिप्राथमिकताबनेकैछैन। किन कित्यसकोसैद्धान्तिकछलफलनचल्दैबजेटततलतलगइसक्योसभामुखमहोदय, योसरकारयोस भाकोमर्यादाराख्नकतिहोसियारछकसरीअगाडिबढ्नुपर्छ। त्योथाहाछैनगइसक्योसभामुखमहोदय, त्यसकोबारेमाछलफलगर्नेपरिस्थितिबनेछभनेत्यतिबेलै बनौंलातरमभन्नचाहन्छुयोसभाकोमर्यादालाईअवमूल्यनगर्नेगरीयोसभाबाटगुर्जिनपर्नेकुरालाईधैर्य नगरीकनप्रस्तुतगरेकाबजेटहरूकार्यान्वयनतहमापुग्नेगरीसम्प्रेषितगरेकोएउटाअवस्थाछभन्नत पछिभन्नुहोलायोतप्राविधिकमिस्टेकहो।

योकसैबाटगरेकोकुराहोलाहुनतअब बढी भयोभन्नुहोलामैलेविगतमापनिएउटाशब्दप्रयोगगरेकैथिएयोप्रदेशसरकारनेपालकोसंविधानअनुसा रहैनहिजोकोजनसत्ताकोरूपमाचलाइएकोसरकारकारूपमाचलाउनअभ्यस्तभएकासाथीहरूलाई पासतभइहाल्योनीयोसभामाकिनपर्खिनेजनताखुसीभइहाल्छन्भनेरपठाउनेकुरामाअभ्यस्तभएको साथीहरूसरकारभएकाकारणलेगर्नुभएकोमाजेसिक्नुभएकोछयोछलफलमाजानेकुरातउहाँहरू लाईगाह्रोरअप्ठ्यारोकोकुराहोत्योआफ्नोठाउँमाछ। अबहामीलेयोकुराउठाइरहेकोबेलामासम्बो धननगरेरअर्कोबाटोहिँड्नेकुराहरूपनिखासखुससुनिरहेकोछु। त्योराम्रैलाग्छभनेगर्दा केही बिग्रिदैनहामीलेआफ्नोठाउँबाटआफ्नाभूमिकाखेलौंलातर फेरि

पनिभन्नचाहन्छौंहामीयोसभाकोमर्यादाबढाउनेगरीहामीलेयीकुराउठाइरहेकाछौं। त्यसकारणले विनम्रतापूर्वकअनुरोधरआग्रहगर्नचाहन्छुयस्तोअवस्थामासभाकोकामकारवाहीजेसूचीछत्यसअनुसारअगाडिबढ्ननसक्नेकुरामाननीयसभामुखलाईजानकारीगराउनचाहन्छु,धन्यवाद।

**माननीयमाननीय सभामुखः-** सधैंयसरीअवरुद्धगर्नुभएनमाननीयसदस्यहरूआसनग्रहणगरेरसहयोगगरौं। आसनग्रहणगरौंमाननीयसदस्यहरू,बैठकअगाडिबढाउनसहयोगगर्नुनमाननीयसदस्यहरू,असानग्रहणगरेरसहयोगगर्नुस। माननीयसदस्यलेउठाउनुभएकोविषयलाईप्रदेश सभाकोविषयनबनाऔंमाननीयसदस्यबसेरसहयोगगर्नुस्।

**माननीय श्री यामलालकँडेलः-** माननीयसभामुखमहोदय,हामीसभामुखलाईसहयोगगर्नतयारछौं। जबयोगम्भीरतापूर्वकप्रदेश सभामाविषयगराउँदास्वयम्सभामुखलाईप्रदेश सभाकोविषयलाग्दैनभनेमाननीयसभामुखमहोदयहामीजाने कहाँ। हामीसहयोगगर्नतयारछौंजसलेव्यवस्थाबिगारीरहेकोछ, जसलेप्रश्नचिन्हखडागरिरहेकोछ त्यतापट्टिमाननीयसभामुखकोध्यानजाँदासभाचलाउनेकुरामाध्यानजानसक्छयद्दपियोमाननीयसभामुखकोकुराहो। मैलेत्यसमा केही थपभन्नचाहन्नँरस्वयम्मैलेअघिनैभनेतपाईंले३१गतेगर्नुभएकोजानकारीतपाईंलाईताजास्मरणछ। त्योनेकपाएमालेसंसदीयदलसँग सम्बन्धितछ कि सभामुखज्यूलेभनिदिनपर्‍योत्यहाँबाटहामीयस्तोअभ्यासगरौंकर्णालीमाएउटैपार्टीसत्तापक्षपनिहुनेव्यवस्थागरियोप्रतिपक्षपनिहुनेव्यवस्थागरियोस्पासगरौंत्यसमानेकपाएमालेसहमतअसहमतआफ्नोठाउँमाहोला। त्यसकारणलेमअनुरोधगर्नचाहन्छु। हामीसहयोगगर्नतयारछौंतरयोसभाभित्रकोअव्यवस्थाजसलेप्रश्नउठिरहेकोछहामीलेबुझिनेगरीभनिरहेकाछौं। मलाईलाग्छमैलेभनेकोभाषानबुझ्नेअवस्थाहोलाजस्तोलाग्दैन। हाम्रोदलबाटभनेकोबुझिनेगरीभनेकोप्रतिध्यानजानसक्योहाम्रोसहयोगरहन्छसभामुखज्यूधन्यवाद।

**माननीयमाननीय सभामुखः**माननीयसदस्यलेउठाउनुभएकोकुरासंवेदनशीलहोमैलेपटकपटकमाननीयसदस्यहरूलाईनिवेदनगरेकोछु। भनेकोछुयोविषयमाननीयसदस्यसम्मिलितदलकोआफ्नैरमाननीयसदस्यसम्मिलितदलरसरकारकोअन्तरसम्बन्धितविषयबनाउँयसलाईसभाकोविषयनबनाऔंभनेकोहो। मैलेखालीमाननीयसदस्यलाईआग्रहगरेकोहो। विषयगम्भीरछैनभन्नखोजेकोहोइन।

**माननीय श्री यामलालकँडेलः-**मेरोचाहनासभामुखसँग यस्तोनगरौंभन्नेनैछ। त्यसकारणहामीएकपटकबोलेरसभामुखज्यूकाकुराधैर्यतापूर्वकसुनिरहेकाछौंतरअहिलेसभामुखज्यूलेभन्नुभयो। योसंसदयस्तोठाउँहोजहाँदलरसरकारभेटिनेठाउँहो। योसंसदकसरीपन्छिनसक्छ। व्यवस्था

पिकारकार्यपालिकाकोजमघटहुनेथलोसंसदहोसभामुखमहोदय,योविषयमातपाईंमभन्दा बढी जानकारहुनुहुन्छकिनकितपाईंनेतृत्वदायीभूमिकामाहुनुहुन्छ। त्यसकारणम फेरि पनिविनम्रतापूर्वकअनुरोधरआग्रहगर्नचाहन्छु। कि योसभासरकारसँग पनिजोडिएकोछमरहेकोदलसँग पनिजोडिएकोअवस्थाछत्यसकारणलेतयोसभामाविषयलेअपैचारिकरूपमाप्रवेशगरिसकेपछिय सबाटसभापन्छिनहुन्छभनेपनि केही छैन। मेरोतरमेरोरदलकोतर्फबाटध्यानाकर्षणकेगराउनचाहन्छुभन्दा खेरि प्रदेश सभायस्तोसंगमथलोहोजहाँकार्यपालिकारव्यवस्थापीकाकोवर्षमादुईपटकभेटघाटहुन्छसभामु खमहोदय। यसकाबारेमाछलफलहुन्छत्यसकारणमसबैलाईप्रारम्भदेखिगम्भीरतापूर्वकध्याना कर्षणगराउनेकुरागरिरहेकोछु।

प्रश्नउठाइराछस्वयम्सभामुखज्यूकोजानकारीविपरीतसर्वोच्चअदालतकोफैसलाविपरी त, संविधानकोमर्मविपरीतजससरकारयोसदनमाप्रस्तुतहुन्छभनेहामीलेयोआफ्नाकुराहरूसभा मानराखेरकेपिपलचौतारीरोज्नेबेलाभयोरसभामुखमहोदय,नेकपाएमालेकोदृष्टिकोणमात्यस्तोअ वस्थाछैन। त्यसकारणलेम फेरि पनिभन्नचाहन्छुपटकपटकहाम्रोतर्फबाटसहयोगगर्नतयारछौंतरपटकपटकबोलाउनुकुराहोला केही नयाँकुराआइहाल्छ कि भन्नेहोला। सभामुखमहोदय,त्यसलाईमसम्मानगर्नचाहन्छुतरमदलकोतर्फबाटभन्नचाहन्छुहाम्राकुराबुझि नेगरीसबैलाईभनेकाछौंयहींआधारबाटदललाईबुझन्विनम्रतापूर्वकअनुरोधगर्दछुधन्यवाद।

**माननीयसभामुखः-**

माननीयसदस्यलेसभामाकुराराख्नपाइँदैनभनेकोहोइनकुराराख्नपाइन्छ। कुराराख्नुपर्छरआपसमा अन्तरसम्बन्धितबनाएरजाऔंभन्नेआग्रहमात्रैहोमाननीयसदस्य।

आसन ग्रहणगरेरसहयोगगरौंमाननीयसदस्यबैठकसञ्चालनगरौं।

सहयोगगरौंमाननीय सदस्यहरूआसनग्रहणगरौं।

माननीयसदस्यहरूअबयोबैठक२०७८सालअसार१८गतेशुक्रवारदिउसो२बजेसम्मकोलागिस्थ गितहुन्छ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८असार१८ गते
शुक्रवार
(बैठक संख्या-१४)

राष्ट्रिय धुन,

**माननीयमाननीय सभामुखः-** माननीयसदस्यहरूकर्णालीप्रदेश सभाकोआठौंअधिवेशनकोबाह्रौंबैठककोकारवाहीप्रारम्भहुन्छ। केविषयमाहोलामाननीयहरू। के विषयहोएकजनामाननीयबोलौंअन्यमाननीयहरूआसनग्रहणगरौं।

**माननीय श्री देवीओलीः-** सम्माननीयसभामुखज्यूआजनेपालकोविभिन्नचरणमाभएकासंघर्ष,आन्दोलनकोउपलब्धिस्वरूपहामीयोप्रदेश सभामाउपस्थितछौं। योसभाकोगरिमाकायमगर्नहामीसबैजिम्मेवारनैछौं। आजयोसभालेकर्णालीवासीकासमस्याहरूसम्बोधनगर्नेचरणमाछ। बजेटअधिवेशननैहोयोकार्यसूचीहेर्दासभामुखमाहोदय,प्रतिवेदनहरू,विधेयकहरूमाथिछलफलगर्नुपर्नेपरिस्थितिसिर्जनाभएकोछ। आजसंविधानकार्यान्वयनगर्नेकुनैएउटामात्रैदलकोनिकायकोभूमिकावाजिम्मेवारीहैनजस्तोलाग्छसभामुखमहोदय,नेकपाएमालेलेनिरन्तरयोकुराउठाइरहेकोछ। योनेकपाएमालेकोमात्रैविषयहैनसंविधानकोकार्यन्यन, कानूनकोशासनकायमगर्नकोनिम्तिनिरन्तरराजनीतिकसहमतिकोदस्तावेजहोभन्नेकुरापनिस्वीकार्यमाआएकालेसभामुखमाहोदय,सभामावाचनभएकोनेकपाएमालेकाचारजनामाननीयसदस्यज्यूहरूजबसर्वोच्चबाटअन्तरिमआदेशजारीभएकोछ। त्योकुराकार्यान्वयनकिनहुनसकिरहेकोछैन।

आजहामीकानूनीव्यवस्थाएउटा, संवैधानिकव्यवस्थाएउटा, व्यवहारमाअरुअभ्यासगरिरहेकाछौंतरयोअभ्यासकर्णालीमामात्रैगर्नुपर्नेबाध्यताकिनसिर्जनाभइरहेकोछ। योकुराप्रतिगम्भीरध्यानाकर्षणगर्नचाहन्छु। जवरजस्तीनियमकानूनकोपालनागर्नुपर्नेकुनैएउटापार्टीकोमात्रैहैनभन्नेकुरापनियहाँराख्नचाहन्छु। सभामुखमहोदय,आजयोसंघीयसंरचना,संघीयप्रणालीमाविभिन्नप्रश्नहरूउठिरहेकाछन्, यहींबेलाहामीराजनीतिकदलहरूजिम्मेवारहुने कि नहुनेन्यायमूर्तीआजकुनैपनिनागरिकलेएउटाअन्यायपरेकोठाउँमाजाने,जुनन्यायलयन्यायमूर्तीलेदिएकोकुरापनिहामीउल्लंघनगरिरहेकाछौं। सभामुखमहोदययोकुराकोफेरबदलनहुँदासम्मकानूनकार्यान्वयननहुँदासम्मसभामावाचनगरेअनुसारकोव्यवस्थानहुँदासम्मनेकपाएमालेकर्णालीप्रदेशभादलयोसंसदकाकारवाहीअघिबढाउनसमर्थछैन। योकारवाहीअघिबढ्नसक्दैनसभामुखमहोदय,धन्यवाद।

**माननीयमाननीय सभामुखः**-आसन ग्रहणगरौंमाननीयसदस्यहरू,माननीयसदस्यहरूआसन ग्रहणगरेरबैठकसञ्चालनमासहयोगगरौं,आसन ग्रहणगरौंमाननीयसदस्यहरू, केबोल्नखोज्नुभएकोहोमाननीयसदस्य,अरुमाननीयहरूआसन ग्रहणगरौं।

**माननीय श्री दानसिंहपरियारः**-सभामुखमहोदय,आजहामीलामोसमयसम्मकर्णालीप्रदेशकोप्रदेशसभाकोबैठकअवरुद्धभइरहकोभन्नेआमकर्णालीकाजनताहरूलाईप्रभावभइरहेकोछ।मभन्नचाहन्छु कि सर्वप्रथमतयोबैठकएमालेकोकारणलेअवरुद्धभएकोहोइन।मआमकर्णालीकाजनतालाईसचेतगराउनचाहन्छु।आजहामीलेसिंगोकर्णालीकोसमृद्धिरपरिवर्तकोकुरागरिरहँदालोकतान्त्रिकव्यवस्थालाईसंस्थागतगरिरहँदानेकपाएमालेसंसदीयव्यवस्थासंविधारआमजनताकोजनजिविकारसामाजिकरूपान्तरणकोनेतृत्वकाकतिजवाफदेहिताभन्नेकुराहामीलेत्यसकोहामीलेत्यसकोचर्चापरिचर्चागरिरहनुपर्छभन्नेलाग्दैनमलाई।आजहामीलेकर्णालीप्रदेशमा केही नमुनाकामगऱ्यौं हिजोहामीसत्तामाथियौं।अहिलेहामीप्रतिपक्षमाछौंरहामीले केही नयाँनयाँअभ्यासकेअभ्यासगरौंहामीलेसरकारगठनगर्नकोलागिजस्तोसुकैसौदाबाजीगर्नेअभ्यासहामीलेकहाँबाटगरौंकर्णालीबाटसत्तारसत्तिकोलागिजस्तोसुकैगठबन्धनगर्नुपर्छभन्नेकुरापनिकर्णालीबाटगरौं।एउटाफरकअभ्यासभयोसायदएसियाकोपहिलोहोलाआफ्नैपाटीकाविरुद्धफ्लोक्रसगरेरभोटपनिहालौंहामीलेत्यसपछिहामीपीडितभयौंभनेर फेरि नेकपाएमालेफ्लोक्रसगरेकोभन्दैकारवाहीगऱ्यो।कारवाहीगरिसकेपछिहामीअन्यायमापऱ्यौंहामीएमालेनैहौंभनेरउहाँहरूलेसर्वोच्चमाआफैंरिटदिनुभयो।फेरि सर्वोच्चलेउहाँहरूलाईनेकपाएमालेबनाईदियो। फेरि स्वयम्सभामुखमहोदय,तपाईंआफैंलेनैउहाँहरूनेकपाएमालेहुन्भनेरघोषणागर्नुभयोरसंसदमानेकपाएमालेकासांसदहरूचारजनाभनिसकेपछिहामीलेकेअपेक्षागरेकाथियौंभनेनेकपाएमालेकोअवस्थाअबकर्णालीमानयाँसमीकरणसहितअघिबढ्योर ती मान्छेहरूआजसत्तामाछन्। ती मान्छेहरूएमालेकोविरुद्धमाछन्र ती मान्छेहरूलेसरकारकोनेतृत्वगरिरहेकाछन्रहामीहामीहेरीबसेकाछौंरकर्णालीकाआममानिसहरूहेरिरहेकाछन्।

योअभ्यासहामीलाईलज्जाबोधभएकोछकि कर्णालीमाकस्तोअभ्यासगर्दैछौं।हामीलेपीडितआफैंहौंभनिराखेकाछौंहामीले, हामीआफैंअदालत मागइरहेकाछौंअदालतलेउहाँहरूलाईएमालेबनाईदिएकोछ। फेरि एमालेबनाएपछि फेरि एमालेकाविरुद्धमाजुनगतिविधिभएरअहिलेकोयोपरिस्थितिनिर्माणभइरहेकोछरहामीलेआजकेभनिरहेकाछौंभनेहामीबजेटछलफलमाकेन्द्रितछैनौं।साँच्चीकैउहाँहरूएमालेहोभनेएमालेकोपक्षमारएमालेलेजुनमागहामीलेकेगरेका छौं

भनेसंविधानतरदलीयव्यवस्थाअन्तर्गतरहेररविधिरप्रक्रियाअनुसारजुनअभ्यासउहाँहरूलेमागगरिराख्नुभएकोछत्यो पूरा भइसकेपछिएमाले, नेकपाएमालेकोदलले

**माननीयमाननीय सभामुखः**-माननीयसदस्यलेबैठकसञ्चालनगर्नसहयोगगर्नुभएकोछ कि अवरुद्ध?

**माननीय श्री दानसिंहपरियारः**-हामीलेबैठकसञ्चालनगर्नहैन। बैठकसञ्चालनभइरहेकोछतरमैलेकेअपिलगरेंभनेबैठकहामीलेकिन अवरुद्धगरौं। त्यसकोएउटैकारणयोहोभनेदलीयव्यवस्थाभित्रएमालेहामीभइसकेपछिपनि फेरि सर्वोच्चलेगरेकोफैसलाकोपक्षमास्वयम्सभामुखमाहोदयलेजानकारीगराइसक्दापनि फेरि हामीत्योअवस्थानगइसकेपछिनेकपाएमालेलेयसकोविषयमाप्रश्नउठायौंअबहामीदलभित्र, सभाभित्र एमालेकोएमालेकोटोटलसंख्याकेहोरहामीकुनअवस्थामाछौंभिन्नेकुरात्यसकोजवाफदेहीनहुञ्जेलसम्मबैठकचल्ननदिनेभन्दैहामीदलकोतर्फबाटधारणाराख्दैआएकाछौं। लामोसमयसम्मयोअभ्यासपनिभइरहेकोछ। त्यसोभएकालेमसभामुखमहोदयलाईकेअपिलगर्नचाहन्छुभनेहामीलेसर्वोच्चअदालतलाईमानेरजुननिर्णयगर्छत्यसलाईस्वीकारेरहामीलेस्वयम्सभामुखलेगरेकोकुरालाईयसलाईसंस्थागतगरियोस्। योसंस्थागतनहुञ्जेलसम्मनेकपाएमालेयोदलीयव्यवस्थाआचरणरसंविधानकोमर्मविपरीतभएकोकामलाईहामीलेसंस्थागतनगर्नेकारणलेपनिहामीलेयोबैठकयोव्यवस्थास्वयम्सभामुखलेव्यवस्थानगरुञ्जेलसम्मकोलागिएमालेकोतर्फबाटसभामुखअवरुद्धगरिरहेकाछौं। सभामुखकोध्यानाकर्षणगराउनचाहन्छौं,धन्यवाद।

**माननीयमाननीय सभामुखः**-आसन ग्रहणगरौंमाननीयआफैंलाईकष्टनपुर्याऔं। सहयोगगरौंमाननीयसदस्यहरूधेरैबैठकअवरुद्धभइसकेकाछन्। असानग्रहणगरेरसहयोगगरौं। माननीयसदस्यहरूअबयोबैठक२०७८असार२४विहिवार दिउसो२बजेसम्मकोलागिस्थगितहुन्छ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८असार २४ गते
बिहिवार
(बैठक संख्या-१५)

राष्ट्रिय धुन,

**माननीयमाननीय सभामुखः**-माननीयसदस्यहरूकर्णालीप्रदेश सभाकोआठौंअधिवेशनकोपन्ध्रौंबैठककोकारवाहीप्रारम्भहुन्छ। केहोमाननीयसदस्यज्यूहरू। एक जनामाननीयबौलौंअन्यमाननीयहरूआसनग्रहणगरौं।

**माननीय श्री दलरावलः**- माननीयसभामुखमहोदयरोमजलिरहेछनियोबाँसुरीबजाइरहेछ। कर्णालीप्रदेशकोआफ्नोवैधतागुमाएकोसरकारबजेटजस्तोमहत्त्वपूर्णविषयबाटबेखवरछ। नेकपाएमालेलेलोकतान्त्रिकढंगलेवैधानिकढंगलेराजनीतिकढंगलेउठाएकोमुद्दालाईबेवास्तागरेरअगाडिबढिरहेकोछ। जनताकोप्रतिनिधिमूलकसार्वभौमसंसदलाईएकढंगलेबेवास्तागर्दैअघिबढिरहेकोछ। असारएकगतेप्रस्तुतभएकोबजेटआज२४गतेभइसक्दाअर्थातयोआर्थिकवर्षकोएकहप्तासम्ममात्रैबाँकीरहँदासम्मपनियोसरकारबजेटप्रतिउत्तरदायीछैन। जनताप्रतिउत्तरदायीछैनभन्नेप्रमाणराखिरहेकोछसभामुखमहोदय।

जसरीकिसानलाईयोअसारमहिनामहत्त्वपूर्णहुन्छअसारमाधानरोपेपनिकात्तिकमाभातखानपाइन्छसभामुखमहोदय,त्यसैगरीआर्थिकसामाजिकरूपान्तरणकानिम्ति,विकासकानिम्तिहाम्रोबजेटत्यतिकैमहत्त्वपूर्णहुन्छतरत्यतातिरसरकारकोध्यानछैन। लोकतन्त्रमाप्रश्नगर्नपाइन्छ। सभामुख महोदय, लोकतन्त्रभनेकोप्रश्नगर्नपाउनेव्यवस्थाहोर त्यही अन्तर्गतनेकपाएमालेलेसम्मानितसभामाआफ्नाराजनीतिकप्रश्नराखेकोछसभामुखमहोदय, नेकपाएमालेयसतर्फसचेतछयसलेवैधानिकढंगलेलोकतान्त्रिकढंगले,नैतिकढंगलेसम्मानितसभामाआफ्नाप्रश्नउठाउँदैआएकोछ। विशेषगरेरराजनीतिकप्रश्नहोयो। संवैधानिकप्रश्नपनिहोतरयसतर्फसरकारलेसुनुवाइगर्नसकेकोछैनसभामुखमहोदय,लोकतन्त्रभनेकोबहुमतलेअल्पमतमाथिशासनगर्नेप्रक्रियाहो। समामुखमहोदय,यहाँतकस्तोअप्ठ्यारोरउल्टोभन्नपनिलाजलाग्दोअवस्थाअल्पमतलेता कि नेकपाएमालेआजकादिनमायोप्रदेशसभामा२०सिटमाछ। ४०सिटमध्ये२०सिटनेकपाएमालेकोपक्षमाछभने१८सिटरहेकोविपक्षी२वटादलहरूलेसरकारसञ्चालनगरिरहेकाछन्। नैतिक,लोकतान्त्रिकरराजनीतिकरूपमारवैधानिकरूपमायोकत्तिकोसत्यहोसभामुखमहोदय।ममाननीयसभामुखमार्फतअहिलेकोसरकारलाईप्रश्नगर्नचाहन्छु।

मएउटायसैसँगैदाँजेरमाननीयसभामुखकोअनुमतिलेहाम्रोस्थानीयएउटाउखानछएउटाभालुकोकथाछसभामुखमहोदय,दुईजनाभेडापाल्नेकिसानहरूरैछन्सभामुखमहोदय,एकदिनभालुलेएउ

टाकोअलिअस्वस्थप्रतिस्पर्धागर्नेदुईजनारैछन्। दुवैजनामध्येएउटाकोगोठकोपाठाखाइदिएछ। कतिपयभेडालाईचिथोरिदिएछअरुलाईखाइदिएरमारिदिएछ। अर्कोभेडापालकलेआफ्नोभेडाकाटेरविजयउत्सवमनाएछसभामुखमहोदय,ताकिअर्काकोभेडाखाइदियोभनेरखुसीमनाएछपार्टीदिएछ। त्यही दिनैभेडाखाएकोपीडितकिसानलेभनेछयहाँखानेभालु त्यही तआउलाभनेछनभन्दैअर्कोकोगोठमागएरजसलेएकहप्ताअगाडिभोजपार्टीगरेकोथियोत्यसमोगएर त्योभन्दा बढी भेडामारिदिएछचिथोरीदिएछ। त्यसकारणलेयहाँखानेभालुलोकतन्त्रमात्यहाँपनिआउँछ। त्यसकारणलेसरकारपक्षकादलहरूविशेषगरीसचेतहुनआग्रहगर्नचाहन्छु।

स्वाभाविकरूपमाफलेकोवृक्षमाढुङ्गासबैलेहान्छन्सभामुखमहोदय, नेकपाएमालेमाथिआजदेशव्यापीरूपमाराष्ट्रियतथाअन्तर्राष्ट्रियशक्तिहरूलेढुङ्गाहान्नेगरेकाछन्। हामीलाईथाहाछनेकपाएमालेलेएउटामात्रैपूर्वपश्चिमराजमार्गमहेन्द्रबाटआजतीनतीन वटाराजमार्गसँगैसम्पन्नगर्दैछसभामुखमहोदय,मदनभण्डारीहाईवे,पुष्पलालहाईवे,तराईकोहुलाकीराजमार्गरमहेन्द्रराजमार्गलाईचारलेनकोबाटोबनाउँदैछ। यसर्थनेपालीजनताकोप्यारोपार्टीनेकपाएमालेमाथिढुङ्गाहानिदैछ। अपरकोशीजस्तोठूलोतमामहाइड्रोपावरनेपालीश्रमरनेपालीपुँजीबाटसम्पन्ननेकपाएमालेलेगर्दैछ। माधवनेपालप्रधानमन्त्रीहुँदा खेरियोजनाबनाइएको, झलनाथखनालप्रधानमन्त्रीहुँदाउद्घाटनगरिएको, कमरेडकेपीओलीप्रधानमन्त्रीहुँदासम्पन्नगरिएकायोजनाहरूतमामदेशकोअर्थतन्त्रकोविकासगर्नकानिमित्तराष्ट्रियपुँजीकोविकासगर्नकोनिमित्तनेकपाएमालेलेनेतृत्वगरेरथुप्रैयोजनाहरूआजअगाडिबढ्दैछन्। योदेशमाएउटामात्रैअन्तर्राष्ट्रियविमानस्थलथियोसभामुखमहोदय,आजतीनतीन वटाविमानस्थलहरूअबएक वर्षभित्रसुरुहुँदैछन्।

त्यतिमात्रैहैनसामाजिकसुरक्षाकाकामहरूलोकप्रियतपाईंको२०५१सालकोमानमोहनअधिकारीकोसरकारलेल्याएकोएकसयभत्ताबाटकेपीओलीकोपालासम्मपुग्दाचारहजार भत्ता चाहिँनेपालकावृद्धआमाबुवाकानिम्तिलोककल्याणकारीसामाजिकसुरक्षाकाकामहरूनेकपाएमालेलेल्याएकोछ। त्यही भएरआत्तिएरनेकपाएमालेकोवृक्षमाथिढुङ्गाहान्दैछन्सभामुखमहोदय,हामीलाईथाहाछयतिमात्रैहैनतमामआर्थिकविकासकाकामहरूलोककल्याणकारीशासनव्यवस्थालाईलोकतन्त्रलाईबलियोबनाउनेगरीनेकपाएमालेलेआफ्नाशासनप्रक्रियाहरूअघिबढाएकोछसभामुखमहोदय,यसतर्फराष्ट्रियरअन्तर्राष्ट्रियशक्तिहरूनेकपाएमालेलाईकसरीझार्नसक्छभनेरतमामढुङ्गाहान्नेप्रयत्नमाछन्। छुट्टाछुट्टैढुङ्गाहानेरत्योफलझरेनभनेरसबैढुङ्गाजम्मापारेरएउटैढुङ्गालिएरहान्नेप्रवृतिपनिअगाडिबढेकोछतरनेपालीजनतालेयस्तोलोकप्रियपार्टीलेल्याएकोकामदेखिप्रभावितछन्। कुनैपनिहालतले ती ढुङ्गाखोसेरढुङ्गाफलझर्नदिनेवालाछैनन्सभामुखमहोदय,त्योभएकोनातालेपनिआजनेकपाएमालेमाथियोप्रदेशमारदेशैभरीआक्रमणहुनेक्रमजारीछतरनेकपाएमालेजनताकोपार्टीलोकतन्त्रकोपर्यादारभएकोनतालेपनिनेकपाएमालेजनताकोमनमुटुमाछभन्नेकुराकोजगजाहेरमप्रस्तुतगर्नचाहन्छु।

सभामुखमहोदय,यसैगरीयोसरकारमानेपालीकाँग्रेसजस्तोलामोएउटालोकतन्त्रमासाँच्चैकोआफ्नोजीवनपद्धतिलाईपार्टीकोजीवनपद्धतिलाईलोकतान्त्रिकबनाएकोलोकतन्त्रमैमार्गदर्शकसिद्धान्तआदर्शबोकेकोनेपालीकाँग्रेसपनिआजसरकारमाछ। उसलेआफ्नोविधानमालेखेकोछसभामुखमहोदय, मैलेअध्ययनगरेकेलेख्ननेपालीकाँग्रेसभने२०७२माबहुलवादमाआधारितसंघीयलोकतान्त्रिकगणतन्त्रकोसंविधाननिर्माणगरीजारीगरेकोऐतिहासिककीर्तिमानमाथिगर्वगर्दैबहुदलवादमाआधारितसंघीयलोकतान्त्रिकगणतन्त्रमासंविधानकार्यान्यकोगौरवपूर्णइतिहासस्मरणगर्दैलोकतन्त्ररसमाजवादकाआदर्शलाईअङ्गीकारगरेरअगाडिबढ्छुभनेरनेपालीकाँग्रेसलेप्रतिबद्धताआफ्नोबारम्बारगरेकोछ। तरमदुःखकासाथभन्नचाहन्छुमेराआदरणीयनेतामाननीयज्यूहरूयहाँहुनुहुन्छ। नेपालकाँग्रेसजस्तोलोकतन्त्ररआदर्शबोकेकोपार्टीलेकर्णालीकोराजनीतिकप्रक्रियामाअगाडिबढ्नमिल्छसभामुखमहोदय,समीक्षागर्ने कि नगर्नेयदिलोकतन्त्रलाईसंस्थागतगर्नेहोभनेसांच्चैकोलोकतन्त्रलाईबलियोबनाउनेहोभनेएकडेढवर्षकोसरकारठूलो कि लोकतन्त्रठूलो, संघीयलोकतान्त्रिकगणतन्त्रात्मकनेपालबनाउनुठूलो कि संस्थागतगर्नुठूलो कि सरकारचलाउनेसमयठूलोत्यसअर्थमआग्रहगर्नचाहन्छुनेपालीकाँग्रेसजस्तोआदर्शबोकेकोपार्टीलाईलोकतन्त्रबलियोबनाउनतिरतपाईंहरूकोसाथरसहयोगचाहिन्छ।
त्यतातिरमआग्रहगर्नचाहन्छु। त्यसैगरीनेकपामाओवादीकेन्द्रपनिलोकतन्त्रतमासिनथाल्योविधिकोशासनसिद्धिनथाल्योभनेरबुढानिलकण्ठदेखियुवानिलकण्ठकुदेकोकुदेईछ।

यदिलोकतन्त्रमासिन्छभन्नेचिन्ताहोभनेयोप्रदेशकोलोकतन्त्रमास्नकिनलागेको ?योप्रदेशसभाभित्रकोलोकतन्त्रकिनसिध्याउनलागेकोसरकारकोनेतृत्वगरेकोनेकपामाओवादीयसतर्फसचेत हुने कि नहुनेसाँच्चैकोलोकतन्त्रीकपार्टीहोभनेयसतर्फध्यानदिने कि नदिनेमयोपनिआग्रहगर्नचाहन्छुसभामुखमहोदय,त्यसैगरीनेपालकोसंविधानकापृष्ठभूमिमा।

**माननीयमाननीय सभामुखः**-अलिछोटयाउनुहुन्छ कि माननीयसदस्य।

**माननीय श्री दलरावलः**-मअबछोट्याउँछुसभामुखमहोदय,त्यसैगरीतपाईंकोराजनीतिकदलसम्बन्धीव्यवस्थागरेको२सय६४को४(क)माकेस्पस्टतागरेकोछभनेकुनैपनिराजनीतिकदलनिर्वाचनआयोगमादर्ताहुँदा खेरि त्यसलेआफ्नोविधानमानियमावलीमालोकतन्त्रप्रतिप्रतिबद्धतागरेकोहुनुपर्नेव्यवस्थाहाम्रोसंविधानलेगरेकोछसभामुखमहोदय,त्यसैगरीधाराचारमैकेउल्लेखगरेकोछभनेराष्ट्रकोपरीभाषादिँदा खेरि नेपालराज्यसंघीयलोकतान्त्रिकगणतन्त्रात्मकराज्यहुनेछभन्नेव्यवस्थागरेकोछसभामुखमहोदय,हामीयोव्यवस्थामाकामगर्दैछौं। अनिअल्पमतलेबहुमतमाथिशासनगर्नेपनिहुन्छलोकतन्त्रमासभामुखमहोदय,तसर्थहाम्रोयोप्रश्नकोउत्तरनदिएसम्मएउटाराजनीतिकप्रश्नहो। संवैधानीकप्रश्नहोयोनैतिकप्रश्नहोयोप्रश्नमाथिसरकारजबसम्मगैरजिम्मेवारहुन्छ।
जबसम्मनेकपाएमालेकोप्रश्नकोउत्तरदिँदैनतबसम्मयोनियमितबैठककोकार्यविधिअगाडिबढ्नसक्दैनसभामुखमहोदय। लोभलेपनिलाजमान्नेगरीलाजआफैंलज्जितहुनेगरीहाम्रोसरकारप्रस्तुतनहोस्

।
कर्णालीराष्ट्रियअन्तर्राष्ट्रियरूपमाछविबिग्रिनेगरीकर्णालीकोसरकारअगाडिनबढोस्भन्नेआग्रहगर्दैयोबैठककोकारवाहीअगाडिनबढाउनआग्रहगर्दैबैठककोकारवाहीनेकपाएमालेकोतर्फबाटबढ्दैनभन्ने कुराराख्छुधन्यवाद।

**<u>माननीयमाननीय सभामुखः</u>-** आसन ग्रहणगरौंमाननीयसदस्यहरू,माननीयसदस्यहरूआसन ग्रहणगरौं,माननीयसदस्यहरूअबयोबैठक२०७८सालअसार२७गतेआइतवारदिउँसो२बजेसम्मकोलागिस्थगितहुन्छ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८ असार २७ गते
आइतवार
(बैठक संख्या-१६)

राष्ट्रिय धुन,

**माननीयमाननीय सभामुखः**-माननीयसदस्यहरूकर्णालीप्रदेश सभाकोआठौंअधिवेशनकोसोह्रौबैठककोकारवाहीप्रारम्भहुन्छ। केविषयमाहोलामाननीयहरू। के विषयहोएकजनामाननीयबोलौंअन्यमाननीयहरूआसनग्रहणगरौं।

**माननीय श्री पदमबहादुररोकायः**- माननीयसभामुखमहोदयनेकपाएमालेलेसंसदीयदललेसंसदकोसुरुवातदेखिउठाउँदैगरेकोमागहाल सम्मबेवास्तागरिएकोछ। सर्वोच्चअदालतलेअन्तरिमआदेशअनुसारसभामुखलेघोषणागरेकोलागुअ हिलेसम्मभएकोछैनरहामीकर्णालीप्रदेशनेकपाएमालेदलकासांसदहरूहामीलेरहरलेयोसंसदअवरु द्धगरेकाछैनौंयोबाध्यतालेगरेकाछौं। हामीसदनअवरोधगरिरहेकाछौं। कर्णालीप्रदेशसरकारहेलिक प्टरचढेरसंघीयसरकारलेनदिएकोअधिकारप्रयोगगरेरचाईनाकोनाकासम्महेलिकप्टरमस्तीगरेका छन्भनेएउटास्याललाईचौरलाईघिसार्नथालियोभनेआबाबाममरेभन्छजबस्याललाईढुङ्गामाथिघिसा रियोभनेआहाक्यामजाभन्छ। हामीलाईनेकपाएमालेकासांसदहरूलाईएकमहिनादेखिसंसदअवरुद्ध गरिरहेकाछौं। बाध्यतालेकर्णालीप्रदेशसरकारक्याआनन्दसँग दौडिरहेकोछ। हेलिकप्टरमाकर्णालीप्रदेशसरकारलाईअरुचिन्ताछैन। बजेटकहाँहाल्नहेलिकप्टरकहाँलिनेचि न्ताछहामीमसार्वजनिकलेखासमितिकोअध्यक्षभएकोछु। रकमान्तरकोविषयमाधमाधमअहिलेक रोडौंरुपैयाँरकमान्तरहुँदैछ। हामीले तीन पटकमिटिङबसीसक्योहाम्रोहामीलेसबैमन्त्रालयमाफाइलमागिसकेकाछौं। अरुमन्त्रालयबाटफाइ लआएकाछन्मुख्यमन्त्रीकार्यालयरभौतिकपूर्वाधारविकासमन्त्रलयबाट तीन पटकताकेतागर्दापनिफाइलआएकाछैनन्। केयोअटेरहैनकेयोअराजकहैन,योभनेकेअनउत्तरदायी हैनयो तीन पटकताकेतागर्दाफाइलआएकोछैनत्यहाँअनीसरकारलेकेहेरिरहेकोछ।

अक्सिजनकोविषयमादुईवटाकालिकोटरमेहलकुनामाभुक्तानीभइरहेकोछअरुजिल्लामा फाइलहरूआइरहेकाछन्। हामीलेकर्णालीस्वास्थ्यविज्ञानकाफाइलहरूअध्ययनकोलागित्योसम्ब न्धीविज्ञहरूलाईपठाइरहेकाछौं। त्योअध्ययनगरियोभनेहामीत्योविषयमाबोल्नेछौं। अनीपटकपट कहामीलेअहिलेयोकुनैखुसीलेकुनैरहरलेहैनयोयोसंविधानलेदिएको,विधानलेदिएकोकानूनलेदिएको, त्यही अनुसारहामीलेसदनअवरुद्धगरिरहेकाछौं। यसमासबैमाननीयज्यूहरूजानकारहुनुहुन्छतरकसैलेबु झिबुझिपनिबुझपचाउँछन्यहाँ। योहिजोपनिभएकोथियोयहीँविषयहैनअरुविषयमापनिअवरोधभएका

थिए। भोलि पनिहुनेवालाहुन्छन्यहीँयस्तैस्थितितरहँदैनहोजोकोप्रतिपक्षथिएआजकोप्रतिपक्षमाबसेकाछन्। भोलि कोबस्नेहुन्कसलाईथाहाछभनेअबयो२०७८/०७९कोबजेटअबयोविषयमादफावारछलफलहुने होला त्यही पनिहामीलाईलागेकोकुरादफावारछलफलहुन्छ, बोल्नपाउँछौंवापाउँदैनौंअहिलेकोबजेटरातोकिताबआइसकेकोछ। सरकारलेमाननीयहरूयोजनाहरूल्याउभनिसकेकाछन्तरएउटैनेकपाएमालेकामाननीयहरूकोयोजनाएउटैपनिपरेकोछैन। अनिकेहोयोयोसरकारनालायकसरकारहैन। पक्षपातीसरकारहैन,केविभेदकारीसरकारहैनयो। यहींहोमाननीयकायोजनाएउटैनपर्नेगाउँकाबिचौलीया, माफियाहरूकायोजनाछन्। मैलेदेखेकोमेरैक्षेत्रमाअरुठाउँमापनिछन्। कोही जिल्लामाअरबौंबजेटछ कोही जिल्लामाएउटैछैन। जस्तैमेरोक्षेत्रमाएउटैएमालेछत्यहाँत्यहाँमाओवादीछैन,त्यहाँकाँग्रेसछैन। किनविभेदगरियोत्यसैकारणलेसभामुखमहोदय,योअबविषयबस्तुमाआउँछ। अबयोनेकपाएमालेभनेकोनियमकानूनसंविधानविधिपद्धतिअनुसारचल्नेपार्टीहोत्यसकारणलेपनिविधिपद्धतिअनुसारचलकाछौंहामी।

हामीलेकुनैविधिनाघेरचलेकाछैनौं। अबअन्तमाहामीलेयोविषयमाहाम्राधेरैमाननीयहरूबोलिराख्नुभएकोछ। थाहाछसभामुखज्यूलाईपनिअहिलेसम्मकिनरोकियोसदनअबदुई, चारदिनलाग्दाअझै केही हाम्रामाननीयहरूपनियहाँबाटगएकाछन्फ्लोरक्रसगरेरउहाँहरूलेहेरेकाहोलान्केहुन्छमाथिपार्टीएकताहुन्छ कि हुँदैन। त्यही स्थितिमाहोलान्अबएकताभएपनिउहाँहरूतआउनेहोलान्त्यसपनिकेहोलायोसरकारबहुमतअल्पमत केहोलाबजेटपासहुन्छ कि हुँदैन, अनिउनीहरूमन्त्रीहरूलेअरबौंहालेकाबजेटहरूकेहोलान्। मअहिलेधेरैनभनौंजबसम्मकर्णालीमानेकपाएमालेदलकोमाननीयलेउठाएकामागहरू पूरा हुँदैनन्तबसम्मयोसदनअगाडिनबढोस्भन्नेजानकारीगराउनचाहन्छु,धन्यवाद।

**माननीयमाननीय सभामुखः-** बैठकअगाडिबढाउनसहयोगगरौंमाननीयसदस्यहरू, आसनग्रहणगरौंमाननीयसदस्यहरू। माननीयसदस्यहरूअबयोबैठकअसार२९गतेमंगलबारदिउसो२बजेसम्मकोलागिस्थगितहुन्छ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८ असार २९ गते
मंगलवार
(बैठक संख्या-१७)

राष्ट्रिय धुन,

**माननीयमाननीय सभामुखः**-माननीयसदस्यहरूकर्णालीप्रदेश सभाकोआठौंअधिवेशनकोसत्रौंबैठककोकारवाहीप्रारम्भहुन्छ। केहोलामाननीयसदस्यहरू। एकजनामाननीयसदस्यउठेरबोलौंअरुआसन ग्रहणगरौं।

**माननीय श्री दानसिंहपरियारः**-समामुखमहोदय,विगतलामोसमयदेखिनेकपाएमालेलेकर्णालीप्रदेशमाकर्णालीप्रदेश सभाअवरुद्धगर्दैआइरहेकोछ। ताकिहामीलेनितान्तचुनौतीपूर्णअवस्थामाजनताकोजनअपेक्षासामाजिकरूपान्तरणजनताकोजनजीविकारसामाजिकरूपान्तरणकोनेतृत्वगर्नेकम्युनिष्टपार्टीलामोसहयोद्धासँगसँगैहामीनेकपाहुँदापनिहामीनेकपाएमालेकोतर्फबाटहामीसंयुक्तरूपमाथियौंरअघिल्लोसरकारमानेकपाकोसरकारहुँदापनिसंयुक्तसरकारमाथियौं। हामीरपछिहामीजबहामीनेकपाएमालेबनिसकेपछिहामीपहिलोपटकहामीलेविशेषगरेरतपाईंको चाहिँ एउटानयाँअभ्यासगर्नखोज्यौं। हामीलेकर्णालीमाहामीलेदुईतिहाईहैनकम्युनिष्टहरूलाई६तिहाईबहुमतसहितकोजनमतपनिप्राप्तगर्‍यौं । हामीलेजनताबाटअनुमोदितभएरसंसदमापनिआयौंहामी। तीन वर्ष हामीलेलामोअभ्यासरअनुभवपनिगर्‍यौं। हामीलेगर्‍यौंयो तीन वर्ष हामीसत्तामाहुँदाकहिल्यैपनिसत्ताकोआभासगर्नपाएनौंहामीलेआजधेरैमानिसलाईबाहिरलागिरहेकोछ। कर्णालीकोप्रदेशसभाएमालेकाकारणलेअवरुद्धभएकोहोभन्नेप्रभावपारिराखेकोछतरत्योहोइन ।

पहिलोप्रश्नमकेगर्नचाहन्छुभनेकर्णालीकोप्रदेश सभाएमालेकाकारणलेनभएरसरकारकाकारणलेस्थगितभइरहेकोछ। चल्नसकेकोछैनयसकोगतिविधिहरूअघिबढ्नसकेकोछैन। हामीलेसुरुदेखिभनेकाथियौं कि जुनसरकारलेसंविधानतःवैधानिकरूपमासंसदमाबजेटप्रस्तुतगर्नेहैसियतसमेतगुमाइसकेकोसरकारले चाहिँ नेकपाएमालेकातर्फबाटबजेटप्रस्तुनगर्नेअनुमतिदियौंरबजेटपनिप्रस्तुनभयोयहाँबास्तविकराजनीतिकभित्रनैतिकताहुन्थ्योभनेएउटैदलसरकारपक्षरप्रतिपक्षहुन्छसभामुखमहोदय,स्वयम्सभामुखमहोदयलेनैनेकपाएमालेबाटनिर्वाचितचारजनासांसदहरूजोहिजोनेकपाएमालेकोसंसदीयदललेकारवाही गरिसकेपछिउनीहरूसर्वोच्चमागएर फेरि

एमालेहौँभनेर,आफ्नोपक्षमाहामीपीडितभयौँभनेर,फैसलाभइसकेपछिस्वयम्उहाँहरूएमालेभइसके कोसंवैधानिकसर्वोच्चमास्वीकारेरएमालेभइसकेपछिहामीलेस्वयम्सभामुखमहोदयलेसंसदमानेक पाएमालेकाथपचारजनासांसदहरूभनेरघोषणागरिसकेपछिआजतिनीहरूसंसदमाछन्वासरकारमाछ न्। एउटैपार्टीसरकारपक्षरप्रतिपक्षहुनसक्छर ?सभामुखमहोदय,विश्वकोकुनठाउँमाछत्योव्यवस्थायोतसंवैधानिकसर्वोच्चताकोविरुद्धमायोपहि लोअभ्यासहोयोदलीयव्यवस्थाकोदलीयआचरणरव्यवस्थाकोविरुद्धमाछयो।

आमजनताकोजनमतकोपनिअपव्याख्याकोआधारमाछ। हामीलेसुरुदेखिनैभइरहेकाछौँय तासरकारलेबजेटनीतितथाकार्यक्रममाथिमहत्त्वपूर्णछलफलगर्नुपर्नेबेलामाहुम्लामाहेलिकप्टरलि एरआकाशमाउडिराखेकोछसरकार। कर्णालीकाआमजनतालेहेरिरहेकाछन्। हामीलेभन्यौँ तीन वर्षकोकार्यकालमाकर्णालीप्रदेशसरकारकोउपलब्धिकोसमीक्षागर्दा तीन वर्षकोअवधिमा६किलोमिटरकालोपत्रेयहीँहोहाम्रोउपलब्धि । तीन वर्षकोकार्यकालमाकर्णालीकाएकजनाबेरोजगारीलाईयुवालाईपनिसम्बोधनगर्नसकेनौँ। ५२प्रतिश तबहुआयामिकगरिबीयसलाईएकप्रतिशतपनिघटाउनसकेनौँयहीँहोहाम्रोउपलब्धि। सरकारकोना ममाआफ्ना केही झोलेहरूआफ्ना केही समर्थकहरूर केही आफ्नाआसेपासेहरूकोनाममाबजेटविनियोजनगर्दैआइयो । त्यही अभ्यासयो वर्ष गर्नेप्रयत्नगरिएकोछ। नेकपाएमालेलेयसलाईसफलहुनदिनेछैन। हामीलेभनिरहेकाछौँकर्णालीप्रदे शसरकारवैधानिक,नैतिकरूपमाआफ्नोहैसियतगुमाएकोसरकारहो। यदिराजनैतिकहैसियतहुन्थ्यो भनेराजिनामादिएरसंसदमाआउनसक्नु पर्थ्यो। हामीकर्णालीप्रदेशसरकाररयोपनिप्रश्नगर्नचाहन्छु कि कर्णालीप्रदेशसरकारमानैतिकतागुमाइसकेकोसरकारलेबजेटतप्रस्तुतगऱ्योतरत्यसकोदफावारछ लफलयहाँहुनसक्नेवालाछैन। त्यसोभएकालेआजराष्ट्रियराजनीतिहेर्दापनिनेकपाएमालेमाथिएकप छिअर्कोप्रहारभइरहेकोछ। नेकपाएमालेकाविरुद्धमाराष्ट्रियअन्तर्राष्ट्रियशक्तिहरूलागिराखेकाछन् । आजएउटाप्रधानन्यायधिशलेप्रधानमन्त्रीनियुक्तगरेकोअभ्यासछ । नेपालमाहेरौँहामीलेत्योएउटानयाँअभ्यासहामीलेहेऱ्यौँ। त्योकिनगरियोतनेपालकासबैविपक्षहरू किनएकैठाउँमाभएतत्यसकोएउटैकारणथियोकेपीओलीले तीन वर्षकोकार्यकालमानेपालकामहत्त्वपूर्णकामहरूकोनेतृत्वगर्नुभयो। नेपालका६१वटाराष्ट्रियगौरव काआयोजनाहरूद्रुतरूपमाअघिबढेत्यसकाविरुद्धमाठूलोमोर्चाबन्दीबनाइयो। कालापानी,लिपुलेक लगायतकाहिजोदेखिमिचिएकाभूभागमापनिकेपीओलीकोसरकारलेनेतृत्वगऱ्योसभामुखमहोदय।

**माननीयमाननीय सभामुखः**-माननीयसदस्यकोआफ्नोविषयराख्नुस्।

**माननीय श्री दानसिंहपरियारः**- त्यसोभएकालेआजएमालेकोनाममाएमालेमाथिजतिप्रहारभइराखेकाछन्नित्यसलेहामीमाथिठूलोप्रति क्षणखडाभइरहेकोछ। त्यसोभएकालेहामीलेसुरुदेखिनैकेप्रश्नउठाउँदैआइरहेकाछौँभनेसंसदीयव्य वस्थाभित्रदलीयव्यवस्थाभित्रएउटैपार्टीसत्तापक्षरप्रतिपक्षहुनसक्दैन। जबसम्मकर्णालीप्रदेशकोसं

सदमाएउटैपार्टीसत्तापक्षरप्रतिपक्षरहन्छतबसम्मकर्णालीप्रदेशसभाकोकुनैपनिगतिविधिअगाडिबढा उनसक्दैनयहींकुरामसभामुखमार्फतजानकारीगराउनचाहन्छुधन्यवाद ।

**माननीयमाननीय सभामुखः-**

आसानग्रहणगरौंमाननीयसदस्यहरू,माननीयसदस्यहरूलेसधैंअसहयोगगर्नुभएन । आसनग्रहणगरेर बैठकसञ्चालनमासहयोगगरौंमाननीयसदस्यहरू,आसनग्रहणगरौंमाननीयसदस्यहरू,माननीयसद स्यहरूलेसहयोगगर्नुभएनभनेअवरोधकैबीचबाटअघिबढ्नेहुनसक्छ । अगाडिबढ्नबाध्यहुनेछु । माननीयसदस्यहरूआसनग्रहणगरेरसहयोगगरौं । बैठकअगाडिबढाउनसहयोगगरौंमाननीयसदस्य हरूआसन ग्रहणगरौं,आसन ग्रहणगरौंमाननीयसदस्यहरू,आसन ग्रहणगरौंमाननीयसदस्यहरूसहयोगगरौंबैठकसञ्चालनगर्नलाई,आसन ग्रहणगरौंमाननीयसदस्यहरू,आसन ग्रहणगरौंमाननीयसदस्यहरू,आसन ग्रहणगरेरबैठकसञ्चालनगर्नसहयोगगरौंमाननीयसदस्यहरू,

माननीयसदस्यहरूअबयोबैठकआधाघण्टाकोलागिस्थगितहुन्छ ।

कर्णाली प्रदेश सभा
आठौं अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८ असार २९ गते
मंगलवार
(बैठक संख्या-१७ दोस्रो)

राष्ट्रिय धुन,

**माननीयमाननीय सभामुखः-** माननीयसदस्यहरूआधाघण्टाकालागिस्थगितबैठकसुरुहुन्छ। अवरुद्धहोमाननीयसदस्यहरूविषय केही नयाँहो कि उहिपुरानैविषयहो।

**माननीय श्री कौशिलावतिखत्रीः-**माननीयसभामुखमहोदय, गतेजेठ२८गतेदेखिनैनेकपाएमालेलेआफ्नोराजीतिकमुद्दामाजायजसंविधानसम्मतमुद्दाउठाएरसदनमाआफ्नोकुराराखिरहेकोछ।बाहिरजुनहिसाबलेप्रभावपार्नेगरीनेकपाएमालेलेसंसदअवरुद्धगरेको होभन्नेगइरहेकोछ।योनेकपाएमालेसंसदीयदलकोकारणलेहैनविधिकोसंसदस्थापितगर्नकालागिसंसदीयगरिमालाईमर्यादितराख्नकोलागिनेकपाएमालेलेजुनसर्वोच्चअदालतलेनेकपाएमालेकासांसदहरूलाईएमालेगराएरनेकपाएमालेसंसदीयदलकोहैसियतगराएररआदेशगरेकोछ।गत२०७८दुईमहिना३१गतेयोगरिमामयसभामामाननीयसभामुखलेनेकपाएमालेकोसंसदीयदलकोसदस्यहुनेगरी४जनामाननीयसदस्यहरू त्यही हैसियतमाबस्नुहुनेछभनेरघोषणाभइसकेकोछतरएउटामाननीयसदस्यआफ्नोदलकोआसनमाआएरबसीसक्नुभएकोछभनेजो तीन जनामाननीयहरूहुनुहुन्छ।नेकपाएमालेसंसदीयदलकासदस्यभएरपनिपटकपटकनेकपाएमालेलेकेस्मरणगराइरहेकोछ।
यासंविधानसम्मतकुराहो।कुनैपनिसंसदीयव्यवस्थामाएउटैदलसत्तारदलकोसमर्थनविनाप्रतिपक्ष माहुँदैननेकपाएमालेकर्णालीप्रदेशसभामाप्रतिपक्षहो।अहिलेसरकारकोउदासीनतालेअहिलेपनिजुन हैसियतमास्वतन्त्रनागरिककोरूपमामन्त्रीकोशपथखानुभएकोथियो।अहिलेपरिस्थितिफरकभइसक्यो।अहिलेअदालतलेरत्योसम्मानितसभामासभामुखलेनैनेकपाएमालेकोसंसदीयदलकोसदस्यहुन्भनेरघोषणागरीसक्नुभएकोछतरपनिअझकर्णालीप्रदेशसरकारप्रमुखमाननीयमुख्यमन्त्रीज्यूलेएमालेकोसंविधानसम्मतमागलाई पूरा गर्नसक्नुभएकोछैन। सदनचलाउनकोलागिसहजताअपनाउनुभएकोछैन।गोरुबेचेकोसाइनोलगाएरमेरोमितकोपनिधित कोभनेरअड्काइरहनुभएकोछ।योकेसंविधानसम्मतछ।एमालेकोसंसदीयदलकोसंख्या२०झुटो होसभामुखमहोदयतरपनिनेकपाएमालेमर्यादितप्रतिपक्षभएरबसिराखेकोछ।त्यसैलेमभन्नचाहन्छुयो सभाकोगरिमाकोलागिसंविधानकोस्वतन्त्रताकोलागिजसरीनेकपाएमालेलेप्रदेश

सभादेखिसंघीयसंसदमाआफ्नोमर्यादाकायमगरेकोछ। एउटामर्यादितराज्यसञ्चालनकोलागि तीन वटैसंवैधानिकनिकायहरूकोआफ्नोआफ्नैशक्तिपृथकीकरणकासिद्धान्तहुन्छन्।

आजसर्वोच्चअदालतलेइतिहासमैनभएकोव्यक्तिकोनामसमेततोकेरप्रधानमन्त्रीघोषणागर्दा पनिनेकपाएमालेकाथुप्रैअसहमतिहुँदापनिहाम्रोपार्टीकोश्रदयअध्यक्षकेपीशर्माओलीज्यूलेराजिनामा दिएरसंविधानकोसर्वोच्चता,अदालतकोफैसलालाईमान्नतयारहुनुभयो। केत्योसंविधानसम्मतकुरार अदालतकोफैसलागरिमामयसदनबाटसभामुखज्यूलेघोषणागरेकोकुराकेकर्णालीमालागुहुँदैन। क र्णालीकोमुख्यमन्त्रीसरकारप्रमुखकेसंविधानभन्दामाथिछ। मसभामुखमार्फतयोप्रश्नगर्नचाहन्छु। त्यसैलेजबसम्मयोसरकारनेकपाएमालेसंसदीयदलकासदस्यलाईफिर्तागेरेरहाम्रोयोप्रदेश सभाभित्रएउटैरोमाआसनग्रहणमाबस्ने,एउटैदलभित्रदुईवटाआसन ग्रहणगर्नेवातावरणहुँदैनलाजलाईपनिपन्छाएरलाजहुनेगरीयोसरकारलेलाजपचाउँछ। तबसम्मने कपाएमालेलेआफ्नोकुरामाअडिगछमाननीयसभामुखज्यूलाईआग्रहरअनुरोधगर्दछु। नेकपाएमाले संविधानसम्मतकुराउठाइरहेकोछ। जायजकुराउठाइरहेकोछहैनभनेनेकपाएमालेलाईएउटैदल कासदस्यलाईएउटैदलकोसदस्यहरूप्रतिपक्षरसत्तापक्षभएर।

**माननीयसभामुखः-** सकौँमाननीयसदस्य,

**माननीयश्रीकौशिलावतिखत्रीः-**
मसक्दैछुमाननीयसभामुखमहोदय, कुनसंविधानकोधारामाछ। प्रदेश सभानियवालीमाछ कि सरकारसञ्चालननियमावलीमाछ। नेकपाएमालेलाईप्रस्टपारिदिनहुनअनुरोधगर्दछु। माननीयसभा मुखमहोदय,जबसम्मसरकारलेनेकपाएमालेकासांसदहरूलाईफिर्तागरेरहामीयोसदनभित्रसदनको गरिमाकोलागि,सदनकोलाजढाक्नकोलागिनेकपाएमालेकासदस्यलाईफिर्तागरेरहाम्रोसदनभित्रए उटैरोमासिटआसनगर्नेवातावरणबनाउँदैनतबसम्मनेकपाएमालेकोमागयथावतनैछ। ममाननीयस भामुखलाईआग्रहगर्नचाहन्छु। जबसम्महाम्रोमाग पूरा हुँदैनतबसम्मसंसदकोनियमितकार्यसूचीअगाडिनबढाउनकोलागिअनुरोधगर्दैनेकपाएमालेसंसदीय दलयोसदनआफ्नोमाग पूरा नहुञ्जेलसम्मअघिबढाउनअसमर्थछ, धन्यवाद।

**माननीयमाननीय सभामुखः**-आसन ग्रहणगरौँमाननीयसदस्यहरू,आसन ग्रहणगरौँमाननीयसदस्यहरूधेरैलामोअवरोधभयो। जिम्मेवारीमहसुसगरेरबैठकसञ्चालनमासहयोग पुऱ्याऔँमाननीयसदस्यहरू,आसन ग्रहणगरौँमाननीयसदस्यहरू,बैठकसञ्चालनगर्नुपर्नेहामीसबैकोदायित्वहोत्योदायित्वबोधगरेरआस न ग्रहणगरिदिनुस्।

माननीयसदस्यहरूअबयोबैठक२०७८सालअसार३०गतेबुधबारदिउसो२बजेसम्मकोलागिस्थगि तहुन्छ।

कर्णाली प्रदेश सभा
आठौँ अधिवेशन
कार्यवाहीको सम्पूर्ण विवरण
२०७८ असार ३० गते
बुधवार
(बैठक संख्या-१८)

राष्ट्रिय धुन,

**माननीयमाननीय सभामुखः**-माननीयसदस्यहरूकर्णालीप्रदेश सभाकोआठौँअधिवेशनकोअठारौँबैठककोकारवाहीप्रारम्भहुन्छ। केहोलामाननीयसदस्यहरूएकज नाबोलौँअरुमाननीयसदस्यहरूआसन ग्रहणगरौँ। माननीयसदस्यरोष्टमप्रयोगगर्नसक्नुहुन्छ।

**माननीय श्री यामलालकँडेलः**-आजकोसन्दर्भमामयहीँबाटबोलौँमाननीयसभामुखमहोदय, त्योभन्नुभएकोमाधन्यवाददिनचाहन्छु। हामीत्योरोष्टमकोसम्मानकानिम्तिपनिहामीजेप्रक्रियामासामेलछौँ। त्यही अन्तर्गतमबोल्नलागिरहेकोहुनालेसभामुखज्यूकोत्यस्तोकुराहुँदाहुँदैपनिमयहीँबाटआफ्नो केही कुराराख्नचाहन्छु। दलकोतर्फबाटमाननीयसभामुखमहोदय, जेठ२४गतेदेखिप्रदेश सभाचलिरहेकोछ। विभिन्नसमयमाभएकाबैठकहरूमाहामीलेसभामुखमार्फतसधैंकोगम्भीरतापूर्वक ध्यानाकर्षणगराउनेकामगरिरहेकाछौँ। सभामुखज्यूकोपहलकदमीमाभएकासर्वदलीयबैठकहरूमा पनिहामीलेहाम्राधारणाहरूबुझिनेगरीऔचित्यपुष्टिहुनेगरीहामीलेहाम्राकुराराखिरहेकाछौँ। हामीलेरा खिरहेकोकुराहठातकोकुराथिएनसभामुखमहोदय, हामीले२४गतेदेखि२७गतेसम्मएउटाविषयप्रवे शगराएकाथियौं। २७गतेदेखिसम्मानीयसर्वोच्चअदालतकोनिवेदनकोमागबमोजिमगरीएकोफैस लाबाटनिवेदनलेमागगरेकोनिवेदनलेमागगरेकोएउटापात्रभित्रमपनिपर्नेकुराथियो।

संसदीयदलकोनेताभएकोनातालेसंसदीयदललेगरेकोकामकारवाहीसभामुखमार्फतप्रदेश सभामासुनाइएकोकारणलेगर्दाप्रदेशसभाकोसभामुखपनित्यसमाजोडिनुभएकोअवस्थाथियो। हामी ले२८गतेविनम्रतापूर्वककिनकिहामीलाईझुक्याउनुछैन, आजपनिछैनसमयविलम्बगर्नुपनिछैन। समयमानैविषयराखियोभनेसमयकोबचतहुनसक्छ। जिम्मेवारीहरूलेसमयमानैसोच्नसक्छन्भन्नेहि साबलेहामीलेहाम्राकुराराख्दैआएकोएउटाअवस्थाछ। हाम्राबारेमाबाहिरहाम्रागतिविधिहरूनियालेर हेर्नेहरूलेकसरीमूल्याङ्कनगरीराख्नुभएकोछसमयक्रममाहामीबुझौँलासमयक्रममाउनीहरूलेमूल्या ङ्कनगर्लान्। सामाजिकसंजालमापनिमैलेलेखिरहेकोदेखेकोछुसभामुखमहोदय,त्यसकारणलेमआज फेरि पनिभन्नेचाहन्छअनुरोधगर्नचाहन्छु।

हामीलेउठाउनकानिम्तियोविषयउठाएकाथिएनौं। उठाउँदानेकपाएमालेसंसदीयदलकात र्फबाटउठाइयोउठाइसकेपछियोविषययोसँग जोडिएकासबैकासँग काविषयहोमठान्दछु। योराजनीतिगर्नकानिम्तिगरिएकोअवस्थाहैनयो। तरयोहामीजेबाटनिर्देशित छौँ। जेबाटसञ्चालितछौंवात्योभनेकोहाम्रोनेपालकोसंविधानहोप्रदेश सभाभित्रप्रदेश

सभानियमावलीहो। योआधारबाटहामीनिर्देशितहुँदाहामीलेजम्मदुईवटाकुराउठाएकाथियौंसभामुख महोदय, एकमहिनानिरन्तरउठाउँदापनिअझसभामुखमहोदय, हामीलेउठाएमामागनैनबुझिनेज स्तोगरेरनबुझेजस्तोगरेरपनिकतिपयमाननीयसभामुखमहोदय, प्रश्नहरूउठाइरहनुभएकोएउटाअव स्थाछ। हाम्रोकर्तव्य

रदायित्वहोनथाकीकनआफ्नाकुराबुझाउनेकुराहो। मदेख्दैछुसुन्दैछुमहेरिरहेकोछौं कि योसभामाहामीलेजतिबेलाआफ्नाधारणाहरूराखिरहेकाछौं। त्यसकाबारेमाअलिसविस्तारचर्चागर्नुमै लेसान्दर्भिकठानेहामीलेदुईवटाकुराउठाएकाछौं। एउटाकुराकेउठाएकाछौंमदोहो-याउनचाहन्छु ।

बैठकमासभामुखलेगरेकोरुलिङकोकार्यान्वयनहुनेव्यवस्थाहुनुप-योभन्नेएउटामागछ। धन्यवादपा उनुपर्नेहोसभामुखमहोदय,हामीउस्तैपरेहाम्रोसंसदीयअभ्यासरअरुकोअभ्यासहेर्दायीबनाइएकोरुलि ङसुलिङबनाइएकानियमइत्यादिपालनागर्नुपर्नेभन्दाअलिपरगएपनिहुनेसिक्दासिक्नेठाउँछसभामुख महोदय,हामीत्योअभ्यासमाहाम्रा ती संस्थाहरूजोडिएरआएकोएउटाअवस्थाछतरहामीत्योअभ्यासकोसिकोनगरौंभन्नेमाछुम। योमैलेउ ठाउनुपर्नेवानेकपाएमालेसंसदीयदललेउठाउनुपर्नेमागहैनसभामुखमहोदय,तरउठाउनेहरूउठाइर हेकाछौंउठाउनेहरूलाईनैमान्छेलेप्रश्नउठाइराकाछन्। त्यसकारणलेसभामुखमहोदय,हामीलेयोमा गराख्नुनराख्नेहोभनेठीकछ। नराख्नुस्भन्नुससभामुखलेमाथिबाटबोलेकोवारुलिङगरेकोकुराकोकु नैअर्थरहँदैनभन्नेअर्थमायोसभालाईपु-याउनेहोभने त्यही बाटोमाहिडौंलानहिडौंलोएकचोटीनेकपाएमालेलाईसोच्नुस। सभामुखले३१गतेरुलिङगर्नुभयोमैले योभन्दाअगाडिपनिपढेरसुनाएकोथिए।

यहाँआफैंपनियोसंसदभित्रकोकानूनहोनियमहो। यद्दपिमैलेजतिबेलाप्रमुखप्रतिपक्षीभएरपहि लोपटकबोल्दायोसदनभित्रआसनअनुसारमान्छेकोव्यवहारबुझिन्छसभामुखमहोदय,भनेरभनेकोथि ए। योआसनएकठाउँमाव्यवहारएकठाउँमागर्नेलेगरेहोलानसभामुखमहोदयतरमयोमर्यादालाईजो गाउनेपक्षमाछु। नेकपाएमालेत्योमर्यादालाईजोगाउनेपक्षमाछ। हामीलेयोमागहठातउठाएकाहोइ नौं। सभामुखमहोदय,जबसभामुखमहोदय,जेठ३१गतेरुलिङगर्नुभयोत्यसपछिहामीलेमागउठाइरहे काछौं। योउठाउँदाउठाउँदैपनिहामीलेतिनितथाकार्यक्रमप्रस्तुतभयोपासभयोबजेटपासभयोढोका खोल्यौतसभामुखमहोदय,हामीमलाईतहेक्काथियोएमालेलाईतहेक्काथियोअसारजान्छसाउनएकगते आउँछ। आर्थिक वर्ष सुरुहुन्छ। तरसरकारलाईहेक्काआजभोलिहुँदैछ। यसअनुसारतजानेभएछ। अर्कोआर्थिक वर्ष तलागुहुनेभएछ। त्यसोभएपछिसभामुखमहोदय,योमागउठाउनुकेअनजायजकुराहो ?योसभाकोमर्यादाबढाऔंसभामुखज्यूलेसभाभित्रजेरुलिङगर्नुभएकोछ। त्यसकोउल्लंघनसभामुख ज्यूकैअगाडिभइसकेकोछसभामुखमहोदय,त्यसोहोभनेसभामुखमहोदय,मयहाँकिनबस्नुप-योदलभि त्रमेरोपोजिसनबदलिएकोदललेमलाईजिम्मेवारीदिएकाहुनालेमयहाँबसिरहेकोछु। सरकारकोनेतृ त्वगर्नेमुख्यमन्त्रीमसँगैकोकुर्चीमाबसिराख्नुभएकोछ। किनयहाँबस्नुप-योहामीलेयदियहाँभित्रको जिम्मेवारीबदलियोभनेयहाँभित्रकोबसाईबदलिन्छतसभामुखमहोदय,यहीहैनहामीलेबुझेकोकुराय

हीहैनहाम्रोसंसदीयअभ्यास,यहीहैनहाम्रोपरम्परा,हामीलेयसैकोजगेर्नागर्नखोजिरहेकाछौंसभामुखम होदय,सभामुखलाईअसहयोगगर्नखोजिरहेकाछैनौं। यद्दपिकतिपयलेकेलेखिरहेकाछन्त्योतपसिल कोकुराहो। त्यसकारणले फेरि पनिविनम्रतापूर्वकअनुरोधरआग्रहगर्नचाहन्छु। एउटामागकेहोसभामासभामुखलेगरेकोरुलिङको कार्यान्वयनहुनेव्यवस्थाकोनिम्तिहामीलेनिरन्तरएकगतेदेखिएकमहिनादेखिध्यानाकर्षणगर्नेकोसि सगरिरहेकाछौं।

तरत्योमागएमालेकोमात्रैबनाउनेअवस्थारहिरहेकोछदुःखकोकुरायत्तिमात्रैहो। हामीलेभ निरहेकाछौंउठाउनेहामीहौंतरयोमागसबैकोहो। यदित्योअव्यवस्थाअनुसारचलाउने। माननीयसभा मुखमहोदय, त्योबाटोमानेकपाएमालेकसैलेभनेकाआधारमाउत्तेजितहुँदैनकर्णालीप्रदेशसभाभित्रहा मीयोमर्यादामाआफ्नाकुरानिरन्तरतापूर्वकराखिरहेकाछौं। योकुनैअर्कोविषयमासौताबाजीगर्नयोवि षयउठाइरहेकाछैनौं। यसकारणलेसभामुखमहोदय,हामीयोसभाकोमर्यादालाईजोगाउनकानित्तिहा मीलेयोकुराउठाइरहेकाछौं। योरुलिङकोउल्लंघनयोसभामासभामुखज्यूलेनचाहदा नचाहदै हामीलेमागउठाउँदाउठाउँदैपनिभइसकेकोछ। पुरुसार्थसहितउहाँहरूआइराख्नुभएकोछयसकोउ ल्लंघनगर्नेकुराकोप्रत्यक्षकसलेदेखिरहेकोछभन्दासभामुखमहोदय,मलाईभन्नपनिगाह्रोछैन। त्योप्रदेशसरकारलेगरिरहेकोछ। आफूलेसभामुखरुलिङगर्नेकुरालाईउल्लंघनगर्नेकुरालाईप्रश्रयदि नेकुरामाप्रदेशसरकारनिरन्तरपूर्वकलागिरहेकोअवस्थाछ। अनिसभामुखप्रति, एमालेप्रतिप्रश्नउठाए रसमस्याकोसमाधानहुन्छ?

सभामुखमहोदय,जसलेत्यसलाईप्रश्रयदिइरहेकोछ। जसलेत्योकामगरिरहेकोछत्यसआधारबाटयो विचाररदृष्टिकोणनबनाउनेकुराहोभनेनबुझ्नेकुराहोभनेसभालेदुःखपाउँछसभामुखमहोदय,बुझ्नेलेबु झेनभनेकेहुन्छ। बुझाउनेलाईसमयलाग्छसमयखर्चिनुपर्नेहुन्छयसअधारबाटहामीलेउठाइरहेकोए उटामागयोमागहो। दोस्रोमागहामीलेअहिलेसरकारछोडपनिभनिरहेकाछैनौं,बस्नपाउदैनौंपनिभनिर हेकाछैनौं। हामीलेभनिरहेकाछौंसरकारसंवैधानिकरूपलेगठनहुनुपर्‍यो । हाम्रोमागयत्तिहोजोपालनानगर्नेभएपनिमनतपालनागर्नेछैनउसकोतरत्योठाउँमाछकेगर्नेसभामुख महोदय,परिस्थितिलेत्यस्तोबनायो। उसलाईअहिलेव्यवस्थाप्रणालीलाईदिगोराख्नेकुराहैन। त्यस कारणलेहिजोकेप्रचलनभयोआजकेप्रचलनछैनभताभुङ्गगर्नपाएउसलेआफ्नोबहादुरठान्छसभामुखम होदय,तरपनिआफ्नोठाउँमाछतअबगर्नेकेहामीलेव्यहोर्नैपर्नेहुन्छ। व्यक्तिलेकेभन्छयद्दपित्योसर्वो च्चअदालतकोनिर्णयकाकारणलेनेकपाएमालेसँगपनिव्यक्तिगतहिसाबलेपात्रहरूजोडिएकाछन्सभा मुखमहोदय, त्यसभित्रत्यसबारेमानेकपाएमालेविज्ञछ। व्यक्तिकहाँकेगर्दैछन्तरसरकारप्रमुखसंवै धानिकरूपलेगठनगर्दायोसरकारसंविधानकोएकसय६८धाराकोउपधारा२अनुसारबनेकोसरकार हो। एकसय६८कोउपधारा२अनुसारप्रदेश सभामादुईवादुईभन्दा बढी दलहरूकोसमर्थनबाटबनेकोसरकारभन्नेबुझिन्छसभामुखमहोदय,नेकपाएमालेकोसमर्थनछैनततर नेकपाएमालेकाव्यक्तिलेचाह्योलएकछिनलाईमानिदिनुस्व्यक्तिलेचाह्यो। व्यक्तिबस्नचाह्योभनेसंवि धानमान्नपर्दैन। मानिलिनुसव्यक्तिलेएकछिनबस्नचाह्योतरजोसंविधानकोपालकलेमान्नपर्दैन।

सभामुखमहोदय,हामीलेउठाइरहेकाछौं । खोतलीपनिभन्नुहुन्छकहिलेकाँही फेरि छातीफुलाएरहिँडेपनिराख्नुभएकोछ । संसदलाईबन्धकपनिबनाइरहनुभएकोछ । मागहामीलेउठाए कोसाँचोकुराहो । हामीलेयोव्यवस्थाल्याउनकानिम्तियोसभामायोहैसियतमाआउँछभन्नेकुराकोपरि कल्पनानहुँदा खेरि
पनित्योमान्यताकोनिम्तिसामेलभएकोसदस्यहरूनैहामीयहाँछौं । मान्यताभत्काउनसकिन्छ । संविधानभत्किएकोहेरेरसभाचलाउनसकिन्छ?
सकिदैनसभामुखमहोदय , तरचलिरहेकोछतचलाइरहनेकोसिसगरीराख्नुभएकोछतयद्दपिराजनीति कप्रतिवितृष्णाभएकाहुनालेहामीप्रतिनिधित्वगर्नेसभाकाबारेमाजनप्रतिनिधिकाबारेमाजनताकोहेर्नेदृ ष्टिकोणत्यतिसकारात्मकछैन ।
सभामुखमहोदय,यद्दपिराष्ट्रियराजनीतिकमाहाम्रोशक्तिपृथकीकरणकोसिद्धान्तकोअभ्यासगर्दाकति पयनयाँअभ्यासहरूतलदेखिमाथिसम्मभइरहेकाछन्सभामुखमहोदय,मत्यतापट्टिपनिबेखबरछैनजान कारनैछु । नयाँनयाँअभ्यासहरूअसहमतहुँदाहुँदैपनिमान्नुपरिस्थितिछ । मयहाँत्यसलाईजोड्नपनिचा हदैनतरत्यसबाटप्रभाव पर्दैपर्दैनतपर्छनैत्यसकारणलेमभन्नचाहन्छु । मागकेहोसरकारजोकर्णालीप्रदेशसरकारछत्योसंवैधानिकरूपलेगठनभएकोतहुनुपर्‍योनिछैन ।

मअहिलेसंख्यातिरजान्नकिनभनेमत्योहिसाबकिताबकोराजनीतिकमासामेलहुनेएमालेभित्रप निहुनुहोला । राष्ट्रियराजनीतिमात्योछनैतरव्यक्तिगतरूपमामत्योहिसाबकिताबकाआधारबाटराजनी तिमासामेलहुनेराजनीतिलाईतोडमोडढंगलेबुझ्नेआइपरेकोअवस्थालाईजेसुकैकुराभएपनिगुम्ननदि नेकुराबाटराजनीतिबुझेकोछैन । सभामुखमहोदय,हामीनेकपाएमालेकाजोअहिलेसांसदहरूछौं । हामीप्रर्याप्तयोविषयमादैनिकीजसोछलफलकुराकानीगरिराखेकाछौं । त्यतिमात्रहैनसभामुखमहोदय ,मुख्यमन्त्रीकोकार्यालयबाटप्रदेशप्रमुखलाई,प्रदेश सभालाईजानकारीदिएकोपत्रयहींप्रदेश सभाबाटैमैलेलिएकोहो । अर्कोचिठीआएकोछैनसभामुखमहोदय , यद्दपियोप्रमुखविषयहैनमेरोवादल कोतरपनियोविषयलाईपुष्टिगर्नकानिम्तिमध्यानकर्षणगराउनचाहन्छु । योपत्रमाबनिएकामन्त्रीहरू दुईटाहैसियतकाहुनुहुन्छ । एउटाएकसय६८कोउपधारा९अनुसारकोहैसियतप्राप्तगरेकामाननीयम न्त्रीहरूहुनुहुन्छ । एउटासंविधानकोधारा७०कोउपधारा१बमोजिमकोहैसियतप्राप्तगरेकामाननीय सदस्यहरूहुनुहुन्छतरमैलेसभामुखलेराख्नुभएकोहाजिरीपुस्तिकामादुईखालेहैसियतभएकामान्छेह रूदेखिरहेकोछु । यद्दपियोदलकोप्रमुखमागहैन । यसकोकसकोध्यानजानुपर्नेहोहैसियतबदलियो । हिजोउहाँहरूपहिलोचोटीएउटैहैसियतबाटमन्त्रीहनुहुन्थ्योउहाँहरूकोहैसियतबदलियो । अर्कोधारामाप्रवेशगरेरशपथखाएरमन्त्रीहुनुभयो,आजउहाँहरूकोसर्वोच्चअदालतलेहैसियतबदलिए कोछ ।

सभामुखप्रदेश सभामाएउटैहैसियतकोहुनुहुन्छ । कोहीजनताकोलेबलबाटवागैरसांसदमन्त्रीहुनेदफाबाटमन्त्रीभएरगैरसांसदयोसंसदमाप्रवेशगरे कोअवस्थारनामावलीछैनसभामुखमहोदय,अबमैलेप्राप्तगरेकोबाहेकछुट्टैअम्मरबहादुरथापाअर्कै कोही हुनुहुन्छभनेमेरोभन्नु केही छैन । तपसिलकाअरुमान्छेहरूहुनुहुन्छभनेमेरोभन्ने केही

छैन । हामीजम्मादुईवटामागराखेरआजदेखिहैनविगतएकमहिनादेखिहामीलेछलफलचलाइरहेका छौंतरलेख्नेलेकेलेखिरहेकोछमहत्त्वपूर्णहुन्छ । लेख्नेकोकुरास्वयम्सरकारकाजिम्मेवारहरूलेकेभन्नुभएकोछ । त्योसर्वदलीयबैठकमापनिमैलेभनेकोछु । कतिपयमाननीयसदस्यहरूलेपनियहाँभन्नुभएकोअवस्थाछ । त्यसकारणलेमाननीयसभामुखमहोदय, योहाम्रोकुनैविरोधकानिम्तिविरोधगरौं केही जरुरीछैनतरयोमर्यादाबचाउनेकुराहाम्रोदायित्वरकर्तव्यहो । एमालेसँग जोडिएकातीतीनजनामान्छेभएरमात्रैजोडिएकोकुराकसैलेबुझ्नुभएकोछभने फेरि पनिविनम्रतापूर्वकअनुरोधगर्नचाहन्छुयोअवस्थामाअर्को कोही पात्रजोडिएरआउनुभयोभनेपनिनेकपाएमालेलेयोकुराउठाइरहन्छ । अबसंविधानकोमर्यादाराख्नेकुरासभाकोमर्यादाराख्नेकुरागरीरहँदासभामुखकोप्रयत्नमा केही सर्वदलीयबैठकपनिभएसभामुखमहोदय, जस्ताकोतस्तैसबैतनभनौं केही झाँकीझैसभामुखमार्फतयहाँभन्नुसान्दर्भिकठान्दछु । हुनतबुझाइमैभिन्नतादेख्छुमसंसदीयव्यवस्थाभनेकोजेजेगर्नेहोकुर्चीमाबसिरहनेभन्नेबुझाइ,बुझ्नेहरूलेनबुझ्दासम्मयोविसंगतिकोव्यहोर्नुपर्नेहुन्छ । योव्यवस्थाभनेकोपारदर्शीकोव्यवस्थाहोसबैलेसुसूचितहुनेव्यवस्थाकोकुराहो । यसमाअसहमतकोअभावहुँदाहुँदैपनिविश्वासआर्जनगर्नसक्नेव्यवस्थाकारूपमाबुझिरहेकोकुराहो । कतिलेयसलाईउपयोगकारूपमापनिबुझिरहेकाहोलान । समयअनुकूलकाबर्दीफेर्नेगरीपनिबुझिरहेकाहोलान्तरनेकपाएमालेलेयसलाईआफ्नोमान्यताकारूपमाबुझिरहेकोछ । धेरैलेपरिकल्पनागरेकाथिएहाम्रोपार्टीकोअध्यक्षनिवर्तनमासम्माननीयप्रधानमन्त्रीप्रति । मैलेयहीँरोस्टमबाटपनिभनेकोथिएशासनसैलीमाभिन्नताहुनसकिन्छतरलोकतन्त्रप्रतिकहिघातगरिदैन । हाम्रोपार्टीकोमूल्यरमान्यताप्रतिहामीलेकाँहीघातगर्दैनौं । गम्भीरअसहमतिहुँदाहुँदैपनिसहजतापूर्वक त्यही न्यायलयलेभनेकोकुरामानेरहामीआफ्नोठाउँमानयाँभूमिकामानेकपाएमालेजाँदैछ । यहीँन्यायलयलेभनेकोकुरायहाँजोडिएकोछ । तरयहाँत्यहाँलोकतन्त्रणकोचिन्तागर्नेहरूत्यहाँसंविधानकैचिन्तागर्नेसाथीहरूकैसाथीहरूसरकारमाहुनुहुन्छतयहाँ । त्यसकारणलेमसभामुखमहोदय,हामीलेकुराउठायौंसभामुखज्यूकोप्रयत्नमासर्वदलीयबैठकभएनैबैठकसुखदनैछन्सभामुखमार्फतसभामाराखेकामागप्रतिसर्वदलीयबैठकमाकोहीकसैकोअसहमतिछैन । व्यक्तिगतरूपमाकेभन्दैहुनुहुन्छआजमैलेसभामुखमार्फतसभामाभनिसकेपछिकेभन्नुहुन्छ । सर्वदलीयबैठकमा सहभागी हुनेसाथीहरूलेजान्नेकुराहोतरमलाईविश्वासलाग्छउहाँहरूलेजेभनिराख्नुभएकोछ, त्यही भनिरहनुनैहुन्छभनिरहनुभएकोहोला । विषयप्रति कोही असहमतहुनुहुन्छ । मएउटादिनपनितोकेरभन्नचाहन्छु१७वा१८गतेकोकहिलेकोहोअहिखुलाखुलस्तैछलफलहुँदामभन्दापनिएकस्टेपअगाडिबढेरमैलेत्यस्तोअनुभूतीगरेहामीलेउठाइरहेकोमागप्रतिसमर्थनगर्नेसाथीहरूसर्वनदलीयबैठकमा सहभागी हुनुहुन्छ ।

उहाँहरूलेनैभन्नेभयोयोमाग पूरा गर्नहामीलाई केही समयचाहियोबाहिरहल्लाछ । एमालेलेरोकेकोकुराहल्लागरिरहनुस केही छैन । हामीलेआफ्नोमागउठाइनैरहेकाछौं । जनताकोजनप्रतिनिधिभएकाकारणलेयोसभामाउपस्थितभए

काकारणलेगर्दानिर्भीकतापूर्वकआफ्नाकुराभन्नुपर्नेहुन्छ। बाहिरतहल्लाकेभनेएमालेलेगरिरहेकोछ कतिपयकोआरोपछफलानाफलानामिलेरपनियस्तोगरिरहेकाछन्। उहाँहरूलेनै१८गतेदेखि२४ग तेसम्मकोमागमाग्नुभयो। मैलेभनेसमस्याकोसमाधानहुन्छभनेठीकछ। तर२१गतेबित्योसभामुख महोदय,बोलीफेरियोमैलेकेविश्वासगरेकोथिएभनेत्योजिम्मेवारीतहमाबस्नेहरूकोभूमिकाहो। प्रतिवि श्वासगर्दैजानुपर्छभूमिकाफेरियोसभामुखमहोदय,मैलेत्यतिबेलैभनेकोथिएअसारएकगतेआउँछ कि असारएकगतेसकिन्छ,साउनएकगतेआउँछ,यीमाग पूरा भएनभनेयसलाईसम्बोधनगर्नेकुराकाआधारबाटअगाडिबढ्नसकिएनभनेहाम्रोतर्फबाटदिनेजतिसह योगगरियो

। हामीलेएकगतेबजेटदिइयो,नीतितथाकार्यक्रमअगाडिबढ्यो। हामीलेयोविषयपनिसर्वदलीयबैठक मानिरन्तरउठाउँदैआएकोअवस्थाछ। त्यसकारणलेसभामुखमहोदय,मअनुरोधगर्नचाहन्छुकिहामी लेउठाएकामागत्योसंविधानसँगजोडिएकोछ। योसभासञ्चालनसँग जोडिएकोछ। सभामुखलेगर्नुभएकोरुलिङसँग जोडिएकोछ। योन्यायलयकोनिर्णयसँग जोडिएकोछ। यीविषयलाईअब भोलि ३१गतेआजसम्झिराछसरकारलेसरकारले३१गतेतआउनथाल्योसरकारकोव्यस्ततताथियोहोलामै लेखोजीगर्नेकुरा केही भएन। त्यसप्रतिमेरो केही टिप्पणीछैनतरमसभालाईसभामुखमार्फतभन्नचाहन्छुहामीलेयोमागहठातउठाएकाहोइनौं। सरकार आजहोइनत्यतिबेलादेखिजान्नपर्नेथियो। त्यसकारणलेसभामुखमहोदय,विषयमाअसहमतछैन। उस्तैपर्दामलाईहैसलादिनहोलाएकस्टेपअगाडिबढेरहोतनीकुरागर्छ। व्यवहारहेऱ्योभनेनिराशाजन कछ।

व्यवहारहेऱ्योभनेसभालाईबन्धकीबनाउनेकुराछ। व्यवहारहेऱ्योभनेअरुलाईउम्किएरआ फूले केही गर्नेकुराछ। त्यसकारणलेसभामुखमहोदय, हामीलेमिल्नेसम्मकाप्रक्रियामासहयोगगर्नेकुराछगर्दै आएकाछौं। होइनअबयोसभामाजेगरे पनिहुन्छभन्नेहोभनेपुग्नेहोभनेपनिपुगौं। त्यतिबेलाकेगर्छएमालेलेत्यतिखेरभनौंला। होइनभनेहामी लेमान्नपर्नेचीजजोलेमान्नुपर्नेहोउसलेनमान्नेगरीबसिरहेकोछ। उस्तैपऱ्योभनेव्यक्तिगतरूपमाआदि लकोकुरागरिरहेकोछउसलेल्याएँ तल्याएँतेरामान्छेजस्तासम्मकुरासम्पत्तिकोकुरायहीँनेरीचर्चाकोविषयबन्योमैलेपनित्यसकोबारेमाभ निसकेतरमत्यतातिरजानचाहन्नँसभामुखमहोदय,योबीचमाभएकाकामकारवाहीकाबारेमापनियहीँ होभनेरमैलेविषय केही पनिगराउनचाहन्नँयोविषयसल्टिएकोभएअरुधेरैकुरागर्नपाइन्थ्यो। उठाउनुपर्नेविषयहरूथिए। योल गामसरकारचलिरहेकोथियो। योमलाईथाहाछ। बन्धकीकोफाइदाहामीलेहैनसरकारमारहेकाम न्त्रीहरूलेलिइरहेकाछन्। बन्दकीकोफाइदानिर्विवादगैरकानूनीमिल्ननमिल्नेकतिपयकामहरूभइ रहेकाछन्त्योदेख्दादेख्दैपनिहामीमूलविषयछोड्नसकिरहेकाछैनौं। त्यसकारणलेमसभामुखलाईअ

नुरोधगर्नचाहन्छु । हामीलेसकारात्मकढंगलेसोच्नेहोभनेहामीलेहामीलाईधन्यवाददिनुपर्नेविषयउ ठाइरहेकाछौं । औपचारिकरवैचारिकबैठकमाकसैलेविरोधगर्ननसक्नेकुराहरूउठाइरहेकाछौं ।

मतहिसाबकिताबमाछैनतरउहाँहरूहिसाबकिताबमाहुनुहुन्छकिन किअसलकामकुरागर्दाआफ्नैधरातलखुस्किन्छभनेकिनकामगर्नेबरुभन्नेकुरासुनिरहनेमहिसाबकि ताबमाछैन । एमालेदलहिसाबकिताबकोबाटोअर्कोहुन्छ । हामीसकेकोमर्यादालाईजोगाउनेकुरानिष्ठालाईजोगाउ नेहुराअन्तसकिएनभनेपनिहामीकमसेकमकर्णालीप्रदेश सभाभित्रसबैलेसकनौंभनेपनिनेकपाएमालेसंसदीयदलकातर्फबाटप्रयत्नगरभन्नेएउटाअभ्यासहोसभा मुखमहोदय,त्यसकारणलेमअहिलेजेदेखिरहेकोछुहिजोरआजदेखि भोलि छनेकपाएमालेलाईराम्रोसँगथाहाछ । अब केही पनिनमान्नेहरूकोबाटाहरूधेरैहोलानजस्तोलाग्छतरहामीलेबनाएकोसंविधानरप्रास्तगरेकोनियमाव लीकोआधारबाटसरकारलाईधेरैबाटाछन्जस्तोमलाईलाग्दैन । नमान्नेलाईधेरैबाटाहुनसक्छन् । त्योसमयक्रममाछलफलगरौंलातरहाउगुजीकेनदेखाएहुन्छभनेसाउनएकगतेदेखिबजेटफलनाका कारणलेगर्दाअस्वीकृतगऱ्योभन्नेरतपाईंहरूलाईफाइदाहुन्छ । योविषयजस्ताकोत्यस्तैराख्नुहुन्छभ नेत्योकुराकोबारेमाव्यहोर्नजनताकाबीचमाजानेनेकपाएमालेतयारछ । कसैलेहाउगुजीनदेखाएहुन्छ । तरमकेविश्वासगर्दछुतभन्दा खेरि जुनतहबाटसरकारप्रदेश सभारप्रदेशसभाकोविषयबनिरहेकोविषयलाईहठातकसैलेआफ्नोमात्रैविषयबनाएरहिँड्नेकुरापनिअ बत्यसैलाईतमुखपत्रनभनौंतरबेलाबखतमासरकारकाकुराबोल्नेहरूलेबोलिसकेकाछन् । सभामुख महोदय,सार्वजनिकमिडियाबाटत्यसैलाईतममुखपत्रभन्दिनतरबेलाबखतमासरकारकाकुराबोल्नेले बोलिसकेकोएउटाअवस्थाछ । सर्वदलीयबैठकमामैलेभनेभएसम्मकाविकल्पहरूकोबारेमाछलफ लगर्ननेकपाएमालेतयारछभनिरहेकोछुतरयोमुद्दाछोडेररेगुलरप्रोसेसमाजानेकुरासर्वदलीयबैठकमा पनिनिरन्तरभनिरहेकोकुरासभामुखज्यूलाईपनिमभन्नचाहन्छु ।

हाम्रातर्फबाटसमयकोचापदेखाएरयोसंवैधानिकरसंसदीयअभ्यासकोविषयजोहामीलेउठाइ रहेकाछौं । त्यसलाईतलबितलगर्नसकिदैन । सन्दैथिएएकबजेसम्मसरकारएउटाबाटोहिँड्दैथियो । हिँड्नेकुरासोचिरहेकोछसुन्दैछु फेरि फेरि सरकारअर्कोबाटोहिँड्दैछ । उस्तैपऱ्योभनेसभामुखमहोदय,त्यस्तोनहोस्योसभामायहींदृश्यअन्तिम बनाउनेकुरापनिनहोलाभन्नमसक्दिनकिनकि केही पनिमान्ननपर्नेमान्छेजिम्मेवारनभएपछिनहोस् । नहुनुपर्नेहोत्यस्तोपरिकल्पनायस्तोनियमावलीरसंविधानलेगरेकोछैन । संविधानलेअसारभरीबजेट पासभएनभनेकेहुनेपरिकल्पनागरेकोसंविधानहामीलेप्रास्तगरेकाछौं । गरेकाछौंतहामीलेत्यसबाटके हुन्छभनेसरकारकुनबाटोहिँड्नखोजीरहेकोछ । अरुलाईदेखाएरउसकोनियतत्यतिबेलाप्रकटहुनेछ । त्यसकारणले फेरि पनिविनम्रतापूर्वकभन्नचाहन्छु कि हामीलेजम्मादुईवटामागउठाएकाछौं । एउटाभनेकोसभाभित्रसभामुखलेभनेअनुसारकोकार्यान्वयन

हुनेव्यवस्थारुलिङगर्नेहो।                सरोकारवालाहरूलेबुझ्नेकुराहोत्योसरोकारवालाविषयकोसँग जोडिएकोछ।त्योसरकारसँग
जोडिएकोछ।तरउहाँटसमसभएरबसीराख्नुभएकोछ।कुराउठाउनेतिरअगाडिबढाइरहनुभएकोछ।दोस्रोकुरायोजनप्रतिनिधिसंस्थाहोबेलाबखतवर्षकोदुईपटकएक्जुकेटीभरव्यवस्थापिकाभेटहुनेथलोहो।यहाँप्रश्नउठ्छन्प्रश्नउठाइन्छहाम्रोकर्णालीप्रदेशसरकारसंवैधानिकरूपमानिर्माणभएकोअवस्थाअहिलेकोअवस्थामाछैन।त्यसकामन्त्रीहरूहैसियतबदलियोदफाउसैमाक्रियाशीलछ।त्यसोहो भनेएउटैव्यक्तिउस्तैपरेदिनदिनैशपथगरेकोदृश्यहामीलेदेखिरहेकाछौंतसभामुखमहोदय,किनहोला तहैसियतबदलियरतहोनीनियुक्तिबदलियरतहोनीकेयोकर्णालीमालागुहुनुपर्दैनर
?तरयहाँकेछतभन्दाकसलेकेगर्नसक्छर
?यीदुईवटामागहाम्रामागहुन्।सभाहिजोपनिचलिरहेकोथियोसभामुखमहोदय,तीन वर्षकोअनुभवसहितकोहाम्रोतबल्लप्रमुखप्रतिपक्षदलकोअनुभवभर्खररलिइदैछ।

योसभामाहिजोपनियस्ताकुराहरूभइरहेकाथिए।गएकैबजेटपनि३१गतेविनियोजनविधेय कतलबितलगर्नेतमसुकमाकागजगरेरपासभएकोहोसभामुखमहोदय,कहिलेकाँहीसंख्याभन्दाविषय बलवानहुन्छ                    ।सभामुखमहोदय,त्यसकारणलेम                    फेरि
पनिहाम्रोतर्फबाटरचनात्मकसहयोगगर्नहामीतयारछौंतररचनात्मकसहयोगकानाममाहामीलेउठाएकामुद्दालाईथातीराखेरविगतकादिनमाबाटोदिएजस्तैअहिलेथातीराखेरसाउनएकगतेकोखड्कोयहींअवस्थालाईटार्नेकुरामाहामीलेसहयोगगर्नसक्दैनौंसभामुखमहोदय,त्यसकारणलेमअन्तिममाअनुरोधरआग्रहकेगर्नचाहन्छुभनेसभामुखमार्फतएउटासुझावसबैलाईराख्नचाहन्छु।योदलीयव्यवस्थाहोसभामुखमहोदय,हामीसबैलाईथाहाछ।अनौपचारिकहिसाबलेविचारकोआदानप्रदानगरौंठीकछ।सल्लाहसुझावदिऔंतरयहाँ                    कोही
एमालेकामाननीयसदस्यहरूलाईयहाँबसयसरीबोलत्यहाँबसभन्नेकोहीकसैलाईनैतिकअधिकारछैन सभामुखमहोदय,तपाईंलेत्योदलभित्रकेगर्नुहुन्छत्यहींगर्नुस्उत्पादनहामीत्योदलभित्रआँखापनिल गाउँदैनौं।राजनीतिकसंवादछलफलभएकुरागर्नसकिन्छतरमकेदेखिरहेकोछुसभामुखमहोदय,उ हाँहरूकुनएमालेकोसांसदलेकेभन्छचरखोज्नेकाममालागिराख्नुभएकोछ।त्यसकारणलेयोसभाको मर्यादायोसभाकोपरिवेशभित्रकोमर्यादायोप्रदेश
सभाहोसभामुखमहोदयहामीलाईथाहाछ।साइनबोर्डलेखिएकोछ।साइनबोर्डलेखिएकोछभनेयस कोपरिवेशयसकोक्षेत्रभित्रकमसेकमत्यसकोमर्यादाहरूकायमगर्नेकुरामाहामीसबैलेहेक्काराखौंभन्ने कुरामामेरावादलकातर्फबाटमैलेराख्नचाहन्छुकीनकीयसकोमर्यादाबढ्दायसकोयसकोवातावरण बढ्दाहामीलाईसबैलेसम्मानढंगलेहेर्नसक्छन्।विगतमाचलेजस्तोहामीलेकसैप्रतिअनदेखागरेरक सैप्रतियोगरेर                    केही
हुनेथिएन,यसैहल्लाचल्योचलाइनुभो।त्योउहाँहरूकैकुराहोहामीलाईधेरैचासोछैन।तरयहाँकेदेखि न्छभन्दाएउटासांसदलेअर्कोसांसदसँग
सैद्धान्तिकरतर्कपूर्णसंविधानअन्तर्गतकोकुरागर्नेभन्दापनिहाउगुजीदेखाएरजानेजुनप्रयत्नगरिदैछ। योकुनैबेलामाफैसलाभयोहोलाअबयोलोकतन्त्रहोयोपारदर्शीकोजमानाहो।त्योहिजोकोझैंछदमभेषी

तरिकालेकोहीकसैलाईप्रभावपार्नसकिदैनसभामुखमहोदय,कमजोरबनाउनेसकिन्छसमस्यानिर्माण गर्नसकिन्छ। अन्तरविरोधसिर्जनागर्नसकिन्छ। त्यसमानेकपाएमालेसंसदीयदलसचेतनापूर्वकअघि बढिरहेकोछसभामुखमहोदय,त्यसकारणलेम फेरि पनिभन्नचाहन्छुहामीलेसभामुखज्यूलाईसहयोगगर्नेगरीनैविषयउठाइरहेकाछौं।

हामीलेनउठाउनुपर्नेविषयहोयोतरहामीलेउठाइरहेकाछौंतरविषयउठाउनेहरूनैआपतमाप र्नेगरीअरुलेजेबुझिराख्नुभएकोछ । त्यस्तोआपतमानेकपाएमालेसंसदीयदलछैन। त्यसकारणलेम फेरि पनिविनम्रतापूर्वकअनुरोधगर्नचाहन्छु। हामीलेप्राप्तगरेकोसंविधानमासबैसमस्याकोसमाधानगर्नेग रीकतिपयपरिकल्पनानगरेकासमस्याहरूआयोभनेपनिकेगर्नेसहितकोपरिकल्पनागर्नेगरीअघिबढाए कोएउटाअवस्थाछ। यस्तोअवस्थामाहामीजिम्मेवारीबोधकासाथकुरागरिरहेकाछौंरभन्नचाहन्छौं कि त्योआधारबाटत्योकेहोभन्दाखेरि नेकपाएमालेलेउठाएकासमस्याहरूलाईबुझ्नेकुरागरियोस्। योअनुरोधगर्नेकुराहोभर्नुभएन। बुझ्नु भएनभनेएउटाहातलेतालीबज्दैनसभामुखमहोदय,आफूअसंवैधानिककामगर्दैजानेसभालाईप्रभावित गर्नकानिम्तिजोडिएकापात्रहरूलाईप्रेरितरसंरक्षणगर्दैजानेअनियहाँसुचारुरूपलेसभाचलाउनेकुराक सैलाईठीकलाग्नसक्छतरनेकपाएमालेलाईउपयुक्तनलागेकैहुनालेहामीलेत्यसलाईविषयबस्तुबना एकाछौं। योकुनैनयाँकुराहैनतरपछिल्लोकालकतिपयजोडिएरप्रश्नउठेकाकारणलेगर्दाम फेरि पनिअनुरोधगर्नचाहन्छु। त्यसकारणलेसाउनएकगतेकोवाबजेटकोकुरामहत्त्वपूर्णकुराहोतर३१ग तेआइपुग्दामहत्त्वपूर्णहुनेएकमहिनादेखिनिरन्तरउठाइरहेकोरसहमतिगरेकोकुराप्रतिअनदेखागर्ने कुरालेसमस्याकोसमाधानहुँदैनयसआधारबाटहामीलेहाम्राकुराराख्नखोजेकोकुरासभामुखज्यूलाई अनुरोधगर्दै फेरि पनिमअनुरोधगर्नचाहन्छु। हामीरचनात्मकसहयोगगर्नतयारछौंतरयसचोटी चाहिँ विषयलाईथातीराखेरपर्सिकोएकगतेसम्झिएर केही गरीहालौंतभन्नेठाउँमापुगिहाल्छभन्नेकुराकोहीलाईलागिहाल्छभनेत्योसमयखर्चगर्नेकुराहो। लागिर हेकोछनिसभामुखज्यूलाईकहिलेकाँहीभन्नैपऱ्योबस्नुस्नैबस्नुस्सहयोगगर्नुस्नगर्नुस्। त्योभन्नैपऱ्योस भामुखकोदायित्वरकर्तव्यहो। मैलेत्यसरीनैबुझिरहेकोछुतरत्योसमयखर्चगर्नेकुराहो। विलम्बगर्ने कुराहो। अबअभ्यासकानिम्ति२०मिनेटबाट३घण्टैपुऱ्याउनेहोभनेपनित्यसकानिम्तिएमालेतयारछ। कतिपयकोत्यस्तोपनिसल्लाहछ। त्यसकानिम्तितयारतरत्योसमयखर्चीनेकुराहो। तरयोअभ्यास मासामेलहुँदात्योमर्यादालाईपालनागर्नेकुरामानेकपाएमालेतयारयसआधारबाटबुझिदिनेकुरागर्नु भयोभनेहाम्रोतर्फबाटरचनात्मकसहयोगहुन्छ। होइनयसभित्रतलबितलकाकुरागर्नथाल्नेहोभनेअहि लेसम्महिँडिएकोछैनर भोलि पनिहिँडिदैनतलबितलकोपछियोकुरालाईबचाएरजानसक्नेकुराहुनसक्छत्यसकारणलेसभामुखमहो दय,मलाईलाग्छयोदुईवटाविषयलाईअनदेखागरेरसभामुखज्यूपनिचलाईहालौंनतभन्नेअवस्थामापु ग्नुहुन्छमलाईत्यस्तोलाग्दैन।

सरकारप्रमुखज्यूतकस्सिएरैआउनुभएकोछकिनभनेहिँड्नेअगाडिबढ्नेछाँटदेखियो। बैठकमासौहार्दपूर्णकुराहुन्छ, सहमतिकोकुराहुन्छ। प्रसेन्टमामलाईपनिजिल्लेगरीभन्नुहुन्छ। व्यवहारहेऱ्योभनेमकुनैविशेषणभन्नेचाहदैन। सबैलेदेखिरहनुभएकोछ। त्योविषयहोत्यसकारणलेमयोमहत्त्वपूर्णसमयदिनुभोत्यसकालागिधन्यवाददिँदैविनम्रतापूर्वकअनुरोधगर्नचाहन्छु कि सहयोगगर्नेकुराहुँदाहुँदैपनियीदुईवटाकुरासंवैधानिकरकानूनीकुरापरेकाकारणलेगर्दाभन्नपर्नेहुन्छ सभामुखलाईविषयसूचीमाप्रवेशगर्नहामीलेसहयोगगर्नसक्नेअवस्थामाएमालेनिरन्तरथिएनअहिलेपनिछैनयहींकुराराख्दैविदाहुन्छु, धन्यवाद।

**माननीयमाननीय सभामुखः**-गर्नुपऱ्यो, केविषयहोमाननीयसदस्य, आसन ग्रहणगरौंमाननीयसदस्यसत्तापक्षकोमाननीयले केही कुराराख्नखोज्नुभएकोछ। माननीयसदस्यहरूआसनग्रहणगरेरसुन्नमिल्छनि। आसन ग्रहणगरौंमाननीयसदस्यहरू, एकछिन्आसन ग्रहणगरेरमाननीयसदस्यकाकुरासुन्दाराम्रैहोलामाननीयसदस्यहरू।

**माननीय श्री जीवनबहादुर शाहीः**-सभामुखमहोदय, योनियम२५कोनियमापत्तिहोइनअनुमतिकोलागिहो। सभामुखज्यूमार्फतप्रमुखप्रतिपक्षीदललाईहामीकेआग्रहगर्नचाहन्छौंभनेयहाँगम्भीरविषयउठेकोछ। गम्भीरसमयछउहाँहरूकाभनाइमातुकछैनभन्नेकुराहैनअसाध्यैमहत्त्वपूर्णभावनाहरूव्यक्तगर्नुभएकोछ। ती कुराहरूलाई केही हामीलेपनिप्रस्टयाउनपाएकोभएसायदसभामुखमहोदय, प्रमुखप्रतिपक्षीदलकानेताहरूमाननीयज्यूहरूकोदिलकतैपग्लिन्थ्यो कि कुरासुन्नेएउटामौकादिनकोलागिअनुरोधगरेरत्यसकोलागिसमयकोमागपनिगरेसभामुखमहोदय,

**माननीय सभामुखः**-मैलेआग्रहगरिरहेकोछुमाननीयसदस्यआसनग्रहणगरौंअवरोधकोविषयमामाननीयलेधारणाराख्नसान्दर्भिकनहोला। आसनग्रहणगरौंमाननीयसदस्यहरू, सहयोगगर्नुपऱ्योमाननीयसदस्यहरूआसन ग्रहणगरेर, माननीयसदस्यहरूअबयोबैठकआधाघण्टाकालागिस्थगितहुन्छ।